
रामायण



विष्णु अधिकारी



सत्य र असत्यको द्वन्द्वले भरिएको छ, रामायण । असत्यलाई भगाएर सत्यलाई बचाउन ठूलो प्रयास गरिएको छ । यो पुस्तक पढेर भक्तहरु भक्तिमै रमाउँछन् । ज्ञानीहरु ज्ञानमै डुब्छन् । इतिहास बुझ्नेहरु मानव विकासको क्रम बुझेर दङ्ग पर्दछन् । रमाइलो चाहनेहरु रमाइला कथामा रमाउँछन् । के छैन रामायणमा ?

आदिम सभ्यताको एउटा प्रतिनिधि पुस्तक हो, रामायण । रामायण ज्ञानको सागर हो । समाज व्यवस्थाको नमूना हो । विज्ञानका झिल्काहरु भेट्टाउन सकिने एउटा अद्भूत रचना हो ।

रामायण

विष्णु अधिकारी

एडुकेशनल पब्लिशिंग हाउस

प्रकाशक :
एडुकेशनल पब्लिशिंग हाउस
पो.व.नं. : ५१७८
जमल, काठमाडौं ।
टे : ४२४१२५५

प्रथम संस्करण : २०६३ बि.सं.

मूल्य रु. १७५।-

प्रमुख वितरक :
१) एडुकेशनल इन्टरप्राइज (प्रा) लि, महाँकालस्थान । टे.४२२३७४९
२) एडुकेशनल बुक हाउस, जमल, काठमाडौं । टे. ४२४४८६३
३) एम.के. पब्लिशर्स एण्ड डिस्ट्रीब्युटर्स, भोटाहिटी, काठमाडौं । टे : ४२४९८३६

मुद्रक :
मोडर्न प्रिन्टिङ्ग प्रेस
जमल, काठमाडौं ।
टे. ४२५३१९५

ISBN 99946-704-9-2

दुई शब्द

रामायण एउटा अनौठो पुस्तक हो । आदिम सभ्यताको एउटा प्रतिनिधि पुस्तक हो; रामायण । रामायण ज्ञानको सागर हो । समाज व्यवस्थाको नमूना हो । विज्ञानका झिल्काहरू भेट्टाउन सकिने एउटा अनौठो रचना हो ।

सत्य र असत्यको द्वन्द्वले भरिएको छ; रामायण । असत्यलाई भगाएर सत्यलाई बचाउन ठूलो प्रयास गरिएको छ । यो पुस्तक पढेर भक्तहरू भक्तिमै रमाउँछन् । ज्ञानीहरू ज्ञानमै डुब्छन् । इतिहास बुझ्नेहरू मानव विकासको क्रम बुझेर दङ्ग पर्दछन् । रमाइलो चाहनेहरू रमाइला कथामा रमाउँछन् । के छैन रामायणमा ? जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पाको बिंड ।

आदर्श समाज स्थापनाको लागि हुनसम्मको प्रयास गरिएको छ; रामायणले । एउटा सभ्य र परिस्कृत समाजको खोजि गरेको छ । “हामी व्रत पालनाको लागि अहिले जंगलमा छौं” । “भगवान् ! यस्तो अवस्थामा हत्या हिंसातिर किन लाग्ने ? किन मार्ने राक्षसहरूलाई ?” सीताजीले यो सवाल उठाउनु भएको छ । विनाकारण कसैको हत्या गर्नु महापाप हो । तर सज्जनको रक्षा र दुर्जनको विनास यही हो हाम्रो धर्म । आइलाग्ने बदमासहरू माथि जाइलाग्नु हाम्रो कर्तव्य हो ।” भगवान् रामले यसरी बुझाउनु भएको छ; सीताजीलाई अरण्यकाण्डको यो मीठो संवाद अनौठो छ । यसले धर्म बुझाएको छ । कर्मलाई स्पष्टयाएको छ । एउटा अनौठो सभ्य चिन्तन अगाडि आएको छ ।

संसारकै एउटा अनौठो आदि काव्य हो; रामायण । काव्य हो; त्यसमा कल्पना हुन्छ । अनौठा नाटकीय मोडहरू भेटिन्छन् । त्यो कुरा स्वाभाविकै हो । त्यस बखतको संसार ! ईश्वरको अद्भूत शक्तिमा विश्वास गर्नु अनौठो कुरा होइन । वर्तमानको आँखाले हेर्दा पत्याउनै नसकिने धेरै कुरा छन् । भनिएकै छ "पुराणमित्येव नसाधु सर्बम्" अर्थात् पुराणमा सबै राम्रा कुरा मात्र छैनन् । "यो भनाइ सबैमा लागु हुन्छ । समय बुझेर सत्य चिन्नुपर्छ । केलाउनु पर्छ, बुझ्नुपर्छ । जे भए पनि यस्तो अनौठो अद्भूत पुस्तक थोरै मात्र छन् ।

रामायणले राष्ट्रियताको भावना स्थापित गऱ्यो । यो पनि अर्को अनौठो पक्ष हो । स्वर्णमयी लङ्का देखेर लोभिए । त्यतै बस्दा कसो होला भनी प्रस्ताव राखे लक्ष्मणले । तर भगवान् रामले मान्नु भएन । वहाँले भन्नुभयो : "अपि स्वर्णमयी लङ्का न मे लक्ष्मण रोचते । जननि जन्मभूमिश्च स्वर्गादपि गरीयसी । अर्थात् हुनत लङ्का सुनौलो छ । ज्यादै रमाइलो छ । तर आमा र जन्मभूमि स्वर्गभन्दा प्यारा हुन्छन् ।" भगवान् रामको यो भनाइ राष्ट्रियताको उद्घोष हो । यो एउटा सूक्ति कति महान् छ; कति महत्त्वपूर्ण छ, त्यो त विज्ञहरूले बुझेकै कुरा हो ।

उत्तर काण्डको अन्तिममा भगवान् रामले राज्यको काम नगर्ने राजाको अवस्था कस्तो हुन्छ भन्ने सन्दर्भमा लक्ष्मणलाई नृगराजको कथा; महाराज निमीको कथा आदि कथाहरू भनेर राजाको कर्तव्य बारे बुझाउनु भएको छ । यो प्रसङ्ग यति मार्मिक र महत्त्वपूर्ण छ कि यस बारेमा पनि बढी बताइरहनु पर्दैन ।

वास्तवमा मानव जातिका शत्रु हुन् - काम, क्रोध, लोभ र मोह । यी सबै प्राकृतिक शत्रुहरू हुन् । यसलाई जित्नसक्नेहरू सभ्य हुन्छन् भने नसक्नेहरू असभ्य । आफूमा भएका यी सबै दुर्गुणहरूलाई जितेर सभ्य बन्नको लागि संझाएको छ; रामायणले । कुनै कुराको लोभ मोहमा नपरी आफ्नो कर्तव्यमा लाग यसमा छ तिम्रो कल्याण । यी नै कुरा सिकाएको छ; रामायणले । त्यसैले जीवनमा पटक-पटक पढ्नै पर्ने पुस्तक हो; रामायण ।

२०६३ मार्ग - विष्णु अधिकारी

प्रकाशकीय

रामायण एउटा विशाल ग्रन्थ हो । यस ग्रन्थमा अत्यन्त सुन्दर, मार्मिक र लोकप्रिय कथाहरू छन् । रामायणमा आठ काण्ड छन्, प्रत्येक काण्डको सारांश सो काण्डको शुरुमै दिइएको छ । रामायणका कथाहरूमा एउटा क्रम छ तर जुनसुकै कथाहरूबाट शुरु गरेपनि त्यसबाट पाउने आनन्द, ज्ञान र सन्देशमा फरक पर्दैन ।

धेरैले धेरै किसिमका रामायण पढेका र सुनेका हुनसक्छन् तर पनि सम्पूर्ण र संक्षिप्त रामायण कमैले पढेको हुन सक्छन् । यही कमी र खाँचोलाई पूरा गर्न विद्धान् लेखक श्री विष्णु अधिकारीबाट यो सम्पूर्ण र संक्षिप्त रामायण लेखाइ प्रकाशमा ल्याएका छौं । यस्तो महत्त्वपूर्ण पुस्तक प्रकाशित गरी नेपाली जनमानसमा राख्न पाएकोमा हामी गौरवान्वित छौं ।

- एडुकेशनल पब्लिशिंग हाउस

कृतज्ञता-ज्ञापन

यस पुस्तक तयार पार्दा निम्न सन्दर्भ सामग्रीहरुको प्रयोग गरिएको तथा यस पुस्तकमा भएका सबै तस्वीरहरु उल्लेखित पुस्तकमै आधारित भएकोले ती पुस्तकका लेखक तथा प्रकाशकहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

(१) *वाल्मीकि रामायण* - आनन्दकुमार, राजपाल एण्ड सन्स, दिल्ली
(२) *दशरथनन्दन श्रीराम* - चक्रवर्ती राजगोपालाचार्य, सस्ता साहित्य मण्डल प्रकाशन, दिल्ली
(३) *रामायण* - प्रियदर्शी प्रकाशन, डायमण्ड पाकेट बुक्स, दिल्ली
(४) *संक्षिप्त रामायण* - पं चक्रपाणि चालिसे, साझा प्रकाशन, काठमाण्डौ
(५) *रामायण* - अरुणकुमार, महेन्द्र कुमार, पटना
(६) *आठकाण्ड रामायण* - भानुभक्त आचार्य, बम्बइ पुस्तक भवन, वाराणासी
(७) *वाल्मीकिको रामायण (अंग्रेजी भाषामा)* - एम्.डि. गुप्ता र प्रशान्त गुप्ता, ड्रिमल्याण्ड पब्लिकेशनस्, दिल्ली
(८) *वाल्मीकिय रामायण* - पं वासुदेव भट्टराई, भारतीय दूतावास, काठमाण्डौं

एडुकेशनल पब्लिशिंग हाउस
(प्रकाशक)

विष्णु अधिकारी
(लेखक)

विषय सूची

अरण्य काण्ड

किष्किन्धा काण्ड

सुन्दर काण्ड

युद्ध काण्ड


उत्तर काण्ड

अश्वमेघ काण्ड

रामायणका मुख्य पात्रहरु र प्रमुख स्थान

१. अयोध्या - कोशल देशको राजधानी
२. अंगद - बालिको छोरा
३. इक्ष्वाकु - वंशको नाम
४. कबन्धक - राक्षसको नाम
५. कैकेय - देशको नाम, भरतको मावली
६. कौशिक - राजा, ठूलो तपश्यापछि विश्वामित्र बनेका
७. खर - रावणको काकाको छोरा
८. गरुड - एक प्रकारको चरा। भगवान् विष्णुको वाहन
९. गुहराज (निषाद) - अयोध्या नजिकैको एउटा देशको रजौटा
१०. चित्रकुट - ठाउँको नाम; अयोध्याको पश्चिम
११. जनक - मिथिला देशका राजा
१२. जनकपुर - मिथिला देशको राजधानी। धनुषा जिल्लाको सदरमुकाम।
१३. ज़मदग्नि - ऋषिको नाम
१४. जटायु - चराको नाम
१५. ताडका - सराप परेर राक्षस बनेकी एउटी राक्षसी
१६. तारक - बाँदर सेनाका एक समूहका नाइके
१७. तारा - बालिकी श्रीमती
१८. दुषण - रावणको काकाको छोरा
१९. धुम्राक्ष - रावणको सेनाको समूह नाइके
२०. निल - महाराज सुग्रीवका सेनापति
२१. पम्पा - तलाउको नाम। सुग्रीव लुकेर बसेको ठाउँ

२२. बज्रदंष्ट्र - रावण सेनाको समूह नाइके
२३. बालि - किष्किन्धा देशको राजा
२४. भृगु - ऋषिको नाम
२५. भार्गव - महर्षिको नाम
२६. मेघनाद - रावणको जेठो छोरा
२७. माल्यवान् - एउटा बुद्धिमान् राक्षस, रावणका सहयोगी
२८. मारुति - राम तर्फका एउटा सैनिक
२९. मातङ्ग - ऋषिको नाम
३०. मारिच - रावणको आज्ञा मान्ने राक्षसको नाम
३१. यक्ष - जातिको नाम । अलकापुरी भन्ने देशको राजा
३२. राम - महाराज दशरथका छोरा
३३. राजगृह - देशको नाम
३४. रावण - लङ्का देशका राजा
३५. लक्ष्मण - महाराज दशरथका साइँला छोरा
३६. लवणासुर - राक्षसको नाम
३७. विराध - राक्षसको नाम
३८. वृत्रासुर - धार्मिक स्वभावको दानव
३९. शुर्पणखा - रावणकी बहिनी
४०. सुवाहु - विश्वामित्रको आश्रममा दुःख दिने राक्षस
४१. सरयु - प्रसिद्ध नदीको नाम
४२. सुमन्त्र - महाराज दशरथका विद्वान र बुद्धिमान् मन्त्री
४३. सुग्रीव - किष्किन्धा देशका राजा । बालिका भाइ


बालकाण्ड

बालकाण्डको सारांश

धेरै समयपछि महाराज दशरथले आफ्नो अनुहार हेर्नुभयो । यसो हेर्दा त कपाल फुल्न लागेको झल्का आयो । उनी चिन्तामा परे । त्यस वखतसम्म पनि राज्यको उत्तराधिकारी कोही थिएन । महाराजलाई के गरौं कसो गरौं भन्ने झैं भयो । आफ्नो समस्याको समाधान कसले गरिदेला त भन्ने कुरा सोच्दै जाँदा ब्रह्मर्षि वशिष्ठको याद आयो । महर्षिले सँधै उचित सल्लाह दिएर वहाँको समस्या समाधान गरिदिएको कुरा पनि संझनु भयो । त्यसैले वहाँ ब्रह्मर्षि वशिष्ठको आश्रम तर्फ लाग्नुभयो ।

ब्रह्मर्षि ध्यानमा मग्न हुनुहुन्थ्यो । वहाँले महाराज दशरथ त्यसैतर्फ आइरहनु भएको कुरा चाल पाउनु भयो । वहाँ महाराजको सहयोगको लागि आफ्नो आशनबाट उठ्नुभयो । राजालाई भेट्नासाथ कुशलमङ्गल वारे सोध्नुभयो । महाराजले पनि आफू नि:सन्तान भएकोले चिन्तामा डुबेको कुरा बताउनु भयो ।

महाराजको कुरा सुन्नासाथ महर्षि ध्यानमग्न हुनुभयो । योगबलकै आधारमा महाराज दशरथको समस्याको समाधान खोज्नुभयो । केही समयको खोजपछि महर्षिले पुत्रेष्टि यज्ञ गर्नको लागि सुझाव दिनुभयो । महर्षिको सुझाव स्वीकारेर महाराज दरबार फर्कनुभयो । ब्रह्मर्षि वशिष्ठकै रेखदेखमा यज्ञ गर्ने निर्णय गरेर आउनु भएको थियो । त्यसैले सोही अनुसार यज्ञ प्रारम्भ गर्नुभयो । यज्ञ प्रारम्भ गरेको केही समयपछि यज्ञदेवीबाट विशेष खालको खिर प्राप्त भयो । त्यो खिर सबै महारानीहरुलाई खुवाइयो । हर्ष उल्लासकासाथ यज्ञ समाप्त भयो । दरवारमा आशा पलाएको थियो । त्यसैले चारैतर्फ उमङ्ग छाएको थियो । नभन्दै सबै कुरा सोचे जस्तै हुँदै गयो । महारानीहरु गर्भवती भए । समय क्रममा कौशल्याबाट राम कैकेयीबाट भरत र सुमित्राबाट लक्ष्मण र शत्रुघ्न जन्मिए ।

समय वित्दै जाँदा ती सवै राजकुमारहरुको शिक्षा-दीक्षा सवै कुरा ब्रह्मर्षि वशिष्ठबाट नै सम्पन्न भयो ।

ब्रह्मर्षि वशिष्ठ त्यस वखतका प्रकाण्ड विद्वान मानिनुहुन्थ्यो । वहाँ धेरै कुरा जान्ने ब्रह्मर्षिको रुपमा स्थापित हुनुभएको थियो । वहाँ आफ्नै आश्रममा बसेर तपश्या गर्नुहुन्थ्यो । शिक्षाको प्रचार प्रसारमा लाग्नुहुन्थ्यो । एकपटक वहाँको आश्रममा राजा कौशिक आइपुग्नु भएको थियो । ब्रह्मर्षिले विशेष आग्रह गरेर खानपिनको व्यवस्था गर्नुभयो । महाराज कौशिकसँग आएका सवैलाई दुधवाट बनेका परिकार खुवाएर ब्रह्मर्षिले सवैलाई दङ्ग पार्नुभयो । यो कुरा कसरी सम्भव भयो त भनी प्रश्न गर्दा ब्रह्मर्षिले आफ्नो गोठमा भएको एउटा सबला नाम भएको गाईलाई देखाउनुभयो । महाराज कौशिकले त तपाईं जस्ता योगीलाई यस्ती गाई किन चाहियो भनी जवर्जस्ती फुकाएर लान तयार हुनुभयो । यस्तैमा विवाद बढ्यो । महाराज कौशिक ब्रह्मर्षिको ब्रह्मदण्डको अगाडि टिक्नसक्नु भएन । वहाँ त्यहाँबाट भाग्नुपर्‍यो । त्यस्ता प्रकाण्ड तेजस्वी हुनुहुन्थ्यो ब्रह्मर्षि वशिष्ठ ।

आफ्नै कुबुद्धिले गर्दा हारेका र ईर्ष्याले जलेका महाराज कौशिक तपश्या तर्फ लागे । लामो समयसम्म कठोर तपश्या गरे । उनको तपश्यालाई कहिले रिसले खायो । कहिले त्यस बखतका सुन्दरी अप्सराहरुको सम्पर्कले खायो । वाउन्न हण्डर त्रिपन्न ठक्कर खाएर कठोर तपश्या गरेपछि बल्लतल्ल ब्रह्मर्षिको पद पाए । काम क्रोध, लोभ, मोह आदि सबै कुरावाट मुक्त भएर बल्ल ब्रह्मर्षि वशिष्ठसँग मित्रता कायम गरे । अब बल्ल विश्वामित्र बनेर ऋषिको रुपमा तपस्वी जीवन जिउन लागे ।

ब्रह्मर्षि विश्वामित्रलाई पनि आफ्नो आश्रममा एउटा नसोचेको समस्या आइलाग्यो । यज्ञ प्रारम्भ गरेको केही दिनपछि मारिच र सुवाहु नाम गरेका दुष्ट दानव आउँथे । यज्ञमा उपद्रो मच्चाउँथे । भताभुङ्ग लथालिङग पारेर सबैलाई तर्साएर त्यहाँबाट जान्थे । यो समस्या समाधान गर्न महाराज दशरथका छोरा राजकुमार रामलाई लिएर आउनु पर्ने कुरा महर्षिले बुझ्नुभयो ।

ब्रह्मर्षि विश्वामित्र महाराज दशरथको दरवारमा पुग्नुभयो । वहाँले आफ्नो समस्या वताउनु भयो । राजकुमार रामलाई आफ्नो साथमा

पठाइदिन अनुरोध गर्नुभयो । ब्रह्मर्षिले रामको शक्ति बारे पनि महाराजलाई बताउनुभयो । तर महाराज दशरथलाई पुत्र मोहको भूतले तर्सायो । वहाँले विश्वामित्रसँग आफैं जाने कुरा महर्षिलाई बताउनुभयो । तर ब्रह्मर्षि त्यो कुरा मान्नुभएन । फेरि ब्रह्मर्षि वशिष्ठले महाराजलाई वास्तविकता बुझाउनुभयो । ब्रह्मर्षि विश्वामित्रको शक्ति बारे स्पस्ट पार्नुभयो । वहाँको साथमा राजकुमारलाई पठाउँदा राजकुमारलाई पनि फाइदा हुने र समाजका अरु सबैलाई विशेष सुविधा हुने कुरा स्पष्ट पारेर महाराजको चित्त बुझाउनुभयो । लक्ष्मणलाई महर्षि विश्वामित्रसँग गएर वहाँको रेखदेखमा काम गर्न अराउनु भयो । विश्वामित्रसँगै राजकुमारहरु पनि आश्रम तर्फ लागे ।

बाटामा जाँदा जाँदै विशेष शिक्षा दिनुभयो । भोलिपल्ट सरयु नदी तरेर पारिपट्टिको घना जंगलमा पुग्दा ताडका नाम भएकी राक्षसीसँग भेट भयो । ताडका सबैलाई मारेर एक गाँस बनाउन चाहन्थी । त्यसैले उसले आक्रमण गरी । ज्यान जोगाउन वाण चलाउनै पर्‍यो । राजकुमार रामको वाण लागेर त्यो स्वर्गतर्फ लागी । बेलुका उनी विश्वामित्रको आश्रममा पुगे ।

महर्षिको आश्रममा ऋषिहरु र उनीहरुका शिष्यहरुले सबैलाई आदरपूर्वक स्वागत सत्कार गरे । बेलुकाको खानपिनपछि महर्षिले आफ्नो योजना बताउनु भयो । केही दिनपछि यज्ञ प्रारम्भ गर्नुभयो । यज्ञ प्रारम्भ भएको केही दिनपछि मारिच र सुवाहु यज्ञ भङ्ग गर्न त्यहाँ आइपुगे । दुवैलाई राजकुमार रामले एक गाँसमै समाप्त पारिदिए । आश्रममा खुशीयाली छायो । सबैजना दङ्ग परे । यज्ञ समाप्त भयो । ऋषि महर्षि सबैले राजकुमारलाई आशिर्वाद दिए ।

यज्ञ समाप्त भएपछि राजकुमारहरु त्यहाँवाट विदा हुन चाहन्थे । त्यसैबखत ब्रह्मर्षि विश्वामित्रलाई जनकपुरबाट महाराज जनकको निम्ता प्राप्त भयो । वहाँले आफ्नो मिथिला यात्रामा राजकुमारहरुलाई पनि साथै लाने कुरा बताउनुभयो । त्यसको पनि विशेष कारण भएको कुरा वहाँले भन्नुभयो । सबै कुराको बन्दोबस्त गरेर सबैजना मिथिला तर्फ लागे ।

केही दिनको यात्रापछि सबैजना मिथिलाको सुन्दर शहर जनकपुर पुगे । महाराज जनकले ब्रह्मर्षि विश्वामित्रलाई विशेष स्वागत गर्नुभयो । वहाँले साथमा आएका केटाहरुको बारेमा पनि सोधखोज गर्नुभयो । राम र लक्ष्मणलाई

मिथिलामा स्वागत गर्न पाउँदा विदेहराज जनक साह्रै खुशी हुनुभयो ।

केही दिनपछि यज्ञ प्रारम्भभयो । विधिपूर्वक यज्ञ चल्यो । सयौं ऋषि-महर्षिहरु भेला भएर यज्ञको शोभा बढाए । चारैतर्फका राजा-महाराजा जम्मा भएर शान्ति र सद्भाव फैलाए । यज्ञ समाप्त भयो । यज्ञ समाप्त भएको दिन ब्रह्मर्षि विश्वामित्रको अनुरोधमा महाराज जनकले आफ्नो सुनाम धनु राजकुमार रामको अगाडि राखिदिनुभयो । त्यसलाई उठाउन सक्ने र त्यसलाई खिचेर त्यसमा वाण राख्न सक्नेलाई मात्र आफ्नी छोरी सीताको विवाह गरिदिने कवोल गर्नुभएको थियो । महाराज जनकले हेर्दा हेर्दै राजकुमारले त्यो धनु उठाए । वाण राख्न खोज्दा धनु भाँचियो । सवैले राजकुमारको जय भनी रामको प्रशंसा गरे ।


अब मिथिलामा विहाको वन्दोवस्त हुन लाग्यो । महाराज दशरथलाई मिथिला ल्याउन एउटा विशेष दूत पठाइयो । निम्ता गरिएका सवै भेला भए । शहर सिंगारियो । वाजागाजाले चारै दिशा गुञ्जियो । विवाह समाप्त भयो ।

महाराज दशरथ बुहारी लिएर अयोध्या तर्फ लाग्नुभयो । चार भाइ छोरा चारजना बुहारी सबै साथमै थिए । वाटामा जमदग्निका छोरा परशुरामसँग भेट भयो घटना क्रमले गर्दा शक्तिशाली क्षेत्रीहरुलाई समाप्त पार्दै एउटा विध्वंश मच्चाउँदै हिंडेका थिए परशुराम । यस्तैमा उनको भेट रामसँग भयो । महाराज दशरथको त सातोपुत्लो उड्यो । उनी डरले काम्नथाले । भगवान्को प्रार्थना गर्नलागे । राजकुमारले परशुरामलाई संभ्फाउनुभयो । वहाँले परशुरामलाई शान्त पार्ने प्रयास गर्नुभयो । परशुरामले एउटा अड्को थापे । उनले एउटा धनु दिएर त्यसमा वाण राख्न भने । समाएर तान्नासाथ धनु भाँचियो । परशुरामको मोह भङ्ग भयो । उनको घमण्ड समाप्त भयो । राजकुमार राम भगवान्कै अवतार भएको कुरा उनले बुझे । आफूमा भएको सम्पूर्ण शक्ति भगवान् रामलाई बुझाएर आफू भने तपश्याको लागि महेन्द्र पर्वत तर्फ लागे । यता बेहोश जस्तै हुनुभएका महाराज दशरथको पनि होश खुल्यो । वहाँ वरियात लिएर अयोध्या तर्फ लाग्नुभयो । साँझमा अयोध्या पुगेर बुहारी भित्र्याउने काम सम्पन्न गर्नुभयो । सबै उचित प्रबन्ध्र मिलाएर आनन्दसँग कुराकानी गर्दै भजन कीर्तन सुन्दै रात बिताउनुभयो ।

राजा दशरथको चिन्ता

कुरा त्रेता युगको हो । त्यसबेला पनि यो पृथ्वीमा धेरै राजाहरू राज्य गर्दथे । भारतीय क्षेत्रमा पनि धेरै राजाहरू थिए । धेरै राज्यहरू पनि थिए । ती मध्ये एउटा राज्य थियो, त्यो राज्य सरयु नदीको किनारमा थियो । त्यो राज्य धनी थियो । त्यहाँका जनता सुखी थिए । त्यस बखत त्यसको नाम थियो कोशल राजधानी थियो अयोध्या । त्यहाँका मानिसहरू सभ्य थिए । सबै मानिस धर्ममा मन दिन्थे । ती सबै परिश्रमी थिए । परिश्रमी भएकैले धनी र सुखी पनि थिए ।

त्यस बखत महाराज दशरथ त्यहाँका राजा थिए । उनको वंशलाई सूर्य-वंश



भनिन्थ्यो । राजा दशरथ ज्यादै शूरवीर मानिन्थे । त्यसैले परिआएको बखतमा उनलाई देवताले पनि सहयोगको लागि बोलाउँथे । कसैलाई सहयोग गर्न पाउँदा राजा पनि एकदमै खुसी हुन्थे । सहयोगको लागि बोलाउनासाथ उनी तुरून्त तयार हुन्थे । त्यसैले नै उनको नाम चलेको थियो । राज्यका प्रजा पनि सद्‌गुणी र परिश्रमी भएकोले त्यस बखत कोशलमा केही कुराको पनि कमी थिएन ।

राजा दशरथका मन्त्री पनि ज्यादै योग्य थिए । ती सबै आ-आफ्नो काममा सिपालु थिए । मन्त्रीहरूको संख्या आठ थियो । ती सबै आ-आफ्नो काममा खट्थे । ती बाहेक राजगुरूहरू थिए । त्यसमा वशिष्ठ, वामदेव आदि प्रमुख थिए । राजा दशरथ ती सबैको राय सल्लाह अनुसार काम गर्दथे । सबैजना महाराजलाई उचित सल्लाह दिन्थे ।

एकदिनको कुरा हो । झण्डै झण्डै साँझ पर्न लागेको थियो । राजा दशरथ ऐनाको अगाडि उभिन पुगेछन् । उनको आँखा कपालमा पर्‍यो । आफ्नो कपाल फुल्न लागेको देख्दा पो उनी झस्किए । आफू बूढो हुनलाग्दा पनि आफ्नो राज्यमा राज्यको उत्तराधिकारी कोहीं नभएकोमा उनी ज्यादै दुःखी भए । उनलाई के गरौं, कसो गरौं भने झैं भयो । उनी त एकाएक चिन्ताले छटपटिन लागे ।

महलमा तीन रानीहरू थिए । राज्यमा सुख शान्ति थियो । परपरका राजाले पनि उनलाई चिन्दथे । त्यतिखेर कोशल धन-धान्यले सम्पन्न थियो । राज्यमा सहयोगीहरू थुप्रै थिए । देश विदेशका राजा रजौटाहरू सबैसँग मित्रता थियो । उनलाई कतैबाट अरू कुनै कुराको पनि चिन्ता थिएन । चिन्ता त एउटै कुराको मात्र थियो त्यो हो सन्तान नहुनु । राज्यको उत्तराधिकारी कोही नभएकैले उनी चिन्ताले सताइएका थिए । उनलाई आफूसँग भएका केही कुराको पनि महत्त्व नभए झैं लाग्यो । उनलाई एकदमै दिक्क लाग्यो । राज्य छाडेर अहिले नै वनबास लागु झैं लाग्यो ।

राजा दशरथ यस्तै निराशामा डुबेका थिए । उनी आफ्नै चिन्ताले छटपटिरहेका थिए । त्यसैबेला उनलाई कुल गुरू वशिष्ठको याद आयो । उनी लुरूलुरू ऋषि वशिष्ठको आश्रम तर्फ लागे । ब्रह्मर्षि वशिष्ठले ज्यादै कठिन समयमा पनि ज्यादै उचित सल्लाह दिएर सहयोग गर्नु भएकोले महाराज सँधै आफ्ना कुल गुरूलाई सम्झन्थे । यता आफ्नो आश्रमतर्फ आइरहेका महाराज दशरथलाई ब्रह्मर्षि वशिष्ठले परैबाट देखे । ब्रह्मर्षि वशिष्ठ महाराजकै प्रतीक्षामा

थिए । महाराज नजिकै पुग्दा गुरू वशिष्ठले महाराजलाई ज्यादै निराश भएको देखे । ब्रह्मर्षि वशिष्ठले त्यस्तो निराश हुनुको कारण के हो भनी सोद्धा महाराज दशरथले भन्नुभयो : "गुरूदेव ! तपाईंलाई मेरो विषयमा थाहा नभएको कुरै के छ र ? तपाईंलाई त सबै कुरा थाहै छ । म के कारणले निराश भएको भन्ने कुरा पनि स्पष्टै छ । वास्तवमा मेरो दु:खको कारण एउटै हो, त्यो हो नि:सन्तान रहनु । सन्तान नभएकैले म दु:खी भएको हुँ ।"

त्यसै बखत ऋषि वशिष्ठ ध्यानमग्न हुनुभयो । केही समयपछि ध्यानबाट विउँझनु भयो र भन्नुभयो : "महाराज ! यसमा चिन्ता गर्नुपर्ने कुरा केही छैन । तपाईं पुत्रकाम यज्ञ गर्नुहोस् । त्यो यज्ञ सम्पन्न हुनासाथ तपाईंको समस्याको समाधान हुनेछ । यसमा चिन्ता लिनुपर्ने कुरा केही छैन । तपाईं ढुक्क हुनुहोस् । निश्चिन्त भएर बस्नुहोस् ।"

गुरू वशिष्ठको कुरा सुन्नासाथ महाराज दशरथ दङ्ग हुनुभयो । वहाँको मनको चिन्ता हरायो । उनले सरयु नदीको किनारमा एउटा यज्ञ-मण्डप बनाए । सबैको सल्लाह अनुसार श्रृंगीऋषिलाईं अयोध्यामा आएर यज्ञ सम्पन्न गरिदिन अनुरोध गरियो । त्यसैको लागि महाराज दशरथले आफ्नो मन्त्रीलाई श्रृंगीऋषिलाईं लिएर आउन वहाँको आश्रम तर्फ पठाउनु भयो ।

यता अयोध्यामा यज्ञको तयारी हुँदै थियो । त्यसै बखत पृथ्वीको समस्या लिएर देवर्षि नारद ब्रह्माजी भएको ठाउँमा पुग्नुभयो । वहाँको साथमा अरू देवताहरू पनि थिए । ब्रह्माजीलाई आदरसाथ अभिवादन गरेपछि वहाँले पृथ्वीको अवस्था बताउनु भयो । अरू देवताहरूले पनि रावणको अत्याचार बारे बताए । रावणले देवता, यक्ष, गन्धर्व कसैलाई पनि बाँकी नराखेको सन्दर्भमा पनि सबै कुरा सुनाउनु भयो ।

त्यस बखत रावण घमण्डले फुलेको थियो । उसले ब्रह्माजीबाट नै अभयदान प्राप्त गरेको थियो । त्यसैले देवताहरूले पनि कुनै उपाय देखेनन् । उनीहरू पनि ब्रह्माजीबाटै यो समस्याको समाधान होला भनी भेट्न गए । ब्रह्माजीले पनि सबैलाई सम्झाउनु भयो । वहाँले भन्नुभयो : "देवताहरू ! रावणले तपश्यामा मलाई खुसी बनायो । मैले उसलाई वरदान दिएको छु । उसले देवता, यक्ष, गन्धर्व, राक्षस आदिबाट मर्न नपरोस् भनी वरदान मागेको छ तर मानिसबाट नमरौं भन्ने वरदान मागेको छैन । त्यस्तो मानिसको बारेमा

सोच्नु आवश्यक छ ।

देवताको कुरा सुन्नासाथ सवै दङ्ग भए । आखिर एउटा उपाय भएको कुरा चाल पाएर मक्ख परे । पृथ्वीमा त्यस्तो मानिस को होला त ? त्यस बारेमा भने कसैले केही भन्न सकेन । सवै मुखामुख गर्न थाले । सवैको मनको कुरा चाल पाएर देवर्षि नारदले फेरि भन्नुभयो : "भगवान् ! हामी त पृथ्वीमा त्यस्तो शक्तिशाली कोही देख्दैनौं । यस बारेमा पनि केही स्पष्ट पारिदिनुहुन्छ कि ? देवर्षि नारदको कुरा सुनेर भगवान् ब्रह्मा केही मुस्कुराउनु भयो र वहाँले भन्नुभयो : "देवर्षि ! तिमी आत्तिनु पर्दैन । यसको उपाय भगवान् विष्णुले गरिदिनु हुनेछ । बरू सवैजना भगवान् विष्णुलाई भेट्न जाओ ।"

ब्रह्माजीको कुरा सुन्नासाथ देवर्षि नारदलाई लिएर सबै देवता भगवान् विष्णु भएको ठाउँमा पुगे । भगवान् कहाँ पुगेर प्रार्थना गर्न लागे । देवर्षि नारदले रावणको अत्याचार बारे वताउनुभयो । वहाँले मनुष्य वाहेक अरू कसैले पनि उसलाई मार्न नसक्ने कुरा भगवान् ब्रह्माजीवाट थाहा भएको कुरा पनि सुनाउनु भयो । अब हजूरले मनुष्य रूप धारण गरेर स्वर्ग, पृथ्वी सबैतिर बस्ने साधु, सन्त सबैलाई बचाउनु परेको कुरा बताएर देवर्षि चुप लाग्नुभयो । त्यसै बखत वहाँको साथमा भएका देवताले पनि देवर्षिकै कुरामा सही थापे । सबैको कुरा सुनी तीनै लोकको उद्धार गर्न भगवान् तयार हुनु भयो । सबै देवता भगवान्‌को कुरा सुनी दङ्ग भए ।

पृथ्वीमा यज्ञ

यता राजा दशरथ यज्ञका लागि तयारी गर्दै थिए । उनले आफ्नो मन्त्री सुमन्त्रलाई यो कामको जिम्मा लगाए । मन्त्री सुमन्त्र गुरू पुरोहितहरूलाई डाक्नं मानिस खटाउँदै थिए । कति ठाउँमा त उनी आफैं पुगे । श्रृगी ऋषिलाई महाराज दशरथ स्वयंले नै डाकेर ल्याए । उनकै आदेशमा यज्ञ वेदीको निर्माण गरियो । उनकै आदेशमा तयार भयो, यज्ञशाला । उनले अथर्व वेदको आधारमा त्यो यज्ञ सम्पन्न गर्न चाहेका थिए ।

यज्ञको लागि चारैतिरका राजाहरूलाई बोलाइयो । सबै निम्त्तालुहरू आए, यज्ञशाला सजि-सजाउ थियो । सबै निम्ता गरिएका व्यक्तिहरू आए । सबैजना यज्ञकै काममा लागेका थिए । घरमा दूध भएकाहरू दूध ल्याउँथे भने घरमा घिउ, मह भएकाहरू घिउ, मह आदि लिएर आउँथे । यज्ञको लागि चाहिने कुराको कमी थिएन । धान, गहुँ, जहु, फलफूल जे जे चाहिन्छ, त्यही त्यही नै लिएर आउँथे त्यहाँका जनताहरू । त्यो ठाउँलाई ज्यादै सफासुग्घर राखिएको थियो ।

विशेष समयमा यज्ञ शुरू गरियो । तपस्वी ऋष्यश्रृगीले शुभ मुहुर्तमा वेद मन्त्र उच्चारण गरे । यज्ञमा आहुति प्रारम्भ गरे । उनी होता भएर आफ्नो काममा लागेका थिए । रिस, राग, छल, कपट सारा मारेर काममा लागेका थिए । उनको साथमा विद्वान्हरू थिए । विधि-विधान नछाडी यज्ञलाई अगाडि बढाए । अग्निमा घिउ राखियो । चरू हवन हुनथाल्यो । बिहानदेखि बेलुकासम्म यही नित्य-कर्म चल्दथ्यो । यसरी नै सात दिन बित्यो ।

सातौं दिनको दिन ऋषि ऋष्यश्रृगीले अग्निकै कृपाले विशेष प्रकारको खिर प्राप्त गरे । त्यो प्रसाद देख्दै ज्यादै स्वादिलो होला भने झैं लाग्दथ्यो । ऋष्यश्रृगीले त्यो खिर देखाउँदै महाराज दशरथलाई भन्नुभयो : "महाराज ! यो खिर आरोग्य

प्रदान गर्ने र पुत्रदायक पनि भएकोले यो खीर तीन ओटै महारानीहरूलाई खुवाउनोस्" भनी खीर भएको थाली महाराजलाई दिनुभयो । महाराज दशरथले पनि सोही अनुसार गर्नुभयो ।

तीनैजना रानीहरूले प्रसाद ग्रहण गरे । उनीहरू सबै खुसीले गद्गद् थिए । यज्ञ समाप्त हुन लागेको थियो । महाराज दशरथ खुसीले गद्गद् भएर दान दक्षिणामा लाग्नु भएको थियो । जनताले ल्याएको सौगात बाँड्ने काम सम्पन्न हुन लागेको थियो । यसरी यज्ञको काम समाप्त हुन लागेको थियो ।

आखिर सबैजना बिदा हुँदै गए । यज्ञ-मण्डपबाट सबैजना खुसी भएर जाँदै थिए । एउटा महान् धार्मिक उत्सव समाप्त भएकोमा सबै दङ्ग थिए । यज्ञ समाप्त भयो सबै आ-आफ्नो घर फर्किए । सबै आ-आफ्नो काममा लागे । महाराज दशरथ पनि आफ्नो राजकाजको काममा लाग्नुभयो । समय बित्दै गयो । दिनपछि रात रातपछि दिन हुँदै समय सुलुलुलु बग्दै थियो । समय क्रममा तीनओटै रानीहरू गर्भवती भए । सबै जना दङ्दास थिए । समय आइपुगेपछि महारानी कौशल्याबाट राम जन्मिए भने कैकेयीबाट भरत र सुमित्राबाट लक्ष्मण र शत्रुघ्न जन्मिए । ती सबै स्वस्थ र सुन्दर थिए । यता महाराज दशरथ ज्यादै प्रशन्न थिए । ६ वर्षको उमेरमा सबैको व्रतबन्ध गरियो । शिक्षा-दिक्षाको लागि सबैलाई वशिष्ठ आश्रममा पठाइयो । आश्रमको नियम पालन गरेर सबैले शिक्षा लिन लागे । केही समयमा नै सबै राजकुमारहरू धनुविद्यामा सिपालु भए ।

महाराज दशरथ आफ्ना छोराहरूको योग्यता देखेर दङ्ग भए । सबैजना ज्ञानी थिए, शान्त स्वभावका थिए र पराकमी पनि थिए । उनीहरूको कीर्ति फैलदै थियो । सबैले उनीहरूलाई सज्जन र पराकमी बालकमा गन्दथे ।

वशिष्ठ र विश्वामित्र बीचको झगडा

यो संसार विचित्रको छ । कहिलेकाहीं यो काम गर्दिन भन्दा पनि गर्नुपर्छ । कसैसँग झगडा नगरी शान्तसँग बसे पनि विना कारण झगडा पर्दछ । समयको बलले मानिस अकारणै थिचिन्छ । ब्रह्मर्षि वशिष्ठलाई पनि एकपटक यस्तै समस्या आइपऱ्यो ।

एकपटकको कुरा हो । राजा कौशिक जङ्गल भ्रमणको लागि निस्किएका थिए । घुम्दा घुम्दै उनी ब्रह्मर्षि वशिष्ठको आश्रममा आइपुगे । राजालाई देख्नासाथ ब्रह्मर्षिले आफूले गर्नुपर्ने उचित सम्मान गर्नुभयो ब्रह्मर्षि वशिष्ठसँगको कुराकानी पछि राजा कौशिक त्यहांबाट बिदा हुन चाहनु भयो । ब्रह्मर्षिले आफ्नो आश्रममा केही समय बसी भोजन गरेर जान अनुरोध गर्नुभयो । त्यसै बखत राजा कौशिकले भने: "महर्षि ! एक त तपाई ऋषि हुनुहुन्छ । अर्को तर्फ म एक्लो छैन । मेरा यत्रा लावा लस्करलाई कहाँबाट खाना ल्याएर खुवाउने ? तपाईं आफैलाई जीवन धान्न मुस्किल छ भने किन दु:ख गर्ने ? भयो छोड्दिनोस् । म तपाईको यही सत्कारबाट खुसी छु ।"

कौशिक महाराजले भन्दा भन्दै पनि यता ब्रह्मर्षि मान्नु भएन । बिहानको अतिथिलाई भोकै पठाउनु उचित लागेन वहाँलाई । वहाँ राजा कौशिकको कुरा सुनेर मुसुक्क हाँस्नु भयो र यस बारे चिन्ता नगर्न अनुरोध गर्नुभयो । आफ्ना शिष्यहरूलाई भोजन तयार गर्न अराउनु भयो । केही समयमै दुध, दही, खिर, घिउ तयार भयो । दुधबाट बनेका सबै परिकार स्वादिला थिए । सबै जना खानपिन सकेर दङ्ग भए ।

यति छिटो यस्तो कुरा कसरी सम्भव भयो त भनी राजा कौशिकले बुझ्दा यो सबै कुरा सबला भन्ने एउटी कामधेनु गाईको कारणले सम्भव भएको हो भनी महर्षिबाट थाहा भयो । राजा कौशिकको लोभ बढ्यो । यस्ती गाई तपाईं जस्ता

वनवासीलाईं के काम ? हामी जस्ता गृहस्थीलाई पो काम लाग्छ त । त्यसैले त्यो गाई मलाई दिनुहोस् भनी राजा कौशिकले महर्षिसँग अनुरोध गर्नुभयो । तर ब्रह्मर्षि वशिष्ठले त्यो अनुरोध मान्नु भएन । वहाँले भन्नुभयो : "राजन म अरू सबै कुरा दिन सक्छु तर सवलालाई दिन सक्दिन । मलाई सबला मेरी बहिनी जस्तै प्यारो लाग्छ । म उनीसँग टाढा हुन सक्दिन ।"

राजा कौशिक मदले मात्तिएका थिए । उनीमा लोभ मात्र होइन जे पनि गर्न सक्छु भन्ने घमण्ड पनि थियो । महर्षिले नदिँदा नदिँदै आफ्ना सैनिक लगाएर गाई तान्न थाले । आश्रममा कोलाहल मच्चियो । मारामार चम्कियो । झगडाको बिउ बन्यो त्यही गाई । गाई उफ्रन थाल्यो । कसैले समाउन सकेन । यता ऋषिका शिष्यले सैनिकलाई लखेटे । ब्रह्मर्षिको ब्रह्मदण्डको अगाडि राजा कौशिकको केही लागेन । उनी भागे । सबैको भागाभाग भयो । ब्रह्मर्षि वशिष्ठलाई ज्यादै दुःख लाग्यो । तिनै राजा कौशिक पछि गएर विश्वामित्र बने ।

विश्वामित्रको हार

राजा कौशिकले लामो समयसम्म भगवान् शिवको तपश्या गरे । उनको तपश्या देखेर पृथ्वीमा मात्र होइन देवलोकमा पनि खैलाबैला मच्चियो । उनको तपश्याबाट खुसी भएर महादेव प्रकट हुनुभयो र भन्नुभयो : "तपस्वी ! तिमी के उदेश्यले तपश्या गर्दछौ ? म तिमीसँग खुसी छु, वर माग । भगवान्को वचन सुनेर राजा कौशिक दङ्ग भए । उनले भगवान्सँग धनुर्वेदमा पारङ्गत (सबभन्दा सिपालु) हुनुसकूँ । सबै असुरहरू मेरो अधिनमा रहनपरोस् भनी वरदान मागे । भगवान्ले पनि राजा कौशिकको माग स्वीकार गर्नुभयो र तिमी आजदेखि विश्वामित्र भयौ" भनी सोही अनुसार वरदान दिनुभयो ।

तपोबलबाट वरदान पाउनासाथ राजा कौशिकलाई घमण्डले छोयो । उनले विश्वामित्रको अर्थै बुझेनन् । उनी तपश्याबाट शान्त हुनुको सट्टा झनै अशान्त भएर निस्किए । एउटा आश्रम बनाई लोक कल्याणमा लाग्लान् भनेको त उनी त सिधै वशिष्ठ आश्रम तर्फ पो लागे । उनी एउटा महाकाल जस्तै देखिए । रिसले चूर भए झैं लाग्दथ्यो । उनलाई देखेर महर्षि वशिष्ठका चेलाहरू त्यसै तर्सिए ।

विश्वामित्र आश्रममा आइपुग्नासाथ उनले आग्नेय अस्त्रको प्रयोग गरे । त्यही अस्त्रको प्रभावले आश्रम जल्न थाल्यो । ब्रह्मर्षि वशिष्ठले आफ्ना चेलाहरूलाई नआत्तिन संझाउनु भयो तर कसैले पनि धैर्य धारण गर्न सकेनन् । सबै भागाभाग गर्न थाले । यस्तो देखेर महर्षि वशिष्ठलाई ज्यादै दु:ख लाग्यो । अब त केही गर्नैपर्ने हो कि भन्ने कुरा वहाँको मनमा लाग्यो ।

महर्षि वशिष्ठले आफ्नो ब्रह्मदण्ड हातमा लिनु भयो । वहाँ विश्वामित्र भए तर्फ फर्कनु भयो र भन्नुभयो : "विश्वामित्र ! किन यस्तो मूर्ख काम गर्दैछौ ? के भयो तिमीलाई ? कल्याणको बाटो छाडेर किन आफ्नै विनाश तर्फ लागेको हौं ?"

यो सुनेर विश्वामित्रको टुपिदेखि पैतालासम्म जल्न थाल्यो । उनी रिसले आगो भए । झनै रिसाएर उनले भने : वशिष्ठ ! अब हेर्दै जाऊ, के के हुँदो रहेछ । "म त हेरिरहेकै छु," ब्रह्मर्षि वशिष्ठले शान्त भएर जवाफ दिनुभयो । वहाँको मनमा दुर्भावना थिएन । वहाँ समुद्र जस्तै शान्त हुनुहुन्थ्यो ।

यता विश्वामित्र आफूले सिकेका हतियार चलाउनमै व्यस्त थिए । वहाँ आफ्नो रिस देखाएर वशिष्ठलाई तर्साउनमै व्यस्त देखिन्थे । विश्वामित्रले आफूले जाने बुझेका सबै हतियार चलाए तर वशिष्ठको ब्रह्मदण्डको अगाडि कसैको केही लागेन । उनी आफैं जिल्ल परे । उनले के भएको हो भन्ने बारे बुझ्नै सकेनन् । आखिर लाचार भएर ब्रह्मास्त्र छाडे । यो देखेर सारा ऋषिहरू तर्सिए । ऋषिका चेलाहरू भागाभाग गर्न थाले । ब्रह्मास्त्रको प्रयोग भएको देखेर हाहाकार कोलाहल मच्चियो । यो देखेर ब्रह्मर्षिले आफ्नो ब्रह्मदण्ड उठाउनु भयो । ब्रह्मास्त्र यत्तिकैमा शान्त भयो । ब्रह्मास्त्रको पनि केही लागेन । आखिर विश्वामित्र हारेरै फर्किए । उनी निराश भए । उनलाई आफूलाई महादेवले धोका दिए झैं लाग्यो । अब आफू ब्रह्मर्षि भएर मात्र फर्कने निधो गरी उनी त्यहाँबाट हिँडें । त्यहाँबाट उनी सरासर दक्षिण तर्फ लागे ।

अब विश्वामित्र फेरि तपश्यामा लीन भए । यसपटक उनले स्वयम्भू ब्रह्माको तपश्या गरे । धेरै वर्ष त तपश्यामै रहे । अनेकौं वर्षको तपश्यापछि बल्ल एकपटक ब्रह्माको दर्शन पाए । ब्रह्माले पनि अरू कुरा केही नसोधी तिमी आजदेखि राजर्षि भयौ भनी बिदा हुनुभयो । विश्वामित्रले केही भन्ने मौकै पाएनन् । उनलाई यसबाट पनि सन्तोष लागेन । फेरि तपश्या गर्ने सुरले उनी कस्सिए ।

विश्वामित्रको प्रयास

रिस सबभन्दा खराब पक्ष हो । रिसले कसैको पनि भलो गर्दैन । रिस उठेपछि उसको बल घट्छ । त्यसैले रिसाउनु राम्रो होइन । शान्ति नै ठूलो हो । शान्ति र क्षमाले नै मानिसलाई माथि उठाउँछ । शान्ति र क्षमा नै मानिसको बल हो । यही नै मानिसको शक्ति हो । वास्तवमा विश्वामित्र रिसले नै बिग्रिएका थिए । रिसकै कारण तपश्याको शक्ति घटेको थियो । त्यसैले उनी शक्ति पाउन पुस्कर तीर्थ तर्फ लागे ।

विश्वामित्र पुस्कर तीर्थमा पुगे । त्यहाँ बसेर लामो समयसम्म तपश्या गरे । उनी सिद्धि प्राप्त गर्ने गर्ने बेलामा पुगेका थिए । त्यसै बखत उनकै छोराले उनको तपश्या भङ्ग गरिदियो । त्यसै निहुँमा उनी रिसाए । आफ्नै छोरालाई सराप दिए । यो घटनाले गर्दा उनलाई धेरै दुःख भोग्नुपर्‍यो । उनलाई ठूलो पछुतो पर्‍यो, हुनसम्म पीर पर्‍यो । अबदेखि कहिल्यै नरिसाउने प्रतिज्ञा गरेर उनी फेरि तपश्यामा बसे, धेरै समयपछि प्रजापति ब्रह्माले उनलाई दर्शन दिए । उनले विश्वामित्रलाई भने : "हे कौशिक अब तपाईं राजामात्र होइन तपाईं त ऋषि बन्नुभयो भनी वहाँ हराउनु भयो ।

यता विश्वाभित्र फेरि झस्किए । उनलाई भगवान्ले आफूलाई जिस्क्याए झैं लाग्यो । भगवान्ले के भन्न खोज्नु भएको हो त्यो पनि स्पष्ट भएन । उनलाई ब्रह्मर्षि बन्नु थियो । त्यसैले उनी फेरि घनघोर तपश्यामै लागे ।

यता देवतालाई पनि विश्वामित्रको यो चाल मन परेन, उनीहरू उनलाई तपश्याबाट हटाउन चाहन्थे । उनीहरूले एउटा मतो गरे । आफ्नो सरसल्लाह अनुसार मेनकालाई पुस्कर तीर्थमा पठाइदिए । बिचरा विश्वामित्र ! उनी त यसपटक पनि जालमा परे । उनी मेनकाको सौन्दर्यमा फसे । देवताहरूको चाल बारे बुझ्नै सकेनन् । मेनकासँग समय बितेको पनि पत्तै भएन ।

केही समयपछि महर्षि होशमा आए । उनलाई आफ्नो कर्मको खेल देख्दा दु:ख लाग्यो । उनी पछुतो मानेर झोक्राउन थाले । यता मेनका ऋषिको सराप सुन्नुपर्ला भनी तर्सिईन् । उनले ऋषिलाई कुनै किसिमको सराप नदिन अनुरोध गरिन् । यसपटक ऋषि विश्वामित्रले आफ्नो रिस थामे । उनले मेनकालाई संझाउँदै भने : "मेनका ! यसमा तिम्रो दोष छैन । तिमी अह्राएको काम गर्ने न हौ, तिम्रो के दोष ? म मूर्ख हुँ । मेरो सर्वनाश भयो, वेलामा बुद्धि नपुग्दा यस्तो हुन्छ ।" यति भन्दै मेनकालाई विदा दिएर ऋषि हिमालय पर्वत तर्फ लागे ।

हिमालय पर्वतमा पुगेर विश्वामित्रले घनघोर तपश्या गरे । उनको तपश्या देखेर ब्रह्माजी एकदमै खुसी हुनुभयो । वहाँले भन्नुभयो : "विश्वामित्र ! तिमी मेनकासँग पनि रिसाएनौ । आफ्नो कर्मको फल संझेर फेरि तपश्यामा लाग्यौ । यो तिम्रो महानता हो । त्यसैले म तिमीसँग ज्यादै खुसी भएँ । अब तिमी महर्षि भयौं ।" ब्रह्माजीले यसरी वरदान दिनुभयो तर विश्वामित्र यो वरदानबाट पनि सन्तुष्ट हुनु भएन । वहाँ केही खुसी हुनुभयो । प्रशन्न मुद्रामा ज्यादै शान्त देखनिु भयो । वहाँ फेरि तपश्यामा लाग्नु भयो । यस्तो तपश्या न कसैले गरेको थियो, न कसैले गर्नेछ । विश्वामित्रको तपश्या देखेर देवता पनि डराए । इन्द्र पनि आत्तिए । यसपटक देवताले इन्द्रलाई नै अनुरोध गरे । उनले रम्भालाई विश्वामित्रको तपश्या भङ्ग गर्ने काममा खटाए ।

यसपटक पनि विश्वामित्रको मन चञ्चल भयो । उनी अलि अत्तालिए तर उनी रम्भालाई रानी बनाउन तयार भएनन् । उनी रम्भासँग रिसाए । रम्भालाई सराप दिए । उनको तपश्या भङ्ग भयो । उनले आजसम्म कमाएको पुण्य पनि खत्तम भयो । उनी रिसाएकैले यस्तो हुनगयो । अब कहिल्यै रिसाउने छैन भनी उनी फेरि तपश्यामा लागे ।

यसपटक उनी ज्यादै होशियार बने । घनघोर तपश्यामा लागे । तप गर्दा गर्दै जिउ सुक्यो । उनले त्यसको पनि वास्ता गरेनन् । उनको तप भङ्ग गर्न देवताले सक्दो प्रयास गरे । के गर्दा तपश्या भङ्ग गर्न सकिन्छ, ती सबै उपाय अपनाए । यता, विश्वामित्र पनि दृढ-विश्वास गरेर बसेका थिए । रिस नउठोस् भनी हरेक प्रकारले आफूलाई संयमी बनाए । यसरी उनले लामो समयसम्म कठोर तपश्या गरे । यसपटक सबै देवता र देवलोकलाई नै तर्साए । उनी दुब्लाएर ज्यादै कमजोर भएका थिए । खालि प्राण मात्र बचे झैं लाग्दथ्यो ।

यता विश्वामित्रको यस्तो कठोर तपश्या देखेर देवलोकमा पनि खेलाबैला मच्चियो । उनीहरू ब्रह्मालाई गुहार्न पुगे । ब्रह्माले सबैलाई आशीर्वाद दिदैं भन्नुभयो : "देवताहरू ! यसमा हडबडाउनु पर्ने कुरा केहीं छैन । समय आउनासाथ सबै कुरा ठीक हुन्छ । यति भन्दै ब्रह्मा आफ्नो आशनबाट उठ्नु भयो । देवताहरूसँगै ब्रह्मा पनि विश्वामित्रले तपश्या गरेको ठाउँमा पुग्नुभयो ।

ब्रह्माले विश्वामित्रलाई भेट्नु भयो । वहाँले भन्नुभयो : "विश्वामित्र ! आजदेखि तिमी ब्रह्मर्षि भयौ । रिस, राग, द्वेष, मोह, माया आदि सबै दुर्गुणहरूलाई जित्न सकेकाले तिमी ब्रह्मर्षि भयौ भनी महर्षिलाई विस्तारमा बुझाउनु भयो ।" ब्रह्माबाट यस्तो अमृत वचन सुन्दा विश्वामित्र ज्यादै खुसी हुनुभयो । केही समय त खुसीले वाक्यै फुटेन । वहाँले ब्रह्मालाई हेरेको हेर्‍यै गर्नुभयो । महर्षि विश्वामित्रको मनमा अझै पनि शङ्का थियो । कतै ब्रह्मर्षि वशिष्ठले वहाँको यो पद्वी स्वीकार नगर्ने पो हो कि भन्ने पनि थियो । त्यसैले वहाँले ब्रह्मर्षि वशिष्ठको स्वीकृति चाहनुभयो । विश्वामित्रको कुरा सुनेर ब्रह्मर्षि वशिष्ठ मुसुक्क मुस्कुराउनु भयो । वहाँले विश्वामित्रले गरेका पुराना कुरा पनि संझनु भयो । विनाकारण उनले मच्चाएको झगडाको पनि याद आयो । वहाँ ब्रह्मर्षि हुनुहुन्थ्यो । त्यसैले वहाँको मनमा रीस, राग केही रहेन । वहाँले विश्वामित्रलाई संझाउँदै भन्नुभयो : "विश्वामित्र ! तपाईंको कठोर तपश्याकै कारण तपाईंलाई यो पुण्यको फल प्राप्त भएको छ । तपाईं ब्रह्मर्षि बन्नु भएको छ । अब त्यसै अनुसार आचारण गर्नुहोला । पुरानो मनमुटाब भुल्नुभयो भने सबैको कल्याण हुनेछ ।"

ब्रह्मर्षि वशिष्ठका कुरा सुनेर महर्षि विश्वामित्र दङ्ग पर्नु भयो । वहाँले पुराना कुरा भुल्नु भयो । मनमा रीस, राग, द्वेष, घमण्ड केही रहेन । संसार अनित्य छ, अस्थायी छ भन्ने भावना वहाँको मनमा आयो । वहाँको अनुहारमा शान्ति देखियो । वहाँको अनुहारमा सद्भाव भेटियो । यसरी धेरै ठूलो प्रयास पछि संसारमा ज्यादै थोरैले मात्र गर्न सक्ने कठोर तपश्यापछि विश्वामित्र महान् ब्रह्मर्षि बन्नुभयो ।

ब्रह्मर्षि विश्वामित्रको साथमा राम-लक्ष्मण

ब्रह्मर्षि विश्वामित्र सरयु नदीकै किनारमा आश्रम बनाएर बस्न लाग्नु भयो । वहाँ जप, तप, यज्ञ आदिमा नै लागिरहनु हुन्थ्यो । यज्ञ समाप्त हुने बेलामा मारिच र सुबाहु नाम भएका दुइटा राक्षसहरू त्यहाँ आउँथे । यज्ञमा उपद्रो मच्चाएर जान्थे । ऋषिको विधि-विधान भङ्ग गरेर मात्र त्यहाँबाट विदा हुन्थे । त्यसैले सहयोगको लागि ब्रह्मर्षि विश्वामित्र महाराज दशरथको दरबारमा पुग्नु भयो । आफ्नो शक्ति देखाउनु भन्दा रामको शक्ति चिनाएर राक्षसहरूलाई तह लगाउन चाहनु हुन्थ्यो । वहाँ राम, लक्ष्मणलाई साथमै लिएर आश्रममा फर्कन चाहनु हुन्थ्यो । राममा सुबाहु र मारिचलाई मार्न सक्ने शक्ति भएको कुरामा वहाँलाई विश्वास थियो । त्यसैले वहाँ महाराज दशरथको दरबारमा पुग्नुभयो ।

यता महाराज दशरथले पनि ब्रह्मर्षि विश्वामित्रको भव्य स्वागत गर्न भुल्नु भएन । स्वागत सत्कारपछि ब्रह्मर्षिलाई दरबारमा आउनुको कारण बारे सोधियो । ब्रह्मर्षिले आफू सहयोग माग्न आएको कुरा बताउनु भएपछि आफूसँग भएको जुनसुकै कुरा दिन पनि आफू तयार भएको कुरा बताएर महाराजले ब्रह्मर्षिलाई दङ्ग पार्नुभयो । त्यसै बखत ब्रह्मर्षिले भन्नुभयो : "महाराज ! हजूरको छोरा युवराज राम ज्यादै पराक्रमी होइबक्सन्छ । वहाँको शक्तिको अगाडि कसैको केही लाग्दैन । मसँग जाँदा वहाँको बल बुद्धि बढैरै जान्छ । कृपा गरेर रामलाई मेरो आश्रममा पठाइ दिनुहोस् । मलाई मारिच र सुबाहु नाम भएका राक्षसहरूले धेरै दु:ख दिएका छन् । म तिनीहरूबाट छुटकारा पाउन चाहन्छु ।

कुरा सुनिसकेछि राजा दशरथ अलि जिल्ल परे । उनलाई के गरौं, कसो गरौं भने झैं भयो । उनी एकाएक छटपटिन लागे । उनको अवस्था देखेर दरबारमा भएकाहरूलाई के गरौं, कसो गरौं भने झै भयो । केही समयपछि

राजा होशमा आए । उनी अलि शान्त भए । अलि होशमा आएपछि उनले भने : "ब्रह्मर्षि ! रामलाई लगेर के काम ? उसलाई त लडाईंको बारे ज्ञानै छैन । एउटा केटाले के नै गर्न सक्छ र ? बरू म आफैं जाउँला ? सेना पनि लैजाउँला । तपाईं यसमा पीर नमान्नोस् । रामलाई लैजाने कुरा नगरिदिनुहोस् भनी अनुरोध गर्न लागे ।

राजाका कुरा सुनेपछि ब्रह्मर्षि विश्वामित्रले ती राक्षसहरूबारे बताउनुभयो । वहाँले रावण र उसको शक्ति बारे पनि विस्तारमा बताउनु भयो । वहाँले रामको शक्तिमा आफूलाई पूरा विश्वास भएको र आफूसँग हुँदा रामलाई पनि ठूलो फाइदा हुने कुरामा विशेष जोड दिनुभयो । यता महाराज दशरथले भने अझै विश्वास गर्न सकेनन् । उनी अलमलमै परे । अलमलकै कुरा गरे । राजाको कुरा सुन्दा ब्रह्मर्षि अलि रिसाए, राजालाई संझाउँदै महर्षिले फेरि भन्नुभयो :



"महाराज ! तपाईंले त शुरूमै मैले जे मागे पनि दिने कुरा गर्नु भएको हो । अहिले तपाईं व्यर्थमा अलमल गर्दै हुनुहुन्छ । यत्रो इक्ष्वाकु वंशका वीर राजाले यस्तो कायर र पामर कुरा गर्न सुहाउँछ ? तपाईं आफै संझनुहोस् । ठीकै छ, म हिँडे भनी ब्रह्मर्षि आफ्नो वाटो लाग्ने तर्फ लाग्नुभयो ।

ब्रह्मर्षि भित्रभित्रै रिसले आगो हुनु भएको थियो । वहाँ हिँड्नै लागेको देखेर महर्षि वशिष्ठले महाराज दशरथलाई सम्झाउनु भयो । वहाँले ब्रह्मर्षि विश्वामित्रलाई केही समय धैर्य धारण गर्न अनुरोध गर्नुभयो । महाराज दशरथलाई सम्झाउँदै भन्नुभयो : "महाराज ! विश्वामित्र सवै कुरा जान्ने वुझ्ने महर्षि हुनुहुन्छ । वहाँले कठोर तपश्या गरेर सिद्धि प्राप्त गर्नु भएको छ । वहाँ आफैं पनि राक्षसहरूलाई समाप्त गर्न समर्थ हुनुहुन्छ । राजकुमारहरूबाट यस्तो काम हुँदा उनीहरूकै कीर्ति फैलने र हाम्रो राज्य वलियो हुने कुरा वुझेर नै ब्रह्मर्षि यहाँ आउनु भएको हो । राजकुमारहरूलाई वहाँको साथमा पठाइ दिनोस्, यसैमा तपाईंको कल्याण छ ।"

महर्षि वशिष्ठको कुरा सुनेपछि राजा दशरथ शान्त हुनुभयो । वहाँलाई विश्वामित्रमाथि विश्वास बढ्यो । महाराजले राम लक्ष्मण दुवैलाई बोलाउनु भयो । सबै कुरा विस्तारमा बताउनु भयो । दुवैले आफ्नो वावुको कुरा बुझे । दुवै महर्षिसँग जान तयार भए । दरवारमा फेरि के भयो कसो भयो भन्ने उत्सुकता फैलियो । राम र लक्ष्मण ब्रह्मर्षि वशिष्ठसँग जान लागेको हल्ला चल्यो । शहरका बासिन्दाहरू राम, लक्ष्मण र ब्रह्मर्षि विश्वामित्रलाई बिदा गर्न सडक किनारमा भेला भए । लक्ष्मण र राम सबैसँग विदा भई विश्वामित्र आश्रम तर्फ लागे ।

रामको पौरख

अयोध्याबाट हिँडेको दिन सबैजना सरयु-नदीको किनारमा पुगे । त्यहाँ पुग्दा साँझ परेकोले त्यस दिनको बास त्यहीं पऱ्यो । ब्रह्मर्षिले दुवैलाई विशेष शिक्षा दिनुभयो । त्यो शिक्षाले दुवैलाई शक्तिशाली बनायो ।

भोलिपल्टको कुरा हो । सबैजना सबेरै उठे, नित्यकर्म समाप्त गरेपछि सरयु नदी तरे । पारिपट्टि घनघोर जङ्गल थियो । मानिसको आवत-जावत पनि थिएन । त्यस्तो डरलाग्दो जंगल देखेर रामचन्द्रलाई त्यसबारे बुझ्न मन लाग्यो । वहाँले ब्रह्मर्षिलाई त्यस जङ्गलको बारेमा सोद्धा वहाँले भन्नुभयो : "राजकुमारहरू ! कुनै समय अहिले यो जङ्गल भएको ठाउँमा एउटा ठूलो बस्ती थियो । यहाँ धेरै मानिसको वसोबास थियो । एकपटक भगवान् इन्द्रले वृतासुरलाई मार्नु भयो । इन्द्रलाई ब्रह्महत्याको पाप लाग्यो । त्यही पापले गर्दा इन्द्र छटपटाउन लागे । इन्द्रको पाप पखाल्न ठूला ठूला नदीबाट पानी ल्याइयो । त्यही पाप पखाल्दा शरीरबाट निस्केको मैले गर्दा यो ठाउँ ज्यादै मलिलो भएको थियो । यो ठाउँ ज्यादै उर्वर थियो ।

धेरै समयसम्म यहाँका मानिसहरू ज्यादै सुखी भएर बाँचे । यो ठाउँ ज्यादै रमाइलो थियो । मानिस सुखी थिए साथै उदार पनि थिए । केही समय बितेपछि यक्षकी श्रीमती र उनका छोरा मारिच यहाँ आए । उनीहरूलाई सराप परेको थियो । उनीहरू राक्षसी स्वभावमा बदलिएका थिए र बिस्तारै राक्षसै बने । उनीहरूले यहाँ बसेका मानव जातिलाई दुःख दिन थाले । कयौंको ज्यान गयो । सयौं भागे । आखिर यो ठाउँ सुनसान भयो । मारिच र सुबाहु बलवान् छन् । ती सबैलाई समाप्त पारेर सबैको कल्याण गर्नु हामी सबैको कर्तव्य हो । तिमीहरू यो मानव-कल्याणको काम गर्न सक्दछौ । यसमा कति पनि शंका छैन । सबैको कल्याण होओस् ।

गुरू विश्वामित्रको कुरा सुनेपछि रामले भने : "गुरूजी मलाई बुवाले हजूरको आज्ञा पालन गर्नु भनी पहिले नै संझाउनु भएको छ । हत्या गर्नु त्यसै पनि राम्रो होइन, त्यसमा पनि स्त्री हत्या गर्नु झनै राम्रो होइन । उसलाई मार्दा धेरैको कल्याण हुन्छ भने म हजूरको आज्ञा पालन गर्न तयार छु । समाजको भलाइको लागि एउटाको नाश हुनु राम्रै हो ।" यति भन्दै रामले धनुमा ताँदो चढाउनु भयो । वाण चलाउनु भयो । जङ्गलमा ठूलो आवाज आयो । त्यो आवाज सुनेर वनका सारा प्राणी झस्किए ।

ताडकालाई पनि ज्यादै अनौठो लाग्यो । यस्तो वनमा एकाएक यस्तो आवाज आउनु अनौठो कुरा थियो । ऊ आवाज आए तर्फ दौडदै गई । ब्रह्मर्षि विश्वामित्रले ताडकालाई परैबाट देख्नुभयो । ताडकाले पनि तीन जना भुसुना मानिसहरूलाई देखी । ती सबैलाई एक गाँसमा सिध्याउँछु भनी ऊ राम भए तर्फ दौडिई । त्यो देख्नासाथ रामले ताडकालाई ताकेर वाण चलाए । वाण लागेर एउटा हातै काटियो । रामले फेरि अर्को वाण चलाए । खुट्टामा लाग्यो र खुट्टै भाँचियो । यति हुँदा त चेत आउला कि भन्ने लागेको थियो तर ऊ अझै झम्टन



लागी । ढुङ्गा बर्साउन लागी । दुवै भाइ मिलेर वाण चलाएर ढुङ्गा रोके । विश्वामित्र बेलाबखत ती अस्त्रहरू चलाउने बारे दुवैलाई होशियार बन्न आग्रह गर्दै हुनुहुन्थ्यो । रात पर्न लागेको थियो । रातको समयमा राक्षसहरूको बल बढ्छ भन्ने पनि वहाँलाई थाहा थियो । त्यसैले वहाँ राम र लक्ष्मणलाई संझाउँदै हुनुहुन्थ्यो । आखिर रामले चलाएको वाणले ताडकाको टाउको काटियो । ताडका भुईमा पछारिई । उसको मृत्यु भयो । तीनैजना दङ्ग भए ।

भगवान् रामको पराक्रमको अगाडि कसको के लाग्ने ? ब्रह्मर्षि विश्वामित्र खुसीले गद्‌गद् हुनुभयो । वहाँले रामलाई आशीर्वाद दिनुभयो । ताडकाको मृत्युपछि त्यो जङ्गलको ज्यानै फेरियो । त्यहाँ फेरि चहलपहल बढ्यो । त्यहाँबाट आवत-जावत गर्न कसैलाई डर भएन । ताडकालाई मारेको रात राम, लक्ष्मण, विश्वामित्र सबैले त्यहीं बास गरे । जङ्गलमा भएका मीठा मीठा फलफूल खाई त्यो रात त्यसै ठाउँमा आनन्दपूर्वक बिताए ।

ब्रह्मर्षि विश्वामित्रको आश्रम

भोलिपल्टको कुरा हो । सबैजना सबेरै उठे । बिहानको नित्यकर्म सकेपछि ब्रह्मर्षि विश्वामित्रले बोलाउनु भयो र रामलाई विभिन्न प्रकारका हतियार चलाउन सिकाउनु भयो । त्यही विद्या रामले लक्ष्मणलाई सिकाए । ताडका बधको कारणले ब्रह्मर्षि एकदमै खुसी हुनु भएको थियो । राम लक्ष्मणलाई पनि एकदमै खुसी लागेको थियो । त्यस बखत ती सबैजना ब्रह्मर्षिको आश्रमतर्फ जाँदै थिए । बेलुका साँझ पर्ने बेलामा तिनीहरू आश्रममा पुगे । आश्रमका तपस्वीहरूले ती सबैको भव्य स्वागत गरे । उनीहरूले दुवै राजकुमारहरूलाई विशेष प्रकारको स्वागत अभिवादन गरे । सबै तपस्वीहरू ज्यादै खुसी देखिए ।

रामचन्द्र राक्षसहरूलाई समाप्त पार्न आतुर हुनुहुन्थ्यो । त्यसैले ब्रह्मर्षिलाई भोलिपल्टबाटै यज्ञ प्रारम्भ गर्न अनुरोध गर्नुभयो । ब्रह्मर्षिले पनि त्यो अनुरोध सहजै स्वीकार्नुभयो ।

रामचन्द्रको कुरा सुनेर सबै तपस्वीहरू झनै खुसी भए । रामचन्द्रको आँट र विश्वास देखेर नै उनीहरू खुसी भएका थिए । बेलुकाको खानपान सकियो । सबैजना आ-आफ्नो ओछ्यानमा पल्टिए । ब्रह्मर्षि विश्वामित्र बिहान सबेरै उठ्नुभयो । वहाँ यज्ञको विधि-विधानमा लाग्नुभयो । राम-लक्ष्मण पनि बिहान सबेरै उठे । बिहानको नित्य-कर्म सकेपछि उनीहरू आफूले गर्नुपर्ने कामको बारे सोध्न ब्रह्मर्षि कहाँ पुगे । त्यस बखत ब्रह्मर्षि मौन ब्रत साधनामा लाग्नु भएकाले उनीहरूलाई अर्का सहायक आचार्यले राक्षसहरूको आगमन र उनीहरूको क्रियाकलाप बारे बताउनुभयो । वहाँले भन्नुभयो : "राजकुमार ! साधारणतया यज्ञ शुरू भएको छैटौं दिनमा राक्षसहरू यस आश्रममा आउँछन् । त्यसैले अब छ दिनसम्म एकदमै चनाखो बन्नुहोस् । राक्षस आएपछि उनीहरूको कामले नै तपाईं उनीहरूलाई चिन्न सक्नुहुन्छ ।

तपस्वीको कुरा सुनेपछि राम लक्ष्मण दुवै एकदमै सजग भए । उनीहरू पनि यज्ञमा सहयोग गर्दथे । दुवै धनुष वाण भिरेर वरपर पहरा पनि दिन्थे । यज्ञ चल्दै गयो । ऋषिहरू विधि विधानमा लागेका थिए । छैटौं दिनको दिन रामचन्द्र एकदमै होशियार भए । त्यो दिन राक्षस आउनसक्ने संभावना बढी थियो । नभन्दै केही समयपछि ठूलो स्वर सुनियो । अग्नि विशेष रूपले बलिरहेको थियो । यज्ञ विधि चल्दै थियो । आगोमा होम हाल्दै थिए । यस्तैमा मारिच र सुबाहु आइपुगे । उनीहरूले यज्ञ बिथोल्न थाले । यस्तैमा रामले मानव अस्त्र उठाए । मानव अस्त्र प्रहार गर्नासाथ मारिच सय योजन पर पुगेर पछारियो । रामले आग्नेय अस्त्र प्रहार गरी त्यो दुष्टलाई त्यहीं समाप्त गरिदिनु भयो । सुबाहुको पनि त्यही गति भयो । यसरी दुवै दुष्टहरू समाप्त भए । आश्रममा हर्षको वर्षा भयो । सबै दङ्ग परे । सबैले राम र लक्ष्मणको तारिफ गर्न लागे । यज्ञ समाप्त भयो । सबैले खुसीयाली मनाए । सबैले राम लक्ष्मणको जय मनाए ।


सातौं दिनसम्मको कडा परिश्रमले राम लक्ष्मण दुवै थाके दुवैले आराम गरे । सबैतिर शान्ति छायो । भोलिपल्टको नित्यकर्म सकेपछि रामचन्द्रले सोध्नुभयो : गुरूजी ! अब के सेवा गर्ने मौका दिनुहुन्छ त ? केही मुस्कुराउँदै उज्यालो अनुहार पारेर विश्वामित्रले भन्नुभयो : "राजकुमार ! अब हामी मिथिलातर्फ लाग्नेछौं । मिथिलामा राजा जनकले यज्ञ गर्न लाग्नु भएको छ । त्यो यज्ञमा बस्न निमन्त्रणा आएकोले म त्यता जाँदै छु । म तपाईंहरूलाई पनि साथैमा लैजान्छु । त्यहाँ पनि एउटा काम छ । त्यो काम सम्पन्न हुने विश्वास गरेको छु ।

मिथिला यात्रा

भोलिपल्टको कुरा हो । दुवै राजकुमारहरूलाई साथमा लिएर ब्रह्मर्षि विश्वामित्र मिथिला तर्फ लाग्नुभयो । बाटामा विभिन्न प्रकारका चित्र विचित्रका दृश्यहरू हेर्दै ठाउँ ठाउँमा बस्दै रमाउँदै अगाडि बढ्दै थिए । ब्रह्मर्षिले यात्राकै क्रममा अनेकौं कथा पुराण सुनाउनुभयो । धेरै दिनको यात्रापछि उनीहरू मिथिला पुगे । बाटामा परेका तीर्थस्थलहरूको भ्रमण पनि पूरा गरे । ती सबै तीर्थस्थलहरूको जानकारी लिएर उनीहरू अगाडि बढ्दै थिए । यो यात्रा राम लक्ष्मण दुवैलाई ज्यादै रमाइलो र ज्ञान बढाउने खालको यात्रा भएको थियो । त्यसै यात्राको क्रममा विभिन्न आश्रमहरूको पनि जानकारी प्राप्त भएको थियो ।

त्यस बखत मिथिला ज्यादै प्रसिद्ध थियो । राजा जनक विद्वान् र ज्ञानी राजाको रूपमा चिनिनुहुन्थ्यो । राजा जनकलाई सबैले सम्मान गर्दथे । एकपटकको कुरा हो । राजा दशरथ यज्ञ गर्ने तयारीमा हुनुहन्थ्यो । वहाँले सबैतिर विशेष दूत मार्फत निम्ता पठाउनुभयो तर राजा जनक कहाँ एउटा मन्त्रीलाई नै पठाउनुभयो । राजा दशरथले पनि महाराज जनकलाई विशेष सम्मान गर्नुहुन्थ्यो । राजा जनकलाई त्यस बखत कर्मयोगी राजा मानिन्थ्यो ।

राजा जनक कर्मयोगी र सात्विक स्वभावका राजा थिए । उनी ज्यादै धर्मात्मा थिए । एक समय वहाँ एउटा यज्ञको तयारीमा लाग्नु भएको थियो । त्यसबेला एउटा उपयुक्त स्थानको खोजी गरी त्यहाँ सरसफाई गर्न लाग्दा एउटी बालिका फेला परिन् । ती बालिका ज्यादै राम्री र चम्किली थिइन् । राजा जनक निसन्तान हुनुहुन्थ्यो । वहाँको लागि ती बालिका भगवान्कै उपहार बनिन् । वहाँले खुसीसाथ ती बालिकालाई स्वीकार्नुभयो । आफ्नै छोरी बनाएर दरबारमा पालन-पोषण गर्नुभयो । त्यस बखतको चलन अनुसार शिक्षा-दीक्षा पनि पूरा गरिदिनु भयो ।



त्यस बखत सीता विवाह योग्य उमेरमा पुगेकी थिइन् । राजा जनक उनको लागि एउटा योग्य वरको खोजीमा हुनुहुन्थ्यो । त्यस बखत राजा जनकको दरबारमा एउटा पुरानो धनु थियो । त्यो धनु सितिमिति कसैले उठाउन सक्दैन थियो । उठाए पनि त्यसलाई खिच्न सक्ने र त्यसमा वाण राख्न सक्ने कोही भएन । राजा जनकले त्यो धनु उठाएर त्यसमा वाण राख्न सक्ने र त्यसलाई खिच्न सक्नेलाई मात्र आफ्नी छोरी दिने घोषणा गर्नुभयो । त्यो घोषणा सुनेर त्यहाँ थुप्रै राजकुमारहरू आए तर कसैले पनि त्यो काम पूरा गर्न सकेन । वास्तवमा ब्रह्मर्षि विश्वामित्रले यही उद्देश्य मनमा राखेर रामलाई मिथिला ल्याएका थिए ।

राजा जनकको महायज्ञ

त्यस बखत मिथिला नगरी जनकपुर एकदमै सिंगारिएको थियो । यज्ञको लागि सारा तयारी पूरा भएको थियो । चाहिने सामान सबै नै जोरजाम भएको थियो । ऋषिहरू, महर्षिहरू, ब्रह्मर्षिहरू, राजा, राजकुमारहरू सबै नै भेला भइसकेका थिए । सबैको लागि बसोबासको प्रवन्ध हुन लागेको थियो । विश्वामित्र र राजकुमारहरूको लागि एउटा छुट्टै प्रवन्ध गरिएको थियो ।

विश्वामित्र आइपुगेको खबर पाउनासाथ राजा जनक आफै बाहिर आउनु भयो । वहाँले ब्रह्मर्षिको स्वागत गर्दै भन्नुभयो : "ब्रह्मर्षि ! तपाईं यो यज्ञमा आइदिनु भएकोमा म ज्यादै खुसी छु । यी दुवै कुमारहरू को हुनुहुन्छ त भनी सोध्नुभयो । ब्रह्मर्षि विश्वामित्रले ती दुवै कुमारहरू राजकुमारहरू भएको र ती दुवै महाराज दशरथका छोराहरू भएको कुरा बताउनु भयो । ती दुवैलाई अयोध्या नगरीबाट ल्याएको, दुवै शस्त्र विद्यामा एकदमै सिपालु भएको कुरा पनि सुनाउनु भयो । आफ्नो आश्रममा राक्षसहरूले दुःख दिएकाले ती राक्षसहरूलाई समाप्त पार्न ती दुवैको सहयोग लिएको कुरा पनि सुनाउनु भयो । उनीहरूले मारिच, सुबाहु, ताडका आदिलाई मारेर आश्रममा परेको बाधा हटाइ दिएको कुरा पनि सुनाउनु भयो । दुवै राजकुमारहरू एकदमै शक्तिशाली र दुवै धनु विद्यामा योग्य भएको कुरा पनि बताउनुभयो ।

सम्राट दशरथका छोराहरूलाई बसोवासको विशेष प्रबन्ध गर्नुपर्ने कुरा महाराज जनकले बुझ्नुभयो । उनीहरूलाई दरबारको बगैंचामा बस्ने व्यवस्था मिलाइयो । ब्रह्मर्षि विश्वामित्र, राम, लक्ष्मण सबैजना त्यस पाहुना घरमा आनन्दसँग बस्न लागे ।

भोलिपल्टदेखि राजा जनकको दरबारमा यज्ञ शुरूभयो । यज्ञमा महाराज जनकले ऋषि, महर्षि, ब्रह्मर्षि आदि सबैलाई सम्मानसाथ राख्नुभयो । सबैले विधिपूर्वक यज्ञ सम्पन्न गराए । यज्ञ सम्पन्न भएपछि ब्रह्मर्षि विश्वामित्रले

वहाँको सुनाम धनु देखाइ दिन अनुरोध गर्नुभयो । महाराज जनक पनि त्यो धनु देखाउन तयार हुनुभयो । वहाँलाई रामले त्यो धनु उठाइदिनसके कति आनन्द हुन्थ्यो भन्ने कुरा मनमा लागेको थियो ।

त्यो धनु एउटा सन्दुसमा राखिएको थियो । चारजना पहलमानले बल्लतल्ल बोकेर ल्याए । एउटाले उठाउन त सम्भवै थिएन । त्यो सन्दुसलाई यज्ञ मण्डपमै ल्याइयो । ब्रह्मर्षि विश्वामित्रले त्यो सन्दुस देखाउँदै भन्नुभयो : "राजकुमारहरू ! त्यो सन्दुस खोलेर हेर्नुहोस् त । रामले सन्दुस खोल्नुभयो र हेर्नुभयो । धनु उठाउन पाउँछु कि भनी आज्ञा माग्नु भयो । ब्रह्मर्षि विश्वामित्र र महाराज जनकले एकैसाथ आशीर्वाद दिनुभयो । सभामा बसेका सबैजना एकटक लगाएर हेर्न लागे ।

हेर्दाहेर्दै रामचन्द्रले त्यो धनु उठाउनु भयो । सबैजना दङ्दास परे । सबैले ताली बजाए । रामको प्रशंसा गरे । राजा जनक ज्यादै खुसी हुनुभयो । वहाँ त्यही चाहनुहुन्थ्यो । वहाँलाई एउटा ठूलो समस्या समाधान भए झैं लाग्यो । आफ्नी एकमात्र छोरी सीताको विवाह रामसँग हुन लागेकोमा वहाँलाई खुसी लागेको थियो । ब्रह्मर्षि विश्वामित्र पनि दङ्दास हुनु भएको थियो । वहाँले महाराज जनकलाई महाराज दशरथलाई लिन पठाउन सम्झाउनु भयो ।

ब्रह्मर्षि विश्वामित्रको आज्ञा पाउनासाथ महाराज जनकले एउटा पत्र लेख्नुभयो । वहाँले तुरून्त एउटा मन्त्रीलाई रथमा राखेर अयोध्या पठाउनुभयो । तीन रात बाटामा बसेर मन्त्री अयोध्या पुगे । उनले महाराज दशरथसँग भेटी जनकपुरमा भएको सबै कुरा बताए । मिथिला नरेश महाराज जनकको पत्र महाराज दशरथलाई बुझाए । त्यसमा ब्रह्मर्षि विश्वामित्रको पत्र पनि थियो ।

पत्र पाउनासाथ महाराज दशरथ दङ्ग पर्नुभयो । यो शुभ समाचार सबभन्दा पहिले आफ्नी महारानीहरूलाई सुनाउनु भयो । त्यसपछि सबै मन्त्रीहरूलाई बोलाउनु भयो र त्यो शुभ समाचार सुनाउनु भयो । वहाँले मिथिला तर्फ प्रस्थान गर्ने बन्दोबस्त मिलाउनु भयो ।

सबै बन्दोबस्त मिलाएर महाराज दशरथ आफ्ना मन्त्रीहरूलाई लिई जनकपुर तर्फ लाग्नु भयो । ठाउँ ठाउँमा बास बस्दै जनकपूर पुग्नुभयो । जनकपुर पुग्नासाथ सबै राजकुमारहरूको विवाह सम्पन्न भयो । रामको विवाह महाराज जनककी जेठी छोरी सीतासँग भयो महाराज जनककी अर्की छोरी थिइन्। उनको विवाह लक्ष्मणसँग सम्पन्न भयो। उनको नाम उर्मिला थियो। त्यस्तै महाराज


जनकका भाइ कुशध्वजका दुई छोरीहरू थिए । उनीहरूको विवाह राजकुमार भरत र शत्रुघ्नसँग सम्पन्न भयो । राजकुमार भरतको विवाह राजकुमारी माण्डवीसँग सम्पन्न भयो भने राजकुमार शत्रुघ्नको विवाह राजकुमारी श्रुतकीर्तिसँग भएको थियो। राजा दशरथ ज्यादै खुसी हुनुभयो । विवाह सम्पन्न गरेर अयोध्या फर्कने तर्फ लाग्नुभयो । वहाँ यो विवाहको बयान गर्न मै आतुर हुनुहुन्थ्यो । महारानीहरूलाई विवाहको बयान गर्न नै छटपटिनु भएको थियो । महाराज दशरथलाई कहिले अयोध्या पुगुँला भने झैं भएको थियो । वहाँ यात्राका दिनहरू गन्दै हुनुहुन्थ्यो ।

राम र परशुरामको भेट

महाराज दशरथ जनकपुरबाट विदा हुनुभयो । जनकपुरबाट धुमधामसँग रथयात्रा चलेको थियो । एउटा ठूलो समूह महाराज दशरथको साथमा थियो । सबभन्दा अगाडि केही सैनिकहरू थिए । बीचमा महाराज दशरथ हुनुहुन्थ्यो । राम, भरत, लक्ष्मण र शत्रुघ्न, सीता, श्रृतकीर्ति, उर्मिला, र माण्डवी सबै आ-आफ्नै रथमा थिए । पछाडि पनि सैनिकहरू नै थिए । उनीहरू बाजागाजासाथ रमाइलो गर्दै फर्कंदै थिए ।

यस्तैमा बाटामा परशुराम भेटिए । परशुरामको कथा अर्कै थियो । परशुराम ऋषि जमदग्निका छोरा थिए । ऋषि जमदग्निलाई केही क्षत्रीहरूले विनाकारण मारेका थिए । त्यसैले बदला लिन हिँडेका थिए । सयौंलाई व्यर्थमै मारे । जो शूरो र बलवान् छ भन्ने सुनिन्थ्यो, यिनी त्यसैलाई आक्रमण गर्दथे । केही समय पहिले कश्यप ऋषिले संझाएपछि यिनी केही शान्त भएका थिए । हिमालय पर्वतमा तपश्या गर्छु भनी हिँडेका थिए । यिनले रामको बहादुरी बारे पनि चाल पाए । त्यसैले रामको शेखी तोड्छु भनी बाटो ढुकेर बसेका थिए ।

परशुरामसँग भेट भयो । सबैजना डरले सतर्क भए । रामचन्द्रतर्फ फर्केर परशुरामले भने : "ए, फुच्चे ! राजा जनकको सुनाम धनु भाँच्ने तँ नै हो । ल हेरूँ त, यसलाई चलाउन्न सक्छस् कि सक्दैनस् । सकिनस् भने तैंले मसँग लड्नुपर्नेछ ।" परशुरामको कुरा सुनेर रामले ज्यादै नम्र भएर भन्नुभयो : परशुरामज्ञी ! रिसको कारणले तपाईंले धेरै नराम्रा कामहरू गरि सक्नुभएको छ । त्यसमा तपाईंको दोष छैन । तपाईंलाई त्यस बखत त्यस्तै आपत परेको थियो । समयले त्यस्तै पाऱ्यो । तपाईं त्यो धनु दिनुहोस् । म प्रयास गर्दछु ।" रामचन्द्रले परशुरामसँग धनु लिनुभयो । वहाँले त्यसमा पनि धनु चढाउनुभयो । यो देख्नासाथ परशुराम दङ्ग पर्नुभयो । वहाँको मोह भङ्ग भयो । वहाँ




एकाएक शान्त हुनुभयो र भन्नुभयो : "राम ! मैले तपाईलाई चिनें, अब ममा भएको शक्ति पनि तपाईंमा सरोस् । सूर्य अस्ताउनुभन्दा पहिले म महेन्द्र पर्वतमा पुग्नसकूँ । मलाई यति शक्ति दिनुहोस् । ऋषि कश्यपसँग मैले यही वाचा गरेको छु । महेन्द्र पर्वत बाहेक अन्त कतै नबस्ने प्रतिज्ञा गरेको छु । म त्यो पहाडभन्दा अरू ठाउँमा कतै पनि बस्दिनँ ।" यति भनेर परशुराम रामसँग बिदा भएर आफ्नो बाटो लाग्नुभयो ।

महाराज दशरथ त बेहोस जस्तै हुनु भएको थियो । परशुराम बिदा भएपछि बल्ल वहाँको होस खुल्यो । केही समय त महाराज दशरथले पनि भगवान् परशुरामसँग अनुनय-विनय गर्नुभयो । तर वहाँको केही लागेन । वास्तवमा परशुराम रामको परीक्षा लिन त्यहाँ आएका थिए । उनको उद्देश्य रामको शक्तिलाई चिन्नु थियो र आफ्नो शक्ति रामलाई बुझाउनु थियो ।

परशुराम आफ्नो बाटो लाग्नु भएपछि महाराज दशरथ सबैलाई साथमा लिएर आफ्नो यात्रामा लाग्नुभयो । बाटामा वहाँका प्रजाले विभिन्न प्रकारले स्वागत सत्कार गरे । बाटामा स्वागतद्वार बनाइएको थियो । विभिन्न ठाउँमा बस्दै आफ्ना प्रजाको स्वागत सद्भाव ग्रहण गर्दै वहाँहरू अयोध्या आइपुग्नु भयो । अयोध्या आइपुग्दा नगरका नगरबासीले भव्य स्वागत गरे ।

यता महाराजको दरवारमा पनि बिशेष चहलपहल थियो । विवाहको समयमा गर्नुपर्ने सारा काम कुरा चलिरहेको थियो । दरबार सिंगारिएको थियो । ढोकामा फूलका माला टाँगिएको थियो । दरबारलाई दुलही सिंगारिए झैं सिंगारिएको थियो । जनताले चढाएको सौगातले आँगन भरिएको थियो । यस्तो रमाइलो वातावरण रामचन्द्र र अरू राजकुमारहरू जन्मिएको बेलामा मात्र देखिएको थियो ।

जन्ती दरबार आइपुग्यो । महाराज दशरथका रानीहरूले दुलही भित्र्याए । महाराज दशरथ पाहुनासँग भेटघाट गर्नमा नै व्यस्त हुनुहुन्थ्यो । अयोध्याका विशेष खाले व्यक्तिहरू, सन्त, महन्त, साधु, विद्वान्, ऋषि, महर्षि, राजर्षि, ब्रह्मर्षि सबैलाई दशरथको सम्मानको कतै कुनै कमी थिएन । महाराज दशरथको राज्यमा अझै बढी सु:ख सुविधा थपिएको थियो । त्यसैले महाराज ज्यादै खुसी हुनुभएको थियो । विवाह सम्पन भएको केही समयपछि राम, लक्ष्मण अयोध्यामै बसे भने भरत र शत्रुघ्न मामाघर तर्फ लागे । यसरी सबैजना सुखपूर्वक बस्न


अयोध्या काण्ड

अयोध्या काण्डको सारांश

कोशल राज्यमा सुख शान्ति थियो । राज्यमा सुशासन कायम थियो । सबै मानिस पौरखी परिश्रमी थिए । कुनै कुराको कमी थिएन ।

महाराज दशरथले आफू बूढो भएको अनुभव गर्नुभयो । आफ्नो राजपाट आफ्नै छोरा रामलाई सुम्पेर आफू वानप्रस्थ तर्फ लाग्ने विचार गर्नुभयो । आफ्नो गुरु, पुरोहित मन्त्री आदि सबैसँग सर-सल्लाह गर्नुभयो । सबैको सुझाव अनुसार रामलाई राजा बनाउने निर्णय गर्नुभयो । राज्याभिषेकको लागि घोषणा भयो ।

देशमा यसबारे कुरा हुन थाल्यो । दरबारमा सबैले यो कुरा चाल पाए । कैकेयीकी सेविका मन्थराले पनि यो कुरा चालपाई । यस बारेमा उसले महारानी कैकेयीलाई सोधी । कैकेयीलाई भने केही अत्तोपत्तो नै थिएन । उनी सिंगार पटारमै व्यस्त हुन्थिन् । अरु कुरामा चासो लिने खालकी थिइनन् । मन्थरा भने ज्यादै चलाख थिई । उसले कैकेयीलाई उक्साई । महाराजले आफूले दिएको दुइटा वरदान पूरा गर्न पर्ला भनेर थाहा नदिएको भन्दै कैकेयीलाई जगाई ।

मन्थराको कुरा सुनेर महारानी कैकेयी रिसले चूर भएकी थिइन् । यस्तैमा महाराज दशरथ त्यहाँ आइपुग्नुभयो । कैकेयीले महाराज आएकोमा वास्तै गरिनन् । उनी रिसाएको बारे बुझ्दा उनले आफूले पाएको वरदानको वेवास्ता गरेको बारे बताइन् । महाराजले आफूले दिएको दुवै वरदान पूरा गरिदिने वचन दिनुभयो । कैकेयीले रामलाई चौध वर्ष वनबास र भरतलाई राजा बनाउनुपर्ने कुरा पो उठाइन् । महाराज दशरथ छाँगाबाट खसेजस्तै हुनुभयो । वहाँ बिलखबन्दमा पर्नुभयो । कैकेयीलाई सम्झाउने प्रयास गर्नुभयो तर केही लागेन । त्यस्ती एकोहोरी ! त्यस्ती जङ्गली स्वभावकी ! त्यस्ती ढिपिवाललाई कसले संझाउन

सक्ने ? उनले आफ्नो लिडेढिपि छाड्दै छाडिनन् । महाराज दशरथ वेहोश जस्तै हुनुभयो । वहाँलाई न त भोक लाग्दथ्यो न त निद्रा ।

राज्यभिषेकको लागि सबै कुरा पूरा भएको थियो । भोलिको शुभ-साइतमा राज्यभिषेक अर्को नयाँ दिन पनि आयो । सबै उठे । आ-आफ्नो काममा लागे । तर महाराज दशरथ आफ्नो ओछयानबाट उठ्नसक्नु भएन । राजकुमार राम वुवालाई प्रणाम गर्न आउनुभयो । महाराज त बोल्नैसक्नुभएन । महारानी कैकेयीले सबै कुरा वताइन् । भगवान् राम मुसुक्क मुस्कुराउनु भयो । त्यसलाई वहाँले एउटा मामुली कुरा मान्नुभयो । वहाँ सहर्ष वन जान तयार हुनुभयो । राज्यभिषेकको काम रोकियो । यो खबर दरबारमा फैलियो विस्तारै अयोध्या शहरमा पनि फैलियो आफ्नो भेष बदलेर वहाँले आफ्नी आमा कौशल्यालाई यसवारे बताउनु भयो । आफ्नी आमालाई हरतरहले संझाउनु भयो । यस्तो अवस्थामा पनि आफ्नो छोरामा साहस र धैर्य झनै बढेको अनुभव गरेर महारानी कौशल्याले सबैलाई शुभ-आशिस दिएर त्यहाँबाट विदा गर्नुभयो । राम, लक्ष्मण र सीता दरबारबाट निस्कन लाग्दा महाराज दशरथ मुर्छा पर्नुभयो । वहाँ मुर्छाबाट विउझेपछि सम्झाई बुझाई सबैजना दरबारबाट निस्किए ।

राम अयोध्या शहरबाट निस्कनु भयो । शहरका धेरैजना वहाँकै पछिलागे । वहाँले सम्झाइ, बुझाई धेरैलाई त फर्काउनु भयो तर केही बुढाबुढी साधु सन्त आदिले त मान्दै मानेनन् । दिन बित्यो । रात त्यही सरयु नदीकै किनारमा बिताउनु भयो । भोलिपल्ट सबैलाई छलेर नदीको किनारै किनार पश्चिम तर्फ लाग्नुभयो ।

भोलिपल्ट गुहराज निषादको राज्यमा बास पऱ्यो । गुहराजले हुनसम्मको स्वागत गर्नुभयो । चौध वर्षसम्म त्यही राज्यमा बस्न अनुरोध गर्नुभयो तर रामले त्यसो गर्न मान्नुभएन । व्रत पालनाको लागि हिंडेकोले त्यसो गर्नु उचित नहुने कुरा बताउनुभयो । सरयु नदी तर्न लाग्दा सुमन्त्रले विदा गर्नुभयो । यतिखेर कोशल राज्यमा सुमन्त्र जस्ता बुद्धिमान् व्यक्तिको खाँचो अझै बढेको बारे सुमन्त्रलाई बताउनुभयो । सुमन्त्र गह्रौ मन लिएर अयोध्या तर्फ लागे । साँझपख उनी अयोध्या आइपुगे । सुमन्त्रलाई देख्नासाथ सबैको आँखा चनाखा भए । शहरको भीडले उनलाई दरबारको ढोकै अगाडि

रोक्यो । अयोध्यावासीले सोद्धा सबैजना सरयुपारि पुगेको त्यसपछिको कुरा आफूलाई थाहा नभएको बताएर उनी दरवारभित्र पसे । त्यस बखत दरबार सुनसान थियो । त्यहाँ कुनै कुराको चहलपहल थिएन ।

छोराको पीरले महाराज दशरथको मृत्यु भयो । त्यस बखत महाराज दशरथका कुनै पनि छोराहरु त्यहाँ थिएनन् । केही दिनपछि भरत र शत्रुघ्नलाई मावलीबाट ल्याइयो । सबै कुरा थाहा भएपछि भरत आफ्नी आमा कैकेयीसँग आगो भए । उनले अयोध्याको राजगद्दीमा कहिल्यै नबस्ने घोषणा गरे । सबैले राजकुमार भरतको प्रशंसा गरे । भरत र शुत्रुघ्न आफ्नो बुबाको काज किरियामा लागे ।

काज किरिया समाप्त भयो । भरत रामको खोजीमा हिंडे । वहाँकोसाथमा धेरै थिए । वाटो देखाउनेमा त मन्त्री सुमन्त्र नै थिए । साथमा माता कौशल्या र सुमित्रा पनि हुनुहुन्थ्यो । त्यो रातको वास गुहराजकै राज्यमा पऱ्यो । गुहराजसँग भेटघाट भयो । गुहराजको शङ्का निवारण गरेपछि वहाँले भरतको प्रशंसा गर्नुभयो । वहाँकै सहयोगले भोलिपल्ट सबैजना सरयुपारि पुगे । केही दिनको यात्रापछि उनीहरु चित्रकुट पुगे ।

चित्रकुटको फेदीमा एउटा ठूलो लावालस्कर थियो । त्यो देखेर लक्ष्मण त्यसै झस्किए । कतै दुश्मन पो आएको हो कि ? यस्तै भानभयो । लक्ष्मणलाई । भगवान् रामले उनलाई संझाउनु भयो । बुझ्दै जाँदा भरत त लिन पो आएका रहेछन् । भरतले आफू अयोध्यामा कहिल्यै नबस्ने कुरा प्रतिज्ञै गरेको बारे स्पष्ट पारे । बरु रामको सट्टा आफू वनमा बस्ने कुरा सबैलाई बताए । तर भरतको केही लागेन । राम आफ्नो कवोल पूरा नगरी नफर्कने नै भए । रामको निर्णय सुनेपछि भरत त्यहीं आत्महत्या गर्न तयार भए । ब्रह्मर्षि वशिष्ठले रामको यथार्थ अवस्था स्पष्ट पारेपछि राजकुमार भरत अयोध्या फर्कन तयार भए तर उनी राजगद्दीमा वस्ने भने तयार भएनन् । उनले भगवान् रामको खराउलाई (एक प्रकारको काठको जुत्ता) राजगद्दीमा राखे र राज्यको उत्तराधिकारी बनेर काम गर्न तयार भए । यो निर्णयपछि सबै कुराको बन्दोवस्त मिलाई त्यहाँ पुगेका सबै आ-आफ्नो राज्य तर्फ लागे ।

महाराज दशरथको चाहना

लामो समयसम्म राज्य गरिसकेपछि महाराज दशरथलाई राज्यबाट छुट्टिलिन मनलाग्यो । वहाँलाई आफू बूढो भएको अनुभव भयो । राजकाज त्यागेर वानप्रस्थ तर्फ लाग्ने इच्छा भयो । धेरैबेर सोचविचार गरिसकेपछि महाराज दशरथले आफ्नो जेठो छोरा रामलाई राजा बनाउने निर्णय गर्नुभयो ।

आफ्ना छोराहरू सबै नै योग्य र शक्तिशाली भएको अनुभव महाराजलाई थियो । सबैमा एउटा एउटा विशेष खालको गुण भएको अनुभव पनि वहाँलाई थियो । त्यसैले आफ्नो राज्यमा अब कसैले केही गर्न नसक्ने कुराको निश्चय वहाँले गर्नुभएको थियो । ती सबैमा पनि रामचन्द्रमा विशेष गुण भएको अनुभव महाराज दशरथलाई थियो । बल, बुद्धि, धैर्य, सबै कुरामा रामलाई जित्न सक्ने कोही थिएन । त्यसैले महाराज दशरथ रामलाई नै राजा बनाउनु पर्छ भन्ने निर्णयमा पुग्नु भएको थियो । सबैको सल्लाह सुझाव अनुसार रामलाई राजा बनाउने निधो भयो ।

यता रामचन्द्र रात दिन महाराज दशरथको सहायक भई काम गर्दै थिए । रामको जनतासँग पनि राम्रो सम्पर्क भइसकेको थियो । रामसँग सबै खुसी थिए । रामले महाराजको सहायक भई काम गर्न थालेपछि राज्यमा धन सम्पति बढेको थियो । जनता सुखी भएका थिए । राम बेइमानका शत्रु बनेका थिए । चोरको लागि यमराज जस्तै थिए । परिश्रमीलाई सहयोग गर्दथे । इमान्दार र मिहेनतीलाई प्रोत्साहन दिन्थे । धर्ममा मन लगाउँथे । अरूलाई दुःख दिने पापी र बद्मासहरूलाई समयमै सजाय दिन्थे । सजाय दिंदा निरपराध चाहिँ पर्ला कि भन्ने डरले गर्दा समयमै होशियार बन्दथे । त्यसैले कोशलका सारा जनता खुसी थिए । सज्जनले रामको प्रशंसा गर्दथे । बेइमान र बदमास त्यहाँबाट भाग्दथे । त्यसैले राम नै राजा बन्नुपर्छ भनी सबै उनकै प्रशंसा गर्दथे ।



राज्यको सबै कुरा बुझेर महाराज दशरथले पनि रामलाई नै राजा बनाउने सुर गर्नुभयो । एक दिनको कुरा हो । महाराज दशरथले आफ्नो मन्त्री सुमन्त्रलाई बोलाउनुभयो र आफ्नो मनको इच्छा बताउनुभयो । महाराज दशरथको इच्छा अनुसार सुमन्त्रले पनि ब्रह्मर्षि वशिष्ठ, ब्रह्मर्षि विश्वामित्र, ऋषि, महर्षि, साधु, सन्त, विद्वान्, बुद्धिजीवी सबैलाई सोध्न अनुरोध गरे । महाराजलाई सुमन्त्रको सुझाव एकदमै ठीक लाग्यो । वहाँले सबभन्दा पहिला आफ्ना कुल गुरु वशिष्ठलाई बोलाउनुभयो । ब्रह्मर्षि वशिष्ठले केही समय सोच्नुभयो । वहाँले केही समय ध्यान दृष्टिले हेर्नुभयो र मुस्कुराउँदै भन्नुभयो : "महाराज ! अब सभासद्हरूलाई बोलाउनोस् र आफ्नो मनमा लागेका कुरा भन्नुहोस् । महाराज दशरथले पनि आफ्ना कुल गुरुको आदेश अनुसार भोलिपल्ट सबै सभासद्हरूलाई बोलाउनुभयो ।"

भोलिपल्टको कुरा हो । सबै सभासद्हरू राजमहलमा जम्मा भए । महाराज दशरथ ठीक समयमा सभामा आउनुभयो । वहाँले सबै सभासद्लाई सम्बोधन गर्दै भन्नुभयो : "सभासद्हरू ! मैले लामो समयसम्म राज्य गरेको कुरा

यहाँहरू सबैलाई थाहै छ । अब म बूढो भएँ । मैले आफ्नो बुद्धि-बर्कतले भ्याएसम्म प्रजा पालन गरेँ । प्रजा पालनमा कुनै प्रकारको कमी आउन पनि दिइनँ । अब बूढो भएको हुनाले म आफ्नो राज्य आफ्नो सुयोग्य छोरा रामलाई जिम्मा लगाउन चाहन्छु । राम गुणी पराक्रमी भएकाले उसले प्रजापालनमा कुनै कमी आउन नदिने कुरा पनि विश्वास दिलाउन चाहन्छु ।" महाराज दशरथको यो घोषणा सबैलाई ठीक लाग्यो । सबैले महाराजको प्रशंसा गरे । राम जस्तो राजा पाएकोमा सबै दङ्गदास भए ।

महाराज दशरथले रामको राज्याभिषेकको शुभ साइत निकाल्न कुल गुरु वशिष्ठ र गुरु वामदेवलाई भन्नुभयो । दुवैले आ-आफ्नो धार्मिक पात्रो पल्टाए । चैत्र महिना नै उत्तम समय भएकाले त्यसै सयममा राज्याभिषेक सम्पन्न गर्नुपर्ने कुरा बताए । दरबारमा विशेष चहल-पहल शुरुभयो । यो खबर एक कान दुई कान मैदान हुँदै अयोध्या शहरभरि फैलियो । शहरमा होओस् अथवा गाउँमा, महलमा होओस् अथवा छाप्रामा सबैतिर यसैबारे कुरा चल्न थाल्यो । लोग्नेमानिस होऊन् अथवा स्वास्नीमानिस सबै यसैबारे कुरा गर्न लागे । बच्चादेखि बूढासम्म सबै यसैबारे कुरा गर्दथे ।

यता राज्यमा विशेष प्रबन्ध हुनलाग्यो । सडक सफा गर्न लागियो । मन्दिर सजाउन थालियो । घर घरमा लिप-पोत शुरुभयो । सबै मानिस आ-आफ्नो काममा व्यस्त भए । सबैतिर काम थपियो । सबैतिर खुसीयाली छाए झैं लाग्दथ्यो ।

मन्थरा र कैकेयी


यता राज्यमा रामको राज्याभिषेकको तयारी चल्दै थियो । राज्यमा चहल पहल बढेको थियो । दरबारमा पनि विशेष खलबल थियो । महारानी कैकेयी आफ्नै धुनमा थिइन् । उनलाई दरबारमा के भइरहेछ त्यसबारेमा केही थाहा थिएन । उनी आफ्नै कोठामा थिइन् । सिंगार पटारमा मस्त थिइन् । उनी आफू कसरी राम्री देखिने त्यसैमा लागिपरेकी थिइन् । यसरी नै उनी महाराजलाई रिझाउँथिन् । महाराज दशरथ पनि कैकेयीको सौन्दर्यमा दङ्ग पर्दै आएका थिए । महाराज दशरथ अरू रानीहरूलाई भन्दा कैकेयीलाई नै बढी मन पराउँथे ।

मन्थरा कैकेयीकै सेविका थिई । ऊ अलि इर्ष्यालु र डाहाडे स्वभावकी थिई । बेला बखत कैकेयीलाई जगाउने काम उसैले गर्दथी । कैकेयी सोझी त थिइन् तर अरूले उचालेपछि उचालिने मूर्ख स्वभावकी थिइन् । उनी अलि एकोहोरी र आफूले चाहेको कुरा नछाड्ने आफूले भनेपछि त्यो कुरा पूरै गरेर छाड्ने खालकी थिइन् । त्यसैले उनलाई कसरी जगाउनुपर्छ र एकोहोरो बनाउनुपर्छ भन्ने कुरा मन्थरालाई थाहा थियो । ऊ बेला बखत आफ्नो मन्त्र प्रयोग गर्थी र दरबारमा समस्या खडा गरिदिन्थी ।

यसपटक पनि यस्तै भयो । मन्थराले सबै कुरा बुझेर आई । ऊ आउनासाथ महारानी कैकेयीले सोधिन् : "मन्थरा ! दरबारमा के को खैलाबैला हँ ?" अब मन्थरालाई मौका पऱ्यो । उसले कैकेयीलाई उकास्दै भनी : "महारानी ! तपाईंलाई त्यति पनि थाहा छैन र ?" "अहँ ! मलाई त केही थाहा छैन," कैकेयीले जवाफ दिइन् । अब मन्थराले मौका पाई । उसले कैकेयीलाई उकास्ने हिसाबले फुस्ल्याउँदै भनी : "हरे ! हजूर त कस्ती लाटी ! महाराजले पनि केही भन्नु भएन छ । कम से कम हजूरलाई सोध्नु त पर्ने ? ल भयो सोधेन छन्, खबर त गर्नुपर्ने,

कस्तो हेपेको त । तपाईलाई सोझी देखेर हेपेको बुझ्नुभयो । अब त्यस्तो सोझो नबन्नोस् । महाराजले त राज्य छाडिसक्नुभयो । वहाँले आफ्नो राज्य युवराज रामलाई सुम्पनु भयो । अब त राज्याभिषेकको तयारी पो हुँदै छ त ।" मन्थराको कुरा सुनेर महारानी कैकेयी दङ्ग परिन् । खुसीसाथ ठीकै त भयो नि भन्दै दङ्ग परिन् । पहिले त महारानी कैकेयीलाई यो खबर केही जस्तो पनि लागेन ।

यता मन्थरा उक्साउन लागी । उसले भनी : "महारानी ! अब त हजूरको सुख सौभाग्य सबै समाप्त भएन र ? अब राम पो राजा बन्ने भए । भरतको के काम भयो त ? भरत त्यसै लगारिएनन् र ? यो राम्रो भो त । तपाईंले पनि त महाराजलाई बचाउनु भएको छ । त्यत्रो लडाईंमा परेको बेला हजूरले मात्रै कम गरेको हो र ? वरदान पनि पाउनु भएको छ । खै त के काम लाग्यो त त्यो वरदान ? त्यसै खेर फाल्ने भए किन चाहियो त्यस्तो वरदान ?" मन्थराका कुराले कैकेयीलाई कता कता छोए जस्तो भयो । आखिर आफ्नो सौभाग्य किन नखोज्ने भन्ने पनि उनको मनमा लाग्यो । मनमा भएको खराब भावना बढ्दै गयो । उनी



आफूले पाएको वरदान पूरा गराउने सुरमा पुगिन् । उनी आफ्नो छोरा भरतलाई राजगद्दी र रामलाई चौध वर्षको वनबासको कुरा गरेर आफ्नो वरदान पूरा गर्ने सुरमा लागिन् । मन्थरा बेलाबखत यसरी नै उक्साउँथी । उसको त बानी नै त्यस्तो थियो ।

यस्तैमा झण्डै झण्डै साँझ पर्न लागेको थियो । महाराज दशरथ महारानी कैकेयीलाई भेट्न आउनुभयो । कैकेयी पहिल्यैदेखि झोक्राएर बसेकी थिइन् । उनले महाराजलाई देखे पनि नदेखे जस्तो गरिन् । महाराज आइपुगेको चाल पाएर पनि चाल नपाए झैं गरिन् । महाराज दशरथले उनको छाँटकाट बुझ्नै सक्नु भएन । महारानी कैकेयी रिसाएको रिसाएकै थिइन् । त्यसैले महाराजले उनलाई खुसी पार्न जे मागे पनि दिने वचन दिनुभयो । कैकेयीले आफ्नो पुरानो वरदान बारे संझाइन् । महाराजले त्यो पूरा गरिदिने वचन दिनुभयो । कैकेयीले त्यसै बखत रामलाई चौध वर्षको वनबास र भरतलाई राजगद्दीको प्रस्ताव राखिन् ।

कैकेयीको कुरा सुन्नासाथ महाराज दशरथ दरबारको छानाबाट भुईंमा बजारिए झैं हुनुभयो । वहाँलाई एउटा ठूलो प्रहार बज्रिए झैं लाग्यो । यस्तो कुरा कैकेयीको मुखबाट निस्केला भन्ने त सपनामा पनि चिताएका थिएनन् । एक्कासी निधारमा चिटचिट पसिना आयो । उनको मन कता कता दौडियो । एक्कासी लडेर मूर्छा पर्लान् भने झैं भयो । उठूँ, उठ्नै नसक्ने, बसुँ बस्नै नसक्ने भने झैं भयो । के गरौं, कसो गरौं भनी त्यसै छटपटिए । उनले रानी कैकेयीलाई तँलाई धिक्कार छ, तँलाई धिक्कार छ भनी धेरैपटक त्यही शब्द दोहोऱ्याए । उनी एकाएक बेहोश भए ।

महारानी कैकेयीले महाराजलाई मूर्छाबाट बिउँझाउने प्रयास गरिन् । उनी अलि हडबडाइन् । आखिर मन्थराकै सहयोगले धेरै प्रयास गरेपछि महाराजलाई होशमा ल्याउन सफल भइन् । महाराज बिस्तारै होशमा आए । पूरा होशमा आएपछि महाराज भगवान्को नाम जप्न लाग्नुभयो । धेरैबेरपछि वहाँले महारानीलाई सम्झाउनु भयो र भन्नुभयो : "महारानी कैकेयी ! रामले तिमीलाई आफ्नी आमालाई भन्दा पनि बढी माया गरेको छ । ऊ तिम्रो लागि जे जस्तो सेवा गर्न पनि तयार छ । अहिलेसम्म पनि तिमीले आफ्नै छोरा जस्तो मान्यौं । यतिखेर, यस्तो बेलामा किन यस्तो कुविचार आयो । किन यस्तो सोचेकी ? के

भयो तिमीलाई ? अरू जे माग्छ्यौं, भन । यस्तो नगर" यसरी महाराज दशरथले बारम्बार संझाउनु भयो तर कैकेयीको मन बदलिएन । उनले आफ्नो हठ छाडिनन् ।

महाराज दशरथलाई झनै पीर पऱ्यो । रात बित्यो, बल्लतल्ल बिहानको नित्यकर्म सके । उनी एक्लै टोलाउन लागे । कतै जाने मन पनि भएन । कसैलाई भन्ने होश पनि आएन । राज्यमा के भइरहेछ ? दरबारमा के भइरहेछ त्यसको पनि पत्तै भएन । महाराज एक प्रकारले बौलाहा जस्तै बने । उनी कैकेयीकै कोठामा बसेर भगवान्को नाम लिंदै एक्लै झोक्राउन लागे ।

राम वनबास

यता दरबार बाहिर भने अर्कै चहल-पहल थियो । राज्याभिषेकको पूरा तयारी भएको थियो । सबै कुरा ठीकठाक थियो । मानिस बाटामा लाम लागेका थिए । दरबार वरपर मानिसको घुइँचो थियो । रामको राज्याभिषेकपछि राम मन्दिर तर्फ लाग्ने बाटामा मानिसको ओइरो लागेको थियो । गुरु वशिष्ठ मन्त्री सुमन्त्रलाई अगाडि लगाएर अभिषेकका सारा सामान लिएर दरबार पस्नुभयो । अब चाडै नै समारोह सकिन्छ भन्ने कुरा सबको मनमा लागेको थियो ।


साइतको समय आउनै लागेको थियो । शुभ मुहुर्तको समयमा पनि महाराजलाई यज्ञमा नदेखेर गुरु वशिष्ठले सुमन्त्रलाई महाराजलाई लिएर आउन अराउनुभयो । सुमन्त्र दरबार भित्र गए । उनी महाराज भएको ठाउँमा पुगे । महाराजलाई ज्यादै अस्वस्थ अवस्थामा देखेर सुमन्त्र अलि अलमलमा परे । केही भन्न सकेनन् । यस्तैमा कैकेयीले महाराजलाई आराम नभएको बताइन् र रामलाई त्यहाँ पठाइदिन भनिन् । सुमन्त्र तत्काल रामको खोजीमा निस्के ।

सुमन्त्रले युवराज रामलाई भेटे । उनले महारानी कैकेयीको निवासमा गएर महाराजलाई भेट्न युवराजलाई खबर गरे । राम तुरुन्त त्यसतर्फ लागे । महाराज दशरथलाई भेटेर रामले भने : "बुबाज्यू आज्ञा होओस् ।" महाराज दशरथ बोल्नसक्ने अवस्थामा हुनुहुन्नथ्यो । त्यसैबेला रामले महारानी कैकेयी तर्फ फर्केर सोधे । कैकेयीले महाराजले दिन्छु भनी कबोल गरेको दुई वरदान मागेको त्यसमा एउटा रामलाई चौध वर्षको वनबास र भरतलाई राजगद्दीको कुरा गरेको भनी सुनाइन् । त्यसैले महाराजलाई यस्तो भएको भन्ने पनि बुझाइन् । यता रामले भने यो कुरा सुन्नासाथ यस्तो जाबो कुरा भनी एकदमै खुसी भएर स्वीकारे । राम वन जान तयार भए । दरबारमा खबर गरियो । राज्याभिषेकको काम स्थगित भयो । अब बिस्तारै दरबारमा वनबासको हल्ला फैलियो । सबैको

ओठ-मुख सुक्यो । कोही पनि खुलेर बोल्न नसक्ने भयो । केही समय अगाडिसम्मको खुशीयाली त्यसै बिलायो । महाराज त बेहोश जस्तै बने । दरबारभरि आश्चर्यको समाचार फैलियो । सबै छक्क परे । सबै दुःखी भए । यो खबर महारानी कौशल्यालाई कसैले भनेन ।

यता राम भने तयार हुँदै थिए । उनले फेरि ऋषि तपस्वीहरूको जस्तै कपडा लगाए । आमा कैकेयीलाई सम्झाउँदै भने : "आमा ! तपाईंको आदेश स्वीकार छ । तपाईंप्रति मेरो रीस राग केही छैन । म अब वनबास जान लागेँ । भरतलाई मामाघरबाट चाँडो बोलाउनोस् । तुरुन्त राज्याभिषेकको काम सम्पन्न होओस् । म एकदमै खुसी छु । म राजा हुनु र भाइ राजा हुनुमा केही फरक छैन । म एकदमै खुसी छु । यसमा कति पनि शङ्का नमान्नोस् ।"

रामका कुरा सुनेर महाराज दशरथलाई झनै पीर पऱ्यो ।



महाराजलाई के गरौं, कसो गरौं भने जस्तो भयो । यस्ता विद्वान् र सन्त महापुरुषलाई वनमा पठाउँदा झनै पाप लाग्ने हो कि भन्ने पनि भयो । महाराज सोच्दा सोच्दै बेहोश भए । उनी कैकेयीलाई त्यहाँबाट निकाल्न चाहन्थे तर त्यो पनि संभव भएन । उनी बोल्नै सकेनन् । मूर्छामै बरबराउन थाले ।

यता राम तपस्वी भेषमा आफ्नी आमा कौशल्यालाई भेट्न गए । त्यसबेलासम्म पनि महारानी कौशल्यालाई यसबारे केही अत्तोपत्तो थिएन । उनले रामलाई राज्याभिषेकको समय भयो, सबै कुरिरहेका होलान्, तिमी किन यता आएको भनी अँगालो मारिन् । उनले रामलाई यज्ञमा जाऊ भनी संझाइन् । यसै अवसरमा रामले अलि हाँस्दै आफ्नी आमालाई केही सम्झाउँदै बुझाउँदै जवाफ दिए । उनले भने : "आमा ! तपाईं कति पनि पीर नमान्नोस् । मलाई राज्याभिषेकभन्दा पनि अर्को ठूलो काम आइपऱ्यो । म त वनबास जान तयार भएँ । बुबाको आज्ञाले म वनबास जाँदै छु । म चाँडै फर्कन्छु । हजूर कति नआत्तिनोस् । भगवान्को नाम जपेर बस्नोस् ।"

रामको कुरा सुनेर कौशल्या छक्क परिन् । उनलाई ती सबै कुरा सपना जस्तै लाग्यो । उनले केही पनि बुझिनन् । दरबारमा के भयो, त्यो पनि पत्तै भएन । उनी अलि अत्तालिइन् र रामलाई फेरि सोधिन् : "होइन के कुरा गरेको यस्तो ? के भयो ? बुवाले के भन्नुभयो ?" रामले केही समय धैर्य धारण गरे । उनले केही पनि नभए जस्तै गरी आफ्नी आमालाई सम्झाउँदै भने : "आमा ! यो सामान्य कुरा हो । बुबाले मुमा कैकेयीलाई दुइटा वरदान दिनुभएको रहेछ, त्यो पनि पूरा गर्नुपऱ्यो । त्यसैले पो म वन जान लागेको त ? केही समय त हो नि । केही समयपछि त म फर्किहाल्छु ।" राम आफ्नी आमालाई सम्झाउँदै थिए । त्यसै बखत लक्ष्मण त्यहीं आइपुगे । उनले दरबारमा भएको हल्लाबाट राम वनमा जान लागेको चाल पाएका थिए । उनी माता कौशल्याको कोठामा पसे । माताको दर्शन गरे, आफ्ना प्यारा दाजु रामको दर्शन गरे र सुटुक्क एक छेउमा बसे ।

वास्तवमा कौशल्या एकदमै चिन्तित थिइन् । उनलाई ज्यादै ठूलो पीर परेको थियो । रामले जतिसुकै सम्झाए पनि उनको चित्त बुझेन । महाराजले किन यस्तो निर्णय गरे । यस्तो वरदान उनले कहिले र किन दिए, त्यसबारे पनि केही थाहा थिएन । फेरि वरदान किन यस्तो काममा आइपऱ्यो ? उनले केही पनि

बुझिनन् । उनले रामलाई सम्झाइन् । आफैं गएर यस्तो काम रोक्न आग्रह गर्ने कुरा वताइन् । यस्तैमा लक्ष्मणले पनि राम निर्दोष भएको र आफ्नो बावु वहुलाएको कुरा उठाए । लक्ष्मण यो कुरा सुनेदेखिनै एकदमै रिसाएका थिए । उनी पनि यस्तो काम नगर्न रामलाई उक्साउन लागे । नचाहिँदो कुरा नमान्दा पाप लाग्दैन भन्ने कुरा उठाए ।

यता राम आफ्नै निर्णयमा थिए । वावुले अराएको यस्तो काम गर्न पाउनु आफ्नो अहो भाग्य सम्झन्थे । उनी यो अवसर गुमाउन चाहँदैनथे । आफ्नी आमालाई सम्झाउँदै फेरि भने: "आमा ! यो सूर्यचन्द्र बद्लिएलान् तर मेरो बोली बदलिन्न । रामको अठोट बदलिन्न । सत्यमा चल्नु मेरो धर्म हो । केही समय वनमा बसेर त्यहाँको अवस्था मिलाएर आखिर म फर्किहाल्छु । म सँधै वनमा बस्ने पनि हैन । किन जिद्दी गर्नु भएको ? चित्त वुझाउनोस्, शान्त भएर वस्नुहोस् । तपाईंलाई कुनै दु:ख कष्ट हुने छैन ।"

त्यसपछि राम लक्ष्मण भएतर्फ फर्किए । उनले भने : "लक्ष्मण ! तिमी रिसाहा छौ । रिस राम्रो होइन । रिसले कसैलाई कहिल्यै उँभो लगाउँदैन । समस्या के हो बुझ्नुपर्छ, समाधान के हो खोज्नुपर्छ । रिसाएर के काम ? बुवाले मुमा कैकेयीलाई विवाह गरेर ल्याउँदा महाराज कैकेयसँग गरेको प्रतिज्ञा पनि त भुल्नु भएन नि ।" रामका कुरा सुनेपछि महारानी कौशल्या शान्त हुनुभयो । वहाँलाई रामको मन फर्काउन नसकिने कुरा स्पष्ट भयो । वहाँले चित्त बुझाउँदै भन्नुभयो : "राम तिमी वन जाने निर्णय गरेर आएका छौ । अब तिम्रो मन बदल्न सकिन्नँ । भगवान्ले तिम्रो रक्षा गरुन् । तिम्रो कल्याण होओस् यती भनी महारानी कौशल्याले आफ्नो प्यारो छोरालाई आफ्नो कर्तव्य पूरा गर्न वचन दिइन् र उनी शान्त भएर भगवान्को नाम जप्न लागिन् ।

लक्ष्मणको चित्त बुझेको थिएन । उनी अझै पनि विवाद गर्न चाहन्थे तर रामको अगाडि उनको पनि केही लागेन । एउटा भद्र र शान्त शिष्ट पुरुषको अगाडि कसको के लाग्ने ? राम सीतालाई भेट्न गए । सीता राज्याभिषेकको लागि तयार भएर बसेकी थिइन् । एक्कासी रामलाई तपस्वी भेषमा देख्दा उनी छक्क परिन् । यस्तै कपडा लगाउन पर्ने रहेछ कि भन्ने पनि लाग्यो । तर सत्य कुरा अर्कै थियो । त्यो कुरा त विचरा सीताले बुझेकै थिइनन् । रामले सबै कुराको बेलिविस्तार लगाए । उनी आफ्नो बुवाको आज्ञा पालन गर्दै धर्म रक्षाको

लागि वनबास जान लागेको कुरा सुनाए । वनमा घुम्नु फिर्नु अत्यन्त गाह्रो भएकोले सीतालाई दरबारमै बस्न भने । उनले सकेसम्म सीतालाई वनमा नलैजान खोजेका थिए । उनले पटक पटक संझाए । वनमा हुने बाघ भालु आदि हिंस्रक पशुहरूबाट हुन सक्ने समस्या देखाए । कसैगरी पनि सीताको चित्त बुझाउन सकेनन् । आखिर जे जसो भए पनि सीता सँगै जाने निर्णयमा पुगिन् । कसै गरे पनि रामले रोक्न सकेनन् ।

यस्तैमा लक्ष्मण पछिलागे । रामले लक्ष्मणलाई रोक्न खोजे तर उनको केही लागेन । आखिर रामले लक्ष्मणलाई पनि साथै लाने निर्णय गरे । तीनैजना तपस्वी भेषमा तयार भए । अब बुबाको अन्तिम दर्शनको लागि सबैजना महाराज दशरथको निवास तर्फ लागे ।

महाराज दशरथ चिन्तामा डुब्नु भएको थियो । के गरौं, कसो गरौं भइरहेको थियो । वहाँलाई दिनमा भोक पनि थिएन । रातमा निद्रा पनि थिएन । वहाँ श्रवणकुमार र उनका अन्धा बाबुको बारेमा संम्झन लाग्नुभयो । यस्तैमा राम, लक्ष्मण र सीता तीनैजना त्यहाँ आइपुगे । महाराजले तीनैजना महारानीहरूलाई त्यहीं बोलाउन मन्त्री सुमन्त्रलाई भन्नुभयो । वहाँलाई आफ्नो अन्तिम अवस्था आएको जस्तो लाग्यो । महाराज दशरथले सबैको मुखमा टुलुटुलु हेर्नुभयो । वहाँको हेराइले अब तिमीहरूलाई हेर्नु यत्तिकै हो भने जस्तो भान हुन्थ्यो । मन्त्री सुमन्त्र साथमै थिए । महाराजले सुमन्त्रलाई सबैलाई लिएर जान इसारा गर्नुभयो । वहाँको मुखबाट बोली फुटेन । चुपचाप एकाग्र भएर बस्नुभयो । बिस्तारै बेहोश हुनुभयो । होशमा ल्याउन पनि कसैलाई पत्तै भएन । राम, सीता र लक्ष्मण बाहेक सबैको होश-हवासै उडेको थियो । आखिर ती तीनै जना महाराजलाई होशमा ल्याउन लागि परे ।

महाराज दशरथ एकोहोरो बरबराउन लाग्नुभयो । वहाँ भन्दै हुनुहुन्थ्यो : "अन्तिम समयमा कैकेयीको मुखवाट यस्तो कुरा सोचेको पनि थिइनँ ।" रामले सम्झाउँदै भन्नुभयो : "बुबाज्यू ! यो दुःख मान्ने समय होइन । यसमा माता कैकेयीको केही दोष छैन । यो मेरो आफ्नै भाग्य हो । यसमा माता कैकेयीको पनि केही दोष छैन । यसबारे त मैले हजूरलाई बताइ राख्नु पर्ने होइन । यो मेरो आफ्नै भाग्य हो । यसमा बेखुसी हुनुपर्ने कुरा केही छैन । हजूर शान्त हुनुहोस् । धैर्य लिएर बस्नुहोस् । सज्जनहरू न सुखमा मात्तिन्छन्, न दुःखमा आत्तिन्छन् ।

त्यसैले मनलाई शान्त बनाउनोस् । आरामसँग वस्नोस् । कुनै प्रकारको चिन्ता नलिनोस् ।"

रामको यस्ता अमृत वचन सुनेर महाराज केही समय अलि शान्त बन्नुभयो । केही समयपछि फेरि रामले आफूहरू हिँड्न लागेको कुरा बताए । महाराज फेरि अत्तालिनुभयो । वहाँले सुमन्त्रलाई सबै व्यवस्था मिलाउन भन्नुभयो । सुमन्त्रले सबै व्यवस्था मिलाइएको कुरा बताएपछि दरवारबाट बिदावारी भई सबै आफ्नो बाटो लागे ।


अयोध्या शहरबाट बिदाइ

राम त वनबास तर्फ लाग्दै छन् । यस्तो हल्ला बिस्तार बिस्तारै शहरभरि फैलिएको थियो । त्यसैले दरबार वरपर मानिसको ओइरो लागेको थियो । जता पनि मानिस ! वास्तवमा अयोध्याका जनता रामलाई मनपराउँथे । राम नै राजा होऊन् भन्ने चाहन्थे । सबैजना महाराज रामको जय, महाराज रामको जय भनी जय मनाइरहेका थिए ।

रथ दरबारबाट निस्कियो । दरबारको ढोकासम्म त सबै आएका थिए । सबैको आँखामा आँसु थियो । हँसिलो अनुहार कतै थिएन । बच्चा बच्चालाई पनि अनौठो लाग्यो । महारानी कौशल्याले सीतालाई अँगालो मारिन् । सुख-दुःखमा साथै रहन मिलेर बाँच्न संभ्काइन् । सीताले पनि चन्द्रमासँग चाँदनी अलग हुन नसके जस्तै आफूपनि रामसँग अलग हुन नसक्ने कुरा बताइन् । जस्तो अवस्थामा पनि आफ्नो धर्म निर्वाह गर्ने कुरा बताइन् । हिँड्नै लागेको बेला बुबाको विशेष रेखदेख गर्न रामले आफ्नो आमालाई संम्भ्काए । "चौध वर्ष भनेको लामो समय होइन । चौध वर्ष तुरुन्त बित्छ । हजूर पीर नगर्नोस् । हामी फर्केपछि सबै साथै रहनेछौं । बुबालाई संभ्काउनोस्, चित्त बुभ्काएर बस्न भन्नुहोस् ।" यति भन्दै राम रथमा चढे । सबैले रुँदै रुँदै बिदा गरे । रथ अगाडि बढ्नासाथ अयोध्या शहरका बासिन्दाहरू रुन-कराउन चिच्याउन लागे । सबैजना रामको पछि लागे ।

अयोध्या शहरमा रामको धैर्यको प्रशंसा हुन लाग्यो । राजा बन्ने कुराले पनि उनलाई त्यस्तो बिशेष खुसी बनाएन । वनबास जान पर्दा पनि हाँसी-खुसी गए । उनको अनुहारमा दुःख भन्ने कुरा कति पनि देखिएन । राम सत्य हुन्, राम प्रेम हुन्, राम धैर्य हुन् । यस्ता महान् व्यक्तिलाई नपाउनु त हामी सबैको दुर्भाग्य हो । शहरमा सबै दुःखी थिए । सबै विरक्त थिए । सबैलाई केही गर्ने जाँगर थिएन, कयौं त रामसँगै वन जान चाहन्थे ।

सुमन्त्रले रथ अगाडि बढाए। जनताले रथ अगाडि नबढाउन आग्रह गरे। एउटा ठूलो लावालस्कर रथको पछाडि लाग्यो। हेर्दा अयोध्या शहरै खाली भएको छ कि भने झैं देखिन्थ्यो। मानिस रामको प्रशंसा गर्न लागे। यस्तैमा मानिसहरू महाराज दशरथको निन्दा गर्न लागे। यस्तैमा रथ अगाडि बढ्दै गयो। शहरको बीच भाग हुँदै रथ शहरको छेउमा पुग्यो। रामले आफ्नो पछाडि पछाडि आएका जनतालाई संभाउन थाले। रामले भने : "प्रजाहरू! म आफ्नो बाबुको धर्मको रक्षाको लागि जाँदै छु। तपाईंहरू दुःखी नबन्नोस्। दुःख मनमा लिंदैमा केही हुँदैन। जस्तो सुकै अवस्थामा पनि धैर्य धारण गर्नुपर्छ। राम्रो काममा लाग्नुपर्छ। म मेरो कर्तव्य पालना गर्दछु। म आफूले गर्नुपर्ने काममा लागेको छु। यसमा कसैको दोष छैन। तपाईहरू पनि आ-आफ्नो काममा लाग्नोस्। कर्तव्य सबभन्दा ठूलो कुरा हो।



कर्तव्यले नै हामी सबैलाई उँभो लगाउँछ ।" यसरी रामले बारम्बार संझाउनु भयो । सयौंले चित्त बुझाए । राम चौध वर्षपछि अयोध्या फर्कने विश्वास गरेर उनीहरू घर फर्किए ।

भीडमा केही बूढाहरू थिए । केही सज्जनहरू पनि थिए । ती सबै रामसँगै वन जान चाहन्थे । उनीहरू भगवान्सँग प्रार्थना गर्न लागे । रामलाई वनजानबाट रोकिदिन भगवान्हरूसँग बिन्तिभाउ गर्न लागे । उनीहरू त रथमा भएका घोडाहरूलाई पनि हाम्रो रामलाई किन बनमा लगेको भनी भन्न थाले । रामले यी बूढापाकाहरूको कुरा सुने । उनीहरूको पुकारा बुझे । रामले सुमन्त्रलाई रथ रोक्न भने । रथबाट ओर्लिए । सबैलाई लिएर जङ्गलको बाटो अगाडि बढे । केही समय हिँडेपछि तमसा नदीको किनारमा पुगे । त्यहाँ पुगेपछि सुमन्त्रले रथ खोले । घाँस पानी तर्फ घोडाहरू लागे । साँझ पर्न लाग्यो । त्यहीं तमसा नदीको किनारमा सबैलाई बस्न वसोबासको तयारी गरियो । वनबासको पहिलो रात त्यसै नदीको किनारमा नै बित्यो ।

भोलिपल्टको कुरा हो । राम बिहान सबेरै उठे । सुमन्त्र र लक्ष्मण पहिले नै उठिसकेका थिए । सीता पनि पहिले नै उठिसकेकी थिइन् । सबैले नित्य-कर्म पुरै नगरी रामले सुमन्त्रलाई भन्नुभयो : "सुमन्त्र ! यी सबै मेरै पछि लाग्छन् । सबैजना मलाई अयोध्या फर्काउन चाहन्छन् । जति संझाए पनि मानेनन् । त्यसैले रथ तयारी गर्नुहोस् । हामी सबै रथमा बसौं र पहिले अयोध्या तर्फ लागौं, अनि रथ मोडेर अर्कै बाटो तमासा नदीको तल्लो भागमा निस्कौं ।" सबैजना रथमा बसे । रथ अगाडि भनेजस्तै गरी अयोध्या तर्फ नै लगियो र फेरि रथ मोडेर अर्को बाटो गरी तमसा नदीको अर्को छेउमा पुऱ्याइयो । बिचरा बूढापाकाहरू । उनीहरू बिउँझँदा त जिल्लराम ! सबैजना निराश भए । उनीहरू त्यहाँबाट फर्किएर फेरि अयोध्या तर्फ लागे ।

गुहराजसँग रामको भेट

यता रामको रथ उज्यालो हुनु भन्दा पहिले नै धेरै पर पुगिसकेको थियो । थुप्रै साना तिना नदीहरू तर्दै उनीहरू दक्षिणतिर लागे । राम सुमन्त्रसँग कुराकानी गर्दै अगाडि बढ्नुभयो । सरयु नदीको किनार ज्यादै रमाइलो थियो, रामलाई त्यहाँ शिकार खेलेको याद आयो । अब त कहिले पो यो ठाउँमा शिकार खेल्न पाइने हो भनी सुमन्त्रलाई भन्नुभयो । सुमन्त्रलाई कस्तो कस्तो नमज्जा लाग्यो ।

सुमन्त्रले विषय बदले । उनले शिकार खेल्नु ठीक हो अथवा वेठीक भनी रामसँग सोधे । "शिकारमा पनि मर्यादा पालन हुनुपर्छ" रामले भन्नुभयो । वहाँले फेरि भन्नुभयो : "जथाभावी शिकारमा लाग्नु राम्रो होइन । हिंस्रक जनावरहरूलाई मारी अहिंस्रकलाई बचाउनु राम्रो हो । त्यसैले हामी शिकारमा जाँदा पनि होशियार हुनुपर्छ ।" यस्तै यस्तै कुराकानी हुँदै थियो । रथ कोशल राज्यको दक्षिणमा पुग्यो । बेलुका साँझ पर्ने समय पनि हुन लागेको थियो । रथ गङ्गा किनारै किनार अगाडि बढ्दै थियो । वातावरण एकदमै रमाइलो थियो । त्यो ठाउँ ज्यादै रमाइलो भएकोले रामलाई त्यो रात त्यहीं बिताउँ भने झैं लाग्यो ।

सुमन्त्रले घोडा छाडिदिए । घोडाहरू कलिलो घाँसमा चर्नलागे । त्यस इलाकाका इलाका प्रमुख थिए गुहराज । राम त्यसै तर्फ आउन लागेको खबर गुहराजलाई पहिले नै प्राप्त भएको थियो । राम लक्ष्मण र सीताको दर्शनको लागि गुहराज स-परिवार त्यहाँ आए । गुहराज रामलाई असाध्यै माया गर्दथे । त्यसैले उनी विभिन्न प्रकारका खाने कुरा पनि लिएर आएका थिए । गुहराजलाई त्यस तर्फ आइरहेको देखेर राम, लक्ष्मण पनि त्यसै तर्फ लागे । गुहराजसँग भेट भयो । भेट हुनासाथ सन्चो बिसन्चो सोधियो । सामान्य कुराकानी पछि आफूले ल्याएको सौगात चढाए । उनले हरतरहले रामको स्वागत गरे । त्यो राज्य पनि

अयोध्या नै हो, रामकै राज्य हो भनी बुझाए । चौध वर्षसम्म त्यसै राज्यमा बसिदिन रामसँग अनुरोध गरे । त्यसै अवसरमा रामले भन्नुभयो : "गुहराज ! तपाईंको श्रद्धा प्रेमबारे हामीलाई थाहा छ । तर अहिले म एक प्रकारको व्रत पालना गर्न हिँडेको छु । म तपश्याको लागि हिँडेको छु । यस्तो बेलामा के कस्तो गर्नुपर्छ भन्ने कुरा तपाईंले पनि बुझ्नुभएको छ । त्यसैले म उपयुक्त ठाउँको खोजीमा छु । म तपाईंबाट टाढा हुन्नँ । जहाँ गए पनि जहाँ भए पनि म तपाईंको भलाइको लागि तयार रहन्छु । तपाईं कत्ति पनि चिन्ता नगर्नोस् । म तपाईंसँगै भएको अनुभव गर्नुहोस् ।"

रामचन्द्रको कुरा सुनेर निषादराज गुह ज्यादै खुसी हुनुभयो । वहाँले सबैलाई आराम गर्ने व्यवस्था मिलाउनु भयो । घोडाहरूको लागि दाना पानीको प्रबन्ध पहिले नै भइसकेको थियो । त्यो रात गुहराज पनि लक्ष्मण र सुमन्त्रसँगै सुत्नुभयो । गुहले भन्नुभयो : "लक्ष्मण ! यो ठाउँमा कुनै समस्या छैन । मैले सबै सुरक्षा प्रबन्ध मिलाएको छु । केही डर मान्नु पर्दैन । त्यसैले कति चिन्ता नलिई सुत्नुहोस् ।"

निषादराज गुहका कुरा सुनेर लक्ष्मणले भने : "गुहराज ! तपाईंको कुरा त ठीकै छ तर म अर्कै चिन्ताले चिन्तित छु । हेर्नुहोस्, संसारका अधिपति रुखमुनि सुत्नुभएको छ । महाराज जनककी छोरी महाराज दशरथकी बुहारी त्यस्तो





छाप्रामा सुत्नु घाँस, पात परालमा रमाउनु परेको छ । यस्तो देख्दा एकदमै चिन्ता लाग्छ । अर्को तर्फ अयोध्याको हालत के भयो होला भन्ने पनि लाग्दछ । दरवार त आँसुमै डुबेको थियो । महारानी कौशल्याको के हालत भयो होला ? आमा सुमित्रा के गर्दै हुनुहुन्छ होला ? अब बुबाज्यूको आयु लामो होला जस्तो लाग्दैन । वहाँ बित्नुभयो भने आमाहरूको हालत के होला ? हामीलाई त काजक्रिया गर्ने अवसरसम्म पनि जुटेको रहेनछ ।" यस्तै कुरा गर्दा गर्दै रात बित्यो । त्यो रात पनि लक्ष्मण निदाएनन् । उनलाई पटक्कै निद्रा परेन ।

राम बिहान सबेरै उठ्नु भयो । वहाँ नित्य-कर्ममा लाग्नुभयो । रामले गुहलाई एउटा डुङ्गा तयार गरिदिन भन्नुभयो । गुहले तुरुन्त डुङ्गा ठीक पारे । त्यो देख्नासाथ रामले सुमन्त्रलाई रथ लिएर फर्कन भन्नुभयो । सुमन्त्र अयोध्या फर्कन मानेन् । उनी त्यहीं बसेर रुन लागे । सुमन्त्रको अवस्था देखेर रामलाई दया लाग्यो । वहाँ सुमन्त्र र गुहराजलाई संभ्काउने बुभ्काउने तर्फ लाग्नुभयो ।

भगवान् राम केही समय संहालिनु भयो । वहाँले सारा संसारको गतिविधि बुभ्काउँदै सुमन्त्रलाई भन्नुभयो :"सुमन्त्रजी ! अहिले राज्यमा तपाईंको खाँचो छ । तपाईं बाहेक कोशल राज्य समाल्न सक्ने अरू कोही छैन । बुवाको अवस्थाको

बारेमा त बताउनु नै पर्दैन, वहाँ त एकदमै अचेत अवस्थामा हुनुहुन्छ । त्यसैले तपाईं फर्कनुपर्छ । तपाईं मन बुझाउनुहोस् । रोएर, तड्पिएर समस्या समाधान हुन्नँ । रामले संझाएपछि सुमन्त्र केही समालिए । उनी भन्न लागे : "भगवान् ! यो संसारमा सच्चरित्र र असलको लागि केही हुँदो रहेनछ । यहाँ त बदमासको राज चल्नेरहेछ ।"

सुमन्त्रका कुराले राम अलि झस्किए । समाजमा गलत कुराले प्रभाव पार्ने हो कि भन्ने डर भयो । सुमन्त्रलाई संझाउदै रामले भन्नुभयो : "सुमन्त्र ! कतै कतै समय परिस्थिति त्यस्तो देखिएला तर यो संसारमा बेइमानको राज चल्ने र इमान्दारको नाश हुने भन्ने कुरा कहिल्यै हुन्नँ । वास्तवमा म आफ्नै इच्छाले आएको हुँ । यो सत्य पछि स्पष्ट हुनेछ । त्यसैले तपाईं धैर्य धारण गर्नुहोस् । भरतलाई वोलाएर राज्याभिषेक गराएर राज्य व्यवस्था मिलाउनुहोस् । चौध वर्ष भन्नु लामो समय होइन । भरत असल स्वभावका भएकाले केही समस्या हुन्नँ ।

रामले सुमन्त्रलाई विभिन्न प्रकारले संझाउनु भयो सुमन्त्रलाई सबै कुरा बुझाएपछि उनी अलि शान्त भए । उनी रथ लिएर आफ्नो बाटो लागे । यता रामसँग गुहराजले गुनासो गर्न लागे । उनी रामसँग लामो समयसम्म बस्न चाहन्थे । उनी त चौध वर्षसम्म राम त्यहीं बसून् भन्ने चाहन्थे । त्यसैले गुहराजले रामसँग बारम्बार आग्रह गर्न लागे । रामले गुहराजलाई राम्ररी संझाउनुभयो । वहाँले भन्नुभयो : "गुहराज ! तपाईंको श्रद्धा र विश्वासको लागि मेरो विशेष धन्यवाद छ । मैले तपाईंलाई सबै कुरा बुझाइसकें । म कुनै पनि राज्यमा बस्न मिल्दैन । यसबारे तपाईंलाई के भन्नुपर्छ र ? म त यही गङ्गापारि गुफामा बस्छु । तपाईं पीर नमान्नोस् । हामी टाढा हुँदैनौं । तपाईंलाई आपद् विपद् पर्दा म तपाईंको सहयोगी हुने नै छु । भगवान् रामको यस्तो अमृत वचन सुनेपछि गुहराज दङ्ग भए । उनी भगवान्को चरणमा परे । आफैले डुङ्गा चलाई राम, लक्ष्मण र सीतालाई गङ्गा पार पुऱ्याई उनी त्यहाँबाट फर्किए ।

अब त्यहाँ उनीहरू तीनजना मात्र थिए । त्यहाँ राम, लक्ष्मण र सीता मात्र बाँकी रहे । त्यसैले रामले लक्ष्मणलाई अगाडि लाग्न भन्नुभयो । सीतालाई बीचमा राखियो । जङ्गल एकदमै बाक्लो थियो । ती तीनैजना ऋषिको भेषमा थिए । उनीहरूको साथमा धनु, वाण पनि थियो । परबाट हेर्दा तिनीहरू ऋषि जस्ता देखिन्थे तर नजिकबाट हेर्दा क्षेत्री कुमारहरू जस्तै नै लाग्दथ्यो । उनीहरू

बेलुका भारद्वाज आश्रममा पुगे । ऋषि भारद्वाजले राजकुमारहरूको स्वागत गर्नुभयो । दिनभर हिँडेकाले सबै थकित थिए । बेलुका ऋषिसँग धर्मबारे कुराकानी भयो । रामले कहाँ आश्रम बनाएर बस्दा राम्रो होला त भनी सोध्नुभयो । ऋषिले चित्रकुट नै उपयुक्त ठाउँ हो भनी सुझाव दिनुभएपछि रामचन्द्र चित्रकुटमै बस्ने निर्णयमा पुग्नुभयो । त्यो रात भारद्वाज आश्रममा नै बिताए । भोलिपल्ट सबैजना चित्रकुट तर्फ लागे । बाटामा यमुना नदी तर्नु पर्दथ्यो । त्यो पनि समस्यै भयो । राम लक्ष्मण त पौडिएर पनि तर्न सक्दथे तर सीतालाई कसरी तार्ने ? यही अलमलमा समय बित्यो । केही समयपछि एउटा काठलाई डुङ्गा जस्तो बनाएर त्यसैमा बसी सबैजना यमुनापारि पुगे । साँझपख मात्र उनीहरू चित्रकुटमा पुगे ।

चित्रकुट ज्यादै रमाइलो ठाउँ थियो । त्यहाँ तरह तरहका फूल फुलेका थिए । माथि थुम्को थियो । चित्रकुटको फेदीमा माल्यवती नदी थियो । यसै नदीको किनारमा एउटा कुटी बनाइयो । उनीहरू त्यसैं कुटीमा बस्न लागे ।

सुमन्त्रको अयोध्या फिर्ति

गुह र सुमन्त्रले राम लक्ष्मण र सीतालाई हेरिरहे । आँखाले उनीहरूलाई नदेखेपछि उनीहरू गाउँतर्फ लागे । गाउँमा आइपुगेपछि सुमन्त्र गुहराजसँग बिदा भए । उनी अयोध्या तर्फ लागे । भोलिपल्ट बेलुका उनी अयोध्या आइपुगे । त्यसबेला अयोध्या शहर सुनसान जस्तै लाग्दथ्यो । शहरमा विशेष चहल पहल केही थिएन । मानिसहरू निराश जस्ता देखिन्थे । कसैलाई केही गरौं जस्तो नलागेको भान हुन्थ्यो । सुमन्त्रलाई देख्नासाथ मानिसहरूले उनको रथ रोके । उनलाई चारैतिरबाट घेरे । सबैले राम लक्ष्मण र सीताको बारे सोधे । सुमन्त्र बोल्नै सकेनन् । उनीहरूले धेरै प्रश्नहरू सोधेपछि सुमन्त्रले भने : "हेर्नुहोस्, वहाँहरू सबै गङ्गा नदी तरेर पारि जानुभयो । नदी तार्ने काम निषादराज गुहले गर्नुभयो । त्यसपछि हामी फर्केर आयौं । गुहराजको गाउँबाट म एक्लै आएँ । त्यसपछिको कुरा थाहा छैन ।" यति भनी सुमन्त्र सरासर दरबारको ढोका तर्फ लाग्नुभयो । सुमन्त्रका कुरा सुनेपछि कतिपय त त्यहीं बसेर रुन लागे । सुमन्त्र गह्रौं मन लिएर दरबार भित्र पसे । उनलाई ज्यादै नरमाइलो लाग्यो ।

त्यसबखत महाराज दशरथ मृत्यु सय्यामा थिए । उनलाई के गरौं कसो गरौं भने झैं भइरहेको थियो । सुमन्त्र सरासर महारानी कौशल्यालाई भेट्न गए । सुमन्त्रले सबै कुरा बताएपछि महारानी कौशल्या अलि बौलाहा जस्तै भइन् । उनले आफ्नो पीर सहनै सकिनन् । उनले महाराजलाई अलि रुखो व्यवहार गरिन् । उनले महाराज दशरथलाई सुनाउँदै भनिन् : "महाराज ! मेरो छोराले हजूरको आज्ञा पालन गरेर यो संसारलाई नै छक्क पारिदियो । तपाईंका मन्त्रीले उसलाई बनमा छाडेर आए । उसले हजूरको आज्ञा पालन गऱ्यो । अब त हजूरलाई सन्चो भयो होला नि । उठिस्योस्, अब आफ्नो मन्त्रीसँग मज्जासँग कुरा गरिस्योस् ।" महारानी कौशल्याको यी तीता कुरा महाराज दशरथको मुटुमा बिझ्यो । उनी झन् बढी छटपटाउन लागे ।

त्यसैबखत महाराज दशरथलाई एउटा पुरानो कुरा याद आयो । त्यो एउटा ज्यादै डरलाग्दो घटना थियो । उनले महारानी कौशल्यालाई संझाउँदै भने : "महारानी ! तिमी त शान्त स्वभावकी थियौ । अरूले गरेको गल्तीलाई क्षमा दिएर महान् कार्य गर्दथ्यौ । तिमी जस्ती साधु, सन्तलाई पनि के भएको यस्तो ? तिमी त भगवान् भक्त बन्नुपर्ने ! तिमी त संसारकै लागि एउटा उदाहरण बन्नुपर्ने ? महारानी ! के भयो तिमीलाई ?" महाराज दशरथको शान्त स्वभाव र मीठो बोलीले महारानी कौशल्यालाई अलि शान्त बनायो । उनलाई आफ्नो रिस र दुर्वचन प्रति दिक्क लाग्यो । उनले महाराज दशरथसँग आफ्नो दुर्व्यवहारको लागि क्षमा मागिन् ।

महाराज दशरथ पनि अलि शिथिल भएर जाँदै थिए । उनलाई आफ्नो अन्तिम समय हुन लागेको अनुभव भयो । उनले महारानी कौशल्यालाई त्यो पुरानो घटना बारे बताउने विचार गरे । त्यसैले महारानीलाई संझाउँदै भने : "महारानी ! आज म तिमीलाई एउटा पुरानो घटना बारे बताउँछु । हेर, एकपटक म शिकारमा गएको थिएँ । त्यसबखत तिम्रो र मेरो विहा भएकै थिएन । एक साँझ, म सरयु नदीको किनारमा निस्किएँ । पानी बल्लतल्ल थामिएको थियो । वातावरण एक्दमै शान्त थियो । पानीले गर्दा नदी एकदमै धमिलो थियो । थरि थरिको माटो मिसिएकोले नदी रङ्गी-विरङ्गी देखिएको थियो । सारा बातावरण शान्त थियो । अन्धकार बढ्दै गयो । बिस्तारै केही नदेखिने भयो । एक मन त फर्कौं फर्कौं जस्तो पनि लाग्यो । फेरि के मन लाग्यो । मलाई दशा लागेको रहेछ । फर्कन मन लागेन । रातमा बाघ, चितुवा आदि जनावर हिंड्ने भएकोले म त्यसैको शिकार गर्दछु भन्ने कुरा मनमा लाग्यो । केही समय कुरेर बसें । केही समयपछि नदीमा आवाज आयो । मलाई हात्तीले पानी पिए झैं लाग्यो । अन्दाजमै वाण हानें । मेरो वाण अचुक थियो । दुर्भाग्य ! वाण लाग्यो । त्यहाँबाट त मान्छेको आवाज पो आयो । म मरैं, म मरैं भनी कराएको सुनियो । म अत्तालिएँ । आफूले कुनै निर्दोष मानिसलाई मारैं कि भने झैं लाग्यो । भगवान्सँग यस्तो नहोओस् भनी प्रार्थना गरैं । जताबाट आवाज आएको हो, त्यसैतर्फ लागैं । अलि पर पुगेर हेर्दा त एउटा निर्दोष व्यक्ति वाण लागेर छटपटाइरहेको देखें । बुझ्दा, ती त ऋषिकुमार श्रवण पो रहेछन् । मैले उनलाई भेटैं । माफ मागैं । आफ्नो विरामको लागि माफ मागैं । बिचरा तिनै श्रवणले मलाई उनको बावु आमाको अगाडि गएर माफी माग्न भने । मैले माफी मागेको देखेर उनलाई पनि दया लागेछ, मैले उनको छातीमा लागेको वाण झिकिदिएँ । केही समयपछि उनको मृत्यु भयो ।

उनको लाश कुर्ने प्रबन्ध मिलाएर उनको आश्रमतर्फ लागें । म डर र पीडाले छटपटिएको थिएँ । म चुपचाप आश्रममा पुगें । आश्रममा पुग्दा उनका आमा बाबु छोरालाई कुरिरहेका रहेछन् । उनीहरूलाई आफ्नै छोरा आइपुगे झैं लागेछ । उनले आफ्नो छोरालाई बोलाउँदै भने : श्रवण ! किन ढिला गरेको ? बाटामा खेलिरहेको ? केही समयसम्म म बोल्नै सकिनँ । वल्ल तल्ल माफी मागें । मैले आफ्नो बारेमा बताए । आफूले ठूलो भुल गरेको कुरा सुनाएँ । ती दुवै बुढाबुढी रुन थाले । दुवै अन्धा थिए । दुवैसँग बारबार माफी मागें । म नै उनीहरूको साहारा हुने कबोल गरें । जसरी भए पनि उनीहरूको हेरचाहको प्रबन्ध गर्ने वचन दिएँ । उनीहरूलाई आश्रमबाट नदी किनारसम्म पुऱ्याएँ । नदी किनारमा पुग्नासाथ उनीहरू श्रवणकुमारको शव छामी छामी रुन-कराउन थाले । यता मलाई, के गरौं, कसो गरौं, भने झै भइरह्‍यो । सयपटक माफी मागें । बारम्बार क्षमा दिन प्राथना गरे । भगवान्‌को नाम लिएँ । ती दुवैलाई नरुन नकराउन संझाएँ । चित्ता तयार भयो । दाह-संस्कार शुरुभयो । ती दुवै बुढाबुढी चितामा हाम्फाले । त्यहीं जलेर मरे । एउटा भयङ्कर घटना त भएकै थियो । साथसाथै अर्को पनि त्यस्तै घटना भयो । मर्नुभन्दा पहिले ती दुवै बुढाबुढीले मलाई भने : "महाराज ! हामी जसरी पुत्र शोकले छटपटिएर मऱ्यौं, तपाईंलाई पनि त्यसरी नै मर्नु पर्नेछ ।" "महारानी ! म आज त्यही सराप लागेर मर्दैछु । म त्यसै पापको कारणले छटपटिएर मर्दैछु ।"

महाराज दशरथले यसरी आफ्ना पुराना कुरा बताउनुभयो । वहाँलाई आफ्नो समय आइपुगेको याद भयो । उनी हे राम, हे राम, मात्र भन्दथे । कहिले होशमा हुन्थे कहिले बेहोशमै बरबराउँथे । दुवै महारानीहरूसाथ नै थिए । दुवै महाराजको हेरचाहमा लागे । रात बित्दै गयो । रातमा महाराज निदाए झैं लाग्यो । दुवै महारानीहरू पनि झकाए, आखिर महाराज बेहोशैमा यो संसारबाट बिदा भए ।

बिहानपख दरबारमा भजन-मण्डली आए, ती सबैले बिहानको भजन गाउन थाले । सबै बिउँझिंए । आ-आफ्नो नित्य-कर्ममा लागे तर महाराज दशरथ बिउँझिंएनन् । उनी त निद्रा होइन, महानिद्रामा परेका थिए । महारानीहरूलाई पनि शङ्का लाग्यो । खैलाबैला मच्चियो । दरबारमा भजनको साटो रुवावासी चल्न लाग्यो । महाराज दशरथको मृत्यु भएको खबर अब अयोध्याभरि फैलियो । गुरु पुरोहित मन्त्रीगण सबै दरबार आए ।

अयोध्यामा भरत

विस्तार विस्तार महाराज दशरथको मृत्युको खबर चारैतिर फैलियो । यसबारे दरबारबाट कुनै जानकारी प्राप्त भएको थिएनँ । तैपनि एक कान दुई कान मैदान । हल्ला फैलन बेरै लागेन । कोशल राज्य शोकमा डुब्यो । सारा गाउँ सारा शहर शोकमा डुब्यो । त्यस बखत कोशलमा राज्यको प्रतिनिधि कोही थिएन । राजा नभएको राज्य कसरी चल्ने ? रानीहरूलाई रुँदै ठीक्क । मन्त्रीहरू आफ्नै सोचमा । विना आदेश कसले के गर्ने ? राजाले राजगद्दीमा राख्नू भन्ने आदेश दिएका राजकुमार भरत त्यस बखत राज्यमा थिएनन् । अब के गर्ने । मन्त्री सुमन्त्र त्यसै बिलखबन्दमा परे । उनले केही व्यक्तिहरूसँग सर-सल्लाह गरेर राजाको शवलाई तेलका कराइमा राख्न लगाए । उनले ऋषि महर्षि आदि सबैलाई खबर गरे । सवभन्दा बढी आवश्यकता त ब्रह्मर्षि वशिष्ठको नै थियो । वहाँलाई पनि खबर गरियो । यसो उसो गर्दा गर्दै पहिलो दिन त्यसै बित्यो । अयोध्या नगर झनै सुनसान भयो ।

भोलिपल्ट सबैजना दरबारमा भेला भए । सबै सभा मण्डपमा भेला भए । मन्त्री सुमन्त्रले सबैलाई आदर सत्कार गर्दै भने : "सम्पूर्ण सभासद्हरू ! मेरो लागि गएको एकदिन एक वर्ष जस्तै भयो । कैकेय पुग्न र त्यहाँबाट भरतलाई यहाँ ल्याइपुऱ्याउन अझै सात दिन लाग्दछ । अब के गर्नु ठीक पर्ला ? म यहाँहरूको सुझाव चाहन्छु । यो कामको जिम्मा सबैले ब्रह्मर्षि वशिष्ठलाई लगाए । ब्रह्मर्षिले पनि तुरुन्त दूतहरूलाई बोलाएर कैकेय पठाउन भन्नुभयो । बाटामा अथवा कैकेयमा भरत र शत्रुघ्नलाई केही नभन्न संझाउनु भयो । यो चिठी महाराज कैकेयलाई दिनूँ भनी दूतहरूलाई बिदा गर्नुभयो । भरत नआएसम्म राज्यको दैनिक कार्य यथावत् चल्ने तर विशेष काम हुन नसक्ने कुरा सूचना गरियो । सभा समाप्त भयो ।

दूतहरू दौडादौड गरी दोस्रो दिन राज गृह पुगे । त्यसै रात भरतले एकदमै नराम्रो सपना देखे । उनी कतै केही नराम्रो भयो कि भनी छटपटिइरहेका थिए । तेस्रो दिन बिहान सबेरै कोशलका दूतहरू कैकेय पुगे । कैकेयका महाराजलाई कोशलबाट पठाइएको पत्र दिइयो । कैकेय महाराजले पनि भरत र शत्रुघ्नलाई तुरुन्त अयोध्या फर्कन संझाउनु भयो । दुवै भाइ रथमा बसेर तत्काल आफ्नो बाटो लागे । बाटामा भरतले दूतहरूलाई धेरै कुरा सोधे । दरबारमा सबै ठीक ठाक भएको, खालि एउटा विशेष कामले मात्र लिन आएको भनी उनीहरूले बताए । भरतको चित्त बुझेन । दूतहरूलाई थाहा नहुन पनि सक्छ भनी उनी शान्त भए । आठौं दिनको दिन उनीहरू अयोध्या आइपुगे । अयोध्या शहरभित्र प्रवेश गर्दा पनि सारा शहर सुनसान भए झैं लाग्यो । भरतलाई कसैले पनि वास्ता नगरे झैं लाग्यो । उनलाई कस्तो कस्तो एक प्रकारको अनौठो अनुभव भयो ।

दरबार प्रवेश गर्नासाथ भरत महाराज दशरथको महलमा गए । उनले आफ्नो प्यारो बुबालाई भेट्न सकेनन् । त्यहाँबाट सरासर उनी आमा कैकेयीलाई भेट्न गए । कैकेयीले आफ्नो छोरालाई अंगालो मारिन् । उनले भरतसँग मावली तर्फको हालखबर सोधिन् । भरतले मावली तर्फ सबै ठीकठाक भएको खबर सुनाए । उनले आफ्नी आमालाई एक्कासी त्यहाँ बोलाएको बारे सोद्धा कैकेयीले अलि लामो सास तान्दै भनिन् : "बाबु ! तिमी पीर नमान । संसार यस्तै हो । तिम्रो बुबा हामी सबैलाई छाडेर जानुभयो । यो संसार यस्तै छ । यहाँ एकपटक जन्मिएपछि मर्नैपर्छ । त्यसैले तिमी पीर नमान ।"

कैकेयीले महाराज दशरथको मृत्युको खबर सुनाउनासाथ भरत एकदमै बिलाप गरी गरी रुनलागे । कैकेयीले फेरि भरतलाई संझाइन् । उनले भनिन् : "बाबु संसारमा जन्मिएपछि मर्नुपर्छ । एक दिन म मर्छु, तिमी मर्छौ । यो संसारमा जन्मिएपछि जो पनि मर्छ । त्यसैले मृत्युमा बढी शोक गर्नु मूर्खता हो ।" यसरी कैकेयीले बारम्बार संझाएपछि भरत बिस्तारै संहालिए । उनले आफ्नो दाजु राम र भाइ लक्ष्मणको बारे सोधे । राम लक्ष्मण र सीता वनमा गएको बारे उनले बताइन् । कैकेयीले आफूले महाराज दशरथबाट दुइटा वरदान पाएको हुनाले एउटामा रामलाई चौध वर्षको वनबास र अर्कोमा भरतलाई राजगद्दी दिने सम्बन्धमा राजासँग भन्दा महाराजले सोही अनुसार काम

गरेको कुरा बताइन् । यो सबै कुरा तिम्रै खुसीको लागि गरेको हो भनी उनले बताइन् ।"

आमाको कुरा सुन्नासाथ भरत आगो भए । उनी आफ्नी आमालाई धिक्कार्न लागे । भरतले सबैको अगाडि आफू कहिल्यै अयोध्याको राजगद्दीमा नबस्ने प्रतिज्ञा गरे । सारा दरबारभरि यो खवर फैलियो । खवर त अयोध्याभरि पनि फैलियो । सबैले भरतको प्रशंसा गर्न लागे । महारानी कौशल्याले भरतलाई संझाउँदै भनिन् : "भरत ! यो लोकमा धेरैजना राजा भए । धेरैजना त राजगद्दी पाउनासाथ मात्तिए । कयौं त्यसै रमाए । तर आज तिमी राजाहरूको पनि राजा भयौ । भयो, अब आफ्नो बाबुको काजक्रियामा लाग ।" यसरी महारानी कौशल्या र ब्रह्मर्षि वशिष्ठले संझाएपछि भरत काजक्रियातर्फ लागे । राजगद्दीमा नबस्ने कुरा भने उनले बारम्बार दोहोऱ्याए । काजक्रिया सकेर रामलाई वनबासबाट फिर्ता ल्याउने घोषणा उनले गरे । उनको घोषणाले दरबारमा सबैलाई खुसी गरायो । अयोध्याका बाासिन्दामा उत्साह बढ्यो । महाराज दशरथको मृत्यु भए पनि राज्यमा सत्य, धर्म, प्रेम, सद्भाव बचेको अनुभव भयो । धर्म अनुसार राज्य चल्ने कुरामा सबैले विश्वास गरे ।

भरतको वन जाने निर्णय

महाराज दशरथको काजक्रिया समाप्त भयो । तेह्रौं दिनमा शुद्ध शान्तिको काम सम्पन्न भयो । अब राज्यको काम बाँकी थियो । त्यसैले ब्रह्मर्षिले भरतलाई राज्याभिषेकको लागि तयार हुन सम्झाउनु भयो । चौध वर्षसम्म भरत नै राजा हुनपर्ने कुरा स्पष्ट थियो । महाराज दशरथले आफू परलोक हुने बेलामा त्यही कुरा गर्नुभएको थियो । त्यस बखत वहाँको आज्ञा पालन गर्नु बाहेक अर्को उपाय पनि थिएन तर राजकुमार भरतले अर्कै निर्णय गरेका थिए । उनी आफू राजा बन्ने पक्षमा पटक्कै थिएनन् । उनले यस्तो कुरा सपनामा पनि चिताएका थिएनन् । उनी त रामलाई अयोध्या फर्काउन चाहन्थे । ब्रह्मर्षि वशिष्ठको कुरा सुन्नासाथ भरतले भने : "ब्रह्मर्षि ! हजूर सबै कुरा जान्ने-बुझ्ने व्यक्ति हुनुहुन्छ । हजूरको अगाडि मैले नीति धर्म आदि बारे कुरा गर्नु सूर्यलाई बत्ती देखाउनु जस्तै हो । मैले आफू अयोध्याको राजगद्दीमा नबस्ने प्रतिज्ञा गरेको छु । यो कुरा सबैलाई थाहा छ । म यो प्रतिज्ञा भङ्ग गर्न चाहन्नँ । म आफ्नो दाजु रामलाई वनबाट फिर्ता ल्याएरै छाड्छु । वहाँलाई कोशलको महाराज बनाएर वहाँको सेवक भएर बस्न चाहन्छु । यो मेरो प्रतिज्ञा हो । म प्रतिज्ञा पूरा गरेरै छाड्छु ।"

भरतको कुरा सुनेर सबैले भरतको प्रशंसा गर्नलागे । उनको चोखो मन देखेर सबै दङ्ग परे । अयोध्या शहर भरि भरतकै कुरा हुन लाग्यो । दरबारमा सबै दङ्ग भए । आमा त्यस्ती दुष्ट तर छोरो कति सज्जन ! सबैले उनको प्रशंसा गर्न लागे । कुरा गर्दागर्दै भरतले मन्त्री सुमन्त्रलाई रथ तयार पार्न संझाए । महारानीहरू सबै रामलाई लिन जान तयार भए । मन्त्री सुमन्त्र त जानै पऱ्यो । बाटो देख्ने उनी मात्र थिए । यता ब्रह्मर्षिलाई पनि साथै लैजान महारानीहरूबाट हुकुम भयो । ब्रह्मर्षिलाई साथै लाने निधो भयो ।

उनी पनि रामलाई भेट्न चाहन्थे । हेर्दा हेर्दै मानिसको भीड लाग्यो । सेना तयार भयो । सेना अगाडि लाग्यो । त्यसपछि महारानीहरू थिए । त्यसपछि भरत एउटा रथमा बसे । अन्तमा थिए, ब्रह्मर्षि र सुमन्त्र । भरतले राम नआएसम्म राज्य हेर्न शत्रुघ्नलाई खटाए । उनी सारा लावालस्कर लिएर वनतर्फ लागे । यसपटक अयोध्यामा धुमधामको मेला लाग्यो । हर्ष-बढाईं चल्यो । अयोध्या खुसीयाली र रमझममा रमाउन लाग्यो । उनीहरूलाई भरतले रामलाई लिएरै आउँछन् भन्ने विश्वास थियो । एक दिनको यात्रापछि उनीहरू गुहराज निषादको राज्यमा पुगे । त्यहीँ एक छेउमा वास बस्ने विचार गरे । उनीहरू गङगाको किनारमा थिए । गङगा किनार ज्यादै रमाइलो थियो । त्यसैले उनीहरू त्यहीँ बस्न चाहन्थे । गङगा किनारमा बेलुकाको बसोबासको लागि छाप्रो बनाउन लागे ।

निषादराज गुहले परैबाट एउटा ठूलो समूह नदी किनारमा बास बस्नै लागेको देखे । आफ्नो स्वकृति नै नलिकन त्यहाँ बास बस्ने को होला भन्ने कुरा उनको मनमा लाग्यो, हेर्दा अयोध्याको झण्डा हो कि भन्ने लाग्यो । उनलाई शंका लाग्यो । कतै भरतले रामलाई खतम पार्न यो चाल चलेको हो कि भन्ने पनि लाग्यो । उनले आफ्ना सेनालाई सजग गराए । आफ्नो आदेश नपाई केही नगर्न सबैलाई बुझाए । पहिले त कुरा बुझ्नुपर्‍यो । कुरा नबुझी केही सोच्नु पनि राम्रो होइन भनी उनी वास्तविकता बुझ्ने तर्फ लागे ।

गुहराज निषाद ज्यादै बुद्धिमान् थिए । त्यसैले कुरा बुझौं भनी उनी गङ्गा किनार तर्फ लागे । सुमन्त निषादराजलाई खबर गर्न चाहन्थे तर फूर्सद नपाएकोले त्यस तर्फ जान सकेका थिएनन् । निषादराज त्यसै तर्फ आउन लागेको देखेर उनले भरतलाई बताए । भरत र सुमन्त्र दुवैजना गुहराजको स्वागतको लागि अलि परसम्म गए । भेटघाटपछि भरतले रामलाई फिर्ता लैजान आफू वनमा आएको कुरा बताए । सुमन्त्रले पनि सोही कुरा बताउनुभयो । अझैं निषादराज गुहको चित्त बुझेन । उनले भरतलाई त्यसो हो भने किन यत्रो फौजसाथमा ल्याउनुभयो त भनी सोधे । यस्तैमा महारानी कौशल्या लगायत सबैजना एकैसाथ सवारी भएकोले सबैको सुरक्षाको लागि यो बन्दोबस्त गरिएको हो । तपाईं अन्यथा नसम्झनोस् भनी सुमन्त्र र भरतले गुहराजलाई सम्झाए । तपाईंले आफू आउने सूचना दिनुभएको भए त म सबै बन्दोबस्त

मिलाउने थिएँ । तर केही छैन । यहाँ भएको सबै कुरा तपाईंकै हो । तपाईंको सहयोगको लागि म तयार छु ।” गुहराज निषादको कुरा सनुर भरत दङ्ग परे । उनले गुहराजको ठूलो प्रशंसा गरे । निषादराजले राम, लक्ष्मण र सीता त्यहाँ आइपुगेको उनीहरू बास बसेको, ब्रतको दिन भएकोले केही नखाएको आदि कुरा सबै बताए । त्यो देख्दा र सुन्दा भरतलाई पनि आँसु आयो । भरत जसरी भए पनि रामलाई अयोध्या लैजान चाहन्थे । उनलाई राजा बनाएर आफू उनको सेवक भएर बाँच्न चाहन्थे ।

भरत राम मिलन

भोलिपल्ट बिहान सबेरै गङ्गा नदी तर्ने बन्दोबस्त भयो । गुहराज निषादले सबै बन्दोबस्त मिलाए । गङ्गा नदी पार गरेर सबै लावालस्कर भारद्वाज आश्रमतर्फ लागे । यसपटक भरत पैदल यात्रामा नै लागे । रामचन्द्रले त्यो ठाउँबाट पैदल यात्रा प्रारम्भ गर्नु भएकोले भरतले पनि पैदलै जाने निर्णय गरेका थिए । त्यसदिन उनीहरू भारद्वाज ऋषिको आश्रममा पुगे । त्यहाँ भारद्वाज ऋषिसँग भेटघाट भयो । ऋषिले भन्नुभयो : "राजकुमार ! किन यति धेरै सेना लिएर आउनु भयो ? अयोध्यामा सबै कुरा ठीकठाक त छ ? कतै रामसँग झगडा गर्ने सुरसार त होइन ? भरतले आफ्नो कुरा स्पष्ट पार्दै भने : "महर्षि ! म त रामको सेवक हुँ । म वहाँलाई फिर्ता लैजान आएको हुँ । नपत्याए हेर्नुहोस् । मैले आमा कौशल्यालाई पनि साथै ल्याएको छु । मेरी आमा कैकेयीले जे गरिन्, त्यो त उनकै कुरा हो । त्यसमा मेरो सम्बन्ध कति पनि छैन । म त रामलाई अयोध्या पठाएर आफू एक्लै वनमा बस्ने विचारमा छु ।


महर्षि भारद्वाजले पनि राजकुमार भरतको प्रशंसा गर्नुभयो । वहाँ ज्यादै खुसी हुनुभयो । वहाँले भन्नुभयो : "राजकुमार ! संसारमा सत्य रहेछ । तपाईं जस्ता शुद्ध मन भएका राजकुमार पनि यो संसारमा रहेछन् भन्ने सुन्दा सबैजना खुसी हुनेछन् । तपाईंलाई यो संसारमा सत्यवादी भनी चिन्नेछन् । तपाईंले यो संसारलाई नै एउटा उदाहरण दिनुभएको छ । तपाईं यो विश्वकै गौरव हो । आज यहीं बस्नुहोस् । राम चित्रकुटमा हुनुहुन्छ । भोलि बिहान त्यता लाग्नुहोला ।"

राजा दशरथको मृत्युको खबर जनकपूरमा पुग्यो । महाराज जनकले शोक सन्देश पठाउनुभयो । विशेष दूतले राजकुमार भरत सबै आमाहरूलाई लिएर चित्रकुट पुगेको खबर पुऱ्यायो । राम वनबास गएको, वहाँ चित्रकुटमा गएर

बसेको हुनसक्ने कुरा पनि सुनायो। यो खबर पाउनासाथ महाराज जनक पनि चित्रकुट तर्फ लाग्नुभयो। भारद्वाज ऋषिको आश्रमबाट हिँड्नासाथ भरतको महाराज जनकसँग भेट भयो। भेटघाटमा सबैले आ-आफ्नो दु:ख सुखका कुरा गरे।

यता राम सीता चित्रकुट पहाडबाट रमाइलो हेर्दै थिए। चित्रकुट पहाडको फेदीमा हो-हल्ला सुनियो। रामले लक्ष्मणलाई केको हो-हल्ला हो, बुझ्न भने। लक्ष्मण रुखमा चढे। त्यहाँबाट चारैतर्फ हेरे। तल पहाडको फेदीमा एउटा ठूलो लावालस्कर चित्रकुट तर्फ आइरहेको देखियो। उनले रामचन्द्रलाई खबर गर्दै भने : "ओहो !. ल बित्यास पऱ्यो। म अहिले नै लड्न जान्छु। भरत ठूलो लावालस्कर लिएर आउँदैछ। ऊ हामीलाई लेखेट्न आएको हो।" लक्ष्मण अलि अत्तालिए। उनी अलि रिसाएका पनि थिए।

लक्ष्मणका कुरा सुनेर राम अलि हाँस्नुभयो। वहाँले लक्ष्मणलाई सम्झाउँदै भन्नुभयो : "लक्ष्मण ! केही समय पर्खिएर त हेर। तिमी त्यसै अत्तालिन्छौ। बुझेर मात्र बोल्नुपर्छ। नबुझी बोल्नु मूर्खता हो।" भन्दा भन्दै भरत पनि आइपुगे। आइपुग्नासाथ रामचन्द्रलाई अभिवादन गरे। उनी त एकदमै जोड जोडले रुन पो थाले। रामलाई अँगालो मारेर यसरी रुन थालेको देख्दा सबैको आँखाबाट आँसु आयो। उनले आफूलाई त्यस्तो राजपाठ केही नचाहिएको बारे सुनाए। सारा वातावरण नै अर्कै भयो। उनले कोशलको राजगद्दीमा कहिल्यै नबस्ने प्रतिज्ञा गरे। उनले



अयोध्या फर्केर राज्य गर्न रामलाई बिन्ति गरे ।"

"भरत ! अहिले यो कुरा संभव छैन । म बुवाकै आज्ञा अनुसार वनमा आएको हुँ । मैले आज्ञा पालन गर्नुपर्छ । अहिले बुवाको मृत्युको समयमा त्यो आज्ञा भङ्ग गर्नु राम्रो होइन । यस्तो गरियो भने समाजले कहिल्यै राम्रो मान्दैन । समाजमा झनै नराम्रो भावना फैलन्छ । त्यसैले यस्तो कुरा नगर ।" यसरी रामले भरतलाई सम्झाउनु भयो । वहाँ आफ्नो बुवाको काजक्रियामा लाग्नुभयो । आमाहरूलाई धैर्य धारण गर्न भन्नुभयो । व्रह्मर्षि वशिष्ठको सल्लाह अनुसार रामले र लक्ष्मणले छोटकरीमा आफ्नो बुवाको काजक्रिया पूरा गरे ।

केही दिनपछि काजक्रिया पूरा भयो । सवैजना चित्रकुटमा रमाएर बसे । केही समय त जङ्गलको बास निकै रमाइलो भयो । केही समयपछि रामले सबैलाई अयोध्या फर्कन भन्नुभयो । आफू वनवासमा भएकाले वनवासको तपश्या भङ्ग होला भन्ने डर वहाँलाई थियो । त्यसैले सवैलाई अनुरोध गर्दै वहाँले अयोध्या फर्कन संझाउनुभयो तर भरतले भने पटक्कै मानेनन् । भरतले उल्टै रामलाई अयोध्या फर्कन आग्रह गरे । रामले आफ्नो ब्रत पूरा नगरी आफू नफर्कने कुरा दोहोऱ्याउनुभयो । आफू राज्यमा फर्कंदा जनताले फटाहा भनी अपमान गर्ने कुरा रामले बताउनुभयो । यता भरत पनि अड्डी लिएरै बसे । राम अयोध्या नफर्किए आफू पनि नफर्कने कुरा उनले बताए । वरु रामको सट्टामा आफू वनमा जान उनी तयार भए । रामले त्यो पनि मान्नु भएन । त्यसो गर्दा समाजले आफूलाई धिक्कार्ने हुनाले आफू त्यसो गर्न नसक्ने अवस्थामा भएको कुरा रामले बुझाउनुभयो । रामले अनेक तरहले भरतलाई संझाउनु भयो । चौध वर्ष राज्य गर तिमीलाई कसैले केही भन्दैन । अब तिम्रो सम्मान बढेरै जान्छ भनी भन्दा पनि भरतले मानेनन् ।

यता भरतको पनि केही लागेन । त्यसैले अरू कुनै उपाय नदेखी आत्महत्या गर्ने सुरमा भरत पुगे । उनी अब म यसै जङ्गलमा मर्दछु भनी प्रतिज्ञा गर्नथाले । त्यहाँ भएका सबैको अनुहारमा अब के पो हुने हो भन्ने भावना देखिनथाल्यो । त्यसैबेला रामले गुरु वशिष्ठलाई बोलाउनु भयो र वास्तविक कुरा के हो त्यो बुझाइदिन संझाउनु भयो । गुरुले पनि भरतलाई अलि एकान्तमा बोलाउनु भयो । वहाँले राम भगवान्को अवतार लिएर पृथ्वीमा आउनुभएको हो । वहाँ


यो संसारको समस्या समाधान गर्न जन्मनु भएकोले राजा रावण नमारी अयोध्या फर्कनुहुन्न । त्यसैले जिद्धी नगर्नुहोस् ।" यसरी गुरुले सबै कुरा बुझाएपछि भरतले कुरा बुझे र उनी अयोध्या फर्कन तयार भए ।

ब्रह्मर्षि वशिष्ठको कुरा सुनेपछि राजकुमार भरत रामचन्द्र भएको ठाउँमा जानुभयो । वहाँले भगवान्सँग प्रार्थना गर्दै भन्नुभयो : "भगवान् ! मैले सबैकुरा बुझें । म कोशल राज्यको राजा हुनलायक मानिस त होइन । हजूरको सेवाको लागि मात्र म राज्यमा बस्न तयार भएको हुँ । हजूर नफर्किएसम्म हजूरकै खराउ पूजा गरेर बस्दछु । म कहिल्यै कोशल राज्यको राज सिंहासनमा बस्दिन । यो मेरो प्रतिज्ञा हो ।" यसरी कठोर प्रतिज्ञा गरेर रामको खराउ लिएर भरत चित्रकुटबाट अयोध्या फर्किए ।

महाराज जनक पनि भरतसँगै अयोध्या आउनुभयो । फेरि सबैलाई सान्त्वना दिएर वहाँ मिथिला तर्फ लाग्नुभयो । यता भरतले कोशलको राजगद्दीमा बस्ने प्रयासै गर्नुभएन । वहाँले भगवान् रामकै खराउ सिंहासनमा राख्नुभयो । वहाँ राज्यमा जथाभावी नहोओस् भनी धर्म पालन गर्दै राज्यको काममा लाग्नुभयो । वहाँले परिवारका सदस्यहरूको समस्या हेर्न, दरबारको रेखदेख गर्न भाइ शत्रुघ्नलाई खटाउनुभयो । त्यसबखत महाराज भरत तपस्वी जस्तै देखिनुभएको थियो ।

भरतको यो ब्रत चौध वर्षसम्म निरन्तर चलिनैरह्यो । चौध वर्षपछि पनि रामचन्द्र वनबाट फर्केर नआए भरत आफैं आगोमा हाम्फालेर मर्ने कुरा उनले सबैलाई सुनाएका थिए । यसरी भरतले आफ्नो दाजुप्रति भक्तिभाव व्यक्त गरे ।

अरण्य काण्ड



अरण्यकाण्डको सारांश

भगवान् रामलाई चित्रकुटमा बस्न मन लागेन । त्यहाँ बस्दा आफन्तहरुको यादले सताइरहने भएकोले त्यहाँबाट अन्त कतै जान पाए हुन्थ्यो भन्ने भावना वहाँको मनमा आयो । सोधखोज गर्दा दण्डकारण्यमा गएर बस्नु ठिक होला कि भन्ने सुझाव त्यहाँका ऋषिहरुबाट प्राप्त भयो । सोही अनुसार वहाँहरु दण्डकारण्य तर्फ लाग्नुभयो ।

दण्डकारण्य तर्फको यात्रा प्रारम्भ गर्नासाथ बाटामा एउटा विराध नाम भएको दानव भेटियो । त्यसले राम लक्ष्मण दुवैलाई तर्साउन खोज्यो । वहाँहरु नडराएको अनुभव गरेर त्यो दुवैलाई बोकेर दौडन पो थाल्यो । यस्तो देख्दा सीताजी अत्तालिनुभयो । सीताजी आत्तिएको चाल पाएर दुवैले एकैपटक बल लगाएर विराधको हात खुट्टा भाँचिदिनुभयो । त्यसलाई बाणले छुन नसक्ने बारेमा त पहिले नै स्पष्ट भइसकेको थियो । विराध बेहोश भयो । बेहोश भएपछि त्यसलाई खाडल खनेर पुरिदिनुभयो । यसरी विराधले मुक्ति पायो ।

विराधको आक्रमण र उसको मृत्युको घटनाले सीताजीलाई अलि बढी नै झस्कायो । हामी अहिले तपस्वी जीवन जिउन जङ्गलमा बसेका छौं । यस्तो अवस्थामा सँधै हत्या काट्मार आदिमा लाग्नु राम्रो हो र ? भनी भगवान् रामसँग प्रश्न गर्नुभयो । जथाभावी मार्नु त राम्रो होइन तर आत्मरक्षाको लागि र सज्जनहरुको सुरक्षाको लागि दुष्टहरुको नाश गर्नु नराम्रो होइन भनी भगवान्ले जवाफ दिनुभयो । वहाँहरु आफ्नो यात्राकै क्रममा महर्षि शरभङ्गको आश्रममा पुग्नुभयो । महर्षि सुतिक्ष्ण, महर्षि अगस्त्य आदिसँग भेटघाट गर्दै अगाडि बढ्नुभयो । केही दिनपछि दण्डकारण्य पुग्नुभयो ।

दण्डकारण्य एकदमै रमाइलो ठाउँ थियो । दुई नदीहरुको बीचमा थियो ।

त्यसैले पनि रमाइलो देखिन्थ्यो । त्यहाँ थरिथरिका फूलहरु फुलेका थिए । मीठा स्वादिला फलले ढाकेको थियो । नदीको किनारमा विभिन्न किसिमका पशुहरु देखिन्थे । त्यहाँ वरपर छरिएका थिए पन्छीहरु । यस्तो रमाइलो ठाउँमा बस्न पाउँदा सबै खुशी भए ।

त्यहाँ (दण्डकारण्य) बस्दा पनि राक्षसहरुले दुःख दिन छाडेनन् । वेला बखत तिनीहरुसँग लडाइँ चलिनैरहयो । कहिले ऋषिहरुको अनुरोधमा उनीहरुसँग लड्न पर्दथ्यो भने कहिले यतिकै झगडा पर्दथ्यो । यस्तैमा एक दिन रावणकी बहिनी शूर्पणखा त्यहाँ आइपुगी । उसले भगवान् रामसँग विहे गर्ने प्रस्ताव राखी । ऊसँग विहा गर्न नसक्ने कुरा गर्नासाथ ऊ त सीताजीलाई मार्न पो तयार भई । लक्ष्मणले वाण चलाउँदा उसको नाक कान काटियो । ऊ घाइते र बिरुप बनेर त्यहाँबाट कुलेलम ठोकी ।

शूर्पणखा आफ्नो वासस्थानमा पुगी । त्यहाँ पुगेर खर र दुषणलाई त्यो घटना बारे बताई । खर र दुषण एउटा ठूलै समूह लिएर राम, लक्ष्मण र सीतालाई सिध्याउन आए । उनीहरु आश्रमको आसपासमा आइपुग्नासाथ लडाइँ मच्चियो । राक्षस तर्फका सबै मारिए । सबै समाप्त भए । आखिर केही नलागेर यो खबर लिएर शूर्पणखा लङ्का पुगी । उसले सबै घटना रावणलाई सुनाई ।

रावण आफूभन्दा ठूलो यो पृथ्वीमा कोही छैन भन्ने घमण्डमा डुबेको थियो । उसले आफूलाई सबभन्दा ठूलो शक्तिशाली संझिएको थियो । यस्तो अवस्थाम आफ्नी बहिनीको नाक कान काटी बिरुप बनाउनेहरुसँग तुरुन्त बदला लिन चाहन्थ्यो । त्यसैले जस्तो रुप पनि धारण गर्नसक्ने आफ्नो मित्र मारिचलाई सम्झयो । ऊ सरासर जङ्गलमा मारिचलाई भेट्न भनी हिंड्यो । मारिचको मद्दतबाट सुनौलो रङ्गको मृग बने । रामको आश्रमको वरपर डुल्दै ती सबैलाई लोभ्याउन आयो । मारिच अलि बुद्धिमान थियो । उसले रावणलाई संझाउने प्रयास गऱ्यो । तर रावणले मारिचको कुरा स्वीकारेन । कसैसँग दबेर हिंड्दा भोलि लङ्कामै आक्रमण भयो भने के गर्ने नि भन्दै उल्टो उसैसँग अड्को थाप्यो । मारिचले अरु केही भन्ने आँट गरेन । ऊ रावणको हुकुम मान्न बाध्य भयो ।

मारिच सुनबुट्टे मृग बनेर भगवान् रामको आश्रम अगाडि नाच्न लाग्यो ।

त्यसलाई देखेर सीताजी लोभिनु भयो । त्यसलाई जिउँदै पक्रेर आश्रममा पाल्न पाए ....। यस्तै भावना उठ्यो; वहाँको मनमा । भगवान् रामलाई त्यही कुरा बताउनुभयो । भगवान् राम मारिचको पछिलाग्नुभयो । पछि लाग्दा लाग्दै धेरै पर पुग्नुभयो । यस्तैमा “ए सीता ! ए लक्ष्मण ! म मरें ! म मरें !” यस्तै आवाज निकाली कराउनथाल्यो । यो आवाज सुन्नासाथ सीताजी अत्तालिनु भयो । लक्ष्मणले संझाउँदा पनि मान्नुभएन । लक्ष्मणलाई नै नराम्रो वचन लगाउनुभयो । लक्ष्मण वाध्य भएर रामको खोजीमा जानुभयो ।

लक्ष्मण आफ्नो आश्रमबाट अलि पर पुग्नासाथ आश्रममा एउटा जोगी आयो । उसले भिक्षाको लागि अलख जगायो । सीताजी भिक्षा लिएर वाहिर निस्कनुभयो । वहाँले लक्ष्मण रेखा ननाघी भिक्षा दिन खोज्नुभयो तर उसले त्यो भिक्षा लिन मानेन । वाहिर आएर भिक्षा नदिने हो भने सराप दिन अड्डी कस्यो । सीताजी लक्ष्मण रेखा नाघेर बाहिर निस्कनुभयो । त्यही अवसर पारेर उसले अपहरण गऱ्यो । त्यो भिक्षु बदमास रावण थियो । सीताजीलाई बचाउन जटायु लागे । आखिर उनको पनि केही लागेन ।

यता केही समयपछि लक्ष्मणले रामलाई भेट्नु भयो । वहाँले सबै कुरा वताउनुभयो । कतै कही नराम्रो पो हुन्छ कि भन्ने शङ्का लाग्यो । दुवैजना दगुर्दै आश्रममा आइपुग्नुभयो तर सीताजीलाई भेट्नु भएन । खोज्दै जाँदा घाइते जटायु भेटिए । उनले सीताजीलाई रावणले हरेर लगेको कुरा बताए । बचाउन खोज्दा आफू घाइते भएको कुरा सुनाए । भगवान् रामले छुनासाथ उनको मृत्यु भयो । दाह संस्कार समाप्त गरी वहाँहरु उनले वताएको तर्फ लाग्नुभयो । बाटामा कबन्धक नाम भएको राक्षससँग भेट भयो । ऊसँग पनि मारामारै भयो । कबन्धक घाइते भएपछि उसले राजकुमारहरुलाई उल्टै धन्यवाद दियो । भगवान् रामले आफ्नी रानी सीताको वारे सोद्धा उसले ऋष्यमुक पर्वतमा पुगेर सुग्रीवलाई भेट्न सल्लाह दियो । उसले वताए अनुसार जाँदा वहाँहरु मातङ्ग ऋषिको आश्रममा पुग्नुभयो । शवरीले वहाँहरुलाई स्वागत गरिन् । भगवान् रामलाई भेटेर मात्र मर्ने शवरीको इच्छा पूरा भयो । शवरीको मृत्युपछि उनको दाह संस्कार पूरा गरेर दुवैजना ऋष्यमुक पर्वत तर्फ लाग्नुभयो ।

चित्रकुटबाट दण्डकारण्य प्रस्थान

भरत अयोध्या फर्किए । उनीसँग आएको लावालस्कर उनैसँग अयोध्या तर्फ लाग्यो । महाराज जनक र वहाँको समूह पनि भरतकै समूहमा थियो । सबैजना त्यहाँबाट फर्किएपछि चित्रकुट सुनसान जस्तै भयो । भगवान् रामलाई पनि चित्रकुटमा बस्ने इच्छा भएन । केही समय वरपर घुमुँ भन्ने इच्छा वहाँलाई भयो । त्यही ठाँउमा वस्दा बारम्बार आफन्तहरूको याद आउने भएकोले राम त्यहाँबाट अन्त कतै लाग्न चाहनुहुन्थ्यो । वहाँहरू त्यहाँवाट जनस्थान तर्फ लाग्नुभयो । बाटामा महर्षि अत्रिको आश्रम पर्दथ्यो । एक रात त्यसै आश्रममा बस्नुभयो । त्यहाँ वहाँहरूलाई महर्षि र वहाकी धर्म पत्नीले असाध्यै सम्मान गरेर राख्नुभयो ।

भोलिपल्टको कुरा हो । भगवान् राम सबेरै उठ्नु भयो । सबै नित्य-कर्म सकेर महर्षि र वहाँकी धर्मपत्नीसगँ बिदा भई वहाँहरू तपोवन तर्फ लाग्नुभयो । यो ठाउँ गङ्गा र गोदावरी नदीको बीचमा पर्दथ्यो । त्यसै बीचमा एउटा दण्डक नाम भएको ज्यादै बाक्लो जङ्गल थियो र त्यहाँ थरि थरिका फूल फुल्दथे । विभिन्न प्रकारका फलफूलहरू पाइन्थे । त्यस जङ्गलमा प्रवेश गर्नासाथ ऋषि-महर्षिमहरूले वहाँको स्वागत अभिवादन गरे । सबै ऋषि-महर्षिहरूले त्यहाँ राक्षसहरूको अत्याचार बढेको बारे सुनाए । उनीहरूले त्यस तपोभूमिलाई राक्षसबाट मुक्त गराउन भगवान् रामसँग अनुरोध गरे । रामले पनि सारा राक्षसहरूलाई निर्मूल पारी लगार्ने वचन दिनुभयो । त्यस रात दण्डकारण्यमा नै बस्नु भयो ।

भोलिपल्ट वहाँहरू त्यहाँबाट शरभङ्गको आश्रममा पुग्ने इच्छाले हिँड्नुभयो । बाटामा एउटा डरलाग्दो राक्षस भेटियो । त्यसको नाम विराध थियो । त्यसले वहाँहरू सबैलाई तर्साउने प्रयास गऱ्यो । सबभन्दा पहिले त

बाटो छेक्यो अनि भन्न लाग्यो : ए बदमासहरू हो । के स्वाङ पारेर जटा पाली यस्ती राम्री स्वास्नी मानिस लिएर हिँडेको हँ ? यस्ती राम्री स्वास्नी मानिस तिमीहरू जोगीलाई के काम ? यस्ती त हामीलाई पो चाहिन्छ त भनी सीताजीलाई तान्न खोज्यो । उसले त राम र लक्ष्मणलाई त कत्ति पनि गनेन । दुवैलाई भुसुना जस्तै मान्यो । रामले सोध्दा उसले आफ्नो नाम विराध भन्ने बतायो । ऊ आफुलाई संसारकै सबैभन्दा बलियो छु भन्ने ठान्दथ्यो । फेरि पनि हप्काउँदै भन्यो ए भुसुनाहरू हो । भाग्ने भए भाग नत्रभने तिमीहरूको काल आयो भनी तर्साउन थाल्यो ।

उसका कुरा सुनेर राम लक्ष्मण दुवैलाई हुनसम्म रिस उठ्यो । दुवैले एकैसाथ धनु तन्काएर वाण तेर्स्याउनु भयो । यो देख्नासाथ ऊ राम, लक्ष्मणलाई झम्टन पुग्यो । दुवैलाई बोकेर दौडन पो लाग्यो । राम लक्ष्मण दुवैलाई हाँसो उठ्यो तर सीताजी भने तर्सेर रुन कराउन लाग्नुभयो । सीताजी तर्सेको देखेर रामले लक्ष्मणलाई राक्षसको दुवै हात भाच्ने कुरा बताउनुभयो । दुवैले एकैसाथ बल गर्दा उसको हात भाँचियो र भुइँमा बजारियो । ऊ केही समय त उठ्नै सकेन । केही समय पछि उठ्यो र राम, लक्ष्मण, सीता सबैलाई एकैपटक निलुँला झैं गरी मुख बाएर अगाडि आयो । राम, लक्ष्मण दुवै त्यसलाई ढुङ्गै ढुङ्गाले हिर्काउन लाग्नुभयो । विराधलाई वाणले नछुने रहेछ भन्ने कुरा पहिल्यै पत्ता लागिसकेको थियो । ढुङ्गाले हिर्काउँदा हिर्काउँदै बिराध बेहोश त भयो तर उसको मृत्यु भएको थिएन । त्यसैले रामले लक्ष्मणलाई एउटा खाडल खन्नको लागि अह्राउनुभयो । लक्ष्मणले एउटा खाडल तयार पारे । त्यसैबेला विराधलाई आफ्नो पूर्व-जन्मबारे याद भयो ।

वास्तवमा विराध पहिलो जन्ममा एउटा गन्धर्व थियो । यसले आफ्नो पूर्वजन्मको कुरा संम्झदै भन्यो : "महाराज ! म पहिलो जन्ममा एउटा गन्धर्व थिएँ । मेरो नाम तुम्बुरु थियो । मैले काम गर्ने क्रममा एउटा गल्ती गरें । ठट्टै ठट्टामा एउटा भूल भयो । त्यसैमा रिसाएर कुवेरले अर्को जन्ममा तँ राक्षस भएस् भनी सराप दिनुभयो । मैले धेरै बिन्ती गरे । गल्ती भएकोमा क्षमा मागें । बल्लतल्ल वहाँको मन पग्लियो । वहाँले कुनै समय दशरथका छोरा महाराज रामचन्द्रको हातबाट तँ मुक्त हुनेछस् भनी भन्नु भएको थियो । त्यही कुरा आज मिल्न आयो । यति भनी उसले यहाँबाट छ कोश पर शरभङ्ग ऋषिको आश्रम

छ, त्यहीं जानु होला भनी विशेष अनुरोध गऱ्यो । उसलाई उसैले भने अनुसार गाडियो । त्यसरी गाड्नासाथ विराध यो संसारबाट मुक्त भयो । यो लोक छाडेर ऊ आफनै गन्धर्व लोक तर्फ लाग्यो ।

अब तीनैजना त्यहाँबाट दक्षिण तर्फ लागे । साँझ पर्न लाग्दा तीनैजना शरभङ्ग ऋषिको आश्रममा पुगे । महर्षि उमेरले ज्यादै वुढो भइसक्नुभएको थियो । वहाँ मृत्यु सय्यामा हुनुहुन्थ्यो । वहाँले भगवान् रामलाई आफ्नो मृत्यु सय्यावाट स्वागत गर्नुभयो । वहाँले त्यस ठाउँमा राक्षसहरूको अत्याचार बढेकाले ऋषि-महर्षिहरूको कल्याण गरिदिन भगवान् रामलाई भन्नुभयो ।

त्यसपछि ऋषि शरभङ्ग अस्ताउन लागेको घाम जस्तै गल्दै जानुभयो । केही समयपछि वहाँ यो लोक छाडेर परलोक तर्फ लाग्नुभयो । वहाँको दाह संस्कार सम्पन्न भयो । महर्षि शरभङ्गलाई श्रद्धाञ्जली अर्पण गरेर नजिकै रहेको महर्षि सुतिक्ष्णको आश्रम तर्फ लाग्नुभयो । महर्षि सुतिक्ष्ण र त्यहाँ भएका ऋषिहरूले भगवान् रामको स्वागत गर्नुभयो । सन्चो विसन्चो सुख दुःख आदि बारे कुराकानी भएपछि राक्षसहरूले सताएको बारे कुराकानी भयो । त्यस रात भगवान् राम सुतिक्ष्णकै आश्रममा बस्नुभयो । भोलिपल्ट विहान नित्य-कर्म सकेपछि रामले महर्षि अगस्त्यलाई भेट्ने इच्छा प्रकट गर्नुभयो । महर्षि अगस्त्य बेला मौकाले मात्र भेटिने महर्षि भएकोले सुतिक्ष्णले भगवान् रामलाई त्यहाँ रोक्न चाहनुभएन । वहाँले बिदा दिनुभएपछि सबैजना अगस्त्य ऋषिको आश्रम तर्फ लागे ।

दण्डकारण्यमा विश्राम

दण्डक नाम भएको जङ्गल (दण्डकारण्य) तर्फ लाग्दा सीताजीले बाटामा अनौठा कुरा उठाउनु भयो । वहाँले भन्नुभयो 'भगवान् हामी त तपस्वी जीवन बिताउँदैछौं तर तपाई जहाँ पुग्नुभएको छ, त्यहाँ राक्षसको हत्या भएको छ । विना वैरभाव हत्या हुनु राम्रो हो र ? सीताजीलाई सम्झाउँदै रामले भन्नुभयो : "राजकुमारी ! हुनत वैरभाव भयो भन्दैमा हत्या गर्नु पनि पाप हो । हत्या राम्रो होइन । तर सज्जनलाई बचाउन अरू बदमासहरूलाई लखेट्नु पर्ने अवस्था आँउछ । दुर्जन बातले मान्दैन । ऊ हामीलाई नै समाप्त पार्न खोज्दछ । त्यस्तालाई निमिट्यान्न पार्नु हामी राजकुमारहरूको कर्तब्य हो । जसले राम्रो काम गरेको छ, जसले कसैलाई दुःख दिन्न, जो आफू बाँचेर अरूलाई बचाउन खोज्दछ, त्यस्तालाई सबैले बचाउनु पर्दछ । जथाभावी मार्नुहुन्न निहुँखोजेर मार्नखोज्नु हुन्न तर आइलाग्ने दुष्टहरूमाथि त जाइलाग्नै पर्‍यो । आत्मारक्षाको लागि अरूलाई मार्नु पाप होइन । त्यसैले सज्जनलाई बचाउनुपर्छ । विनाकारण दुःख पाएकोलाई सहयोग गर्नु हामी राजकुमारहरूको कर्तब्य नै हो ।" भगवान् रामले यसरी सीतालाई सम्झाउँदै जानुभयो । बाटामा अरू पनि नानाथरि कुरा हुन्थे तर सीताजी भने धर्म-कर्मकै कुरामा बढी लाग्नुहुन्थ्यो । सीताजीलाई अझै शङ्का लाग्यो । वहाँले आफ्नो तर्क अगाडि सार्दै भन्नुभयो । "राजकुमार ! वास्तवमा अहिले हामी तपस्वी भावमा छौं । हामी त तपस्वी जीवन बिताउन हिँडेकाहरूले किन राक्षसहरूलाई लखेट्ने ? यो काम त शासन गर्ने राजाहरूले गर्नुपर्ने होइन र ?"

महारानी सीताको कुरा ज्यादै गहिरो थियो । भगवान् रामले पनि वहाँको कुरा स्वीकार्नु भयो । वहाँले सीताजीको प्रशंसा गर्दै भन्नुभयो: "महारानी ! म तिम्रो कुराबाट ज्यादै खुशी भएको छु । तिमीले भनेको कुरा एकदमै ठीक छ ।

हामीले पनि कसैलाई जथाभावी मार्नुहुन्न । तर ऋषि-महर्षिलाई त्यसै छाडनु राम्रो होइन । ऋषि-महर्षि सवै नै समाजका सहयोगी हुन् । ती सवै ज्ञान र बिचारका ज्योति हुन् । ज्ञान फैलन दिनुपर्छ । नयाँ सोच र चिन्तन बारे चर्चा हुनुपर्छ । त्यसैले त्यो शक्तिको सुरक्षा गर्नु हामी सवैको समाजिक कर्तव्य हो । समाजमा सवैले शान्ति पूर्वक बाच्न पाउनुपर्छ । त्यसैले सज्जनको उपकार गर्ने कुरा गर्दा दुर्जनलाई नास्न पऱ्यो भने कस्को के लाग्छ र ? उनीहरूले सज्जनको व्यवहार गरे त्यस्तालाई आक्रमण गर्ने त कुरै आउन्न । यो संसारलाई दुष्टबाट बचाउनुपर्छ । त्यसैले नै म वनमा आएको हुँ । सत्यको पालना गराउनु मेरो काम हो । मेरो शरणमा आएकालाई बचाउनु मेरो धर्म हो । यसरी राम सीताजीलाई सम्झाउँदै हुनुहुन्थ्यो । ती सवै अगस्त्य ऋषि आश्रममा पुगे । सबैजनाले त्यो रात त्यहीं नै विश्राम गर्नुभयो ।

भोलिपल्ट भगवान् रामले महर्षि अगस्त्यसँग आश्रम वनाएर बस्नलायक ठाउँबारे सोध्नुभयो । वहाँले पञ्चवटी नै उपयुक्त ठाउँ होला कि भनी सुझाव दिनुभयो । सबैजना महर्षि अगस्त्यसँग बिदावादी भई पञ्चवटी तर्फ लागे । बाटामा महाराज दशरथका मित्र जटायुसँग भेट भयो । उनीसँग भगवान् रामको कुराकानी भयो । जटायुसँग बिदा भएपछि सबैजना सरासर पञ्चवटी तर्फ लागे । केही समयको हिँडाइपछि सबैजना पञ्चवटीमा पुगे । पञ्चवटी ज्यादै रमाइलो थियो । यसको दुवैतिर नदीहरू थिए । उत्तर तर्फ गङ्गा नदी थियो भने दक्षिण तर्फ गोदावरी नदी । त्यहाँ पुग्दा मनै आनन्द भयो । सबैजना ज्यादै खुसी भए । रामले लक्ष्मणई एउटा कुटी बनाउन भन्नुभयो । लक्ष्मणले केही समय लगाएर दुइटा कुटी वनाए । दुवै कुटी ज्यादै राम्रा थिए । रामले त्यति राम्रा कुटीहरू बनाएकोमा लक्ष्मणको प्रशंसा गर्नुभयो । त्यसदिनदेखि उनीहरू सबै त्यहीं बस्नलागे । बिहान कहिले गोदावरीमा स्नान गर्न जान्थे भने कहिले गङ्गामा । बिहानको नित्यकर्म सकेर उनीहरू जङ्गल घुम्न निस्कन्थे । जङ्गलमा पाइने फलफूल आदिबाट जीवन चलाउँथे । बेला बखत शिकारमा पनि निस्कन्थे ।

दण्डकारण्यमा दस वर्ष

पञ्चवटी एकदमै रमाइलो ठाउँ थियो । त्यहाँको वातावरण पनि एकदमै लोभलाग्दो थियो । त्यहाँ थरिथरिका फूलफुलेका थिए । विभिन्न प्रकारका फलहरू पाकेका देखिन्थे । वातावरण पनि ज्यादै राम्रो थियो । न त धेरै जाडो, न धेरै गर्मी । वातावरण थियो ज्यादै शान्त । चराचुरुङगीको आवाजले मानिसलाई लट्ठ पार्दथ्यो । जनावरहरू आनन्दसँग डुलिरहेको देखिन्थ्यो । नजिकै नदी किनार थियो । बालुवा टल्किएको, त्यहा थरि-थरिका चरा, जनावरहरू जम्मा भएर पानी पिएको दृश्य अत्यन्त रमाइलो थियो । त्यहाँ वरपर तपस्वीहरूको आश्रम थियो । आश्रमबासीहरू भगवान् रामलाई भेट्न आउँथे । धर्म, नीति, ईश्वर आदिको बारे कुरा हुन्थ्यो । भगवान् रामको लागि पञ्चवटी पनि अयोध्या जस्तै भएको थियो ।

समय बित्दै गयो । हेर्दा हेर्दै दस वर्ष बित्न लाग्यो । अब त सबै जनालाई पञ्चवटी नै आफ्नो जन्मथलो जस्तो लाग्नलाग्यो । एक दिन बिहान आ-आफ्नो सबै नित्यकर्म सकेर तीनै जना इतिहासको बारे छलफल गर्दै थिए । यस्तैमा घुम्दै फिर्दै रावणकी बहिनी शूर्पणखा पनि त्यहाँ आइपुगी । त्यस्तो जङ्गलमा तीन-जना नौला मानिसलाई देखेर त्यो जिल्लपरी । झट्ट हेर्दा तपस्वी जस्ता देखिन्थे । तर उनीहरूले धनुवाण भिरेको देखेर उसलाई अलि आश्चर्य लाग्यो ।

बिस्तारै बिस्तारै ऊ नजिकै गई । भगवान् रामचन्द्रको अनुहार देखेर त ऊ त्यसै मक्खपरी । त्यस बखतसम्म पनि लक्ष्मणलाई राम्रोसँग देखेको थिइन । लक्ष्मण अलि छेलिएर बसेका थिए । उनी काम विशेषले अलिपर बसेका थिए । नजिकै आइपुगेपछि ऋषि रुप धारण गरेर बस्ने तिमीहरू को हौ भनी सोध्न लागी । उसले भनी : "ए मानिसहरू ! यो त हामी राक्षसहरूको वासस्थान हो । तिमीहरू कसरी यहाँ आइपुग्यौ ? सबै कुरा मलाई बताओ भनी हप्काउन थाली ।

यस्तैमा भगवान् रामले भन्नुभयो : "म महावीर सम्राट दशरथको छोरा हुँ । ऊ त्यहाँ बस्ने मेरो भाइ लक्ष्मण हो । यिनी मेरी पत्नी सीता हुन् । हामी बुवाको आज्ञा अनुसार चौध वर्ष वनमा बिताउने उद्देश्यले आएका हौं । अनि तिम्रो नाम के हो नि ? तिमी कहाँबाट यहाँ आएकी हौं ? यहाँ आउनुको कारण के हो ? हेर्दा त तिमी एउटी राक्षसी जस्ती देखिन्छ्यौ ।" यसरी भगवान् रामले पनि उसको परिचय माग्नुभयो ।

जवाफमा शूर्पणखाले भनी : "म महर्षि पुलस्त्यका नाति विश्रवाका छोरा महाधिपति यो लोक, स्वर्गलोक सबैतिरका राजा रावणकी बहिनी हुँ । मेरो नाम शूर्पणखा हो । मेरो अरू दुई भाइहरू पनि छन् । उनीहरूको नाम हो कुम्भकर्ण र विभीषण । दुवै एकदमै बलिया छन् । यसै जङ्गलमा बस्ने दुई भाइहरू मेरो काकाका छोरा हुन । उनीहरूको नाम खर र दुषण हो । उनीहरू कति बलिया र शक्तिशाली छन् भन्ने बारे यो जङगला बस्ने सबैलाई थाहा छ । मसँग पनि यो जङ्गलका सबै तर्सन्छन् । म विवाह गर्न एउटा असल केटा खोज्दै थिए । तिमी भेटियौ । ठीकै छ, म तिमीसँग बिहा गर्न चाहन्छु ।"

शूर्पणखाको कुरा सुनेर भगवान् राम छक्क पर्नुभयो । वहाँलाई उसको कुरा सुन्दा अनौठो लाग्यो । ऊ अलि खरो स्वाभावकी थिई । आफ्नो मनमा लागेका कुरा सरासर भनी । न त लाज मानेर झोक्राई न त शरम मानेर तर्सिई । उसको स्वभाव समाजमा भएका केटाहरूको जस्तै देखियो । उसले रामसँग तुरुन्त विवाह गर्न प्रस्ताव राखी । उसले जङ्गलमा ऊ जस्ती स्वास्नीमानिसको आवश्यकता हुने कुरा बताई । सीता जस्ती लुम्रेझुम्रे आईमाई यो जङ्गलमा के काम भन्दै भगवान् रामलाई फकाउन पो थाली । भगवान् रामले पनि त्यसलाई केही छकाउने विचार गर्नुभयो । रामले आफ्नो विवाह भईसकेको हुँदा भाइ लक्ष्मणसँग तिम्रो विवाह हुन राम्रो हो भनी लक्ष्मण तर्फ पठाउनुभयो ।

शूर्पणखाले लक्ष्मणसँग पनि त्यही कुरा गरी । लक्ष्मणले उसलाई सम्झाउँदै भने : "शूर्पणखा, तिमी कस्ती मूर्ख, दाजु राजा, म त वहाँको दास । मेरो काम त दाजुको सेवा गर्नु हो । सेवकसँग पनि कहीं विवाह हुन्छ त ? मसँग विवाह गरेपछि त तिमी दाजुको सेवामा खट्नु पर्छ, अनि त ? त्यसैले तिमीले दाजु रामसँग नै विवाह गर्नु राम्रो हो भनी संझाए । शूर्पणखा खरो स्वभावकी त थिई तर उसमा



खास बुद्धि थिएन । त्यसैले ऊ राम भए तर्फ लागी । रामले त्यसरी नै फकाई फेरि लक्ष्मण तर्फ लगाईदिनुभयो । एक दुईपटक त यताउता हिंडी । आखिर केही नलागेपछि ऊ त सीताजीलाई मार्छु भनी झम्टनका लागी । रामले त्यसलाई रोक्नुभयो । त्यसै बखत लक्ष्मणले आफ्नो तरवार चलाउँदा ऊ घाइते भई । शूर्पणखाको नाक कान काटियो । उ रक्ताम्य भएर आफ्ना भाइतर्फ लागी ।

यता खर र दुषण आफ्ना सेना लिएर जङ्गलमा शिकार खेल्दै मोजमस्ती गर्दै थिए । उनीहरू आ-आफ्नो संसारमा थिए । शूर्पणखा रक्ताम्य भएर पुगेको देख्दा उनीहरूलाई आश्चर्य लाग्यो । शूर्पणखाले खर र दुषणलाई त्यहाँ भएको घटना बारे बताई । खर र दुषण दुवैले आ-आफ्ना सेनालाई त्यहाँ पुगेर राम, लक्ष्मणलाई लगार्ने र सीतालाई लिएर आउन आराए । चौधजना सेनाहरू घोडामा चढी तुरुन्त आए । रामले परै एउटा ठूलो जमात आफूभए तर्फ आइरहेको देख्नुभयो । वहाँले सीताजीको रक्षाको लागि लक्ष्मणलाई खटाउनुभयो र आफू धनुवाण लिएर तयार हुनुभयो ।

पहिले त रामले ती सबलाई त्यहाँ आउनुको कारण सोध्नुभयो । ती सब मूर्ख न थिए । शूर्पणखाको ईसारा पाउनसाथ आक्रमण गरिहाले । केही समयमै रामको आक्रमणमा परेर सबै यमलोक तर्फ लागे । यो देख्नासाथ अलिपर झाडीमा लुकेर तमासा हेरिरहेकी शूर्पणखा फेरि खर र दुषणलाई बोलाउन पुगी । खर र दुषण पनि गर्जदै त्यहाँ आइपुगे ।

खर र दुषण त्यहाँ आइपुगेपछि धुमधाम लडाइँ चल्यो । खर र दुषण दुवै बलवान् थिए । तिनीहरू वाण चलाउन पनि सिपालु थिए । जङ्गलमा मारकाट गर्दै हिँड्ने भएकोले लडाइँ उनीहरूको सामान्य कुरा थियो । उनीहरू कोही घोडामा थिए भने कोही रथमा, तर बिस्तार बिस्तार सवै सखाप हुँदै गए । घोडामा चढ्ने ढलेपछि घोडा भागे रथ चकनाचूर भयो । सबै सखाप भयो । भगवान् रामको अगाडि कस्को के लाग्ने । सयौं मूला काटिए भैं काटिए । वाण लाग्दै ढल्दै गरेको दृश्य देखियो । आखिर खर र दुषण दुवै ढले । ती सबै यमलोक तर्फ लागे । जङ्गलको भाडीमा लुकेर तमासा हेरेर बसेकी शूर्पणखा त्यहाँबाट भागी । ऊ सरासर रावण भएको ठाउँमा पुगी ।

मारिचको छलकपट


शूर्पणखा सरासर लङ्का पुगी । त्यसै बखत जनस्थानबाट भागेर एउटा राक्षस पनि लङ्का पुगेको थियो । उसले नाम अकंपन थियो । ऊ पनि सरासर रावणलाई भेट्न गयो । उसको जनस्थानमा भएको घटना सुनायो । त्यहां भएका सवैजसो सेना खर र दुषण आदि सबै नै मारिएको बारे बतायो । त्यसै बखत नाक कान काटिएकी शूर्पणखा त्यहाँ आइपुगी । उसले आफूलाई त्यस्तो बिरुप वनाउनेहरूलाई सजाय दिन आफ्नो दाजुलाई गुहारी । अकंपनको कुरा सुन्दै जंगिएको रावण शूर्पणखाको कुरा सुनेर झनै जंगियो । उसलाई दुवैले अयोध्याका राजकुमारहरूको पराक्रम बारे सुनाए । रावणले कतै त्यसको सहायताको लागि इन्द्र नै त आएनन् भनी प्रश्न गऱ्यो । अकंपनले भन्यो : "महाराज ! त्यही त अनौठो कुरा ! ऊ शिवाय त्यहा अरू कोही पनि थिएन । ऊ एक्लैले यत्रो पराक्रम देखायो । यस्तो सुन्दा रावण झनै रिसले राँकियो । आफ्ना दुवै भाइ खर र दुषण आफ्नै आँखा अगाडि उसकै वाण लागेर मारिएको कुरा शूर्पणखाले बताई । आफ्ना सेनाहरू रामले चलाएको वाण लागेर मूला काटिए झैं काटिएको कुरा पनि रावणलाई सुनाई । उसको यो गति गराउने शत्रु पनि राम नै हो । त्यसैले त्यसलाई छाड्नु हुन्न । त्यो वनमा भएकै बेला त्यसको मिति पुऱ्याउनुपर्छ भनी शूर्पणखा बम्कनथाली । त्यसको साथमा एउटा भाइ उसकी राम्री श्रीमती सीता भएको कुरा पनि बताई ।

शूर्पणखाको कुरा सुनेपछि रावण त्यसै जंगियो । आफ्नो दरबारै भत्काउँला झैं गरी ऊ ठूलो स्वरले गर्जियो । उसले अरू धेरै कुरा त संझनै सकेन । सीता असाध्यै राम्री छे भनी शूर्पणखाले भनेको कुरा उसको दिमागमै गाडियो । अब कसरी सीता हरण गरौं भन्ने सोचमा ऊ लाग्यो । उसलाई सीता हरण गर्नसके आफू बहादुर हुने भन्ने कुरा मनमा लाग्यो । यस्को लागि कस्को सहयोग लिनु

ठीक होला भनी उसले सोच्यो । सोच्दा सोच्दा उसको दिमागमा मारिचको सहयोग आवश्यक हुने कुरा मनमा आयो । मारिच एउटा अनौठो दानव थियो । ऊ जुन वखत जस्तो रुप धारण गर्न पनि सक्दथ्यो । रावणले पनि मारिचलाई अगाडि लगाएर सीता हरण गर्ने निर्णय गऱ्यो ।

भोलिपल्ट रथ लिएर रावण पञ्चवटी पुग्यो । मारिच पञ्चवटीमै थियो । मारिच अरूभन्दा अलि फरक थियो । राक्षस जातिकै भए पनि अलि सोचेर मात्र बोल्दथ्यो । ऊ रावणको नातेदार पनि थियो । एकाएक कुनै खबरै नगरी रावण आइपुगेको देखेर ऊ छक्क पऱ्यो । उसले हार्दिक अभिवादन चढाउँदै भन्यो : "महाराज ! म जस्तो तुच्छको घरमा हजूरले किन कष्ट उठाउनु पऱ्यो । यसो खबर गर्नुभएको भए त म आफैं आउने थिएँ । तपाईंले वहाँबाट यहाँ आउने कष्ट उठाउनु पर्ने नै थिएन । महाराज ! हजूर जस्ता तीनै लोकका महाराजले चिताएको नपुग्ने नै के छ र ? शक्तिमा यो संसारमा हजूरलाई भेट्ने नै को छ र ? अहिले यो संसार सबै हजूरको अधिनमा भएको वेलामा म जस्तो गरीब कहाँ आउनु भएकोमा मेरो ठूलो भाग्य रहेछ भन्ने सम्झन्छु ।"

मारिचको कुरा सुनेर रावण दङ्दास भयो । ऊ आफूले चिताएको कुरा पूरा होला कि भनी खुसी भएको थियो । रावणले मारिचको सम्मान गर्दै भन्यो: "मारिच ! म तपाईंको सहयोग पाउने आशाले यो आश्रममा आएको हुँ । मलाई एउटा समस्या परेको छ । त्यो समस्या तपाईंको सहयोगबाट मात्र पूरा हुन्छ । मलाई तपाईंले सहयोग गर्नुहुने कुरामा पूरा विश्वास छ । त्यसैले म तपाईं कहाँ आएको हुँ ।" रावणको कुरा सुन्नासाथ मारिचले भन्यो : "महाराज ! हजूरको सेवा गर्न पाउनु त ठूलो भाग्य हो । हजूरलाई के त्यस्तो समस्या पऱ्यो ? बताउनुहोस्, म सहयोग गर्न तयारै छु ।" मारिचको कुरा सुनेर रावण दङ्ग पऱ्यो । ऊ शिकारको लागि कुदेको बाघ फुले झैं फुल्यो । जुँगा मुसार्दै उसले भन्यो : "मारिच ! तपाईं साच्चिकै ज्ञानी हुनुहुन्छ । आपत् विपत्मा परेकालाई सहयोग गर्ने भएकैले तपाईको नाम संसारमा चम्किएको हो । मेरो समस्या बुझेर तपाईंले सहयोगको वचन दिनुभयो । मेरो लागि यो नै महत्त्वपूर्ण कुरा हो । अब तपाईंले आफ्नो वचन फेर्नुहुन्न भन्ने मलाई विश्वास छ ।" रावणको कुरा अलि फसाउने खालको थियो तर विचरा मारिच । उसको कुरा काट्नसक्ने अवस्थामा पनि थिएन । रावणको कुरा काट्दा के हालत हुन्छ, त्यो कुरा उसले



राम्ररी नै बुझेको थियो । त्यसैले ऊ चुपचाप बस्यो ।

रावण फेरि भन्नथाल्यो : "मारिच ! हेर्नुहोस् त अयोध्याका राजा दशरथका छोरा राम यसै पञ्चवटीमा आएर बसेको रहेछ । त्यस पाजीले हामी राक्षस जातिलाई खबर पनि गरेन । त्यसले उल्टै हाम्रा सबै सेनाहरू र सेनापतिहरू खर र दुषणलाई पनि मारेछ । बहिनी शूर्पणखाको नाक कान काटी विरुप पारी पठाएछ । त्यसैले म त्यसको बदला लिन चाहन्छु । तपाईं एउटा सुनौला मृग बनी त्यस तर्फ गइदिनु पर्‍यो । त्यसको आश्रममा पुगेर वरपर घुम्नुहोस् । कहिले उफ्रने कहिले घाँसमा चरे जस्तो गरिदिनोस् । त्यस्की सीता तपाईंलाई देखेर लोभिन्छे । तपाईंलाई पक्रन भन्छे । राम तपाईंलाई पक्रन आउँदा तपाई अलि पर अलि पर भाग्दै लुक्दै गर्नुहोस् । आखिर त्यो समस्यामा परिहाल्छ । निकै परपुगेपछि हा लक्ष्मण ! हा ! सीता भनी कराउनोस् । आखिर त्यो आवाज सुनेपछि रामको सहयोगको लागि लक्ष्मण पनि आउनेछ, यस्तैमा अवसर पारेर म त्यो आइमाईको हरण गरेर ल्याउँछु ।"

रावणको कुरा सुनेर मारिच अत्तालियो । उसलाई रामको शक्तिबारे पहिले नै थाहा थियो । ऊ राम र रावणको विरोध नहोओस् भन्ने चाहन्थ्यो । त्यसैले उसले संझाउँदै भन्यो : "महाराज ! तपाईंलाई मित्र जस्तो बनेर कुन पापीले यस्तो कुरा सुनायो । यो त ज्यादै नराम्रो कुरा हो । जसले तपाईंलाई

यस्तो नराम्रो काम गर्न उक्सायो, त्यो अवश्य पनि राम्रो मान्छे होइन । यो कामले त हजूरको मात्र होइन लङ्का राज्यकै सर्वनाश हुन्छ । जानी-जानी आगोमा हाम्फाल्नु मूर्खता हो । त्यसैले तपाईं फर्केर जानोस् । यस्तो कुरा सोच्दै नसोच्नोस् ।" रावणलाई मारिचको कुरा ठीकै लाग्यो । ऊ फर्कन त चाहन्थ्यो । तर उसले आफ्नी बहिनी शूर्पणखालाई दिएको वचन भुल्न सकेन । उसकी बहिनीलाई दिएको वचन तोड्नु भनेको नामर्द बन्नु हो भन्ने कुरा उसको मनमा आयो । अब केही पुरुषार्थ नदेखाई पञ्चवटी फर्कनु भनेको नामर्द बन्नु हो भन्ने कुरा उसको मनमा आयो । वास्तवमा यत्तिकै फर्केर जान ऊ सक्दैनथ्यो । यत्तिकै फर्कनु भनेको राक्षस जातिकै अपमान गर्नु हो भन्ने पनि उसको मनमा लाग्यो । त्यसैले उसले फेरि मारिचलाई सम्झाउने विचार गर्‍यो ।

"मारिच ! तपाईं बुद्धिमान् हुनुहुन्छ, तपाईं ज्ञानी पनि हुनुहुन्छ । तपाईंले भन्नुभएको कुरा ठीकै होला तर शत्रुको अगाडि नामर्द जस्तो भएर बस्न पनि भएन । अहिले त त्यसले यति विनाश गर्‍यो भने झन केही नगर्दा त लङ्कामै आक्रमण गर्न आयो भने ? त्यसैले केही त गर्नैपर्छ । त्यसलाई यो पञ्चवटीबाट लगार्नै पर्छ । त्यसलाई हामी पनि शक्तिशाली छौं भनी देखाउन सकिएन भने त हामीलाई हेपेको हेप्यै गरिहाल्छ नि । अनि त ? त्यसैले तपाईं नडराउनोस्, नतर्सनोस् । आफूले दिएको बचन नफेर्नुहोस् । हामी राक्षस जाति हौं । हाम्रो शक्ति छ । अरूले हेपेको सहेर बस्नुहुन्न । त्यसैले तपाईंले खालि एउटा खेल मात्र देखाउनोस् । अरू काम त म आफैं गरिहाल्छु नि ।" बिचरा मारिच जिल्ल पर्‍यो । उसले हुन्न भन्न त सक्दै सक्दैनथ्यो । किनकि ऊ पनि वचन दिएकोले बाध्यतामा पर्‍यो । फेरि अर्को तर्फ उसले रावणको रिस बारे पनि बुझेको थियो । रावणलाई सहयोग गर्दिन भन्नु पनि काल निम्त्याउनु हो भन्ने कुरा उसले राम्ररी नै बुझेको थियो । त्यसैले उसले फेरि सम्झाउँदै भन्यो : "महाराज ! हुनत म हजूरको सेवामा सँधै तयार छु । खालि आफैले समस्या बढाउनु राम्रो होइन कि भनी सम्झाएको मात्र हुँ ।

मारिचको कुरा सकिएपछि रावणले भन्यो : "मारिच ! तपाईं शान्ति, सद्भाव आदिको कुरा मात्र जान्नुहुन्छ । तपाईं आश्रममा बसेर वरपर घुमेकाले तपाईंलाई पनि तपस्वीकै प्रभाव परेझैं लाग्दछ । तर राज्यमा शान्ति र क्षमाले मात्र चल्दैन । राज्य चलाउन त शक्ति चाहिन्छ शक्ति त्यसैले तपाईं शान्तिमा

नअलमलिनुहोस् । एउटा राजाले आफ्नो जातिको विनाश हेर्न सक्दैन । म राजा हुँ । मैले खर र दुषण जस्ता मेरा भाइ मारिएको हेरिरहने ? आफ्नै बहिनीको नाक कान काटेको सहने ? त्यसैले यस्तो कुरा हुनै सक्दैन । तपाई तयार हुनुहोस् । अहिले नै त्यहाँ पुगेर आफ्नो खेल देखाउनोस् ।"

विचरा मारिच ! अब के नै गरोस् । वचन दिइसकेको थियो । वचन नदिएकै भएपनि रावणको आदेश मान्न ऊ बाध्य नै थियो । लङ्काको अधिपति रावणको आज्ञा नमान्ने को ? उसले केही भनेन । अब चुपचाप ऊ सुनको मृग बनेर भगवान् रामको आश्रम तर्फ लाग्यो । सुनबुट्टे मृग बनेर रामको आश्रम वरिपरि घुम्नलाग्यो । कहिले लोभलाग्दो गरी उफ्रन्थ्यो । कहिले घाँसमा चर्न लागे जस्तो गर्दथ्यो । कहिले रुखको छहारीमा बस्दथ्यो । त्यसको खेल देखेर महारानी सीता एक्दमै दङ्ग पर्नुभयो । महारानीले त्यो मृग समात्न भगवान् रामलाई भन्नुभयो । कतै यो राक्षसहरूको छल पो हो कि भन्ने पनि लाग्यो तर महारानी सीताको इच्छा भएकोले वहाँले त्यसलाई इन्कार्न सक्नुभएन । राम त्यो मृगको पछि लाग्नुभयो तर मृग भने पर पर हुँदै गयो । रामले लक्ष्मणलाई सीताजीको रक्षाको लागि आश्रममा बस्न भन्नुभयो । आफू मृगको पछि पछि लाग्नुभयो । मृग भाग्दै गयो । जाँदा जाँदै निकै परै पुग्नुभयो । आखिर केही नलागेपछि त्यसलाई बाण हान्नुभयो । बाण लाग्नासाथ रामकै जस्तो आवाज निकाली हा सीता ! हा लक्ष्मण ! म मरेँ, म मरेँ भनी कौलास्न पो थाल्यो । त्यो आवाज आश्रमसम्म पनि आइपुग्यो । सीताजी आत्तिएर कराउन लाग्नुभयो । लक्ष्मणले रामलाई केही हुँदैन भनेर संझाउनु भयो तर वहाँले मान्दै मान्नु भएन । यस्तैमा सीताजीले झनै चाहिंदो नचाहिंदो शङ्का गर्न लाग्नुभयो । लक्ष्मणलाई पनि बदमास स्वार्थी भनी जथाभावी भन्न लाग्नुभयो । बिग्रने बेलामा बुद्धि हराउँछ भने झैं वहाँ पनि लक्ष्मणलाई हप्काउन लाग्नुभयो । केही समय त लक्ष्मण संझाउँदै हुनुहुन्थ्यो । केही समयपछि त केही लागेन । सीताजीको बचन सहिनसक्नु भएपछि वहाँले एउटा रेखा कोर्नुभयो र त्यहाँबाट बाहिर नजान संझाउनुभयो । लक्ष्मण त्यहाँबाट सरासर रामचन्द्र गए तर्फ लाग्नुभयो ।

यता त्यस्तै केही समस्या पो पऱ्यो कि भन्दै भगवान् राम पनि हतार हतार त्यतैतिर आउँदै हुनुहुन्थ्यो । वहाँले बीच बाटैमा लक्ष्मणलाई भेट्नुभयो । लक्ष्मणले आश्रममा भएको सबै कुरा बेलिविस्तार लगाउनुभयो । सीताजी अत्तालिएको वहाँले लक्ष्मणलाई तँ स्वार्थी बेइमान दाजु मारिए भाउजु राखुँला भनी सोच्ने आदि



जस्ता नचाहिंदा कुरा गरेकोले आफूले एउटा रेखा कोरी त्यहाँबाट बाहिर नजानको लागि सम्झाएर आएको बताए । लक्ष्मणको कुरा सुनेपछि रामको मन झनै अत्तालियो । दशा लागेपछि रिस उठ्छ । त्यस्तो बेलामा आफ्नै मानिस आफ्नै सहयोगीलाई शङ्का गर्नथाल्छ । कतै यस्तै हुन लागेको त होइन भन्ने पनि लाग्यो । वहाँहरू हतार हतार आश्रम तर्फ लाग्नुभयो ।

यता लक्ष्मण आश्रमबाट निस्केको केही समयमा नै रावण जोगीको रुपमा आयो । उसले आश्रम बाहिर आएर भिक्षा दिनु भन्यो । सीताजीले पनि लक्ष्मणले कोरेको रेखा ननाघी भिक्षा दिन खोज्नुभयो तर रावणले (जोगी) लक्ष्मण रेखा भित्रबाट दिएको भिक्षा लिन मानेन । भिक्षा दिने भए त्यो रेखा नाघेर

भिक्षा दिनु । होइन भने म सराप दिन्छु भनी तर्सायो । त्यस बखत योगीहरूको सरापमा विश्वास गरिन्थ्यो । त्यसैले सीताजी पनि सरापको कुरा सुन्नासाथ तर्सनुभयो । वहाँ लक्ष्मण रेखाभन्दा बाहिर निस्कनुभयो । त्यो रेखाबाट बाहिर निस्कनसाथ वहाँलाई रावणले समात्यो । सीताजी एकदमै अत्तालिनुभयो । वहाँले गुहार लगाउनुभयो तर वहाँको गुहार कसले सुन्ने ? वहाँको गुहार सुन्ने त्यस बखत कोही थिएन । कोही भए पनि रावणलाई रोक्नसक्ने कोही थिएन । रावणले यसरी एउटा घिनलाग्दो काम गऱ्यो । अपहरण ज्यादै ठूलो अपराध हो । त्यसमा पनि महिलाहरूको अपहरण हुनु त महान् अपराध हो । यस्तो घिनलाग्दो काम हुनु समाजकै एउटा कलङ्क हो । अपहरण गर्नेको कहिल्यै भलो हुन्न । स्वास्नीमानिस अपहरण गर्नेलाई पाप लाग्छ, त्यसको सत्यनासै भएर जान्छ । तर के गर्नु रावण जस्ता दुष्टलाई सद्बुद्धि दिने कसले ? उसले सीताजीलाई जवर्जस्ती रथमा राख्यो । वहाँ गुहार लगाउन लाग्नुभयो । वहाँले गुहार माग्दा पहाड थर्कियो । गुफामा सीताजीको दु:खको शब्द फिजियो । बाटामा सीताजीको आवाज जटायुले सुने । उनले रथ समाए । रावणसँग मारामार पऱ्यो । रावण अत्तालियो । उसलाई पनि आफू समस्यामा पर्छु कि भन्ने थियो । त्यसैले ऊ जटायुलाई सिध्याउने तर्फ लाग्यो । उसले जटायुलाई ताकेर हानेको बाणले जटायु घाइते भए । उनी भुइँमा लडे । बिचरा जटायु । उनको केही लागेन । उनले त सकभर गरेकै हुन् । रावणलाई थच्याउन हुनसम्म प्रयास नगरेको होइन तर केही लागेन । रावण सीताजीलाई लिई त्यहाँबाट भाग्यो । ऊ सरासर लङ्का तर्फ लाग्यो । बाटामा सीताजीले आफूसँग भएको गहना फ्याँक्नुभयो । त्यो गहना पम्फा नाम भएको तलाउ नजिकै झऱ्यो । त्यो गहना सुग्रीवका सहयोगी हनुमानले भेट्टाए ।

राम लक्ष्मणलाई नयाँ समस्या

यता राम र लक्ष्मण दुवै आश्रममा आइपुग्नुभयो । सीताजीलाई खोज्नुभयो तर वहाँले सीताजीलाई कतै पनि भेट्नु भएन । वरपर चहार्नथाल्नुभयो । कुनै समस्यामा पर्नुभएको अनुभव भयो । अब कसो गर्ने ? कुनै उपाय मनमा आएन । वहाँहरू वनमा सीताजीलाई बोलाउँदै दौडन लाग्नुभयो तर कहाँ सम्म जाने ? केही पत्तो लागेन । दुवै भाइ बौलाहा जस्तै हुनुभयो । सारा पञ्चवटीको जंगल चहार्दा चहार्दा थकाइले चूर्ण हुनुभयो । रामले मृगको एक समूह दक्षिण तर्फ लागेको देख्नुभयो, यसलाई वहाँले एउटा संकेत हो कि भन्ने मान्नुभयो । वहाँहरू दुवै दक्षिण तर्फ लाग्नुभयो ।

बाटामा फूल झरेको देखियो । कतै कतै रुखका हाँगा भाँचिएका देखिए । अलि पर पुग्दा लङ्का पति रावणको मुकुट झरेको देखियो । रथको कुनै भाग भाँचिए जस्तो देखियो । यी सबै कुराको मतलव के हो ? बुझ्न गाह्रो भयो । भगवान् राम बेहोश जस्तै हुनुभयो । वहाँलाई डर लाग्यो । कतै सीतालाई राक्षसहरूले मारे कि भन्ने पीर पनि लाग्यो ।

भगवान् राम अझै थपिनसक्ने संकट संझिएर तर्सनुभयो । वहाँलाई एकाएक रिस उठ्यो । सीताको सहयोगको लागि तत्काल कुनै देवता नआएकोमा पनि वहाँलाई रिस उठ्यो । वहाँले आफूसँग भएको हतियार बारे संझनुभयो । सबै हतियारको प्रयोग हुनसक्ने कुरामा पनि वहाँ पुग्नुभयो । त्यसै बखत भगवान् रिसाएको बारे लक्ष्मणले बुझ्नुभयो । लक्ष्मणले भगवान्लाई संझाउँदै भन्नुभयो: "भगवान् ! आपति विपत्तिमा मानिसले आफ्नो सारा शक्ति गुमाउँछन् । बिग्रने बेलामा बुद्धि हराउँछ । संसार बचाउनु पर्ने संसारको रक्षा गर्नुपर्ने हजूरमा यस्तो नचाहिंदो बुद्धि कहाँबाट आयो ? रिसको बेगमा हजूर त यो संसारै नाश गर्ने तर्फ पो सोच्न लाग्नुभयो ? बाख्राले बिरायो भनेर भेडाको कान काट्न त भएन नि ।

भगवान् ! हजूर त मलाई संझाउनुहुन्थ्यो । म हजूरकै निर्देशनमा हुर्कें । मलाई हजूरले नै राम्रो बाटोमा लगाउनु भयो । म कसरी हजूरलाई संझाऊँ । जसरी भए पनि धैर्य लिएर काम गर्नुहोस् । संसार नाश गर्ने भन्ने कुरा त मनमै नआओस् । पहिलो कुरो त हामीले अहिलेको समस्या सुल्झाउनुपर्‍यो । समस्या बुझेर समाधान खोज्नुपर्छ । अहिलेको आवश्यकता यही नै हो ।

यसरी लक्ष्मणले भगवान् रामलाई संझाउनु भयो । वहाँहरू जंगलमा हिँड्दै हुनुहुन्थ्यो । यस्तैमा जटायु गिद्धराज वनमै लडिरहेको अवस्थामा देखिए । उनी मृत्यु सय्यामा थिए । रामलाई भने कुनै राक्षसले रुप वदलेर वसेको हो कि भने झैं लाग्यो । मारिचले छल गरेको अनुभव भएपछि राम जे कुरामा पनि त्यस्तै शंका गर्ने बन्नुभएको थियो । अगुल्टाले हानेको कुकुर बिजुली देख्दा तर्सन्छ भने झैं वहाँलाई पनि जहाँ पनि राक्षसकै छल जस्तो लाग्दथ्यो । वास्तवमा वहाँले देख्नु भएको चरा राक्षस थिएन । त्यो त वहाँकै सहयोगी गिद्धराज थियो ।

राम लक्ष्मण अगाडि बढ्नु भयो । अलि पर पुगेपछि जंगलमा लडिरहेको एउटा जनावर जस्तो देखियो । रामले परैवाट भन्नुभयो : "लक्ष्मण ! हेर त ! यही राक्षसले सीतालाई खाए जस्तो छ ?" यति भन्दै राम त धनु वाण तयार पारेर त्यसलाई ताक्न लाग्नु भयो । त्यस बखतमा पनि लक्ष्मणले नै रोक्नु भयो । कोही वोलेको सुनेर जटायुले टाउको उठाए । उनले आफू जटायु भएको कुरा बताए । आफू मर्न लागेको कुरा पनि उनले सुनाए । उनैले बेइमान दुष्ट रावणले सीताजीलाई हरण गरेको, त्यसलाई रोक्न खोज्दा आफ्नो यो गति भएको कुरा बताए । जटायुको कुरा सुनेपछि भगवान् रामलाई जटायु प्रति दया लाग्यो । वहाँले जटायुलाई उठाउनु भयो । हेर्दाहेर्दै जटायुको प्राण गयो । भगवान् राम र लक्ष्मण मिलेर जटायुको दाह संस्कार पूरा गरिदिनुभयो ।

कबन्धकको मृत्यु

जटायुको दाह संस्कार सम्पन्न भएपछि राम लक्ष्मण दुवैजना दक्षिण तर्फ लाग्नुभयो । जाँदा जाँदै एउटा बाक्लो डरलाग्दो जंगलमा पुग्नुभयो । त्यो जंगलभित्र केही देखिन्नथियो । उनीहरू एउटा गोरेटो वाटो समातेर जङ्गल पार गर्दै थिए । कतै चरा कराएको आवाज सुनिन्थ्यो । कतै जङ्गली जनावरहरू कराएको आवाज सुनिन्थ्यो । यस्तैमा नजिकैवाट एउटा भयङ्कर आवाज आयो । राम लक्ष्मण दुवै अलि होशियार भए । के को आवाज हो वुझ्नै सकेनन् । हेर्दा हेर्दै एउटा ठूलो डरलाग्दो दानव बाटोमा देखियो । त्यसको जिउ ज्यादै ठूलो थियो । हात र खुट्टा पनि ठूलो खम्वा (खावो) जस्तै थिए । पेट भ्यात्त परेको तर टाउको भने देख्दै नदेखिने खालको थियो । यसो हेर्दा त मुर्कुट्टा जस्तो देखिन्थ्यो । उसलाई रात दिन पेट भर्नुकै चिन्ता थियो ।

कबन्धकले राम लक्ष्मण दुवैलाई समात्यो । उसले दुवैलाई भुसुना जस्तै ठान्यो । उसले त दुवैजनालाई एउटा एउटा लड्डु जस्तै संझियो । ऊ ठूलो स्वरले जोड जोडले हाँस्नलाग्यो । ऊ आहाराको खोजीमा थियो । उसले आहारा भेट्टायो । भोकोलाई खाना नै प्यारो हुन्छ । खाना पाउँदा हाँस्नु स्वाभाविकै थियो । त्यसैले कबन्धक मरी मरी हाँस्नलाग्यो । "आज मेरो ठूलो भाग्य रहेछ । तिमीहरू भेटियौ । अब केही खोज्नु परेन ।" यति भनी ऊ फेरि हाँस्न लाग्यो ।

राम लक्ष्मण दुवै होशियार थिए । दुवैलाई त्यसको कुरा सुन्दा अलि रिस उठेको थियो । दुवैले सल्लाह गरे र त्यो लट्टू घिचाहाको हात काटिदिए । अब ऊ कराउँदै जमिनमा ढल्यो । हात काटिएको पीडाले त्यो छटपटियो । त्यसलाई के गरौं, कसो गरौं भने झैं भयो । उसलाई आफूलाई कालले निम्ता गरे झैं लाग्यो । बल्ल उसलाई होश आयो । ऊ होशियार बन्यो । उसले नम्र भएर

राम र लक्ष्मणको परिचय सोध्यो । रामले आफ्नो र आफ्नो भाइको बारे बताउनु भयो र त्यस तर्फ आउनुको कारण पनि भन्नुभयो । कवन्धकले अब आफ्नो मृत्युको समय आएको कुरा वुझ्यो । उसले दुवै राजकुमारहरूको प्रशंसा गर्दै भन्यो : "राजकुमारहरू ! यी मेरा पापी हातहरू काटेर मेरो भलो गरिदिनु भयो । यी हातहरूले धेरै नराम्रा काम गरेका थिए । यी हातले धेरै साधुलाई सताए । धेरै सज्जनलाई तर्साए । मलाई आफ्नो कुकृत्य संझदा आफैंलाई लाज लाग्छ । आफ्नो खराब कामकै कारण आफू तल्लो तहको बीचमा गनिएको कुरा पनि उसले बतायो । तपाईहरूकै कारणले मेरो मृत्यु हुने कुरा मैले बुझें । मेरो मृत्युपछि मेरो दाहसंस्कार गरिदिनु होला । यस्तो अन्तिम अवस्थामा यहाँहरूको सेवा पाए म खुसी हुनेथिएँ ।


कवन्धकको कुरा सुनेर भगवान् रामले भन्नुभयो : "कवन्धक ! तिमीलाई मेरी रानी सीताको बोरमा केही थाहा होला ? त्यस बखत कवन्धक साँच्चै साँच्चै सज्जन बनेको थियो । मर्ने बखतमा उसको वुद्धि फिरेको थियो । उसले भन्यो: "भगवान् ! त्यस वारेमा त मलाई केही थाहा भएन । तर म एउटा उपाय बताउँछु । मेरो कुरा तपाईंलाई ज्यादै महत्त्वपूर्ण हुनेछ । तपाईं यहाँबाट दक्षिण तर्फ लाग्नुहोस् । केही परपुगेपछि मातङ्ग ऋषिको आश्रम आउँछ । त्यहाँवाट पूर्व लाग्नासाथ ऋष्यमुक पर्वत आउँछ । त्यो पर्वतमा किस्किन्धावाट भागेर आएका सुग्रीव बस्दछन् । ती वानरराज सुग्रीव तपाईंको सहयोगी बन्ने छन् । उनी अलि समस्यामा परेका छन् । तपाईं उनको सहयोगी हुनुहुनेछ ।" मर्ने बखतमा कबन्धकले यस्ता केही अनौठा कुरा गऱ्यो । यी आदि केही कुरा भन्दा भन्दै उसको इहलीला पनि समाप्त भयो । उसको मृत्यु यस्तै थियो । ऊ त्यसरी नै मऱ्यो । भगवान् रामले मृत आत्माको शान्तिको लागि कामना गर्नुभयो । भगवान्ले उसले भने जस्तै गरी उसको दाहसंस्कार गरिदिनु भयो । त्यसपछि राम लक्ष्मण दुवैजना ऋष्यमुक पर्वत तर्फ लाग्नुभयो ।

शबरीसँग भगवान् रामको भेट

भगवान् राम लक्ष्मणलाई लिएर त्यहाँबाट ऋष्यमुक पहाडतर्फ लाग्नुभयो । साँझ पर्न लागेको थियो । वहाँहरू मातङ्ग ऋषिको आश्रममा पुग्नुभयो । ऋषि मातङ्ग त हुनुहुन्न थियो तर पनि वहाँको नाम प्रसिद्ध नै थियो । त्यस बखत एउटी तपस्वी बूढी त्यस आश्रममा थिई । त्यहाँ आएका अतिथिहरूको स्वागत गर्ने काम उसैले समालेकी थिइन् । ती बुढी महिलाको नाम थियो : शवरी । रामलाई देख्नासाथ उनलाई भगवान् देखे झैं लाग्यो । उनले आफूसँग भएको फलफूल भगवान्को अगाडि राखिदिइन् । शवरी पहिल्यैदेखि रामलाई भेट्न चाहन्थिन् । रामलाई भेटेर मात्र मर्ने उनको तिब्र इच्छा थियो । त्यसै बखत शबरीले भनिन् : भगवान् हजूर चित्रकुट आइपुग्नु भएको कुरा मैले पहिले नै सुनेको थिएँ । हजूरलाई भेट्ने इच्छा पनि थियो । म हजूरलाई भेट्न जान लागेको थिएँ । त्यस बखत मेरा गुरुहरूले मलाई भगवान् यहीं आएर तिमीलाई दर्शन दिनुहुन्छ भन्नुभएको थियो । त्यसैले म यसै ठाउँमा पर्खेर बसेको हुँ ।

सबै गुरुहरूको मृत्यु भयो, तर मलाई हजूरको दर्शन गर्न लेखेको रहेछ । आज मेरो सबै जन्मको धर्म पूरा भयो । म ज्यादै खुसी छु । भगवान् ! म ज्यादै खुसी छु । मभन्दा भाग्यमानी यो संसारमा कोही छैन । शबरी ज्यादै खुसी भईन् । शबरीलाई राक्षस कुलको मानिन्थ्यो । त्यसबखत उनी जस्तालाई अलि तल्लो तहमा राखिन्थ्यो । तर भगवान् रामले त्यसको वास्ता गर्नुभएन । वहाँमा भेदभावको भावना थिएन । भगवान् सबै प्राणीलाई समान मान्नुहुन्थ्यो । वहाँको आँखामा सबै समान थिए । मानिस आफैं अज्ञानी बनेर जथाभावी भेदभाव गर्दथ्यो । वास्तवमा मानिसले आफूले नबुझेर नै यस्तो भूल गर्दै गयो ।


त्यहाँ भएका सबै कुरा जान्ने-बुझ्ने व्यक्ति शबरी नै थिइन् । ऋषिहरू त मातङ्ग ऋषिकै यज्ञ मण्डपमा आफ्नो शरीर त्यागेर परलोक तर्फ लागिसकेका



थिए । त्यहाँको सबै कुरा बुझ्ने व्यक्ति उनै थिइन् । उनी धर्मात्मा थिइन् । उनले भगवान् रामलाई महर्षि मातङ्गको यज्ञ मण्डप देखाइन् । उनको अन्तिम इच्छा पूरा भएको थियो । उनी रामकै अगाडि आफ्नो शरीर त्यागेर अर्को लोक तर्फ लाग्न चाहन्थिन् । भगवान् रामले पनि शबरीको त्याग तपश्या बुझ्नुभयो । उनको इच्छा वहाँलाई राम्रै लाग्यो । भगवान्ले स्वीकृति दिनुभयो ।

शबरीले आफ्नो चिता तयार पारिन् । हेर्दा हेर्दै उनी चितामा प्रवेश गरिन् । उनी त्यही चितामा बसेर भगवान्को भक्ति गर्न लागिन् । आफ्नो इच्छा अनुसार प्राणायाम गर्दा गर्दै उनको मृत्यु भयो । शबरीको धर्म निष्ठा देखेर भगवान् पनि दङ्ग पर्नुभयो । शबरीलाई भेटेपछि भगवान् रामको चित्त पनि शान्त भयो । वहाँमा धैर्य धारणको क्षमता बढेर आयो । सीताको वियोगको व्यथाले अशान्त बनाएको मनमा कता कता वैराग्य देखापर्‍यो ।

भगवान् राम लक्ष्मणलाई साथमा लिएर पम्फा सरोवर तर्फ लाग्नुभयो । तलाउ ज्यादै अनौठो थियो । त्यो तलाउ ज्यादै विशाल थियो । डुङ्गा चलाएर मात्र पार गर्न सकिन्थ्यो । तलाउको चारैतर्फ फूल फुलेको थियो । भगवान् रामले तलाउको चारैतर्फ घुमेर त्यहाँको प्रकृति त्यहाँको वातारण हेर्नुभयो । त्यो तलाउ त्यही ऋष्यमुक पहाडको बीचमा थियो ।


किष्किन्धा काण्ड

किष्किन्धा काण्डको सारांश

केही दिनपछि राम लक्ष्मण दुवैजना ऋष्यमुक पहाडमा पुग्नुभयो । पहाडको बीचमा थियो; एउटा तलाउ । त्यसको नाम पम्फा थियो । त्यो तलाउ ज्यादै सुन्दर थियो । दुवैजना त्यहाँ उभिएर त्यही तलाउ हेर्न लाग्नुभयो । यस्तैमा लुकेर त्यहाँ बसेका सुग्रीवले वहाँहरु दुवैलाई देखे । बालिले छल गरेर कसैलाई पठाएको हो कि भन्ने शङ्काले उनी अत्तालिए । यसबारे उनले हनुमानलाई बताए । हनुमान रुप बदलेर तलाउ तर्फ लागे । तलाउमा पुगेर सोधखोज चिनजान गर्दा महाराज दशरथका छोरा राम र लक्ष्मण भएको कुरा पत्तालाग्यो । उनले दुवैजनालाई बोकेर आश्रममा पुऱ्याए ।

भगवान् रामले आफ्नो समस्या बताउनुभयो । यस्तैमा सुग्रीवले पनि आफ्नो अवस्था बारे बताए । आफू आफ्नै दाइको अन्यायले गर्दा त्यहाँ आएर बस्नु परेको कुरा सुनाए । ती दुवैले एक आपसमा मित्रता गाँसे । एक अर्कालाई सहयोग गर्न वचनबद्ध भए ।

भगवान् राम शक्तिशाली हुनुहुन्थ्यो । वहाँको वाण अचुक थियो । वहाँको त्यस्तो शक्ति बारे चाल पाएपछि भगवान् रामबाट आफूलाई सहयोग प्राप्त हुने र न्याय प्राप्त हुने कुरामा विस्वस्त भए ।

यस्तैमा एकदिन बालिलाई हाँक दिने कुरा उठ्यो । सोही अनुसार सबै कुराको बन्दोबस्त मिलाएर बालिलाई हाँक दिइयो । भगवान् राम अलि परे लुकेरै रुखमाथि बस्नुभएको थियो । वहाँ बालिलाई वाण हान्न तयार हुनुहुन्थ्यो तर ती दुवैको उस्तै अनुहार देखेर वहाँ झुक्किनु भयो । त्यसपटक सुग्रीवले बेस्सरी पिटाइ खाए । टिक्न नसकेर उनी भागे । बालि गर्जदै

दरवार तर्फ लागे । फेरि सबैजना ऋष्यमुक पहाडको फेदीमा जम्मा भए । सुग्रीवले विलौना गर्दा रामले संझाउँदै भन्नुभयो :"मित्र ! तपाईंहरु दुवैको अनुहार उस्तै रहेछ । वालिलाई ताक्दा तपाईं पर्नुहोला कि भन्ने डरले गर्दा वाण हान्न सकिनँ । अव यस्तो हुँदैन । उपाय निकालेर मात्र जानुपर्छ भनी सम्झाउनुभयो ।" केही समयको छलफलपछि सुग्रीवलाई माला लगाएर पठाइयो । यसपटक त्यस्तो भएन । भगवान् रामले चलाएको वाणले बालि घाइते भयो । ऊ मैदानमा पछारियो । केही समय वेहोश भयो ।

किष्किन्धा शहरमा हो-हल्ला मच्चियो । यो खवर बालिको दरवारमा पनि पुग्यो । बालिकी रानी तारा विलाप गर्दै त्यहाँ आइपुगिन् । उनको अलाप विलाप सुनेर भगवान् रामलाई पनि नमज्जा लाग्यो । बालिको कर्ममा यस्तै लेखिएको रहेछ, चिन्ता नगर भनी भगवान्ले संझाउनुभयो । उनी अलि शान्त भएर दरबार तर्फ लागिन् । सबैजनाको मन केही शान्त भए जस्तो भयो । सवैजना बालिको दाह-संस्कार तर्फ लागे ।

सुग्रीव किष्किन्धा शहरका राजा भए । बालिको छोरा अंगदलाई युवराज बनाइयो । राज्यभिषेक सम्पन्न भयो । किष्किन्धा राज्यमा फेरि खुशीयाली छायो । सुग्रीवले भगवान् रामलाई भरपूर सहयोग गर्ने वचन दिएका थिए । त्यस बखत सहयोगको लागि उनी तयार पनि थिए तर त्यो समय वर्षाको समय थियो । आवत-जावतको लागि सजिलो थिएन । त्यसैले शरद ऋतुसम्म पर्खने निर्णय भयो । शरद ऋतुलागेपछि खोजी कार्यमा लाग्ने टुङ्गो लाग्यो ।

वर्षा समाप्त भएको त निकै समय भइसकेको थियो । अब त शरद ऋतु पनि समाप्त हुनलागेको थियो । त्यस बखतसम्म पनि सुग्रीवले त वास्तै गरेनन् । ढिला हुँदै गएकोले भगवान् राम अत्तालिन लाग्नुभयो । लक्ष्मण त रिसले आगो भएका थिए । हनुमान र अंगदले संझाउँदा पनि सुग्रीव त सबै कुरा बिर्सन पाए हुन्थ्यो भने झैं गर्दथे । यस्तैमा एकदिन लक्ष्मण सुग्रीवलाई भेट्न जानुभयो । वहाँलाई पहिले त महारानी ताराले भेटिन् । ताराले बाँदर जातिको स्वभाव बारे बताइन् । उनले त्यस्तासँग कसरी काम लिनुपर्छ भन्ने कुरा बुझ्नुपर्छ भनी राम्रो सल्लाह दिइन् । तारा

बाठी थिइन् साथै शिष्ट स्वभावकी । उनको सभ्य व्यवहार देखेर लक्ष्मण पनि दङ्ग पर्नुभयो । तारासँगको कुराकानीपछि मात्र सुग्रीवले लक्ष्मणलाई भेटे । सबै कुराको छलफल गरेर सेना तयार पारेर सबैजना ऋष्यमुक पर्वत तर्फ लागे ।

ऋष्यमुक पर्वतमा पुगेर भगवान् रामसँग भेटघाट गरे । आफ्ना सेनालाई एक महिनाभित्र सबै कुरा पत्ता लगाएर मात्र फर्कन आदेश दिए । एक महिनाभन्दा ढिला नहोओस् भन्ने कुरा स्पष्ट पारे । बाँदर सेना पनि समूह बनाएर पूर्व पश्चिम उत्तर दक्षिण चारैतर्फ लाग्यो । रावणले नै हरण गरेको भन्ने कुरा स्पष्ट भएकोले एउटा बलियो समूह दक्षिण तर्फ लाग्यो । त्यसमा हनुमान पनि थिए ।

हनुमानको समूह समुन्द्रको किनारमा पुग्यो । त्यत्रो विशाल समुद्र कसरी तर्ने ? सबैजना समस्यामा परे । जटायु भएको भए यो समस्या सजिलै टर्ने कुरा पनि चल्यो । यो कुरा सुनेर एउटा बूढो गिद्ध सम्पात त्यहाँ आए । उनले आफू जटायुको दाजु सम्पात हुँ भनी बताए । सबै कुरा बुझेपछि उनले हनुमानलाई उक्साए । राम्रो काममा हिंडेकोमा सबै बाँदर जातिको प्रशंसा गरे । सम्पातकै कुरामा सही थापे जाम्बवान्ले । उनले वायुको जस्तो वेग भएका सूर्यको जस्तो शक्ति भएका भनी हुनमानको प्रशंसा गरे । हेर्दा हेर्दै हनुमान विशाल देखिए । केही समयपछि उनी समुद्रको पल्लो किनारमा उभिन पुगे । सबै साथीहरु जिल्लाराम परे ।

राम हनुमानको भेट

वसन्त ऋतु लागेको थियो । जङ्गलमा जङ्गली फूलहरू फुलेका थिए । विभिन्न प्रकारका फूलहरूले गर्दा वातावरण रङ्गीचङ्गी भएको थियो । फूलको वासनाले सुगन्धित थियो जङ्गल । फल पाकेर मगमग बास्ना आउँथ्यो । सारा जङ्गल झकिझकाउ, दुलही सिंगारिएको जस्तो । हावा चल्दा त झनै मगमग बास्ना आउने कस्तो आनन्द लाग्दो वातावरण । पम्फा सर वरपरको प्रकृति एकदमै झकिझकाउ नै थियो । राम लक्ष्मण त्यसै तलाउको किनारमा उभिनुभएको थियो ।


तलाउको पानी निर्मल थियो । सफा पानी, शरद ऋतुको आंकाश जस्तै सफा । त्यहाँ पन्छीहरू थिए । रङ्गीचङ्गी रुप रङ्ग भएका पन्छीहरू । कुनै राता थिए कुनै काला, कुनै सेता थिए कुनै हरिया । प्रकृतिमा भएको नवै रङ्ग त्यहाँ थियो । कोइली गीत गाउँदै थियो । मयूर आफ्नै तालमा नाच्दै थिए । यस्तै थियो प्रकृतिको मनोरम दृश्य ।

त्यहाँ थरिथरिका जनावरहरू पनि थिए । भैंसी पानीमा खेल्दै थिए । गाई किनारमा चरिरहेका थिए । यताउति हिंडिरहेका थिए हरिणहरू । तिनीहरू कतै बथानमा थिए । कतै एक्ला एक्लै । कतै भेडा जुद्दै थिए । कतै गोरु डुक्रँदै थिए । कसैलाई कुनै कुराको पनि त्रास थिएन । सबैतिर सुख शान्ति थियो । वातावरण शान्त, प्रकृति रमाइलो । आहा ! कति गजबको थियो त्यो संसार ।

यी सबै कुराले दु:ख नै बढायो, भगवान् रामलाई । वहाँलाई बैराग्य लाग्यो । वहाँलाई संसारै अँध्यारो भएँजस्तो भएको थियो । दु:खको बेलामा सुखका कुराले पनि दु:खै बढाउँछ । भगवान् रामलाई पनि त्यस्तै भयो । प्रकृतिका सबै रमाइला कुराहरू व्यर्थका जस्ता लाग्न लागे । वहाँको आँखा अगाडि सीताजीकै अनुहार घुमिरह्यो । वहाँलाई पम्फा तलाउ वरपर भएका

सबै कुराले दुःख वढायो । सबै राम्रा कुरा पनि नराम्रा जस्ता लाग्नलागे । झनै पीर थपियो, दुःख बढ्यो । वहाँ एकाएक त्यसै छटपटाउन लाग्नुभयो । वहाँले लक्ष्मणलाई आफ्नो मनको हाल बताउँदै भन्नुभयो : "लक्ष्मण ! यहाँ भएका सवै कुराले मलाई सुखी बनाउनुको साटो दुःखी बनाएको छ । प्रकृति हाँसे पनि म रोएको छु । मनै रोएपछि कसको के लाग्दोरहेछ र ?" भगवान्को कुरा सुनेर लक्ष्मणलाई पनि एकदमै दुःख लाग्यो । वहाँलाई कस्तो कस्तो अनुभव भयो । तैपनि लक्ष्मणले भगवान् रामलाई धैर्य धारण गर्न संझाउनुभयो । आपत बिपतको बेलामा आत्तिनु झनै नराम्रो हो । दुःखको बेलामा धैर्य नै औषधी हो । त्यसैले अब सुग्रीवलाई भेटौं र सीताजीको खोज खबरतर्फ लागौं भनी भन्नुभयो । लक्ष्मणको सल्लाह अनुसार वहाँहरू त्यहाँबाट ऋष्यमुक पहाडतर्फ लाग्नुभयो ।

यता सुग्रीवले राम र लक्ष्मणलाई परैबाट देखिसकेका थिए । वहाँहरू तलाउमा घुम्न लागेदेखि नै बालिले छल गरी कसैलाई पठाएको पो हो कि भन्ने लाग्यो । उनी अलि तर्सिएका थिए । त्यसैले उनले आफ्ना विश्वासिलो व्यक्ति हनुमानलाई भेटे । सुग्रीवले भने : "हनुमान ! पम्फा सर वरपर हिँड्ने व्यक्ति को हुन् ? कतै तिनीहरूलाई बालिले पठाएको त होइन ? कतै गएर लुक्नु पर्ने पो हो कि ? हनुमान ! राम्रोसँग बुझ त ?" सुग्रीव छटपटाउन लागेको देखेर



हनुमानले भने : "महाराज ! त्यसै कुरै नबुझी अत्तालिनु त मूर्खता हो । त्यसैले कुरा नबुझी छटपटिनु हुन्नँ । म सबै कुरा बुझेर आउँछु । अनि जे गर्नुपर्छ, गरौंला ।" हनुमानको कुरा सुनेपछि सुग्रीव अलि अत्तालिन छाडे । उनीमा धैर्य पलायो । उनी अलि ढुक्क भए ।

हनुमान एउटा ब्राह्मण रुप धारण गरेर पम्फा सरतर्फ लागे । हनुमान भगवान् रामको नजिकै पुगे । उनले भगवान् तर्फ फर्केर भने : "सज्जनहरू ! तपाईहरू योगीको भेषमा हुनुहुन्छ फेरि धनुवाण बोकेर हिँड्नुभएको छ । के काम परेर यसरी हिँड्नु भएको हो । यहाँहरू को हुनुहुन्छ, परिचय दिन मिल्छ होला ?" हनुमानले ज्यादै विनम्रतापूर्वक सोधेकोले भगवान् खुसी भई भन्नुभयो: "हामी चक्रवर्ती महाराज दशरथका छोरा हौं । मेरी महारानी चित्रकुट पहाडबाट हराएकीले हामी उनकै खोजीमा हिँडेका हौं ।" भगवान् रामले त्यति भन्नासाथ हनुमानले आफ्नो परिचय दिए । बालिले छल गरेर कसैलाई पठाएको हो भनी आफू यसरी छद्म भेषमा आएको भन्ने कुरा पनि बताए । हनुमानले भगवान् रामलाई सुग्रीवसँग भेटघाट गर्न अनुरोध गर्नुभयो । हनुमानको अनुरोध स्वीकार गरी राम र लक्ष्मण हनुमानसँगै ऋष्यमुक पहाडतर्फ लाग्नुभयो ।

सुग्रीव राम मित्रता

केही समयपछि सबैजना ऋष्यमुक पहाडमा पुगे । त्यहाँ सुग्रीव हनुमानलाई कुरेर बसिरहेका थिए । राम र लक्ष्मणलाई लिएर हनुमान ऋष्यमुंक पुग्दा उनी ज्यादै खुसी भए । हनुमानले राम र लक्ष्मणसँग चिनारी गराउनुभयो । केही समय यताउताका कुरा भएपछि सुग्रीवले आफू ऋष्यमुक पहाडमा आएर बस्न पर्नाको कारण बताउन लागे । उनले भने : "राजकुमारहरू ! म एउटा दुर्घटनामा परें । त्यसैबेलादेखि म यो पहाडमा आएर बस्न लागेको हुँ । एक दिनको कुरा हो । हामी मस्त निद्रामा थियौं । रातको समय थियो । कतैतिरबाट ज्यादै डरलाग्दो आवाज आयो । हामी सबै बिउँझियौं । हेर्दा त एउटा देख्दै डरलाग्दो मायावी दानव हामीलाई हाँक दिन उभिएको रहेछ । त्यसलाई देख्नासाथ बालि रिसले आगो भए । उनी किष्किन्धा नै थर्कने गरी गर्जनलागे । उनी त्यो मायावी दानवसँग लड्न तल हाम्फाले । उनलाई देख्नासाथ दानव भाग्यो । बालि त्यसको पछिपछि कुदेको देखेर म पनि बालिको पछिपछि कुदें । यस्तैमा त्यो दानव एउटा गुफामा पस्यो । बालिले मलाई गुफा बाहिर राखेर उनी गुफाभित्र पसे । भोलि बिहानसम्म पनि उनी फर्किएनन् । गुफाबाट त रगत बग्नलाग्यो । केही समय पर्खिएँ । घण्टा बित्यो, बिहान पनि सकियो । मलाई डरलाग्यो । अब बालि मारिएछन् भन्ने पक्का भयो । त्यसैले मैले एउटा यामानको ढुङ्गा ल्याएर गुफा थुनिदिएँ र आफू त्यहाँबाट भागेर किष्किन्धा आइपुगें । सबैलाई यही खबर सुनाएँ । बालि मारिएको पक्का भयो । सबैजनाले मारिएकै भन्ने निधो गरे । मलाई राजा बनाउने निधो भयो म पनि तयार भएँ ।

उता सारा राक्षसहरूलाई सखाप पारी बाली गुफाबाट फर्किएछन् । गुफामा यामानको ढुङ्गाले बाटो छेकिएको देख्दा उनी अलि छक्क परेछन् । त्यो ढुङ्गालाई लात हानी लडाएछन् र मलाई खोजेछन् । मलाई नदेखेपछि उनी सरासर किष्किन्धा आइपुगे । किष्किन्धा आइपुग्नासाथ मलाई लखेट्नथाले । मैले हजार विन्ति गरें । मैले डरले गर्दा त्यस्तो गरेको भनी बुझाएँ तर उनले पत्याएनन् । उनलाई त मैले जाल गरेको, दाजु मारेर राज्य गर्न खोजेको भन्ने परेछ । मैले खुट्टामा ढोग्न खोजें । मानिस लगाएर संझाउन खोजें तर केही लागेन । म एकदमै ठूलो संकटमा परें । आफ्ना साथी भाइसँग सरसल्लाह गरें । आखिर केही नलागेपछि केही साथीहरूलाई लिएर यहाँ आएँ । मेरी श्रीमतीलाई पनि बालिले हरण गऱ्यो । म अहिले एक्लो जीवन बिताउन बाध्य भएको छु ।

सुग्रीवका कुरा सुनेर भगवान् रामलाई दया लाग्यो । वहाँले सुग्रीवलाई संझाउँदै भन्नुभयो : "बाँदरराज ! तपाईंको त्यो अधर्मी दाजुलाई ठीक पार्ने काम मेरो भयो । त्यस्ता दुर्जनलाई नास गरी सज्जनलाई सहयोग गर्न नै यो पृथ्वीमा म आएको हुँ । त्यसैले तपाईं पीर नमान्नोस् । त्यस्ता अधर्मीलाई यो पृथ्वीबाट लखेट्नु मेरो धर्म हो । तपाईं डराउनु पर्दैन ।"

भगवान् रामका कुरा सुनेपछि बाँदरराज सुग्रीव अलि ढुक्क भए । उनलाई पूरै विश्वास भने भएन । त्यसैले बालिको बयान गर्दै उनले भने : "महाराज बालि एकदमै शक्तिशाली छन् । उनले ज्यादै कठोर तपश्या गरेका थिए । उनको तपश्याबाट खुसी भएर महादेवले उनलाई के माग्छौ भन्दा आफूसँग लड्ने व्यक्तिको आधा बल आफूमा आओस् भनी वरदान मागे । भगवान्ले तथास्तु भनी वरदान दिनुभयो । बालि बलवान् थिए नै उनले त्यस्तो वरदान पनि पाएपछि झनै बलवान् भए । त्यसैले बालिसँग लड्नु सजिलो छैन, ऊ यो पहाडमा आउँदैन । त्यसको पनि कारण छ । यो पहाडमा टेक्नासाथ उसको शक्ति घट्छ । ऊ दुर्बल बन्छ । त्यसैले ऊ यहाँ नआएको हो । उसलाई यस्तै सराप परेको छ । त्यही सरापको कारणले यो पहाडमा नआएको हो । त्यसै कारण मेरो ज्यान जोगिएको हो ।"

भगवान् रामले पनि आफ्नो कुरा बताउनुभयो । वहाँले आफ्नी रानी

हराएको कुरा बताउनुभयो । त्यसैबखत एउटा राक्षसले एउटी स्वास्नीमानिस अपहरण गरेर लगेको त्यसैबेला ती स्वास्नीमानिसले आकाशबाट केही गहना खसालेको, हनुमानले ती गहना भेट्टाएर आफूलाई राख्न दिएको कुरा सुग्रीवले सुनाए । कतै त्यो गहना सीताजीकै पो हो कि भनी भगवान् रामलाई देखाए । त्यो गहना सीताजीकै थियो । रामले ती सबै गहना चिन्नुभयो । वहाँ झनै दुःखी हुनुभयो । त्यसैबखत सुग्रीवले रामलाई संझाए । उनले आफूले सक्दो सहयोग गर्ने वचन दिए । आपत विपत्मा अत्तालिनु राम्रो होइन भनी बुझाए । सुग्रीवले फेरि पनि संझाउँदै भने : "महाराज ! तपाईं जस्ता ज्ञानी विद्वान्ले व्यर्थमा समय खेर फाल्नु राम्रो होइन । समस्या त आइहाल्छ, समस्या आयो भन्दैमा अत्तालिएर पनि के गर्ने ? शोकले दुःख निम्त्याउँछ । शोकले मानिसको आत्मतेज घटाउँछ । त्यसैले धैर्य धारण गरौं र दुःखबाट उम्कने उपाय सोचौं । सीताजीलाई फर्काएर ल्याउने काम मेरो भयो । म रावणको शाखा सन्तान समाप्त पारेर सीताजीलाई फिर्ता ल्याउँछु । मेरो बोली घाम पानी जस्तै सत्य छ । वचन भुल्ने छैन ।"

सुग्रीवको यस्तो कठोर प्रतिज्ञा पछि भगवान् राममा पनि विशेष फूर्ति आयो । वहाँको मनमा पनि आशा पलायो । वहाँ दुष्टको बिनासको लागि तयार हुनुभयो । वहाँले भन्नुभयो : "सुग्रीव ! तपाईंले एउटा मित्रको साँचो मित्रता देखाउनुभयो । त्यसको लागि म मेरो अन्तरआत्मादेखि नै ज्यादै खुसी छु । अब भन्नुहोस् तपाईंको काम ? कसरी त्यो काम पूरा गर्ने त ?"

सुग्रीव अझै हच्किए । भगवान् रामले सुग्रीवको काम पूरा गर्न सक्ने नसक्ने बारे सुग्रीवलाई अझै विश्वास लागेन । उनले फेरि बालिको शक्तिबारे बताए । बालिले सयौं राक्षसहरूलाई एकैपटक सखाप पारेको कुरा सुनाए । यस्तैमा लक्ष्मणले सोध्नुभयो : "सुग्रीव ! भगवान् रामले के गरिदिनुभयो भने तपाईंलाई विश्वास होला त ?" लक्ष्मणको प्रश्न सुन्नासाथ त्यहीं वरिपरि भएका रुखहरू मध्ये एउटा रुख भगवान् रामको एउटै वाणले ढाल्नसके रामको शक्तिमा विश्वास गर्ने कुरा सुग्रीवले बताए ।

यो सुन्नासाथ भगवान् रामले आफ्नो ठोक्राबाट वाण निकाल्नुभयो । त्यो वाण धनुमा चढाएर तुरुन्त प्रहार गर्नुभयो । प्रहार गर्नासाथ त्यसै वरिपरिका सातओटा रुखहरू ढले । सुग्रीव यो देखेर छक्क परे । अब भने सुग्रीवलाई विश्वास भयो । राम राजकुमार मात्र नभएर भगवान् नै भएको कुरामा विश्वास बढ्यो । त्यसैवखत सुग्रीवले भने : "भगवान् ! अब मलाई विश्वास भयो । तपाईं शक्ति मात्र नभएर महाशक्ति हुनुहुँदोरहेछ । तपाईंको हातबाट वालिको मृत्यु त निश्चित नै छ । अझै पृथ्वीका कयौं दुष्ट समाप्त हुनेछन् । कति दुष्टको काल आएको हो, म त भन्नै सक्दिनँ । त्यसैले म तपाईंको शक्तिमा विश्वास गर्दछु ।"

बालिको मृत्यु

भगवान् रामको शक्ति बारे बुझेपछि सुग्रीवले भगवान् रामको प्रशंसा गरे । उनले भने : "भगवान् ! मैले हजूरको शक्तिबारे बुझें, अब कसो गर्नु बेस होला ? हजूरबाट आज्ञा भएपछि म जसो गर्न पनि तयार छु ।" भगवान् रामले पनि अब ढिला गर्नु ठीक छैन भनी सुग्रीवलाई संझाउनु भयो । कुराकानी अनुसार बालिलाई हाँक दिने कुरा भयो । उसलाई सराप परेको हुनाले ऊ पम्फा सरको वरपर आउँदैन भन्ने पनि स्पष्ट थियो । त्यसैले उसलाई चुनौती दिन किष्किन्धाकै आसपासमा पुग्नुपर्दथ्यो । उनीहरूले किष्किन्धाकै आसपासमा जाने निर्णय गरे ।

भगवान् राम बालिलाई राज्यबाट हटाउन चाहनुहुन्थ्यो । बालिको ठाउँमा सुग्रीवलाई राजा बनाउने निर्णय गर्नुभयो । त्यसैले सबैजना किष्किन्धा तर्फ लागे । केही समयमा नै किष्किन्धा शहरको ढोकामा पुगे । किष्किन्धा ज्यादै रमाइलो ठाउँमा थियो । त्यहाँको वातावरण एकदमै शान्त थियो, भने हावापानी ठण्डा । वस्ती नदीको किनारमा थियो । ज्यादै रमणीय थियो त्यो शहर ।

बालिलाई हाँक दिदैं जाँदा सुग्रीवलाई समूहको नाइके बनाइयो । सुग्रीव सबभन्दा अगाडि थिए । राम लक्ष्मण सबभन्दा पछाडि हुनुहुन्थ्यो । राम लक्ष्मण अगाडि देखिन चाहन्नथे । अगाडि बढ्दै जाँदा सबैजना किष्किन्धाको नजिकै पुगे । राम, लक्ष्मण वर कतै लुक्नुभयो । बालिले वहाँहरूलाई नदेखोस् भन्ने चाहनुहुन्थ्यो । यता सुग्रीवले हाँक दिएको कुरा किष्किन्धा दरबारमा पुग्यो । बालिले यो कुरा चाल पाए । उनी आफ्नो दरबारबाट हुरतुराउँदै तल झरे । रिसले आगो भएर उनैतिर कसैलाई पनि नहेरी उसले सुग्रीवलाई झम्टयो ।

दुई भाइको बीचमा मारामार पर्नथाल्यो । कोही कसैलाई छुट्याउने आँट गर्न सक्दैनथ्यो । कोही कसैलाई सहयोग गर्न पनि गएन । त्यस बखतको चलन

अनुसार दुईजनाको बीचमा भएको झगडामा कोही पनि बीचमा जादैनथ्यो । बालि बलियो थियो । बलको कुरामा ऊ कहलिएकै थियो । उसको अगाडि कसको के लाग्ने ? सुग्रीव बालिको मुक्का छल्दै वल्लतल्ल टिक्दै थिए । भगवान् रामले वाण चलाएर वालिलाई खत्तम पार्ने आशले केही समय टिकेका थिए । यता भगवान् राम अलमलिनु भयो । कुन वालि हो कुन सुग्रीव ? वहाँले छुट्ट्याउँनै सक्नुभएन । आखिर सुग्रीवको केही नलागेपछि उनी त्यहाँवाट भागे ।

सुग्रीव भागेर फेरि ऋष्यमुक पुगे । सवैजना उनको पछिपछि दगुरे । बालि बलको तुजुक देखाएर कुर्लन लाग्यो । उसको अगाडि को टिक्ने ? उसका मतियारहरू हाँस्न लागे । सवैजना बालिको जय भनी जय जय मनाउन थाले । समाजमा धेरैजसो व्यक्ति बलियाकै पछि लाग्छन् । उसैको प्रशंसा गर्दछन् । वास्तवमा त्यहाँ पनि त्यस्तै भयो । आखिर हरूवालाई कसले गन्ने ? सुग्रीव शेखी गर्दै आएको आखिर मुक्का खाएर गएकोमा सवै हाँस्नलागे ।


भगवान् राम भने ज्यादै अलमलमा पर्नुभयो । सुग्रीवले के भन्ने होला भन्ने डर वहाँलाई थियो । भगवान् रामलाई भेट्नासाथ सुग्रीवले गुनासो गर्दै भने : "भगवान् ! हजूरले किन यस्तो गर्नुभएको ? मच्चायो मच्चायो थच्चायो भने झैं पो भयो । यस्तो गर्नु थियो भने हजूर आफैंले मारिदिनु भएको भए म हाँसी हाँसी मर्दथें ।" सुग्रीवको कुरा सुन्नासाथ भगवान्ले भन्नुभयो : "मित्र ! त्यसो होइन, मैले तपाईंलाई फसाउन खोजेको पनि होइन । म समस्यामा परें । तपाईं मारिनुहुन्छ कि भन्ने डरले मैले वाण चलाउनै सकिनँ । तपाईंको र वालिको अनुहार एकदमै दुरुस्त देखियो । त्यसैले म अलमलिएँ । तपाईं विश्वास गर्नुहोस् । अब यस्तो हुन्नँ । म एउटा उपाय गर्दछु ।"

भगवान् रामको वचन पाएपछि सुग्रीव अलि ढुक्क भए । रामले लक्ष्मणलाई माला गाँस्न भन्नुभयो । लक्ष्मणले एउटा माला तयार पारे । केही समयपछि माला लगाएर सुग्रीव अगाडि लागे । उनी स्पष्ट चिनिने भएका थिए । फेरि सवै जना हो-हल्ला गर्दै किष्किन्धा तर्फै लागे । यसपटक सुग्रीव ज्यादै डराएका थिए । रासले उनलाई पटक पटक सम्झाउनु भयो । वहाँले यसपटक त्यस्तो नहुने कुरा बुझाउनुभयो । सुग्रीवलाई भगवान्को कुरामा विश्वास त थियो तर पनि मनमा त्रास थियो । कतै बालिले बेस्सरी बजाउने हो कि भन्ने डर भित्र मनमा गडेको थियो । अगुल्टाले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ भने झैं

भएको थियो सुग्रीवलाई । तर पनि उनी अगाडि वढे । किष्किन्धाको ढोकामा पुगे । सुग्रीवले फेरि हाँक दिए । भगवान् राम र लक्ष्मण अलि परै लुक्नुभयो ।

यसपटक तारालाई शङ्का लाग्यो । उनी अलि झस्किइन् । उनले बालिलाई सम्झाउँदै भनिन् : "महाराज ! सुग्रीव अवश्य पनि एक्लै छैनन् । एक्लै भएको भए यसरी पटक पटक आउने पनि थिएनन् । कसैको सहयोग पाएरै आएका हुन् । त्यसैले बुझेर मात्र लड्नुपर्छ । यसरी हत्तारिनु हुन्नँ । सुग्रीवले हाँक दिए भन्दैमा सुग्रीवको पछि पछि कुद्नु हुन्नँ ।" बालिलाई ताराले जति भने पनि उनको बुद्धि पलाएन । मर्ने बेलामा किन बुद्धि पलाउँथ्यो र ? "शत्रुले हाँक दिएपछि जानैपर्छ । बरु अरू कोही भए म कुरा गरौंला ।" यति भनी बालि गर्जदै हिँड्यो । ऊ जगरसेठ बनेको थियो । ऊ कसैलाई पनि नटेर्ने स्वभावको थियो । कसैको कुरा सुन्ने स्वभाव उसको थिएन । केही समय तारालाई संझायो । आफूभन्दा शक्तिशाली कोही नभएको कुरा बतायो । ऊ गर्जदै अगाडि बढ्यो । उसको आवजले किष्किन्धा शहरै हल्लियो । फेरि के हुन लागेछ भनी बाँदरराज बालि दगुरे तर्फ दौडिए । सारा बाँदर जातिको भीड बालिको पछिपछि लाग्यो ।

फेरि आफ्नै दुई भाइ लड्नथाले । उनीहरूको बीचमा मारामर पर्नथाल्यो । यसपटक धेरै समय नकुरी भगवान् रामले तुरुन्त वाण चलाउनु भयो । बालिलाई वाण लाग्यो । बालि रगताम्ये भएर भुइँमा पछारियो । ऊ बेहोश भयो । चारैतिर हल्लिखल्लि मच्चियो । बालिलाई वाण लागेको र उनी ढलेको सुन्दा किष्किन्धाका सारा बाँदर जातिमा हल्लिखल्लि मच्चियो । सबैजना जिल्ल परे । के हुन लागको हो भन्ने बारे कसैले बुझ्नसकेन । सबै डरले काम्नथाले । यता भगवान् राम रुखको छेलबाट निस्कनुभयो । त्यस बखतसम्ममा बालि पनि अलि होशमा आए । भगवान् रामलाई देख्नासाथ भन्नथाले : "राजकुमार राम ! तपाईंले किन यस्तो कुकर्म गर्नुभएको ? एउटा क्षेत्री राजा भएर यसरी लुकेर वाण हान्ने ? आखिर मैले तपाईंको के नै बिगारेको थिएँ र ? हामी भाइभाइ बीचको झगडामा किन यस्तो नकाम गर्नुभयो ? के भयो तपाईलाई ? सुग्रीवलाई खुसी पारेर तपाईं के पाउनुहुन्छ ? लुकेर मलाई मारेको अपराध त लाग्छ होला ? सुग्रीव चाहिं तपाईंको इष्ट म चाहिं शत्रु ? कसरी भएँ म तपाईंको शत्रु ? आखिर म पनि त तपाईंको सहयोगको लागि तयारै थिएँ । किन यस्तो दुर्बुद्धि आएको ? हे भगवान् किन यस्तो दुर्भावना पलाएको ?" बालिको कुरा सुनेर भगवान् रामले



भन्नुभयो : "बालि ! हेर यो संसारमा सबैलाई मर्ने बेलामा बुद्धि आउँछ । आफू बलियो हुँदा कसैलाई वास्ता गर्दैन । बलियो हुँदा बुहारी हरण गर्न पनि पछि परेनौ । आफ्नै भाइलाई लखेटेर आफ्नै बुहारी हरण गर्नु कत्रो पुरुषार्थ ? आफूभन्दा निर्धालाई सताउनु कत्रो सामार्थ्य ? सारा रैतीलाई सतायौ, सारालाई तर्सायौ । अहिले अब उपदेश छाँट्न लाग्यौ, होइन ? यस्तो सत्बुद्धि पहिले नै पलाएको भए कस्तो राम्रो हुने थियो । सुग्रीवलाई राज्यबाट लगारेर बुहारी हरण गर्नुभन्दा पहिले नै यस्तो बुद्धि आएको भए कस्तो राम्रो हुनेथियो ?"

भगवान् रामको कुरा सुनेपछि बालि अलि झस्कियो । उसलाई आफ्नै कुकर्मले गर्दा आफ्नो आयु छोटिएको रहेछ भन्ने याद भयो । उसलाई आफ्नो मृत्यु नजिकै आइपुगेको अनुभव भयो । त्यसैले उसले भगवान् रामसँग अनुरोध गर्दै भन्यो : "भगवान् ! मैले बुझें । मेरो कुकर्म बढी भएको रहेछ भन्ने चाल पाएँ । अब म यो संसारबाट बिदा हुन्छु । मलाई सजिलोसँग मर्ने मौका

दिनुहोस् । म अब यो प्राण त्याग्न चाहन्छु । भगवान्ले पनि वालिको छातिमा छोइदिनुभयो । उसको छातिमा गडेको वाण झिकिदिनुभयो । बालि शिथिल हुँदै गयो । अब ऊ बेहोश भयो । यस्तो अवस्था देखेर सबै दुःखी भए । आफ्नै दाइलाई आफ्नै कारणले मार्न परेकोमा सुग्रीव झनै दुःखी भए । सबैको आँखामा आँसु आयो । बालि यो संसार छाडेर परलोक लागे ।

दुःखको बेलामा सबै ईश्वर सम्झन्छन् । बालिको मृत्युपछि पनि सबैले भगवान्लाई पुकारे । मृत-आत्मालाई श्रद्धाञ्जली प्रकट गरे । एउटा शक्तिशाली वीरको असमयमै मृत्यु भएकोमा दुःख प्रकट गरियो । भगवान् रामले बालिको मृत्युपछि पनि किष्किन्धामा केही नहुने, त्यहाँ सबै सुखपूर्वक बस्न पाउने कुरा बताएर सबैलाई ढुक्क पार्नुभयो । अब बालिको ठाउँमा सुग्रीव राजा हुने र बालिका छोरा अंगद युवराज हुने कुरा त्यहाँ उपस्थित बाँदर समुदायलाई बताउनुभयो । यो सुन्नासाथ सबैले एकै स्वरले महाराज सुग्रीवको जय । युवराज अंगदको जय भनी हर्ष बढाई गर्नलागे ।

ताराको विलाप

बालि मारिएको खबर सुनेर तारा घरको छानावाट खसे जस्तै भइन् । उनी शोकले अलाप-विलाप गर्दै रुँदै-कराउँदै वालि र सुग्रीवले लडाइँ गरेको ठाउँतर्फ लागिन् । उनी मैदानमा पुग्दा बालिको मृत्युभइसकेको थियो । तारा बालिको मृत शरीरमा घोप्टो परेर रुन लागिन् । उनले भगवान् रामलाई आफूलाई पनि त्यहीँ मारिदिन अनुरोध गरिन् । उनको विलाप सुनेर सबैको आँखामा आँसु आयो । सबैजना बर्बर्ति आँसु खसालेर रुनथाले । त्यसबखत बाँदर समाजमा फेरि हाहाकार मच्चियो । सबै बालिको गुणगान गर्दै थिए ।

त्यस बखत भगवान् रामलाई पनि के गरौं कसो गरौं भने झैं भयो । तारालाई कसरी सम्झाउने भन्ने कुरा वहाँहरूलाई भयो । त्यहाँ त्यस्तो उपयुक्त व्यक्ति पनि कोही देखिएन । त्यसैले भगवान् राम आफै अगाडि बढ्नुभयो र सबैलाई सम्झाउँदै भन्नुभयो : "हेर्नुहोस् ! यो संसारमा मृत्यु कसैले टारेर टर्ने कुरा होइन । हामी सबैजना जन्मनासाथ मृत्युको कात्रो ओडेर आएका छौं । त्यसैले यो संसारमा सयौं जन्मिरहेका छन् । कयौं मरिरहेका छन् । यो संसार यस्तै हो । बालिको मृत्यु पनि उनको कर्मकै खेल हो । जहिलेसम्म उसले कमाएको धर्म रहन्छ, त्यसबेलासम्म त्यो प्राणी यो संसारमा रहन्छ । धर्म सकिनासाथ त्यो पनि समाप्त हुन्छ । बालिले पृथ्वीमा रहन जति धर्म कमाएका थिए, त्यस बखतसम्म उनी बाँचे । उनले त्यसको उपभोग गरे । अब उनको पृथ्वीमा रहने पालो पुग्यो । त्यसैले उनी यो संसारबाट विदा भएका हुन् । त्यसैले सबैजना धैर्य धारण गर्नुहोस् । यो पृथ्वीमा नराम्रो काम गर्नेले सजाय पाउँछ । राम्रो गर्नेलाई राम्रै हुन्छ । त्यसैले राम्रो काम गर्ने तर्फ लाग्नुहोस् ।" यसरी भगवान् रामले सबैलाई संझाउनु भयो । मुख्यत यी सबै कुरा महारानी तारालाई सुनाउनु थियो । अरू सबैले त चित्त बुझाए तर ताराको मन शान्त

भएन । उनी अझै पनि अलाप विलाप गर्दै थिइन् । त्यसैले भगवान् रामले तारालाई संझाउने विचार गर्नुभयो र वहाँ महारानी ताराको नजिकै जानुभयो ।

तारालाई संझाउँदै भगवान्ले भन्नुभयो : "तारा ! तपाईं के कुरालाई आफ्नो श्रीमान् मान्नुहुन्छ । यदि शरीरलाई श्रीमान् मान्ने हो भन्ने त्यो शरीर यहीं छ । होइन, आत्मा नै शक्ति भएकोले त्यसैलाई श्रीमान् मान्ने हो भने त्यो अमर आत्मा कहिल्यै मर्दैन । त्यसैले शोक गर्नु व्यर्थ छ । व्यर्थमा चिन्ता गरेर आफ्नो शरीरलाई दुःख नदिनोस् । त्यसैले शोक नगर्नुहोस् । अब जे हुनुथियो, त्यो भइनै सक्यो । मरेको व्यक्ति कहिल्यै फर्केर आउँदैन । बालि पनि उनको स्वर्गमा बस्ने धर्म नसकिउन्जेल यो पृथ्वीमा आउँदैनन् । अब त महाराज बालिको सत्गतिको कामना गर्नु मात्र हामी सबैको कर्तव्य हो । त्यसैले हामी सबै आ-आफ्नो कर्तव्यमा लागौं । यसैमा हामी सबको कल्याण छ ।" यसरी भगवान् रामले संझाएपछि महारानी तारा पनि बालिको दाह-संस्कार तर्फ लागिन् । उनलाई पनि अब शोक गर्नु व्यर्थ रहेछ भन्ने लाग्यो ।

यता बाँदर जातिले बालिको ठूलो सम्मान गरे । बालिले किष्किन्धामा राज्य गर्दा कसैले पनि किष्किन्धालाई हल्लाउन नसकेकोले सबैले सुखपूर्वक बाँच्न पाएको अनुभव त्यहाँ थियो । अब त्यस्तो दिन रहला नरहला, सुख शान्तिपूर्वक बाँच्न पाइएला नपाइएला यस्तै चिन्ता उनीहरूमा थियो । त्यसैले बाँदर जातिले आफ्नो जातिको शिर ठाडो राखेर यो पृथ्वीबाट बिदा भएकोमा बालिको प्रशंसा गरे । सबैले बालिको आत्माले शान्ति पाओस् भनी श्रद्धाञ्जली अर्पण गरे । महारानी ताराले पनि आफ्नो श्रीमान् बालिलाई श्रद्धाञ्जली अर्पण गरेर आफ्नो निवास तर्फ लागिन् । लक्ष्मण, सुग्रीव, हनुमान, अंगद आदि सबै मिलेर बालिको मृत शरीर मसानघाट तर्फ लगे र उनको दाह-संस्कार गरे ।

सुग्रीवको राज्याभिषेक

बालिको दाह-संस्कारपछि सबै प्रमुख बाँदरहरू भगवान् रामको शरणमा आए । सबैले भगवान् रामले नै सुग्रीवको राज्याभिषेक सम्पन्न गरिदिने अनुरोध गरे । तर भगवान् रामले त्यो कुरा स्वीकार्नु भएन । भगवान् राम वनवासको ब्रतमा हुनुहुन्थ्यो । त्यसैले वहाँ कुनै पनि शहरभित्र पस्न चाहनुहुन्नथ्यो । त्यसैले त्यहाँ अनुरोध गर्न आएका सबैलाई संझाउँदै वहाँले भन्नुभयो : "प्रमुखहरू ! तपाईंहरूले गर्नुभएको अनुरोधको लागि म सबैलाई धन्यवाद दिन चाहन्छु । म त ब्रत पालना गर्न जङ्गलमा आएको हुँ । मेरो ब्रत भङ्ग हुने काम गर्न पनि भएन । त्यसैले तपाईंहरू सबैले महाराज सुग्रीवलाई शहरमा लिएर जानोस् र वहाँको राज्याभिषेक गराउनोस् । भगवान् रामले महाराज सुग्रीवलाई आदेश दिँदै भन्नुभयो : "मित्र ! अब तपाईं आफै गएर राज्यको प्रबन्ध मिलाउनोस् । हनुमानले राज्याभिषेकको व्यवस्था गर्नेछन् । अंगदलाई युवराज बनाउनोस् । तपाईंको शेषपछि अंगदले किष्किन्धाको राज्य पाउनुपर्छ । अहिले वर्षा प्रारम्भ भएको छ । समय अनुकूल छैन । महारानी सीताको खोजी हुन सम्भव भएन । वर्षा समाप्त भएपछि यो काममा सहयोग गर्नुहुनेछ भन्ने आशा गर्दछु ।" यति भनी भगवान् रामले सुग्रीवलाई बिदा गर्नुभयो ।

त्यसबखत भगवान् राम एकदमै गहिरो सोचमा पर्नुभएको थियो । वहाँले आफ्नो बारेमा कुरा गर्दै भन्नुभयो : "म आफ्नो ब्रत पालनमा छु म यतै कतै जङ्गलमै बस्दछु । मेरो चिन्ता लिनुपर्दैन । तपाईं आफ्नो प्रजा पालनमा लाग्नुहोस् । यही नै तपाईंको कर्तव्य हो । यो संसारमा सबैजना आ-आफ्नो कर्तव्यमा रमाउनुपर्छ ।" सुग्रीवले भगवान् रामको कुरा धैर्यपूर्वक सुने उनलाई रामको शक्तिमा विश्वास थियो । हनुमान त रामभक्त नै बनिसकेका थिए । सबैजसो बाँदरहरू भगवान् रामको जुनसुकै आज्ञा पनि मान्न तयार थिए ।

भगवान् रामको आज्ञा पाएर सबै दङ्ग थिए । भगवान्ले अंगदलाई युवराज बनाउन हुकुम बक्सेकोमा सबै खुसी थिए । भगवान्को न्यायमा सबैलाई विश्वास भयो । सुग्रीवले भगवान् रामसँग बिदा लिएपछि भगवान् रामको प्रशंसा गर्दै सुग्रीवलाई अगाडि लगाएर भगवान् रामको जय भन्दै किष्किन्धा तर्फ लागे ।

बाँदरहरूको अर्को ठूलो समूह महाराज सुग्रीवको स्वागतको लागि किष्किन्धा शहरको मूल द्वारबाट पङ्तिबद्ध भएर बसेको थियो । सुग्रीव शहरमा पस्नासाथ महाराज सुग्रीवको जय भनी सबैले सुग्रीवको स्वागत गरे । महाराज सुग्रीवले सबैलाई भगवान् रामको आज्ञा सुनाए । वर्षा ऋतु सिद्धिनासाथ सीताजीको खोजीमा लाग्ने जिम्मा आफूले लिएको कुरा पनि उनले बताए । यति भनेपछि उनी सरासर दरबार तर्फ लागे । दरबारमा राज्याभिषेकको तयारी भइसकेको थियो । शहर तोरणले सजिएको थियो । सबैतिर दीपावली हुनलाग्यो । भगवान् रामको कृपाले सुख शान्ति र न्याय पाउने कुरामा सबै विश्वस्त थिए । सुग्रीवले अंगदलाई युवराज घोषणा गरे । यो कुराले गर्दा त्यहाँका प्रजा झनै खुसी भए । बालि मारिए पनि उनको छोरालाई युवराज बनाएकोमा धर्म बचेको र न्याय फैलिएको अनुभव गरे ।

यता भगवान् राम र लक्ष्मण प्रसवण नाम भएको पहाडतर्फ लाग्नु भयो । त्यो पहाड ऋष्यमुककै एउटा शाखा थियो । उकालो जाँदा जाँदै डाँडाको बीचमा एउटा राम्रो गुफा भेटियो । त्यो गुफा बाटोबाट अलि परै थियो । वहाँहरूले त्यही गुफामा बसी तपश्यामा लागेर यसपटकको वर्षाको समय कटाउने विचार गर्नुभयो । त्यहाँ पुगेपछि लक्ष्मण सरसफाईमा लाग्नुभयो ।

त्यो पहाड ज्यादै रमाइलो थियो । पहाडमा थरि थरिका फूल फूलेका थिए । अनेक प्रकारका पशुहरू बास गर्दथे । चराको बथान कहिले आकाशमा उड्थ्यो, कहिले धर्तीमा झरेर रमाउँथ्यो । तिनीहरूको पनि आ-आफ्नो समुदाय थियो । लाखौं चराचुङ्गी पनि थिए । अनेकौं दृश्यहरू देखिन्थे । तर भगवान् रामले भने कुनै कुराबाट पनि आनन्द लिन सक्नुभएन । वहाँ चिन्तामा डुब्नुभएको थियो । वहाँ ज्यादै उदास देखिनुहुन्थ्यो । लक्ष्मणले बेला बेलामा सम्झाउँथे । तीर्थ ब्रत आदि गर्दै पम्पा सर वरपर घुम्दै कहिले तपश्यामा बस्दै समय कटाउन लाग्नुभयो । दिन बित्दै गए । बिस्तार बिस्तार वर्षा ऋतु पनि समाप्त भयो ।

यता महाराज सुग्रीव राज्य पाएपछि आफ्नै संसारमा मस्त थिए । हिजो

परेको दु:ख विर्सिसकेका थिए । राम र लक्ष्मणले लगाएको गुन पनि भुलिसकेका थिए । वर्षा सकिनासाथ सीताजीलाई खोज्ने प्रण गरेका थिए । त्यो कुरा त कता हो कता, त्यसै अलमलियो । यो संसार यस्तै छ । यहाँका प्राणीहरू दु:खमा आत्तिन्छन् भने सुखमा मात्तिन्छन् । स्वार्थै स्वार्थमा डुबेको छ यो संसार । सुग्रीवलाई कयौंपटक अंगदले संभाए । सयौंपटक हनुमानले बुझाए । कसैको केही लागेन । उनी आफ्नै भाउज्यूसँग रमाएका थिए । वालिकी श्रीमती तारालाई महारानी बनाएर उनकै हाल-हुकुम अनुसार राज्य चलाउन लागेका थिए । धेरै समयपछि धेरैले भनेपछि बल्लतल्ल आफ्ना सेनापति निललाई बोलाएर बलिया बाँदरहरूको एउटा समूह बनाउन हुकुम दिए ।

यता भगवान् राम छटपटाउन लाग्नुभयो । सुग्रीवले आफूले गरेको वाचा बिर्सिएकी भन्ने लाग्यो । केही समय त धैर्य धारण गर्नुभयो तर सुग्रीव भगवान्लाई भेट्न आएनन् । यस्तैमा एकदिन भगवान्ले लक्ष्मणलाई बोलाएर भन्नुभयो : "लक्ष्मण ! खै सुग्रीवले त बिर्सिए जस्तो छ, संभाउनु पर्‍यो कि ? भगवान्को आज्ञा पाउनासाथ लक्ष्मण बाँदरराज सुग्रीवसँग आगो भए । सुग्रीवलाई अहिले नै पाहा पछारे झैं पछारुँ कि भन्ने कुरा उनको मनमा लाग्यो । उनी किष्किन्धा तर्फ लाग्न तयार भए । उनी पहिलेदेखि नै सुग्रीवसँग रिसाएका थिए । उनी राजा भएपछि सुग्रीव एकपटक पनि भेट्न आएनन् । उनले कसैलाई पठाउँदा पनि पठाएनन् । खालि हनुमान आफ्नै सुरले त्यहाँ आउँथे र भगवान्को दर्शन गरेर जान्थे । त्यसैले लक्ष्मणलाई सुग्रीवसँग रिस उठेको थियो ।

लक्ष्मण धेरै रिसाएको कुरा भगवान् रामलाई याद भयो । वहाँले लक्ष्मणलाई संम्झाउँदै भन्नुभयो : "लक्ष्मण ! तिमी धेरै नरिसाउ । यसपटक सुग्रीवलाई सम्झाउ, उनी हाम्रा मित्र हुन् । त्यो कुरा पनि हामीले भुल्नु हुन्नँ, उनी यो संसारको सांसारिक कुरामा भुले होलान् ? यस्तो हुनसक्छ । सुखले मानिसलाई भुलाउँछ । दु:खमा मात्र सोच विचार बढ्छ । हामी आपत्-विपत्मा परेका छौं, त्यसैले हामी अरूलाई सम्झन्छौं । अहिले रिसाउने बेला होइन । सबभन्दा पहिले संसार बुझ्नुपर्छ । सोही अनुसार व्यवहार गर्नुपर्छ । अब एकपटक सुग्रीवलाई संभाउनुपर्छ । उनलाई सुध्रने मौका दिनुपर्छ । मूर्खलाई संभाई बुझाई ठीक बाटोमा ल्याउनुपर्छ । मौका मिलाएर मात्र धम्क्याउनु पर्छ । बढी रिस देखायो भने आफैं मूर्ख होइन्छ । रिसले आफैंलाई बिगार्छ । त्यसैले कति

पनि नरिसाई सम्झाऊ ।"

भगवान् रामको आज्ञा पाएर लक्ष्मण किष्किन्धा तर्फ लागे । केही समयमा नै उनी पहाडहरूको बीचमा रहेको एउटा बस्तीमा पुगे । त्यो बस्ती ज्यादै रमाइलो थियो । वरपर चारैतिर फूल फुलेको बगैंचा थियो । आसपासमा फल फूलका बोटहरू ! हेर्दै झकिझकाउ थियो, त्यो बस्ती । कति रमाइलो थियो । शहरका रक्षकहरू वरपर घुमिरहेका थिए । लक्ष्मण किष्किन्धामा पुग्नासाथ हनुमानलाई खबर गरियो । हनुमान तुरुन्त लक्ष्मणलाई भेट्न आए ।

धनुर्धर लक्ष्मणलाई देख्नासाथ किष्किन्धाका बाँदरहरू त्यसै अत्तालिए । लक्ष्मणको अनुहार हँसिलो थिएन । उनी रिसाएका छन् भन्ने कुरा स्पष्ट देखिन्थ्यो । लक्ष्मणको चालमाल देखेर सबैको मनमा शङ्का पऱ्यो । सबै सतर्क भए । केही विपत आइलाग्ने हो कि भन्ने कुरा मनमा लाग्यो । सबै सैनिकले आफूसँग भएको हतियार तयार पारे । उनीहरू आ-आफ्नै ठाउँमा सजग भएर बसे ।

यता लक्ष्मण धुनको आवाज सुनाउँदै अगाडि बढ्दै गए । उनी धेरै रिसाए जस्ता देखिन्थे । उनलाई रोक्ने आँट कसैले गरेन । उनी सुग्रीवको दरबार भित्र पसे । लक्ष्मणलाई देख्नासाथ अंगदको त सातो पुत्लो गयो । अंगद त पहिलादेखि नै सुग्रीवलाई संझाउँदै थिए । सुग्रीव अटेर बनेकोमा अंगदलाई पनि चित्त बुझेको थिएन । अंगद सरासर सुग्रीव भएको ठाउँमा गए र लक्ष्मण आएको बारे खबर गरे । उनले भने : "बुबा ! लक्ष्मण आउनु भएको छ । वहाँ एकदमै रिसाए जस्तो देखिनुहुन्छ । वहाँ तपाईसँग भेट गर्न चाहनुहुन्छ ।"

धेरैपटक भन्दा पनि सुग्रीवले सुनेको नसुने झैं गरे । उनले पटक पटक लक्ष्मण आएको जानकारी गराए तर सुग्रीवले वास्तै गरेनन् । केही नलागेपछि अंगदले हनुमानलाई भने । हनुमानले भन्दा पनि सुग्रीव त एकाएक जंगिन पो थाले । "मैले त्यो लक्ष्मणको के खाएको छु र त्यो लक्ष्मण मसँग रिसाउने ? आफ्नो इष्टमित्र भएर झनै इष्टमित्रलाई नै थर्काउने ? कस्तो मूर्ख त्यो लक्ष्मण ? होइन के खोजेको रे त्यो मूर्खले ? शत्रुको कुरा सुनेर उर्लने कस्तो स्वाँठ रहेछ । मलाई कसैको डर छैन । मैले कसैको केही खाएको छैन ।" यसरी सुग्रीव रिसको झोकमा आएर बेस्सरी बम्किए । उनी नचाहिँदो कुरामा चम्किएको देखेर हनुमानले पनि अलि ठूलो स्वर गर्दै भने : "महाराज ! हामीले धेरै गल्ती गरेका छौं । हामी ऋष्यमुक पहाडमा लुकेर बस्दाको अवस्था संझिबक्सियोस् त ?

कसले ल्याइदियो हजूरलाई यो दरवारमा ? कसको सहयोगले आइपुग्नु भयो त ? अनि हजूरले गरेको कबोल पनि त भुल्नु भएन नि ।" हनुमानको कुरा सुनेर सुग्रीव होशमा आए । उनको घमण्ड घट्दै गयो । उनी शान्त भएर बसे । बिस्तारै डराउन लागे । उनले लक्ष्मणलाई भेट्ने आँट गरेनन् । उनले महारानी तारालाई बोलाए । तारालाई संझाउँदै भने : "महारानी ! लक्ष्मण एकदमै रिसाएर आएका छन् रे । मलाई उनलाई भेट्न डरलाग्छ । तिमीसँग उनले नराम्रो व्यवहार गर्दैनन् । उनी उच्च कुलका व्यक्ति हुन् । स्वास्नीमानिससँग कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरा उनलाई थाहा छ । उनी सभ्य छन् । उनी सज्जन छन् । त्यसैले तिमी जाऊ र लक्ष्मणलाई भेट । उनले फेरि बोलाएपछि म आउँला ।"

तारालाई पनि लक्ष्मण आएको त मन परेको थिएन । उनलाई रामकै व्यवहारले चित्त दु:खेको थियो । उनी पनि लक्ष्मणलाई हृदयदेखि स्वागत गर्ने पक्षमा थिइनन् तर पनि आफ्नो महाराजले अराएपछि मान्नै पऱ्यो । उनी लक्ष्मण भएतर्फ लागिन् । उनी पनि अलि गम्केरै निस्किएकी थिइन् । तारालाई देख्नासाथ लक्ष्मणले टाढैबाट शिर झुकाएर अभिवादन गरे । उनले महारानीसँग कुशल-मङ्गल सबै कुरा सोधे । लक्ष्मणको नम्र र सभ्य स्वभाव देखेर तारा छक्क परिन् । तारा अलि होशमा आइन् । उनले नम्र भएर लक्ष्मणलाई संझाउँदै भनिन्: "राजकुमार ! तपाईं किन रिसाउनु भएको ? तपाईं जस्तो भद्र भलाद्मी पनि यसरी रिसाउन थालेपछि बरबादै भइहाल्यो नि । महाराज सुग्रीवले केही गल्ती गर्नुभएको भए पनि संझाउने जिम्मा मेरो भयो । हामी आपस-आपसमा पनि रिसाएर झगडा बढाउनु हुन्न । मिलेर समस्या सुल्झाउनु पर्छ ।"

महारानी ताराको कुरा सुनेर लक्ष्मणको रिस अलि शान्त भयो । उनी अझै अलि नम्र भएर भन्नलागे : "महारानी ! महाराज सुग्रीवले आफूले दिएको वचन पालना गर्नु भएन । वहाँको यस्तो चाल राम्रो भएन । वर्षा ऋतु समाप्त हुनासाथ महारानी सीताको खोजको लागि विशेष तयारी गर्ने कुरा भएको थियो । महाराज सुग्रीवले त प्रतिज्ञै गर्नुभएको थियो । वहाँ त राज्य पाएपछि सबै कुरा पुगे झैं गर्नलाग्नु भयो । यस्तो नराम्रो व्यवहार देखेर मलाई ज्यादै दु:ख लाग्यो । त्यसैले म रिसाएको हुँ । यसको लागि म क्षमा चाहन्छु । महाराज सुग्रीव आफ्नो कर्तव्यमा लाग्नुहोला भन्ने आशा गर्दछु ।"

महारानी तारा एकदमै बाठी थिइन् । उनले लक्ष्मणलाई सम्झाउँदै भनिन्: "राजकुमार ! तैपनि तपाईं जस्ता विद्वान्लाई यसरी रिसाउन पटक्कै सुहाउँदैन । अलि संझाउनु भएको भए त भइहाल्थ्यो नि बाँदरहरू ऋषि महर्षि त होइनन् नि । उनीहरू सुख सयलमा अलमलिने स्वभावका हुन्छन् । यो त उनीहरूको बिशेष गुणै हो । जन्मदै यस्तो गुण लिएर आएपछि कसको के लाग्छ ? तपाईंले उनीहरूको स्वभाव बुझ्नुभएन । बाँदरहरू भोग विलासमा अलमलिने खालका त हुन्छन् नै । यस्तो जातिसँग कस्तो व्यवहार गर्नुपर्छ कसरी यिनीहरूसँग काम लिनुपर्छ, त्यो तपाईंले नबुझ्नु भएको हो । त्यसैले महाराज सुग्रीवलाई पनि अज्ञानी संझेर माफ गरिदिनुहोला । उनले सीताजीको खोज खबरको लागि सेनाको एउटा समूह तयार पारेका छन् । कृपया तपाईं नरिसाउनोस् ।"

महारानी ताराको मीठो कुरा सुनेर लक्ष्मण पनि दङ्ग परे । उनले सुग्रीवसँग भेट गराइदिन अनुरोध गरे । सुग्रीव डराई डराई लक्ष्मणको अगाडि आए र भन्नथाले : "राजकुमार ! अहिले जे जस्तो सुख ऐश्वर्य पाएको छु, त्यो सबै भगवान् रामको कृपा हो । म वहाँको यो गुन कहिल्यै बिर्सन सक्दिन । म भगवान् रामको दास हुँ । वहाँको सेवा गर्न पाउनु मेरो ठूलो सौभाग्य हो । केही समय अलमल भयो । त्यसको लागि म क्षमा चाहन्छु ।"

सुग्रीवको कुरा सुनेर लक्ष्मण दङ्ग पर्नुभयो । वहाँले सुग्रीवलाई भगवान् रामलाई भेट्न संझाउनु भयो । सुग्रीव तुरुन्त भगवान् रामलाई भेट्न जान तयार भए । सुग्रीव र लक्ष्मण दुवै राम र लक्ष्मणको बासस्थान तर्फ लागे । केही समयमै उनीहरू प्रसवण पर्वतमा पुगे । सुग्रीवको भगवान् रामसँग भेटघाट भयो । भगवान् रामले सुग्रीवलाई शान्त रहन र आफ्नो कर्तव्यमा लागिरहन संझाउनु भयो । सुग्रीवले पनि सबै तयारी पूरा भएको अव तारकको नेतृत्वमा सीताजीको खोजीमा जान लागेको स्पष्ट पारे । भगवान् रामले सुग्रीवको प्रशंसा गर्नुभयो । मित्रले गर्नुपर्ने व्यवहार गरेकोमा खुसी हुनुभयो । भगवान् रामले महाराज सुग्रीवलाई संझाउँदै भन्नुभयो : "महाराज सुग्रीव ! राजाले समय बुझ्नुपर्छ । समयमा गरेको काम मात्र काम लाग्छ । पुषमा रोपेको धान फल्दैन । हामीले समय चिन्नुपर्छ । हामी सबै मिलेर काम गरौं । हामी सबै मिल्यौं भने हामीलाई कसैले हेप्न सक्दैन ।" सुग्रीवले त्यसै बखत आफूसँग आएका बाँदर सैन्यहरूलाई संझाएर उनले एक महिना भित्रमा सीताजीलाई

खोजेर ल्याउन सबैलाई अराए । "भगवान् रामको सहयोग हामीले कहिल्यै भुल्नुहुन्नँ । हामी सबै वहाँको सहयोगको लागि तयार होऔं । तिमीहरू सबैले भगवान्लाई सहयोग गर्न पायौ । यो ज्यादै ठूलो सौभाग्य हो । सबैले यो कुरा बुझेर काम गर्ने आशा गरेको छु । एउटा एउटा समूह बनाएर चारैतिर जानुपर्ने हो तर हामी सबैले सीताजीलाई दक्षिण तर्फ लगेको देखेको हुनाले त्यसै तर्फ बढी लाग्नुपर्छ । आ-आफ्नो समूहमा मिलेर काम गर्नू । तिमीहरू जस्ता असल र अनुशासित सैनिक मैले अरू ठाउँमा देखेको छैन । त्यसैले मैले भनिरहनु पर्छ जस्तो मलाई लाग्दैन । जाओ, बहादुरी देखाओ, बुद्धिले काम गर ।" यति भनेपछि सुग्रीवले फेरि हनुमानलाई बोलाए । उनले हनुमानलाई सम्झाउँदै भने: "हनुमान ! तिमी सर्वशक्तिमान् छौ । तिमीलाई मैले भनिरहनु पर्दैन । तिमी जस्तो पराक्रमी न जन्मिएको थियो न त जन्मने नै छ । त्यसैले मेरो भरोसा तिमीमा नै छ । तिमीले सीताजी कहाँ हुनुहुन्छ, कस्तो अवस्थामा हुनुहुन्छ । त्यसबारेमा खबर लिएरै आउनेछौ भन्ने विश्वास गरेको छु ।"

सुग्रीवले यति भनेपछि भगवान् रामले पनि हनुमानलाई एउटा औंठी दिनुभयो । त्यो औंठी दिँदै वहाँले भन्नुभयो : "सीतालाई भेटेको खण्डमा यो औंठी देखाउनू । यो औंठी देखेपछि विश्वास गर्नेछिन् । नत्र भने तिमी को हौ, को हौ कसरी विश्वास गर्ने ? भगवान् रामको कुरा सुनेपछि हनुमानले त्यो औंठी लिए । उनले आफ्नो महाराज सुग्रीव र भगवान् रामको दर्शन गरे, सबैको आशीर्वाद मागे । भगवान्को प्रार्थना गरे । आफ्नो काममा सफल होऊँ भनी भगवान्सँग बिन्ति बिसाए । सबैसँग बिदा भएर आफ्ना साथी सहयोगीहरूलाई लिएर सीताजीको खोजमा दक्षिण तर्फ लागे ।

सीताजीको खोजी

महाराज सुग्रीवको निर्देशन एकदमै कडा थियो । एक महिनाभित्र सीताजीको वास्तविक अवस्था पत्ता लगाएर आउनुपर्ने कुरा उनले बताएका थिए । सीताजीको बारे वास्तविकता पत्ता नलागेसम्म किष्किन्धा नफर्कन पनि उनले बताए । हनुमान, अंगद, शतबली, विनय सुषेण, तारक र जाम्बवान् आदि वीर बाँदरहरूको एउटा समूह दक्षिण तर्फ लाग्यो । सीताजीलाई रावणले हरण गरेको कुरा त पहिले नै भएको थियो । यसबारे जटायुले पहिले नै बताएका थिए । त्यो अपहरण गर्ने व्यक्ति रावणै हो भन्ने स्पष्ट भएकोले सीताजीलाई दक्षिण तर्फ नै लगिएको कुरा स्पष्ट भयो । त्यसैले ठूलो समूह दक्षिण तर्फ लागेको थियो ।

ती सबै बाँदरहरू भगवान् रामका भक्त थिए । उनीहरू भगवान् रामलाई सहयोग गर्न दिलोज्यानले लागि परेका थिए । ती सबै पहिले विन्ध्याचल तर्फ लागे । सारा विन्ध्याचल पर्वत चहारे । त्यहाँबाट उनीहरू दक्षिण समुद्र तर्फ लागे । उनीहरूको अगाडि एउटा विशाल समुद्र देखापर्‍यो । समुद्रमा कहिले घर जत्रै छाल उठ्दथ्यो । कहिले शान्त बन्दथ्यो । यस्तो समुन्द्र पार गर्ने कसले ? उनीहरू सबै समस्यामा परे । सबैले त्यस बखत जटायुलाई संझिए । जटायु भएको भए समस्या पर्ने थिएन भन्ने कुरा उनीहरूले बताए । त्यस बखत सबै अलि निराश जस्ता देखिए ।

त्यसै बखत एउटा सम्पात नाम भएको बुढो गिद्ध त्यहीं बसिरहेको थियो । उनीहरूले जटायुको नाम लिएको सुनेर उनी पनि अलि नजिक आए । उनले सबैलाई बोलाउँदै भने : "ए बाँदरराजहरू ! तपाईंहरूले मेरो भाइको नाम लिएको सुनें । तपाईंहरू को हुनुहुन्छ ? मेरो भाइलाई दुष्ट बदमास राक्षस रावणले मारेको कुरा सुनें । कुरा के हो ? तपाईंहरू कहाँबाट आउनुभयो ? म मेरो भाइ मार्ने त्यस दुष्ट डाँकालाई खत्तम पार्न चाहन्थें तर के गर्नु ? म त बुढो



भएँ । मेरो केही लाग्दैन । तपाईंहरूले मेरो भाइको नाम लिएको सुन्दा म दङ्ग भएँ । त्यसैले म यहाँ आएको हुँ ।" ती बुढा गिद्ध सम्पातले आफ्नो परिचय दिएपछि हनुमानले आफूहरू त्यहाँ आउनुको कारण बताए । उनीहरूले आ-आफ्नो परिचय दिए ।


सम्पातले पनि त्यसै मौकामा ती सबै बाँदरहरूलाई हौस्याए । उनले भने : "बाँदरहरू ! रावणले एउटी राम्री महिलालाई यसै बाटोबाट लगेको हो । उनी हा-राम हा-लक्ष्मण भन्दै रुँदै कराउँदै थिइन् । यसै समुद्र पारि लङ्का भन्ने एउटा राज्य छ । त्यहाँको शहर ज्यादै रमाइलो छ । दरबारहरू एकदमै कलात्मक छन् । ठूला ठूला बाटाहरू छन् । त्यहाँ पुग्दा अर्कै संसारमा पुगेको भान हुन्छ । तिमीहरू महाशक्तिशाली वीर हौ । यो समुद्र काटेर जाऊ । लङ्का पुग्नासाथ सबै कुरा पत्ता लाग्छ । आत्तिनु पर्दैन । राक्षसले केही गर्न सक्दैन । बेला बखत बुद्धि लगाएर काम गर । तिमीहरू सफल हुन्छौ ।" यसरी सम्पातले सबैलाई हौस्याए, राम्रो काम गर्दा केही समस्या त होला तर त्यसको फल राम्रो हुन्छ भन्ने कुरा बुझाए ।

हनुमानको उत्साह

सीताजी कहाँ हुनुहोला त भन्ने विषयमा अन्दाज भइसकेको थियो । हनुमान, अंगद सबैजना एक प्रकारले खुसी देखिए । तर समस्या पर्‍यो टाढा टाढासम्म फैलिएको समुद्र कसरी नाघ्ने ? समुद्र तर्ने आँट गर्न सकेनन् । कसरी लङ्का पुग्ने त ? हनुमान चिन्तामा परे । यहाँसम्म आएपछि सीताजीलाई नभेटी कसरी फर्कने ? हनुमान यसै चिन्ताले चुपचाप बसे । अरू सबैजना छलफल गर्न लागे । कुरा टुङ्गो लागेन । यसो गर्ने उसो गर्ने भन्यो तर समुद्र तर्नसक्ने व्यक्ति निस्केन । त्यस्तो आँट भएको कोही भएन । सबैजना जिल्ल परे ।


यी सबै बाँदरहरूको बीचमा थिए एउटा बुद्धिमान बाँदर । उनको नाम थियो, जामबन्त । उनले हनुमानलाई शुर्‍याउने विचार गरे । उनले भने "हनुमान ! तिमी त वायुका छोरा हौ । जन्मदै सूर्यलाई निल्छु भनी उफ्रिएका थियौ । तिमी जस्तो बलियो को छ ? न त बालि नै थिए न त सुग्रीव । तिम्रो शरीरको वेग थाम्नसक्ने को छ ? तिमीले बल गर्दा यो पहाड थर्कन्छ । तिमीले बल गरे यो वरपिपलको जरा पनि उखेल्न सक्छौ । यस्तो रुखको त कुरै छाडौँ । अनि तिमी किन डराउने ? तिमी आफ्नो शक्ति सम्झ त । तिमी भित्रको शक्तिले हावालाई जित्छ । सूर्यको जस्तो तेज छ । वायुको जस्तो बेग छ । पहाड फोर्ने बल छ तिम्रो । जाबो समुद्रको के कुरा ? जामबन्तले तारिफ गरेपछि हनुमानको आँट बढ्यो । उनी आकाशमा उडुँ भनी जुर्मुराए । उनी साँच्चै बलिया थिए । आकाशमा उड्ने बेग उनीमा थियो । हनुमान बेलाबखत आफ्नो बल भुल्दथे । उनलाई सराप परेको थियो । त्यही सरापकै कारण यस्तो हुन्थ्यो । बिचरा हनुमान ! त्यस्तो सराप हटाउनसक्ने क्षमता उनमा थिएन । उनी केटाकेटीमा ज्यादै उत्ताउला थिए । त्यसैकारण उनलाई सराप परेको थियो । जामबन्तले बयान गरेपछि आफ्नो शक्तिमा उनलाई बिश्वास भयो । उनी एकाएक जुर्मुराए ।

उनी पहाडबाट बेस्सरी वायुवेगले दगुरे । हेर्दाहेर्दै उनी त आकाश मार्गमा देखिए । आकाशमा उड्दा पनि हनुमानको अगाडि अनेकौं समस्या देखापरे । अगाडि बढ्दै जाँदा एकाएक समुद्रबाट एउटा पहाड आकाशमार्ग तर्फ आयो । त्यो पर्वतको नाम थियो मैनाक पर्वत । त्यसले केही समय विश्राम गरेर जान अनुरोध गऱ्यो । हनुमानले त्यो अनुरोध स्वीकारेनन् । उनले पहाडलाई आफ्नो हातले छोए । आशीर्वाद लिए । आफू कतै नरोकिने प्रतिज्ञा गरेको कुरा बताए । अगाडि बढ्दै गए । केही पर पुगेपछि फेरी एउटी सुरसा नाम भएकी राक्षसी उनको अगाडि आइपुगी । उसले आफू कयौं दिनदेखि भोकै भएको कुरा सुनाई । उसले आफ्नो मुखमा पस्न हनुमानलाई सम्झाई । हनुमानले



आफू रामको काममा जान लागेकोले आफूलाई नरोक्न अनुरोध गरे तर त्यो राक्षसीले हनुमानको कुरै सुनिन । अब हनुमान फसादमा परे । उनलाई के गरौं कसो गरौं भने झैं भयो । उनले आफ्नो शरीरको आकार बढाए । पहिलेको भन्दा दोब्बर बने । राक्षसी झनै ठूलो भएर देखापरी । हनुमानले आफ्नो शरीर चार गुना बढाए । केही समय यस्तै क्रम चल्दै गयो । आखिर हनुमानको केही लागेन । उनले आफ्नो शरीर सानो बनाए । हात्तिभन्दा पनि ठूलो हनुमान भँगेराभन्दा पनि सानो बनेर राक्षसीको मुखमा प्रवेश गरे । उनी फेरी त्यहाँबाट बाहिर आए । उनले विनम्र भावले बिन्ति गर्दै भने : "आमा ! मैले हजुरको कुरा मानें । अब बिदा पाउँ कि ? म ज्यादै जरुरी काममा हिँडेको छु ।" यो सुन्नासाथ ती राक्षसीले हनुमानलाई आशीर्वाद दिइन् । वास्तवमा उनी नाग माता थिइन् । हनुमान चाहे अनुसार रुप बदल्न सक्छन् कि सक्दैनन् भनेर जाँच्न र आशीर्वाद दिन उनी आएकी थिइन् । उनको आशीर्वाद लिएर हनुमान अगाडि बढे । केही समयपछि उनी लङ्का तर्फको किनारमा उभिन पुगे ।

अब यतिखेर शहर पस्दा ठीक होला त ? हनुमान सोच्न लागे । त्यस बखत साँझ पर्न लागेको थियो । रात परेपछि जानु ठीक होला भनी उनी त्यहीं वरपरको जङ्गलमा पसे । रुखमा भएका फलफूल खानलागे । यता साथीहरू वल्लै किनारमा थिए । उनीहरू हनुमान नआएसम्म त्यहीं बस्ने बिचारले त्यतै अलमलिए । समुद्रको वरपर घुम्दथे । वरपरका जङ्गलमा भएका फलफूल खान्थे । उनीहरूलाई भने समय कटाउँनै गाह्रो भयो । अर्कोतिर हनुमान एक्लै भएकोले केही आपत्-विपत्मा फस्लान् कि भन्ने चिन्ता पनि थियो ।



सुन्दर काण्ड

सुन्दरकाण्डको सारांश

हनुमान लङ्का पुगे । साँझपरेपछि मात्र शहरभित्र पस्नु ठीक होला भनी जङ्गलमै लुकेर बसे । झमक्क साँझ परेपछि मात्र उनी लङ्काभित्र प्रवेश गरे । रावणको दरबारको चोटा कोठा चहारे तर सीताजीलाई भेटेनन् । उनी एउटा बगैंचामा आए । त्यहीं आरामसँग रात बिताए ।

भोलिपल्ट विहानको कुरा हो । रावण आफ्नो आसेपासे लिएर अशोक वाटिका तर्फ आयो । ऊ सीताजीलाई फकाउन तर्साउन चाहन्थ्यो । साथमा मन्दोदरी पनि थिइन् । रावणले जथाभावी गर्ला कि भनेर उनी रावणसँगै हिंड्दथिन् । रावण अशोक वाटिकामा आइपुग्यो । सीताजीलाई फकायो; धम्कायो । सीताजीले पनि रावणलाई मुखभरिको जवाफ दिनुभयो । तैंले आफ्नो चिहान आफैं खनिस् भनी झपार्नुभयो । रावण रिसले चूर भएर त्यहाँबाट फर्कियो । उसले सीताजीलाई धम्क्याउँदै तेरो नपुसक लोग्नेले केही गर्न सक्दैन भनी दुर्वाच्य बोल्यो ।

रावण फर्किएपछि सीताजीलाई राक्षसीहरुले घेरे । उनीहरुले पनि रावणको कुरा मान्न सीताजीलाई संझाए । सबै वातावरण देखेर सीताजी दिक्क हुनुभयो । आत्महत्या गरेर यो संसारै छाडेर जाउँ जस्तो लाग्यो । वहाँले यस्तो कुरा अलि ठूलै स्वरमा भन्नुभयो । यस्तैमा हनुमानले आफू रामको दूत बनेर आएको कुरा सुनाए । सीताजीलाई यो पनि रावणको छल पो हो कि भन्ने लाग्यो । "ए दुष्ट रावण ! तँ कति चलाख छस्" भनी रावणलाई गाली गर्न लाग्नुभयो । हनुमानले पनि सीताजीको कुरा बुझे । वास्तविकता बताउन पऱ्यो भनी उनी औंठी लिएर अगाडि आए । त्यो औंठी देख्नासाथ सीताजीलाई हनुमान रामकै दूत भएर आएकोमा पत्यार लाग्यो ।

सीताजीले हनुमानको कुरा पत्याउनु भयो ।

केही समय सीताजीसँग कुराकानी गरेपछि हनुमान विदा भए । उनी अशोक वाटिकामा पसेर फलफूल खान लागे । केही वहादुरी देखाऔं; रावणको शक्ति वारे बुझौं भनेर अशोक वाटिकाको रुख उखेल्दै फ्याँक्दै गर्नलागे । अशोक वाटिकाको रक्षाको लागि खटिएका पाले पहरा आदिको केही लागेन । यो खवर रावणको दरवारमा पुग्यो । एउटा बाँदर पक्रन सयौं आए । कयौंले त्यसै ज्यान गुमाए । आखिर मेघनाद नै आएर ब्रह्मपाशमा पारी पक्रेर लग्यो । रावणको दरवारमा पुऱ्यायो ।

हनुमानसँग सोधखोज चल्यो । उनले पनि सबै कुरा वताए । उनलाई कस्तो सजाय दिने भन्ने बारेमा छलफल चल्दा ज्यान सजायकै कुरा उठयो । विभीषणले यसलाई मार्नुहुन्न । वरु यसको पुच्छर पोलेर ठूटो बनाएर पठाउनुपर्छ भन्ने सुझाव अगाडि सारे । उनको कुरा सबैलाई मन पऱ्यो । सबैले त्यही कुरामा सही थापे । अब रमाइलो हुनेभयो भनी रमाए ।

पुच्छरमा कपास बाँधियो । रुवा तेलमा चोपियो । आगो लगाइयो । त्यसलाई शहर घुमाउन भनी हिंडाइयो । केही पर पुगेपछि हनुमान फुत्किए । ठूला ठूला घर छानी छानी आगो लगाउन शुरु गरे । शहरमा हाहाकार मच्चियो । सबै आगो निभाउने काममा लागे । यसै वेला त्यहाँबाट उम्किएर भागे । समुद्रमा पुच्छर चोपेर त्यहींबाट किष्किन्धा तर्फ लागे ।

पल्लो किनारमा पर्खिरहेका सवै बाँदरहरु दङ्ग भए । भेटघाटपछि हनुमानले सबै कुरा बताए । हनुमानको कुरा सुन्दै सबैजना किष्किन्धा तर्फ लागे । किष्किन्धा शहरमा पुग्नासाथ सबैजना महाराज सुग्रीवको बगैंचामा पसे । त्यहाँ बसेर मीठा मीठा फल खान लागे । त्यहाँको पाले पहरालाई त टेर्दै टेरेनन् । पालेले यसबारे सुग्रीवलाई खवर गऱ्यो । त्यस बखत लक्ष्मण पनि त्यही थिए । पालेको कुरा सुनेर महाराज सुग्रीव दङ्ग परे । काम सफल भएछ भन्ने कुरा उनको मनमा लाग्यो । काम सफल नभएको भए बगैंचामा पसेर फल खाने आँट गर्न सक्दैनथें भनी सुग्रीवले लक्ष्मणलाई बताए ।

सबै सैनिकहरु सुग्रीवको दरबारमा आए । त्यहाँ सबै कुरा हनुमानले

बताए । सीताजीको उद्धारको लागि खट्ने निर्णय भयो । बन्दोबस्त मिलाएर सबैजना ऋष्यमुक पहाडतर्फ लागे । हनुमानले अशोक वाटिकामा सीताजीलाई भेटेको बारे भगवान् रामलाई बताए । वहाँको अवस्था बारे बताउँदा हनुमानले पनि आँसु थाम्न सकेनन् ।

हनुमानको लङ्का भ्रमण

बेलुकाको समय थियो । सूर्य अस्ताउनै लागेको थियो । हनुमान आफू लुकेको ठाउँबाट उठे । अब के गर्ने ? केही समय सोचे । उनी चुपचाप त्यहीं झाडी भित्रै बसिरहे । कसरी खोज तलास शुरु गर्ने त ? यस्तै यस्तै कुरामा केही समय अलमलिए । अँध्यारो भयो । आफूले आफैंलाई सानो बनाए । उनी सानो एउटा फुच्चे जस्तै देखिए । अब उनलाई कमैले मात्र देख्नसक्थे । रातको अँध्यारोमा एउटा सानो फुच्चेलाई कसले देख्ने ? हनुमान वायु पुत्र त्यस बखत उनी वायु जस्तै बने । बिस्तारै लङ्का शहरभित्र प्रवेश गरे ।

हनुमान लङ्का शहरको भ्रमणमा निस्किए । सीताजीलाई कहाँ राखिएको होला त ? उनी शङ्कै शङ्काको भरमा अलि ठूल-ठूला दरबार हेर्नथाले । दरबारहरू चहार्दा चहार्दै रावणको दरबारमा पुगे । सबैतिर चहार्दै हेर्दै गए । रावणको दरबारको चोटा-कोठा चहारे । वार्दली बैठक सबैतिर हेरे । कतै पाउन सकेनन् । उनलाई आफ्नो ज्यानको त वास्तै थिएन, जहाँ पनि जस्तो ठाउँमा पनि जानथाले । उनलाई काम नै प्यारो थियो । जे काममा लागेका थिए, त्यो काम पूरा गर्न सकियोस् । यही नै उनको चाहना थियो । उनी भगवान्को भक्तिमा लागेका थिए । भगवान् भक्ति कति प्यारो थियो हनुमानलाई ।

शहरका महलहरू ज्यादै सजिएका थिए, कति राम्रोसँग सजिएको थियो त्यो शहर । हेर्नलायक थिए महलहरू । कति सुन्दर थिए त्यहाँका बगैंचा । स्वच्छ, सफा, हराभरा व़ातावरण । प्रकृति हाँसे झैं लाग्दथ्यो । त्यहाँको स्वच्छ सफा वातावरण देख्दा मन त्यसै नाच्दथ्यो । जून लागेको जुनेली रात ! कति सुन्दर कति सफा ! कस्तो रमाइलो ! तर बिचरा हनुमानलाई यी सबै कुराले कत्ति पनि आनन्द दिएन । उनी सीताजीको खोजीमा लागेका थिए । वहाँलाई नभेट्टाउन्जेल आनन्द लिने ठाउँ नै रहेन । अहिलेसम्म सीताजीलाई नभेटेकोले उनी दिक्क भएका थिए ।

यता शहरमा पहरेदारहरू घुमिरहेका थिए । ती पहरेदारहरू कोही पनि



होशमा थिएनन् । जस्तो राजा उस्तै प्रजा, सबै मदमा मस्त, सबै बेहोश ! सबै लट्ठ ! रक्सीको मादले मात्तिएका थिए राक्षसहरू ! धेरैजसो त्यसैमा मस्त ! बुढाबुढी केटाकेटी भने निद्राकै संसारमा हराइरहेका थिए । घुम्दै जाँदा रावणको दरबारमा एउटी राम्री महिला देखिइन् । उनको साथमा थियो एउटा जुँगामुठे लोग्नेमानिस । वास्तवमा त्यही नै थियो रावण । ती राम्री महिला सीता पो हुन् कि भन्ने लाग्यो हनुमानलाई । हनुमान त्यसै अलमलिए । केही समयपछि सोचे यस्तो त हुनैसक्दैन । उनलाई आफ्नै विचारप्रति हाँसो लाग्यो । पतिब्रता सीता त्यहाँ हुने त सम्भवै थिएन । त्यसैले उनी त्यहाँबाट हिंडे ।

हनुमान अलि निराश भए । उनले केही पत्तै पाउन सकेनन् । त्यत्रो कठिन प्रयास गरेर बल्लतल्ल आइपुगे तर खै ? सीताजीको बारे त बुझ्नै सकिएन । उनी अलि चिन्तामा परे । "कसो गर्ने ? यसै फर्केर जाने ? छि ! कस्तो नामर्द कुरा ! जुन काम गर्न आएको हो, त्यही काम पूरा नभए पछि कसरी मुख देखाउने ? भगवान् रामको अगाडि उभिएर के भन्ने ? अनि आफ्नै बेइज्जत भएन र ? सीताको बारेमा पत्ता नलगाई म कतै जानेछैन" हनुमानले मनमनै यी सबै कुरा भने । उनले आफ्नो मन बलियो बनाए । हिँड्दा हिँड्दै हनुमान एउटा बगैंचामा पुगे । उनी एउटा रुखमा चढे । अलि सजिलो ठाउँमा बसेर रात बिताए ।

सुन्दर काण्ड

फेरि रात गयो । दिन उदायो । सूर्यले आफ्नो नव कान्ति फिंजाए । हनुमान निद्रावाट विउँझिए । विहान नित्य-कर्म सके । त्यसै समयमा एउटी दुव्ली पातली एउटी मलिन अनुहारकी महिलालाई देखे । उनलाई काला र धसिँङ्गरे अनुहारहरूले घेरेका थिए । ती महिला एकदमै चिन्तित देखिन्थिन् । विहानको समय थियो । उनले भगवान् सूर्यको प्रार्थना गरिन् । अवको सात दिनभित्र पनि सीताको उद्धार गर्न नसके आफू आफैं पासो लगाएर मर्ने कुरा उनले भगवान् सूर्यलाई बताइन् । वास्तवमा यो एउटा प्रार्थना थियो ।


त्यस बखत सीताजीको अनुहारमा कुनै चमक थिएन । उनी दुव्ली पातली देखिन्थिन् । एउटी मगन्ते जस्तै देखिएकी थिइन् । सिङ्गारको सजावट केही थिएन । शरीरमा फाटेको कपडा थियो । कपाल नकोरेकी झुम्री देखिन्थिन् । वेला बेलामा हे राम ! हे लक्ष्मण ! भनी एक्लै बोलेको सुनिन्थ्यो । यस्तो अवस्था देख्दा र उनको मुखले राम र लक्ष्मणको नाम लिएको सुन्दा ती महिला सीताजी नै हुन् भन्ने कुरामा हनुमान स्पष्ट भए । अब कसरी कुन वहनाले भेटौं त भनी हनुमान आफ्नै सोचमा परे ।

रावणको अशोक-वाटिका यात्रा

अशोक वाटिका साँच्चै नै हेर्नलायक थियो । बिहानको समय थियो । चराहरू चिर्चिर गर्दै थिए । रुख रुख चहार्दै थिए । कुनै आकाशमा डुल्दै थिए । रुखहरू एकनाश थिए । ती सबै रुख एक लहरमा थिए । फूल फुलेका थिए । थरिथरिका फूलहरूले सजिएको थियो । बगैंचामा जनावरहरू उफ्रदै थिए । मृग आफ्नै तालमा, घोरल आफ्नै सुरमा । ती सबै नाचे झैं लाग्दथ्यो । गाईहरू उग्राउँदै थिए । चित्तल चर्दै थिए । बगैंचा सुन्दर थियो । सारा पशुपन्छी फलफूल आदिले सजिएको थियो त्यो बगैंचा । त्यस्तो मनोरम दृश्य हेर्न कसलाई मन लाग्दैन थियो र ? त्यसैले बेला बखत रावण पनि त्यो बगैंचामा डुल्न आउँथ्यो । त्यो दिन पनि त्यस्तै भयो । रावण जुँगा हल्लाउँदै आयो । ऊसँग उसका अङ्ग-रक्षकहरू पनि साथै थिए । ती सबैलाई अघि पछि लगाएर ऊ त्यतैतिर आयो ।

रावणलाई देख्नासाथ हनुमान झाडीमा लुके । रावण आफ्नो सेनामेना सहित त्यहाँ आएको थियो । उसकै पछि पछि थिइन् मन्दोदरी । रावणले सीतालाई नचाहिंदो दु:ख दिने हो कि भन्ने डर उनलाई थियो । त्यसैले उनी रावणको हरेक चालको चियो गर्दथिन् । उनी आफ्ना सेविकाहरूसँगै आएकी थिइन् । ती सबै ज्यादै राम्री थिए । ती सबैलाई छाडेर रावण सीताको पछि लागेको थियो । रावण सीताजीको नजिकै पुग्यो । उसले सीताजीलाई फकाउने भावमा भन्यो : "ए सुन्दरी ! तिमी किन यस्तो निन्याउरो मुख लगाएर बसेकी ? तिमी जस्ती सुन्दरीलाई संसारमा केको दु:ख ? आऊन म छँदै छु नि । विश्व सम्राट अगाडि हुँदा हुँदै केको दु:ख ? किन कुछ्र्यौं, तिम्रो त्यस्तो नपुंसक रामलाई ? हामी जस्ता पुरुषार्थी पाउँदा कस्तो खुसी हुन्छन् ? तिमी मात्रै किन यस्ती ? के भएको छ हो तिमीलाई ?"

रावणको यस्तो दुर्वाच्य सुन्दा सीताजीलाई एकदमै रिस उठ्यो । त्यस बखत सक्ने भए सारा लङ्का नै चपाएर समुन्द्रमा थुक्न मन लाग्यो वहाँलाई । वहाँले रिसको आवेगमा रावण तर्फ फर्केर भन्नुभयो : "दुष्ट, निच, तँलाई लाज छैन, एउटा राजा भएर एउटी महिलालाई अपहरण गर्ने । तँ जस्ता दुष्ट यो संसारमा कति दिन टिक्छन् ? तैंले गर्दा सारा जातिकै विनाश हुन लागेको छ । तैंले आफ्नो चिहान आफैं खनिस् । तेरो विनासको दिन आएको छ । तेरो काल आइसकेको छ । मलाई अपहरण गरेर ठूलो पुरुषार्थ देखाउन खोजेको होलास्, तैंले त आफ्नो काल



बोलाएको हो । राम्ररी बुझ्, म मरेरै गए पनि तेरो काल निश्चित छ । तँ पापी होस्, तेरो पाप कराएको छ । तँ दुष्ट होस्, तेरो दुष्टताले सीमा नाघेको छ । तँ बेइमान होस्, तेरो बेइमानीले तेरै मृत्यु डाकेको छ । हे नरपिशाच राक्षस ! तैंले कहिल्यै सुख पाउन्नस् । तँलाई अब कुनै जन्ममा पनि सुख हुनेछैन । स्वास्नी मानिसलाई अपहरण गर्ने कसैले पनि सुख पाउन्नँ । अपहरण महापाप हो । तैंले त्यही महापाप गरिस् । यो संसारमा तेरो भलो कसरी होला ? तँ आफैं बुझ् । ए दुष्ट ! तेरो छोरीलाई कसैले अपहरण गरे तँलाई कस्तो लाग्छ ? तँ केही समय विचार गर् त ।"

सीताजीले बेस्सरी हकारेपछि रावण फेरि जाइलाग्यो । ऊ त सीताजीलाई काटौंला, मारौंला भने झैं गर्न लाग्यो । रावण रिसाएको देखेर मन्दोदरीले रावणलाई संझाइन् । उनले भनिन् :"महाराज ! एउटा राजा भएर एउटी अवलासँग यसरी रिसाउनु, उसलाई जथाभावी भन्नु राम्रो होइन । यस्तालाई त नामर्द भनिन्छ । मर्दले त आफू समानसँग लड्नुपर्छ । अनि पो देखिन्छ पुरुषार्थ ? एउटी अवलालाई दुःख दिएर पृथ्वीमा भएका सारा आमाहरूको अपमान गर्दा आफ्ना सारा सन्तान मासिन्छन् । त्यसैले होश पुऱ्याएर काम गर्नु राम्रो हो ।" मन्दोदरीले यसरी अलि ठूलो स्वरले संझाएपछि रावण अलि शान्त भयो । तैपनि ऊ बेला बखत उर्लन्थ्यो । आफ्नै सुरमा घमण्ड देखाएर कुर्लन्थ्यो ।

यता सीताजीको पनि रिस मरेको थिएन । मन्दोदरीलाई अगाडि देखेर वहाँको पनि हौसला बढेको थियो । रावणलाई भने झैं गरी मन्दोदरीलाई केही कुरा सुनाउन चाहनुहुन्थ्यो । त्यसैले वहाँले भन्नुभयो : "रावण ! तैंले जे गरेको छस्, यो त यो तीनै लोकको सबभन्दा निचकर्म हो । यस्तो कर्मले कोही ठूलो हुँदैन । यस्तो कर्म गरेर कसैलाई पनि भलो हुन्नँ । यस्तै कर्ममा सबै लागे भने यो संसार कस्तो होला ? यो संसारमा सबै तँ जस्ता दुष्ट मात्र जन्मिए भने यो संसारमा कति प्राणी बाँच्न सक्लान् ? तँ जस्ता निचको बुद्धिमा त्यस बारे सोच्ने सोच कहिल्यै आउला त ?" यसरी सीताजीले रावणलाई भने झैं गरी सबै कुरा महारानी मन्दोदरीलाई सुनाउनु भयो । मन्दोदरीले रावणलाई संझाउलिन् र कतै रावणको सद्‌बुद्धि फिर्ला कि भन्ने आशा पनि थियो । तर जसले जसरी संझाए पनि रावण संझने वाला थिएन । उसलाई शक्तिको घमण्डले छोएको थियो ।

रावण बलमा विश्वास गर्दथ्यो । ऊ त बलमै सबै कुरा छ भन्ने विश्वासले

बाँधिएको थियो । सम्पतिमा मात्र सुख छ भन्ने भावना भएकोले उसलाई संभ्काउन सजिलो थिएन । ऊ अरूलाई दु:ख दिन पाएकोमा आनन्द मान्दथ्यो । ऊ आफूभन्दा वलियो र आफूभन्दा शक्तिशाली यो पृथ्वीमा मात्र होइन तीनै लोकमा कोही पनि छैनन् भन्ने ठान्दथ्यो । त्यसैले ऊ आफूलाई कहिले आकाश सम्भन्थ्यो कहिले पाताल । सवैतिरको मालिक आफैंलाई मान्दथ्यो । अनि कसरी संभ्काउने उसलाई ? कसले संभ्काउने उसलाई ? रावण फेरि कुर्लनथाल्यो । ऊ भन्नथाल्यो : "ए कुकुर्नी ! मैले त तँलाई राम्रो मुखले संभ्काएको थिएँ । मैले त माया दिएको थिएँ, म त तँलाई माया दर्शाउन आएको थिएँ तर तँ त कुकुर्नी पो रहिछस्, किन मान्दथिस् मेरो कुरा । म सज्जन भएँ, म भलाद्मी भएँ भनेर तैंले हेपेको ? तर तँलाई म आफैं पनि मौका दिन्छु । यो तेरो सुध्रने मौका हो । तैंले एक महिना भित्र पनि मैंले भनेको मानिनस् भने तँलाई म टुक्रा टुक्रा पारेर कुकुर गिद्धलाई खान दिन्छु । तेरो नाम निशान रहने छैन । यो संसारमा तैंले आफूलाई केकेन ठूलो संभ्फिएकी होलिस्, तेरा ती नपुंसकहरूले केही गर्नेछैनन् । तिनीहरूको केही तागत छैन, शक्ति छैन, आफ्ना वावुको आज्ञा मान्ने निहुँले जंगलमा आएको मगन्तेकी स्वास्नीको यत्रो धाक ! तँलाई ज्यूँदै चपाएर मार्न लगाउँछु । त्यस दिन देखिनेछ, तेरो घमण्ड ।"

रावण सभ्य थिएन । सभ्य भएको भए यस्तो अपहरण जस्तो घिनलाग्दो काममा लाग्ने पनि थिएन । बरु लडाईं गरेर आफ्नो वीरता देखाउँथ्यो । त्यस्तो घिनलाग्दो मान्छेको के कुरा गर्नु ? आफ्नो मुखबाट जे आउँछ, ऊ त्यही वोल्दथ्यो । अशिष्ट व्यवहार, अशिष्ट शब्दहरूको प्रयोग । यस्तै थियो उसको पुरुषार्थ । त्यसैले जे मनमा आयो, त्यही वकवक गर्दथ्यो । बेलाबखत मन्दोदरी उसलाई सम्भ्काउन खोज्दथिन् । ऊ किन सम्भन्थ्यो । मन्दोदरीलाई नै निलुँला भने भैंं गर्दथ्यो । सीताजीलाई धम्क्यायो । त्यसरी नै अरू काम गर्नेहरूलाई पनि धम्क्यायो । सीताजीलाई तह लगाउने आदेश दिएर ऊ त्यहाँबाट हिँड्यो ।

ऊ फर्किएपछि राक्षसीहरूले सीताजीलाई घेरे । उनीहरू भन्दै थिए : "ए सीता ! तिमी त कस्ती लाटी ! यस्तो सारा संसारकै रानी हुने मौका फेरि फेरि आउँछ र ? खुरुक्क महाराज रावणका रानी बन । आनन्दसँग बस, केको चिन्ता ! यस्तो मौका कहाँ पाइन्छ ? यस्तो मौका पाउँदा किन यस्तो व्यवहार गर्ने ? आखिर अब राम आएर लगे भने पनि के नै पाउने हो र ? फेरि त्यही

जङ्गलमै बस्ने त हो नि । फेरि उही झुप्रे आश्रममा किन जाने त्यो जङ्गलमा !"
राक्षसीहरूको यस्तो कुरा सुनेर सीताजीको आँखाबाट आँसु आयो । वहाँले उनीहरूलाई सम्झाउँदै नम्र भएर भन्नुभयो : "हेर राक्षसीहरू हो ! तिमीहरू पनि स्वास्नी मानिस हौ । स्वास्नी मानिसलाई पर्ने मर्का बुझ । तिमीहरूलाई पनि कसैले यसरी नै हरण गऱ्यो भने, भन त तिमीहरूको मन कस्तो होला ? म त रामकी विवाहित रानी ! त्यसैले म वहाँकै हुन्छु । भगवान् राम राजा भए म रानी बन्छु । वहाँ आश्रममा आएर बसे म आश्रममै बस्दछु । हामी सँधै साथमै हुन्छौं ।"

यता ती राक्षसीहरूले सीताजीको कुरै सुनेनन् । उनीहरू आफ्नै खाले समाजमा हुर्किएका थिए । उनीहरूको संस्कृति त्यस्तै बनेको थियो । परम्परा त्यस्तै बसेको थियो । त्यस्ताले सीताजीको कुरा सुन्ने भन्ने त कुरै आएन । रावणको आदेश तर्फ डर पनि थियो । डरले गर्दा पनि उनीहरू सीताजीको कुरा मान्न सक्दैनथे । सीताजीको कुरा सुनेर त उनीहरू झनै पो रिसाए । उनीहरू त सीताजीलाई यातना दिन पो तम्सिए ।

अशोक वाटिमा भएका सबै खाले कुरा हनुमानले देखे । उनलाई एकदमै रिस उठेको थियो । सके त सारा लङ्का एक गाँसमै चपाएर सागरमा फ्याँकिदिउँ जस्तो लागेको थियो । तर के गर्नु ? ती सबै कुरा ईश्वरकै अधिनमा थिए । त्यसैले ती सबै घटना टुलुटुलु हेरे । केही गरौं भने पनि केही गर्ने वातावरण थिएन । सीताजीको ज्यान जोखिममा पर्ला कि भन्ने डर थियो । हनुमान बडो दयालु स्वभावका थिए । उनको आँखाबाट आँसु खस्यो, त्यो आँसु देख्ने कोही थिएन । त्यस बखत उनी एक्लै रोए । आफ्नो मन हलुका बनाए । हनुमान एकाएक संहालिए । उनी होशमा आए । उनको अगाडि थुप्रै काम थियो । भगवान् रामलाई भेट्नु थियो । भगवान् रामलाई भेटेर वहाँलाई अगाडि लगाएर दुष्टहरूको विनास गर्न चाहन्थे । दुष्टलाई लगारेर यो पृथ्वीलाई शान्त पार्ने काममा सघाउनु पनि हनुमानको काम थियो ।

यता राक्षसीहरू सीतालाई सम्झाउँदा सम्झाउँदा वाक्क दिक्क भइरहेका थिए । उनीहरूलाई झिंजो लाग्यो । कुनै कुनैले त काटेर खान पाए हुन्थ्यो भन्नथाले । उनीहरू सीताजीलाई छाडेर अलि पर गएर बसे । सीताजीलाई ज्यादै दुःख लाग्यो । वहाँ रुन लाग्नुभयो । रुनु, कराउनु आदि नै दैनिक काम

जस्तो भएको थियो । रोएर आफ्नो मन हलुका पार्नुभन्दा अर्को उपाय पनि थिएन । दुःखको बेलामा मृत्युको याद आउँथ्यो । तर भनेको बेलामा मृत्यु आउँदैन थियो । भन्ने बित्तिकै कसरी मर्ने ? कस्तो भाग्य । सीताजीलाई ज्यादै दुःख लाग्यो । महलमा बस्नुपर्ने महारानी ! भाग्यले ठगेर वनबास । त्यतिले पनि नपुगेर अपहरणमा पर्नु । वनमा आफ्नो श्रीमान्को साथ त थियो । ल हेर उल्टो भाग्य राक्षसको जालमा परेर यो दुर्दशा ! अब के गर्ने ! सीताजीलाई ज्यादै दुःख लाग्यो ।

वहाँ एकाएक कराउन लाग्नुभयो । एउटी वहुलाही जस्तै बन्नुभयो । वहाँ कराउँदै भन्नलाग्नु भयो : "हे राम ! तपाईं कहाँ हुनुहुन्छ । हे लक्ष्मण ! तपाईं कहाँ हुनुहुन्छ ? हे भगवान् ! मलाई यति भन, के म तपाईं कै आफ्नो होइन ? हे ईश्वर ! मलाई किन यस्तो पीडामा पार्‍यौ ? किन डुवाउनुभयो यो नर्कमा मलाई ? भगवान् मैले के बिगारेको थिएँ र ? म कसरी बाँचुं त प्रभु ! म कसरी बाँचुं । हेर्दा हेर्दै सीताजी रुखमा पासो लगाएर मर्न तयार हुनभयो । यता सबै राक्षसी मस्त निद्रामा थिए । यस्तैमा एउटी बूढी राक्षसीले यो कुरा चाल पाई । उसले सीताजीलाई यस्तो उपद्रो नगर्न सम्झाई । आत्महत्या नगर्न अनुरोध गरी । त्यो बुढी राक्षसी अलि दयालु थिई । उसले सीताजीको समस्या बुझेकी थिई । ऊ अलि बुद्धिमान् थिई । ऊ सीताजीप्रति सहानुभूति राख्दथी तर अरूको अगाडि त्यस्तो भावना देखाउन पनि सक्दिनथी । अरू नभएको बेलामा अरूले चाल नपाउने गरी सीताजीलाई सहानुभूति प्रकट गर्दथी । कसैले रावणलाई कुरा लगाइदियो भने समस्यामा परिन्छ कि भन्ने डर उसलाई थियो ।

यता हनुमान सीताजीको अगाडि कसरी जाने भन्ने सोचमा परेका थिए । उनलाई पनि यही मौका मिल्यो । अघिपछि त राक्षसीहरूले घेरेको घेर्‍यै थिए । त्यस बखत वहाँको अगाडि त्यही बूढी राक्षसी मात्र थिई, त्यसैले त्यसै बखतमा भेट्नु राम्रो होला कि भन्ने कुरा उनको मनमा लाग्यो । फेरि रात पर्न लागेको थियो । रात पर्नुभन्दा पहिला नै भेट गर्न पाए हुन्थ्यो भन्ने पनि उनको मनमा लाग्यो । समय त्यसै खेर फाल्नु पनि भएन । यही बेला नै कुरा गर्नुपर्छ, यस बेला पनि सीताजीलाई आफ्नो परिचय दिन सकिएन भने त काम लाग्दैन । मौकामा काम गर्नुपर्छ । मौका गएपछि पछुताउनु मूर्खता हो ।" हनुमानले यस्तै यस्तै धेरै कुरा सोचे । उनले त्यसै बखत सीताजीसँग कुरा गर्नु ठीक होला भनी

रुखबाट ओर्लिए ।

हनुमान चलाख थिए । सकभर नदेखिनु नै राम्रो भएकोले उनी लुकेरै बसे । बिस्तारै सीताजीलाई सोध्नलागे । सीताजीले एक्लै बरबराएको तालमा जवाफ दिनुभयो । ती राक्षसीहरूलाई कसले के कुरा गऱ्यो पत्तै भएन । ती राक्षसीहरू आफ्नै संसारमा थिए । आफ्नै कुरामा मस्त, आफ्नै दुनियाँमा व्यस्त । यसै मौकामा हनुमानले बताए : "माताजी ! म हनुमान हुँ । म किष्किन्धा राज्यमा बस्दछु । म भगवान् रामका मित्र सुग्रीवको सहायक हुँ । हजूरको खोजी गर्ने काममा भगवान् राम पम्फासर पुग्नुभयो । त्यहाँ वहाँको बाँदरराज सुग्रीवसँग भेट भयो । भगवान् रामले सुग्रीवकै दाजु बालिलाई संसारबाटै हटाएर सुग्रीवलाई राजा बनाउनु भयो । म उनै बाँदरराज सुग्रीवको आज्ञाले भगवान् रामको आशीर्वाद लिएर हजूरलाई खोज्न आएको हुँ ।

हनुमानले यसरी आफ्नो परिचय दिएपछि पनि सीताजीले विश्वास गर्नसक्नु भएन । वहाँ एकपटक छलमा पर्नु भएकोले यो पनि रावणकै छल हो कि भन्ने लाग्यो । सीताजीले तिमी कहाँ छौं त भनी सोद्धा आफू सामुन्नेको रुखको फेदमा भएको उनले बताए । सीताजीले हनुमानलाई देख्नुभयो । सीताजीले देख्नासाथ हनुमानले सीताजीलाई अभिवादन गरे । उनी रुखबाट ओर्लिए र सीताजीको अगाडि आए ।

हनुमानलाई देख्नासाथ सीताजीको मन एकदमै हलुका भयो । वहाँ खुसीले गद्‌गद् हुनुभयो । वहाँलाई अब आफू बाँच्न सक्छु कि भन्ने आशा पलायो । रावण मारिन्छ, त्यसको नासै हुन्छ भन्ने विश्वासमा पनि वहाँ पुग्नुभयो । वहाँलाई एकदमै खुसी लाग्यो । यस्तो अपूर्व आनन्द कमै मात्र प्राप्त भएको थियो । सीताजी अलि हँसिलो देखिनुभयो । हेर्दाहेर्दै केही समयमै वहाँ अलि फरक देखिनुभयो । संसार पनि अनौठो छ । थोरै आशाले पनि मानिसलाई बाच्ने विश्वास दिलाउँछ । मानिसलाई भोलि केही होलाकि भन्ने भरोसा बढ्छ । त्यही आशा, त्यही भरोसा सीताजीमा पनि देखियो । नदीमा बग्न लागेको कमिलालाई एउटा परालको त्यान्द्रो सहारा भए झैं भयो सीताजीलाई ।

सीताजीको शङ्का

"अगुल्टाले हानेको कुकुर विजुली चम्कँदा तर्सन्छ भने झैं सीताजीलाई पनि त्यस्तै भयो । वहाँ फेरि तर्सनुभयो । वहाँ एकपटक मारिचको जालमा फस्नु भयो । त्यसैले गर्दा अहिले यो हालत भएको छ । अहिले पनि कतै त्यस्तै पो हो कि ? हुन पनि के बेर ? फेरि डर लाग्यो सीताजीलाई । वहाँ झस्कनुभयो । अनुहार कालो निलो भयो । त्यो हनुमान सुग्रीवकै दूत हो अथवा होइन । यसबारे स्पष्ट हुनुपर्ने कुरा वहाँको मनमा आयो । सोझै तँ कतै रावणको दूत पो होस् कि भनी सोध्न पनि मन लागेन । के भनौं के भनैं जस्तो लाग्यो । सोच्दा सोच्दै उपाय निस्कियो । वास्तविक कुरा बुझ्न वहाँले रावणलाई गालि गर्नलाग्नु भयो ।

वहाँले भन्नुभयो : "रावण ! तँ कति चलाख छस् । तर तेरो बुद्धि छलकपटमै सकिएको छ । तैंले राम्रो काम गर्न जानेको भए कस्तो हुन्थ्यो । थुइक्क तेरो बुद्धि ! पाइला पाइलामा वेइमानी ! पाइला पाइलामा जालझेल ! कस्तो खराब सोच ! कस्तो दुष्ट स्वभाव ! तैंले राम्रो काम गर्न जानेको भए यो पृथ्वी स्वर्ग बन्थ्यो । यो पृथ्वीका प्राणी कति सुखी हुन्थे । तर के गर्नु ? दुःखको कुरा ! विधाताले तँ जस्ता निचलाई पठाएका छन् यो पृथ्वीमा ! आज पृथ्वी नरक भएको छ, तँ जस्ता अधर्मीले गर्दा ! आज पनि फेरि अर्को छल ! यसैको लागि पठाइस् होइन ?"

सीताजीको मुखबाट यस्ता कुरा निस्कनासाथ हनुमान झस्किए । उनी एकदमै छटपटाए । कहाँ दुष्ट रावण ? कहाँ रामभक्त हनुमान ? हनुमानले हडबडाउँदै भने : "माता ! त्यस्तो मर्जी नहोस् । म दास हुँ । म रामभक्त हनुमान हुँ । मैले आफूसँग एउटा चिनो पनि ल्याएको छु । मलाई हजूरकै खोज



खबरको लागि पठाएको हो । भगवान् राम एकदमै ठूलो शोकमा पर्नुभएको छ । वहाँलाई आफ्नो जिम्मेवारी आफूले पूरा गर्न नसक्नु भएको अनुभव भएको छ । भगवान् राम एकदमै दुःखी हुनु भएको छ । तैपनि वहाँमा धैर्य छ, बल छ, बुद्धि छ । वहाँका सहयोगीहरू छन् । हामी सबै वहाँको सहयोगको लागि तयार छौं । यति भनी उनले भगवान् रामले दिनुभएको चिनो देखाए । त्यो औंठी देख्नासाथ सीताजी खुसी हुनुभयो । औंठी चिनोको रुपमा ल्याएका थिए हनुमानले । त्यस बखत भगवान् रामै भेटे जस्तो भयो । वहाँलाई । अब छुट्टिएर बस्न नपर्ला कि भन्ने पनि लाग्यो । एकै पटक हजारौं कुरा मनमा आयो । खुसीको त सीमै रहेन । के भनौं, के भनौं भने झैं भयो । त्यस बखत हनुमान साक्षात् भगवानै बने । केही समयसम्म त सीताजी बोल्नै सक्नुभएन ।

सीता हनुमान भेट

सीताजीलाई हनुमान प्रति पूरा विश्वास भयो । हनुमान रामभक्त नै रहेछन् भन्ने कुरा वहाँको मनमा पर्‍यो । वहाँले हनुमानको चलाखी देख्नुभयो । हनुमानले दर्शाएको बुद्धिमानी पनि कम थिएन । त्यसैले सीताजी प्रशन्न हुनुभयो । वास्तवमा एउटा साहसी र चलाखले मात्र गर्नसक्ने काम गरेका थिए, हनुमानले । उनी साँच्चिकै पराक्रमी थिए । सत्यको लागि ज्यानको वाजी लगाउन चाहन्थे, असत्यको जरो उखेल्न चाहन्थे । यो पृथ्वीवाट अधर्म भागोस्, असत्य हराओस् । पृथ्वी स्वर्ग जस्तै बनोस् । सारा प्राणी परिश्रमी बनून् । यही चाहना राख्दथे हनुमान । स्वच्छ सफा मन भएका व्यक्ति थिए हनुमानजी, उनी सोचेर मात्र अगाडि बढ्दथे । हतारमा काम गर्न चाहँदैनथे, उनी काम विगारेर पछुताउन नपरोस् भनी पहिले नै विचार पुर्‍याउँथे ।

यता सीताजीलाई पनि भगवान् रामको पराक्रममा विश्वास थियो । भगवान् रामले जनकपूरमा रहेको शिव धनु उठाउनु भयो । धनुमा वाण चढाउन खोज्नुभयो धनु भाँचियो । त्यसैमा नै वहाँको पुरुषार्थ स्पष्ट भएको हो । विद्या, बुद्धि, शक्ति सबै कुरामा पूरा हुनुहुन्थ्यो, भगावन् राम । तैपनि किन झम्टनु भएन रावणलाई एकै शासमा । सीताजीलाई शङ्का लाग्यो । त्यसैले वहाँले हनुमानलाई सोध्नुभयो : "हनुमान ! कतै भगवान् रामले यसो खोजे जस्तो मात्र त गर्नुभएको होइन ? कतै लोकाचार मात्र गर्नु भएको हो कि ? वहाँ मसँगै वेखुसी भएर आफ्नै काममा त लाग्नुभएको होइन । होइन भने वहाँ जस्ता पराक्रमीले किन रावणलाई भष्म गर्नु भएन । के भयो वहाँलाई ? वहाँले दुष्ट पापीको नाश गर्ने कहिले त ? आखिर त्यो समय पनि त आइसकेको छ । रावणको अत्याचार यसरी नै बढ्न दिने हो भने यो संसार कस्तो होला त ?

"हनुमान ! कि भगवान् रामले आफ्नो धैर्य आँट गुमाउनु भएको हो ? कतै शोक र सन्तापले वहाँ कमजोर हुनुभएको त होइन ।" यसरी हनुमानसँग धेरै प्रश्न सोध्नुभयो, सीताजीले ! वहाँको मनमा गुम्सिएका कुराहरू एकैसाथ वाहिर निस्किए । धेरै कुरा त हनुमानले पनि भन्न सक्दैनथे । यता राक्षसीहरूको घेरामा हुनुहुन्थ्यो सीताजी । वहाँलाई मर्नु न बाँच्नु भएको थियो । वहाँलाई परेको पीडाबारे वयान गरेर साध्यै थिएन । वहाँ दु:खको सागरमा डुब्नु भएको थियो । त्यसैले वहाँले भगवान् रामप्रति शङ्का गर्नु पनि स्वाभाविक नै थियो ।

सीताजीका प्रश्नहरू सुनेर हनुमान अलि अलमलिए । सीताजीले पनि हनुमानले रामलाई भेट्दा ती सवै कुरा भनुन् भन्ने कुरा मनमा राख्नु भएको थियो । विचरा हनुमान के भनुन् ? तैपनि केही कुरा स्पष्ट पार्नु पऱ्यो भनी हात जोडी भन्नलागे : "हे माताजी ! भगवान् राम जस्ताको तस्तै हुनुहुन्छ । वहाँ अहिले पनि दुष्टलाई लघार्न र सज्जनलाई साथ दिन लागि पर्नु भएको छ । वहाँले बदमास बालीलाई स्वर्ग पठाउनुभयो । विनाकारण दु:ख पाएका सुग्रीवलाई राजा वनाउनुभयो । कयौं राक्षसले यो संसारबाट मुक्ति पाए । भगवान्मा धैर्य छ, भगवान्मा पराक्रम छ, वहाँको बुद्धि, बलमा शङ्का गर्नुपर्ने अवस्था छैन । मलाई विश्वास छ, म पुगेर सवै खबर दिएको सातदिन भित्र सवै काम पूरा हुन्छ । यो सारा लङ्का भगवान्को अधिनमा आउँछ । बदमासहरू मासिन्छन् । सज्जनहरू बाँच्दछन् । संसार अर्कै बन्छ । माताजी मलाई विश्वास गर्नुहोस् ।" यति भनी हनुमान हात जोडेर बसे । हात जोडेर सीताजीको आज्ञा मागे ।

हनुमानको कुरा सुनेर सीताजी दङ्ग हुनुभयो, वहाँको मन शान्तभयो । भगवान् रामले चाँडै नै दुष्ट रावणको विनाश गर्ने कुरा सुनेर वहाँको मनमा अलिकति भए पनि शान्ति पलायो । वहाँले धैर्य लिएर बुद्धि लगाएर काम गरिरहनु भएको कुरा सुनेर पनि सीताजी खुसी हुनुभयो । वहाँमा आशा पलायो । केही समय कुर्नको लागि धैर्य बढ्यो । वहाँले हनुमानलाई संझाउँदै भन्नुभयो : "हनुमान ! अब तिमी फर्केर जाऊ । तिमी गएर मेरो हाल बताऊ । भगवान् राम दयालु हुनुहुन्छ, वहाँ मेरो अवस्था सुनेर अवश्य पनि छिटोभन्दा छिटो यो लङ्कामा आइपुग्नु हुनेछ भन्ने विश्वासमा छु ।" सीताजीको कुरा सकिएपछि हनुमानले हात जोड्दै बिन्ति गरे : "माताजी ! अहिलेसम्म व्यवस्था मिल्न नसकेकोले केही अलमल भयो । भगवान् दयालु होइबक्सन्छ । मैले खबर

पुऱ्याउनासाथ भगवान् हाम्रो सारा सैन्य लिएर आइपुग्नु हुनेछ भन्ने कुरामा शङ्का लिनुपर्दैन ।" हनुमानलाई संझाउदै फेरि भन्नुभयो : "हनुमान ! एक पटकको कुरा हो । भगवान् राम थकाइले मस्त भएर सुत्नुभएको थियो । मैले आफ्नै हातले वहाँको टाउको उठाइदिएँ । यस्तैमा एउटा कागले मेरो खुट्टामा ठुँग्यो । म झस्किएँ । म झस्किएकोले भगवान् ब्युँझनुभयो । वहाँले मेरो खुट्टामा रगत बगेको देख्नासाथ त्यो मोरो कागले ठुँग्यो भनी वताएँ । वहाँले काग मार्न वाण ताक्नुभयो । मैले हा ! त्यस्तो अज्ञानी चरालाई किन मार्ने भनी संझाएँ । वहाँले मेरो कुरा मान्नुभयो । वहाँमा दयाको भाव पलाएकोदेखि म पनि खुसी भएँ । भगवान्ले त्यसलाई अज्ञानी मानेर क्षमा दिनुभयो । त्यसैले भगवान् राम दयासागर हुनुहुन्छ भन्ने अनुभव मैले गरेको छु । "हनुमान ! भयो, अब तिमी जाऊ । अलमल नगर, भगवान् रामलाई मेरो व्यथा वताऊ ।"

"माताजी हजूरको दु:ख देख्दा मेरो मुटु जलेको छ । कलेजो फाटेको छ । म सवै खबर बताउँछु । खबर पाउनासाथ भगवान् आउनु हुनेछ । आदेश पाएमा म एक्लैले सारा काम पूरा गर्नसक्छु । आदेश पाए अहिले नै हजूरलाई पिठिउँमा राखेर समुद्रपारि पुऱ्याउनसक्छु । हाम्रो बाँदर फौजमा म जस्ता त कति छन् कति ? हजूरले पीर मान्नुपर्दैन । अब सबै काम ठीक समयमै पूरा हुन्छ ।

हनुमानको कुरामा विश्वास लागेन । सीताजीले उनलाई शिरदेखि पाउसम्म हेर्नुभयो । त्यत्रो फुच्चे हनुमानको त्यस्तो धाक देख्दा वहाँ जिल्ल पर्नुभयो । यस्तैमा वहाँले भन्नुभयो : "हनुमान ! तिमीमा फूर्ति छ । तिमी उत्साही छौ, तिमीमा विश्वास छ । त्यो विश्वास हो आत्म-विश्वास ! तिमी महासागर तरेर आयौ । त्यो बेग्लै कुरा हो । तर तिम्रो पिठिउँमा बोक्ने कुरा सुन्दा मलाई विश्वास लागेन ।"

सीताजीको कुरा सुनेपछि हनुमान अलि मुस्कुराए । उनले आफ्नो आकार वदले । उनी बढ्दै गए । हेर्दा हेर्दै उनी एउटा पहाड जस्तो पो देखिए । त्यस बखत हनुमान एकदमै डरलाग्दा देखिए । हनुमानलाई त्यो रुपमा देखेपछि सीताजीलाई पनि विश्वास भयो ।

यता हनुमान सीताजीको अगाडि उभिएर बिन्ति विसाउन लागे । आज्ञा हुन्छ भने म अहिले नै सारा लङ्का सखाप पारिदिन सक्छु । मलाई विश्वास गर्नुहोस्, म अहिले नै हजूरलाई पिठ्युँमा राखेर किष्किन्धा पुऱ्याउन सक्छु ।

सीताजीलाई हनुमान शक्तिशाली भएको कुरामा शङ्का थिएन । तर त्यस बखत विना बन्दोबस्त जथाभावी आज्ञा दिनु पनि भएन । सीताजीले भन्नुभयो : "हनुमान ! मैले तिम्रो वीरतामा विश्वास गरें । तिमी नरिसाऊ, म तिम्रो पिठ्युँमा बसेर जान सुहाउँदैन । त्यसो गर्दा भगवान् रामको वीरतामा अविश्वास गरे झैं हुन्छ । फेरि यत्रा राक्षसहरूको अगाडि हामी छौं, कतै केही भइहाल्यो भने..... । त्यसैले यो कुरामा जिद्धी नगर । फेरि हामी भागे जस्तो हुन्छ । तिमी फर्क । भगवान् रामसँग सरसल्लाह गरेर राम, लक्ष्मण, सुग्रीव, अंगद, जाम्ववान् सबैलाई लिएर आऊ ।

हनुमानले पनि सीताजीको कुरा स्वीकारे । उनले सीताजीसँग बिदा मागे । सीताजीले पनि आफ्नो कपालमा लगाएको काँटा दिनुभयो । त्यो काँटा चिनोको रुपमा दिइएको थियो । हनुमानले त्यो चिनो स्वीकारे । उनी त्यहाँबाट बिदा भए । त्यहाँबाट बिदा भएर हिँड्न लाग्दा कस्तो कस्तो अप्ठेरो लाग्यो । उनले अशोक वाटिकामा पसेर केही फलफूल खान अनुमति मागे । सीताजीबाट त्यस्तो अनुमति पाएपछि उनी त्यहाँबाट हिँडे ।

अशोक वाटिका विनास

लङ्काबाट निस्कनुभन्दा पहिले हनुमानले लङ्काको शक्ति जाँच्ने विचार गरे । लङ्का कति बलियो रहेछ त ? त्यसबारे पनि बुझौं भन्ने भावना उनको मनमा आयो । उनीहरू कसरी लड्दा रहेछन्, त्यसबारे केही जानौं भन्ने चाहना भयो । हनुमान अलि गहिरो सोचमा परे । के गर्नु ठीक होला त ? सोच्दा सोच्दै उनलाई त्यही अशोक वाटिकाबारे याद आयो । त्यहींका रुखहरू उखेल्न लागे । उनले रुखहरू उखेलेर फ्याँक्दा त्यहाँको वरपरको भाग त्यसै थर्कियो । उनी रुख उखेल्दै फलफूल खाँदै गर्नलागे ।

हनुमान बेला बखत विध्वंस मच्चाउन बेर लगाउँदैन थिए । उनले केही समयमै त्यो बगैंचा तहस नहस पारे । त्यहाँको पाले त वीर हनुमानलाई देखेरै तर्सियो । हनुमानलाई झम्टन खोज्दा भुईंमा पछारियो । उसको टाउकोमा चोट लाग्यो । त्यसले चारैतिर हो-हल्ला मच्चायो । एक कान दुई कान मैदान हुँदै अशोक वाटिकामा मच्चाएको विनासको खबर रावणसम्म पनि पुग्यो । खबर सुन्नासाथ रावण रिसले चूर भयो । रावणमा शक्ति थियो, शक्ति भन्दा पनि बढी त रिसै थियो । ऊ रिसाएको थियो । उसलाई कुरा बुझ्नतिर भन्दा रिसाउनमा नै बढी थियो । उसले तुरुन्त त्यसलाई पक्रेर ल्याउन आदेश दियो ।

रावणको आदेश पाउनासाथ केही सैनिकहरू अशोक वाटिका तर्फ लागे । उनीहरू आफूसँग भएको हात हतियारले सुसज्जित भएका थिए । हनुमान मूल ढोकैमा उभिएका थिए । उनी देख्दै पहाड जस्ता देखिन्थे । सैनिकहरूको समूह देख्नासाथ उनी आकाशमा उफ्रिए । हनुमानको आक्रमणमा परी कयौंले विरगति प्राप्त गरे । मारामार मच्चियो । हनुमानले आफ्नो गदाले सबको टाउकै टाउकोमा हिर्काउँदा दानवहरूमा कोलाहल मच्चियो । उनीहरूको हातहतियारले त कामै गरेन । हनुमानले टाउकामा बजाउनासाथ उँभो लाग्थ्यो ।

हनुमानलाई हिर्काउन ल्याएको भाला भुइँमै छरियो । खुडा खुकुरी त्यसै खेर गए । हनुमानलाई पक्रनु त कता कता कसैले हनुमानको पुच्छर छुनसम्म पनि सकेन । हेर्दा हेर्दै बगैंचा बरवाद । त्यस्तो राम्रो अशोक वाटिका बन्यो लडाईंको मैदान । धेरै बेगले हुरी बतास चले झैं भयो । आँधीले तहस नहस पारे झैं भयो । राक्षसहरू हनुमानलाई रोक्न प्रयास गर्दथे । तर प्रयास सफल हुन सकेन । उनी हुरी भएर हानिन्थे । आँधी भएर सबैलाई अत्याउँथे । हनुमानको बेग थाम्नसक्ने त्यहाँ कोही भएन । सबैको सातो गयो । त्यो पहिलो समूह त्यसै भाग्यो ।

फेरि कसैको केही नलागेकोबारे खबर भयो । रावण फेरि कुर्लन लाग्यो । कुरै नबुझी उर्लन लाग्यो । समस्या के हो ? समस्या कति ठूलो छ ? त्यसलाई समाधान गर्न के गर्नुपर्छ ? त्यसबारे सोच्ने चलन रावणमा थिएन । त्यसैले विनासको बाटो लाग्दथ्यो रावण । उसले जम्बुमालीलाई त्यो बाँदरलाई पक्रेर ल्याऊ भनी करायो । त्यस बखत जम्बुमाली एउटा कहलिएको वीर थियो लङ्कामा । उसको अगाडि पर्न कोही चाहँदैनथे । ऊ धनुर्धारीमा एकदमै नाम चलेको वीर थियो ।

यता जम्बुमाली तुरुन्त तयार भयो । ऊ सेनाको एउटा समूह लिएर हिंडिहाल्यो । जम्बुमालीको समूह अशोक वाटिका पुग्यो । त्यहाँ हेर्दा त जम्माजम्मी एउटा बाँदर । जम्बुमालीलाई हाँसो उठ्यो । त्यो एउटा बाँदरसँग लड्न यत्रो फौज । ऊ मनमनै ढुक्क भयो । त्यसलाई पक्रन के बेर ? बिस्तारै छेक्न खोज्यो । हनुमान उपियाँ जस्तै उफ्रन्थे । उनी त राक्षसहरूको टाउकै टाउकामा हिर्काउँथे । हनुमानको एक चोटमा नै सबै सखाप हुन्थे । हेर्दा हेर्दै जम्बुमालीसँग आएको समूह पनि समाप्त भयो । आखिर जम्बुमाली झण्डै झण्डै एक्लै भए । उनी धैर्य लिएर लड्दै थिए । उनले हानेको वाण ताकेको निशानामा लाग्दै लागेन । वाण हान्नासाथ हनुमान उफ्रेर अन्तै पुग्थे । हनुमानको आक्रमण एकदमै डरलाग्दो थियो । उनले आक्रमण गर्नासाथ सारा सेना सखाप हुन्थ्यो । हनुमान मौका हेरेर बसेका थिए । आखिर हनुमानको गदा जम्बुमालीको टाउकोमा बर्सियो । मौका पाउनासाथ बजाइहाले । हनुमानको आक्रमणको अगाडि जम्बुमालीको केही लागेन । उनी पनि स्वर्ग तर्फ लागे ।

हनुमानले केही बेर सोचे । अब के गर्नु ठीक पर्ला त ? अब यत्तिकैमा



किष्किन्धा फर्कने कि ? उता रावण अत्तालियो, फेरि अर्को पटक आफ्नो सेना सेनापति सबै समाप्त भएको सुन्दा ऊ त छाँगाबाट खसे जस्तै भयो । उसको त रिसको सीमै रहेन । उसले आफ्ना अरू सेनापतिहरू र सातजना मन्त्रीहरूलाई पनि पठायो । हनुमान आफ्नै ठाउँमा उभिएका थिए । उनको हातमा एउटा गदा थियो । देख्दै डरलाग्दा भएर उभिएका थिए हनुमान । उनी जङ्गलका सिंह जस्तै देखिन्थे । जत्तिसुकै फूर्ति गर्दै गए पनि हनुमानलाई देख्नासाथ तर्सन्थे । हनुमानले गद्दा चलाउनासाथ भागाभाग शुरु हुन्थ्यो । आखिर कोही टिकेन । मुख्य मुख्य व्यक्ति सारा मारिए । कमजोरहरू पहिले नै भागे । आखिर त्यो समूह पनि समाप्त भयो ।

यसरी हनुमानले सयौंलाई सिध्याए । कयौं अपाङ्ग भए । कसैको हात भाँचियो । कसैको खुट्टा रहेन । अर्को समूहमा त रावणका छोरा अक्षय कुमार नै थिए । त्यो समूहसँग पनि हनुमान भिडे । फेरि कसैको टाउको रहेन, कसैको खुट्टा भाँचियो । कसैको ढाडै खत्तम ! कसैको तिघ्रा ! बिचराहरू ऐय्या ! ऐय्या ! गर्नलागे । त्यहाँ कसले कसलाई दया गर्ने ? खालि मारामार, काटाकाट ! अक्षय कुमारले त के के न गर्लान् भन्ने थियो रावणलाई । अब त त्यो बाँदरलाई बाँधेर ल्याउँछ भन्ने विश्वासमा बाँचेको थियो रावण ! तर त्यसबेला पनि धोका खायो रावणले । आखिर अक्षय कुमारले पनि केही गर्न सकेन । ऊ पनि

हनुमानको गद्दाको शिकार भयो । ऊ पनि स्वर्ग तर्फ लाग्यो । त्यो खबर पनि रावणको दरवारमा भित्रियो ।

अब दरवारमा कोलाहल मच्चियो । रुवाबासी शुरुभयो । रावण रिसले जल्यो । रावण फेरि पनि रिसले जल्यो । वास्तवमा उसलाई रिसले नै खाँदै थियो । त्यस मूर्खलाई के थाहा ? समस्यालाई सोचेर समाधान गर्नुभन्दा रिसाएर समस्यामा फस्ने गर्दथ्यो रावण । त्यसैले त मूर्ख भनिएको त्यसलाई, छोराको मृत्युपछि पनि रावणले सही कुरा सोचेन । ऊ रिसमै डुबेको थियो । ऊ आफैं हनुमानलाई पक्रन जान तयार भयो । ऊ हिँड्नै लागेको वेला मेघनादले उसलाई रोक्यो, मेघनादले भन्यो : "बुबा ! यति सानो कामको लागि हजूर नै किन ? म छु, अझै सयौं सैनिक छन् हामीसँग । यति सानो कुराको लागि पनि हजूरै सवारी हुनुभयो भने त बरबादै भएन र ?"

मेघनादको कुरा सुनेर रावण दङ्ग पर्‍यो । मेघनादको अगाडि कोही टिक्नसक्दैन भन्ने घमण्ड थियो रावणमा । रावणमा घमण्ड थियो अनि थियो रिस । ऊ फेरि रिसले आगो भयो त्यो फुच्चे बाँदरसँग । आफ्नो छोरा अक्षय कुमार मारिएकोमा उसलाई ज्यादै दुःख लाग्यो । एउटा पुरुषार्थीको आँखामा आँसु देखिनु हुन्न । आँसु त डरछेरुवामा मात्र देखिन्छ भन्ने सोच थियो उसको मनमा । उसले दाह्रा किटेर आफ्नो दुःख सह्यो । आफ्नो छोरा मारिएकोमा पनि वास्ता गरेनँ उसले । लडाईंमा आपत् विपत्मा यस्तै हुन्छ । आपत् टारेर मात्र शोक सन्तापमा लाग्नुपर्छ । त्यसैले रावण त्यो फुच्चे बाँदरलाई कसरी स्वाहा पार्ने त्यसैमा लाग्यो । उसले आफ्नो जेठो छोरालाई आदेश दियो । उसले भन्यो : "मेघनाद ! तिमी जाऊ ! तिम्रो शक्तिको अगाडि को टिक्ने ? जाऊ लिएर आऊ त्यस फुच्चेलाई । जाबो बाँदर ! त्यसको त्यस्तो धाक ।"

रावणको आदेश पाउनासाथ मेघनाद ठूलै समूह लिएर गयो । आकाशमा मेघ गर्जिए झैं गर्जदै गयो । उसको आवाजले सारा शहर थर्कियो । लङ्कामा ठूलै समस्या परेछ कि भन्ने कुरा त्यहाँ बस्ने सबैको मनमा पर्‍यो । मेघनाद अशोक बगैंचामा पुग्यो ।

यता हनुमान आफ्नै सुरमा थिए । उनी एक्लै थिए । कसैको डर भर केही थिएन । उनी पहिले जस्तै अशोक बाटिकाको ढोकैमा उभिएका थिए । मेघनादलाई देख्नासाथ उनी गर्जिए, उनको आवाज सुन्नासाथ सयौं त त्यसै तर्सिए । कयौंले

कुलेलम ठोके । यता मेघनाद वाण वर्षाउन व्यस्त भए । हनुमान मेघनादको एक एक वाण छल्दै रावणको सैन्यमाथि जाइलागे । हनुमानको गद्दाको प्रहार सहन नसकेर सयौं राक्षस त्यहीं मूर्छा परे । कयौंको त्यहीं तत्कालै मृत्यु भयो । हनुमान कहिले जमिनमा देखिन्थे, कहिले आकाशमा, कसले के गर्ने ? कसरी पक्रने ? उनी उपियाँ जस्तै उफ्रन्थे । कहिले भुसुना बन्थे, कहिले हात्ती, सबै अलमल्ल परे । त्यस बखत मेघनाद पनि अत्तालियो । उसलाई पनि के गरौं, कसो गरौं, भने झैं भयो । उसको पनि होश हवासै हरायो । बल्लतल्ल ब्रह्मपास फ्याँक्ने बुद्धि उसलाई आयो । हत्तपत्त ब्रह्मपास फ्याँक्न चाहन्नथ्यो । केही नलागेपछि के गर्ने ? आखिर ब्रह्मपासै फ्याँक्नु पऱ्यो ।

हनुमान ब्रह्मपासमा बाँधिए । उनी त्यहाँबाट फुत्कन पनि सक्दथे । ब्रह्मपासको मर्यादा पालन गर्नुपर्दथ्यो । त्यसैले उनी त्यहाँबाट फुत्कन चाहेनन् । मेघनादले उसलाई डोऱ्याएर रावणको दरवारमा पुऱ्यायो । राक्षसहरू ज्यादै खुसी भए । त्यहाँ एउटा मेलै लाग्यो । हनुमानलाई हेर्न चारैतिरबाट भीड लाग्यो । कतै बाजा बज्न लाग्यो । कोही नाच्न लागे । दरवारभित्र लगेपछि कुन बेला उनलाई छाड्ने होला भनी उनलाई हेर्न कुरेरै बसे । कतिपय भने अब त्यसको मिति पुग्यो भनी त्यहाँबाट हिंडे ।

लङ्कामा आगलागी

हनुमान पक्राउ परे । उनी त्यस बखत रावणको दरबारमा थिए । रावण आफ्नो दानवी पुरुषार्थमा मक्ख थियो । उसको शरीर एकदमै कसिलो थियो । हात पाखुरा ठूला ठूला । ठूला चौडा छाती । देख्दै पहलमान होला जस्तो थियो रावण । ऊ एकदमै तेजिलो थियो । अनुहारै धप्प बलेको जस्तो । एकदमै आकर्षक थियो रावण । यस्तो आकर्षक यस्तो चलाख, यस्तो विद्वान् पनि यस्तो निष्ठुर, निर्दयी, अन्यायी ! के सराप परेको होला ? किन यसले बुद्धि सही बाटोमा लगाएन ? हनुमान मनमनै छक्क परे । हनुमानलाई एकदमै अनौठा लाग्यो ।

"ए बदमास बाँदर ! तँ कसरी आइपुगिस् मेरो शहरमा ? यो लङ्का तीनै लोकका मालिक रावणको हो भन्ने थाहा छैन तँलाई ? तैले त सीतासँग पनि कुरा गरिस् रे ? कसले पठायो हँ तँलाई ? को हो तेरो मालिक ? अशोक वाटिका बिगारेर तैंले के पाइस् हँ ? बनाउन कति गाह्रो हुन्छ, थाहा छ तँलाई ? जे होस् अब तँ यहाँबाट जाने छैनस् । अब तँ अर्कै लोकमा । बिगार्न जान्ने बनाउन मात्र नजान्ने तँ जस्ता पाजीलाई यो संसारमा बाँच्ने अधिकार छैन ।" रावणको कुरा सुन्दा हनुमानलाई हाँसो उठ्यो । उनी मुसुक्क मुस्कुराए । त्यस बखत केही बोल्नु उचित थिएन । बोलेर काम लाग्ने पनि केही थिएन । त्यस्तो बेलामा बोलेर के काम ?

रावणले मन्त्री प्रहस्तलाई बोलायो । उसले हनुमानसँग सोध्न भनी करायो । उसले हप्काउँदै भन्यो : "ए बाँदर । भन् त, तँ हाम्रो राज्यमा आउनुको कारण के हो ? तैंले जे जस्तो सत्यानास गरेको छस् त्यसको लागि त तँलाई मृत्युदण्ड पनि कमै हुन्छ । तँ जस्तो बदमास हाम्रो राज्यमा न कहिल्यै आयो न त आउने नै छ । तँलाई हाम्रो मुलुकमा पठाउने को हो ? त्यसको नाम भन् । हामी

अहिल्यै त्यसको सत्यानास गर्नेछौं ।"

प्रहस्तले सोधेपछि हनुमानले भने : "प्रहस्त ! म त किष्किन्धा राज्यबाट आएको हुँ । मेरो नाम हनुमान हो । म वायुको छोरा हुँ । अहिले म महाराज सुग्रीवको विशेष दूत वनेर आएको हुँ । अहिले भगवान् राम र महाराज सुग्रीवले महारानी सीताको खोज खवर गरी आउनु भन्नुभएकोले त्यसै कामको लागि यहाँ आएको हुँ । मैले त सानोतिनो विनास मात्र गरें । यस्तै भूल गर्दै जाने हो भने सारा लङ्का राज्यकै विनास हुन्छ । त्यसैले वलले होइन, बुद्धिले काम लिनु राम्रो हो । लङ्का नरेश रावणमा सद्वुद्धि आओस् । उनले सद्वुद्धि लगाएर काम गरुन् भन्ने म चाहन्छु । लङ्का नरेश रावणलाई भगवान्ले सद्वुद्धि दिनुहोला भन्ने आशा गरेको छु ।"

यति भनिसकेपछि हनुमान लङ्का नरेश रावण भए तर्फ फर्किए । उनले भने : "महाराज रावण ! तपाईं बुद्धिमान् हुनुहुन्छ । तपाईं जस्तो संसार देखे-सुनेको व्यक्तिलाई मैले भन्नुपर्दैन । तपाईंलाई नीतिवारे थाहा छ । तपाईंलाई धर्मबारे ज्ञान छ । त्यसो हुँदा हुँदै पनि तपाईंले ज्यादै निच काम गर्नुभयो । अपहरण त्यो पनि स्वास्नीमानिसको । तपाईं सम्झनुहोस् त तपाईंकी छोरीको अपहरण भयो भने तपाईंलाई कस्तो लाग्ला ? त्यसैले महारानी सीतालाई लिएर जानुहोस् । भगवान् रामसँग माफ माग्नुहोस् । सत्य र धर्मको पालना गर्नुभयो भने भगवान् रामले तपाईंलाई माफ गर्नु हुनेछ ।

हनुमान ज्यादै इमान्दार थिए । उनी सत्यको बाटो हिंड्न चाहन्थे । सत्यकै बाटोमा लाग्दा सबैको भलाइ हुन्छ भने किन असत्य अँगाल्ने ? लडाईं झगडामा किन फस्ने, किन फसाउने ? यही सोच उनीमा थियो । त्यसैले उनले संझाउने प्रयास गरे । उनले भने : "महाराज ! राम दयालु हुनुहुन्छ । कसैले आफ्नो भूल स्वीकारे त्यसलाई क्षमा दिने स्वभाव वहाँमा छ । त्यसैले महाराज रावण ! सीताजीलाई फिर्ता गरिदिनोस् । तपाईंलाई भगवान्ले माफ गरिदिनु हुनेछ । यस्तो दुष्कर्ममा नलाग्नोस् । लडाईं भयो भने सबै बरबाद हुन्छ । तपाईंले रामसँग लड्ने त कुरै छाडौं, लक्ष्मणको अगाडि पनि कोही टिक्नसक्ने छैन । खर र दुषणको जस्तो अवस्था भयो, त्यस्तै नै हुनेछ ।"

हनुमानको कुरा सुनेर रावण रिसले चुर भयो । खति हुने बेलामा मति आउन्न भन्ने उखान लागुभयो उसलाई । ऊ त बेस्सरी बम्कन पो थाल्यो ।

उसले हनुमानलाई हप्काउँदै भन्यो : "ए बाँदर ! तँ धाक लगाउने ? यो लोकमा त के कुरा ? देवलोकमा पनि मसँग लड्ने कोही छैन । तँ मलाई अर्ति दिने ? तेरो त्यत्रो हिम्मत ? तँ जस्ता भुसुनाले मसँग निहुँ खोज्ने ? यो संसारको मात्र होइन, स्वर्ग, पाताल सबै तिरको राजा हुँ । मेरो शक्तिको अगाडि ब्रह्मा विष्णु महेश्वर कोही पनि टिक्दैनन् । यो कुरा त तँ जस्ता बुद्धुलाई पनि थाहा हुनुपर्ने ? तँ जस्ताको त के कुरा ? तेरो राम, लक्ष्मण ती सबैलाई घाँस काट्न पठाए हुन्छ त्यस्ता पाजीहरूले मसँग लड्ने ? रावणले आकाश तर्फ हेऱ्यो । खुट्टा भुइँमा बजाऱ्यो । ऊ त रिसले स्वाँ-स्वाँ गर्नलाग्यो ।

रावण केही समय चुप लाग्यो । फेरि हप्काएको स्वरमा भन्नलाग्यो । ठूलो स्वरमा गर्जदै भन्यो : "ए बाँदर ! तेरो सुग्रीव पनि कस्तो मूर्ख ? तँ जस्तो बज्रस्वाँठलाई पनि दूत बनाएर पठाउने । तेरो सुग्रीवलाई त मेरो बारेमा पत्तै रहेनछ । मेरो अपमान गर्ने कोही पनि यो संसारमा बाँच्दैन । तेरो सुग्रीव, तेरो राम, तेरो लक्ष्मण ती सबैले भेट्नेछन् मेरो लात । अहिले तँलाई नै ठीक पार्छु ।" यति भन्दै रावण तरवार लिएर उभियो ।

यता विभीषण हनुमानलाई केही होला कि भनी परिस्थिति बुझेर बसिरहेका थिए । विभीषण महाराज रावणका कान्छा भाइ हुन् । सबै कुरा बरबाद होला कि भनी अगाडि बढे र रावणलाई भने : "महाराज ! यो बाँदर दूत बनेर आएको हो । यद्यपि यसले केही नचाहिंदो काम गरेकोबारे सबैलाई थाहा छ । त्यसको लागि यसलाई सजाय दिनुपर्छ । यसलाई मार्नु हुन्नँ । हाम्रो धर्म अनुसार यसरी मार्ने कामलाई अधर्म मानिन्छ । यसलाई मार्दा हाम्रो जाति हाम्रो राज्य अनि हाम्रो इज्जत जान्छ । यसले त के नै गर्नसक्ने हो र ? यसलाई होइन पहिले त यसको मालिकलाई नै सखाप पारौं । जसरी शूर्पणखाको नाक काटेर पठाइयो, यसरी नै यसको पनि पुच्छर पोलौं र ठुटे पारेर पठाऔं रमाइलो पनि हुने, यसलाई सजाय पनि पुग्ने यसको मालिकको पनि सातो जाने ?

विभीषणको कुरा रावणलाई मन पऱ्यो । उसलाई विभीषणले के के न राम्रो कुरा सिकाए भन्ने लाग्यो । विभीषण रामभक्त बनिसकेका थिए । यो कुरा त पत्तै थिएन रावणलाई । रावण भित्रभित्रै दङ्ग भयो । ऊ बल देखाएर बहादुर बन्न खोज्दथ्यो । आफू बुद्धू भएकोबारे त उसलाई पत्तै थिएन । ऊ त हनुमानको पुच्छर डढाउने उत्सव मनाउन पो थाल्यो ।


रावणको त खुसीको सीमै थिएन । सैनिकलाई हुकुम दिंदै भन्यो : "ए सैनिकहरू ! जाओ, अलिकति कपास र तेल लिएर आओ । यसको पुच्छरमा बाँध र आगो लगाओ । हनुमान आफ्नो जिउडाल सानो बनाएर उभिएका थिए । उनलाई जिस्क्याउने त कति थिए कति ? उनी भित्र भित्रै मुरमुरिएका थिए तर के गर्नु जथाभावी गर्नु पनि त भएन । त्यहाँ आफ्नै ज्यानको समस्या थियो । सीताजीको ज्यान जाला भन्ने डर थियो । फेरि मुख्य कुरा त सन्देश थियो । लङ्काको खबर किष्किन्धा पुऱ्याउनु थियो ।

केही समयपछि हनुमानको पुच्छरमा आगो लगाउने काम सम्पन्न भयो । त्यहाँ एउटा ठूलो मेला लाग्यो । कोही दमाहा बजाउँदै हनुमानको बदमासी बारे फलाक्दै थिए । केही राक्षसहरू हनुमानलाई डोऱ्याउँदै थिए । त्यहाँ तमासेहरू थिए । उनीहरू होहल्ला मच्चाउँदै थिए । ठूलो भीड लाग्यो । एउटा जात्रा नै लाग्यो । हनुमान मौका छोप्दै थिए । उनी कुन बेलामा फुत्कने भनी मौका पर्खिरहेका थिए । यस्तैमा त्यो भीड एउटा गल्छेडोमा पुग्यो । सैनिकहरू आफ्नै रमितामा थिए । एउटाले मात्र समातेको थियो । उसलाई आफू निकै बलियो छु भन्ने लागेको थियो । हनुमान उफ्रदा त उसले तीन बल्ड्याङ् खायो । हनुमान एउटा महलको छानामा पुगे ।

अब पऱ्यो फसाद । ती राक्षसहरू अत्तालिए । कसरी समात्ने हनुमानलाई ? कसरी पक्रने ? क—कसको ज्यान जाने हो । मुख्य मुख्य राक्षसहरूको त सातो पुत्लो नै गयो । यता हनुमान अग्ला अग्ला घरमा आगो लगाउन लागे । भनै हो—हल्ला मच्चियो । घरहरू हुरुरु बल्न थाले, हेर्दा हेर्दै शहर बल्न थाल्यो । हनुमानलाई पक्रने त होश हवासै भएन । हनुमान एक्दमै स्वतन्त्र जस्ता भए । राक्षसहरू आगो निभाउन व्यस्त भए । अब हनुमानलाई पक्रने कसले ? उनी समुन्द्रमा पुगे । पुच्छरमा लागेको आगो समुद्रमा चोपेर शान्त बनाए ।

यता लङ्का शहर जलिरहेको थियो । सबै राक्षसहरू आगो निभाउनमै व्यस्त । हनुमान कहाँ पुगे भन्ने पनि पत्तै भएन । हनुमान अशोक वाटिका सुटुक्क पसे । सीताजीलाई सबै कुरा छोटकरीमा सुनाई बिदा भएर हिंडे । उनले सीताजीलाई खालि दुई चार दिन पर्खन संझाए, उनी त्यहाँबाट फेरि आकाश मार्ग हुँदै समुन्द्रको अर्को किनारमा आइपुगे ।

यता लङ्का शहरको मुख्य मुख्य भाग अझै बलिरहेको थियो । रावण रिसले जलेको थियो । जनतामा हाहाकार मच्चिएको थियो । सारा राक्षस गण



आगो निभाउनमै व्यस्त थिए । एउटा शान्त र सम्पन्न शहर आफ्नै राजाको कुकर्मले ध्वस्त हुन लागेको थियो । विभीषण, मन्दोदरी जस्ता बुद्धिमान् र धर्मात्मालाई पीर पर्‍यो । बल र घमण्डको मदले मात्तिएका राक्षसहरू राम्रा र चाहिने कुरा किन सुन्दथे । उनीहरू त अरूलाई मार्न नै मन पराउँथे । अरूलाई काट्नमै कसिन्थे । सबैसँग बाँचौं, सबैसँगै हाँसौं, सबैसँगै बसौं भन्ने सद्भाव उनीहरूमा थिएन । मिलेर बस्न र हाँसेर बाँच्न नजानेकैले उनीहरूको नास हुन लागेको थियो ।

बाँदरहरूमा खुसीयाली

हनुमानका केही साथीहरू उनलाई कुरेर तिरमा बसेका थिए । उनीहरू बेला बेलामा आकाश तर्फ हेर्दथे । धेरैजसो समय त समुद्रको विशाल छाल हेरेर छक्क पर्दथे । हनुमान कहिले आइपुग्लान्, यही चिन्ता थियो उनीहरूलाई । हेर्दा हेर्दै आकाशमा एउटा अनौठो जीव देखियो । त्यस्तो कुन चरा होला केही समय त सबै छक्क परे । हनुमानै होलान् भनेर त कसैले पनि सोचेन । उनीहरू त्यही अनौठो जीवलाई हेर्न लागे । हेर्दा हेर्दै त त्यो जीव हनुमानै भएको कुरा स्पष्ट भयो । उनीहरू उफ्रन लागे, खुसीको सीमै रहेन । हेर्दाहेर्दै हनुमान आइपुगे ।

ती सबै बाँदरहरू महेन्द्र पर्वतमा भेला भए । हनुमान आफ्नो यात्रा बारे बताउन लागे । सबैले बढो उत्सुकता लिएर सोधे । जाम्ववान्ले सीताको बारे सोधे । अनि उनले रावण र राक्षसहरू बारे सोधे ।

हनुमान केही समय शान्त भए । केही समयपछि उनले आफ्नो यात्रा बारे बताए । अर्को किनारमा ओर्लिएको रातपरेपछि लङ्का भित्र प्रवेश गरेको, दिनभर नदी किनारकै झाडी भित्र लुकेर बसेको, रातपरेपछि ठूला महलहरूमा पसेर कोठा कोठा चहारेको सीताजीलाई खोज्दा त्यहाँ कतै नभेटेको, आफू अशोक बगैंचातर्फ लागेको, त्यहाँ एउटी दुब्ली पातली महिलालाई देखेपछि सोधखोज गर्दा सीताजी फेला परेको बारे हनुमानले बताए । उनले अशोक वाटिका भताभुङ् पारेको लङ्का जलाएको र त्यसपछि आफू सीताजीसँग बिदा भएर फर्किएको कुरा पनि सबै साथीहरूलाई सुनाए ।

हनुमानले भने : “अहिले सीताजी संकटमा हुनुहुन्छ । मैले लङ्का जलाएको रिसमा रावणले जे पनि गर्नसक्छ । अहिले सीताजी अशोक बगैंचामा समिको रुखमुनि बस्नुभएको छ । वहाँको साथमा थुप्रै राक्षसीहरू छन् । ती सबैमा एउटी राक्षसी अलि दयालु छे । त्यही बुढी राक्षसीको सहयोगले बाँच्नु भएको छ

सीताजी । अब हामीले ढिला गर्नुहुन्नँ । यो खबर पुऱ्याएर, सबै बन्दोबस्त मिलाइ लङ्का तर्फ लाग्नुपर्छ ।

हनुमानको कुरामा सबै सहमत भए । सबैजना महाराज सुग्रीवलाई भेट्न बाटो लागे । अंगद भने अलि जोसिला अलि अर्कै खालका भएका थिए । उनलाई सीधै लङ्का तर्फ जाउँ झैं लाग्यो । रावणको सारा शाखा सन्तान अहिले नै स्वाहा पारुँ जस्तो लाग्यो उनलाई । उनी बाटैमा उभिएर भन्नलागे : "ए साथी हो ! म यहीँबाट फर्कन्छु । अहिले नै गएर रावणलाई समाप्त पारेर फर्कन्छु । म राक्षसहरूको अत्याचार सहन सक्दिनँ । हामी यति छँदैछौं । किन फर्कने किष्किन्धा ? लङ्का तर्फ लागौं । सीताजीलाई लिएर मात्र फर्कौं ।"

अंगदको कुरा सुनेर जाम्ववान्‌ले भने : "अंगद ! तिमी केटाकेटी नै छौ । जोश बढाएर मात्र हुन्न । होश पनि हुनुपर्छ । मनमा होश राखेर अगाडि बढ्नुपर्छ । हाम्रो बुद्धिले मात्र नधान्ने पनि हुनसक्छ । दुई दिन ढिला होस् तर काम राम्रोसँग सफल होस् । हामीले भगवान् रामलाई साथमै राख्नुपर्छ । वहाँको आज्ञा अनुसार चल्नुपर्छ । त्यसैमा नै छ हामी सबैको भलाइ ।"

सबैजना किष्किन्धा तर्फको यात्रामा थिए । उनीहरूको बीचमा छलफल पनि चल्दै थियो । यस्तैमा हनुमानले मेघनाद र रावण दुवैमा विशेष शक्ति भएको कुरा बताए । त्यसैले उनले लङ्कामा रावणलाई हराउन सजिलो छैन भन्ने कुरा अंगदलाई सुनाए । जाम्ववान् र हनुमानको कुरा सुनेपछि अंगद शान्त भए । उनले पनि आफैं बाठो भएर काम गर्नु ठीक होइन कि भन्ने कुरा राम्रैसँग बुझे । उनी पनि भगवान् रामलाई साथमा राखेर मात्र अगाडि बढ्नुपर्ने रहेछ भन्ने निर्णयमा पुगे ।

कुराकानी गर्दागर्दै उनीहरू किष्किन्धा पुगे । किष्किन्धा पुग्नासाथ उनीहरू सुग्रीवको बगैंचा मधुवनभित्र पसे । भोकले छटपटिएको हुनाले त्यहाँ भएका मीठा मीठा फलफूल खान थाले ।

उनीहरू काम सफल भएकोमा दङ्ग थिए । त्यसैले राजाको बगैंचामा पस्ने आँट आयो । उनीहरूले बगैंचाको पाले दधिमुखलाई पनि सोधेनन् । आफ्नै सुरले फल खान थाले । दधिमुखले सम्झाउँदा उल्टै उसैलाई हप्काए । दधिमुख अलि अध्याँरो मुख लगाएर महाराज सुग्रीव कहाँ पुग्यो । उसले महाराज सुग्रीवलाई भेटेर भन्यो : "महाराज ! दक्षिण तर्फ सीताजीलाई खोज्न गएकाहरूले

बगैंचामा पसी जथाभावी फलफूल खाए । मैले भनेको मानेनन् ।" यति भन्नासाथ सुग्रीवले कुरा बुझिहाले । काम सफल भएछ भन्ने कुरा उनको मनमा लाग्यो । त्यस बखत लक्ष्मण पनि त्यहीं थिए । सुग्रीवले लक्ष्मणलाई सम्झाउँदै भने : "राजकुमार ! हनुमानहरू ! काम सफल पारेर आएछन् । त्यसैले तिनीहरूलाई त्यस्तो आँट बढेको हो । सुग्रीवको कुरा सुनेर लक्ष्मण एकदमै खुसी भए । सुग्रीवले दधिमुखलाई ती सबैलाई तुरुन्त यहाँ जानु भनी खबर पठाए ।


दधिमुख आफ्नो बाटो लागे । उनी तुरुन्त बगैंचामा पुगे र ती सबैलाई महाराज सुग्रीवले बोलाएको कुरा बताए । यता लक्ष्मण पनि एकदमै खुसी भए । उनलाई पनि हनुमानले काम पूरा गरी आएको कुरामा विश्वास भयो । सुग्रीव र लक्ष्मणको बीचमा कुराकानी हुँदा हुँदै ती सबै त्यहाँ आइपुगे । हनुमानले आफ्नो यात्राको सबै कुरा सुनाए । सबैजना दङ्ग भए । त्यहाँ भएका मीठा-मीठा खाने कुरा खाएर सबैजना भगवान् रामलाई भेट्न जान तयार भए । त्यस बखत एउटा विशेष पल्टनको पनि व्यवस्था गरियो ।

सबै कुराको बन्दोबस्त

त्यसपछि सबैजना प्रहस्त पर्वत तर्फ लागे । यसपटक एउटा विशेष समूह पनि थियो । त्यो समूह थियो : सेनाको । प्रहस्त पर्वतमा भगवान् रामलाई भेटेपछि त्यतैबाट पो जाने निधो हुन्छ कि भनी त्यो बन्दोबस्त मिलाइएको थियो । वास्तवमा त्यतैबाट लङ्का लाग्ने सोचमा पुगेका थिए लक्ष्मण । सुग्रीव पनि उनको कुरामा सहमत भएका थिए ।

यता भगवान् लक्ष्मणजीलाई कुरेर बस्नुभएको थियो । एउटा समूह आफैं तर्फ आइरहेको देखेर वहाँ आफ्नो आसनबाट उठ्नुभयो । हेदाहेर्दै लक्ष्मणलाई टाढैबाट चिन्नुभयो । बिस्तारै अलि नजिक हुनासाथ सुग्रीव, हुनमान, अंगद, जाम्ववान् सबैलाई चिन्नुभयो । कस्तो समाचार लिएर आएका होलान् ? भगवान् रामको मन अलि हडबडायो । धैर्य लिन "ओम् शान्ति शान्ति शान्ति" भन्दै शान्तिको कामना गर्दै सबैलाई पर्खनुभयो । त्यो समूह त्यहीं आइपुग्यो । सबै खुसी थिए, काम सफल भएकोमा दङ्ग थिए ।

सबैले भगवान् रामलाई अभिवादन गरे । हनुमानले सीताजीबाट ल्याएको काँटा भगवान् रामलाई बुझाए । त्यो देख्नासाथ भगवान् रामले कुरा बुझ्नुभयो । वहाँले सीताको अवस्था बारे सोद्धा हनुमानले भने : "भगवान् । मैले माताजीलाई अशोक वाटिकामा भेटें । वहाँ दुब्ली पातली हुनुभएको रहेछ । मुख एकदमै निन्याउरो छ । सबैले बिर्सिएकी भन्ने भान भएको छ, वहाँलाई । वहाँ त हजूरको नाम मात्र जपिरहनु भएको छ । बेला बखत लक्ष्मणजीलाई सम्झनुहुन्छ । वहाँलाई प्राण जोगाउन गाह्रो भएको छ । वहाँ त ठूलो तपश्याले मात्र बाँच्नुभएको छ । चारैतर्फबाट राक्षसीहरूले घेरेका छन् । समय समयमा रावण आएर धम्क्याउँदो रहेछ । सहिनसक्नु अवस्थामा बाँच्नु भएको छ माताजी !" यति भन्दा भन्दै हनुमानले पनि आँसु खसाले ।




रावणको नाम सुन्नासाथ भगवान् रामलाई एकदमै रिस उठ्यो । भगवान् रामले सुग्रीवलाई तुरुन्त सेना तयार पार्न भन्नुभयो । सुग्रीव पहिले नै तयारी अवस्थामा आएकोले भगवान् रामलाई सबै कुरा तयार भएको बारे बताए । लडाईं लामो नहोस् । सीताजीलाई केही नहोओस् । रावणलाई आक्रमणको पत्तै नहोस् भनी त्यहाँ छलफल भयो । रावणलाई सिध्याएर सीताजीलाई फर्काउनु मात्र भगवान् रामको उद्देश्य थियो । जथाभावी मार्ने उद्देश्य वहाँको थिएन । निरपराध जनता नमरुन् त्यही चाहना थियो, भगवान् रामको । सुग्रीव, लक्ष्मण, हनुमान, अंगद सबैजनाको सोच यस्तै थियो । रावणसँग मात्र रिस थियो, अपराधीसँग मात्र रिस थियो । निरपराध जनतासँग रिसाउन र तिनीहरूलाई दुःख दिने त कामै थिएन ।

सबैको कुरा मिलेपछि भगवान् रामले सुग्रीवलाई भन्नुभयो : "मित्र ! हुन त रावणलाई सिध्याउन त्यति गाह्रो छैन । तैपनि हामीले पूरा बन्दोबस्त मिलाउनु पर्छ । केही कुराको पनि कमी नहोओस् । समुन्द्रमा पुल बाँध्नुपर्छ । डुङ्गा तयार गर्नुपर्छ । लडाईंमा धेरै राक्षस आइलागे ती सबैलाई ठीक पार्नुपर्छ । हुन

त रावण मात्र हाम्रो शत्रु हो । त्यसलाई ठीक पार्दा सबै कुरा ठीक हुन्छ तर रावणका सैनिकले त्यसै छाड्दैनन् । उनीहरूलाई पनि तह लगाउनै पर्‍यो । त्यसैले हामीले पूरा सैनिकको तयारी सकेपछि मात्र हिँड्नुपर्छ ।"

भगवान् रामको कुरा सुनेपछि सुग्रीवले अंगदलाई अर्को एउटा समूह तयार पारेर ल्याउन हुकुम दिए । उनीहरू अब त्यहाँबाट महेन्द्र पर्वतमा गएर बस्ने कुरा पनि बुझाए । अंगद किष्किन्धा तर्फ लागे भने भगवान् राम लगायत सबैजना त्यहाँबाट महेन्द्र पर्वत तर्फ लागे । सबै तयारी पूरा गरेर उनीहरू त्यहाँबाट हिंडेका थिए ।


युद्ध काण्ड

युद्धकाण्डको सारांश

भगवान् राम आफ्नो सेना लिएर समुद्र किनारमा पुग्नुभयो । तर समुद्र तरेर जाने कसरी ? वहाँ समस्यामा पर्नुभयो । छलफल भयो । पुल तयार पार्ने टुङ्गो लाग्यो । पुल तयार पारेर सकभर छिटो लङ्का पुग्ने सुरमा हुनुहुन्थ्यो ।

यता लङ्काको कथा अर्कै थियो । इन्द्रले पनि हल्लाउन नसकेको लङ्कालाई एउटा फुच्चे बादरले ध्वस्त पारेकोमा रावण रिसले चूर भएको थियो । त्यसैले ऊ पनि आफ्नो व्यवस्था मिलाउने तर्फ लागेको थियो । उसले एउटा सभा बोलायो । सभामा विभीषण बाहेक सबैले महाराज रावणको अगाडि कसैको केही नलाग्ने बताए । रावण त्यही कुरामा दङ्ग भयो ।

विभीषणको मन मानेन । उनी अझै पनि राम र रावणको विचमा मित्रता होओस् भन्ने चाहन्थे । रावणलाई संझाउन भनी अर्को दिन विहान सवेरै विभीषण दरबार पुगे । उनले सीताजीलाई बुझाऔं र मित्रता गरौं भन्ने प्रस्ताव राखे । यो कुरा सुन्नासाथ रावण त्यसै बम्कियो । लाछी, पानीमरुवा भन्दै उसले विभीषणलाई लात्तै लात्ताले बेस्सरी बजायो । विभीषण चुपचाप आफ्नो बाटो लागे । जाने बेलामा विभीषणले भने :"महाराज ! खति हुने बेलामा मति फिर्दैन भन्दथे । अहिले तपाईंलाई त्यही भएको हो । म त भलै चाहन्थे तर तपाईंलाई मेरो कुरो पचेन । यो राम्रो लक्षण होइन । यति भनी उनी दरबारको ढोकाबाट बाहिरिए ।

त्यस बखत भगवान् राम समुद्रको अर्को किनारमा हुनुहुन्थ्यो । विभीषण भगवान्‌लाई भेट्न त्यसै तर्फ लागे । उनीसँग रावणका अरु चार

मन्त्रीहरु पनि थिए । विभीषण समुद्र तरेर पारिपट्टि पुगे । पहिले महाराज सुग्रीवसँग उनको भेट भयो । रावणको छल पो हो कि भन्दै सुग्रीव तर्सिए । विभीषणले वास्तविक कुरा बुझाएपछि भगवान् राम कहाँ विभीषण र उनका सहयोगी सबै त्यहाँ आएको बारे खबर गरे । भगवान् रामले विभीषणलाई भेट्नु भयो । वहाँले लङ्काको सबै कुरा बुझ्नुभयो । अनि आफ्ना सहयोगी सबैलाई विभीषण र उनका सहयोगीको बारेमा शङ्का नगर्नको लागि संझाउनु भयो ।

यता विभीषणसँग कुराकानी हुँदा हुँदै पुल तयार भयो । लङ्कामा पुगेर कहाँ बस्ने ? कसरी आक्रमण गर्ने आदि बारेमा समस्या पनि भएन । सबैजना समुद्र तरे । सबैको लागि जङ्गलमा बस्ने प्रबन्ध मिलाइयो । बाँदर सेना जस्तोसुकै आक्रमणको लागि पनि तयार भएर बसेको थियो ।

यता लङ्कामा पनि खैलाबैला मच्चिएको थियो । केही बुद्धिमान व्यक्तिहरु सर्वनासै होला कि भनी डराएका थिए । त्यसै मध्येका एक थिए माल्यवान् । उनले पनि रावणलाई संझाउने प्रयास गरे । तर केही लागेन । रावण माल्यवान्सँग पनि रिसायो । ऊ सेना खटाउने काममा लाग्यो । उसलाई आफूभन्दा शक्तिशाली कोही छैन भन्ने लाग्यो । त्यसैले ऊ लडाइँकै लागि चम्किएको थियो ।

शहरको मुख्य भागमा गस्ती बढाइयो । नयाँ र नौला अनुहार देखिनासाथ सोधखोज हुन थाल्यो । यस्तैमा भगवान् रामको सन्देश लिएर अंगद रावणको दरबारमा आइपुगे । उनको कुरा सुन्नुको साटो रावण त उनलाई थुन्ने तरखरमा पो लाग्यो । अंगद भागेर आफ्नो शिविरमा पुगे । उनले रावणको दुष्ट स्वभाव बारे भगवान् रामलाई बताए ।

यता रावण नयाँ नयाँ छलकपटमा व्यस्त भयो । ऊ रामको शिविरमा दूतहरु पठाएर त्यहाँको अवस्था बुझ्न खोज्दथ्यो । रावण छलकपटमा सिपालु थियो । यस्तै नचाहिंदो काममा लाग्दथ्यो । राम्रो कुरा त सोच्दै सोच्दैनथ्यो ।

उता अंगदले सबै कुराको बेलिबिस्तार लगाएपछि बादर सेना एकाएक एकदमै जोशिलो भयो । रावणले निहुँ खोजेको कुरा स्पष्ट भयो । अब पर्खनु राम्रो हुँदैन भन्ने निर्णय गरी लङ्कामा आक्रमण गरियो । राक्षस सेना

मारिन थाले । तयारीकै क्रममा भएकोले लङ्कामा सबै अत्तालिए । योजना बन्न सकेन । रावणको सेना शुरुदेखिनै लरखरायो । राक्षसी सेना समाप्त हुन लागेको बुझेर सबै अत्तालिए । शहरमा हो-हल्ला मच्चियो ।

उता रावणका प्रमुख सेनापतिहरु मारिदै गए । यता रावण भने अनेक प्रकारको छलकपटमा रम्दै थियो । कहिले राम, लक्ष्मण, सुग्रीव आदिको काटिएको टाउकाहरु देखाएर सीताजीलाई तर्साउँथ्यो । कहिले सीताजीलाई मारेको हो-हल्ला मच्चाएर भगवान् रामलाई कमजोर बनाउन चाहन्थ्यो । यस्ता अनेकौं षडयन्त्र गऱ्यो तर उसको कुनै पनि चाल सफल हुन सकेन । उसका सेनापतिहरु मर्दै गए । सेनामा भागाभाग चलिनै रह्यो । कसैको केही लागेन । आखिर कुम्भकर्णलाई उठाउन बाध्य भयो ।

कुम्भकर्णलाई निद्राबाट व्युँझाइयो । उसलाई पनि राज्यको अवस्थाबारे बताइयो । कुम्भकर्णलाई पनि रावणको चाल ठिक लागेन । रावणलाई संझाउन खोज्यो । संझौता गर्नको लागि अनुरोध गऱ्यो तर केही लागेन । आफ्नो देश र जातिको लागि लड्नै पऱ्यो भनी ऊ पनि लडाइँमै होमियो ।

कुम्भकर्ण देख्दै डरलाग्दो थियो । उसको जिउडाल देख्दा सबै तर्सन्थे । ऊ गएपछि सबैलाई सखाप पारेर आउँछ भन्ने विश्वासमा थियो । उसले सोचे जस्तो किन हुन्थ्यो ? केही समय त कुम्भकर्ण निकै चम्कियो । बाँदर सेना त्यसै तर्सिएर भागे । केही समयपछि लक्ष्मण ऊसँग लड्न लागे । राम र लक्ष्मणको अगाडि केही लागेन । ऊ पनि ढल्यो रावणको अर्को सहारा पनि समाप्त भयो । रावण फेरि अर्को समस्यामा पऱ्यो ।

अब रावण र मेघनाद मात्र बाँकिरहे । त्यस्तो अवस्थामा पनि रावणले कसैको वास्ता गरेन । ऊ त मर्न अथवा मार्न मात्र लागि पऱ्यो । उसको लागि लडाइँ एउटा खेल जस्तो भएको थियो । कोही रोओस्; कोही कराओस्; कुनै कुराको वास्ता गरेन । अब ऊ आफै लडाइँमा जान तयार भयो । मेघनादले रोकेपछि ऊ अडियो । इन्द्र भगवान्लाई पनि जित्ने मेघनाद लडाइँमा गएपछि सबैलाई समाप्त पारेर मात्र फर्कन्छ भन्ने विश्वासमा ऊ थियो ।

मेघनादले सीताजीलाई मारेको हल्ला मच्चायो । यस्तो चलाएर राम

र लक्ष्मणलाई फेरि कमजोर बनाउन खोज्यो । विभीषणले उसको चाल बुझे । सबैलाई वास्तविक कुरा बुझाए । विभीषणको कुरा सुनेपछि राक्षसहरु कति बदमास हुँदारहेछन् भन्नेबारे सबैले थाहा पाए ।

मेघनाद र लक्ष्मणको बीचमा भीषण युद्ध चल्यो । एकपटक लक्ष्मण मुर्छा परे । मेघनाद दङ्ग पऱ्यो । तर केही समयमै हनुमानले पहाडबाट एउटा बुटी ल्याए । त्यो औषधी खुवाउनासाथ लक्ष्मण बिउँझिए । ब्युँझेपछि मेघनादलाई खोजे । मेघनाद कालिको मन्दिरमा गएको चाल पाएपछि लक्ष्मण विभीषण सबै त्यतै लागे । बाटामा हो-हल्ला भयो । राक्षसी सेना भागाभाग गरेर दौडेको आवाजले गर्दा मेघनाद मन्दिर बाहिर निस्कियो । फेरि लडाईं मच्चियो, मारामार, काटाकाट चल्यो । आखिर इन्द्रजित मेघनादको पनि केही लागेन । ऊ पनि ढल्यो । कहिल्यै मर्दिन भन्ने पनि मरेर गयो ।

रावण एक्लो भयो । उसको आशा समाप्त भयो । अब ऊ बाँच्नभन्दा बहादुरीसाथ मर्न चाहन्थ्यो । त्यसैले लडाईंबाट भाग्न चाहेन । रोएर बाँच्नुभन्दा हाँसेर मर्न चाहन्थ्यो रावण । ऊ लडाईंमा गयो । उसले कसैको अनुरोध पनि सुनेन ।

फेरि लडाईं मच्चियो । राम र रावणको युद्ध हेर्न लायक नै थियो । वाणहरु असिना वर्षे झैं वर्षन लागे । दुवैजना एक अर्काको वाण काट्नमै व्यस्त भए । आखिर रावणको पनि केही लागेन । दिन सकिएपछि कसको के लाग्छ ? कहिल्यै नमर्ला जस्तो महावीर रावण पनि समाप्त भयो । राक्षसहरुको भागाभाग भयो । लङ्कामा खैलाबैला मच्चियो । सबै मारिने पो हो कि भन्ने डरले तर्सिए तर त्यस्तो भएन । बाँदर सेना भगवान् रामको जय भनी कराउन थाले । त्यसैमा मिसिए बुद्धिमान् राक्षसहरु ।

लडाईं समाप्त भयो । लङ्कामा मात्र होइन; सबैतिर शान्ति छायो । लडाईंमा मारिएको वीरहरु; महावीरहरु सबैको नाममा श्रद्धाञ्जली अर्पण गरियो । यसरी एउटा महान् युद्धको यात्रा समाप्त भयो ।

अब लङ्काका राजा बने विभीषण । राम नै राजा बनेर सारा राक्षस जातिलाई मास्ने पो हो कि भन्ने डर थियो । तर त्यस्तो भएन । त्यसैले

राक्षस जातिले भगवान् रामको जय मनाए ।

युद्ध समाप्त भयो । रावणका भाइ विभीषण राजा भए तर पनि भगवान् रामले सीताजीलाई बोलाउनु भएन । अरुले संझाएपछि सीताजीलाई ल्याउन भन्नुभयो तर स्वीकार्नु भएन । सीताजीले आगोमा प्रवेश गरेर आफ्नो पवित्रता स्पष्ट पार्ने कुरा गर्नुभयो । त्यसै गरियो । अग्निदेवीले सीताजीलाई आशीर्वाद दिएपछि भगवान् रामले वहाँलाई स्वीकार्नु भयो ।

सबै काम कुरा समाप्त भएपछि राजकुमार लक्ष्मणले त्यही सुवर्णपुरी लङ्कामा बस्दा के होला भनी भगवान् रामसँग प्रश्न गर्दा आफ्नी आमा र मातृभूमि स्वर्गभन्दा पनि प्यारा हुन्छन् । त्यसैले जति नै समुन्नत भए पनि म लङ्कामा बस्न चाहन्नँ भनी स्पस्ट पार्नुभयो । सबै कुराको बन्दोबस्त मिलाएर आफ्ना प्रमुख सहयोगीहरु सुग्रीव, विभीषण, हनुमान आदि सबैलाई साथमै लिएर अयोध्या तर्फ लाग्नुभयो । फर्कंदा विभिन्न आश्रममा रोकिएर ऋषि, महर्षिहरुको दर्शन गर्दै अयोध्या पुग्नुभयो ।

समुद्र तर्ने समस्या

भगवान् राम फेरि समस्यामा पर्नुभयो । हनुमानले सबै कुरा त बताए तर अब समुद्र तरेर जाने कसरी ? सबैलाई तारेर कसरी लैजाने ? फेरि गहिरो सोचमा पर्नुभयो । हनुमान जस्ता शक्तिशालीलाई त त्यो समस्या छैन । उनीहरू सजिलै तरेर जान सक्छन् । तर सबैमा त्यस्तो शक्ति हुन सक्ने कुरै भएन । सबैजना हनुमान जस्तै पराक्रमी बन्न सके त संसारै अर्कै हुने थियो । तर कहाँ त्यस्तो हुन्छ र ? कोही बलिया कोही निर्धा । यो संसारै यस्तै, भगवान्ले मनैमन हनुमानको प्रशंसा गर्नुभयो र हनुमानलाई अँगालो मार्नु भयो । त्यस बखत सबैजना समुद्रको किनारमा थिए ।

"अब कसो गर्ने होला त ?" भगवान् रामले सुग्रीवसँग सल्लाह गर्नुभयो । वहाँ अलि चिन्तामा पर्नु भएको थियो । वहाँले फेरि भन्नुभयो : "मित्र ! हनुमानले त एउटा अनौठो चमत्कारै देखाए । आकाश मार्ग हुँदै लङ्का पुगे । आत्महत्या गर्न लागेकी सीतालाई बचाए । लङ्का शहरै जलाए । यो त ज्यादै ठूलो काम हो । कसरी तिर्ने हनुमानको गुन । अब आयो समुद्र कसरी तर्ने ? कसरी लैजाने यत्रो सेना ।"

भगवान् राम अलि हडबडाएको देखेर सुग्रीवले भने : "भगवान् ! हजूर आत्तिनु पर्दैन । हामी सेनामा के छैन ? यहाँ त नामी कालिगढ छन् । पुल पुलेसा तयार पार्न सक्ने सेना कति छन् कति ? यी सबै सैनिकहरू हजूरको लागि प्राण त्याग्न पनि तयार छन् । त्यसैले तपाईं कति पनि चिन्ता नगर्नुहोस् । तपाईंलाई लङ्का पुऱ्याउने काम मेरो भयो । हामी यति ठूलो शक्ति लिएर आएका छौं भने किन डराउने ? तपाईं त्यस बारे सोच्दै नसोच्नोस् । सबै काम पूरा गर्ने अभिभारा मेरो भयो ।"

सुग्रीवले यसरी संझाएपछि भगवान् अलि ढुक्क हुनुभयो । बाँदर सेनामा

बल मात्र होइन, बुद्धि र शीप पनि रहेछ भन्ने कुरा वहाँले बुझ्नुभयो । वहाँले बाँदरराज सुग्रीवको प्रशंसा गर्नुभयो । यस्तो बेलामा धैर्य र उत्साह लिएर अगाडि बढेकोमा उनलाई धन्यवाद दिनुभयो ।"

केही समय यता उताको कुरामा सबै अलमलिए । यसो गर्ने उसो गर्ने भन्दैमा समय गयो । सबै आ-आफ्नो काममा लागे । फेरि फूर्सदको बेलामा रामले हनुमानसँग सोध्नुभयो : "हनुमान ! लङ्का कस्तो छ ? रावणको राजमहल कस्तो रहेछ ? देशको किल्ला कस्तो रहेछ ?" हनुमानले भगवान् रामको प्रश्नको जवाफ दिँदै भने : "भगवान् ! रावणको राज्य धन धान्यले परिपूर्ण छ । रावण पराक्रमी छ । उसले आफ्नो देशको सीमाको सुरक्षाको सम्बन्धमा पनि होश पुऱ्याएको छ । उसको राज्यमा मन्त्र जान्ने ब्राह्मण पनि भेटिए । तन्त्र जान्ने तान्त्रिक पनि देखिए । जनता पनि पराक्रमी छन् । भगवान् ! त्यसैले हामीले पनि सबै कुरामा होश पुऱ्याएर अगाडि बढ्नुपर्छ ।"

हनुमानको कुरा सुनेपछि भगवान् राम अलि गम्भीर बन्नुभयो । वहाँले केही सोच्नलाग्नु भयो । भगवान्लाई चिन्ता पऱ्यो कि भन्ने कुरा मनमा आएपछि हनुमानले फेरि भने : "भगवान् ! त्यति हुँदा हुँदै पनि राक्षसहरूका सयौं दुर्गुणहरू छन् । कयौं कमजोरी छन् । तिनीहरू मदिराको मादले मात्तिएर लट्ठ भएर हिँड्छन् । आफूलाई कसैले केही गर्न नसक्ने विश्वासले मात्तिएका छन् । त्यसैले तिनीहरूलाई सिध्याउन सजिलो छ । हामीले होश पुऱ्याउनुपर्छ । हाम्रो बाँदर सेनाको अगाडि कसैको केही लाग्दैन । हामी जहाँ पनि जान सक्छौं । हामीलाई समुद्रको छालले छेक्न सक्दैन । पहाडको पहराले रोक्नसक्दैन । त्यसैले उनीहरूसँग डराउनु पर्ने त कुरै छैन ।" हनुमानको कुरा सुनेर भगवान् राम दङ्ग पर्नुभयो ।

त्यस बखत सबैजना समुद्रको किनारमा थिए । रावणका दूतहरूले चाल नपाउन् भनेर सबै सैनिकहरूलाई जङ्गलभित्र राखिएको थियो । लक्ष्मण, सुग्रीव, भगवान् राम सबैले सेनाको समस्या बारे बुझिरहेका थिए । समुद्र कसरी तर्ने, कुन ठाउँबाट तर्ने, त्यसैबारे छलफल हुँदै थियो ।

यता सेना भने एकदमै उत्साही थियो । उनीहरू एक्लै समुद्र तरेर सीताजीलाई लिएर आउनसक्ने आँट गर्दथे । सैनिकहरू पौडेर समुद्र तर्न चाहन्थे । भगवान् राम र लक्ष्मणलाई समुद्र तर्ने जिम्मा हनुमानलाई दिएर अरु सबैले एक्लै एक्लै

समुद्र तर्ने योजना बनाए । सेनामा कसैले पनि समुद्रको चिन्ता लिएन । उनीहरू त रावणलाई कसले पक्रने कहाँ लगेर थुन्ने भन्ने कुरामा मात्र छलफल गर्दथे । कुरा गर्दा गर्दै समुद्रमा पुल बनाउने कुरा उठ्यो । कोही ढुङ्गै ढुङ्गाको पुल बनाउन सकिन्छ भन्ने कुरा गर्दथे भने कोही काठै काठको पुलको कुरा गर्दथे । छिटो छरितो पुल तयार गर्ने कुरामा सबैको सहमति भयो । वारिपारि जग राखेर पुल हाल्दा सजिलो हुने कुरामा सबै सहमत भए ।

ती सबैको कुरा सुनेर भगवान् राम एकदमै खुसी हुनुभयो । वहाँ सकभर छिटो लङ्का पुग्न चाहनुहुन्थ्यो । ढिलो भएमा रावणले बाटैमा रोक्ला कि भन्ने डर थियो । दुष्ट रावणको फन्दामा फसेर बस्नुभएकी सीताजीलाई सकभर उद्धार गर्न पाए हुन्थ्यो भन्ने कुरा वहाँको मनमा थियो । वहाँको अनुहारमा झल्झल्ती सीताजीको अनुहार आइरहन्थ्यो । आफ्नो मनको पीर कसलाई सुनाउने ? वहाँभित्र भित्रै छटपटिनु हुन्थ्यो । आफ्ना कुरा कसैलाई भन्ने अवसर नपाएर एकान्तमा लक्ष्मणलाई सबै कुरा सुनाउनु हुन्थ्यो । लक्ष्मण बारम्बार भगवान् रामलाई संझाउनुहुन्थ्यो । धैर्य धारण गर्न भन्नुहुन्थ्यो । यसरी नै भगवान् राम र लक्ष्मणका दिनहरू बित्दै थिए । समय आफ्नै तालमा सुलुलुलु बग्दै थियो ।

लङ्काको कथा

यता लङ्काको कथा अर्कै थियो । रावण केही हडबडाएको जस्तो देखिन्थ्यो । एउटा बाँदर पसेर त्यत्रो लङ्का तहसनहस पारेर गएकोले उसलाई एकदमै पीर परेको थियो । ऊ पहिलेभन्दा अलि बढी होशियार भएको थियो । उसको शेखी झरेको थियो । ऊ भित्रभित्रै अलि अशान्त बनेको थियो । ऊ कहिले त्यसै झोक्राउँथ्यो । कहिले एक्लै रिसले मुरमुरिन्थ्यो । उसलाई के गरौं कसो गरौं भने झैं हुन्थ्यो । कुनै बेला सारा राक्षसहरूलाई समाप्त पारुँ झैं लाग्दथ्यो रावणलाई । तर के गर्ने ? त्यस्तो नचाहिंदो कुरा सोचेर मात्र काम चल्दैनथ्यो । व्यवहार बन्दैनथ्यो । त्यसैले सबैको सहयोग कसरी लिने भन्ने कुरामा नै लाग्यो रावण ।

एक दिनको कुरा हो । उसले एउटा सभा बोलायो । उसले सबैलाई सम्बोधन गर्दै भन्यो : "सभासद्हरू ! आजसम्म हाम्रो शहरभित्र पस्ने साहस कसैले गरेको थिएन । एउटा बाँदर यो शहरभित्र पस्यो । उसले जेलभित्रकी महारानीलाई भेट्यो । हाम्रो शहरमा आगो लगायो । उसले त गर्नु नगर्नु गऱ्यो । हामीले त्यसलाई रोक्न सकेनौं । सयौं बहादुरहरूको ज्यान गयो । अब हामी बढी होशियार हुनपर्छ । त्यसलाई समाप्त पार्नुपर्छ । त्यसको लागि हामी सब एक हुनुपर्छ । हामी सबै एक भएर त्यस्ता बदमासहरूको बाटो छेक्नुपर्छ । त्यसैले अब कसो गर्दा ठीक पर्ला ? म तपाईंहरू सबको सल्लाह चाहन्छु ।"

यति भनेर रावण आफ्नो आशनमा बस्यो । यसपटक रावणको स्वर अलि मसिनो थियो । बेला बेलामा गर्जन खोजे पनि उसको आवाज अलि सानो नै थियो । उसले धम्की दिएन । उसले सहयोगीहरूको सहयोग खोज्यो । ऊ हृदय जित्न चाहन्थ्यो । तर्साएर, थर्काएर मात्र हुँदैन भन्ने कुरा उसले बुझेको थियो । त्यसैले यसपटक रावणले अहङ्कार देखाएन । उसको स्वभाव अनुसार

बेला बखत गर्जिए पनि उसले संयम नै अपनायो । उसको भनाई थियो : "हाम्रो राज्यमा केही न केही उपद्रो नमच्चाई त्यो बाँदर चुप लाग्दैन । त्यसैले सोचौं, विचार गरौं, अनि होशियार बनौं ।"

सभामा छलफल चलिरहेको थियो । रावणले फेरि भन्यो : "सभासद्‌हरू ! राजा भए पनि तपाईंहरूको सल्लाह नभई म कुनै पनि काम गर्दिनँ । सबैको सल्लाह अनुसार मात्र काम गर्ने निर्णय गरेको छु । सुग्रीव अब हाम्रो दुश्मन भएको छ । ऊ रामको भलो गर्ने काममा लागेको छ । राम, लक्ष्मण त शत्रु नै थिए । अब झन् ठूला वैरी बनेका छन् । ती सबै मिलेर लङ्कामा आक्रमण गर्नसक्ने संभावना बढेको छ । त्यसैले मेरा सहयोगीहरू, मन्त्रीहरू, सेनापतिहरू सबैलाई होशियार रहन संझाउन चाहन्छु ।" यति भनी रावण फेरि आफ्नो आशनमा बस्यो । सभामा धेरैको त रावणको अगाडि बोल्ने आँटै थिएन । रावणले जे भने पनि सबै जनाको मनमा डर थियो । त्यसैले उनको विपक्षमा बोल्ने भन्ने त कुरै थिएन ।

सभामा भएका मन्त्रीहरूले सरसल्लाह गरे । उनीहरू मध्ये एक जना आफ्नो आसनबाट उठ्यो । उसले सबैको सल्लाह अनुसार सुझाव दिंदै भन्यो : "महाराज ! हजूरको अगाडि को टिक्नसक्छ ? कुनै समयमा नागराजले हारे । कुबेरको केहीं लागेन । उसले त पुष्पक विमानै बुझायो । दानव राजको पनि केही लागेन । आखिर आफ्नी छोरी मन्दोदरी नै दिन तयार हुनुपऱ्यो । पातालका सयौं राजा हारे । अब यस्ता भारेभुरे राजाको के कुरा ?" रावणका मन्त्रीहरूले राजाको बढाईचढाई कुरा गरे, उनीहरू रावणलाई केही भन्न सक्दैनथे ।

त्यसपछि सबैले पालैपाले महाराज रावणको प्रशंसा गरे । अनि आफ्नै प्रशंसामा लागे राक्षसहरू । सबभन्दा पहिला प्रहस्त कौलासे । उनले आफ्नो अगाडि कोही टिक्न नसक्ने कुरा बताए । "राम त भुसुना हो, भुसुनासँग पनि तर्सने ? आखिर देवताको त केही लागेन । उनीहरू हारेर भागे । सारा दानव हाम्रै शरणमा आएका छन् । त्यस्तो जाबो मानिस ।" प्रहस्तका कुरामा सबैले तालिपिटे । सबै दङ्दास भए । त्यसपछि बज्रदंस्ट्र बोल्न लागे । उनले पनि आफू एक्लै सारा शत्रु समाप्त पार्ने घोषणा गरे । दानवहरू पालैपालो धाक लगाउन लागे । उनीहरू सबैको कुरा सुन्दा अब संसारमा उनीहरूभन्दा शक्तिशाली अरु कोही नभए झैं लाग्दथ्यो ।

यता रावणका भाइ विभीषण भने उनीहरूका कुरा सुनेर रिसाएका थिए । उनी चुपचाप उनीहरूको कुरा सुनिरहेका थिए । अन्तमा उनको पालो आयो । उनले सबैलाई संझाउँदै भने : "महाराज ! हामीले धर्मको पनि ख्याल राख्नुपर्छ । धर्मको बारेमा सोचेनौं भने सबै कुरा बरवाद हन्छ । समाजमा के गर्नु ठीक, के गर्नु बेठीक त्यसबारे पनि बुझ्नुपऱ्यो । भन्न सजिलो छ तर त्यही कुरा गर्न गाह्रो छ । यी सबैले अहिले भने जस्तो सजिलो भए एउटा बाँदरको अगाडि कोही नटिक्नुको कारण के हो त ? त्यसैले हामी सबले सोचेर मात्र काम गर्नुपर्छ । विचार पुऱ्याएर बोल्नुपर्छ । त्यसैले म भन्छु, यो लडाइँ झगडाका कुरा बन्द गर्नुहोस् । सीताजीलाई लिएर रामको शरणमा जानुहोस् । राम दयालु हुनुहुन्छ । वहाँले शरणको मरण गर्नुभएको छैन । यसैमा हामी सबैको कल्याण छ । अपहरण, चोरी ज्यादै ठूलो अपराध हो । संसारमा यस्तै अपराधले ठूलो दु:ख निम्त्याउँछ । त्यसैले म त भन्छु सीताजीलाई आजै फिर्ता गर्नुहोस् ।"

विभीषणले लामो समयसम्म रावणलाई संझाए । उनले फेरि भने : "महाराज ! मैले रामको दोष देखेको छैन । हाम्रा सैनिकहरूले दु:ख दिनथालेपछि मात्र रामले तिनीहरूलाई मार्न थालेका हुन् । आफ्नो ज्यान बचाउन केही त गर्नै पऱ्यो नि । आफूलाई मार्न आउनेलाई मार्नु अपराध होइन । केही नगरी शान्तसँग बसेकालाई दु:ख दिनु अपराध हो । अब अर्को कुरा ! हामीलाई उनीहरूको शक्ति बारे थाहा छैन । एउटा बाँदरकै वीरता त्यस्तो रहेछ भने अरु पनि त्यस्तै नै होलान् भनी सोच्नु परेन । समयमै सोचौं आफू बाँचेर अरुलाई बचाउने कुरामा लागौं । हामी आफू पहिले असल बनौं । अनि अरुलाई सिकाऔं । सद्भाव बढाऔ, सहयोगी बनौं ।"

"महाराज ! म अझै विनम्र अनुरोध गर्न चाहन्छु । यदि तपाईंलाई अप्ठेरो लाग्छ भने म अगाडि बढेर यो काम गरौंला । अपहरण महापाप हो । मानिसको अपहरण त्यसमा पनि स्वास्नीमानिसको अपहरण त महाअपराध नै हो । यस्तो अपराध तर्फ नलागी सेवा तर्फ लागौं । फेरि शत्रुको शक्ति नबुझी निहुँ खोज्दा आफ्नै सत्यनास हुन्छ । त्यस्तो मूर्ख बन्ने काममा किन लाग्ने ? आफू भलो त जगतै भलो । त्यसैले सबैसँग मिल्नु नै राम्रो हो ।"

यति भनी विभीषण चुप लागे । उनले महाराज रावणलाई मनाउन हुनसम्म प्रयास गरे । उनी लडाइँ नहोओस् भन्ने चाहन्थे । राक्षस जातिको सुख नखोसियोस्

भन्ने चाहन्थे । त्यस बखत लङ्का राज्य सम्पन्न थियो । लङ्काको नाम चलेको थियो । त्यहाँका सबै पराक्रमी थिए । आफ्नो राज्य अझै धनी बनोस् । राम्रो होओस् भन्ने चाहन्थे विभीषण ।

यता राक्षसहरू अलि मात्तिएका थिए । उनीहरूमा घमण्ड बढेको थियो । अरुलाई तुच्छ ठान्दथे । संसारमा आफूभन्दा शक्तिशाली अरु कोही छैन भन्ने सम्झन्थे । राजा रावण नै त्यस्तै थियो । ठूला बडा नै बदमास, बहुलट्ठु भएपछि अरुको के कुरा गर्ने ? रावणलाई आफ्नो भाइ विभीषणको कुराले अलि होशियार बनायो । ऊ अलि अलमलमा पऱ्यो । उसले तुरुन्त केही भन्न सकेन । त्यसैले त्यस दिनको सभा टुङ्गयायो ।

रावणको लात विभीषणलाई

भोलिपल्ट बिहानको कुरा हो । विभीषण बिहान सबेरै उठे । बिहानको आफ्नो नित्य-कर्म सकेर रावणलाई भेट्न जान तयार भए । उनी अझै रावणलाई मनाउन चाहन्थे । रावणले आफ्नो सुझाव माने राम्रो हुन्थ्यो भन्ने कुरा उनको मनमा लागेको थियो । यता रावण ज्यादै जिद्दीवाल भएकोले आफ्नो कुरा मान्दैन कि भन्ने शङ्का पनि लागेकै थियो । तैपनि प्रयास गरौं । आफ्नो प्रयासले धेरैको भलो हुन्छ भने त्यस्तो काममा किन नलाग्ने भन्ने संझी उनी रावणको दरवार तर्फ लागे ।

यता रावणको दरबार सदा झैं सुसज्जित थियो । बगैंचामा फूल फुलेका थिए । ज्यादै रमाइलो थियो दरबारको बगैंचा । कस्तो सुख शान्ति थियो लङ्कामा । यस्तो अवस्था नबुझेर रावणले भताभुङ्ग लथालिङ्ग पार्न खोजेको झैं लाग्यो, विभीषणलाई । उनलाई पीर लाग्यो । उनी मन मनै छटपटिए । कसरी आफ्नो दाजुलाई सत्मार्गमा लगाउने होला ? सोच्दा सोच्दै उनी दरबार भित्र पसे । महाराज रावण आफ्नो बैठक कोठामा फूर्तिसाथ बसेको थियो । विभीषणलाई देख्नासाथ उसले सोध्यो : "भन, विभीषण ! के छ हालचाल ?"

विभीषणले हात जोड्दै आफ्नो दाजुलाई भने : "दाजु ! म आफ्नो स्वार्थको लागि हिँडेको होइन । केही गल्ती भए क्षमा पाऊँ । म त यो देशको भलो चाहन्छु । हजूरलाई कसैले केही भन्न नपाओस्, कसैले केही गर्न नसकोस् म त्यही चाहन्छु । म त अझै भन्छु सीताहरण ज्यादै ठूलो गल्ती भयो । सीताहरणपछि हाम्रो मुलुकमा नोक्सानीमात्र बढेको छ । जाबो बाँदरले यत्रो सत्यनाश गऱ्यो । प्रकृति पनि हामीसँग रिसाए जस्तो भएको छ । कहिले थाम्नै नसकिने हुरी चल्छ । कहिले मुसलधारे पानी पर्छ । सारा प्रकृति नै बरवाद भएको छ । कहिले महिनौं पानी नपरेर बरवाद ! त्यसैले मेरो बिन्ती लागोस् । सीताजीलाई

फर्काउँ । यो मुलुककै भलाइको लागि काम गरौं । शान्तिको कामना गरौं । सबैसँग मिलेर बाचौं । रामसँग विरोध नगरौं ।"

विभीषणको कुरा सुन्नासाथ रावण गर्जियो । खति हुने बेलामा मति हराउँछ । किन वुद्धि पलाउँथ्यो । ऊ त दरबारै थर्कने गरी कौलास्न थाल्यो । "ए विभीषण ! निकै सुरो होलास् भनेको त यस्तो लाछि कुरा गर्ने ! मेरो अगाडि शत्रुको प्रशंसा ! कसैको कुरा गर्न नपाएर मेरो अगाडि शत्रुको वखान ! तँ शत्रुसगँ मिल्न जा भन्ने ? तँ मलाई अर्ति दिने । रावण रिसले राँकियो । उसले एक झोकमा विभीषणलाई एक लात बजायो । रिसको झोकमा लातले हान्दै आफ्नो बैठकबाट निकाल्यो । ढोकाबाट कौलास्दै भन्नलाग्यो "बडो बुद्धिमान् होला, बहादुर होला भनेको त शत्रुको प्रशंसा गर्ने ?" कसले चिनेको छैन त्यो पाजी रामलाई । तँ जस्ता कांतर, तँ जस्ता डरछेरुवालाई मेरो घरमा बस्ने अधिकार छैन । अरु भएको भए अहिले नै मिति पुऱ्याइदिन्थे । भाइ भएर पो बाँचेको । पाजी ! मेरो अगाडि शत्रुको प्रशंसा । पुलस्त्य वंशमा यस्तो काँतर ! यस्तालाई त राज्यबाटै निकाल्नुपर्छ ।" यसरी रावण बम्कनसम्म बम्कियो । उ धेरै समयसम्म एक्लै फतफताइरह्यो । विभीषण बाहिर आगनमै थिए । उनी रावणको कुरा सुन्दै थिए, उसको चालमाल हेर्दै थिए । रावणको मुर्ख्याइँ नियाल्दै थिए ।

विभीषण दरबारको मूल ढोकाबाट बाहिरिनै लागेका थिए । उनलाई पनि केही भनौं भनौं भने झैं लाग्यो । उनी ढोका बाहिरै थिए । उनले पनि बाहिरैबाट कड्केर भने : "महाराज ! तपाई लङ्काको महाराज ! त्यसमाथि पनि मेरो दाजु ! तपाईं जान्नेसुन्ने, तपाई शक्तिशाली ! वरदान पाएको एउटा शक्तिशाली राजा ! तपाईलाई नराम्रो होओस् भन्ने चाहना मेरो होइन । मैले त भलै चाहेको हुँ । म त जहाँ गए पनि हुन्छ । मलाई समस्या छैन । तपाईको कारणले लङ्काको जनताले दुःख नपाउन् । मेरो स्वार्थ भनेको त्यति मात्र हो । तपाईकै कारणले तपाईंको शाखा सन्तान यो पृथ्वीबाट नमासियून् भन्ने शोच मेरो थियो । विभिषणको यस्तो कुरा सुन्ने वित्तिकै रावणले आफ्नो रिस थाम्नै सकेन । उठेन एक लात्ती जमाएर ढोका बाहिर पठाई देश निकाला गरिदिए । विभीषणसँगै रावणका अरु चार जना मन्त्रीहरू पनि उनकै पछिलागे । ती सबै सरासर समुद्रको किनार तर्फ लागे । उनीहरू समुद्र तरेर भगवान् रामलाई भेट्ने विचारले हिंडेका थिए ।

भगवान् रामको शरणमा विभीषण

यता भगवान् राम समुद्रको अर्को किनारमा हुनुहुन्थ्यो । वहाँ आफ्नो सेना लिएर त्यहाँ बस्नुभएको थियो । त्यहाँ महाराज सुग्रीव, युवराज अंगद, लक्ष्मण, हनुमान, जाम्ववान, आदि सबै समुद्र तर्ने उपाय बारे छलफल गर्दै पुल बनाउने काममा लागेका थिए । झण्डै झण्डै पुल तयार भइसकेको थियो ।

विभीषण आफ्ना चारजना मन्त्रीहरूलाई लिएर समुद्र तरे । उनलाई समुद्र तर्ने उपाय थाहा थियो । राम समुद्रको किनारमा आइपुगेको भन्ने कुरा पनि उनले पत्ता लगाइसकेका थिए । त्यसैले उनी सरासर भगवान् रामको छाउनी तर्फ लागे । त्यस छाउनीमा पुगेर उनले सबभन्दा पहिले महाराज सुग्रीवलाई भेटे । उनले आफू लङ्काबाट आएको लङ्का नरेश महाराज रावणको भाइ हुँ भनी आफ्नो परिचय दिए । उनले आफू भगवान् रामलाई भेट्न आएको कुरा बताए ।

यता सुग्रीव अलि झस्किए । सुग्रीव आफै पनि राक्षसहरूको छलमा परिसकेका थिए । राक्षसहरू जालझेलमा खप्पिस भएको कुरा उनलाई थाहा थियो । सुग्रीव अलि अलमलमा परेको देखेर विभीषणले आफ्नो कुरा स्पस्ट पार्दै भने : "बाँदरराज ! तपाईं डराउनु पर्दैन । बाँदरराज ससांरमा सबै फूल उस्तै हुँदैनन् । हरेक फूलमा आफ्नै बान्की हुन्छ । आफ्नो खाले गुण । त्यसैले सबै राक्षस उस्तै हुँदैनन् । आखिर बाँदर भनेर बालि र सुग्रीव पनि त उस्तै भएनन् नि । त्यसैले तपाईं नडराउनुहोस् ।" विभीषणको कुरा सुनेपछि बाँदरराज सुग्रीव भगवान् रामलाई खबर दिन वहाँको आश्रम तर्फ लाग्नुभयो ।

सुग्रीवले रावणको भाइ विभीषण भगवान्लाई भेट्न आएको कुरा बताए । महाराज सुग्रीवले आफ्नो मनमा भएको शङ्काको कुरा पनि बताए । राक्षसहरू

विश्वास गर्न लायक हुँदैनन् भन्ने कुरा उनको मनमा लागको थियो । मनमा लागेको कुरा उनले बताए । सुग्रीवको कुरा सुनेपछि रामले भन्नुभयो : "मित्र ! उनीहरू राम्रै मनले आएका हुनसक्छन् । यतिखेर यहाँ आएर उनीहरूले हामीलाई केही गर्नसक्ने कुरै भएन । त्यसैले उनीहरू किन यहाँ आएका रहेछन्, भेटेर कुरा गर्नु राम्रो हो । शङ्का गर्नु नराम्रो होइन तर शङ्कामा मात्र अलमलिनु हुन्नँ । आफ्नो सुरक्षाको चाँजोपाँजो मिलाएर कुरा के रहेछ त्यो पनि बुझ्नुपर्छ । यति भनी भगवान् रामले ती सबैलाई भित्र ल्याउन भन्नुभयो । यता बाँदर सेना शङ्काकै कारणले सतर्क भएको थियो ।

विभीषण आफ्ना सहयोगीहरूलाई लिएर भगवान् रामलाई भेट्न वहाँको आश्रममा गए । उनले भगवान् रामलाई अभिवादन गर्दै लङ्काको हाल बताए । उनले आफ्नो दाजु रावणलाई संझाएको तर उनले उल्टै देश निकाला गरेको बारे बताए । विभीषणको सबै कुरा सुनेपछि भगवान् रामले विभीषणलाई हार्दिक स्वागत गर्नुभयो । विभीषण सच्चा हृदयले आएका रहेछन् भन्ने कुरा वहाँले बुझ्नुभयो । भगवान् राम कस्तो स्वभावको हो भन्ने कुरा सहजै बुझ्नुहुन्थ्यो । त्यसैले विभीषणलाई बुझ्न समय लागेन । वहाँले विभीषणलाई खाने-बस्ने प्रबन्ध गरिदिनुभयो । त्यसपछि विभीषणलाई शङ्का नगर्न सबैलाई संझाउनु भयो । त्यसरी नै सबै सैनिकलाई संझाउन सुग्रीव, अंगद, हनुमान, जाम्ववान् आदि सबैलाई भन्नुभयो ।

यता सबै सैनिकहरू दङ्ग भए । विभीषण नै सहयोगी भएपछि लङ्कामा रावणलाई हराउन बेर लाग्दैन भन्ने कुरा उनीहरूको मनमा पऱ्यो । उनीहरूको उत्साह बढ्यो । विभीषण सहयोगी भएपछि लङ्कामा ठीक ठीक ठाउँमा आक्रमण गर्न सजिलो हुने विश्वास उनीहरूलाई भयो । भगवान् राम पनि रावणको सैनिक शक्ति बुझ्न सजिलो हुने विश्वासले खुसी हुनुभयो ।

बिहानको खानपिनको काम सकियो । बाँदर सैन्य समुद्रमा पुल बनाउने काममा लाग्यो । पुल तयार हुन लागेको थियो । यता राम लक्ष्मण, सुग्रीव सबैजना विभीषणलाई भेट्न उनीहरू बसेको ठाउँमा जानुभयो । विभीषणले सबैलाई स्वागत गर्नुभयो । रामले लङ्काको सैन्य शक्ति बारे सोद्धा वहाँले भन्नुभयो : "तपाईंलाई थाहै छ । ऊ शक्तिशाली छ । त्यसमा पनि उसले वरदान पाएको छ । कुम्भकर्ण त्यस्तै शक्तिशाली छन् । उनी पनि एकदमै शूरा

महावीर हुन् । सुतिमात्र रहन्छन् । उनको बैगुन त्यति मात्र हो । मेघनाद पनि प्रसिद्ध नै छ । उसले त इन्द्रजित भन्ने नामै कमाएको छ । यस्तै यस्तै वीर पुरुषहरू धेरै छन् लङ्कामा । तर लङ्कामा एउटा कमजोरी छ । सीप शक्ति सबै कुरा भए पनि होश छैन । व्यर्थको घमण्डमा कुद्छन् । आफूभन्दा बलिया, बहादुर कोही छैन भन्ने ठानी होशै नराखी काम गर्छन् । लडाइँमा पनि त्यस्तै गर्छन् । त्यसैलै राक्षसी सेना समाप्त पार्न सजिलो छ ।"

विभीषण केही समय चुपलागे । उनले केही समय सोचे अनि फेरि भन्न लागे: "महाराज ती बाहेक अरु पनि राक्षस वीरहरू छन् । उनीहरू रावणको लागि मर्न मार्न तयार छन् । तिनीहरूमा रावणका सेनापति प्रहस्त पनि एउटा नामुद व्यक्ति हुन् । त्यस्तै वीरहरू हुन् : महोदर, महापार्श्व, अकम्पन, आदि । ती सबै शक्तिशाली छन् । सबैमा विशेष गुण छ । सबैसँग हातहतियार छ । अस्त्र सस्त्र दुवै नै चलाउछन् । त्यसैले हामीले पनि पूरा तयारी गर्नुपर्छ । हामी होशियार बन्नुपर्छ ।"

विभीषणको कुरा सुनेपछि भगवान् रामले भन्नुभयो : "विभीषण ! राक्षसहरूमा जे जस्तो शक्ति होस्, त्यसामा चिन्ता छैन । यो संसारमा जो सत्यको बाटो हिँड्छ, त्यसको भलो हुन्छ । जो असत्य तर्फ लाग्दछ, त्यसको भलो हुन्न । रावणले असत्यको बाटो समातेको छ । आफूभन्दा ठूलो कोही छैन भन्ने लागेको छ रावणलाई । उसले जथाभावी गरेको छ । त्यसैले महाराज रावण अब टिक्न सक्दैनन् । उनको हार निश्चित छ । विभीषण ! म तिमीलाई विश्वास दिलाउन चाहन्छु । अब रावणलाई हराएर उसलाई यो संसारबाटै बिदा गरेर म तिमीलाई राजा बनाउन चाहन्छु । भगवान् रामको कुरा सुनेर विभीषण दङ्ग भए । उनले भगवान् रामलाई अंगालो मार्दै भने : महाराज । लङ्का विजयको लागि म हरदम प्रयास गर्दछु ।" विभीषणको कुरा सुन्नासाथ भगवान् रामले समुद्रको जल मगाई विभीषणलाई अभिशेक गरिदिनु भयो । त्यहाँ त्यसै बखत हर्ष बढाई गरियो । सुग्रीवले विभीषणलाई लङ्काको राजा बनाइएको बारे आफ्ना सैनिकहरूलाई खबर गरे । सबै खुसी भए केही समय रमाइलो गरेर आ-आफ्नो कांममा लागे ।

समुद्र पार

समुद्रमा पुल तयार हुँदै थियो । नल, निल, हनुमान, अंगद, जाम्ववान आदि सबै पुल बनाउने काममा लागेका थिए । पल्लो किनारमा पुलको जग खडा गरियो । काठको फलेक थुप्रो थियो । एकपछि अर्को काठ जोड्दै धमाधम काम हुनथाल्यो । सबै त्यसै काममा लागेका थिए । कोही ढुङ्गा ओसार्ने काममा लागे भने कोही काठ ओसार्ने काममा । सबैमा उत्साह थियो । सबैमा जोश जाँगर थियो । सबै आ-आफ्नै काममा व्यस्त । कसैले केही भन्नै पर्दैनथ्यो । त्यहाँ अराउने खटाउने त आवश्यकतै थिएन । कमीलाको ताँतीले काम गरे सरह खुरुखुरु हुँदैथियो ।

यता भगवान् राम धनु चलाउँदै हुनुहुन्थ्यो । वाणकै सहयोगले समुद्रै रोकुँला भैं गर्नुभयो । वहाँको शक्ति देखेर सबै छक्क परे । हनुमान त्यसै बखत भगवान्को पाउमा परे । राम असाधारण व्यक्ति हुन् भन्ने कुरा उनले पहिले नै बुझेका थिए । त्यसैले उनी रामभक्त बनेका थिए । भगवान्ले धनु चलाएको, बाणले समुद्रै रोक्न खोजेको आदि कुरा देखेर सबैले भगवान् रामको प्रशंसा गरे । भगवान्प्रति सबैले भक्तिभाव दर्शाए ।

यता सबै बाँदर सैन्यले दिलोज्यानले काम गरेर पुल तयार पारे । सबै सैनिक खुसीले उफ्रन थाले । कोही दौडेर पुलको पल्लो भागसम्म पुगेर फर्कन्थे । विभीषण खुसी भए । उनका मन्त्रीहरू पनि दङ्ग थिए । उनीहरूलाई लङ्का छोडेकोमा पछुतो थिएन । उनीहरूमा विश्वास बढ्यो । रावणको दिन सकिएको विश्वास थियो उनीहरूलाई । रावण मारिन्छ, असत्य समाप्त हुन्छ । सत्यको जित हुन्छ । लङ्का फेरि सत्यको बाटोमा फर्कन्छ । महर्षि पुलस्त्यको तपश्या खेर जादैन भन्ने विश्वास बढ्यो । बाबु विश्रवाको आशीर्वाद विभीषणलाई लाग्छ भन्ने विश्वास सबैलाई भयो ।

यता विभीषणले भगवान् रामलाई पुल पार गरेर कहाँ बस्ने भन्ने बारे बताए । विभीषण त्यस बखत भगवान् रामका दाहिने हातजस्तै भएका थिए । उनको सल्लाह सुझाब ज्यादै महत्त्वपूर्ण हुन्थ्यो । त्यसैले कसरी लङ्का पस्ने ? त्यहाँ पुगेर कहाँ बस्ने ? रावणलाई कसरी खबर गर्ने ? सारा सैनिकलाई खानपिनको व्यवस्था कसरी मिलाउने ? यी आदि सबै कुराको सर सल्लाह सुझाव ज्यादै महत्त्वपूर्ण हुन्थ्यो । त्यसैले कसरी लङ्का पस्ने भन्ने बारेमा भगवान् रामले विभीषणलाई नै सोध्नुभयो । अब सबैजना पुल पारि जान तयार भए । भगवान् रामले विभीषणलाई अगाडि लगाउनुभयो । उनको सुरक्षाको लागि हनुमानलाई खटाइयो ।

सबैजना समुद्र तरेर लङ्कामा प्रवेश गरे लङ्कामा प्रवेश गर्नासाथ समुद्र किनारकै जङ्गलमा पसे । राक्षसी सेनाले पत्तो नपाऊन् भनी जङ्गलमा बस्ने व्यवस्था मिलाइएको थियो । अब त्यही ठाउँबाट रावणलाई खबर गर्नुपर्ने भयो । भगवान् रामले त्यही ठाउँमा छाउनी तयार गर्नुभयो । त्यहाँ कोही पस्न नसकोस् भनी पाले पहराको बन्दोवस्त गरिएको थियो । राक्षसहरू धूर्त छन्, छलकपटमा खप्पिस छन् भन्ने कुरा त पहिले नै स्पष्ट भइसकेको थियो । बखतमा त विभीषण नै सहयोगी थिए । विभीषण नै सहयोगी भएकोले राक्षसहरूबाट बच्न सजिलो भएको थियो । यसरी सबै कुराको बन्दोबस्त मिलाएर वहाँहरू सबै सुवल पर्वतको फेदमा बस्नुभयो । भगवान् राम त्यसै ठाउँबाट रावणलाई हाँक दिन चाहनुहुन्थ्यो ।

माल्यवान्‌को अर्ती

त्यस बखत लङ्कामा एउटा बुद्धिमान राक्षस थियो । उसको नाम थियो, माल्यवान् । माल्यवान् पनि राजालाई संझाउन चाहन्थे । त्यसैले उनी रावणलाई भेट्न सरासर रावणको दरबार तर्फ लागे । ऊ दरबारमा पुग्दा रावण आफ्नै तयारीमा जुटेको थियो । ऊ आफ्ना सेनापतिहरूलाई खटाउँदै थियो । कसले कुन मोर्चा संहाल्ने ? को कहाँ लड्ने भन्ने बारे संझाउँदै थियो रावण । माल्यवान् भेट्न आएको खबर पाउनासाथ रावणले माल्यवान्‌लाई भित्र बोलायो ।

यता रावणलाई भेट्नासाथ माल्यवान्‌ले भने : "महाराज ! संसारमा परिवर्तन भइरहन्छ । सँधै एउटाको मात्र भाग्य सप्रने भन्ने कुरा हुनैसक्दैनँ । समयको पनि एउटा नियम हुन्छ । त्यस्तो कुरा वुझ्नुपर्छ । अब तिम्रो पालो पुग्यो । राम साँच्चै भगवान्‌को रुपमा पृथ्वीमा आउनुभए झैं लाग्न थालेको छ । अब रामको अगाडि तिम्रो केही लाग्दैन । भयो, अब सन्धि गर । रामसँग विरोध गरेर मृत्युलाई बोलाउनु राम्रो होइन ।"

माल्यवान्‌को कुरा रावणलाई राम्रो लागेन । बुढा माल्यवान् त्यसै तर्सिएको हो कि भने झैं लाग्यो । माल्यवान् पनि रामसँग मिले जस्तो लाग्यो रावणलाई । रावण त्यसै रिसले राँक्कियो । माल्यवान्‌लाई अत्तो न पत्तोसँग हप्कायो । रावण हप्काउन दप्काउन मात्र जान्दथ्यो । उसले त आफ्नो उन्नतिमा इर्ष्या लागेकोले यस्तो भन्न आएको भनी सोच्यो । उसले भन्यो : "माल्यवान् ! म लडाइँमा मर्न चाहन्छु तर रामसँग संझौता गर्ने पक्षमा म छैन । रावणले न कसैसँग संझौता गऱ्यो न त कसैसँग संझौता गर्ने नै छ । रावण शक्ति लिएर जन्मियो, ऊ शक्ति देखाएरै मर्छ । आफ्नो पुरुषार्थ देखाएरै मर्दछ ।"

रावणको कुरा सुनेर माल्यवान् एकदमै दुःखी भए । उनी आफ्नो आसनबाट उठे । बाहिर निस्कन लाग्दा फेरि उनले भने : रावण ! समयमा सोचेर मात्र

काम गर्नुपर्दछ । बेला बखतमा सोच्न नसक्ने व्यक्ति केही काम लाग्दैन । ठीक छ, तिम्रो निर्णय त्यस्तै छ भने मलाई केही भन्नु छैन । मैले त बुद्धिले काम लिनुपर्छ भनी संझाएको मात्र हुँ ।" माल्यवान् रावणको दरबारबाट निस्किए । उनको मनमा कस्तो कस्तो लाग्यो । आफ्नो कुरा व्यर्थमा खेर गए जस्तो लाग्यो ।

माल्यवान् गएपछि रावण फेरि सेना खटाउने काममा लाग्यो । उसले ठाउँ ठाउँमा सुरक्षाको लागि सेना खटायो । सबै ठाउँमा सेना खटाइसकेपछि ऊ केही समय शान्त भयो । केही समयपछि उसले सारण र शुक्रलाई बोलायो । ती दुवै उसका मन्त्री थिए । तिनीहरूमा रुप बदल्न सक्ने क्षमता थियो । त्यसैले रावणले रुप बदलेर बाँदरको भेषमा रामको छाउनीमा जान भन्यो । ऊ रामको शक्ति कति रहेछ भनी बुझ्न चाहन्थ्यो ।

केही समयपछि ती दुवै भगवान् रामको छाउनी तर्फ लागे । उनीहरू दुवै बाँदरको रुपमा थिए । विभीषण त्यस बखत त्यसै छाउनीमा थिए । भेष बदलेर आएका शुक्र र सारणलाई टड्कारै चिने । उनले यसबारे भगवान् रामलाई बताए । केही समयपछि दुवै पक्राउ परे । उनीहरूलाई भगवान् रामको अगाडि लगियो । शुक्र र सारण दुवैले आफूहरू रावणको आदेश अनुसार गुप्त रुपमा आएको कुरा वताए । उनीहरूलाई अब बाँचिन्न भन्ने लागेको थियो । उनीहरूको ओठ मुख सुक्यो ।

यता भगवान् राम ती गुप्तचरहरूलाई देखेर मुसुक्क मुस्कुराउनु भयो । कुनै कुरा नलुकाई सबै कुरा बताएकोमा खुसी हुनुभयो । भगवान् रामले उनीहरूलाई आफ्नो सैन्य शक्ति बारे बताउनु भयो । वहाँले भन्नुभयो : "गुप्तचरहरू ! हामी विना हात हतियार यहाँ आएका कसैलाई पनि मार्दैनौं । लङ्कामा गएर, भोलि उज्यालो हुनासाथ लङ्कामा आक्रमण हुने कुरा बताउनू । रावणलाई अब तेरो दिन सकियो भनी भनेको छ भन्ने कुरा पनि सुनाउनू ।" यति भनी रामले शुक्र र सारणलाई त्यहाँबाट बिदा दिनुभयो । ती दुवै लङ्का पुगे । आफूले देखेका भोगेका सारा हाल बताए ।

यो खबर सुन्दा रावण रिसले आगो भयो । उसको मनमा आफूलाई धम्कि दिनेलाई आजै धूलो पिठो पारुँ झैं लाग्यो । भोलिदेखि भीषण युद्ध चल्ने र त्यसमा रामका सबै सैनिक समाप्त हुने सपना उसले देख्यो । मेरो शक्तिको अगाडि को

टिक्ने ? रावण आफैं बरबरायो । यति भन्दै उसले फेरि अरु गुप्तचरहरूलाई बोलायो । रामको शिविरमा गएर यथार्थ कुरा बुझेर आउन सम्झायो ।

ती गुप्तचरहरू गोप्य रुपमा त्यहाँ पुगे । यसपटक कसैले चिन्न सकेन । रामको छाउनीमा भएको सबै कुरा बुझे । त्यहाँबाट फर्किएर सबै कुरा महाराज रावणलाई बताए । उनीहरूले भने : "महाराज ! बाँदर सेनामा त एकदमै बलिया वीर बाँदरहरू रहेछन् । ती सबै शक्तिशाली छन् । त्यहाँ सयौं वीर छन् । गदा प्रहार गरेर एकैपटकमा सयौंलाई समाप्त गर्नसक्ने क्षमता भएका बहादुरहरू रहेछन् । त्यसैले शत्रुको सेना थोरै छ भनेर हेप्नुहुन्न । हामीले राम्रो बन्दोबस्त गर्नुपर्छ । यी सबै कुरा सुनेर रावण केही सोच्नलाग्यो । अब सीतालाई कसरी तर्साउने भन्ने सोचमा ऊ पुगेको थियो ।


रावणको अर्को चाल

रावण छलकपटमा ज्यादै सिपालु थियो । राम्रो कुरा त सोच्दै सोच्दैन थियो । रावण सँधै नराम्रा कुरा मात्र सोच्दथ्यो । ऊ घमण्डी थियो । अरु कसैलाई गन्दैन थियो । आफूभन्दा शक्तिशाली कोही छैनन् भन्ने विश्वासमा बाँचेको थियो । बेइमानी र छलकपटका कुरा मात्र सोच्दथ्यो । यसपटक पनि त्यस्तै कुरा सोच्यो । रावण अर्को नचाहिंदो चाल चल्न लाग्यो ।

यसपटक उसले बिद्युत् जिह्व भन्ने अर्को दानवलाई बोलायो । लक्ष्मण, राम, सुग्रीव आदिका काटिएका टाउकाहरू तयार पार्न भनी संझायो । हुकुम अनुसार केही समयमा नै त्यस्ता नक्कली टाउकाहरू तयार भए । ती टाउकाहरू राम, लक्ष्मण, सुग्रीव आदि जस्तै दुरुस्त थिए । बिद्युत जिह्वले ती सबै तयारी सामान लिएर आयो । उसले रावणलाई आफ्नो पौरख देखायो । त्यो देख्दा रावण दङ्ग पर्‍यो । ऊ फेरि अर्को चाल सफल हुने संझेर त्यसै दङ्ग पर्‍यो ।

भोलिपल्टको कुरा हो । रावण सवैरै उठ्यो । बिहानको नित्य-कर्म सकेर सारथीलाई रथ तयार पार्न भन्यो, आफ्ना सबै लावा-लस्कर लिएर रावण सरासर अशोक वाटिका तर्फ लाग्यो । ती सबै काटिएका टाउका देखाएर रावण सीताजीलाई तर्साउन धम्क्याउन चाहन्थ्यो । उसको मुख्य चाल त सीताजीलाई आफ्नो बनाउनु नै थियो । रावणले ती सबै टाउका आफ्नो गलामा भिर्‍यो । हो-हल्ला मच्चाउँदै ढोल पिट्दै अशोक वाटिका पुग्यो । ऊ नाच्न लाग्यो । बेला बेलामा अशोक वाटिका थर्कने गरी उफ्रन्थ्यो । रामलाई मारेकोमा उत्शव मनाएको भान पार्न चाहिन्थ्यो रावण ।

राम, लक्ष्मण, सुग्रीव सबै लडाइँमा मारिएको कथा रावणले सुनायो । ती सबै मारिएपछि बाँदर सेना भागेको कुरा पनि उसले बतायो । ऊ बेला बेलामा हाँस्थ्यो । कहिले गर्जन्थ्यो, कहिले उफ्रन्थ्यो । कहिलेकाहीं त्यसै नाच्दथ्यो । ऊ एकदमै खुसी भए जस्तो लाग्दथ्यो, त्यस्तो देख्दा सीताजीलाई साँच्चै नै रावणले



मारेको नै हो कि भन्ने भ्रम भयो । वहाँ एकाएक रुन कराउन लाग्नुभयो ।

त्यसैबखत प्रहस्त भेट्न आएको खबर आयो । रावण धेरै समय त्यहाँ बस्न पाएन । सीताजीलाई धम्की दिएर ऊ त्यहाँबाट फर्कियो । त्यसै बखत विभीषणकी रानीले तड्पी तड्पी रुन लागेकी सीताजीलाई देखिन् । उनले सीताजीलाई संझाउँदै भनिन् : "महारानी ! लडाइँ चलेकै छैन । लडाइँ नै नगरी कसरी राम, लक्ष्मण, सुग्रीव मारिने ? रावण जस्ता धूर्त बदमासको कुरा पनि पत्याउने ? रावण त के भन्छ के भन्दैन ? उसको कुरा सुनेर किन आत्तिनु भएको ?"

एउटी अलि बुढी राक्षसी सीताजीको रेखदेखमा खटिएकी थिई । उसले पनि सीताजीलाई संझाई, रावणले लगाएका टाउका नक्कली हुन् । रावण र रामको भेटै भएको छैन । त्यसैले नआत्तिनोस् भनी उसले पनि बताई । सबैले संझाए पछि बल्ल होश खुल्यो । यसपटक पनि रावणले झुक्याएछ भन्ने विश्वास भयो सीताजीलाई ।

रामको सन्देश रावणलाई

अर्को दिनको कुरा हो । त्यो दिन सुबेल पहाड चढ्ने योजना बनेको थियो । केही बाँदर वीरहरूलाई त्यहीं छाडेर राम सुबेल पहाड तर्फ लाग्नुभयो । सुबेल पहाडको टुप्पामा पुगेर सारा लङ्का राज्य हेर्नुभयो । वहाँको साथमा धेरै सैनिकहरू थिए । त्यहाँबाट सबै निरीक्षण गरेपछि वहाँले भन्नुभयो : "अंगद ! तिमी बाठा छौ । कुन समयमा कस्तो कुरा गर्नुपर्छ भन्ने कुरा पनि बुझेका छौ । तिमी शक्तिशाली छौ । आपद-विपद आदिमा के गर्नुपर्दछ भन्ने पनि बुझेका छौ । त्यसैले तिमी हाम्रो दूत बनेर जाऊ र बेइमान रावणलाई अब सीताजीलाई लिएर शरण पर्ने भए पर् होइन भन्ने लडाइँको लागि तयार हुनू भनी खबर गर ।" भगवान् रामको यो आदेश पाउनासाथ अंगद आफ्नो बाटो लागे ।

अंगद केही समयपछि रावणको दरबारमा पुगे । रावणको दरबारमा सभा चल्दै थियो । रावण आफ्नै काममा लागेको थियो । ऊ पनि लडाइँकै तयारीमा जुटेको थियो । अंगद रावणको दरबार पुगेपछि उनले भगवान् रामको दूत बनेर आएको कुरा सुनाए । रावणले अंगदलाई बोलायो । भित्र जानासाथ रावणलाई अभिवादन गर्दै उनले भने : "महाराज, म भगवान् रामको दूत हुँ । वहाँले तपाईंकै भलाइको लागि यो सन्देश पठाउनु भएको हो । महाराज ! सीताजीलाई आजै फिर्ता गरिदिनोस् । भगवान् रामसँग संझौता गर्नुहोस् । लडाइँमा मार्ने मर्ने काममा नलाग्नोस् । महाराज ! तपाईं घमण्ड नगर्नुहोस् । घमण्डले आफैंलाई खान्छ । भगवान् रामको अगाडि कसैको केही लाग्दैन । वहाँ शक्तिशाली हुनुहुन्छ । भोलि बिहान उज्यालो हुनासाथ तपाईंको सारा शाखा सन्तान समाप्त हुनेछन् । त्यसैले समयमै होश पुऱ्याउनोस् । विचार पुऱ्याएर काम गर्नुहोस् । एकपटक बिग्रेको काम सपार्न समय लाग्छ ।"

अंगदको कुरा सुन्नासाथ रावण एक्दमै रिसायो । उसलाई हात्तीको अगाडि

भुसुनाले धाक लगाए झैं लाग्यो । आफ्नो अगाडि आएर त्यस्तो भुसुनाले त्यसरी अर्ती उपदेश दिएको देख्दा रावणलाई चित्त बुझेन । ऊ रिसले रन्थनियो । उसले कड्केर भन्यो : "ए थाङ्ने बाँदर ! तेरो मुख बन्द गर् त, अब वकबक बढी गरिस् भने मिति पुऱ्याइदिन्छु ।"

अंगद त्यहाँबाट हिँड्न खोजे । उनले रावणलाई लडाइँको लागि तयार हुन संझाए । यस्तैमा रावणले आफ्ना सैनिकहरूलाई तयार हुन आदेश दियो । उसले त अंगदलाई पक्रेर त्यहीं सिध्याउन पो खोज्यो । अंगद रावणको दरबारबाट बाहिर आइपुगेका थिए । उनलाई समाउन खोजेको कुरा चाल पाउनासाथ समाउन खोज्नेहरूलाई मुक्कै मुक्का चखाए । सयौं राक्षस सोत्तर भए । अंगदलाई समात्ने कस्ले ? उनी पनि त कम्तीका थिएनन् । उनी जस्ता शक्तिशाली वीरलाई कसले समात्ने ? सबै हेऱ्याहेऱ्यै भए ।

अंगदलाई सैनिकहरूले फेरि पनि घेरे । हात-हतियार चलाए तर केही लागेन । दरबार अगाडि मारामार मच्चियो । सयौं राक्षस सोत्तर भए । कयौं त्यत्तिकै भागे । कयौंको हात खुट्टा भाँचियो । अंगद राक्षसहरूको घेराबाट उम्किए । उनी त्यहाँबाट फुत्किएर आफ्नै शिविरमा पुगे । उनले सबै कुरा भगवान् राम, लक्ष्मण, सुग्रीव आदिलाई बताए । रावणको अत्याचार बारे बताए । अंगद रिसले आगो भएका थिए । आदेश पाए अहिले नै रावणलाई समाप्त पारौं भने झैं लागेको थियो । उनले आफूलाई संभाले । सारा वृतान्त सुनाए । बोल्दा पनि बेला बेलामा अलि कड्केर बोल्दथे । उनको बोलीबाट नै अंगद एक्दमै रिसाएको कुरा स्पष्ट हुन्थ्यो ।

यता रावणको दरबारमा पनि छलफल चल्दै थियो । रावण गर्जदै थियो । सबैलाई हप्काउँदै थियो । त्यत्तिका वीर राक्षसहरू भएर पनि एउटा भुसुनालाई पक्रन नसकेकोमा ऊ रिसले जलेको थियो ।

रावणको दरबारको वातावरण नै बिग्रिएको थियो । भर्खरै परेको चोट पूरा हुन पाएको थिएन । एउटा अंगदले त्यत्रो विनास गरेर गएकोमा लाज मर्नु भएको थियो राक्षसहरूलाई । यस्तैमा सारा लङ्का बाँदर सेनाले घेरिएको खबर आयो । रावण डरले छटपटाउन लाग्यो । ऊ आफ्ना मन्त्री र सहयोगीहरूलाई लिएर दरबारको छतमा गएर हेर्न लाग्यो । सारा लङ्का बाँदर सेनाले घेरेको देखेर ऊ फेरि रिसले आगो भयो । रावण जुनसुकै कुरामा पनि रिसाउँथ्यो । सोच्ने विचार गर्ने काम गर्नुभन्दा रिसाउने काममा बढी लागेकोले नै ऊ बिग्रिएको थियो ।

लङ्कामा आक्रमण

यता बाँदर सेना भगवान् रामको आदेशको प्रतीक्षामा थिए । ती सबैमा विशेष जोश जाँगर थियो । तिनीहरू ज्यादै फूर्तिला देखिन्थे । उनीहरूलाई डर भन्ने कुरा पटक्कै थिएन । सबै वीर थिए, शक्तिशाली थिए ।

वहाँले सबै सेनालाई तयार भएर आक्रमण गर्न भन्नुभयो । ज्यादै सजग भएर काम गर्न संभ्काउनु भयो । रावणको अत्याचार बढ्दै गएको छ । ऊ ज्यादै घमण्डी भएको छ । राम्रो काम कुरामा लाग्न छाडेको छ, रावणको मन । त्यसैले अब त्यो दुष्टलाई सजाय दिने समय भइसकेको छ ।

भगवान्‌को आदेश पाउनासाथ सबै बाँदर तयार भए । सबैले आ-आफ्नो हतियार समाए । भगवान्‌को आदेश पालन गर्न पाउँदा दङ्ग थिए । रावणको राक्षसी स्वभाव देखेर सबै रिसाएका थिए । दुष्ट स्वभाव भएको र कुबुद्धिले घेरेको रावणलाई सिध्याउन पाउँदा सबै खुसी थिए । त्यसैले सबै वीरहरू हतियार लिएर निस्किए । सबै सजग भए । एकदमै होशियार बनेर अगाडि बढे । बालक, बुढाबुढी, निर्दोष जनता कोही पनि नमरुन् भन्ने भावना थियो, लडाइँमा पनि धर्मको पालना होओस् भन्ने चाहना थियो । भगवान् राम, लक्ष्मण, सुग्रीव सबैको आदेश त्यस्तै नै थियो ।

बाँदर सेनाले लङ्का घेरियो । बिस्तारै शहरभित्र पस्नलागे । रावणको मुख्य मुख्य ठाउँमा आक्रमण गर्न लागे । केही समयमा नै शहरमा हो-हल्ला मच्चियो । शहरको मुख्य ढोकामा लडाइँ मच्चियो । रावण दरबारको बार्दलीमा बसेर कराउन लाग्यो । यता राक्षसी सेना अगाडि बढ्न सकेन । जो अगाडि सर्थ्यो उही मारिन्थ्यो । उनीहरूमा हाहाकार मच्चियो । के गरौं, कसो गरौं भने झैं भयो । केही समय त कसैलाई होसै भएन । एक्कासी आक्रमण भएकोले सबै अत्तालिए । बिस्तारै राक्षसी सेनाले आफ्नो अखडा जमायो । आफ्नो सुरक्षा



बलियो बनायो । अब भने जोडका तोड चल्नलाग्यो ।

लडाइँ चल्दै गयो । लडाइँ चल्दा चल्दै साँझ पऱ्यो । लङ्कामा एउटा ठूलो हलचल मच्चियो । कहीं कतै नभएको आतङ्क मच्चियो । पशुहरू तर्सेर किलै उखेलेर भाग्नथाले । चराचुङ्गीहरू आफ्नो गुँडै छाडेर कराउन थाले । कसैको पनि बासको ठेगान भएन । गाँसबासको ठेगान नभएर सबै समस्यामा परे । सबै डर र त्रासले सुरक्षित ठाउँको खोजीमा लागे । भगवान् रामले वाण वर्षाउन लाग्नुभयो । वहाँ बलिया र मै हुँ भन्नेहरूलाई मात्र ताक्नुहुन्थ्यो । वहाँको अगाडि कोही टिक्न सकेन । उनीहरू धमाधम भाग्न थाले । आफ्नो तर्फ यस्तो दुर्दशा भएको देखेर रावण हडबडायो । उसले आफ्नो छोरा इन्द्रजितलाई

राम र लक्ष्मणलाई मार्न भनी खटायो ।

मेघनाद लडाइँको मैदानमा पुग्यो । मेघनाद लडाइँको मैदानमा देखिनासाथ राक्षसी सेनामा उत्साह बढ्यो । सबै सैनिकहरू मनमा उत्साह लिएर अगाडि बढे । त्यसै मौकामा मेघनादले नागपास फ्याँक्यो, नाग-पासको प्रभावले राम र लक्ष्मण दुवै मूर्छा परे । यस्तो देख्नासाथ मेघनाद बेस्सरी हाँस्न लाग्यो । उता राक्षसी सेना पनि चम्कन लाग्यो । राक्षसी सेनामा अर्कै वातावरण देखियो । यता बाँदर सेना हतास भयो । सबै अलमलमा परे । राक्षसी सेनालाई रोक्ने तर्फ भन्दा पनि राम र लक्ष्मणलाई होशमा ल्याउने कुरामा बढी चिन्तित बने । मेघनाद अब यिनीहरूलाई कसैले पनि नागपाशबाट फुत्काउन सक्दैन भनी मरी मरी हाँस्न लाग्यो । उसको हाँसोले आकाश थर्कियो । वातावरण नै अर्कै बन्यो ।

यसरी राम र लक्ष्मण दुवै बेहोश भएपछि सबै बाँदर सेना अलमलमा परे । उनीहरू आक्रमण गर्ने अवस्थामा त छँदै थिएनन् । राक्षसी सेनाको आक्रमण रोक्नमै व्यस्त थिए । यस्तो अवस्था देखेर विभीषण एकदमै दु:खी भए । उनी अगाडि बढे । बाँदर सेनालाई संझाउन लागे । उनले भने : "सुग्रीव किन निराश भएको ? भगवान्‌लाई केही हुन्नँ । तपाईहरू नतर्सनोस् । आ-आफ्नो ठाउँमा जमेर लड्नोस् । राक्षसी सेनालाई अगाडि बढ्न नदिनोस् ।"

विभीषणको कुरा सुनेपछि बाँदर सेनामा उत्साह बढ्यो । विभीषण सुग्रीव र हनुमान भने राम र लक्ष्मणको सेवामा लागे । यस्तैमा बेस्सरी हावा चल्यो । समुद्रमा छाल बढ्यो । वातावरण नै अर्कै भयो । अघिसम्मको शान्त प्रकृतिमा फेरि उथल-पुथल मच्चियो । यस्तैमा आकाशमा गरुड देखिए । उनको सारा शरीर आगाको फिलिङ्गो जस्तै रातो देखियो । उनी भगवान् बेहोश भएकै ठाउँमा आए । उनको काम भगवान् राम र लक्ष्मणलाई मूर्च्छाबाट बिउँझाउनु थियो । उनले भगवान् रामलाई छोए अनि लक्ष्मणलाई । नागपाशको शक्ति समाप्त भयो । भगवान् राम मुर्छाबाट बिउँझनु भयो । त्यसैगरी लक्ष्मण पनि बिउँझनुभयो । भगवान् रामले गरुडलाई धन्यवाद दिनुभयो । गरुड भगवान्‌सँग बिदा भएर आफ्नो बाटो लागे । उनी भगवान्‌को सेवामा खटिएका थिए ।

अब फेरि बाँदर सेनामा फूर्ति आयो । उनीहरूमा जोश बढ्यो । तिनीहरूको फूर्ति नै अर्कै भयो । सबैले राक्षसलाई लखेट्न थाले ।

लडाइँमा कुम्भकर्ण

यता रावण खुसीयाली मनाउन लागेको थियो । ऊ राम लक्ष्मण दुवै मारिए भनी ढुक्क भएको थियो । ऊ आफ्नै महलमा बसेर आफ्ना सहयोगीहरूसँग दङ्ग परेर बसेको थियो । मेघनादको प्रशंसा भइरहेको थियो । यस्तैमा बाँदर सेना खुसी भएर हाँसेको सुनियो । रावण फेरि जिल्ल पर्‍यो । उसले आफ्नो एउटा मन्त्रीलाई बाहिर निस्केर यसबारे बुझ्न भन्यो । मन्त्री बाहिर आए । उनले बुझ्दा राम लक्ष्मण दुवै मूर्छाबाट बिउँझिएको कुरा चाल पाए । उनले भित्र आएर भने: : "महाराज ! राम लक्ष्मण दुवै मूर्छाबाट बिउँझिएछन् । उनीहरू फेरि लडाइँको लागि तयार भएकोले बाँदर सेनामा उत्साह बढेको छ ।"

रावण फेरि जिल्लपर्‍यो । उसले त राम लक्ष्मण दुवै मरिसके भन्ने ठानेको थियो । त्यस्तो होइन रहेछ भन्ने चाल पायो । ऊ आफ्नै महलमा आफ्ना सहयोगीहरूसँग बसेर खुसीयाली मनाइरहेकै बेला उसकै मन्त्रीले भने : "महाराज ! एउटा धपक्क बलेको अग्नि जस्तै गरुड आएछ, यसले राम र लक्ष्मणलाई मूर्छाबाट जगाएर गएछ ।" रावण अलि भस्कियो । उसलाई बदमास देवताहरूको जाल हो कि भन्ने पनि लाग्यो । युवराज इन्द्रजितको नागपाश त्यसै खेर गएकोमा उसलाई चिन्ता लाग्यो । कतै मायावी खेल चलिरहेको त छैन ? रावण शङ्कै शङ्काले रन्थनियो । रावणको अनुहार खुम्चियो । जोश जाँगर हराएजस्तो भयो । ऊ फुङ्ग उडेको पहाड जस्तो देखियो ।

रामको शक्ति देखेर रावण तर्सन लाग्यो । अहिले नै रामसँग लड्न जानु राम्रो होइन भन्ने कुरा उसको मनमा लाग्यो । ऊ अलि होशियार भयो । उसले धुम्राक्षलाई बोलाएर भन्यो : "धुम्राक्ष ! तिमीहरू जस्ता वीरहरू हुँदा हुँदै म किन तर्सने ? तिमी गएर राम, लक्ष्मण र बाँदर सेनाका सबै प्रमुखहरूलाई समाप्त पार्नेछौ भन्ने लागेको छ ।" रावणले फुर्क्याउनासाथ धुम्राक्ष दङ्गपर्‍यो । उसलाई

महाराज रावणले ठूलो सम्मान गरे झैं लाग्यो । रावणको सेवामा लाग्न ऊ तयारै थियो । झन् महाराजले बोलाएरै भनेपछि त दङ्ग नपर्ने भन्ने त कुरै भएन । ऊ तुरुन्त लडाइँमा जान तयार भयो ।

धुम्राक्ष एउटा पल्टनै लिएर गयो । ऊ हनुमान भएतर्फ लाग्यो । हनुमान रावणको बगैंचा बिगार्न लागेका थिए । त्यहाँ पुग्नासाथ हनुमान र धुम्राक्षको वीचमा मारामार पऱ्यो । दुवै तर्फ सयौं घाइते भए । औषधी-उपचार कसरी पुऱ्याउने ? यो पनि समस्यै थियो । लडाइँ चल्दै गयो । यस्तो नराम्रो कामले कसको पो भलाई हुन्थ्यो र ? ऐय्या ! ऐय्या ! मरे ! मरे ! यस्तै आवाज सुनिनथाल्यो । सामजमा दुःख बढ्यो । शोकको लहर फैलियो । कसले बुझ्ने दुःख पीडा ? रावणको घमण्ड र बेइमानीले लडाइँ झनै मच्चियो । हेर्दा हेर्दै धुम्राक्ष मारियो । ऊ मारुतिको हातबाट मारियो । धुम्राक्ष मारिनासाथ त्यहाँ भएका सबै सैनिक भागे । घाइते हुने र मर्नेको संख्या त कति हो कति ?

धुम्राक्ष मारिएको खबर रावण कहाँ पुग्यो । ऊ त त्यसै त्यसै थरथर काम्न लाग्यो । उसले बज्रदंस्ट्रलाई बोलायो । वज्रदंस्ट्र तुरुन्त आइपुग्यो । उसले रावणलाई अभिवादन गऱ्यो । रावणले भन्यो : "बज्रदंस्ट्र ! तिमी गएर धुम्राक्षलाई मार्नेको टाउको लिएर आऊ । दुष्टहरूको विनास गर्नु तिम्रो पहिलो काम हो ।" रावणको आदेश पाउनासाथ बज्रदंस्ट्र लडाइँको लागि निस्कियो । ऊ लडाइँको मैदानमा पुग्नासाथ लडाइँ मच्चियो । त्यस बखत पनि सयौं मारिए । कयौं घाइते भए । लडाइँ लामो समयसम्म चल्यो । आखिर बालिका छोरा अंगदको अगाडि कसको के लाग्ने ? बज्रदंस्ट्र पनि मारियो । रावणको सेना हार्दै गयो । प्रहस्त, अकंपन आदि महावीरहरू पनि टिक्न सकेनन् । सबै समाप्त भए । सबै यो संसारबाट बिदा भएर गए । यी सबै कुरा टुलुटुलु हेर्दै थियो रावण । ऊ रिसले रन्कन्थ्यो । आफ्नै रिस चपाएर थन्कन्थ्यो । अब के गर्ने ? उपाय घट्दै गयो । आखिर कुम्भकर्णलाई जगाउनै पऱ्यो ।

कुम्भकर्णको निद्रा ज्यादै लामो थियो । ऊ एक वर्षमा आधा समय त सुतेरै बिताउँथ्यो । उसलाई सुत्न र खान पाए पुग्दथ्यो । ऊ त्यसैको लागि मात्र जन्मिएको हो कि भने झैं लाग्दथ्यो । कुम्भकर्णलाई निद्राबाट जगाइयो । त्यहाँ बाजा बजाइयो । हो-हल्ला मच्चाइयो । कुम्भकर्ण बल्लतल्ल उठ्यो । त्यहाँ मीठा-मीठा खाने कुरा सजाइएको थियो । वास्तवमा त्यसकै वास्नाको प्रभावले

उठेको थियो कुम्भकर्ण । उसलाई किन असमयमा नै उठाइयो ? कतै लङ्कामा ठूलै विपत्ति पो पऱ्यो कि ? सबभन्दा पहिला मुख धोयो । भगवान् सूर्यलाई सम्झ्यो । फेरि हात धोयो खान बस्यो ।


खान बस्दा उसले एउटा राक्षसलाई बोलायो । उसले आफूलाई असमयमा नै उठाएको बारे सोध्यो । त्यो राक्षसले भन्यो : "राजकुमार ! एकदमै डरलाग्दो लडाइँ मच्चिएको छ । प्रहस्त पनि लडाइँमा टिक्न सकेनन् । वज्रदंस्ट्र पनि मारिए । यस्तै यस्तै सयौं वीरहरू स्वाहा भइसके । बाँदर सेनाको अगाडि कसैको केही लागेन ।" यस्तो खबर सुन्नासाथ कुम्भकर्ण एकदमै गम्भीर भयो । त्यहाँबाट उठेर ऊ रावणलाई भेट्न गयो । रावणलाई भेट्नासाथ उसले भन्यो : "महाराज ! तपाईंले नचाहिंदो काम गर्नुभयो । भगवान्लाई चिन्दै चिन्नुभएन । यस्तो नराम्रो काम गरेर जनतालाई दुःख दिनु राम्रो होइन ।" कुम्भकर्णलाई रावणको चालमाल त मन परेन । तर पनि आफूले पहिले नै लङ्काको सुरक्षाको लागि लड्न प्रण गरेकोले हात हतियार लिएर ऊ लडाइँ तर्फ लाग्यो । कुम्भकर्ण लडाइँको मैदानमा आएको देख्नासाथ सबै दङ्ग भए । सेनाहरू खुसीले उफ्रन लागे । अब बाँदर सेनाको केही लाग्दैन भन्ने कुरामा विश्वास बढ्यो । राम, लक्ष्मण र सुग्रीव सबै भागाभाग गर्लान् कि भन्ने लाग्यो ।

यता ज्यादै डरलाग्दो जिउ भएका कुम्भकर्णलाई देखेर सारा बाँदर सेना पनि तर्सियो । कुम्भकर्ण देख्दै पहाड जस्तो थियो । कुम्भकर्ण अंगदको अगाडि पुग्यो । यता अंगदको सहायताको लागि खटिएका सबै बाँदर भाग्न लागे । अंगदले सबैलाई हप्काए । सहयोगको लागि लक्ष्मण, सुग्रीव, हनुमान आदिकोमा खबर पठाए । बाँदर सेना थपिँदै गयो । लडाइँ चल्दैगयो । कुम्भकर्ण आएपछि लडाइँ मच्चिन थाल्यो । यता राक्षसी सेनामा पनि जोश बढेको थियो । लडाइँमा सयौं मारिए, कयौं घाइते भए । तर कुम्भकर्ण भने जस्ताको तस्तै नै थिए । त्यसैले भगवान् रामले लक्ष्मणलाई कुम्भकर्णसँग भिड्न भन्नुभयो । भगवान् रामको आज्ञा पाउनासाथ लक्ष्मण कुम्भकर्ण भए तर्फ लाग्नुभयो । लक्ष्मण आएको देख्नासाथ कुम्भकर्ण चम्कियो । ऊ लडाइँमा आफ्नो विशेष शक्ति देखाउन चाहन्थ्यो । उसले लक्ष्मणलाई बोलाउँदै भन्यो : "ए बच्चु ! तेरो बयान त निकै चलेको छ । अब हेरौं त तेरो तागत ।"

कुम्भकर्णका हेपाहा मिचाहा खालका कुरा सुन्दा लक्ष्मणको पनि कन्सिरी

तात्यो । उनले तत्कालै कुम्भकर्णलाई ताकेर वाण हाने । अब लडाइँ नै अर्कै खालको भयो । आकाशमा वाणको वर्षा भएको देखिनथाल्यो । दुवै तर्फका सैनिकहरू लक्ष्मण र कुम्भकर्णको बीचमा भएको लडाइँ हेर्न लागे । दुवैको वाण आकाशमै जुध्नलाग्यो । वाण त आकाशमै काटिन लाग्यो । हेर्दा रमाइलो लाग्दथ्यो । वास्तवमा एउटा खेल जस्तै थियो । सबै सिपाही त लडाइँ छाडेर तमासा हेर्न पो लागे ।

यस्तैमा भगवान् राम पनि कुम्भकर्ण भएतर्फ नै आउनुभयो । अब भगवान् राम पनि कुम्भकर्णलाई नै आक्रमण गर्न लाग्नुभयो । कुम्भकर्णले पनि रामलाई त्यसरी नै बोलायो, जसरी लक्ष्मणलाई बोलाएको थियो । भगवान् रामलाई पनि कुम्भकर्णको कुरा सुन्दै रिस उठेको थियो । त्यसैले वहाँले पनि कुम्भकर्णलाई नै ताकेर वाण चलाउनु भएको हो । नत्र भने लक्ष्मणले वाण हान्दा हान्दै त्यसैलाई ताकेर वाण हान्न



चाहनुहुन्नथ्यो । कुम्भकर्ण रिसले चूर भएको थियो । उसले दुवैलाई ताकेर वाण हान्यो । उसले हानेको वाण कसैलाई पनि लागेन । दुवैतर्फबाट वाणको वर्षा छुट्दै थियो । आकाशमा विजुली चम्के जस्तै भयो । कुम्भकर्णलाई एउटा वाण लाग्यो । त्यसलाई त उसले वास्तै गरेन । अर्को वाण लाग्दा लडुँला झैं गऱ्यो । तेस्रो वाण लाग्नासाथ ऊ ढल्यो । ऊ वेहोश भयो । आखिर ऊ कहिल्यै होशमा आएन । उसको पनि मिति पुग्यो । आखिर संसारकै वलवान् कुम्भकर्ण पनि मरेरै गए ।

कुम्भकर्णकै भरमा थियो रावण । यो आशा पनि यसै समाप्त भयो । अव के गर्ने ? रावणको सपना त्यसै समाप्त भयो । खबर पाउनासाथ रावण छटपटियो । ऊ अझै घमण्डमा डुबेको थियो । आफ्ना वीरहरूले वीरता देखाउन नसकेकोमा दिक्क थियो रावण । उसलाई अझै लडाइँ जित्छु भन्ने विश्वास थियो । आफूभन्दा शक्तिशाली यो संसारमै कोही छैन भन्ने सोचमा थियो । यही सपना पालेको थियो रावणले ।

लक्ष्मण मेघनाद युद्ध

अब रावण र मेघनाद मात्र बाँकी रहे । अब कसलाई भन्ने ? रावण लडाइँको लागि आफैं तयार भयो । उसले आफ्ना छोरा भतिजा सबैलाई लडाइँमै होम्यो । जोसुकै मरुन्, उसले कुनै कुराको पनि वास्ता गरेन । आखिर सबै समाप्त भए । कसले के गर्ने ?

यता बाँदर सेना ज्यादै उत्साही भएको थियो । उनीहरू अब रावण समाप्त हुने कुरामा विश्वस्त थिए । रावणको वेइमानीले गर्दा हजारौं हजारले दुःख भोग्नुपरेको थियो । रावणलाई समाप्त पार्नासाथ बाँकी बचेकाले सुख पाउने थिए । रावणका छोराहरू त्रिसिरा, नारांतक, महापार्श्व, अतिकाम आदि सबै नै समाप्त भइसकेका थिए । अब बाँकी थियो एक्लो मेघनाद । आखिर एक्लो मेघनादले मात्रै के गर्ने ? बलिया शक्तिशाली सेना पनि समाप्त भइसकेका थिए । त्यसैले रावण अत्तालिएको थियो ।

रावण रिसले जलेको थियो । ऊ आफ्नो कुबुद्धिकै कारणले अलि गलेको थियो । मेघनाद एउटा मात्र जीवित थियो । अब आशा भरोसा उसैमाथि थियो । त्यसैले रावणले मेघनादलाई बोलायो । अब के गर्ने, कसो गर्ने भन्ने बारे छलफल गर्नलाग्यो । मेघनाद वहादुर थियो । ऊ निकै बुझक्कड पनि थियो । उसले रावणको कुरा बुझ्यो र लडाइँमा जान तयार भयो । मेघनाद पनि रामको शक्ति जाँच्दै थियो । नागपाश फ्याँकेपछि सकिए होलान् भनेको त फेरि बिउँझिएछन् । अब ब्रह्मास्त्र नै चलाएपछि कसरी बच्लान् त भनी ऊ लडाइँमा गयो मेघनाद शक्तिशाली त छँदै थियो, साथै जाली र कपटी स्वभावको पनि थियो ।

मेघनादले पनि सीताजीको अनुहारसँग दुरुस्त मिल्ने एउटा मुकुण्डो बनाउन लगायो । उसले त्यो मुकुण्डो देखाएर सीताजीलाई काटेको हल्ला मच्चायो ।

वास्तवमा मेघनाद रामलाई अलमल्याएर, रामको शक्ति घटाएर उनलाई समाप्त पार्न चाहन्थ्यो । मानिसलाई चिन्ता परेपछि उनीहरू कमजोर हुन्छन् । चिन्तामा परेकाले ठीक काम गर्न सक्दैनन् भन्ने विश्वास उसलाई थियो ।

वास्तवमा मेघनादले त्यही उपाय अपनायो । उसले एउटीलाई त्यहाँ ल्यायो । उसले त्यसको चुल्ठोमा समात्यो । सीताजीले गुहार लगाएको जस्तो बनायो । यस्तो देख्नासाथ हनुमान त्यतैतिर दौडिए । हनुमानलाई बीचैमा रोके । यस्तैमा हो-हल्ला चल्यो । मेघनादले सीताको हत्या गरेको कुराको हल्ला भयो । हनुमान झुक्किए । हुलमुलमा के भयो, मेघनादले के गऱ्यो ती सबै कुरा त उनले देख्दै देखेनन् । उनलाई पनि मेघनादले सीताजीकै हत्या गरे झैं लाग्यो ।

सीता मारिएको हल्ला चल्यो । हनुमान रुन कराउन थाले । उनलाई त्यो सबै घटना साँच्चै जस्तै लाग्यो । हनुमान रोएको देखेपछि भगवान् रामलाई त्यो घटना साँच्चै हो कि भने झैं लाग्यो । वहाँ एकाएक बेहोश हुनुभयो । सारा बाँदर सेना बिलखबन्दमा परे । धेरै बेरको प्रयासपछि मात्र भगवान् होशमा आउनुभयो ।

यता विभीषणले भने राक्षसहरूको चाल बुझेका थिए । रावण सीतालाई पाउनकै लागि लड्दै थियो । किन मार्नदिन्थ्यो सीताजीलाई । त्यसैले यो यस्तै मायावी चाल हो भन्ने कुरा विभीषणले रामलाई बुझाए । बरु यतिखेर मेघनाद निकुम्भिला देवीको मन्दिरमा पसेको छ । यसै समयमा त्यसलाई ठीक पार्नु राम्रो होला ।

विभीषणको कुरा सबैलाई विश्वास लाग्यो । सीताजीको रक्षाको जिम्मा लिएका थिए, विभीषणले । राक्षसबाट फेरि पनि छक्किएकोमा ज्यादै नमज्जा लाग्यो । राक्षसहरू कति चालबाजी ज्ञान्दा रहेछन् भन्ने याद भयो । लक्ष्मणलाई विभीषणसँगै गएर आक्रमण गर्न भन्नुभयो । लक्ष्मणले भगवान् रामलाई अभिवादन गरे । उनी विभीषणसँगै निकुम्भिला देवीको मन्दिर तर्फ लागे । अलिपर पुग्नासाथ राक्षस सेनाको एउटा समूहसँग भेट भयो । दुवै थरि सेना एक आपसमा लड्न लागे । लडाइँले गर्दा हो-हल्ला फैलियो । मारामार काटाकाट मच्चियो । लडाइँकै कारण सारा संसार समाप्त हुन लागेको हो कि भने झैं लाग्दथ्यो ।

मेघनाद देवीको पूजामा थियो । उसले पनि लडाइँको हो-हल्ला सुन्यो । उसलाई के गरौं, कसो गरौं भने झैं भयो । ऊ मन्दिरभित्र बस्नै सकेन । उसको मन मन्दिरभित्र रमाएन । हत्तपत्त बाहिर आयो । त्यहाँ डरलाग्दो लडाइँ मच्चिएको

थियो । लडाइँको मैदानमा सयौं थिए । उसले विभीषणलाई देख्यो । विभीषणलाई देख्नासाथ मेघनाद सिंह गर्जिए झैं गर्जन लाग्यो । उसले शत्रुसँग मिलेर आफ्नो राज्य लिन खोजेको दोष लगायो । विभीषण मेघनादको कुरा सुन्नासाथ झस्किए । उनले भने : "मेघनाद ! तँ जस्तो दुष्ट, तँ जस्तो बुद्धूसँग के बोल्नु । मैले कति पटक संझाएँ महाराज रावणलाई ? तँलाई थाहा छ, मैले के भनेको थिएँ ? तँ त्यसै बकवक नगर् । तँलाई बलको घमण्ड चढेको छ । बल नै सबै कुरा होइन । संसारमा बुद्धि ठूलो हुन्छ । शिष्ट स्वभाव, सभ्य व्यवहार नै ठूलो हो । जहाँ दुष्ट बदमासहरू बस्दछन्, त्यस्तो घरमा नबस्नु भनी भनिएको छ । त्यसैले तिमीहरूको बेइमानी, तिमीहरूको बदमासी देख्न नसकेर तिमीहरूलाई छाडेको हुँ । सत्यको बाटो बिर्सने सबैको नास हुन्छ । रावण असत्यको बाटोमा लागेको छ । ऊ बदमास छ । मैले उसलाई हजारपल्ट संझाएँ । उसको बुद्धि फिरेन । त्यसैले मैले त्यो पापीको पछि नलाग्ने निर्णय गरेको हुँ ।"

विभीषणको कुरा सुनेपछि मेघनाद बौलाहा जस्तै चिच्यायो । ऊ बदमास थियो । ऊ बेइमान पनि थियो । राम्रो कुरा सुन्न चाहँदैनथ्यो । नराम्रो कुरामा मात्र चासो लिन्थ्यो । राम्रा कुरा त बुझे पनि नबुझे जस्तै गर्दथ्यो । ऊ घमण्डी थियो । बलको तुजुक देखाएर के के न गर्दछु भन्दथ्यो । एकै बाणले सारालाई समाप्त पार्छु भनी चारैतिर घुम्नलाग्यो । बौलाहा जस्तै जथाभावी फत्फताउन थाल्यो । सबैलाई तर्साउन लाग्यो । केही बाँदरहरूलाई त साँच्चै हो कि भन्ने जस्तो भान भयो । उनीहरू तर्सिए । उसको कुरा सुन्दा संसारमा ऊभन्दा शक्तिशाली कोही नभए झैं लाग्दथ्यो । एकपटक नागपाशले राम लक्ष्मण दुबैलाई बाँधेको थियो । त्यही कुरा याद भयो बाँदरहरूलाई । त्यसैले सबै नै तर्सिए ।

यता लक्ष्मण मेघनादसँग लड्न भनी कस्सिएरै आएका थिए । उनले मेघनादलाई हप्काउँदै भने : "मेघनाद ! धेरै बकवक नगर । तेरो पालो पुग्यो । सत्यको बाटो समातेको भए संधै बाँच्ने थिइस् । तँलाई संधै सबैले सम्झने थिए । तैंले असत्यको बाटो अंगालिस् । त्यही नै हो तेरो पालो पुग्नुको कारण ।"

कुरा गर्दा गर्दै लडाइँ चल्यो । दुबै तर्फ मारामार काटाकाट मच्चिन लाग्यो । मर्नेहरूको त हिसाबै भएन । घाइतेहरू बढ्दै गए । कयौं निर्दोष पनि मारिए । बाण वर्षदै थियो । तरवार चम्कँदै थियो । भाला फ्याँक्न थाले । कोही त त्रिशुलै लिएर अगाडि बढे । कसैको हातमा खुँडा थियो, कसैकोमा धनु । कति नराम्रो

दृश्य ! नहेरुँ भन्दा पनि हेर्नै पर्ने ! बुढावुढी दिक्क मान्दथे । यस्तो काम बन्द होओस् भनी भगवान्सँग प्रार्थना गर्दथे । तर के गर्ने ? एउटा बदमासले गर्दा साराको खति भयो । लडाइँ चलि नै रह्यो । झगडा वढी नै रह्यो । मारामार मच्चिइ नै रह्यो । समाजमा थपिदैं गयो रुवावासी ।

मेघनाद र लक्ष्मणको वीचमा भएको युद्ध तीन दिनसम्म चल्यो । यस वीचमा धेरै सेना आए, धेरै सेना गए । कयौं घाइते भएर फर्किए । सयौं स्वर्ग तर्फ लागे । लडाइँमा मेघनादको सारथीकै ज्यान गयो । मेघनाद एक्ला भए । लडाइँको उन्माद चढेको थियो । मेघनाद त्यहाँबाट भाग्न चाहँदैन थियो । ऊ त मार्न चाहन्थ्यो । शत्रुलाई लघार्न चाहन्थ्यो । आफूलाई जित्ने कोही जन्मिएको छैन भन्ने विश्वास थियो उसलाई । तर यसपटक आफूले सोचेजस्तो भएन । केही कुलक्षण देखापर्‍यो । उनलाई मृत्युले घेरे झैं लाग्यो ।

यता लक्ष्मण पनि तीन दिनदेखि उभिएको उभियै थिए । उनलाई दायाँ बायाँ हेर्ने फूर्सदै भएन । उनी एकनाससँग लडिरहे । उनको लक्ष्य थियो मेघनाद वध । उनको साथमा थिए विभीषण । तेस्रो दिनको युद्ध एकदमै चम्कियो । वारुणास्त्र, रौद्रास्त्र, आग्नेयशास्त्र, सूर्यास्त्र आदि अनेकौं अस्त्र प्रयोगमा आए । दुवैजना एकदमै शक्तिशाली देखिए । दुवैले दिव्यशास्त्र चलाए । एक आपसमा अस्त्रहरू जुद्दा ठूलो आवाज आउँथ्यो । यसरी लडाइँ चलि नै रह्यो । तेस्रो दिन पनि लडाइँ नटुङ्गिने पो हो कि भने झैं भयो । यस्तैमा लक्ष्मणले इन्द्रास्त्र प्रयोग गरे । मेघनादले त्यसलाई रोक्न सकेनन् । त्यो अस्त्र चल्दा एकदमै ठूलो आवाज आयो । दसै दिशा थर्कियो । आखिर इन्द्रजितको केही लागेन । ऊ लड्यो जमिनमा पछारियो ।

मेघनाद लड्नासाथ राक्षसी सेना भागभाग गर्नलागे । मेघनाद पनि मारिए । उनी मारिएको खबर हावा चले जस्तै फैलियो । अब लङ्कामा रावणलाई बचाउने कोही बाँकी रहेन । रावण एक्लो भयो । ऊ चिन्तै चिन्ताको महासागरमा डुब्यो । उसलाई शान्ति प्राप्त हुने त कुरै भएन । आखिर आफूभन्दा शक्तिशाली कोही छैन भन्ने मेघनाद पनि गए । संसार यस्तै रहेछ । कहिल्यै मर्दिन भन्नेले पनि मर्नु पर्दोरहेछ, समाजमा सबैजना यस्तै कुरा गर्न लागे । लडाइँले गर्दा सबैजना वाक्क दिक्क भएका थिए ।

राम रावण युद्ध

मेघनादको मृत्युपछि रावणको आशा समाप्त भयो । अब उसलाई लडाइँ जितुँला भन्ने थिएन । ऊ लडाइँबाट भाग्न पनि चाहन्नथ्यो । ऊ बौलाहा जस्तै बन्यो । के ठीक के बेठीक, सबै कुरा बिर्सिए जस्तो भयो । रातमा सबै सुतेको वेलामा उसले आफ्ना सैनिकलाई रामको सेना समाप्त पार्न पठायो । सबै राक्षसी सेना रावणको आदेश पालना गर्दै गए । अन्धकारमै अन्धाधुन्ध आक्रमण गर्नलागे । भगवान् रामले गन्धर्वास्त्र प्रयोग गर्नासाथ राक्षसी सेनाहरू को शत्रु को मित्रु भन्ने छुट्याउनै नसक्ने भए । आखिर रातको समयमा सबै आ-आफैं लडेर समाप्त भए । केही बचेकाहरू त्यहाँबाट ज्यान जोगाएर भागे ।

यता लडाइँ चलेको पनि चौध दिन बितिसकेको थियो । अब रावण आफैं लडाइँमा आउन तयारी गर्दै थियो । ऊ अझै पनि रामलाई हराएर आफ्नो राज्य बचाउन लागिपरेको थियो । ऊ अझै पनि रामलाई मार्ने सपनामा भुलेको थियो । लक्ष्मणलाई थुनामा राख्ने सोच बाँकी नै थियो । बाँदर सेना लगारेर सुख शान्तिपूर्वक बाँच्न चाहन्थ्यो । अझै पनि सारा संसार थर्काएर आफ्नो देशमा खुसीयाली ल्याउँछु भनी लागिपरेको थियो । रावणको यो प्रयास व्यर्थमै जान लागेको थियो । रावणले वास्तविकता त बुझेको थियो तर पनि लडाइँबाट भाग्दा बेइमान होइएला कि भन्ने डरले ऊ लडाइँबाट भाग्न चाहन्नथ्यो ।

रावणले आफ्नो तयारी पूरा गऱ्यो । उसले बाँकी बचेका सेनालाई अगाडि साऱ्यो । उसले आफ्नो पुरुषार्थ बारे बुझायो । केही समयमै सबै बन्दोबस्त पूरा गऱ्यो । लङ्का नरेश अब आफैं लडाइँमा जान तयार भयो । अब त कसैको केही लाग्दैन कि भन्ने विश्वास बढ्यो सिपाहीहरूलाई । सबै उत्साही भएका थिए । सबैमा जोश बढ्यो, जाँगर थपियो । लडाइँको बाजा बज्नलाग्यो । राक्षसहरू नाच्न लागे । जोश त थियो तर होश थिएन । यस्तो अवस्थामा पनि

लडाइँ जितिन्छ कि भन्ने लागेको थियो । संसारमा आशाभन्दा ठूलो कुरा केही रहेनछ भन्ने बुझिन्थ्यो । त्यस बखत पनि त्यस्तो आशा गरेको देख्दा सबै छक्क पर्दथे ।

रावण देख्दै डरलाग्दो थियो । उसको शरीर आकार प्रकार देखेर सबै तर्सन्थे । रावणलाई देखेर राम पनि जिल्ल परे । उसका हात पाखुरा नै खम्बा जस्ता थिए । फुकेको छाती, कसिलो जिउ डाल, ऊ साँच्चै शक्तिशाली बलवान् होला झैं लाग्दथ्यो । तर के गर्नु ? जिउ मात्र वलियो भएर नहुने ? बलले मात्र जित्ने भए त हात्तीले सारा संसार जित्दथ्यो । गैंडाले विश्वलाई नै थर्काउँथ्यो । वास्तवमा बुद्धि नै बल हो भन्ने कुरा रावणले वुझ्दै वुझेन । रावण त बल नै सबै कुरा हो भन्ने ठान्दथ्यो । कुनै समय उसले तपश्या गऱ्यो । वरदान पाएपछि त भूइँमा खुट्टै रहेन । उसले सारालाई दुःख दियो । ऊ घमण्डी भयो । घमण्डमै बाँच्यो । उसलाई अझै आफू संसारकै शक्तिशाली छु भन्ने घमण्ड थियो । त्यही घमण्ड बोकेर ऊ भगवान् रामसँग लड्न गयो ।


रावण लडाइँको मैदानमा पुग्यो । उसको साथमा थिए सेनापतिहरू । साथमा धेरै सैनिक थिए, रावण लडाइँको मैदानमा पुग्नासाथ काटाकाट, मारामार चल्नथाल्यो । त्यस बखत सुग्रीव आफ्नो सेनाको रक्षा गरेर बसेका थिए । उनी रावणसँग लड्न लागे । उनी रावणसँग लड्न अगाडि बढे । सुग्रीव अगाडि बढेको देख्नासाथ लक्ष्मण होशियार भए, सुग्रीवलाई सघाउन युद्ध मैदान तर्फ लागे । दुवैलाई थरि थरिका युद्ध-कला बारे ज्ञान थियो । रावणले तमसा अस्त्रको प्रयोग गऱ्यो । त्यो अस्त्र ज्यादै कडा थियो । त्यो अस्त्रको प्रभावले सबैलाई पोल्न लाग्यो । सबै भागाभाग गर्नलागे । यस्तैमा भगवान् राम अगाडि बढ्नु भयो । वहाँ रावणसँग सिधै भिड्नु भयो ।

राम रावण दुवै शक्तिशाली थिए । दुवै वाण चलाउन खप्पिस थिए । एउटाले हानेको वाण बीचैमा रोक्नसक्ने क्षमता दुवैमा थियो । दुवैको बीचमा भएको लडाइँ हेर्न लायक थियो । राम रावणको बीचमा लडाइँ चल्नथालेपछि त्यहाँ एक प्रकारको तमासा भयो, मानिसहरू रमिता हेर्नलागे । ती दुवैको शक्ति देखेर सबै छक्क परे ।

यता लक्ष्मण र विभीषण पनि रामकै सहयोगमा खटिए । उनीहरू पनि बेला बखत रावणलाई नै ताकेर वाण चलाउँथे । आफ्नै भाइले आफूलाई वाण हानेको

देखेर रावण रिसले आगो भयो । ऊ विभीषणलाई तत्कालै समाप्त पारेर समुद्रमा फ्याँक्न चाहन्थ्यो । कसरी बदला लिन सकिएला भन्ने भावनाले जलेको थियो । यसरी रावण रिसले छटपटिरहेको थियो । रावण चिन्ताले चिन्तित थियो । ऊ शोकको सागरमा डुबेको थियो । तर अझै पनि ऊ आफ्नो वरदानमा विश्वास गर्दथ्यो । आफैले जित्छु भन्ने घमण्ड गर्दथ्यो ।

भीषण लडाइँ चलिरहेको थियो । लडाइँ डरलाग्दो थियो । मारामार काटाकाटको काम डरलाग्दो त हुने नै भयो । यस्तैमा रावणले लक्ष्मणलाई ताकेर एक वाण छाड्यो । रोक्न खोज्दा खोज्दै लक्ष्मणलाई वाण लाग्यो । उनी मूर्छा परे । लडाइँको सुरमा रामलाई पत्तै भएन । यो घटना सुग्रीवले देखे । उनले हनुमानलाई बोलाए । जाम्ववान् पनि सँगै थिए । उनी पनि आए । औषधी उपचारको विषयमा जान्ने बुझ्ने उनी नै थिए । यसपटक पनि हनुमानलाई हिमालय पर्वत तर्फ पठाइयो । विभिन्न प्रकारका बोटविरुवा लिएर आउन भनिएको थियो । त्यहाँ पुगेर औषधीको नाम सम्झन खोज्दा त भुसुक्कै बिर्सेछन् । उनले औषधी नै औषधी भएको पहाडको एउटा टुक्रा नै लिएर आए । जाम्ववान्ले संजीवनी बुटी निकाले । लक्ष्मणलाई त्यो बुटी सुँघाउनासाथ सबै कुरा ठीक भयो । उनलाई त्यस बखत




लडाइँको मैदानबाट बाहिर ल्याइएको थियो । मूर्छाबाट बिउँझनासाथ आफूलाई किन त्यहाँ ल्याएको भनी सोध्नलागे । लक्ष्मण त्यसै अलमलमा परेका थिए । वास्तविकता बुझेपछि उनी सबैलाई साथमा लिएर फेरि लडाइँकै मैदान तर्फ लागे ।

यता लडाइँ चलिरहेकै थियो । फेरि एउटा अनौठा कुरा देखापऱ्यो । लडाइँमा मातलीले देवराज इन्द्रको रथ लिएर आए । त्यो रथ भगवान्‌को रामको सहयोगको लागि भगवान् इन्द्रले पठाएका थिए । देवराज इन्द्र भगवान् रामलाई सहयोग गर्न चाँहन्थे । रावण देवताको पनि शत्रु थियो । त्यसैले त्यो रथ पठाइएको थियो । भगवान् राम त्यही रथमा वस्नुभयो । वहाँको सारथी बने मातली । लडाइँ मच्चियो । रावण अझै पनि चम्कँदै थियो । रावण थाक्दै गयो । उसको शरीर थकाइले गलेको थियो । मन शोक र सन्तापले जलेको थियो । ऊ गल्दै गयो । बेहोश जस्तै भयो । के गर्ने ? रावणको सारथी अत्तालियो । सारथी डरले काँम्न थाल्यो । उसले रथ अन्तै मोड्यो । भगवान् राम पनि जिल्ल पर्नुभयो । घटना के भयो, बुझ्नसक्नु भएन ।

केही समयपछि रावण मूर्छाबाट बिउँझियो । ऊ होशमा आयो । होशमा आएपछि आफूलाई लडाइँको मैदानबाट बाहिर ल्याइएको अनुभव भयो । किन यता ल्याएको भनी कराउन थाल्यो । सारथीले लुरुक्क परेर फेरि लडाइँकै मैदानमा लग्यो । फेरि रामकै अगाडि देखापऱ्यो रावण । फेरि लडाइँ मच्चियो ।

यता रामकै साथमा थिए लक्ष्मण । विभीषण



लक्ष्मणकै आसपासमा उभिएका थिए । लडाइँ फेरि चल्यो । फेरि पऱ्यो मारामार । फेरि चल्यो काटाकाट । वाण चल्न लाग्यो । कसले कसलाई कसरी ढाल्ने ? दाउपेच चल्न लाग्यो । दुवैले हानेको वाण आकाशमै जल्यो । मातली व्रह्मास्त्रको प्रशंसा गर्न लागे । उनको उद्देश्य भगवान् रामलाई व्रह्मास्त्र बारे संझाउनु थियो । भगवान् रामले व्रह्मास्त्र वारे संझनु भयो । भगवान् रामलाई पनि व्रह्मास्त्र चलाउनुपर्छ कि भन्ने कुरा मनमा लाग्यो । व्रह्मास्त्रको प्रयोग गर्नुभन्दा पहिले विधि पुऱ्याउनु पर्दथ्यो । वहाँले मन्त्र पढ्नुभयो । बिस्तारै व्रह्मास्त्र खिच्नुभयो र वाण छाड्नुभयो । व्रह्मास्त्र ज्यादै तेजिलो थियो । त्यो आगो निकाल्दै अगाडि बढ्यो । त्यो देखेर रावण अलि हडवडायो । त्यो वाण काट्न चाहन्थ्यो । त्यसैले उसले पनि बाण चलायो । तर केही लागेन, रावणको टाउको काटियो । हेर्दा हेर्दै ऊ जमिनमा पछारियो । संसारमा मभन्दा शक्तिशाली कोही छैन भन्ने संझने महानायकको अन्त भयो । रावण ढल्नासाथ राक्षसी सेनामा हाहाकार मच्चियो । सवैको भागाभाग भयो ।

रावणको अन्त्य हुनासाथ चारैतर्फबाट फूल वर्षा भयो । देवता दङ्ग परे । महर्षिहरू मन्त्र पाठ गर्दै शान्तिको कामना गर्न लागे । मानव संसारमा खुसीयाली छायो । बाँदर सेना हाँस्न लाग्यो । बाँदर सेना खुसीयाली मनाउन थाल्यो । राम, लक्ष्मण सवै नै खुसी भए । यो स्वाभाविक पनि थियो । रावणकै भाइ पनि खुसी हुनुपर्ने । अवस्था त्यस्तै थियो । तर विभीषणलाई भने दिक्क लाग्यो । सारा भाइ भतिजा स्वाहा भए । आफ्नो भन्ने कोही थिएन । उनलाई बैराग लाग्यो । यो राज्य कसैलाई सुम्पेर तपस्वी जीवन विताउन पाए हुन्थ्यो भन्ने कुरा उनको मनमा लाग्यो । उनी रुन कराउन लागे । त्यसै बेला भगवान् रामले संझाउँदै भन्नुभयो : "विभीषण ! रावण आफ्नै कारणले यो संसारवाट विदा भएको हो । उनको धर्म नै त्यस्तै थियो । त्यसैले तिमी चिन्ता नगर । वितेको कुरामा चिन्ता गर्नु मूर्खता हो । अब हामी सबै आ-आफ्नो कर्ममा लाग्नुपर्छ । आ-आफ्नो काममा खट्नुपर्छ । हामी सवले आ-आफ्नो कर्तव्य पूरा गर्दै जानुपर्छ । कर्तव्यमा लाग्नेले गएको कुरा सोच्दैन । आउने कुराको बारेमा पनि चासो लिन्न । अहिले जे जस्तो समस्या परेको छ, त्यो समस्या हटाउँदै जान्छ ।" यसरी भगवान् रामले संझाएपछि विभीषण अलि शान्त भए । उनले भगवान्सँग अब गर्नुपर्ने काम कुरा बारे सोधे । अब सबैको अन्तिम संस्कारको काम आयो, सवैजना त्यही काम कुरा पूरा गर्ने तर्फ लागे ।


विभीषणको राज्याभिषेक

लङ्का ज्यादै रमाइलो थियो । बगैंचै बगैंचाले घेरिएको थियो, लङ्का शहर । चारैतर्फ ढक्कमक्क फूल फुलेको । हरियो जङ्गल ठाउँ ठाउँमा देखिन्थे तालहरू । वरपर देखिन्थे ठूला ठूला नदी नालाहरू । समुद्रको छालले झनै रमाइलो बनाएको थियो नदी किनार । थरि-थरिका पशुहरू चरिरहेका देखिन्थे । समुद्रको किनारमा खेलिरहेका देखिन्थे सयौं जनावरहरू । लक्ष्मण त लङ्का राज्य देखेरै दङ्ग परे । लङ्का शहर देखेर मख्ख परे । उनलाई त त्यसै शहरमा बसुँ बसुँ लाग्यो । उनले भगवान् रामलाई पनि भनिहाले : “भगवान् ! मलाई त यो शहर ज्यादै रमाइलो लाग्यो । हामीले यत्रो दु:ख गर्‍यौं । सारा राक्षसहरूलाई समाप्त पार्‍यौं । अब यही बसेर राज्य चलाए हुन्न र ?” भगवान् रामले लक्ष्मणका कुरा सुन्नुभयो । केही हाँसेजस्तो गर्दै भन्नुभयो : “लक्ष्मण ! तिमीले भनेको एकदमै ठीक हो । लङ्का रमाइलो छ । यहाँ केही कुराको पनि कमी छैन, कुवेरको अलकापुरी जस्तै छ, लङ्का । यो स्वर्गपुरी हो, सुनै सुनले ढाकिए जस्तो । तैपनि मलाई यहाँ बसुँ जस्तो लाग्दैन । मलाई मेरै मातृभूमि प्यारो लाग्छ । त्यहाँ भएका आफ्ना आफन्तहरूको संझना आउँछ । यो विभीषणको हो । उनले नै राज्य गरुन् । म यही नै चाहन्छु ।”

लक्ष्मणलाई पनि भगवान् रामको कुरा मनपर्‍यो । अब उनी पनि अयोध्यै फर्कने कुरामा सहमत भए । भगवान्को त्यस्तो उदार भावना बुझेपछि हनुमान, सुग्रीव सारा बाँदर समूह दङ्ग पर्‍यो । भगवान्को महानता बुझेर सबै मख्ख परे । वहाँको महानताको प्रशंसा हुनलाग्यो । सबैले भगवान्को उदार भावनाको प्रशंसा गरे । भगवान् रामको कुरा सुनेर बाँदरहरू मात्र होइन राक्षसहरू पनि दङ्ग परें । भगवान्ले लडाइँमा मारिएकाहरूको अन्तिम संस्कारको लागि सबैलाई संझाउनु भयो । त्यसपछि त्यहाँ भएका सबैजना त्यसै काममा व्यस्त भए ।

विभीषण आफ्नै रीतिरिवाज अनुसार लडाइँमा मारिएकाहरूको दाह-संस्कारमा लागे। यता बाँदरहरू पनि आ-आफ्नो साथीभाइको खोज खबरमा लागे। समुद्रको किनारमा चिता तयार भयो। सबैलाई श्रद्धाञ्जली चढाउने कुराको टुङ्गो लाग्यो। सबैको सामूहिक दाह-संस्कार सम्पन्न भयो। भगवान् रामले राग, द्वेष सबै बिर्सेर मृत-आत्माहरूको चिर शान्तिको कामना गर्न संझाउनु भयो। लडाइँमा मारिएका सबै बाँदर सेनाहरू साथै रावण, कुम्भकर्ण, मेघनाद, प्रहस्त, बज्रदंस्ट्र आदि सबैको नाममा र यथानाममा श्रद्धाञ्जली अर्पण गरियो। भगवान् रामले मरेकाहरूको दोष बिर्सन सबैलाई उदार स्वभावले खुसी राखौं भन्ने भावनाको सबैले प्रशंसा गरे।

यता लङ्कामा विभीषणको राज्यभिषेकको तयारी भइरहेको थियो। सबै प्रकारको श्रद्धाञ्जलीको काम सकिएपछि लङ्कामा विभीषणको राज्यभिषेक तर्फ लागे। लङ्कामा सबैले विभीषणको स्वागत गरे। विभीषण शान्त स्वभावका थिए। उनको भगवान् रामप्रति विशेष श्रद्धा थियो। उनी सबैसँग मित्रताको व्यवहार गर्दथे। उनी राजा भएपछि



लङ्कामा सुखशान्तिले बास गर्छ भन्ने विश्वास त्यहाँका धर्मात्मा बुढापाकाहरूमा बढ्दै गयो । अब सुखशान्तिले बास गर्छ भन्ने कुराको विश्वास सबैलाई भयो ।

लङ्कामा त्यहाँका बासिन्दाले अब भगवान् रामको प्रशंसा गर्नलागे । उनीहरूको मनमा एउटा शङ्का थियो । रावणले मर्नुभन्दा पहिले त्यस्तै हल्ला चलाएको थियो । राम राजा भएर लङ्काका जनतालाई दुःख दिनेछन् भन्ने हल्ला चलाएको थियो तर त्यस्तो भएन । भगवान् रामले राज्य चलाउन खोज्नुभएन । वहाँले विश्रवाकै कान्छा छोरा विभीषणलाई राज्य सुम्पनु भयो । त्यहाँ कसैले कसैलाई दुःख दिने काम पनि भएन । सबैलाई सुखी बनाउने सबैलाई खुसी बनाउने काम कुरा हुँदै गयो । आफू बाचौं र अरुलाई पनि बचाऔं भन्ने भावना बढ्दै गयो । त्यसैले सबैले भगवान् रामकै प्रशंसा गर्नलागे । रावणलाई सबैले बिर्सिए । लङ्का शान्त भयो । जनता सुखी देखिए, खुसी देखिए ।

अग्नि परीक्षा

यता महाराज विभीषणको स्वीकृति लिएर हनुमान महारानी सीताजीलाई भेट्न अशोक वाटिका तर्फ लागे । उनले सीताजीलाई सबै हाल खबर बताए । सीताजीले शुभ समाचार सुन्नुभयो । रावण मारिएको खबर सुनेर वहाँ दङ्ग पर्नुभयो । विभीषण राजा भएको खबर सुनेर त वहाँ झनै मक्ख पर्नुभयो । सीताजी त खुसीले गद्‌गद् भएर बोल्नै सक्नुभएन । हनुमान लामो समयसम्म एक्लै फतफताए । सीताजीले केही जवाफ नदिएको देख्दा उनी जिल्ल परे । कतै भगवान् राम आफैं नआएर हनुमानलाई पठाएकोमा बेखुसी पो हुनुभएको हो कि? ल भइगयो, भगवान् आउन भ्याउनु भएन, लक्ष्मण किन नआएको भन्ने पो लागेको हो कि ? हनुमानले आफ्नो मनै मन लामो तर्कना गरेपछि सोधे : “माताजी ! मैले सबै कुरा बताएँ हजूरबाट केही पनि जवाफ पाइनँ ।”

सीताजीले भन्नुभयो : “हनुमान ! म ज्यादै खुसी छु । संसारमा यो भन्दा अर्को सुख हुनै सक्दैन । म खुसीले बोल्न नसकेको हुँ । मलाई त यसै अशोक वाटिकामा नाचुँ नाचुँ लागेको छ । म खुसी छु । मेरो खुसीयाली बारे म कसरी बताउँ । सीताजीको आँखामा आँसु आयो । त्यो आँसु खुशीको आँसु थियो । त्यसबखत पनि सीताजी राक्षसीहरूकै घेरामा हुनुहुन्थ्यो । आदेश पाए ती राक्षसीहरूलाई तत्कालै समाप्त पार्ने कुरा हनुमानले उठाए । सीताजी अलि हाँस्नुभयो । वहाँले हनुमानलाई सम्झाउने प्रयास गर्नुभयो ।

सीताजीले भन्नुभयो : “हनुमान । यो संसारमा सबैबाट गल्ती हुन्छ । गल्ती भयो भन्दैमा तुरुन्त सजाय दिनुहुन्न । सुध्रने मौका दिनुपर्छ । राजा नै दुष्ट थियो । त्यसैले सबैको स्वभावमा दुष्टता थियो । अब महाराज विभीषणको पालो आएको छ । वहाँ धर्मात्मा हुनुहुन्छ, सज्जन हुनुहुन्छ, अब वहाँको रेखदेखमा सबैको बुद्धि फिर्नसक्छ । जसको बुद्धि फिर्दैन, त्यसले दुःख पाउँछ । अहिलेलाई क्षमा दिनु

सबैको लागि कल्याण छ । फेरि अर्को कुरा यिनीहरू त आदेश मान्ने न हुन् । आदेश दिने नै बदमास भएपछि कसको के लाग्छ ? त्यसैले हामीले अरु सानातिनाको रिस गर्नु हुन्न । दुष्टको नाइके नै ढलेपछि त अब किन रिस गर्ने ? क्षमा नै ठूलो गुण हो । जसले क्षमा गर्छ, त्यही नै महान् बन्छ । सबै खुसी होऊन् । सबै निरोगी होउन् । सबैको भलाइको कामना गरौं । हामी सबको कल्याण यसैमा छ ।"

हनुमानलाई आफ्नै रिसमा केही लाज लागेजस्तो भयो । उनी मनमनै लजाए । सीताजीको महानता देखेर उनी दङ्ग भए । सीताजीको अगाडि उनलाई आफू फुच्चे बाँदर भए जस्तो लाग्यो । बलले कोही पनि ठूलो हुने होइन रहेछ । बुद्धिले, उदार स्वभावले मानिस महान् बन्दोरहेछ । हनुमानले यही बुझे । आफ्नो रिसमा पछुतो लाग्यो ।

हनुमानले सीताजीलाई अभिवादन गरे । उनी सरासर भगवान् राम भएतर्फ लागे । उनले सीताजीको हालचाल सुनाए । उनले सीताजीको महानताको प्रशंसा गरे । सीताजीको महानता देख्दा आफूलाई आफ्नै कुराले लाज लागेको बारे पनि उनले बताए । हनुमानले सबै कुराको बयान गर्दै भने : "भगवान् ! सीताजी हजूरलाई भेट्न नपाएर छटपटिनु भएको छ । भगवान् किन आउनुभएन भन्ने चिन्तामा हुनुहुन्छ । त्यसैले वहाँलाई यहाँ ल्याउने प्रबन्ध गर्न म अनुरोध गर्दछु ।" हनुमानले यी सबकुरा बताउनासाथ भगवान् राम अलि गहिरो सोचमा पर्नुभयो । वहाँले केही सोच्नुभयो । हनुमानलाई संझाउँदै भन्नुभयो : "हनुमान ! यसबारे सबै बन्दोबस्त हुनलागेको छ ।" यति भनी भगवान् रामले महाराज विभीषणलाई खबर गर्न भन्नुभयो ।

खबर पाउनासाथ महाराज विभीषण भगवान् रामको दर्शन गर्न आइपुग्नुभयो । त्यसैबखत भगवान् रामले भन्नुभयो : "महाराज ! तपाईं अशोक वाटिका जानुहोस् । त्यहाँ पुगेर सीताजीलाई नुहाई-धुवाई सफा सुग्घर भएर गहना लगाएर, राम्रा सफा कपडा पहिरिएर आउनको लागि भन्नुहोस् । साथै लिएर आउनुहोस् । तपाईंको साथमा हनुमान पनि हुनेछन् ।" भगवान् रामको आदेश अनुसार महाराज विभीषण अशोक वाटिका तर्फ लाग्नुभयो ।

विभीषण अशोक वाटिका पुगे । उनले भगवान्को आज्ञा बारे सुनाए । सीताजीलाई अलि अप्ठेरो लाग्यो । वहाँ जस्तो अवस्थामा हुनुहुन्थ्यो त्यस्तै अवस्थामा भगवान्लाई भेट्न चाहनुहुन्थ्यो । त्यही कुरा वहाँले विभीषणलाई बताउँदा भगवान्को इच्छा विपरीत काम गर्न नमिल्ने कुरा उनले बताए । सीताजी पनि

भगवान्कै इच्छा अनुसार चल्न तयार हुनुभयो । वहाँ नुहाई- धुवाई नयाँ कपडा पहिरिएर गहनाले सजिएर भगवान् रामलाई भेट्न जान तयार हुनुभयो ।


विभिषणले सीताजीलाई लिएर आए । रामको आश्रममा आइपुग्नासाथ भगवान् रामलाई खबर गरियो । सीताजीलाई भेट्न बाँदरको भीड लाग्यो । भीड हटाउन नै समस्या भयो । भगवान् रामले सबैलाई भेट्न दिने कुरा बताउनुभयो । सबैको सहयोगले सीताजीलाई बन्दी गृहबाट छुटाउन सफल भएको कुरा पनि बताउनु भयो ।

यता सीताजी मनमनै छटपटिनु भयो । किन भगवान् राम आफूलाई भेट्न आउनु भएन । किन यसरी बोलाइयो, के भयो भगवान् रामलाई ? कतै वहाँले मेरै दोष हो भन्ने ठान्नु भयो कि ? सीताजी बोल्नै सक्नुभएन । वहाँले आफ्नो भाग्यलाई दोष दिनुभयो । वहाँको आँखाबाट आँसु बग्न थाल्यो ।

भगवान् राम आफ्नो निवासबाट बाहिर आउनुभयो । सीताजीलाई देख्नुभयो । सीताजी ज्यादै दुब्लो पातलो हुनुभएको थियो । भगवान् रामलाई कस्तो कस्तो नमज्जा लाग्यो । सीताजी त बोल्नै सक्नुभएन । वहाँको आँखाबाट आँसु बगिरह्यो । भगवान् राम अलि परै उभिनु भयो । वहाँले भन्नुभयो : "सीता ! मैले प्रतिज्ञा गरेको थिएँ, त्यो पूरा भयो । म तिमीलाई दुष्ट रावणको हातबाट छुटाएर स्वतन्त्र बनाउन चाहन्थे । यो सबै काण्ड तिम्रै कारणले भयो । तिमी लामो समयसम्म पराइ घरमा बस्यौ । अब तिमीलाई स्वीकार्न मलाई पनि अप्ठेरो भएको छ । अब कसरी तिमीलाई स्वीकार्ने ?"

सीताजीलाई भगवान्को बचन वाण लागेभन्दा चर्को भयो । वहाँ एउटी सिंहनी जस्तै जागासुर बन्नुभयो । व्यर्थको दोष बेहोर्नु परेकोमा रिसले जल्नु भयो । शरीर पसिनै पसिनाले भिज्यो । वहाँलाई केही भनुँ जस्तो लागेन । कतै हाम्फेलेर मरौं कि भने जस्तो भयो । वहाँले भन्नुभयो : "भगवान् ! मैले त यस्तो सोच्नुहोला भन्ने कुरा कहिल्यै सोचेको थिइनँ । मलाई यसरी शङ्का गरिएला भन्ने पनि लागेको थिएनँ । अपहरणमा परेकी एउटी महिलाको अवस्था कस्तो हुन्छ ? त्यसबारे त हजूरले सोच्दै सोच्नु भएन । त्यसैले म अहिले आगोमा पसेर जलेर मर्न चाहन्छु । अब मलाई बाँच्ने इच्छा छैन ।"

यता लक्ष्मण पनि रिसले चूर भएका थिए । भगवान् रामको चालामाला देख्दा वहाँलाई पनि उदेक लागेको थियो । सँधै सीताकै नाम लिइरहने रामलाई



आज के भयो ? लक्ष्मण केही बोलेनन्। केही बोल्न पनि चाहेनन्। भगवान् रामले एक ठाउँमा धुनी जगाउन भन्नुभयो। लक्ष्मणले दाउराको चाङ लगाए। आगो बालियो। सारा बाँदर सेना छक्क परे। हनुमान जिल्लिए। सुग्रीवले पनि केही बुझ्नै सकेनन्। सारा राक्षसहरूको ताँती लाग्यो। दाउराको खलियोमा आगो दन्कियो। सीताजी चितामा जलेर मर्छु भनी आगो दन्किए तर्फ अगाडि बढ्नु भयो। त्यहाँ जम्मा भएका सबै रुन-कराउन थाले। एउटी निर्दोष महारानीलाई जलाएर मार्न पाइन्न भनी मानिस कराउन चिच्याउन लागे। त्यहाँ भेला भएकाहरूले रामको निन्दा गर्न लागे। सीताजीको प्रशंसा गर्न लागे। सीताजी आगोमा पस्नै लागेको बेला वहाँलाई कसैले समात्यो। वहाँलाई कसैले बीचैमा रोक्यो। वहाँको खुट्टामा ढोग्यो। साष्टाङ्ग दण्डवत् गऱ्यो वहाँलाई। वहाँले रोक्ने व्यक्ति एउटा शक्ति नै थियो। त्यसपछि भगवान् राम अगाडि बढ्नुभयो। वहाँले सीताजीलाई त्यहाँबाट फर्काएर ल्याउनुभयो। एउटा अनौठो नाटक सम्पन्न भयो।

भगवान् रामले सबैलाई सुनाउँदै भन्नुभयो : "सीता ! मलाई त तिम्रो बारेमा शङ्कै थिएन। तर मैले तिमीलाई त्यसै स्वीकारेको भए समाजमा कस्तो कुरा चल्दथ्यो। कस्तो बदनाम फैलन्थ्यो। समाजमा कुरा काट्ने कति हुन्थे कति ? त्यसैले मैले यस्तो वातावरण बनाएको हुँ।" भगवान् रामको कुरा सुनेर सबै दङ्ग भए। समाजको भनाइबाट बच्न भगवान्ले गर्नुभएको उपाय राम्रो लाग्यो। समाजले कुरा काट्ने ठाउँ पनि रहेन। महारानी सीताजीको मन अझै शान्त भएको थिएनँ। वहाँ अझै पनि छटपटिइरहनु भएको थियो। वहाँ अझै पनि आफूमाथि अन्याय भएको अनुभव गरिरहनु भएको थियो।

भगवान् रामको अयोध्या फिर्ति

भगवान् रामको वनबासको समय पनि सकिनै लागेको थियो । अब वहाँ अयोध्या फर्कने तरखर गर्न लाग्नुभयो । बाटामा रोकिनु पर्ने ठाउँ पनि धेरै थिए । वहाँलाई वनबासको बेलामा सहयोग गर्नेहरूको संख्या त कति हो कति ? सबभन्दा पहिलो कर्तव्य त सबै बाँदर सेनाको स्वागत सत्कार गर्नु नै थियो ।

सबभन्दा पहिले वहाँले महाराज विभीषणलाई बोलाउनु भयो । वहाँले महाराज विभीषणलाई संझाउँदै भन्नुभयो : "विभीषण ! बाँदर सेनाकै सहयोगले हामी सफल भएका हौं । हामीले यिनीहरूको महत्त्व बुझ्नुपर्छ । यिनीहरूको महत्त्व बुझिएन भने हाम्रो राज्य बलियो हुन्नँ ।" विभीषणले भगवान् रामको आशय बुझे । उनले तुरुन्त लङ्काको ढुकुटीबाट विभिन्न प्रकारका मणि, रत्न, जुहारत, सुन, चाँदी आदि ल्याएर सबै सैनिकहरूलाई उपहार दिए । सुग्रीव, हनुमान, जाम्ववान् सबैले उपहार पाए । भगवान् रामले सबैलाई धन्यवाद दिनुभयो । यत्रो ठूलो सहयोग गरिदिएकोमा सबैलाई समस्या पर्दा आफूले पनि संझने कुरा बताउनु भयो । आफू सदाको लागि सबैको ऋणि भएको कुरा बताउनु भयो ।

यस्तैमा भगवान् रामको सहयोगको लागि पुष्पक विमान आयो । त्यहाँ चारैतिरबाट फूलको वर्षा भयो । भगवान् रामले पहिले भरतसँग गरेको कबोल सुनाउनु भयो । त्यसैले महाराज विभीषणसँग । विदा माग्नुभयो । विभीषणले पनि अयोध्यासम्म पुग्ने आशय व्यक्त गरे । राज्यको सबै बन्दोस्त मिलाए । यस्तैमा किष्किन्धा नरेश सुग्रीव, रामभक्त हनुमान, बैद्यराज जाम्ववान्, युवराज अंगद आदि प्रमुख वीरहरूलाई पनि विमानमा राखियो । सबैजना साथमै लाने सोच बनाउनु भयो । सबैजना सुवर्णपुरी लङ्काबाट विदा भए ।

यता महारानी सीताले वीर बाँदरहरूका श्रीमतीहरूलाई पनि साथै लाने निर्णय गर्नुभयो । वहाँले यसबारे भगवान्सँग अनुरोध गर्नुभयो । सुग्रीवसँग कुराकानी भयो । केही समय किष्किन्धा रोकिएर मात्र अयोध्या तर्फ लाग्ने निर्णय भयो । सैनिकहरूलाई विदा गरियो । उनीहरू समुद्र तरेपछि पुष्पक विमान लङ्काबाट उड्यो । समुद्र पार

गर्दै त्यो किष्किन्धा आइपुग्यो । केही समय त्यहीँ रोकियो । किष्किन्धामा सबै खुसी भए । फूल वर्षियो, फूलै फूलले ढाकियो किष्किन्धा शहर । सबै नायकहरूका श्रीमतीहरूलाई विमानमा राखेपछि विमान त्यहाँबाट उड्यो । भगवान् रामले विमानबाट धेरै ठाउँ देखाउनु भयो । ऋष्यमुक पर्वत देखियो । भगवान्‌ले आफ्नो र सुग्रीवको भेट भएको ठाउँ भनी देखाउनु भयो । "त्यहींको जङ्गलमा एउटा तलाउ छ । त्यसको नाम हो पम्पा । मेरो शवरीसँग भेट भएको ठाउँ । कवन्धकको मृत्यु भएको ठाउँ । हेर, जटायुले तिमीलाई जोगाउन खोज्दा आफैं जलेको ठाउँ ।"

"अब हामी पञ्चवटीको नजिकै आइपुग्यौं । हाम्रो आश्रम पनि जस्ताको तस्तै रहेछ । अब गोदावरी नदी देखियो । नजिकै देखियो महर्षि अगस्त्यको आश्रम । जाँदा जाँदै भगवान् राम भारद्वाज आश्रममा रोकिनुभयो । वहाँले त्यहींबाट निषादराज गुहलाई खबर पठाउनुभयो । भरतलाई सूचना दिनुपर्ने भयो । तोकिएको दिनमा अयोध्या नपुगे भरतले आत्महत्या गर्ने हो कि भन्ने डर पनि भयो । अब यी दुवै कामको लागि उपयुक्त व्यक्ति हनुमान नै ठहरिए । भगवान्‌ले भरतलाई र निषादराजलाई खबर पठाउन भन्नुभयो । आज्ञा पाउनासाथ हनुमान आफ्नो काममा लागिहाले ।

भगवान् रामको विमान रोकिनासाथ महर्षिले भगवान् अयोध्या तर्फ लाग्नुभएको कुरा बुझ्नुभयो । वहाँ आफ्नो आसनबाट उठ्नुभयो । भगवान् रामलाई आफ्नो स्वागत गर्न अगाडि बढ्नु भयो । भगवान् रामलाई आफ्नो आगनमा स्वागत गर्दै भन्नुभयो : "भगवान् ! मैले खुसीयालीको खबर पहिले नै पाएको थिएँ । म ज्यादै खुसी थिएँ । हजुरलाई यहाँ स्वागत गर्न पाउँदा ज्यादै खुसी लागेको छ । अब एक रात आश्रममै विश्राम गर्नुहुन अनुरोध गर्दछु । त्यस बखत भगवान्‌को साथमा अरु दुईजना राजा पनि हुनुहुन्थ्यो । साथमा थिए लडाइँका महानायकहरू । त्यहाँ थिए उनीहरूका श्रीमतीहरू । त्यसैले महर्षिलाई समस्या पर्ला कि भन्ने पीर लाग्यो भगवान्‌लाई । भगवान्‌ले महर्षिलाई आफ्नो समस्या बताउनु भयो तर पनि महर्षिले मान्नुभएन । भगवान्‌ले पनि महर्षिको आग्रह टार्न सक्नुभएन । त्यो दिन सबै साथीहरूलाई लिएर त्यहीं विश्राम गर्नुभयो ।

आश्रममै बस्दा महर्षिले महाराज भरतको अवस्था बताउनुभयो । भरत नन्दी ग्राममा बसेको, त्यहीं बसेर तपस्वी भेषमा राज्यको कामकाज गर्नुभएको कुरा पनि वहाँले बताउनुभयो । त्यसबखत भरतको भातृप्रेमको सबैले प्रशंसा गरे ।

हनुमान अयोध्या पुगे । उनी नन्दीग्राममा आएर भरतलाई भेटे । महाराज भरत खुसीले गद्‌गद् भए । उनले अयोध्यामा भगवान् राम वनबासबाट फर्कन लाग्नुभएको बारे सूचना दिनुभयो । भगवान्‌को स्वागतको लागि विशेष तयारी हुनलाग्यो । जनता

ज्यादै खुसी भएर आफैं शहर सिंगार्न खटिए ।


भगवान् रामको अयोध्या फिर्तिको खबर पाएर सबै दङ्दास थिए । लामो समयपछि भगवान्लाई देख्न पाउने खुसीयालीमा कोही नाच्न लागे, कोही गाउन लागे । कोही दगुर्न लागे, कोही उफ्रन लागे ।

अयोध्या झकिझकाउ थियो । सारा शरीरमा विशेष चहलपहल थियो । यस्तैमा भगवान् राम भारद्वाज आश्रमबाट प्रयागतर्फ लाग्नुभएको थियो । प्रयाग तिर्थमा नुहाएर भगवान्को प्रार्थना गरी वहाँहरू अयोध्या तर्फ लाग्नुभयो । अयोध्याको आकाशमा पुष्पक विमान देखियो । मानिसहरू विमान गए तर्फ दौडन लागे । विमान अयोध्या दरबारकै छेउमा उत्रियो । मानिसहरू महाराज रामको जय भनी नारा लगाउन थाले । सारा शहरभरि रमिता भयो । कतै भजन चल्यो कतै कीर्तन । कोही पूजा पाठमा लागे, कोही शान्ति स्वष्तिमा ।

त्यसबखत सबभन्दा खुसी त महाराज भरत नै हुनहुन्थ्यो । जसको राज्य हो, त्यो राजपाठ उसैलाई बुझाउन पाएकोमा दङ्ग हुनुहुन्थ्यो । वहाँलाई राजकाजभन्दा भगवान् रामको सेवा नै रमाइलो थियो । वहाँ ज्यादै शान्त स्वभावको हुनुहुन्थ्यो, साथै सज्जन पनि ।

महाराज भरत भेटघाटमा लाग्नुभयो । वहाँ स्वागत सत्कारमा व्यस्त हुनुभयो । वहाँले सुग्रीवलाई भेट्नुभयो । सुग्रीवलाई स्वागत गर्दै भन्नुभयो : "बाँदरराज ! हामी चारभाइ थियौं । तपाईंहरू जस्ता मित्रहरूलाई भेटेपछि हामी सयभाइ भएको अनुभव गरेको छु ।" यसरी भरतले महाराज विभीषण, बैद्यराज जाम्ववान्, किष्किन्धाका युवराज अंगद आदि सबैसँग भेट गर्नुभयो । सबैलाई राम्रोसँग स्वागत सत्कार गर्नुभयो । भरतको स्वागत सत्कार देखेर सबै दङ्ग परे ।

त्यसबखत महाराज भरत साधु जस्तै बन्नुभएको थियो । वहाँको रहन सहन देखेर बोली बचन सुनेर सबै दङ्ग भए । भगवान् राम केही समयको लागि आफ्ना पाहुनाहरूसँग बिदा हुनुभयो । वहाँ भरत र लक्ष्मणलाई लिएर नन्दीग्राम पुग्नुभयो । त्यहाँ पुगेर सबैले भगवान् ईश्वरको प्रार्थना गरे । राज्यभिषेकको लागि सबै तयारी पूरा भएकोले फेरि दरबार फर्किए । नन्दीग्राममा पूरा गर्नुपर्ने विधि पूरा गरेर सबैजना दरबारतर्फ लाग्नुभएको थियो । दरबारमा अभिषेकको काम सम्पन्न भयो । मन्त्र पढियो, स्वस्ति वाचन सम्पन्न भयो । आशीर्वाद लिने काम भयो । अन्तमा सबैले भगवान् रामलाई शुभकामना दिए । भगवान्ले अयोध्याका आफ्ना प्यारा प्रजालाई दर्शन दिनुभयो । सबै खुसी थिए, दङ्दास थिए ।


उत्तर काण्ड

उत्तरकाण्डको सारांश

महाराज रामको राज्याभिषेक सम्पन्न भयो । वहाँ राजकाजमा लाग्नुभयो । वहाँका सबै भाइ एकदमै सहयोगी स्वभावका थिए । त्यस बखत कोशल राज्य एकदमै प्रसिद्ध थियो । कोशल धनधान्यले भरिपूर्ण थियो ।

त्यस बखत कोशलमा विशेष खालका पाहुनाहरु आइरहन्थे । ऋषि-महर्षिहरुको बारेमा त कुरै भएन । एकपटकको कुरा हो । धेरै महर्षिहरु महाराज रामलाई भेट्न आए । उनीहरु भगवान् रामलाई धन्यवाद दिन चाहन्थे । भगवान् रामले सबैलाई भेट्नुभयो । उचित स्वागत सत्कार गर्नुभयो । त्यसै बखत महर्षि अगस्त्यले रावणभन्दा पनि मेघनाद मारिएकोमा बढी खुशीयाली प्रकट गर्नुभयो । मेघनादलाई बढी मान्यता दिएकोमा जान्न बुझ्न खोज्दा मेघनादको बोरमा वहाँले स्पष्ट पार्नुभयो । इन्द्रलाई पनि जितेकोले त्यस बखत मेघनादलाई इन्द्रजित पनि भनिन्थ्यो । उसलाई रावणभन्दा पनि बढी शक्तिशाली मानिन्थ्यो ।

यता भगवान् रामसँग लङ्काबाट आएका सबै जना त्यहीं थिए । उनीहरु राज्य छोडेर लामो समयसम्म त्यहाँ बसेकोमा भगवान्लाई चिन्ता लाग्यो । राज्यको रेखदेख न्याय निसाफमा कमी होला कि भन्ने डर लाग्यो । उनीहरु भने ऋषि महर्षिहरुको ज्ञान गुणका कुरा सुनेरै मक्ख थिए । भगवान्ले विभीषण र सुग्रीवलाई राज्य धर्म बारे संझाएर बुझाएर आ-आफ्नो राज्यतर्फ पठाउनुभयो । हनुमान भने अयोध्या छाडेर कतै गएनन् उनी राम भक्त भएका थिए ।

यसरी नै चलिरहेको थियो कोशल राज्य । राज्यमा सुशासन थियो । त्यसैले न त त्यहाँ अकालै थियो न त अनिकाल । केही कुराको पनि दुःख थिएन । यस्तैमा एकदिन भद्रा नाम भएको गुप्तचरसँग एकान्तमा बसेर राज्यको बारेमा बुझ्नुभयो । भद्राले भन्यो :"महाराज ! अरु सबै कुरा ठिकै छ । सबैले हजूरको प्रशंसा गरेका छन् तर ..... । भद्रा बिचैमा रोकियो । भगवान्ले पनि

भद्रालाई नडराई सबै कुरा भन्न संझाउनु भयो । भगवान्को इच्छा बुझेपछि भद्राले भन्यो :"महाराज । एउटा धोवीले अरुसँग गएकी भनी आफ्नी स्वास्नीलाई घरमा बस्न दिएन ।" म महाराज राम जस्तो नामर्द होइन भनी आफ्नी स्वास्नीलाई हप्कायो । त्यस वाहेक अरु सवै कुरा राम्रै सुनेको छु ।"

भद्राको कुरा सुन्नासाथ महाराज राम झस्कनुभयो । वहाँले आफ्ना सवै भाइलाई वोलाउनु भयो ।

वहाँले सबै कुरा बुझाएर सीताजीलाई आश्रममा पठाउने बारेको आफ्नो निर्णय सुनाउनुभयो । लक्ष्मणलाई त्यो काम अराउनुभयो । भोलिपल्ट लक्ष्मण र सुमन्त्र भएर सीताजीलाई वाल्मीकि आश्रम तर्फ लिएर गए । सीताजी आश्रम घुमेर आश्रमबासीहरुको दर्शन गरेर आउने कुरामा दङ्ग पर्नुभएको थियो । वहाँलाई त केही पत्तै थिएन । तमसा नदी तरेपछि मात्र लक्ष्मणले रुँदै कराउँदै सबै कुरा बताए । महाराजले लोक निन्दा सहन यसो गरेको भन्ने बारेमा स्पष्ट पारे । आफू यस्तो काममा फसेकोमा गहिरो दुःख प्रकट गरे । त्यो कुरा सुन्दा सीताजीलाई सही नसक्नु भयो । वहाँ डाँको छाडेर रुन कराउन लाग्नुभयो ।

लक्ष्मण सीताजीलाई हेर्दै नहेरी नदी पारि पुग्नुभयो । यता एउटी स्वास्नी मानिस नदी किनारमा बसेर रोइरहेको कुरा आश्रमका विद्यार्थीले महर्षि वाल्मीकिलाई बताए । वहाँले आफ्नो योगवलकै आधारमा कोशल राज्यमा केही अनिष्ट हुनसक्ने सङ्केत पाउनु भएको थियो । त्यसैले खबर सुन्नासाथ वहाँ नदी किनार तर्फ लाग्नुभयो । संझाई बुझाई सीताजीलाई लिएर आश्रम तर्फ लाग्नुभयो । आश्रममा पुगेपछि सीताजी आदरणीय र पवित्र भएको बारे सबैलाई बुझाउनु भयो । सीताजीलाई आश्रमका सबैले स्वागत गरे; सम्मान गरे ।

यता लक्ष्मण चिन्तामा डुबे । उनको आँखावाट आँसु थामिएन । यस्तैमा सुमन्त्रले लक्ष्मणलाई सबै कुरा बुझाए । उनले महर्षि दुर्वासाले महाराज दशरथलाई भनेका कुरा पनि सुनाए । सुमन्त्रको कुरा सुनेपछि लक्ष्मणको होश खुल्यो । उनी शान्त भएर सुमन्त्रसँग कुरा गर्दै अयोध्या तर्फ लागे ।

भोलिपल्ट लक्ष्मण अयोध्या आइपुगे । उनले सबै कुरा महाराज रामलाई बताए । महाराज राम झनै शोकमा डुब्नुभयो । वहाँको अवस्था बुझेर लक्ष्मणले महाराज रामलाई संझाउनु भयो । लक्ष्मणको कुरा सुनेर महाराज चित्त शान्त भयो । आफ्नो मन संहालेर राजकाजमा लाग्ने प्रण गर्नुभयो । राज्यको काम

राम्ररी नगर्ने राजाको अवस्था कस्तो हुन्छ भन्ने बारेमा बुझाउन वहाँले नृगराज, महाराज निमि, महाराज नहुशका छोरा ययाति आदिको कथा पनि सुनाउनु भयो ।

केही समयपछि मधुवनवाट केही ऋषिहरु अयोध्या तर्फ आए । ती सबैले लवणासुर राक्षसले दु:ख दिएको बारे वताए । लवणासुरको अत्याचारबाट मुक्त गराउन महाराजले शत्रुघ्नलाई खटाउनु भयो ।

शत्रुघ्नलाई मधुपुरीको राजा वनाउन राज्याभिषेक गरिदिनु भयो । शत्रुघ्न त्यसतर्फ लागे । बाटामा वाल्मीकि आश्रम पर्दथ्यो । त्यहीं बास पऱ्यो । शत्रुघ्न त्यहाँ पुगेकै रातमा लव कुश जन्मिए । नवजात राजकुमारहरुलाई आशीर्वाद दिएर उनी त्यहाँवाट मधुपुरी तर्फ लागे । लवणासुरसँग भेट भयो । लडाईंमा लवणासुर मारियो । सवै ऋषि महर्षि दङ्ग भए । यी सवै शुभ समाचार लिएर शत्रुघ्न अयोध्या तर्फ लागे । केही समय अयोध्यामा वसेर महाराज रामको आज्ञा अनुसार उनी फेरि मधुपुरी तर्फ लागे ।

धेरै समयपछि अयोध्या राज्यमा एउटा अनिष्ट देखापऱ्यो । त्यो देखेर महाराज राम पनि जिल्ल पर्नुभयो । वहाँले यसबारे वुझ्न चाहनुभयो । त्यसैले ऋषि महर्षिहरुलाई भेट्न भनी तीर्थयात्रा तर्फ लाग्नुभयो ।

महाराज राम वशिष्ठ आश्रममा पुग्नुभयो । त्यहाँ देवर्षि नारदसँग वहाँको भेट भयो । सवै कुराको सोधखोज गरेपछि कोशल राज्यमा वर्णाश्रम व्यवस्थामा केही समस्या देखापरेकोले यस्तो समस्या देखापरेको हो भनी स्पष्ट पार्नुभयो । देवर्षि नारदका कुरा सुनेर भगवान् राम अलि आश्चर्यमा पर्नुभयो । खोज्दै जाँदा एउटा शुद्र जातिको तपस्वीले टाउको तल झारेर; माथि खुट्टा बाँधेर एउटा अनौठो खालको तपश्यामा लागेको देख्नुभयो । ऊ जिउँदै स्वर्ग पुग्न चाहन्थ्यो । उसलाई भेटेर भगवान्ले छोइदिनासाथ उसको मृत्यु भयो । भगवान् राम विभिन्न तीर्थहरुको भ्रमण गरी अयोध्या फर्कनु भयो ।

अयोध्या आइपुगेपछि वहाँले राजसूय यज्ञ गर्ने इच्छा गर्नुभयो । दरबारमा यसबारे कुराकानी भयो । भरतले राजसूय यज्ञ गर्न नपर्ने कुरा बारे बताउनु भयो । वहाँको कुरा भगवान्लाई पनि उचित लाग्यो । अश्वमेध यज्ञ गरौं भन्ने लक्ष्मणको प्रस्ताव ठीक लाग्यो । यसरी महाराज राम अश्वमेध यज्ञको तयारीको लागि लाग्नुभयो ।

राजकाजमा राम

महाराज रामको राज्यभिषेक सम्पन्न भयो । चौध वर्षको वनवासपछि यस्तो समय आयो । ठूलो उत्सव भयो । सवैले खुशीयाली मनाए । अयोध्याका जनताले मात्र होइन, पृथ्वीका सारा राजा रजौटा सवैले खुशी मनाए । सबै रमाए, भजन, नाचगान आदि सबै कुरामा अयोध्याका प्रत्येक व्यक्तिले भाग लिए ।

अयोध्या पहिलादेखि नै एउटा धनी राज्यमा गनिन्थ्यो । भगवान् राम राजा बन्नुभएपछि झनै धनी भयो । मानिस खुशी भए, सवै सुखी भए । कोशल राज्यका जनतामा उत्साह थपियो । सबै जाँगरिला भए । सवै आ-आफ्नै काममा खटिन लागे । सबै परिश्रमी बने । परिश्रम गर्न कसैले लाज मानेन । कोही कसैलाई हेप्दैनथे । सबै आ-आफ्नै काममा ध्यान दिन्थे । अरूको कुरा काट्ने कोही थिएन ।

कोशलमा बुढापाकालाई आदर सम्मान गर्ने चलन थियो । ऋषि-महर्षिलाई त देवता जस्तै मान्दथे । उनीहरूलाई ज्ञानको ज्योति नै मानिन्थ्यो । राज्यमा कोही अन्यायमा पर्दैनथ्यो । कोशल राज्य ज्यादै प्रसिद्ध थियो । भगवान् रामले लङ्का जस्तो शक्तिशाली राजालाई हराएपछि त कोशलको नाम झनै चम्कियो ।

एक दिनको कुरा हो । भगवान् राम अयोध्या फर्कनु भएको कुरा त्यस बखतका ऋषि-महर्षिहरू सबैले चाल पाए । ती सवैले भगवान् रामलाई शुभकामना दिने विचार गरे । सबैले सर-सल्लाह गरी एकैपटक अयोध्यामा भेला हुने निर्णय गरे । एउटाले अर्कोलाई खबर गर्दै जाँदा पूर्व, पश्चिम, उत्तर, दक्षिण सवैतिरका ऋषिहरूले चाल पाए । सबै जना एकैपटक अयोध्या आए ।

केही ऋषिहरू पूर्वमा बस्दथे । तिनीहरूमा कौशिक, यवकृत, गार्ग्य आदि थिए । कोही दक्षिणतिर बस्दथे । तिनीहरूमा कल्याणकारी आत्रेय, भगवान्

प्रमुचि, नमुचि, अगस्त्य आदि थिए । त्यसरी नै धौम्य, कौषेय आदि ऋषिहरू पश्चिम तर्फबाट आइपुगे भने उत्तर तर्फ बस्ने वशिष्ठ, कश्यप, विश्वामित्र, गौतम, भृगु, जमदग्नि, भारद्वाज आदि पनि त्यसै समयमा त्यहाँ आइपुगे । अयोध्यामा ऋषिहरूको मेलै लाग्यो ।

सबै ऋषि-महर्षिहरू बिहानको नित्य कर्म सकेर महाराज रामको ढोकामा भेला भए । विद्वान् मन्त्री सुमन्त्रले ऋषि-महर्षिहरू महाराजलाई शुभकामना दिन आइपुगेको खबर सुनाए । महाराजले सबैलाई दरबारभित्र ल्याउन भन्नुभयो । दरबारको आँगन अगाडि उभिएर सबैलाई आदर पूर्वक संम्मान गर्नुभयो । दरबारभित्र वैठकमा लगेर सबैलाई उच्च आशनमा राखेर विशेष सम्मान गर्नुभयो ।

त्यसै बखत ऋषिहरूको तर्फवाट अगस्त्य ऋषिले भगवान् रामको प्रशंसा गर्नुभयो । वहाँले रावणको भन्दा पनि इन्द्रजितको मृत्युले तीनवटै लोकमा सुख शान्ति ल्याएको कुरा सुनाउनु भयो । ऋषि अगस्त्यलाई रावणभन्दा पनि मेघनाद वढी शक्तिशाली भए झैं लागेको थियो । त्यसैले वहाँले मेघनादको मृत्युलाई बढी महत्त्व दिनुभयो । महर्षिले त्यस्तो पराक्रमी रावणलाई भन्दा पनि मेघनादलाई वढी महत्त्व दिनु भएकोमा भगवान् रामलाई पनि अलि अनौठो लाग्यो । वहाँले त्यस्तो पराक्रमी रावणलाई भन्दा पनि मेघनादलाई बढी महत्त्व दिनको कारण के हो त भनी महर्षि अगस्त्यलाई सोध्नुभयो । महर्षिले पनि भगवान्‌को इच्छा बुझेर मेघनादको बारे विस्तारमा वताउनुभयो ।

महर्षिले भन्नुभयो : "भगवान् ! हुन त हजूरलाई थाहा नहुने के कुरा होला र ? तैपनि हजूरको इच्छा अनुसार म आफूले थाहा पाएको सबै कुरा बताउँछु । "रावण ऋषि पुलस्त्यको नाति हो । ऋषि पुलस्त्यका छोरा विश्रवा साह्रै ज्ञानी सज्जन तपस्वी थिए । कसो कसो अकस्मात् एक दिन एउटी दैत्य कन्यासँग उनको भेट भयो । तिनै दानव कन्या तर्फको छोरा रावण हो । उसले आफ्नो वालक कालमा ज्यादै कठोर तपश्या गऱ्यो । त्यही तपश्याको कारणले वरदान पायो । वर माग्दा उसले देवता दानव कसैको हातबाट पनि मर्न नपरोस् भनी वरदान माग्यो । त्यसैले ऊ हजूरको हातबाट मारिएको हो । भगवान्‌ले मनुष्य अवतार लिएर आफूलाई मार्ने भन्ने कुरा त रावणले सोच्दै सोचेन । रावणको वावु ऋषि नै भएकाले उसमा केही सत्वगुण बाँकी थियो । तर मेघनाद

रावणको छोरा हो । ऊ दानव कन्या मन्दोदरीबाट जन्मिएको हो । ऊ जन्मदा मेघको जस्तो आवाज सुनिएकोले उसको नाम मेघनाद रह्यो । उमेर बढ्दै जाँदा ऊ आफ्नो बाबुभन्दा पनि पराक्रमी भएर निस्कियो ।

एक पटकको कुरा हो । राक्षसहरू र देवताहरूको बीचमा लडाइँ चलि राखेको थियो । देवताहरूको तर्फबाट इन्द्रले नै सबै कुराको रेखदेख गर्नुभएको थियो भने राक्षसहरूको तर्फबाट रावण नै अग्रसर भयो । दुवै थरिको बीचमा घमासान युद्ध चल्यो । इन्द्र रावणलाई जिउँदै पक्रन चाहन्थे । लडाइँ निकै बेर चल्यो । दुवैको शक्ति बराबरै देखियो । कसैले कसैलाई हराउन सकेन । दुवैथरि आफैं बलियो छु भन्ने घमण्डले चूर भएका थिए । लडाइँ चलि नै रह्यो । रातमा पनि लडाइँ रोकिएन ।

रात परेपछि देवता पनि आत्तिए । राक्षसहरू पनि अत्तालिए । इन्द्र, रावण र मेघनाद मात्र होशमा थिए । अरू सबैले होश गुमाएका थिए । सबैलाई के गरौं, कसो गरौं भने भैं भएको थियो । यसैबेला रावणले आफ्नो रथ नन्दन वनबाट उदय पर्वत तर्फ लैजान भन्यो । रावणको कुरा सुन्नासाथ सारथीले रथ अगाडि बढायो । रावण वाण वर्षाउँदै थियो । यस्तैमा रावणलाई घेर्न इन्द्रले सबै देवतालाई संझाए । सबै मिलेर रावणलाई रोके । रावण घेरामा पऱ्यो । रावण घेरामा पर्नासाथ सारा राक्षसहरूमा हाहाकार मच्चियो । उनीहरू गुहार लगाउन लागे । "बचाऊ" "बचाऊ" भन्ने आवाज सुनियो । यस्तो देखेर रावणको छोरो मेघनाद एकदमै जङ्गियो । ऊ देवताहरूमाथि जाइलाग्यो ।

मेघनाद रथमा बस्यो । अन्त कतै नहेरी, कसैलाई पनि नटेरी ऊ सरासर इन्द्र भएतर्फ अगाडि बढ्यो । यसरी मेघनाद इन्द्र भए तर्फ जान लागेको देखेर मातलीले मेघनादलाई रोक्ने प्रयास गरे । केही समय त मातलीले मेघनादलाई अगाडि बढ्न दिएनन् । त्यसपछि मेघनादले छल गऱ्यो । ऊ कसैले नदेख्ने अवस्थामा पुग्यो । मातली मेघनादलाई खोज्दा खोज्दै अलमलिए । यता इन्द्र पनि उसैलाई खोज्दै थिए । इन्द्र थाकेको जस्तो देखिए । त्यसै मौका छोपी मेघनादले इन्द्रलाई बाँध्यो । उसले इन्द्रलाई आफ्नो सेना भए तर्फ लिएर गयो ।

यता रावण देवसेनालाई रोक्दै थियो । ऊ लड्दा लड्दै घाइते भयो । ऊ भागेर आफ्नो फौजको बीचमा आइपुग्यो । त्यसै बखत इन्द्र हराएको बारे हल्ला चल्यो । सबैजना इन्द्रलाई खोज्न लागे । यसै मौकामा मेघनादले इन्द्रलाई रथमा

राखी लङ्का तर्फ कुदायो । इन्द्रलाई पक्रन सफल भएकोमा दङ्ग थियो, रावण । ती सबै लङ्का पुगेर विजय उत्सव मनाउन लागे ।

यता इन्द्र नभेटिएपछि देवताहरूको ओठमुख सुक्यो । सबै देवताहरू ब्रह्माजीकोमा गुहार लगाउन पुगे । ब्रह्माजीलाई अगाडि लगाएर देवताहरू रावणको राजधानी लङ्का तर्फ लागे ।

ब्रह्माजी लङ्का पुग्नुभयो । वहाँले रावणलाई आकाशबाटै भन्नुभयो : "रावण ! तिम्रो छोराको पराक्रम देखेर म दङ्ग भएँ । मेघनाद तिमीभन्दा पनि शक्तिशाली बन्नेछ । इन्द्रलाई छाडिदेऊ । म मेघनादलाई वरदान दिन्छु । हे महावीर ! वरदान लिएर अझै शक्तिशाली बन । इन्द्रलाई छाडिदेऊ । इन्द्रलाई नछाडे तिम्रो भलो हुनेछैन ।"

ब्रह्माजीको कुरा सुनेर इन्द्रजितका बाबु छोरा दुवै दङ्ग भए । उनीहरूको घमण्ड अझै बढ्यो । अब संसारमा आफूभन्दा ठूलो कोही रहेनन् भन्ने कुरा उनीहरूको मनमा पऱ्यो । मेघनादले तत्कालै अमर बन्न पाउँ भनी वरदान माग्यो । उसको कुरा सुनेर ब्रह्माजी पनि अलमलमा पर्नुभयो । वहाँले मेघनादलाई संझाउदै भन्नुभयो : "मेघनाद ! यो पृथ्वीमा जन्मने कोही पनि अमर हुन्नँ । अमर बन्ने कुरा त कीर्ति हो । तिमीले राम्रो काम गऱ्यौ, तिम्रो नाम चल्यो भने तिमी अमर बन्यौ । यसैमा छ, तिम्रो कल्याण ! संधै बाच्ने चाहना नराख । असम्भव कुरा नगर भनी भगवान् ब्रह्माजीले संझाउनु भयो ।

ब्रह्माजीको कुरा सुनेपछि मेघनादले भन्यो : "भगवान् ! त्यसो हो भने मेरो कुरा सुन्नुहोस् । शत्रु विजयको लागि जब म आगोमा होम गर्न थाल्दछु । त्यस बखत घोडा सहितको रथ निस्कोस् । जबसम्म म त्यो रथमा रहन्छु, त्यस बखत मलाई कसैले केही गर्न नसकोस् । यही सिद्धि चाहन्छु, यही वरदान चाहन्छु ।"

मेघनादको कुरा सुनेर भगवान् ब्रह्माजी फेरि पनि केही अलमलमा पर्नुभयो । वहाँले केही सोचे जस्तो गर्नुभयो । केही समयपछि वहाँ मुस्कुराउनु भयो, वहाँले भन्नुभयो : "महावली मेघनाद ! तिम्रो पराक्रम देखेर म खुशी भएको छु, तिमी जस्तो शक्तिशाली यो पृथ्वीमा कोही पनि छैन । अझै पनि तिमीले विशेष शक्ति चाहेका छौ । विधिपूर्वक होम होमादि गऱ्यौ भने यो कुरा पनि सम्भव हुनेछ ।" यसरी भगवान् ब्रह्माजीले यो कुरा पनि स्वीकार गर्नुभएपछि मेघनादले इन्द्रलाई

छाडिदियो । त्यस बखत इन्द्र छटपटिइरहे । उनमा देवतेज पनि थिएन । उनीमा कुनै पनि विशेष शक्ति थिएन । पहिलेको पापको सराप भोग्दै थिए । उनले पहिले गरेको अपराधमा श्राप परेको थियो । त्यसैले उनलाई त्यस्तो भएको थियो ।

यसरी मेघनाद आफ्नो बाबुभन्दा पनि शक्तिशाली भएको थियो । त्यस्तो शक्तिशाली मेघनाद पनि मारिएको हुनाले अहिले पृथ्वीमा सबै दङ्ग भएका छन् । भगवान् ! यसरी दुष्ट वदमासहरूको विनास गरी यो पृथ्वीमा सुखशान्ति ल्याइदिनु भएकोमा हामी ज्यादै खुशी छौं । अब हामी विदा चाहन्छौं ।" यति भनी महर्षिहरू भगवान् रामसँग विदा भएर आ-आफ्नो आश्राम तर्फ लागे । भगवान् राम पनि राजकाजमा व्यस्त हुनुभयो ।

पाहुनाहरूको बिदाइ

लङ्काबाट फर्कंदा रामचन्द्रले धेरै जनालाई आफ्नै साथमा लिएर आउनुभएको थियो । अयोध्याको विभिन्न भागमा घुमेर ती सबै असाध्यै रमाएर बसे । त्यहाँ विभिन्न ऋषिहरू आउँथे । उनीहरूले रावण आदि राक्षसहरूको पूर्व जन्मका कथा सुनाउँथे । ऋषिहरूले कहिले ब्रह्माको उत्पत्तिका कुरा गर्दथे । विभिन्न देवताहरूका राम्रा नराम्रा कुरा गर्दथे । यसरी ऋषिहरूले विभिन्न देवताहरूको उत्पत्ति लय आदिक ो बारेमा कुरा गर्दा त्यस बारे कथा बताउँदा सबै दङ्ग पर्दथे । यस्ता अनौठा खालका कुरा सुन्न पाउँदा उनीहरूलाई कतै तिर जाने इच्छा भएन ।

एक दिनको कुरा हो । महर्षि अगस्त्यले यो संसारमा प्राणीहरूको उत्पत्ति कसरी भयो भन्ने बारे बताउनु भयो । वहाँले सबभन्दा पहिला आदि ब्रह्माको उत्पत्ति बारे बताउनु भयो । आदि ब्रह्माको उत्पत्तिपछि पृथ्वीमा जल उत्पन्न भएको, जलमा कमल उत्पन्न भएको आदि कुरा सुनाउनु भयो । त्यही कमलबाट अर्को ब्रह्माको उत्पत्ति भयो । कमलबाट उत्पन्न भएका ब्रह्माले पृथ्वीमा प्राणीहरूको सृष्टि गर्नुभयो । यसरी संसारमा प्राणीहरू आएको बारे बुझाएर सबैलाई दङ्ग पार्नु भयो ।

ऋषिहरूका यस्ता खालका कुरा सुन्न पाउनु सौभाग्य नै थियो । ऋषिहरूका यस्ता कुरा सुन्न पाउँदा अयोध्या शहर र त्यहाँ वरपरका तीर्थस्थलहरू घुम्न पाउँदा उनीहरूलाई समय गएको पत्तै भएन । ती सबै लामो समयसम्म त्यहीं बसे । सबैलाई भगवान्को साथ छाड्ने इच्छै भएन । कहिले राक्षसहरूको उत्पत्ति बारे कुरा हुन्थ्यो । कहिले आकाशमा भएका विभिन्न ग्रहहरू तिनीहरूले पृथ्वीमा पार्ने प्रभाव बारे कुरा हुन्थ्यो ।

एक दिनको कुरा हो । महर्षि अगस्त्यले एउटा अनौठो कथा बताउनु

भयो । वहाँले जसले रक्षा गऱ्यो त्यसैलाई पनि बाँकी नराख्ने भएकाले राक्षसहरू खराब मानिएका हुन् भनी बताउनुभयो । यो कथा असाध्यै रमाइलो थियो । महर्षि अगस्त्यले भन्नुभयो : "महाराज ! राक्षसहरूको स्वभाव ज्यादै अनौठो छ । एकपटकको कुरा हो । एउटा असुरले वेजोडको तपश्या गऱ्यो । त्यसको तपश्या एकदमै कडा थियो । जाडोमा चीसो पानीमा डुबेर बस्दथ्यो । गर्मीमा चारैतिर आगो बालेर बस्न थाल्यो । त्यसको चालामाला देख्दा सबै छक्क पर्दथे । त्यस्तै अवस्थामा एकदिन भगवान् शङ्करले उसलाई देख्नुभयो । वहाँलाई पनि आश्चर्य लाग्यो । वहाँले त्यसबारे सोध खोज गर्नुभयो । त्यसको कठोर तपश्या बारे बुझेर वहाँ दङ्ग पर्नुभयो । वहाँ त्यो दानवको नजिकै जानुभयो र वरदान माग्न भन्नुभयो ।

भगवान्को आज्ञा पाएपछि त्यो दङ्ग भयो । केही समय सोच्यो । राक्षस न थियो ! राम्रो कुरा त त्यसको मनमै आएन । उसले भगवान्सँग अनुरोध गर्दै भन्यो : भगवान् ! हजूर मसँग साँच्चै खुशी हुनभएको हो भने मैले जसको टाउकोमा हात राख्छु त्यही भष्म होओस् । मलाई यति एउटा वरदान दिनुभए म खुशी हुन्छु भनी त्यो मूर्ख दानवले बतायो । त्यो मूर्खको कुरा सुनेर भगवान् मुस्कुराउनु भयो । अब यसको पनि मिति पुगेछ भन्ने कुरा वहाँले बुझ्नुभयो । आफूले जे जस्तो वरदान मागे पनि दिने कुरा भएकालेले वहाँले तथास्तु भन्नुभयो ।

यसरी वरदान पाएपछि त्यो राक्षस आफ्नो आसनबाट उठयो । भगवान्लाई तपाईंले दिएको वरदान ठीक छ कि छैन भनी वहाँ कै टाउकोमा हात राख्न खोज्यो । त्यो राक्षस अजङ्गको अग्लो थियो । त्यसको त्यो चाल देख्नासाथ भगवान् त्यहाँबाट भाग्नुभयो । त्यो मोरो भष्मासुर वहाँलाई लेखट्न थाल्यो । यसरी भगवान् अगाडि अगाडि भष्मासुर पछाडि पछाडि दौडादौड चल्न लाग्यो । मुसो र बिरालोको खेल जस्तै भयो कैलाश पर्वतमा । यो कुरा भगवान् विष्णुले चाल पाउनुभयो । ल अब बित्यास पऱ्यो भनी वहाँ कैलास तर्फ लाग्नुभयो ।

भगवान् विष्णु एउटा अग्लो ढुङ्गामा बस्नु भयो । वहाँले केही चाल नपाए जस्तो गरी भष्मासुर । के गरेको भनी सोध्नुभयो । भष्मासुरले पनि भएभरको सबै कथा सुनायो । भष्मासुरको कथा सुन्नासाथ विष्णुले भन्नुभयो : "भष्मासुर ! त्यो मान्छे कहाँ महादेव हो र ? तिमी त झुक्किए छौं । त्यसले तिमीलाई छकाएको पो त ? त्यस्ताले दिएको वरदान पनि कहीं लाग्छ ? ल पख, तिमी त्यो

हात उठाऊ त, म हेरुँ । भगवान् विष्णुको कुरा सुनेर भष्मासुर अलि झस्कियो । उसले आफ्नो हात उठाएर भगवान् विष्णुलाई देखायो । वहाँले हातमा त्यस्तो शक्ति नभएको कुरा बताउनुभयो र बरु आफूले वरदान दिने कुरा सुनाएर उसलाई मक्ख पार्नुभयो । खै यो हात आफ्नै टाउकोमा राख त भन्दा त्यो मूर्खलाई होसै भएन । आफ्नो हात आफ्नै टाउकामा राखी भष्म भयो । त्यहीं जलेर खरानी भयो ।"

यसरी भष्मासुरलाई ललाइफकाई खतम पारेपछि वहाँले महादेवलाई भेट्नु भयो । वहाँले यस्तो भूल कहिल्यै नगर्न महादेवलाई संझाउनुभयो । दुवैजना एक आपसमा कुराकानी गर्दै केही समय कैलासमै बसेर भगवान् विष्णु बैकुण्ठ तर्फ लाग्नुभयो ।

महर्षिहरू यस्तै यस्तै कथाहरू सुनाउनु हुन्थ्यो । यस्ता कथा सुनेर सबै दङ्ग पर्दथे । यस्ता कुरा सुन्दा ठीक बेठीक के हो छुट्याउन सजिलो हुन्थ्यो । ज्ञान के हो त्यस बारे थाहा पाउन सकिन्थ्यो । अज्ञान बारे पनि चाल पाउन सकिन्थ्यो । त्यसैले गर्दा सुग्रीव, विभीषण जस्ता राजकाजमा खटिनु पर्ने राजाहरूले पनि सबै कुरा बिर्सिए । ती दुवैजना आफ्नो राज्यै बिर्सिएर आनन्दसँग बस्न लागे । त्यहाँ उनीहरूलाई संझाउने पनि कोही भएन । भगवान् राम आफ्नै काममा व्यस्त बन्नुभयो ।

एकदिनको कुरा हो । भगवान् रामले सुग्रीव र विभीषण दुवैलाई बोलाउनु भयो । वहाँले भन्नुभयो मित्रहरू तपाईंहरूले आफ्नो राज्य छाड्नु भएको पनि धेरै भयो । राज्यमा के कस्तो छ, राजाले त्यस बारेमा पनि बुझ्नुपर्छ । अब कसैले पनि तपाईंहरूलाई दुःख दिन सक्दैन । दुःख परेमा म छँदै छु । राजा भएपछि राजधर्म पालना गर्नुपर्दछ । राजधर्म भनेको जनताको सुख दुःख बारे बुझ्नु हो । जनताको समस्या समाधान गर्नु हो ।"

यसरी भगवान् रामको आज्ञा पाएपछि सबैजना खुशीसाथ आ-आफ्नो राज्यमा फर्कने तयारीमा लागे । तर हनुमान भने अलि अलमलमा परे । उनलाई भगवान्को साथ छाड्ने इच्छै भएन । हनुमानले भने : "भगवान् ! म हजूरकै सेवाको लागि जन्मिएको हो । मलाई त हजूरको साथ छाड्ने इच्छै छैन । त्यसैले म कतै जान चाहन्न । म सदा सर्वदा हजूरकै सेवामा लाग्ने छु । म अयोध्यामै बस्न चाहन्छु । यो पृथ्वीमा राम कथा फैलिएर जाओस् । त्यही

कथामा मेरो भक्ति बढोस् । म सदा-सर्वदा हजूरकै सेवामा लाग्नसकूँ ।" यसरी हनुमान बारम्बार भगवान् रामलाई अनुरोध गर्न लागे ।

हनुमानका यस्ता कुरा सुनेर भगवान् राम पनि दङ्ग पर्नुभयो । वहाँ आफ्नो आसनबाट उठेर आउनु भयो र वहाँले हनुमानलाई अँगालो मार्नु भयो । भगवान्ले हनुमानलाई भन्नुभयो : "हनुमान ! तिमी जे चाहन्छौ, त्यही हुन्छ । तिमीलाई न त राज्यको चिन्ता छ न त घर परिवारको । तिमी स्वतन्त्र छौ । जहाँ बसे पनि हुन्छ । यहीं रमाउँछौ भने ठीक छ, तिमी नजाऊ, पृथ्वी रहेसम्म तिम्रो कीर्ति रहनेछ तिमीले गरेको सेवाको ऋण तिर्न सक्दिनँ । म सदा-सर्वदा तिम्रो ऋणी भएर बाँच्नेछु । म मेरा सहयोगी सबैको ऋणी भएको छु ।"

भगवान् रामको कुरा सुनेर सबै दङ्ग भए । भगवान्ले सबैलाई समान व्यवहार गर्न संझाउनु भयो । सबैलाई समान व्यवहार गर्नुपर्छ भन्ने कुरा बुझाउनु भयो । जनतालाई राजाबाट न्याय पाइन्छ भन्ने विश्वास दिलाउन संझाउनु भयो ।

भगवान् रामको सदुपदेश सुनेर सबै आ-आफ्नो बाटो लागे । विभीषण पनि भगवान्सँग बिदा भएर आफ्नो बाटो लागे । लामो समय सँगसँगै बसेकोले छुट्टिने समयमा पीर लाग्यो । संसार यस्तै हो भनी सबैले चित्त बुझाए । भगवान् राम राजकाजमा व्यस्त हुनुभयो । वहाँले राज्य गर्दा कोही पनि भोका नाङ्गा रहेनन् । सबै सुखी थिए । सबै खुशी थिए । राज्यमा झैझगडा कतै थिएन । सबै आ-आफ्नो काम गर्थे । त्यसैमा रमाउँथे ।

सीता त्याग

भगवान् राम सिंहासनमा बस्नुभएपछि अयोध्यामा कुनै किसिमको समस्या भएन । त्यहाँ न झगडा नै भयो न त कुनै प्राकृतिक प्रकोप । त्यो राज्यमा सबै आ-आफ्नै काममा व्यस्त भए । सबै समान थिए । न कोही कसैलाई हेप्थ्यो न त कसैलाई दु:ख दिन्थ्यो । सबैको पेशाको सम्मान गरिएको थियो । त्यहाँ चोरी भन्ने कुरा सुनिएन । जुवा तास रक्सी जाँड आदि कुराको त नाम-निशानै थिएन ।

त्यस बखत पनि राज्यमा के भइरहेको छ भन्ने कुरा बुझ्न गुप्तचर पठाइन्थ्यो । एक दिनको कुरा हो । भगवान् रामले राज्यमा के भइरहेको छ भन्ने कुरा बुझ्न भद्रा भन्ने गुप्तचरलाई बोलाउनुभयो । वहाँले भद्रालाई भन्नुभयो: "भद्रा ! तिम्रो काम भनेको जे सुनेको छ, देखेको छ, त्यही कुरा बताउनु हो । त्यसैले कति पनि नडराई भएको कुरा बताऊ ।"

भगवान् रामको आशय बुझेर भद्राले भन्यो : महाराज । राज्यमा अरू सबै कुरा ठीकै छ । मानिसहरू चोकमा भेला भए पनि चौतारामा जम्मा भए पनि सबै हजूरले रावण र मेघनाथलाई जितेको सारा राक्षसहरूलाई निर्मूल पारेको बारे कुरा गर्दछन् । सबैजना हजूरको प्रशंसै गर्दछन् । तर एउटा कुरा... यति भनी भद्रा बीचैमा रोकियो । नराम्रो कुरा कसरी भन्ने ? भद्रा समस्यामा पऱ्यो । उसलाई आफूले थाहा पाएको कुरा भनुँ किन नभनुँ भने झैं भयो । भद्रा त्यति भनेर चुप लागेकोले कुनै समस्या रहेछ भन्ने कुरा भगवान् रामको मनमा लाग्यो । वहाँले भद्रालाई भन्नुभयो : "भद्रा तिम्रो कामै यस्तैछ । थाहा पाएको कुरा नडराई भन्नैपर्छ । त्यसैले जे कुरा भए पनि डराउनु पर्दैन । तिम्रो काम त अरूले भनेको कुरा बताउने हो । नडराऊ भएको कुरा स्पष्टसँग भन ।"

यसरी भगवान् रामले सम्झाएपछि भद्राको मन अलि शान्त भयो । महाराजले उत्साह थपिदिएपछि उसले भन्यो : 'महाराज ! मैले पहिला नै भनिसकें हजूरको कुरा नहुने भन्ने त कुरै भएन । छहारीमा बसेर समय काट्दा होस् अथवा चौतारीमा सितल ताप्दा, जहाँ पनि हजूरकै कुरा हुन्छ । सारा राक्षस समाप्त पार्न सकेकोमा हजूरकै प्रशंसा हुन्छ । सबैतिर प्रशंसै प्रशंसा छ तर सीताजीलाई साथमा राखेकोमा भने उनीहरूको चित्त बुझेको छैन । राक्षसले लगेर त्यत्रो समय अशोक बाटिकामा राखिएकी सीतालाई ल्याउनु रामको नामर्दी हो । अब हाम्रा स्वास्नीहरू एक रात अन्त कतै सुतेर आए भने हामीले के भन्ने ? भगवान् यस्तै कुरा चल्छ शहरमा । यस्तै कुरा सुनेको छु, गाउँमा ।"

"भगवान् त्यसमा पनि एउटा धोवीको कुरा अर्कै छ । उसकी स्वास्नी अन्त कतै गएर आइछ । एक रात उसलाई खबरै नदिई अन्त आफन्त कहाँ बसिछ । भोलिपल्ट घर आउँदा उसले घरमा भित्रिनै दिएन । उसले भन्यो : तँ जहाँ मन लाग्छ, त्यहीं जा । म महाराज राम जस्तो नामर्द होइन । पोइल गएकीलाई भित्र्याउन सक्दिनँ भनी आफ्नी स्वास्नीलाई निकाल्यो । अब कस्तो इन्साफ दिनुपर्ला ? उसले यस्तो घटना हुनुमा महाराजको पनि कारण हो भनी दोष लगाएको छ ।"

यसरी महाराज रामले भद्राको मुखबाट राज्यको खबर बुझ्नुभयो । वहाँले भद्रालाई त्यहाँबाट बिदा गर्नु भयो । यस बारे छलफल गर्न आफ्ना भाइहरूलाई बोलाउनु भयो । खबर पाउनासाथ सबै भाइहरू महाराज रामको निवासमा आए । त्यस बखत महाराज रामको अनुहार अलि निन्याउरो थियो । वहाँले भन्नुभयो : "भाइहरू ! अयोध्या दरबारमा फेरि एउटा नयाँ समस्या देखा परेको छ । म समस्यामा परेको छु । समस्याबाट उम्कन एउटा उपाय पनि निकालेको छु । पहिले मेरो कुरा सुन । मेरा कुरा सकिएपछि उचित सल्लाह दिनेछौ भन्ने विश्वास गरेको छु ।"

महाराज राम केही समय चुपचाप वस्नुभयो । वहाँले केही सोचे जस्तो गर्नुभयो । केही समय विचार गरेर भन्नुभयो : "लङ्कामा यस्तो कुरा चल्ला भन्ने सोच नआएको होइन । तर सीताले आगोमा हामफाल्ने आँट गरेर आफू पवित्र भएको कुरा स्पष्ट पारिन् । त्यस बखत लङ्कामा भएका सबैले उनको प्रशंसा गरे । त्यहाँ कसैलाई शङ्का भएन । अयोध्या लङ्काबाट परै पर्‍यो ।

त्यो अवस्था यहाँका कसैले बुझेनन्, बुझ्ने कुरा पनि भएन । त्यसैले लोकमा निन्दा भयो । लोकमा निन्दा हुनु भनेको अधम लोकमा खस्नु हो । संसारमा अकीर्तिको निन्दा हुन्छ । कीर्तिको प्रशंसा हुन्छ । लोक निन्दा नचलोस् भन्ने नै मेरो चाहना हो । मलाई जनताले निन्दा गर्लान् कि भन्ने डर नलागेको होइन । डराउँदा डराउँदै मलाई यस्तो आइलाग्यो । त्यसैले मैले सीतालाई वाल्मीकि आश्रममा पुऱ्याइदिने इच्छा गरेको छु । 'लक्ष्मण' । भोलि बिहान सीतालाई यहाँबाट लिएर जाऊ । तमसा नदी तरेर नदीको किनारमा छाडेर आऊ । यस कुरामा मलाई कसैले नरोक । तिमीहरू सबै मेरो इच्छा अनुसार चल्ने हो भने सीतालाई आश्रममा पुऱ्याएर मेरो इच्छा पूरा गर भनी आफ्ना भाइहरूलाई भन्नुभयो ।

त्यस बखत महाराज रामको आँखा आँसुले भरियो । वहाँको गला रोकियो । वहाँ पनि छटपटिनुभयो । सीताजीलाई त्याग्ने इच्छा त थिएन तर महाराज रामले लोक निन्दा सहन सक्नुभएन । यो वहाँको कमजोरी थियो । त्यस बखत सबैको आँखामा आँसु आयो । सबै रुनलागे ।

महारानी सीताको आश्रम

दिन बित्यो; त्यसरी नै रात बित्यो । सँधै-जस्तै उज्यालो भयो । उज्यालो हुनासाथ सबै आ-आफ्नो नित्य कर्ममा लागे । सुमन्त्रले रथ तयार पारे । आश्रमको लागि चाहिने सबै सामान रथमा राखे । रथ तयार भएको, चाहिने सबै सामान रथमा राखिएको बारे सुमन्त्रले लक्ष्मणलाई भने ।

यताको तयारी सकिएपछि सीताजीलाई खबर गर्न लक्ष्मण रामको दरबार तर्फ लागे । सबै कुरा तयार भएको बारे सीताजीलाई खबर गरियो । लक्ष्मणले भने : "महारानी ! तपाईंले आश्रममा गएर केही समय बस्ने कुरा गर्नुभएको थियो । त्यसै अनुसार तयारी पूरा भएको छ । त्यही बिन्ती गर्न आएको हुँ ।"

महात्मा लक्ष्मणको कुरा सुनेपछि महारानी सीताजी एकदमै खुशी हुनुभयो । वहाँले ऋषि पत्नीहरूको लागि उपहार दिने सामान बटुल्नुभयो । गहना निकाल्नुभयो, कपडा जम्मा गर्नुभयो । सबै सामाग्री जुटाएर रथमा बस्नुभयो । लक्ष्मणले सुमन्त्रलाई रथ अगाडि बढाउन भन्नुभयो । रथ दरबारवाट निस्कनुभन्दा पहिले सबैसँग ढोग भेट बिदाबारी चल्यो । सबै कुरा पूरा हुनासाथ रथ अगाडि बढ्यो ।

बाटामा जाँदा जाँदै केही केही अशुभ सङ्केत देखापऱ्यो । सीताजीको मन हडबडायो । राज्यमा केही नराम्रो पो हुने हो कि ? वहाँले आफ्नो मन थाम्न सक्नुभएन । लक्ष्मणलाई भन्नुभयो : "लक्ष्मण । खै मलाई त कस्तो कस्तो भइरहेछ । अशुभ लक्षण देखिएको छ । कतै नराम्रो पो हुने हो कि ? वहाँले भगवान्‌को प्रार्थना गर्नु भयो । सबको कल्याण होस्, सबको भलो होस्, सबै सुखी होऊन्, सबै निरोगी होऊन् ।" यसरी सीताजीले मङ्गल वचन पढ्नुभयो । वारम्वार प्रार्थना गर्नुभयो ।

यता लक्ष्मणको मन झनै हडबडाएको थियो । सीताजीलाई अब सँधै

आश्रममै बस्नुपर्ने कुरा त वताएकै थिएन । उनी आफूलाई सम्हाल्दै थिए । शान्त देखिने प्रयास गर्दै थिए । उनले राज्यमा केही भएको छैन । केही हुँदैन, तपाईं चिन्ता नगर्नुहोस् भनी संझाए । यस्तैमा सबैजना गोमती नदीको किनारमा पुगे । बेलुका त्यहीं बस्ने तर्खर गर्नलागे । त्यहीं एकजना ऋषिको आश्रममा बस्ने बन्दोबस्त मिलाइयो । त्यही आश्रममा साँझको खानपिन सकेर सबैजना मस्तसँग निदाए । बिचरा लक्ष्मण । चिन्ताले गर्दा निदाउनै सकेनन् ।

भोलिपल्ट सबैजना बिहान सबेरै उठे । सुमन्त्रले आफ्नो नित्य-कर्म सकी रथ तयार पारे । उनीहरू सबै ऋषिसँग विदा भए । त्यहाँबाट तमसा नदीको किनारमा पुग्न निकै लामो बाटो थियो । सीताजी वाल्मीकि आश्रममा पुगेर केही समय ध्यान तपश्यामा लागेर फर्कने उद्देश्यले लाग्नु भएको थियो । वहाँलाई वास्तविक कुरा त थाहै थिएन ।

ऋषि आश्रमवाट विदा भएर सबैजना रथमा बसेर गोमती नदीको किनार तर्फ लागे । त्यही नदी किनारै किनार जानुपर्दथ्यो । उनीहरू त्यसरी नै वाटो लागे । अलि तल अलि पर पुगेपछि सबैजना गोमती नदीमा नुहाउन भनी रथवाट ओर्लिए । बिहानको खानाको बन्दोबस्त पनि त्यही ठाउँमा मिलाइयो ।

सबैजना नदीमा नुहाउन लागे । नदीमा नुहाउन लाग्दा लक्ष्मणले आफूलाई रोक्न सकेनन् । भगवान्को प्रार्थना गर्ने बेलामा उनी घुँक्क-घुँक्क गरी रुन थाले । यसरी लक्ष्मण रुन लागेको देख्दा सीताजी छक्क पर्नुभयो । वहाँ केही दिन आश्रममा बसेर फर्कने कुरामा विश्वस्त हुनुहुन्थ्यो । तर अहिले लक्ष्मण यसरी रुन लागेको देख्दा वहाँलाई पनि केही अर्कै कुरा पो रहेछ कि भन्ने शङ्का लाग्यो ।

सबैजना नुहाई-धुवाई तयार भए । सुमन्त्रले खाना तयार पारे तर कसैलाई पनि खाने इच्छा भएन । लक्ष्मणलाई त साह्रै नमज्जा लाग्यो । त्यहाँबाट पनि उनीहरू रथमा बसेर अगाडि बढे । केही समयपछि तमसा नदीको किनारमा पुगे । पहाडको फेदीमा तमसाको उत्तर किनारमा रहेको वाल्मीकि आश्रम देखियो । आश्रम राम्रो थियो । वातावरण रमाइलो थियो । तर लक्ष्मणको मन ज्यादै अशान्त भएकोले उनलाई केही पत्तै भएन ।

नदी किनारमा पुगे । सबैजना रथबाट ओर्लिए । लक्ष्मणको आँखा ओभाएन । उनी झनै ठूलो स्वरले रुन थाले । वहाँले लक्ष्मणलाई सोध्नुभयो । लक्ष्मण

बोलेनन् । सरासर नदी किनार तर्फ अगाडि बढे । माझीलाई डुङ्गा तयार पार्न भने । डुङ्गा तयार भयो । पहिले सीताजीलाई राखे । सबै सामान डुङ्गामा राखियो । सुमन्त्र रथमै बसे । पारि जाने बेलामा सीताजीलाई अभिवादन गरे । राम्रोसँग बस्नुहोला भनी संझाए तर उनले अरू कुरा खुलाएनन् ।

लक्ष्मण आँसु बगाउँदै नदीपारि पुगे । उनी आफ्नी आमासँग छुट्टिन पर्दा एउटा बच्चा जसरी रुन्छ, त्यसरी नै रोए । नदी पार पुगेपछि लक्ष्मणले आँसु बगाउँदै भने : "हे देवी ! मेरो मृत्यु भएको भए मलाई यस्तो अवस्था देख्नुपर्ने थिएन । एउटा बुद्धिमान् र धर्मात्मा राजाले मलाई यस्तो निकृष्ट काममा खटाउनु भयो । पूर्व जन्मको पापको फल भोग्नुपर्‍यो । यस्तो पापकर्ममा साथ दिनुपर्‍यो । महाराज रामले हजूरलाई त्याग्नु भएको हो । अब यस आश्रममा आश्रय लिएर जीवन रक्षा गर्नुहोला । महाराजले समाजको निन्दा सहन सक्नुभएन । त्यसैले तपाईंलाई छाड्नु भएको हो । मलाई दोष नदिनुहोला ।"

लक्ष्मणको कुरा सुन्दा सीताजी छाँगाबाट खसे जस्तै हुनुभयो । वहाँलाई अहिले नै मरेर जाउँ जस्तो लाग्यो । अहिले नै गङ्गामा हाम्फालुँ जस्तो लाग्यो । केही समय त बेहोसै जस्तो हुनुभयो । वहाँले केही भन्नुभएन, खाली आँखाबाट आँसु झरिरहे । केही कुकर्म गरेको रहेछु । त्यसैले मलाई यस्तो भएको हुनुपर्छ । लक्ष्मण ! सबैलाई मेरो अभिवादन सुनाइदिनू । गल्ती भएको भए क्षमा मागेको छ भनी बताउनू । धर्मात्मा राजालाई आफ्ना भाइहरूलाई माया गरे जस्तै सबै प्रजा जनलाई पनि माया गर्नु भनिदिनू ।"

यति भनिसकेपछि सीताजीको गला फेरि रोकियो । वहाँ बेस्सरी रुनलाग्नुभयो । वहाँ डाँको छाडेर रुन लाग्नुभयो । केही समयपछि फेरि अलि संहालिनुभयो र भन्नुभयो : "लक्ष्मण ! महाराज रामलाई सीता रामकी हो, सँधै रामकी नै रहनेछ भनी सुनाइदिनू । मलाई आफ्नो शरीरको परवाह छैन । लोक निन्दा हटाउने काममा म पनि लाग्नेछु । म रामको भक्तिमा लागि रहनेछु । लक्ष्मण ! मेरो अवस्था सबैले बुझेका छन् । म अहिले नै गङ्गामा हाम्फालेर मर्ने थिएँ । तर अहिले त्यसो गर्दिनँ । त्यसो गर्दा महाराज रामको वंश विनास हुन्छ । त्यसैले म बाँच्न चाहन्छु । महाराजले तपाईंलाई जे भन्नुभएको छ, त्यही गर्नुहोस् । जानुभन्दा पहिले एकपटक मेरो मुख हेरेर जानुहोस् ।"

सीताजीको कुरा सुनेपछि लक्ष्मणले भने : "भाउजू !

अहिले यस्तो अवस्थामा यस्तो निर्जन जङ्गलमा कसरी हजूरको मुख हेर्ने ? यति भनी लक्ष्मण मुख छोपेर घोप्टो परेर रुन लागे । सीताजीलाई अभिवादन गरेर सरासर डुङ्गा भए तर्फ लागे । दुवैजना डाँको छाडेर रुन लागे । यसरी नदी किनारमा कोही रोएको सुनेर विद्यार्थीहरू त्यतै आए । एउटी स्वास्नी मानिस रोइरहेको देखेर महामहर्षि तेजस्वी ऋषि वाल्मीकिलाई खबर गर्न भनी त्यसै तर्फ दगुरे ।

वाल्मीकि आश्रममा महारानी सीता

सीताजी तर्फ हेर्दै नहेरी लक्ष्मण गङ्गापारि पुगे । चिन्ताले गर्दा त्यहीं ढलुँला जस्तो भयो । उनी सरासर रथमा पुगे । त्यसै रथमा बसेर सीताजीको अवस्था हेर्नलागे । सीताजी रोएको आवाज वरिपरि पनि सुनिएको थियो । लक्ष्मणले सुमन्त्रलाई रथ चलाउन भने । सुमन्त्रले रथ अगाडि बढाए । सीताजीले रथ नदेख्ने भएपछि लक्ष्मणले रथ रोक्न भने । यता सीताजीलाई भने रथ नदेखिने भएपछि आफू एक्लो भएको अनुभव भयो ।

आफ्ना विद्यार्थीहरूले खबर दिएपछि महर्षि वाल्मीकि गङ्गा किनारतर्फ लाग्नुभयो । वहाँले सीताजीलाई चिन्नुभयो । सीताजीलाई सम्झाउँदै महर्षिले भन्नुभयो: "देवी ! तिमी दशरथ महाराजकी बुहारी हौ । तिमी ब्रह्मज्ञानी महाराज जनककी छोरी । तिमी महाराज रामकी महारानी । कोशल राज्यकी महारानी । अहिले तिमीलाई आपद परेको छ । यो विपत्ति हटेर जान्छ । धर्ममा मन देऊ । सेवामा लाग । यस्तो अवस्थामा धैर्य लिनुपर्छ । तिमी निर्दोष छचौ भन्ने कुरा मैले बुझेको छु । तिमी निश्चिन्त भएर बस । सबै अपवाद मेटिने छन् । तिमी विश्वकै चम्किलो तारा बन्ने छौ । आफ्नै घरमा आएको सम्झ । आफ्नै माइतीमा बसेको अनुभव गर । कुनै दुःख कष्ट हुने छैन । सारा बाधाहरू हट्ने छन् । सबै चिन्ता फालिदेऊ । भगवान्‌लाई अर्घ्य चढाऊ । अब आश्रमतर्फ लागौं । यहाँ धेरै तपस्विनीहरू छन् । उनीहरू सबैले तिमीलाई छोरी मान्ने छन् ।

महर्षि वाल्मीकि ज्यादै ओजस्वी हुनुहुन्थ्यो । वहाँले आफ्नो तपोवलले काम क्रोध, लोभ, मोह सबै कुरा जित्नुभएको थियो । महर्षिको बोलीमा माया थियो । वहाँका केही अमृत वचनले सीताजीमा धैर्य जगायो । वहाँको मनमा बहादुरी बढ्यो । अब फेरि बाँच्ने आशा पलायो । आफू दोषी नभएको अनुभव भयो । वहाँ ब्रह्मर्षि र वहाँका विद्यार्थीसँगै आश्रमतर्फ लाग्नुभयो ।

महर्षि आश्रम नजिकै पुग्दा त्यहाँका तपस्विनीहरू सीताजीलाई हेर्न त्यहाँ

घेरा लागेर बसेका थिए। त्यहाँका तपस्वीनीहरूले पहिले ब्रह्मर्षिको दर्शन गरे। त्यसपछि महारानी सीतालाई अभिवादन चढाए। त्यसैबेला ब्रह्मर्षिले भन्नुभयो : "तपस्विनीहरू ! यिनी महाराज दशरथकी बुहारी, ब्रह्मज्ञानी महाराज जनककी छोरी हुन्। यस्तै समय बिग्रेकोले गर्दा लोक निन्दा सहन नसकेर महाराज रामले यहाँ पठाउनुभयो। सीताजी निर्दोष हुनुहुन्छ। वहाँको दोष छैन। वहाँको पवित्रतामा शङ्का गर्न पर्दैन। भगवान् रामले लोकको चित्त बुझाउन सक्नु भएन। लोक निन्दाबाट बच्न वहाँले यहाँ पठाउनु भएको छ। सबैले सहयोग गर। पुण्य कमाउने अवसर प्राप्त भएको छ हामीलाई। वहाँलाई म आफ्नै छोरी सम्झन्छु। तपाईंहरू सबले आदर गर्नुहोला। वहाँ सम्मान गर्न लायक हुनुहुन्छ। वहाँ आगो र पानी जस्तै पवित्र हुनुहुन्छ। वहाँको बारेमा दुर्वाच्य बोल्नेलाई पाप लाग्छ। वहाँ सहयोग गर्नुपर्ने अवस्थामा हुनुहुन्छ। वहाँ कस्तो हो भन्ने बारे तपाईंहरूले पनि राम्ररी बुझ्नुहुनेछ।"

ब्रह्मर्षिका यस्ता ओजस्वी र निस्पाप कुरा सुनेपछि सबैको मनमा आदर भाव जाग्यो। यता सीताजीलाई पनि आफू अयोध्या दरबारमा भएझैं लाग्यो। वहाँ खुशी हुनुभयो। अनुहारमा खुशीयाली छायो। आश्रम, तपश्या यही जीवन रमाइलो लाग्यो। न लोभ, न मोह, न इर्ष्या, न डाह। सबैमा भगवान् भए झैं लाग्यो। सबैजना भगवान्मै हराए झैं लाग्यो।



सुमन्त्रको सन्देश लक्ष्मणलाई

यता लक्ष्मण केही पर रथ रोकेर सीताजीको अवस्था नियाल्दै थिए । उनले ब्रह्मर्षि वाल्मीकिलाई नदी किनारमा आएको देखे । उनले त्यहाँबाट सीताजीलाई आश्रम तर्फ लगेको देखे । ब्रह्मर्षि महाराज जनककी छोरी, महाराज दशरथकी बुहारी एउटा प्रतापी धर्मात्मा स्वभावका राजा रामचन्द्रकी रानी एउटा पोको बोकेर लुरुलुरु महर्षिको पछि लागेको देख्दा लक्ष्मणको मन कुँडियो । उनी रथमै मूर्छा परे । सुमन्त्रले लक्ष्मणलाई मूर्छाबाट बिउँझाए । मूर्छाबाट त बिउँझिए तर फेरि पीर मानेर छटपटाउन लागे । उनले भने : "सुमन्त्र ! संसार विचित्रको रहेछ । यहाँ मै हुँ भन्ने पनि चिन्तामा डुबेर मर्दारहेछन् । भाग्य पनि गजबकै हुँदोरहेछ । भगवान् राम पनि चिन्तै चिन्तामा डुबे । आफ्नै बाबुको आज्ञाले चौध वर्षको वनबास बस्नुपर्‍यो । वनमा बस्दा पनि दुर्भाग्य आइलाग्यो । दुर्भाग्यले गर्दा सीताहरणको दु:ख सहनुपर्‍यो । रावण मारेपछि पनि वहाँले सीतालाई स्वीकार्नु भएन । अग्नि परीक्षा पछि मात्र रामले सीतालाई स्वीकार्नु भएको हो । त्यस्ता महापुरुषहरूलाई पनि यस्तो दोष लाग्यो । यस्तो आपद । यस्तो समस्या ! मलाई त भगवान् रामले गल्ती गरे झैं लाग्छ । भगवान्‌को नाम कीर्ति सबै घटे झैं लाग्छ । सुमन्त्र ! भन त, एउटी पतिव्रता नारीलाई निकाल्नु धर्म हो त ?"

सुमन्त्रले ध्यान दिएर लक्ष्मणको कुरा सुने । सबै कुरा बुझेपछि भन्नलागे: "राजकुमार ! सीताको लागि बढी चिन्ता नगर्नोस् । धेरै पहिला नै भविष्यवाणी भइसकेको हो । सीताले वनमै बास गर्नुपर्नेछ । रामको जीवन दु:खमय हुनेछ । उनलाई धेरैजसो आफ्नी महारानीसँग अलग्गिएर बस्नुपर्ने छ भन्ने कुरा पहिले नै उल्लेख भएको हो । राजकुमार ! त्यसैले तपाईं पीर नगर्नुहोस् । कसैको बारेमा पनि पीर नगर्नोस् । म अब यसबारे विस्तारमा बताउँछु ।" यति भनी

सुमन्त्र शान्त भए, केही समय ध्यानमा बसे । अनि बिस्तारै आँखा खोले ।

सुमन्त्र सारथी मात्र थिएनन् । उनी विद्वान् थिए, बुद्धिमान् थिए । उनलाई महाराज दशरथको समयको कुरा थाहा थियो । त्योभन्दा पहिलाका कुरा पनि उनले बुझेका थिए । त्यसैले लक्ष्मणलाई संझाउँदै उनले भने : "राजकुमार ! एकपटकको कुरा हो । म महाराज दशरथसँगै महर्षि वशिष्ठको आश्रममा गएको थिएँ । त्यसै बखत ऋषि दुर्वासा त्यहीं आइपुग्नु भयो । महाराजले त्यसै आश्रममा ऋषिको आदर सत्कार गर्दै वहाँसँग सोध्नुभयो । महाराजले भन्नुभयो: "महर्षि ! तपाईं तीनै काल देख्ने सर्वज्ञ हुनुहुन्छ । यसै अवसरमा मलाई एउटा कुरा बताइदिन अनुरोध गर्दछु । महाराज दशरथले त्यस बखत आफ्ना छोराहरूको सुख दुःख बारे सोध्नुभयो । आफ्नो वंश कसरी चल्छ त भनी त्यसबारे पनि वहाँले सोध्नुभयो । यसै सम्बन्धमा ऋषि दुर्वासाले केही समय सोच्नुभयो र बताउनुभयो । वहाँले भन्नुभयो : "महाराज ! उहिले एकपटक देवता र दानवहरूको बीचमा युद्ध चलेको थियो । देवताले सारा दानवलाई सखाप पारे । यस्तैमा दानवहरू त्यहाँबाट भागेर भृगु ऋषिको आश्रममा पुगे ।

दानवहरू आश्रममा पुगेको बेला भृगु ऋषि त्यहाँ थिएनन् । उनी यात्रामा निस्केका थिए । ऋषि पत्नीले धर्मको पालना गरी सबैलाई शरण दिनुभयो । यता यो खबर भगवान् विष्णु कहाँ पुग्यो । वहाँलाई भृगु ऋषिकी पत्नीसँग एकदमै रिस उठ्यो । दानवलाई शरण दिने भनी भगवान् विष्णुले ऋषि पत्नीलाई हप्काउनुभयो । भनाभन पर्दा विष्णुले आफ्नो रिस थाम्न नसकी सुदर्शन चक्र चलाएर ऋषि-पत्नीको टाउको काटिदिनु भयो । तीर्थमा गएका ऋषिले फर्केर आएपछि यो कुरा चाल पाए । उनले भगवान्लाई श्राप दिँदै भने : "हे भगवान् ! तपाईंले व्यर्थमा मेरी निर्दोष पत्नीको टाउको काटी हत्या गर्नुभयो । तपाईंलाई यसको श्राप लाग्छ । यस्तो कुकृत्य गर्ने कोही पनि श्रापबाट बच्न सक्दैन । तपाईंलाई पृथ्वीमा जन्मनुपर्नेछ र लामो समयसम्म स्त्री वियोग सहेर बाँच्नुपर्नेछ ।" यस्तो श्राप दिएपछि ऋषिले आफ्नी पत्नीको अन्तिम संस्कार गरेर ध्यानमा बस्नुभयो । यता भगवान् विष्णु पनि त्यो श्राप स्वीकार गरी वैकुण्ठ तर्फ लाग्नुभयो । भगवान्ले त्यो श्राप स्वीकार्दा पनि लोक कल्याणकै लागि भनी स्वीकार्नु भएको थियो । हे महाराज ! त्यसैले रामचन्द्र तपाईंको छोरा भई जन्मनु भएको हो । वहाँको नाम तीनै लोकमा चल्नेछ । वहाँले भृगु ऋषिको श्राप भने अवश्य भोग्नु

पर्नेछ ।" यति भनी महर्षि दुर्वासा शान्त हुनुभयो । ऋषिको आशय बुझेपछि दुवै ऋषिलाई अभिवादन गरी महाराज अयोध्या तर्फ लाग्नुभयो ।

"राजकुमार ! यी सबै कुरा मैले त्यसै बखत चाल पाएको थिएँ । महाराजले यो कुरा मेरो जीवनभर कसैलाई नभन्नू भन्ने हुकुम बक्सेको थियो । त्यसैले यो कुरा मैले कसैलाई भनिनँ । यस्तो अवस्था पनि परेको थिएन । ऋषिले भनेका एक-एक कुरा सबै मिल्दै आए । पछि हुने कुरा पनि मिल्छन् । त्यसैले राजकुमार ! अब पीर नगर्नोस् । हुने कुरा टारेर टर्दैन । तपाईं रोएर के काम ? म कराएर के काम ? मन बलियो बनाउनुहोस्, धैर्य धारण गर्नुहोस् । संसार यस्तै हो । यहाँ नसोचेका कुरा हुँदै जान्छन् ।

सारथीका यस्ता अनौठा कुरा सुन्दा पो लक्ष्मणको होश खुल्यो । सारथी सुमन्त्र कति विद्वान् रहेछन् भन्ने कुरा पनि चाल पाउनु भयो । वहाँलाई अब शोक गर्नु व्यर्थ रहेछ भन्ने लाग्यो । अयोध्या पुगेर सबै कुरा बताउने विचार गरे । सुमन्त्रको कुरा सुन्दा-सुन्दै रात परेकोले त्यसै केशिनी नदीको किनारमा बास बसे ।

सीताको समाचार रामलाई

उज्यालो भयो । लक्ष्मण र सुमन्त्र बिहान सबेरै उठे । बिहानको नित्यकर्म सकेर भगवान्लाई अर्घ्य चढाए । गङ्गा स्नानले गर्दा जिउ फूर्तिलो भएको थियो । सुमन्त्रको कुरा सुनेर लक्ष्मणले आफ्नो मन बुझाएका थिए । घोडा मैदानको घाँसमा चरेर अघाएका थिए । सुमन्त्रले घोडालाई रथमा लगाए । रथ तयार भयो । दुवैजनाले ब्रह्मर्षि वाल्मीकिको आश्रमलाई परैबाट अभिवादन गरे । दुवैजना रथमा बसेर अयोध्यातर्फ लागे । सुमन्त्रको कुरा सुनेपछि लक्ष्मण शान्त तपस्वी जस्तै देखिए ।

बेलुका घाम ढलेपछि लक्ष्मण अयोध्या आइपुगे । लक्ष्मण फर्केर आएको खबर सुनेपछि सीताजीलाई के भयो होला ? कहाँ लगेर छाडिएको होला भन्ने चासो भयो । तर कोही पनि अगाडि आएर सोध्न सक्दैनथे । महाराज रामले सीतालाई आश्रममा पठाइदिएको कुरा सबैलाई थाहा भइसकेको थियो । यस बारे घोषणा भइसकेको थियो । त्यसैले लक्ष्मणको रथ देखेपछि सबैले एक आपसमा खासखुस गरे तर कसैले केही भन्न सकेनन् ।

यता लक्ष्मण मन बुझाउँदा बुझाउँदै पनि अलि अत्तालिए । रामलाई के बताऊँ ? यही चिन्ता थियो उनको मनमा । सोच्दा सोच्दै उनी एउटा विशाल भवनको अगाडि आइपुगे । त्यो भवन टलक्क टल्कने हिमाल जस्तै सेतो थियो । उनी रथबाट ओर्लिए । सुमन्त्रलाई केही कुरा सम्झाएपछि उनी महाराज रामको राजभवनभित्र पसे ।

भगवान् राम दुःखी हुनुहुन्थ्यो । वहाँ आफ्नै मनभित्रको पीरले छटपटिनु भएको थियो । कसैलाई भन्ने कुरा पनि थिएन । आफ्नै निर्णय थियो । लक्ष्मण महलभित्र पस्नासाथ महाराज रामसँग भेट भयो । वहाँले केही सोध्नुभन्दा पहिले

नै सीताजीलाई आश्रम नजिक नदी किनारमा छाडेको, त्यहाँबाट महर्षि वाल्मीकिले आश्रम तर्फ लैजानुभएको कुरा लक्ष्मणले बताए । उनले भने : "महाराज ! एउटी पतिव्रता नारीलाई मैले आश्रममा पुऱ्याउनुपऱ्यो । हाम्रो भाग्य यस्तै रहेछ ।"

लक्ष्मणको भनाइले महाराज रामलाई झनै ठूलो शोकमा डुबायो । वहाँ बेहोश जस्तै हुनुभयो । रामको अवस्था देखेर लक्ष्मणले भने : "महाराज ! अब शोक नगर्नुहोस् । समयको गतिमा हामी सबै बहनुपर्छ । तपाईं जस्ता शक्तिशाली महापुरुषले शोक गर्न सुहाउँदैन । शोक त मूर्खको काम हो । संसारको ऐश्वर्य नासै भएर जाने हो । चन्द्रमाको चाँदनी होस् अथवा सूर्यको किरण यी सबै नासै हुने कुरा हुन् । संयोग वियोगमा गएर टुङ्गिन्छ । त्यसैले छोरा, स्वास्नी, दाजु, भाइ, धन, सम्पत्ति यी सबैमा बढी मोह गर्नु राम्रो होइन । यी सबै कुराबाट एक न एक दिन छुट्नै पर्छ । त्यसैले यस्ता कुराको मोहमा परेर शोकमा डुब्नु राम्रो होइन ।"

"महाराज ! हजूर त तीनै लोक जित्नसक्ने शक्ति लिएर आउनु भएको छ । परमात्मा बुझ्नु भएको छ । तपाईं जस्ता सहयोगीले, तपाईं जस्ता ज्ञानीले शोक गर्न सुहाउँदैन । शोकमा डुब्नुभयो भने तपाईंलाई लागेको दोष हट्दैन । शोकमा डुबेर मर्न लागेको छ रे भन्ने हल्ला फैलन्छ । यो त झनै नराम्रो हुन्छ । त्यसैले होशियार बन्नुहोस् । धैर्य धारण गर्नुहोस् । मन बलियो पार्नुहोस् । बुद्धिले काम लिनोस् । योगको शक्ति आओस् । ध्यानको शक्तिले आफ्नो मनको कमजोरी भगाउनोस् ।"

महात्मा लक्ष्मणको कुरा सुनेपछि भगवान् रामको मनमा धैर्य पलायो । वहाँको भ्रम हट्यो । वहाँले लक्ष्मणलाई अँगालो मार्नुभयो । वहाँले भन्नुभयो : "लक्ष्मण ! तिमीले मेरो आँखा खोलिदियौ । जे हुनु थियो, त्यो त भइ नै सक्यो । अब त्यसमा शोक गरेर के काम ? त्यसैले म अब शासन कार्यमा लाग्दछु । अब मेरो मनबाट दुःख हरायो । ताप भाग्यो, म खुशी भएँ बरु त्यस्तो कुनै धार्मिक कार्यमा लाग्नुपर्ला भन्ने ठानेको छु । सबैको भलो होस्, सबको कल्याण होस् ।" यति भनी भगवान् राम शान्त हुनुभयो ।

नृगराजको कथा

लक्ष्मणको कुरा सुनेपछि महाराज रामलाई राजा नृगको याद आयो । लक्ष्मणको कुराले वहाँको होश खुल्यो । वहाँ फेरि प्रशन्न हुनुभयो र भन्नुभयो: "लक्षमण यो त्रेता युग हो । यो युगमा पनि तिमी जस्ता भाइ पाउनु ज्यादै कठिन कुरा हो । तिमी जस्ता सहयोगी हितैषी भाइ पाउनु ज्यादै ठूलो सौभाग्य हो । तिमीहरू सबै मेरा दाहिने हात हौ । सबैले मलाई ठूलो सहयोग गरका छौ । मेरो भाग्य ठीक रहेनछ । आफ्नै भाग्यले गर्दा मैले सुख पाइनँ । लक्ष्मण ! मैले राज्यको काम नगरेको चार दिन भयो । मलाई पाप लागिसकेको छ । अब म राज्यको कममा लाग्दछु । तिमीले मेरो आँखा खोलिदियौ । त्यसको लागि तिमीलाई मुरी मुरी धन्यवाद ! यस बारे महाराज नृगको एउटा कथा छ, सुन ।"

आजभन्दा धेरै पहिले एकजना नृग नाम भएका राजा हुनुहुन्थ्यो । वहाँ सँधै धर्मकर्ममा लागि रहनुहुन्थ्यो । वहाँलाई धार्मिक कार्यमा लाग्न रमाइलो लाग्दथ्यो । तीर्थयात्रा पनि वहाँको लागि प्यारो थियो ।

एक पटकको कुरा हो । महाराजले गाई दान गर्ने इच्छा गर्नुभएछ । वहाँको गोठमा धेरै गाई थिए । ती मध्ये बाच्छो पाएका सयओटा गाईहरू दान गर्नुभएछ, यसरी दान गर्दा एउटी गाई भने अर्कै व्यक्तिको परिछन् । धेरै गाई भएकाले कसको गाई मिसियो पत्तै भएनछ ।

ती गाई धार्मिक काम गरेर जीवन बिताउने एउटा ब्राह्मणको गाई परिछन् । आफ्नो गाई हराएकोले ती ब्राह्मण गाई खोज्दै हिँडेछन् । खोज्दै जाँदा हरिद्वारमा एउटा ब्राह्मणको घरमा ती गाई भेटिइछन् । ती ब्राह्मणले "ए सबला ! यता आऊ त भनी बोलाउनासाथ ती गाई त्यो ब्राह्मणको पछि लागेर गएछ । यो कुरा गोठालाले घर धनीलाई सुनायो । घरधनी दौडेर आए । उनले त्यो गाई आफूले नृगराजाबाट दान पाएको कुरा सुनाए । दुवैजनाको बीचमा

विवाद बढ्यो । झगडा परेपछि दुवैजना महाराज नृगको दरवारमा गए । त्यो गाई आफ्नो भएको बारे राजालाई कुरा सुनाउन चाहन्थे । एकदिन कुरे । अर्को दिन कुरे तर राजासँग भेट हुन सकेन । राजा नृग आफ्नो दरवार भित्रै अलमलिए । केही समयपछि ती दुवै ब्राह्मणहरूलाई झोंक चलेछ । दुवैले महाराज नृगलाई श्राप दिने निधो गरे । उनीहरूले एकै स्वरमा दरवार तर्फ फर्केर भने : "महाराज ! तिमी जनताको समस्या सुन्दा रहेनछौ । अब तिमीलाई कसैले नदेख्ने छेपारो भएर बस्नपरोस् भनी श्राप दिएछन् । जुनबेला यो संसारमा यदुवंशको कीर्ति फैलाउन बासुदेवको जन्म हुनेछ । त्यस बखत मात्र तिम्रो उद्धार हुनेछ ।"

यसरी राजालाई श्राप दिएपछि ती दुवै ब्राह्मणहरूले ती गाई अर्कैलाई दान दिएछन् । गाई दान गरेर दिएपछि ती दुवैको रिस साम्य भयो । यसरी श्राप परेको केही समयपछि राजाको मृत्यु भयो । उनी छेपारोको रुपमा जन्मिएर अझै पनि त्यो श्राप भोग्दैछन् । त्यसैले राजाले जनताको समस्या बारे चासो नलिई व्यर्थमा समय खेर फाल्यो भने त्यस्तै सजाय हुन्छ ।

महाराज नृगको कथा सुनेपछि लक्ष्मणले भने : "महाराज ! यस्तो सानो भूलको लागि ती ब्राह्मणहरूले त अलि डरलाग्दै सजाय दिएछन् । राजाले त्यो श्राप सुनेपछि के गरे त ? त्यस बारे पनि बताइदिनु हुन्छ कि ? त्यस बारे पनि जान्ने इच्छा लाग्यो ।" लक्ष्मणको अनुरोध सुनेपछि भगवान् रामले भन्नुभयो : "लक्ष्मण ! ब्राह्मणहरू त्यहाँबाट हिँडेपछि राजाले आफ्नो श्राप बारे चाल पाए । उनले आफ्ना गुरु पुरोहित मन्त्री आदि सबैलाई बोलाए । उनले आफूलाई श्राप परेको बारे सबैलाई सुनाए । त्यसपछि उनले अब आफू राजगद्दीमा नबस्ने प्रण गरे । त्यसपछि उनले आफ्नो छोरा वसुलाई राजगद्दीमा राख्ने घोषणा गरे ।

आफ्नो छोरालाई राजगद्दीमा राखेपछि आफूले राज्यको कामकाजबाट छुट्कारा पाउने कुरा उनको मनमा आयो । त्यसैले छोराको राजगद्दीको लागि सबै कुरा तयार भयो । शुभ मुहुर्तमा वसुको राज्याभिशेकको काम सम्पन्न भयो । यसरी वसुलाई राजा बनाइयो ।

वसुलाई राजा बनाएको केही दिनपछि राजाले अब आफ्नो मृत्युको दिन नजिकै आएको चाल पाए । उनले आफ्नो छोरालाई बोलाएर भने : "छोरा राज्यको काम सजिलो हुँदैन । सँधैभरि चनाखो हुनुपर्छ । सबैलाई रिझाउनुपर्छ ।

एउटा सानो भूलले गर्दा म समस्यामा परेँ । तिमीले बुझेकै छौ । यो मेरो पूर्व जन्मको कमाइ हो । पहिलेको जन्ममा जस्तो काम गऱ्यो, त्यस्तै पाइन्छ । पहिले गरेको धर्मको आधारमा हामी बाँच्छौं । त्यसैले सँधै होशियार भएर शासन गर । अब मेरो समय सकिन लागेको छ भनी कुरा बुझाए । उनले राजधर्म बारे पनि बुझाए ।"

यसरी राज्यको सबै काम कर्तव्य पूरा गरेपछि समय क्रममा उनको मृत्यु भयो । उनी अहिले आफैंले बन्दोबस्त गरेर सजाएको पोखरीमा छेपारो भएर बसेका छन् । मेरो अवस्था पनि त्यस्तै हो । मेरो भाग्यमा सुख लेखिएको रहेनछ । त्यसैले मैले दुःख पाएँ । यसमा चिन्ता मान्ने कुरै छैन । भाग्यमा लेखिएको भोग्नुपर्छ ।

महाराज निमिको कथा

महाराज नृगको कथा सुनाएपछि भगवान् रामले तिमीलाई सुन्ने इच्छा भए म महाराज निमिको कथा सुनाउछु भनी बताउनुभयो । भगवान् रामको इच्छा बुझेपछि लक्ष्मणले भने : "भगवान् ! यस्ता अनौठा कथा सुन्न पाउनु त ठूलो भाग्य हो । हजूर जस्ता गुरुको मुखबाट यस्ता रमाइला र ज्ञान बढाउने खालका कथा सुन्न पाउँदा कसले पो नाइँ भन्ला र ? हजूरलाई फूर्सद भए म त सयौं कथा सुन्न तयार छु ।" लक्ष्मणको इच्छा बुझेपछि भगवान् राम अर्को कथा भन्न लाग्नुभयो ।

केही समय विश्राम गर्नुभयो । भगवान् राम ध्यानमा बस्नुभयो । ध्यानबाट बिउँझिएपछि वहाँले भन्नुभयो : "लक्ष्मण ! कुनै समय निमि नाम भएका एउटा राजा थिए । उनी ज्यादै पराक्रमी थिए । महाराज सँधै धर्मकर्ममा लागिरहनु हुन्थ्यो । वहाँले एउटा नयाँ नगर बसाउनुभयो । यो शहर गौतम ऋषिको आसपासमै खडा भयो । शहरको नाम थियो बैजयन्त । शहर खडा गरेपछि अब के गरौं भन्ने भावना महाराजको मनमा आयो । यस बारे उनले आफ्ना मन्त्रीहरूसँग छलफल गरे । ऋषि-महर्षिहरूलाई बोलाए । शहरका साहु महाजन भद्र भलाद्मी सबैलाई बोलाए । राजाले यस विषयमा सबैसँग छलफल गरे । सबैले राजालाई यज्ञ गर्ने सल्लाह दिए । राजाले पनि यज्ञ गर्ने निधो गरे ।

यज्ञ सम्पन्न गराउन क-कसलाई बोलाउने त भनी छलफल भयो । उनका बाबु इक्ष्वाकुले ब्रह्मर्षि वशिष्ठलाई वरण गर्न संझाए । त्यसपछि महर्षि भृगुलाई पनि बोलाउने निधो भयो । राजाले ऋषिहरूलाई निमन्त्रणा गरे । निमन्त्रणा पाउनासाथ ऋषिहरू दरबार आए । महाराज निमिले सोधखोज केही नगरी यज्ञको लागि वरण गरे । भृगुलाई त फूर्सदै थियो । यज्ञको काम गर्नुपर्ने भएकाले उनले केही भनेनन् तर ब्रह्मर्षि वशिष्ठलाई पहिले नै वरण गरिएको

थियो । वहाँ इन्द्रको यज्ञमा जानुपर्ने थियो ।

ब्रह्मर्षि वशिष्ठले महाराज निमिलाई संझाउँदै भन्नुभयो : "महाराज ! मलाई पहिले नै इन्द्रले वरण गरिसक्नु भएको थियो । तपाईंले सोधखोजै नगरी वरण गर्नुभयो । यो राम्रो भएन । यती भनी ब्रह्मर्षि वशिष्ठ त्यहाँबाट हिँड्नुभयो । वहाँ महाराज इन्द्रकोमा यज्ञ सम्पन्न गर्ने काममा लाग्नुभयो । यता महाराज निमिले गौतम ऋषिलाई बोलाए । उनीहरू हिमालय पर्वतको काखमा बसेर यज्ञ गर्न लागे ।

ब्रह्मर्षि वशिष्ठले इन्द्रको यज्ञ सम्पन्न गरे । त्यहाँबाट बिदा भएपछि महाराज निमि पर्खेर बसेका होलान् भन्ने याद भयो । उनी सरासर निमिको दरबार तर्फ आए । राजाको दरबारमा आइपुगेपछि महाराज हिमालयको काखमा बसेर यज्ञ गर्न लागेको कुरा थाहा भयो । उनी सरासर हिमालय पर्वत तर्फ लागे । त्यहाँ पुगेर महाराज निमिसँग भेट गर्न चाहन्थे ।

ब्रह्मर्षि वशिष्ठ हिमालयको काखमा पुगे । आफ्नो ठाउँ ऋषि गौतमले लिएको देख्दा उनी रिसले चूर भए । महाराज निमिलाई भेटेर केही भनौं भन्ने इच्छा लाग्यो । केही समय कुरेर बसे ।

यता महाराज निमि यज्ञको थकाइले गर्दा मस्त निद्रामा थिए । उनी धेरै समयसम्म बाहिर आउन सकेनन् । धेरै समयसम्म पनि राजा बाहिर नआएकोमा ब्रह्मर्षि वशिष्ठ बेस्सरी रिसाए । उनले महाराज निमिलाई बेस्सरी झपार्ने सुर गरेका थिए तर उनले भेटै पाएनन् । त्यसैले ब्रह्मर्षि वशिष्ठले महाराजलाई श्राप दिए । उनको श्राप एकदमै कडा थियो ।

यता निद्राबाट ब्यूँझिएपछि महाराज निमिले यस बारे चाल पाए । आफू निद्रामा परेको बेला श्राप दिएको भन्ने सुन्दा महाराज निमिलाई पनि एकदमै रिस उठ्यो । आखिर निद्रामा परेको बखतमा त्यस्तो केही संझना हुन्न, होश हुन्न भन्ने थाहा हुँदा हुँदै त्यस्तो अनुचित श्राप दिने ? तपाईंको पनि मेरो जस्तै अवस्था होओस् भनी राजा निमिले पनि श्राप दिए । दुवै शक्तिशाली थिए । दुवैको श्राप दुवैलाई लाग्यो । दुवै केही समयपछि बेहोश । उनीहरू वायु रुपमा रहनलागे । यस्ता अनौठा घटना पनि भएका छन् भनी भगवान् रामले लक्ष्मणलाई बताउनुभयो ।

यो कुरा सुन्दा लक्ष्मणलाई पनि अनौठो लाग्यो । यस्तैमा लक्ष्मणले सोधे : भगवान् ! ब्रह्मर्षि वशिष्ठ र महाराज निमि दुवैले शरीर त्यागेपछि तिनीहरूले

कसरी फेरि शरीर धारण गरे त ? लक्ष्मणले सोधेपछि भगवान् रामले फेरि ती दुवैको बारे वताउनु भयो ।

त्यसपछि वायु रुपमा दुवै आकाश मार्गमा डुल्न लागे । यस्तैमा ब्रह्मासँग वशिष्ठको भेट भयो । उनले आफ्नो अवस्था बताए । उनी फेरि शरीर धारण गर्न चाहन्थे । उनको इच्छा बुझेर ब्रह्माजीले मित्रवरुण भएको ठाउँमा गई उनको प्रार्थना गर्न संझाए । पछि उनी मित्रवरुण र उर्वशीको सन्तानको रुपमा जन्मिए ।

यता महाराज निमिको यज्ञ चलि नै रह्यो । उनको दाह-संस्कार गरिएन । यज्ञ समाप्त भयो भृगुले उनको शरीरमा आत्मा प्रवेश गराउने कुरा गरे । उनले राजालाई फेरि होशमा ल्याए तर महाराजले सवै प्राणीहरूको आँखामा बास गर्न चाहेकोले उनलाई सबै प्राणीको आँखामा बस्ने वरदान प्राप्त भयो । त्यसैले सबै प्राणीले आँखा झिंक्याउन थालेका हुन् । यो कुरा महाराजको विश्रामको लागि गरिएको हो भनी भगवान् रामले लक्ष्मणलाई वताउनुभयो ।

यता ऋषिहरूलाई महाराज निमिको कुराले चित्तै बुझेन । उनको अर्को जन्मको आग्रह गर्दा उनले मिथिलामा जन्मने कुरा बताए । महाराज जनकलाई महाराज निमिको अर्को अवतारको रुपमा लिइन्छ । यसरी महाराज निमि महा तपस्वी राजाको रुपमा जन्मिए ।

"लक्ष्मण ! यहाँ हामीले बुझ्नुपर्ने कुरा अर्कै छ । अनावश्यक रुपमा रिस देखाउँदा ब्रह्मर्षि वशिष्ठले पनि दुःख पाउनुपऱ्यो । केही समय पर्खने धैर्य धारण गर्न नसकी रिसको झोकमा फेरि अर्केलाई वरण गरी यज्ञ चलाएकोले महाराज निमिलाई पनि त्यस्तो भएको हो । त्यसैले जथाभावी रिसाउनु राम्रो होइन ।"

नहुसका छोरा ययातिको कथा

यसरी भगवान् रामचन्द्र पुराना कथा बताउन लाग्नुभयो । ती सबै कथा ज्यादै रमाइला भएकाले लक्ष्मण बारम्बार सोध्न लाग्नुभयो । यस्तैमा लक्ष्मणले भने : "भगवान् ! महाराज निमिले ब्रह्मर्षि वशिष्ठलाई वरण गरेपछि केही समय नकुरी फेरि अर्का ऋषिलाई वरण गरेकोमा उनको गल्ती देखियो । त्यस्तो अवस्थामा ब्रह्मर्षि वशिष्ठलाई महाराज निमिको श्राप कसरी लाग्यो त ?" लक्ष्मणको कुरा सुनेपछि भगवान् रामले भन्नुभयो : "लक्ष्मण ! समय बुझ्नुपर्छ । अवस्था पनि बुझ्नुपर्छ । वास्तविकता नबुझी जथाभावी श्राप दिँदै हिँडेमा त्यस्तै हुन्छ । त्यसैले कस्तो अवस्थामा क्षमा हुन्छ हामीले त्यो पनि बुझ्नुपर्छ । समय अनुसार शान्त भएर सोच्नुपर्छ । सत्व गुणको पालना गर्न सिक्नुपर्छ । त्यस बखत ब्रह्मर्षि पनि सत्व गुणी बन्नु भएन । त्यसैले वहाँ पनि समस्यामा पर्नु भएको हो । यसै सम्बन्धमा म महाराज ययातिको कथा बताउँछु ।

एक समय ययाति नाम भएका एउटा प्रसिद्ध राजा यो पृथ्वीमा राज्य गर्दथे । ययातिको दुइटी रानीहरू थिए । तर महाराज ययाति शर्मिष्ठालाई मन पराउँथे । उनी वृषपर्वा नामको दैत्यकी छोरी थिइन् । उनकी अर्की रानी शुक्रचार्यकी छोरी देवयानी थिइन् । ययातिका दुइटा छोरा जन्मिए । शर्मिष्ठा तर्फका छोराको नाम पुरु थियो भने देवयानी तर्फका छोराको नाम यदु थियो । पुरु ज्यादै आज्ञाकारी र गुणी थिए । त्यसैले राजा पुरुलाई नै बढी माया गर्दथे ।

यता यदु भने दिन प्रतिदिन दुःखी बन्दै गए । उनी आफ्नो बाबुको व्यवहारले गर्दा दुःखी भएका थिए । एक दिनको कुरा हो । यदुले आफ्नी आमासँग गुनासो गर्दै भने : "आमा ! यस्तो अपमान सहेर कति बाँच्ने ? कति सहने या अवस्था ? भयो, अब आगोमा हाम्फालेर मरौं । तपाईं सक्नुहुन्न भने मलाई आज्ञा दिनुहोस् । म मर्न तयार छु ।"

छोराको कुरा सुनेर देवयानीलाई पर्नु पीर पऱ्यो । उनी ज्यादै चिन्तित भइन् । उनले छोरालाई संझाइन् । आफ्नो छोरालाई केही समय पर्खन भनिन् । देवयानीले केही समय सोचिन् । उनी ध्यानमग्न भइन् । आफ्ना पिता शुक्रचार्यलाई संझिइन् । शुक्राचार्यले ध्यानदृष्टिले हेर्दा आफ्नी छोरीले आफूलाई संझिएको कुरा चाल पाए । उनी देवयानीलाई भेट्न आए । देवयानी झोक्राएरै बसिन् । उनले आफ्ना बाबु शुक्रचार्य आए नआएको पनि वास्ता गरिनन् । यस्तैमा शुक्राचार्यले सोधे : "छोरी ! तिमी किन रिसाएकी ?"

आफ्नो बाबुको कुराले देवयानी झनै रिसाइन् । उनले भनिन् : "पिताजी ! हजूरलाई थाहा छैन र ? के सोध्नु भएको ? हामी वर्षौदेखि अपमान सहेर बसेका छौं । यदु आत्महत्या गर्न तयार भयो । वल्लतल्ल रोकें । कतिञ्जेल सहने यस्तो अपमान ?" देवयानीको कुरा सुन्नासाथ शुक्रचार्य रिसले आगो भए । उनले आफ्नै ज्वाइँ ययातिलाई श्राप दिंदै भने : "महाराज ययाति ! तिमीलाई बलको घमण्ड चढेको छ । सँधै शक्तिशाली बन्छु भनेको होलाऊ । तिमीले आफ्नै रानीलाई दु:ख दियौ । आफ्नै छोरालाई रुवायौ । आफ्नै मान्छेलाई अपमान गऱ्यौ । मेरो वास्ता गरेनौ । त्यसैले अब तिम्रा सबै इन्द्रिय शिथिल होउन् । तिमीलाई बुढ्याइँले घेरोस् ।" यसरी शुक्राचार्यले श्राप दिए । यस्तो श्राप दिएपछि देवयानी पनि सन्तुष्ट भइन् । शुक्राचार्य आफ्नी छोरी र नातीलाई संझाई बुझाई आफ्नो बाटो लागे ।

यता ययातिले आफूलाई श्राप दिएको कुरा चाल पाए । उनी अझै तन्नेरी बन्न चाहन्थे । सुख सयलको लोभ उनीमा थियो । उनी बूढो हुन चाहँदैनथे । त्यसैले आफ्नो बुढ्याइँ आफ्नै छोरामा सारेर उनी तन्नेरी बन्न चाहन्थे । उनीमा केही सात्त्विक गुण भएकोले उनी शुक्रचार्यसँग रिसाएनन् । आफ्नो समस्याको समाधान खोज्ने क्रममा उनी लागे ।

उनी आफ्ना छोराको मन बुझ्न चाहन्थे । त्यसैले पहिला देवयानी तर्फका छोरा यदुलाई आफ्नो बुढ्याइँ स्वीकार्न भनियो । आफ्नो बाबुको इच्छा बुझ्नासाथ यदुले भने : "बुबा ! पुरु तपाईंको प्यारो छोरा हो । तपाईंले आजसम्म मलाई छोराको दर्जामा राख्नुभएन । न मैले तपाईंसँग बस्ने मौका पाएँ न त सँगै बसेर एक छाक खाने मौका पाएँ । अब तपाईं नै भन्नोस् तपाईंको यो बुढ्याइँ बोकेर मैले किन दु:ख पाउने ? यो बुढ्याइँ बोकेर मैले के नै पाउने ? पुरु छँदै छ नि,

तपाईंको प्यारो छोरा !"

यसरी यदुको कुरा सुनेपछि ययाति पुरु भएको ठाउँमा गए । उनले पुरुलाई आफ्नो समस्या बताए । सबै कुरा सुनेपछि पुरुले भने : "बुबा ! यो त मेरो सौभाग्यको कुरा हो । हजूरको सेवाको लागि मेरो जन्म भएको हो । म हजूरको बुढ्याइँ स्वीकार गर्न तयार छु ।" पुरुको कुरा सुनेर ययाति दङ्ग परे । उनले योगबलकै आधारमा आफ्नो बुढ्याइँ आफ्नो छोरालाई दिए ।

केही समयसम्म ययातिले बडो आनन्दसँग राज्य गरे । उनलाई कुनै बिघ्नबाधा आइपरेन । त्यसपछि आफ्ना प्रिय पुत्र पुरुलाई बोलाए । उनले आफ्नो छोरालाई संझाउँदै भने : "छोरा मैले मेरो बुढ्याइँ तिमीलाई दिएर अन्याय गरेको थिएँ । अब म त्यो अन्याय गर्न चाहन्न । यो त नासो मात्र हो । मेरो आज्ञा मानेकोले म तिमीसँग एकदमै खुशी छु । तिमी यो मुलुकको राजा बन्यौ । अब तिमी राज्यको कामकाजमा लाग ।"

यता अर्का छोरा यदुलाई भने ययातिले पटक्कै वास्ता गरेनन् । आफ्नो आज्ञा पालन नगरेकोमा उल्टै रिसाए । यदुबाट राक्षस कुलको प्रारम्भ हुने कुरा बताए । यसरी राजा ययाति वानप्रस्थ तर्फ लागे । ययातिले राजधर्म पालना गरी सात्त्विक भाव देखाएर आफ्नो भूल स्वीकार गरेकोले उनलाई खास दोष लागेन तर महाराज निमिले आफ्नो भूल नस्वीकारेकोले दुःख पाए । आफ्नो कर्तव्य बुझी काम गर्ने यो संसारमा सुखी हुन्छन् । लक्ष्मण ! तिमीले पनि मेरो आँखा खोलिदियौ । अब हामी जनताको काममा लागौं । जनताको सेवामा लागौं । यति भनी भगवान् राम ध्यानमा बस्नुभयो । वहाँको अनुहारमा प्रशन्नता देखियो । दुःख पीडा हटेको अनुभव भयो ।

लवणासुरको कथा

एक दिनको कुरा हो । मधुवनबाट धेरै ऋषिहरू अयोध्यया आइपुगे । भर्खरै वसन्त ऋतु लाग्न लागेको थियो । अयोध्याका महाराज राम धार्मिक काममा लागिरहनु हुन्थ्यो । ऋषि महर्षिहरूको सत्सङ् मन पराउने भएकोले ऋषिहरूको आवत जावत बढेको थियो । यता महाराज आफ्नो नित्य कर्म सकी बाहिर निस्कनै लागेको बेला विद्वान् मन्त्री सुमन्त्र आइपुगे । उनले धेरै जना ऋषि-महर्षिहरू महाराजलाई भेट्न ढोकामा उभिएको खबर गरे । खबर पाउनासाथ सबैलाई दरबार भित्र ल्याएर राख्न महाराजले सुमन्त्रलाई भन्नुभयो । सुमन्त्रले महाराजको आज्ञा पालन गरी सबैलाई भित्र ल्याएर राख्नु भयो ।

सबै ऋषिहरू तीर्थ यात्रामा थिए । सबै तीर्थ घुमी अयोध्या आइपुगेका थिए । सबैले तीर्थको प्रसादको रुपमा सौगात लिएर आएका थिए । महाराजले सबैलाई आसन ग्रहण गर्न भन्नुभयो । सबैले आ-आफ्नो आसनमा वस्नुभन्दा पहिले आफूले ल्याएको सौगात चढाए । त्यसपछि सबै जनाले आसन ग्रहण गरे । केही समय सन्चो बिसन्चो राजकाज आदिको बारेमा कुरा चल्यो । केही समयपछि महाराजले महर्षिहरूलाई त्यहाँ आउनाको कारण सोध्नुभयो । वहाँले भन्नुभयो : "महर्षिहरू ! हजूरहरूलाई भेट्न पाउँदा मलाई ज्यादै खुशी लागेको छ । हजूरहरूको सेवा गर्न पाउनु मेरो सौभाग्य हो ।" महाराज रामले सबै ऋषिहरूलाई यसरी स्वागत गरेकोमा सबै खुशी भए । सबैले महाराजको प्रशंसा गरे । महर्षि भार्गवले महाराजसँग अनुरोध गर्दै भन्नुभयो : महाराज ! हजूरहरूलाई थाहा नभएको कुरै के छ र ? तैपनि हजूरले आज्ञा गर्नुभएकोले म अब सबै कुरा बताउन चाहन्छु ।

ऋषि भार्गव त्यस बखतमा नाम चलेका ऋषिहरू मध्ये एक थिए । सबै कुराको बयान गर्दै भगवान् रामलाई भन्नलागे : "महाराज ! उहिले सत्य युगमा

मधु नाम भएको एउटा दानव थियो । त्यो ज्यादै भलाद्मी र सज्जन थियो । ऊ धर्मात्मा थियो । त्यो दानव ज्यादै पराक्रमी पनि थियो । एकपटकको कुरा हो । लामो समयसम्म त्यसले भगवान् शिवको पूजा गर्‍यो । त्यसै कारण भगवान् शिवबाट वर पनि पायो । भगवान्ले आफैंले एउटा त्रिशुल उत्पन्न गरी मधुलाई दिनुभयो र भन्नुभयो : "मधु ! जवसम्म यो त्रिशुल तेरो हातमा रहन्छ त्यस बेलासम्म तँलाई कसैले हराउन सक्दैन । तिमीले ऋषि महर्षि र देवताको विरोध नगरेसम्म यो वर लाग्नेछ । त्यस बखतसम्म मात्र यो त्रिशुल तिम्रो साथमा रहनेछ ।" भगवान्को कुरा सुनेपछि मधुले भगवानसगँ बिन्ती गर्दै भन्यो : भगवान् ! यो त्रिशुलको उपयोग मेरा सन्तानले पनि गर्न पाउन् । म यही चाहन्छु । मधुको कुरा सुनेपछि भगवान्ले भन्नुभयो : "मधु ! यस्तो त हुनै सक्दैन । परिश्रम नगरी फल पाउने त कुरै भएन । भइगयो तिमीले भनि हाल्यौ, तिम्रो छोरासम्मले मैले भनेको कुरा पालन गर्‍यो भने उसले यसको उपयोग गर्न पाउनेछ । यति भनी भगवान् शिव अन्तर्ध्यान हुनुभयो ।

यसरी महादेवबाट वरदान पाएपछि मधुले एउटा राम्रो महल बनाउन लगायो । रहँदा बस्दा समयको क्रममा उसको एउटा छोरा पनि जन्मियो । त्यो पनि बाबु जस्तै पराक्रमी भएर निस्कियो । तर दुःखको कुरा त्यो सानैदेखि दुष्ट बदमास भएर निस्कियो । त्यो सानैदेखि नराम्रो काममा लाग्यो । अहिले त्यो दुष्टले सबैलाई दुःख दिएको छ । तपस्वीहरूलाई त देखिसहन्न, बाबुले दिएको त्रिशूल पाएर त्यो मात्तिएको छ । वास्तवमा अब त्यो त्रिशूलमा शक्ति छैन भन्ने कुरा त्यो बदमासले बुझ्केकै छैन । अब यसलाई तह नलगाई भएन भनी महर्षि भार्गवले भगवान् रामलाई बताउनुभयो ।

महर्षिहरूको कुरा सुन्नासाथ महाराज राम आफ्नो आसनबाट उठ्नुभयो । वहाँ भाइहरू तर्फ फर्कनुभयो र भन्नुभयो : "भाइहरू ! तिमीहरू सबले महर्षि भार्गवले बताउनु भएको कुरा सुनिहाल्यौ । अब लवणासुरको पालो पुग्यो । त्यस दुष्टलाई यो पृथ्वीमा राख्न हुन्नँ । त्यसैले त्यो कामको लागि को जाने त ? महात्मा भरत जाने कि बुद्धिमान् शत्रुघ्न ? भगवान् रामको कुरा सुन्नासाथ महात्मा भरत आफ्नो आसनबाट उठे । उनले भगवान्को आज्ञा भए जे जस्तो कार्य गर्न पनि आफू तयार भएको वताए । लवणासुरसँग लड्न केही समस्या नभएको कुरा उनले स्पष्ट पारे ।

महात्मा भरतको कुरा सकिएपछि शत्रुघ्नले भने : "महाराज ! महात्मा भरतले लामो समयसम्म यो राज्यको दुःख झेल्नु भएको छ । अब वहाँलाई किन दुःख दिने ? वहाँको सट्टामा यो कामको लागि म तयार छु । हजूरको आज्ञा अनुसार चल्न हामी सवै भाइ तयारै छौं ।" भगवान् रामले शत्रुघ्नको कुरा राम्रै मान्नुभयो । वहाँले तत्कालै मधुपुरीको राज्य दिने घोषणा गर्नुभयो । लवणासुरलाई मारेर त्यहाँको राज्य ग्रहण गर्न शत्रुघ्नलाई भन्नुभयो ।

यी सवै कुरा सुनेर त्यहाँ आइपुग्नु भएका ऋषि-महर्षि सबै दङ्ग परे । सबैले खुशीयाली प्रकट गरे । कोशल राज्यको सुख समृद्धिको कामना गरे । सवै ऋषिहरूले समयमा यो काम सम्पन्न होओस् भनी कामना गरे । ऋषिहरू त्यहाँबाट बिदा हुन चाहे । महाराजले सबैलाई इच्छा अनुसारको भोजन गराई त्यहाँबाट बिदा गर्नुभयो । सबै काम ठीक समयमा पूरा हुने कुरा महाराज रामले महर्षिहरूलाई बताउनुभयो ।

शत्रुघ्नको राज्याभिषेक

शत्रुघ्नलाई मधुपुरीको राजा बन्ने कुरामा भने चित्त बुझेन । दाजु हुँदा हुँदै कसरी भाइ राजा बन्ने ? यो कुरा मन परेन । शत्रुघ्नलाई पापको डर लाग्यो । भगवान्‌ले जसलाई जुन काममा खटाएका छन्, त्यसले त्यही काम गर्नुपर्दछ । यही कुरा उनको मनमा लाग्यो । शत्रुघ्नलाई कस्तो कस्तो अप्ठेरो लाग्यो ।

शत्रुघ्नले केही समय सोचे । केही समयपछि विनम्र स्वरमा भने : "भगवान् ! मैले हजूरको कुरा काट्न मिल्दैन । राजा बन्ने चाहना नभएकोले मात्र मैले यो कुरा उठाएको हुँ । म हजूरको आज्ञा मान्न तयार छु । दाजु भरतले भन्दा भन्दै बढी जान्ने भएकाले मैले यो सजाय भोग्नुपरेको हो । राज्याभिषेकको पापबाट बचाइदिनु हुन् म विनम्र अनुरोध गर्दछु ।

शत्रुघ्नको कुरा सुनेर रामचन्द्र एकदमै खुशी हुनुभयो । वहाँले शत्रुघ्नलाई संझाउनुभयो । वहाँको इच्छा पालना गर्दा कुनै प्रकारको पाप नलाग्ने कुरा बताउनु भयो । दाजुकै चाहना अनुसार राजा बन्दा पाप नलाग्ने कुरा पनि वहाँले स्पष्ट पार्नुभयो । त्यसपछि भगवान् रामले अभिषेकको सामग्री तयार गर्न सबैलाई संझाउनु भयो ।

सबै कुरा तयार भयो । भोलिपल्ट शत्रुघ्नको राज्याभिषेक सम्पन्न हुने घोषणा भयो । अयोध्यामा फेरि चहलपहल बढ्यो । सबै खुशी भए सबभन्दा बढी खुशी त ऋषिहरू नै थिए । अब लवणासुरको अत्याचार समाप्त हुन्छ भन्ने कुरा उनीहरूको मनमा पऱ्यो । अब अभिषेकको कार्य शुरुभयो । मङ्गल वाचन शुरुभयो । कतै भजन गाउन लागे । दरबारमा चहल-पहल बढ्यो । हरिकीर्तनको लहर चल्यो ।

राज्यभिषेक सम्पन्न भयो । सबै जना खुंशी थिए । सबै आ-आफ्नै धुनमा थिए । कोही कथा भन्दै थिए । यस्तैमा महाराज रामले शत्रुघ्नलाई बोलाउनु

भयो र भन्नुभयो : "शत्रुघ्न ! म तिमीलाई एउटा दिव्य वाण दिन्छु । त्यसैले तिमी लवणासुरलाई मार्न सफल हुनेछौ । लवणासुरको बाबु मधुले भगवान् शिवबाट एउटा त्रिशूल पाएका थिए । लवणासुर त्यही त्रिशूलको घमण्डले मात्तिएको छ । लडाईंको बेलामा ऊ त्यसैको प्रयोग गर्दछ । दिउँसो त्यो आहारा खोज्न बाहिर निस्कन्छ । त्यसै बखत त्यसलाई आक्रमण गर्नुपर्दछ । तर चाल पाउनुपर्ने एउटा कुरा छ । त्यो पनि बुझिराख ।"

"कतैबाट आक्रमण हुनलागेको चाल पाउनासाथ त्यो राक्षस दगुरेर आफ्नो घरमा पुग्छ । त्यही त्रिशूल लिएर अगाडि आउँछ । हुन त त्यो त्रिशूलमा शक्ति छैन तर त्यो त्रिशूल लिनासाथ त्यसको फूर्ति बढ्छ । त्यसको आत्म-विश्वास बढ्छ । त्यसैले त्यसलाई बीचैमा रोक्नुपर्छ । त्यसो हुनासाथ त्यसको सातो जान्छ । त्यही अवस्थामा त्यसलाई खत्तम पार्नुपार्छ ।"

यसरी भगवान् रामबाट शिक्षा-दीक्षा पाएपछि शत्रुघ्नले लवणासुरको राज्यतर्फ प्रस्थान गर्ने सुर गरे । उनले आफूसँग लैजाने फौजको बन्दोबस्त मिलाए । घोडामा जाने र रथमा सवार हुने समूह मात्र उनको समूहमा थिए ।

लवणासुर र शत्रुघ्नको लडाईं

भगवान् रामबाट शिक्षा-दीक्षा पाएर सबै तयारी पूरा गरी आफ्नो यात्रा प्रारम्भ गरे । त्यहाँबाट हिँड्दा अयोध्या शहरका बासिन्दाले फूल बर्षाए । ती सबै वीरहरूको सम्मान गरे ।

राजकुमार शत्रुघ्न सबै कुराको पूरा बन्दोबस्त मिलाएर हिंडेका थिए । उनको लावालस्कर देखेर धेरै त तेसै तर्सन्थे । शत्रुघ्नको साथमा सयौं ऋषि-महर्षि पनि थिए ।

जाँदा जाँदै बाटैमा रात पर्‍यो । उनीहरू त्यस दिन मधुपुरी पुग्न सकेनन् । तमसा नदीको किनारमा छाप्रो बनाएर त्यहीं रात काट्ने निर्णय गरे । सबैको लागि खानपिनको बन्दोबस्त भयो । सबै बन्दोबस्त मिलाएर आफू वाल्मीकि आश्रम तर्फ लागे ।

ऋषिका चेलाहरूले महाराज रामचन्द्रका भाइ शत्रुघ्न आएको खबर दिए । खबर पाउनासाथ महर्षि राजकुमारको स्वागतको लागि आउनुभयो । महर्षिले सबै कुरा चाल पाइसक्नु भएको थियो । वहाँले राजकुमारको स्वागत गर्दै भन्नुभयो : "राजकुमार ! पृथ्वीमा दुष्टहरूको विनासको लागि तपाईंहरूको जन्म भएको हो । तपाईं जुन कामको लागि आउनुभएको छ, अवश्य पनि त्यो कुरा पूरा हुन्छ । मेरो शुभ कामना !" यति भनी महर्षिले शत्रुघ्नलाई आशीर्वाद दिनुभयो । महर्षिले राजकुमारलाई विश्राम गर्ने बन्दोबस्त मिलाउनु भयो । बेलुका महर्षिले पुराना कथा सुनाउनु भयो ती सबै कथा आनन्द दिने खालका थिए । ती सबै कथाबाट गहिरो ज्ञान पाइन्थ्यो । कथा सुन्दा सुन्दै समय गएको पत्तै भएन । मध्यरातमा सीताजीको दुई छोरा जन्मिएको खबर आयो । खबर ल्याउनेले महर्षिलाई ती दुवै राजकुमारहरूलाई आशीर्वाद दिन पनि संझायो । महर्षि केही समय ध्यान मग्न बन्नुभयो । वहाँले आफ्नो ध्यानकै प्रभावले दुवै बच्चालाई आशीर्वाद दिनुभयो ।

राजकुमार शत्रुघ्नलाई पनि सीताजीलाई भेट्ने इच्छा भयो । वास्तवमा वहाँलाई भेटुँभन्ने इच्छाले नै राजकुमार त्यहाँ आएको थिए । यो खबरले शत्रुघ्न ज्यादै खुसी भए । दुवैजना सीताजीलाई भेट्न र बधाइ दिन त्यहाँ गए । शत्रुघ्नले सीताजीलाई बधाइ दिए । उनले अयोध्यामा सबै कुशल मङ्गल रहेको कुरा सुनाए । वहाँलाई चिन्ता नलिई जीवन जिउन अनुरोध गरे । ब्रह्मर्षि वाल्मीकिले पनि सीतालाई बधाइदिनु भयो । शत्रुघ्नले त्यहाँबाट फर्केर आश्रमकै विश्राम कक्षमा रात बिताए ।

भोलिपल्टको कुरा हो । राजकुमार शत्रुघ्न बिहान सबेरै उठे । बिहानको नित्य कर्म सकेर फेरि महर्षिलाई भेट्न गए । महर्षि र सीतासँग बिदा भएर उनी आफ्नो सेना भएतर्फ लागे । केही सैनिकहरू अगाडि नै हिडिसकेका थिए । एउटा समूह मात्र त्यहाँ पर्खेर बसेको थियो । उनी पुगेपछि सबै त्यहाँबाट हिंडे । मधुपुरी निकै टाढा थियो । एक दुई दिनमा त्यहाँ पुग्न त संभवै थिएनँ । त्यो दिन बेलुका उनीहरू च्यवन आश्रममा पुगे । उनीहरूले त्यसै ठाउँमा त्यो रात बिताए । राती सबै सैनिक आ-आफ्नो ठाउँमा विश्राम गर्न गए । राजकुमार भने ऋषि च्यवनलाई भेट्न गए । उनले ऋषिसँग लवणासुर बारे सोधे । वहाँले पनि त्यसलाई आहारा खोज्न गएकै बेला आक्रमण गर्नुपर्ने कुरा बताउनु भयो । राजकुमारले ऋषिको सल्लाह अनुसार काम गर्ने बताए ।

राति ऋषि च्यवनले विभिन्न प्रकारका कथा सुनाउनु भयो । कथा सुन्दा सुन्दै उज्यालो भयो । राजकुमार बिहानको नित्य कर्ममा लाग्नुभयो । बिहानको कर्म सकेर ऋषि च्यवनसँग बिदा भएर आफ्नो यात्रामा लाग्नुभयो ।

धेरै दिनको लामो यात्रापछि बल्लतल्ल नवौं दिनको दिन राजकुमार शत्रुघ्न मधुपुरीको नजिकै पुगे । ऋषि च्यवनले बताए अनुसार यमुना नदीको किनारमा बास बसे । भोलिपल्ट बिहान आफ्नो नित्य कर्म सकेर सबैजना यमुनापारि पुगे । बिहानको खानपिन सक्दा झण्डै मध्य दिन बितिसकेको थियो । त्यस बखतसम्म पनि त्यो राक्षसको अत्तोपत्तो केही थिएन । त्यो राक्षस बिहान सबेरै शिकारको लागि निस्केको थियो । झण्डै झण्डै मध्यान्हतिर धेरै प्राणीहरूको भारी बोकेर यमुनाको किनारै किनार त्यसैतर्फ आयो ।

राजकुमारले लवणासुरलाई ताकेर त्यसैतर्फ वाण छाड्नुभयो । एउटा फुच्चे मान्छेको त्यत्रो साहस देखेर लवणासुर जिल्ल पऱ्यो । ऊ रिसले आफूसँग

के-केन शक्ति भए झैं चम्कन थाल्यो । आफूलाई कसैले केही गर्न सक्दैन भन्ने विश्वासले गड्कनथाल्यो ।

ती दुवै एक आपसमा भनाभन गर्नलागे । राजकुमार शत्रुघ्नलाई राक्षसको व्यर्थको फूर्ति देखेर हुनसम्म रिस उठ्यो । उनले आफ्नो परिचय दिए । राक्षससँग एक्लाएक्लै लड्ने प्रस्ताव राखे । शत्रुघ्नको कुरा सुन्नासाथ लवणासुर हतियार लिन जान तयार भयो । उसको चलाखी बुझ्नासाथ शत्रुघ्नले तुरुन्त आक्रमण गरे ।

यता लवणासुर शत्रुघ्नसँग केही समय माग्दै थियो । तर राजकुमारले उसको कुरा सुन्दै सुनेनन् । उनले लगातार आक्रमण गरी उसलाई अत्याइरहे । आखिर केही नलागेपछि लवणासुर ढुङ्गा उठाएर जाइलाग्यो । ऊ रिसले आगो भएको थियो । केही नलागेपछि ऊ रुख उखेलेर जाइलाग्यो । उसले राजकुमार शत्रुघ्नको टाउकोमै हिर्कायो । लवणासुरको मार खप्न नसकेर शत्रुघ्न बेहोस भए ।

लवणासुर सारा वन जङ्गल नदी नाला सबै थर्कने गरी हाँस्नलाग्यो । अब राजकुमार होशमा आउने कुरै छैन भन्ने विश्वासमा लवणासुर त्यहीं अलमलियो । ऊ हतियार लिन जानसक्थ्यो । त्यसतर्फ त उसले वास्तै गरेन । ऊ त आफूले ल्याएको शिकार बटुल्न पो थाल्यो । शत्रुघ्न होशमा आएको कुरा पनि उसलाई पत्तै भएन । शत्रुघ्नले फेरि आक्रमण गर्न थाल्दा पो लवणासुरको होश खुल्यो । राजकुमार शत्रुघ्न धनु लिएर अगाडि बढे । यता लवणासुर हाँसिमात्र रह्यो । उसले राजकुमारलाई गन्दै गनेन ।

यता शत्रुघ्न वाण बर्सानउथाले । आफ्ना सेनालाई सहयोगको लागि तयार हुन भने । लवणासुर चारैतर्फबाट घेरिएको थियो । शत्रुघ्नले भगवान् रामले दिनुभएको दिव्य वाण निकाले । त्यो वाण निकाल्नासाथ देवलोकमा पनि हाहाकार मच्चियो । त्यो वाणले सबैलाई बेहोश बनाउने हो कि भन्ने डर भयो सबैलाई ।

राजकुमार शत्रुघ्न भने त्यही वाण प्रयोग गर्ने धुनमा लागे । उनी आफ्नो धनुमा वाण राख्दै थिए । आखिर त्यही वाण प्रयोग भयो । त्यो वाण प्रयोग हुनासाथ लवणासुर पहाड ढले झैं ढल्यो । लवणासुर मारिएपछि चारै तर्फबाट फूलको वर्षा हुनलाग्यो । सबैले राजा शत्रुघ्नको जय भनी खुशीयाली मनाए । त्यहाँ भएका सैनिक, ऋषि-महर्षि, यक्ष, गन्धर्व किन्नर देवता आदि सबैले राजा शत्रुघ्नको प्रशंसा गरे । अब त्यस भेगमा तपश्या गरेर बस्ने सबैले सुख पाउने कुराले गर्दा ऋषि-महर्षि सबै दङ्ग भए ।

राजा शत्रुघ्न अयोध्या तर्फ

मधुपुरीमा फेरि बसोवासको प्रवन्ध भयो । वरपरबाट मानिसहरू त्यहाँ आउन लागे । त्यहाँ ऋषिहरू आउन थाले । महर्षिहरू राजालाई आशीर्वाद दिन मधुपुरी तर्फ आउनलागे । शहर एकदमै रमाइलो थियो । तल यमुना नदी माथिको थुम्कामा बसोवास । शितल हावा, चिसोपानी, वेसीको बयर लेकको काफल, के थिएन मधुपुरीमा । चारैतर्फका यात्रीहरू शहर हेर्न आउनथाले । यस्तो रमणीय शहरमा बसेर ऋषि-महर्षिको सेवा गर्दा गर्दै समय बितेको पत्तै भएन । ऋषि महर्षिहरूको सत्सङ्ग । त्यहाँको नयाँ बसोवासको व्यवस्था । जनताको सेवामा लाग्दा लाग्दै राजा शत्रुघ्नको बाह्र वर्ष त्यसै बित्यो ।

बाह्र वर्षपछि महाराज शत्रुघ्नलाई अयोध्याको याद आयो । उनलाई भगवान् राम माता कौशल्या आदि सबैलाई भेट्ने इच्छा भयो । उनी आयोध्या तर्फ लागे । अयोध्या तर्फ लाग्दा बाटामा पर्ने विभिन्न तीर्थस्थलहरू घुम्ने इच्छा भयो । उनी तीर्थयात्रा गर्दै आए । घुम्दै आउँदा उनी फेरि वाल्मीकि आश्रममा आइपुगे । उनलाई सीताजीको हालचाल बुझ्ने इच्छा भयो । त्यसै कारणले उनी वाल्मीकि आश्रम तर्फ लागेका थिए । आश्रममा पुग्दा महर्षि बेलुकाको सन्ध्या तर्पण सकी ध्यानमा बस्नुभएको थियो । वहाँले राजा शत्रुघ्न आफूलाई भेट्न आइपुग्नु भएको कुरा चालपाउनुभयो । महर्षिले आफ्नो ध्यानको समय छोट्याउनु भयो । वहाँ आफ्नो आसनबाट उठेर बाहिर निस्कनु भयो । त्यस बखत राजा शत्रुघ्न आश्रमकै द्वारमा हुनुहुन्थ्यो ।

महर्षि वाल्मीकि राजा शत्रुघ्नलाई भेट्न पाउँदा ज्यादै खुशी हुनुभएको थियो । वहाँले राजाको स्वागत गर्दै भन्नुभयो : "शत्रुघ्न ! तपाईं जस्ता महापुरुषहरूलाई मेरो आश्रममा स्वागत छ । तपाईंले गर्दा सारा ऋषि-महर्षिहरूले बडो आनन्दपूर्वक बाँच्न पाए । सयौं राजा त्यसको हातबाट मारिए । कयौं

महाराजले ज्यान गुमाउनु पऱ्यो । ऋषि-महर्षिको त शत्रु नै थियो लवणासुर । त्यस्तो बदमास राक्षसलाई सहजै समाप्त पारेर तपाईंले ठूलो उपकार गर्नुभएको छ । तपाईं जस्ता महापुरुष न जन्मिए लोकको कल्याण हुँदैन । यो पृथ्वी रहुन्जेल तपाईंको कीर्ति रहनेछ । तपाईंलाई सबैले सम्भनेछन् ।

त्यसै बखत आश्रममा राम चरित्र गाएको सुनियो । स्वर मधुर थियो । त्यसमा पनि संगीतको मधुर आवाज थियो । रामचन्द्रले त्यस बखतसम्म गरेको कामको बयान त्यसमा थियो । शत्रुघ्नलाई पनि त्यो चरित्र सुन्न मनलाग्यो । उनी ओछ्यानबाट उठे । अर्को कुटीमा गए । राम चरित्र सुने । त्यहाँ ऋषिका चेलाहरू थिए । ती सबै तेजिला थिए । फूर्तिला थिए । यो गीतले सबैलाई लठ्यायो । यो सुनेर सबै मक्खपरे । सैनिकहरूले त यसबारे महर्षिहरूलाई सोध्नुहोस् न भनी अनुरोध पनि गरे । राजाले भने : "यो सबै रामकै बारेको कुरा हो । यो रामचरित्रको बारेमा छ भन्ने कुरा थाहा पाए पुगिहाल्यो । किन सोध्ने ? किन दुःख दिने ?" यसरी राजा शत्रुघ्नले आफ्ना सैनिकहरूको चित्त बुझाउनु भयो । वहाँले सबैलाई आराम गर्न संझाउनु भयो ।

राजा शत्रुघ्न बिहान सबेरै उठ्नुभयो । बिहानको नित्य-कर्म सकी आश्रम वरपर घुम्न लाग्नुभयो । अरू पनि बिहान सबेरै उठे । आ-आफ्नो नित्य कर्म सकेर बाँकी यात्राको लागि तयार भए । महर्षिले पनि आफ्नो नित्य-कर्म सक्नुभयो । वहाँ बाहिर बगैंचामा निस्कनुभयो । राजा शत्रुघ्नले त्यहीं गएर महर्षि र सीतालाई भेट्नु भयो । वहाँसँग बिदा भएर आफ्नो यात्रा थाल्नुभयो ।

त्यहाँबाट अयोध्या पुग्न दुई दिन लाग्यो । दुई दिनपछि बेलुकीपख शत्रुघ्न अयोध्या पुग्नुभयो । वहाँ सरासर महाराज रामको महल तर्फ लाग्नुभयो । महाराज रामलाई भेटेर वहाँले भन्नुभयो : "भगवान् ! मैले हजूरको आज्ञा पालन गरे, हजूरले अराएको काम पूरा गरें । अब म अयोध्या मै बस्छु । हजूरकै समीपमा बस्छु । मलाई नराम्रो नसम्भनोस् । आफ्ना सबै आफन्तलाई यहाँ छाडेर म त्यहाँ बस्न सक्दिनँ ।"

महात्मा शत्रुघ्नको कुरा सुनेर भगवान् राम एकदमै खुशी हुनुभयो । शत्रुघ्नलाई संझाउँदै वहाँले भन्नुभयो : "शत्रुघ्न ! सेवा नै धर्म हो । हामी सेवामा लाग्नुपर्छ । हामी राजा हौं । राजधर्म पालना गर्नु हाम्रो कर्तव्य हो । हाम्रो काम वीरताको काम हो । हाम्रो धर्म सज्जनको रक्षा गर्नु हो । दुर्जनको

नाश गर्न नसके सज्जनको रक्षा हुन्न । त्यसैले तिमी पीर नमान । तिमी साता दिन अयोध्यामा बस । सबैसँग भेटघाट गर । त्यसपछि खुशीसाथ मधुपुरी जाऊ । त्यहीं बसेर राजधर्म पालना गर ।" यसरी भगवान् रामले राजा शत्रुघ्नलाई सेवा र राजधर्म बारे संझाउनुभयो ।

भगवान् रामको तीर्थयात्रा

धेरै समयपछि भगवान् राम तीर्थयात्रामा लाग्नुभयो । राज्यमा एउटा अनिष्ठ देखापऱ्यो । त्यस्तो कहिल्यै भएको थिएन । यो के भएको हो त ? भगवान् राम यसबारे थाहा पाउन चाहनुहुन्थ्यो । त्यसैबारे बुझ्न वहाँ वशिष्ठ आश्रममा पुग्नुभयो ।

वशिष्ठ आश्रममा पुग्दा देवर्षि नारद पनि त्यहीं आइपुग्नु भएको रहेछ । ब्रह्मर्षि वशिष्ठ र देवर्षि नारदले महाराज रामलाई आश्रममा स्वागत गर्नुभयो । केही समय सन्चो बिसन्चो भलाकुसारीमै बित्यो । केही समयपछि महाराजले आफ्नो राज्यमा एउटा बालकको मृत्यु भएको बारे बताउनुभयो । वहाँले यस्तो अनिष्ठ हुनाको कारण के हो त भनी सोध्नुभयो । महर्षिहरूले मानिसहरूले आफ्नो वर्णाश्रम व्यवस्था भङ्ग गरेकोले यस्तो भएको हो । सबै जाति, वर्ण आ-आफ्नो धर्म अनुसार अनुशासनमा बसे भने यस्तो नहुने कुरा महर्षिहरूले बताउनुभयो । वहाँहरूले भगवान्को तीर्थयात्रा पूरा हुँदा यो कुरा स्पष्ट हुने पनि बताए ।

देवर्षि नारद र ब्रह्मर्षि वशिष्ठको कुरा सुनेपछि भगवान् रामले पुष्पक विमानको संझाना गर्नुभयो । यस्तैमा पुष्पक विमान वहाँको अगाडि आइपुग्यो । वहाँ विमानमा बस्नुभयो । त्यहाँबाट सिधै पश्चिमतर्फ लाग्नुभयो । त्यहाँबाट देखिने जति सबै ठाउँ हेर्नुभयो । त्यताबाट हिमालय तर्फ लाग्नुभयो । सबैतिर चहार्दा पनि केही भेटिएन । त्यसपछि वहाँ पूर्वतर्फ मोडिनुभयो । त्यहाँ पनि त्यस्तो केही देखिएन । आफ्नो अनुशासनभन्दा बाहिर गएको कोही देखिएन । त्यसपछि भगवान् राम शैबल पहाडतर्फ लाग्नुभयो । त्यहाँ एउटा विशाल तलाउ देखियो । त्यसै तलाउको नजिकै एउटा तपस्वी पनि देखिए । उनी टाउको तल झारेर कठोर तपश्या गर्न लागेका थिए । वहाँ त्यसै तलाउको छेवैमा ओर्लनु

भयो ।

भगवान् सरासर त्यस तपस्वी भएतर्फ लाग्नुभयो । वहाँले त्यस तपस्वीलाई सोद्धै भन्नुभयो : "तपस्वी ! तपाईं कहाँबाट आउनुभएको हो । तपाईंको जात के हो ? कुन गाउँ हो ? किन यसरी तपश्या गर्नुभयो भनी सोद्धा उनले भने : "महाराज ! म शुद्र जातिको तपस्वी हुँ । जिउँदै स्वर्ग जाने इच्छा भएकोले मैले यस्तो तपश्या गरेको हुँ । मेरो नाम शम्वुक हो । देवलोक पाउने इच्छाले यो तपश्या गरको हुँ ।" तपस्वीको कुरा सुनेपछि भगवान् रामले त्यसलाई छोइदिनु भयो । शम्वुक भगवान्लाई नै पर्खेर बसेको हो । ऊ देवलोक तर्फ लाग्यो । यता भगवान् रामलाई भने पुष्पवृष्टि भयो । उसको तपश्या देखेर तर्सिएका देवताले भगवान् रामको जय मनाए ।

सबै देवताहरू भगवान् रामलाई भेट्न शैबल पहाडतर्फ आए । सबैले भगवान् रामको प्रशंसा गरे । रावणको हत्या, दुर्जनहरूको नाश, समाजमा शान्ति सुव्यवस्थाको लागि वहाँको प्रशंसा गरियो । सबैले भगवान् रामलाई अगस्त्यजीको यज्ञ समापन समारोहमा बोलाएर लगे । ऋषिहरूको साथमा पुग्न पाउँदा वहाँ पनि खुशी हुनुभयो ।

महर्षि अगस्त्यले सबै देवतालाई स्वागत गर्नुभयो । वहाँले कसैलाई भेदभाव गर्नुभएन । भगवान् रामलाई देखेर वहाँले भन्नुभयो : "भगवान् ! तपाईंलाई स्वागत गर्न पाउनु त ठूलो सौभाग्यको कुरा हो । हजूर जस्ता पराक्रमीले यो पृथ्वीमा आएर यसरी दुर्जनलाई नाश गरिदिनु भएकोले अहिले हामी सुखी भएर बाँच्न पाएका छौं । चिरञ्जीवी हुनुहोस्, सदा यहाँको स्वागत गर्न पाइयोस् ।"

यसरी महर्षि अगस्त्यले भगवान् रामलाई स्वागत गर्नुभयो । आश्रमको यज्ञ समापन समारोहमा भाग लिन पाउँदा वहाँ पनि दङ्ग पर्नुभयो ।

महाराज रामको राजसूय यज्ञ गर्ने इच्छा

अगस्त्य ऋषिको आश्रमबाट भगवान् राम अयोध्या तर्फ फर्कनुभयो । त्यस आश्रममा हुँदा वहाँले धेरै ऋषि-महर्षिहरूलाई भेट्नु भयो । ऋषि-महर्षिहरूसँग कस्तो यज्ञ गर्ने भन्ने बारे सुझाब लिनुभयो ।

अयोध्या पुगेपछि भगवान् रामले महात्मा भरतलाई बोलाउनु भयो । त्यसपछि लक्ष्मणलाई लिन पठाउनुभयो । दुवै भाइहरू खवर पाउनासाथ दरबार आए । रामचन्द्रले दुवै भाइहरूलाई अगाडि राखेर तीर्थयात्रा बारे बताउनुभयो । आफू अगस्त्य ऋषिको आश्रममा पुगेको र आफूले ऋषिको यज्ञ समापन समारोहमा भाग लिएको बारे बताउनु भयो । त्यही यज्ञमा भाग लिएपछि आफूलाई पनि राजसूय यज्ञ गर्न मन लागेको कुरा बताउनु भयो ।

महाराज रामको इच्छा बुझेपछि महात्मा भरतले भने : "महाराज ! तपाईंकै आधारमा यो संसार चलेको छ । तपाईंकै आधारमा धर्मले ठाउँ पाएको छ । यो पृथ्वीका सबै राजाले हजूरलाई मानेका छन् । हजूरको शक्तिको अगाडि सबै झुकेका छन् । त्यसैले किन राजसूय यज्ञ गर्ने ? मैले त हजूरको इच्छा बुझ्नै सकिनँ । राजसूय यज्ञ थाल्दा धेरै कुरा विचार गर्नुपर्दछ । हजूर भएर सबैको संरक्षण गर्नुपर्ने बेलामा किन विनास तर्फ लाग्ने ? भगवान् ! हामी राजसूय यज्ञ गर्ने तर्फ नलागौं । यो पृथ्वी त्यसै पनि हजूरको वसमा भएकोले यस्तो यज्ञ गर्नुपर्ने आवश्यकता छैन । बरु अरू कुनै यज्ञ बारे सोचौं ।"

महात्मा भरतको कुरा सुनेर भगवान् राम ज्यादै खुशी हुनुभयो । वहाँको मन शान्त भयो । वहाँलाई राजसूय यज्ञ गर्ने इच्छा भएन । वहाँले महात्मा भरतको प्रशंसा गर्दै भन्नुभयो : "भरत ! तिमी निष्पाप निस्कलङ्क छौ । तिमी जस्तो सज्जन यो संसारमा थोरै मात्र जन्मछन् । तिम्रो कुरा सुनेपछि अब म पनि राजसूय यज्ञ गर्नुपर्ने रहेनछ भन्ने कुरामा सहमत भएँ । संसारलाई राम्रो होओस्

भनेर यज्ञ गर्ने हो । यज्ञले गर्दा संसारलाई फाइदा हुनुपर्‍यो । संसारलाई बेफाइदा हुन्छ भने त्यस्तो काममा किन लाग्ने ? त्यसैले हे महात्मा ! तिमीले भनेको कुरा मानें ।

आफ्ना दाजुहरूको बीचमा कुराकानी चलुन्जेल वीर रामभक्त लक्ष्मण चुपचाप बसिरहे । वहाँहरू बीचको सम्वाद सकिएपछि हात जोडेर नम्रतापूर्वक भने : "महाराज ! मेरो विचारमा यज्ञ गर्नु ठीकै हो । दाजु भरतले भन्नुभए जस्तै राजसूर्य यज्ञमा नलागौं । त्यो यज्ञ त हामीले रावण मारेर पूरा गरिसकेका छौं । अब हामी अश्वमेध यज्ञ तर्फ लागौं ।

उहिलेको कुरा हो । एकपटक इन्द्रलाई ब्रह्महत्याको पाप लाग्यो । इन्द्रलाई त्यो पाप कसरी काट्ने भन्ने कुरामा पीर पर्‍यो । वहाँलाई कस्तो यज्ञ गरौं भन्ने छटपटि पर्दा अश्वमेध यज्ञ गर्ने सुझाव आयो । त्यही यज्ञ गरेर वहाँ ब्रह्महत्याबाट मुक्त हुनुभयो । त्यसैले यज्ञ नै गर्ने हो भने यही यज्ञ गरौं । धर्म पनि हुने हाम्रो प्रतिष्ठा पनि बढ्ने भएकोले यस्तै यज्ञ गर्नु उचित हुन्छ ।"

"महाराज ! प्राचीन कालको कुरा हो । त्यस बखत देवता र असुरहरूमा वैमनष्यता थिएन । त्यस बखत वृत्रासुर नाम भएको एउटा दैत्य थियो । त्यो दैत्य एकदमै अग्लो मोटो थियो । त्यो बलवान् थियो तर सबैको सहयोगी र धर्मात्मा थियो ।

त्यस बेला पृथ्वीमा केही कुराको पनि कमी थिएन । यो पृथ्वीमा जे खोज्यो त्यही पाइन्थ्यो । फलफूल थिए, धान, गहुँ, कोदो, मकै, जौं, आदि जे जस्तो अन्न पनि सजिलै पाइन्थ्यो । यस्तो पृथ्वीमा वृत्रासुरले लामो समयसम्म राज्य गर्‍यो । उसको राज्यमा त्यस्तो कुनै नराम्रो कुरा भएन ।

वृत्रासुरलाई तपश्या गर्ने इच्छा भयो । त्यसैले आफ्नो जेठो छोरालाई राज्य जिम्मा लगाएर आफू तपश्या तर्फ लाग्यो । उसले एकदमै कठोर तपश्या गर्‍यो । वृत्रासुरको तपश्याबारे देवलोकमा पनि चर्चा चल्नलाग्यो । इन्द्र त आफ्नो आसनै डगमगाउने हो कि भनी तर्सिए ।

त्यसैले इन्द्रले देवताहरूको भेला बोलाए । सबै देवताहरूलाई वृत्रासुरको तपश्याबारे बताए । सबैलाई वृत्रासुरले तपश्या गरेको ठाउँमा जाऊँ जाऊँ लाग्यो । त्यसैले सबैजना वृत्रासुरले तपश्या गरेको ठाउँमा आए । वृत्रासुर ध्यानमा थियो । उसको अनुहार एकदमै चम्किलो थियो ।

वृत्रासुरको तपश्या देखेर देवताहरू सबै तर्सिए । इन्द्रको त सातो नै उड्यो । उनी इर्ष्याले जले । यस्तैमा इन्द्रले आफ्नो बज्र उठाए । आफ्नो ब्रज प्रहार गरी विचरा वृत्रासुरलाई मारे । पृथ्वीमा हाहाकार मच्चियो । एउटा निरपराध तपस्वीको हत्या भएकोमा सबै दुःखी भए । सबैले इन्द्रको निन्दा गरे । इन्द्रको शक्ति घट्दै गयो । उनीमा देवत्त्व शक्ति नभएको अनुभव भयो ।


इन्द्र भागेपछि देवलोकमा संकट आइलाग्यो । सबै देवताहरू अग्निलाई अगाडि लगाएर भगवान् विष्णुको शरणमा गए । अग्निले देवताहरूको तर्फबाट भगवान् विष्णुलाई भन्नुभयो : "भगवान् ! वृत्रासुरको हत्या गरेर इन्द्र आफैं भाग्नुभयो । सायद वहाँलाई आफूले ठूलो अपराध गरेको अनुभव भएको हुनसक्छ । वहाँ ब्रह्महत्याको पीडा खप्न नसकेर छटपटिनु भएको छ । अब कसो गर्नु बेस होला ?"

अग्निको कुरा सुनेपछि सृष्टिकर्ता भगवान् विष्णुले भन्नुभयो : देवताहरू ! वृत्रासुरको हत्या त राम्रो होइन तर अब त्यस्तो नराम्रो भइसक्यो । अब त्यसबाट मुक्ति पाउन संझाउनू । उनलाई अश्वमेध यज्ञ गरी मेरो आराधना गर्न भनिदिनू । यज्ञ सकिएपछि फेरि इन्द्र पद पाउनेछन् ।"

भगवान् विष्णुको सल्लाह अनुसार देवताहरू त्यहाँबाट फर्किए । इन्द्रलाई खोज्दा बल्लतल्ल फेला परे । उनीहरूले भगवान् विष्णुको सुझाब सुनाए । त्यो सुझाब सुनेपछि इन्द्रको अनुहारमा केही चमक देखियो । उनी सरासर देवलोकमा आए । सबै कुराको बन्दोबस्त गरी अश्वमेध यज्ञ शुरु गरे । यज्ञ धुमधामसँग चल्यो । यज्ञ समाप्त भएपछि उनी ब्रह्महत्याबाट मुक्त भए ।"

लक्ष्मणको कुरा सुनेर सबै दङ्ग परे । यो कुरा सुनेपछि भगवान् राम पनि अश्वमेध यज्ञ तर्फ लाग्नुभयो । महात्मा भरतले पनि यही यज्ञ गर्न ठीक हुने कुरा बताउनुभयो । सबैको सहमति भएपछि भगवान् रामले अश्वमेध यज्ञ गर्ने निधो गरी आफ्ना सबै गुरु पुरोहित ऋषि-महर्षि आदि सबैलाई बोलाई सरसल्लाह गर्न लाग्नुभयो ।

अश्वमेध काण्ड



अश्वमेध काण्डको सारांश

अश्वमेध यज्ञको लागि तयारी चल्दै थियो । महाराज रामले विभिन्न कामको लागि आफ्ना भाइहरु र मन्त्रीहरुलाई खटाउनु भयो । महाराज जनकलाई निमन्त्रणा गर्न मन्त्री सुमन्त्रलाई नै खटाउनु भयो । विद्वानहरु ऋषि-महर्षिहरु सबैलाई निमन्त्रणा गर्नुभयो । यस्तो अवसरमा आफ्ना सहयोगी सुग्रीव, विभीषण आदिलाई बिर्सने त कुरै भएन । आफ्नो भक्त गुहराजलाई पनि सम्झनु भयो । आफ्नो वरपरका राजा महाराजा आदि सबैलाई बोलाउनु भयो । मधुपुरीका राजा शत्रुघ्न पनि आइपुगे । उनले ल्याएको सामान देखेर महाराज राम पनि दङ्ग पर्नुभयो ।

नैमिषारण्यलाई यज्ञ गर्ने थलोको रुपमा लिइएको थियो । सबै कुरा तयार हुँदै थियो । ऋषि-महर्षिहरु आइपुगे । त्यहाँ एउटा समस्या देखापऱ्यो । अश्वमेध यज्ञको लागि महारानीसाथमा हुनुपर्ने । त्यस बखत सीताजी त्यहाँ नभएकोले विवाद निस्कियो । कि त सीताजीलाई ल्याउनुपर्ने कि त महाराज रामले अर्को विवाह गर्नुपर्ने भन्ने कुरा उठ्यो । महाराज रामले दुवै कुरा स्वीकार्नु भएन । वहाँले कुनै उपाय निकाल्नको लागि विद्वान महर्षिहरुलाई आग्रह गर्नुभयो । आखिर ब्रह्मर्षि वशिष्ठले महारानी सीताजीको तस्वीर राखेर यज्ञ सम्पन्न गर्न सकिने तर्क अगाडि सार्नुभयो । महाराज रामलाई त्यस बारे जानकारी गराउँदा वहाँले पनि मन्जुर गर्नुभयो । उचित निर्णय गरेकोमा विद्वानहरुको प्रशंसा गर्नुभयो ।

शुभ मुहुर्तमा यज्ञ प्रारम्भ गरियो । यज्ञ प्रारम्भ गरेको केही दिनपछि ब्रह्मर्षि वाल्मीकि पनि आफ्ना चेलाहरुलाई लिएर यज्ञमा आउनुभयो । वहाँका चेलाहरुलाई रामायण पाठ गर्नेहरु मध्ये दुईजना त दुरुस्त महाराज

राम जस्तै थिए ।

त्यसबखत यज्ञमा रामायण पाठ नै मुख्य आकर्षणको केन्द्र बन्यो । सबै मानिस रामायण पाठ तर्फै झुमिन्थे । त्यहाँ भएका सबैले ती दुइटा केटाहरु भगवान् रामकै छोराहरु हुनुपर्छ भन्ने अड्कल काट्न थाले । तर यो कुराको पुष्टि भने कतैबाट पनि भएको थिएन ।

यता एक महीनासम्म यज्ञ चल्यो । यज्ञ समाप्तिको समयमा घोडा छाड्नुपर्दथ्यो । त्यो घोडा समातेर त्यसको पछाडि आएको समूहलाई लखेट्न सक्नेलाई कोशल राज्य दिने प्रण गर्नु पर्दथ्यो । यज्ञको विधान यस्तै थियो । त्यसैले सोही अनुसार विधान पूरा गरियो । घोडा छाडियो । त्यो घोडा वाल्मीकि आश्रममा पुग्यो । त्यसको रक्षाको लागि महाराज शत्रुघ्न खटिएका थिए । त्यही आश्रमका दुइटा केटाहरुले त्यो घोडा समाए । रुखमा बाँधे । त्यहाँ आएको फौजलाई लघारे । आखिर ती दुवै केटाहरुलाई अश्वमेध यज्ञमा ल्याइयो । उनीहरुलाई कोशल राज्य दिने प्रण गरियो ।

अर्को दिन ब्रह्मर्षि वाल्मीकिले सीताजीलाई लिएर आउनुभयो । वहाँलाई हेर्न भनी हजारौं मानिसको घुइरो लागेको थियो । सीताजी यज्ञमा आउनुभयो । यज्ञमा आएर यज्ञदेवीको प्रार्थना गर्नुभयो । पृथ्वी मातासँग आफूलाई आश्रय दिन अनुरोध गर्नुभयो । हेर्दाहेर्दै त्यहाँ अद्भूत ज्योति देखापर्‍यो । त्यहाँ एउटा सिंहासन पनि देखियो । सीताजी त्यसैमा वस्नुभयो । विस्तारै त्यहींबाट हराउनुभयो । यस्तो अद्भूत अनौठो घटना देखेर त्यहाँ हो-हल्ला मच्चियो । ऋषिहरु शान्ति पाठ गर्नलागे । आखिरमा ब्रह्मर्षि वशिष्ठ, ब्रह्मर्षि वाल्मीकि आदिले महाराज रामलाई सबै कुरा बुझाउनु भयो । यज्ञ समाप्त भयो । यज्ञ समाप्त हुँदा जुन उत्साह उमङ्ग हुनुपर्ने हो, त्यो भएन । महाराज राम ब्रह्मर्षि वशिष्ठले बताए अनुसार योग अभ्यासमा लाग्नुभयो । शान्ति कायम होओस् भनी आफ्नो मन शान्त पार्ने कुरामा लाग्नुभयो । तर त्यस्तो हुन सकेन ।

शोक शान्तिमा बदलिनु पर्ने तर त्यस्तो भएन, शोक त क्रोधमा बदलियो । सीताजीलाई पातालबाट फिर्ता ल्याउँछु भनी पृथ्वीसँग रिसाउनु भयो । यस्तैमा वहाँलाई संझाउन ब्रह्माजी स्वयम् त्यहाँ आइपुग्नुभयो ।

वहाँले भगवान् रामलाई वहाँ पृथ्वीमा आउनुको कारण बताउनु भयो । अब पृथ्वीमा बस्ने समय सकिएको बारे बुझाउनु भयो । वहाँलाई आफ्नै वैष्णव भाव संझन ब्रह्माजीले बताउनु भयो । रामायणको बाँकी अंश सुनेर आफ्नो अवस्था बुझ्नको लागि संझाउनु भयो ।

ब्रह्माजीको सदिच्छा बुझेपछि भगवान् राम वाल्मीकि आश्रममा पुग्नुभयो । ब्रह्मर्षि वाल्मीकिलाई भेटेर रामायणको अरु भाग पनि सुन्ने चाहना भएको कुरा स्पष्ट पार्नुभयो । फेरि नैमिषारण्यमा रामायण पाठ हुनलाग्यो । त्यस बखत महाराज रामकोसाथमा केही ऋषि-महर्षिहरु मात्र बाँकी थिए । रामायणको बाँकी अंश सुनेपछि महाराज राम शान्त हुनुभयो । वहाँ त्यहाँ भएका सबैलाई साथमा लएर अयोध्या तर्फ लाग्ने बन्दोवस्त मिलाउन लाग्नुभयो । केही ऋषि-महर्षिहरुले नैमिषारण्यलाई नै आफ्नो कर्मथलो बनाउन चाहेकोले उनीहरुलाई त्यहीं छाडेर वहाँ अयोध्या तर्फ लाग्नुभयो ।

समय क्रममा वहाँका आमाहरु पनि बित्नु भयो । सबैको काज किरिया पूरा भयो । यस्तै अवसर पारेर महाराज रामलाई भेट्न त्यस बखतका राजा महाराजाहरु आइरहन्थे । कुनै समय ऋषि-महर्षिहरुको घुइँचो लाग्दथ्यो । यसरी भेटघाट कुराकानीमै समय बित्दै गयो । यस्तैमा महाराज युधाजितले आफ्ना गुरु गार्ग्यलाई पठाउनुभयो । वहाँले गन्धर्व देश लिने सम्बन्धमा सन्देश पठाउनु भएको थियो । यसै बारे संझाएर महात्मा भरतलाई त्यस तर्फ पठाउनुभयो । त्यो राज्य लिएर भरतले आफ्ना छोराहरुलाई राजा बनाउनुभयो । वहाँ फेरि अयोध्या आउनुभयो । यसरी नै कारुपथ भन्ने राज्य लिएर लक्ष्मण आफ्ना छोराहरुलाई राजा बनाउनुभयो । यी सबै कुरा महाराज रामकै निर्देशनमा भएका थिए । अब कोशल राज्य विभाजन गरेर लव र कुशलाई राजा बनाउने कुरा चल्न लाग्यो ।

एकदिनको कुरा हो । एउटा तपस्वी महाराज रामको दरबारमा आए । उनले आफू महर्षि अतिबलका नाति भएको कुरा बताए । उनी सूर्य जस्तै तेजिला थिए । उनले आफू र महाराज रामको बिचमा मात्र कुराअहुनुपर्छ भनी भगवान् रामलाई संझाए । जसले उनीहरुको बिचमा भएको कुरा

सुन्दछ; त्यसलाई महाराज रामले मार्नुपर्दछ भन्ने कुराको छिनोफानो भयो । त्यहाँको पाले पहरालाई हटाएर उनीहरुको ठाउँमा लक्ष्मणलाई राखियो ।

ती तपस्वी यमराज थिए । उनले ब्रह्माको सन्देश भगवान् रामलाई सुनाए । दुष्टहरुको विनास र सज्जनहरुको पालन गर्ने तत्कालको काम समाप्त भएकोले अब पृथ्वीमा बस्ने काम सकिएको कुरा बताए । यस्तैमा महर्षि दुर्वासा त्यहाँ आइपुग्नुभयो । वहाँ तुरुन्त महाराज रामलाई भेट्न चाहनुहुन्थ्यो । लक्ष्मणले केही समय पर्खन अनुरोध गर्दा उनले त श्राप दिने धम्की दिए । लक्ष्मण डराएर भित्र पसे । आफू एउटा मारिएर समाज र राष्ट्र बच्छ भने बरु आफू मर्न तयार भए । त्यसैले उनी महाराज रामलाई खबर गर्न भित्र पसे । उनले महर्षि दुर्वासा आएको उनलाई तुरुन्त भेट नदिए श्राप दिने धम्की दिएको वारे खवर गरे । तपस्वी भेषका यमराज अलप भए । महाराज रामले महर्षि दुर्वासालाई भेट्नुभयो ।

यथोचित सत्कार गरेर वहाँको इच्छा पूरा गरिदिनु भयो । महर्षि दुर्वासा आफ्नो आश्रमतर्फ लाग्नु भएपछि महाराज राम चिन्ता र पीरले छटपटाउनु भयो । लक्ष्मणलाई मृत्युदण्ड दिनुपर्ने समस्या परेकोले वहाँ छटपटिनु भएको थियो । अब के गर्ने ? कसरी यो समस्याको समाधान गर्ने ?

यसै अवस्थामा आफ्ना गुरु वशिष्ठलाई संझनु भयो । महर्षि वशिष्ठ अरु ऋषि-महर्षिहरुकासाथ त्यहाँ आइपुग्नुभयो । वहाँले सवैसँग छलफल गर्नुभयो र महाराजलाई सुझाव दिनुभयो ।

वहाँले भन्नुभयो :"महाराज ! यहाँ मार्नु भनेको त्याग हो । लक्ष्मणलाई त्यागनासाथ तपाईंको समस्या समाप्त हुन्छ । त्यसैले अलमलिनुपर्ने कुरै छैन । यो महाकाल हो । कालको अगाडि कसैको केही लाग्दैन । पीर मानेर जिउ सुकाउनु मूर्खता हो । धैर्य धारण गर्नुहोस् । एकदिन हामी सबै त्यही बाटो जानुपर्दछ ।" महर्षिको सुझाव अनुसार भगवान् रामले लक्ष्मणलाई त्यागेको घोषणा गर्नुभयो । लक्ष्मण सरासर सरयु नदी तर्फ लागे । प्राणायाममै बसेर आफ्नो प्राण त्यागे ।

लक्ष्मणलाई त्यागेपछि भगवान् रामलाई यो पृथ्वीमा बस्न मन लागेन ।

त्यसैले वहाँले कोशल राज्य बाँड्नुभयो । लव र कुश दुवैलाई राजा बनाउनु भयो । अब वहाँ आफ्नो अन्तिम यात्राको तयारीमा लाग्नुभयो । धेरै ऋषि-महर्षिहरु, राजा महाराजाहरु वहाँसँगै जान तयार भए । हनुमान विभीषण आदिलाई संझाएर, अरु सबैलाई साथमा लिएर वहाँ सरयु नदी तर्फ लाग्नुभयो । सरयुमा पुगेर योगवलकै आधारमा प्राण त्यागेर इहलीला समाप्त गरी बैकुण्ठ तर्फ लाग्नुभयो ।

अश्वमेध यज्ञ बारे छलफल

सबैको सल्लाह अनुसार अश्वमेध यज्ञ गर्ने निर्णय भयो, राजसूय यज्ञको आवश्यकता नभएको बारे सबैले स्वीकारे । त्यसैले महाराज रामले पनि राजसूय यज्ञ नगरी अश्वमेध यज्ञ गर्ने कुराको निर्णय गर्नुभयो । वहाँले ब्रह्मर्षि वशिष्ट, पुरोहित वामदेव, विद्वान् जावालि, महर्षि कश्यप आदिलाई बोलाउन राजकुमार लक्ष्मणलाई अराउनुभयो । ती विद्वान्हरू यज्ञ सञ्चालन गर्न निपुण मानिन्थे । सबैजना विद्वान् थिए । ठीक समयमा ठीक कुरा सोच्नसक्दथे ।

महाराज रामले महात्मा भरतलाई बोलाउनु भयो । वहाँले भरतलाई यज्ञको लागि सामान जम्मा गर्न सम्झाउनुभयो । देश विदेश सबैतिर यसबारे खबर गर्न भनियो । महात्मा भरतले विभिन्न विभाग बनाउनुभयो । वहाँले कोशल देशका जनतालाई खबर गर्न सुमन्त्र र अरू सबै मन्त्रीहरूलाई भन्नुभयो । आफ्नो देश बाहिर खबर पुऱ्याउने कामको जिम्मा राजकुमार शत्रुघ्नलाई दिइयो । कोशल राज्यमा फेरि चहल पहल बढ्यो । अयोध्यामा सयौं मानिस आवत-जावत गर्न लागे । सबै जना अश्वमेधको लागि सामान ल्याउँथे । महाराज रामको दरबारमा उपहार चढाउँथे । सबै जना सहयोगको लागि तयार थिए ।

कोशल राज्यमा खुसीयालीको लहर चल्दै गयो, एकातर्फ रमाइलो, अर्को तर्फ धर्म । मानिस खुसी हुने नै भए ।

यता महाराज रामचन्द्रले सबभन्दा पहिला सुग्रीवलाई संझनु भयो । जाम्ववान्, अंगद, आदि सबैलाई लिएर आउन भन्नुभयो । सुग्रीव भगवान् रामको सबभन्दा नजिकका हितैषी थिए । उनको सहयोग ज्यादै महत्त्वपूर्ण थियो । जुनसुकै काममा पनि महाराज सुग्रीवको आवश्यकता हुन्थ्यो । त्यसैले भगवान् रामले सबभन्दा पहिला उनलाई बोलाउनको लागि भन्नुभयो ।

भगवान् रामका अर्का सहयोगी थिए विभीषण । भगवान्‌ले उनलाई बिर्सने त कुरै आएन । वहाँले विभीषणलाई खबर गर्न भन्नुभयो । विभीषणलाई खबर गरे पछि त्यस तर्फबाट प्राप्त हुने सहयोग उनकै माध्यमबाट आउने भएकाले उनलाई तत्काल खबर गर्नुपर्ने आवश्यकता थियो । लङ्कामा लडाईं भएको बेला विभीषणले गरेको सहयोग बारेको कुरा भगवान्‌को मनमा ताजै थियो । त्यसैले विभीषणलाई तुरून्तै खबर गर्नुभयो ।

महाराज रामले आफ्नो भक्त निषाद राजलाई बिर्सने भन्ने त कुरै भएन । उहाँ बारम्बार गुहराजको कुरा गरिरहनु हुन्थ्यो । निषादराजको सहयोग आवश्यक पनि थियो । वहाँको सहयोग विना अश्वमेधको यज्ञ पूरा हुन संभव थिएन । त्यसैले यज्ञको लागि सहयोग गर्न वहाँलाई खबर गरियो ।

यसरी महाराज रामले आफ्ना वरपरका राजा रजौटा सबैलाई बोलाउनु भयो । अन्तमा विदेहराज जनक कहाँ कस्लाई पठाउने भन्ने बारे छलफल भयो । त्यस यज्ञमा वहाँको सहयोग आवश्यक थियो । त्यसैले वहाँलाई बोलाउन विद्वान् तथा बुद्धिमान् मन्त्री सुमन्त्रलाई खटाइयो । उनी तुरून्त विदेहराजको राजधानी मिथिला तर्फ लागे ।

यज्ञ थालिने तिथि तय भइसकेको थियो । पुरोहित वामदेव र गुरू वशिष्टकै निर्देशनमा यज्ञ सम्पन्न हुने कुरा पहिले नै स्पष्ट भइसकेको थियो । त्यसमा पनि अग्निको जस्तो तेज भएका जावालि र महर्षि कश्यप त्यहीं नै हुनुहुन्थ्यो । वहाँहरू अश्वमेध यज्ञको विशेषज्ञकै रूपमा त्यहाँ निम्त्याइनु भएको थियो ।

यज्ञ हुने स्थल नैमिषारण्य थियो । यो ठाउँ सरयु नदीको किनारमा पर्दथ्यो । नैमिषारण्य ज्यादै रमणीय र पवित्र तीर्थस्थलको रूपमा मानिन्थ्यो । नदीको किनार सफा थियो । वरिपरि चारैतिर जङ्गल थियो । बीचमा सफा नदी । त्यो नदी किनार नै यज्ञको लागि उपयुक्त र पवित्र ठाउँ मानियो ।

पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै तर्फका ऋषि-महर्षिहरू र वहाँहरूका चेलाहरूलाई पनि बोलाउने योजना बनाइएको थियो । त्यसैले सबै ऋषि-महर्षिहरूलाई खबर गरिएको थियो । ब्रह्मर्षि वाल्मीकिलाई । विशेष निम्ता दिइएको थियो । वहाँका चेलाहरूलाई पनि त्यस यज्ञमा ल्याउन भनिएको यसमा पनि खास कारण थियो ।

यस्तैमा जावालि, कश्यप, वशिष्ट, वामदेव आदि ऋषिहरू भेला भएर यज्ञ

वारे छलफल गर्न थाले । अश्वमेध यज्ञ गर्न चाहिने कुराहरू वारे कुराकानि शुरू भयो । राजा यज्ञ गर्न तयार हुनुहुन्थ्यो । ऋषिहरू यज्ञ गराउन तयारै थिए । सबै प्रकारका कुरा पनि जुटाइदै थियो । तर यज्ञ गर्न चाहिने एउटा मुख्य कुरा नै त्यहाँ थिएन । त्यो प्रमुख कुरा थियो : महारानीको उपस्थिति ।

त्यस बखत महारानी सीतालाई त्यहाँ ल्याउने अवस्था थिएन । राजा आफैंले आश्रममा पठाइएकी रानीलाई कसरी ल्याउने ? यता भगवान् रामकी अर्की रानी पनि थिइनन् । वहाँलाई अर्को विवाह गर्ने सल्लाह दिनु ? त्यो पनि उचित भएन । यसवारे लामो छलफल भयो । महाराजले कुनै उपाय निकाल्नुहोस् भनी सबैलाई भन्नुभयो ।

विद्वानहरूको लागि पनि यो एउटा ठूलै समस्या भयो, कोही सीताजीलाई ल्याउनै पर्छ भन्नलागे भने कोही यस्तो यज्ञ हुनैसक्दैन भनी कड्कनथाले । यस्तैममा ब्रह्मर्षि वाल्मीकिले सीताकै तस्वीर अगाडि राखेर यो यज्ञ सम्पन्न गर्न मिल्ने कुरा उठाए । त्यही कुरामा सबैको सहमति भयो । यही खबर महाराज रामकहाँ पठाइयो ।

विद्वान्हरूले सीताजीको प्रतिमा अगाडि राखेर यज्ञ थाल्न सकिने कुरा जनाएपछि महाराज विद्वात् सभामा आउनुभयो । वहाँले सोचविचार गरी ठीक निर्णय दिन सकेकोमा सबैलाई धन्यावाद दिनुभयो । वहाँले सबै विद्वान्हरूको प्रशंसा गर्नुभयो ।

विभिन्न देशमा खबर गर्न गएकाहरू फर्किएर आउँदै थिए । सबै उपहार लिएर आउँदै थिए । यस्तैमा सुमन्त्र मिथिला पुगेर आए । उनले पनि थुप्रै सामान लिएर आएका थिए । यता राजा शत्रुघ्न पनि आइपुगे । उनले महाराज विभीषण आदिलाई खबर गरेका थिए । शत्रुघ्नले ल्याएको सामान देखेर सबै छक्क परे । उनले ल्याएको सामान देखेर महाराज राम पनि दङ्ग पर्नुभयो । ती सबै सामान नैमिषारण्य पठाउन मानिस खटाउनु भयो । वहाँ आफू पनि नैमिषारण्य तर्फ लाग्ने सुरसार गर्न लाग्नुभयो ।

यज्ञको तयारी

नैमिषारण्यलाई यज्ञ गर्ने थलोको रूपमा लिएको थियो । त्यसैले त्यहाँ सबै कुराको प्रबन्ध गर्नु आवश्यक थियो । हनुमान यसै काममा खटेका थिए, उनका सहयोगीका रूपमा थिए भगवान् रामका मन्त्रीहरू । हनुमानको निर्देशन अनुसार नैमिषारण्यमा सयौं छाप्राहरू तयार गरियो । हजारौं मानिस बस्नुपर्ने भएकाले सयौं घरहरूको आवश्यकता पर्दथ्यो ।

पराले घरहरू देख्दै सुन्दर थिए । सबै घर अगाडि दाउराको खलियो देखिन्थ्यो । सबै तिरबाट नदीमा पुग्न छोटो छरितो बाटो तयार गरिएको थियो । बीचमा यज्ञ मण्डप बनाइएको थियो । त्यस्को चारैतिर ऋषि-महर्षिको वासस्थान तयार गरिएको थियो । महाराज राम र राजपरिवारको लागि भने यज्ञ मण्डपकै छेउमा बस्ने प्रबन्ध गरिएको थियो ।

ऋषि-महर्षिहरूको बसोवासको पछाडि सैनिकहरूलाई राखिएको थियो । हरेक कामको लागि उनीहरूको आवश्यकता पर्दथ्यो । सेवा सुरक्षा दुवै कुराको जिम्मा लिएका थिए उनीहरूले । त्यसैको आसपासमा थिए पाहुना घरहरू । सयौं भद्रभलाद्मी आउनसक्दथे । यज्ञ हेरौं, यज्ञमा भाग लिऔं, केही सेवा गरौं भन्ने भावना सबैमा थियो । त्यसैले त्यस्ता सज्जनहरूको लागि पनि व्यवस्था मिलाइएको थियो ।

यज्ञमा भाग लिन आउनेमा राजा महाराजाहरू पनि हुनसक्थे । उनीहरूको लागि छुट्टै व्यवस्था गर्नुपर्ने आवश्यकता थियो । त्यसैले नदी किनारमै अरू पाहुना-घरहरू तयार पारियो । यसरी सजिएको थियो नैमिषारण्य । तोरण टाँगियो । फूल र मालाले सजाइयो । केही ऋषि-महर्षिहरू आइसकेकोले वेद पाठ भइरहेको थियो ।

शरद ऋतुले बिदा लिनै लागेको थियो शिशिर ऋतु टाढै थियो । यस्तै

बीचको मौसममा शुरू हुन लागेको थियो महायज्ञ । न जाडो थियो न गर्मी । समय साह्रै रमाइलो थियो । यता भगवान् रामले पनि यज्ञको लागि चाहिने सबै कुरा नैमिषारण्य पठाउनु भयो । दाल, चामल, घिउ, तेल, पूजाको लागि चाहिने सबै कुरा एक एक गनेर पठाउनु भयो । सबै कुरा पूरा भएपछि दिनदिनै लैजानु पर्ने दूध दही आदि जस्ता कुराहरूको व्यवस्था मिलाउनु भयो । अरू कामकाजको जिम्मा महात्मा भरतलाई लगाएर वहाँ पनि नैमिषारण्य तर्फ लाग्नुभयो ।

महाराज राम नैमिषारण्य पुग्नुभयो । त्यहाँ बनेको यज्ञ-मण्डप, त्यहाँ भएको सबै खाले व्यवस्था बारे बुझ्नुभयो । यस्तो अपूर्व कार्यको लागि भगवान्ले हनुमानलाई धन्यवाद दिनुभयो । वहाँले आफ्ना सबै सहयोगीहरू विभीषण सुग्रीव र आफ्ना मन्त्रीहरूलाई पनि धन्यवाद दिनुभयो । त्यहाँ बनाइएको यज्ञ मण्डप देखेर भगवान् राम ज्यादै खुसी हुनुभयो । वहाँले सबैको प्रशंसा गर्नुभयो ।

महाराज विभीषण र सुग्रीव खबर पाउनासाथ त्यहाँ आइपुगेका थिए । उनीहरू यज्ञ मण्डप तयार गर्न खटिएका थिए । उनीहरू पाहुना जस्ता थिएनन् । भगवान् रामका दाजुभाइ जस्ता थिए । अब भोलिपल्टबाट यज्ञ शुरू हुने भएकोले भगवान् राम त्यहाँ आइपुग्नुभएको थियो । केही ऋषि-महर्षिहरू त त्यहीं नै थिए । अब मानिसहरू आउन लागे । यज्ञ प्रारम्भ हुने समय पर्खेर वरपरको वातावरण हेर्न लागे । नैमिषारण्य साह्रै रमाइलो थियो । वरपर घुमेर हेर्ने ठाउँ धेरै थियो । त्यसैले समय कटाउन अप्ठेरो थिएन ।

यज्ञको प्रारम्भ

यज्ञ प्रारम्भ भयो । महात्मा भरत स्वागत सत्कारमा खटिए । राजा शत्रुघ्न सामान ओसार-पसारमै व्यस्त भए । लक्ष्मण यज्ञकै वरिपरि बसेर घोडाको रेखदेखमा लागे । बाँदरहरू सामान बाड्नेमा खटिए भने राक्षसहरू लाइन मिलाएर राख्नेमा व्यस्त भए । बाँदरहरू महाराज सुग्रीवसँग आएका थिए भने राक्षसहरू महाराज विभीषणसँग आएका थिए ।

अश्वमेध यज्ञ थालिएपछि त कोशल राज्यमा खुसीयालीको सीमैरहेन । सबैतिरका मानिसहरू सामान लिएर नैमिषारण्य तर्फ आउन लागे । आउने र जानेको ताँति नै लाग्यो । जता हेर्‍यो मानिसै मानिस । त्यस्तो सुनसान आश्रम एउटा शहर जस्तै भयो ।

गाउँलेहरूले आफैले पालो मिलाए । सामान ल्याउने पालो लाग्यो । तरकारी, फलफूल ल्याउन लागे । ल्याएको सामान बाँडेर साध्य भएन । मानिसलाई मात्र होइन, पशु-पन्छीलाई पनि बाँड्न थालियो । तैपनि सामान सक्न गाह्रो भयो ।

यज्ञमा आएकाहरू कोही पनि खाली हात जान पर्दैनथ्यो । फूल प्रसाद लिएरै जान्थे । यज्ञमा आउनेहरूले ल्याएको सामान बाँडेरै साध्य भएन । यस्तो देख्दा ऋषि-महर्षिहरू पनि दङ्ग भए । बाँदर र राक्षसहरू छक्क नपर्ने त कुरै भएन ।

यज्ञ धूमधामसँग चलिरहेको थियो । यज्ञमा कुनै कुराको कमी थिएन । यज्ञमा आउने जानेको ओहोर-दोहोर चलिरहेको थियो । एउटा भर्खर बनेको शहर जस्तै थियो नैमिषारण्य । त्यहाँ विभिन्न प्रकारका मानिसहरूको भेला थियो । एउटा पर्व एउटा मेला लागेको थियो । ज्ञानीले ज्ञानका कुरा पाउँथे । विद्वान्लाई आफ्नो विद्वता दर्शाउने ठाउँ थियो । त्यस बखत नैमिषारण्य ज्ञानको खानि नै भयो ।


यस्तैमा एक दिन ब्रह्मर्षि वाल्मीकि त्यहाँ आइपुग्नुभयो । वहाँसँग अरू ऋषिहरू पनि आएका थिए । वहाँसँग वहाँको चेलाहरू पनि आएका थिए ।

यज्ञमा वहाँको भव्य स्वागत गरियो । वहाँलाई खाने-बस्ने प्रबन्ध मिलाइयो । ब्रह्मर्षिले यो भव्य यज्ञ देख्नुभयो । वहाँलाई पनि ज्यादै रमाइलो लाग्यो । यस्तो यज्ञमा भाग लिन पाएकोमा भगवान् रामसँग खुसीयाली प्रकट गर्नुभयो ।

ब्रह्मर्षिले आफ्ना चेलाहरूलाई रामायण पाठ गर्ने प्रबन्ध मिलाइदिनु भन्यो । वहाँले मानिसहरू जम्मा हुने ठाउँमा बस्ने र पाठ गर्ने प्रबन्ध गरिदिनु भन्यो । ब्रह्मर्षि वाल्मीकिका शिष्यहरूले रामायण पाठ गर्न लागे । सबैको ध्यान त्यसै तर्फ गयो । उनीहरूको स्वर मीठो र आकर्षक थियो । वीणाको मधूर ध्वनिले झनै आकर्षक बनाएको थियो । त्यसैले सबैलाई यो यज्ञले भन्दा पनि रामायण पाठले रमाइलो बनायो । केटाहरूले लय मिलाएर गाएको सुनेर सबै मख्ख परे । सबैजना रामायण पाठ गरेकैतिर झुम्मिन लागे ।

यता यज्ञमा भजन कीर्तन पनि चल्दथ्यो । यज्ञमा वेद पाठ भइरहेको थियो । बेलुका प्रवचन चल्दथ्यो । शास्त्रका कुराको छलफल त त्यहाँको मुख्य कुरा नै थियो । यस्तैमा रामायण पाठ थपिएको थियो । यो नयाँ कुरा थियो अश्वमेध यज्ञको लागि । त्यसैले त्यसैमा झुम्मिए मानिसहरू ।

ती रामायण पाठ गर्ने केटाहरू बिहान सबेरै उठ्दथे । बिहानको नित्य, कर्म सकेपछि तिनीहरू यज्ञको नजिकै आउँथे । ब्रह्मर्षि वाल्मीकिले तोकेको ठाउँमा बस्थे र रामायण पाठ शुरू गर्दथे । उनीहरूको आवाजले गर्दा यज्ञको अरू आवाज त्यसै छोपियो । तिनीहरू वीणा बजाउँथे । त्यसले गर्दा त्यसमा



सुनमा सुगन्ध भने झैं भएको थियो । तिनीहरूले रामायणको पहिलो सर्गदेखि बीस सर्गसम्म मध्यान्हसम्ममा नै पाठ गरेर सके । मध्य दिनमा केही समयम विश्राम लिए । सबैजना केही समय फूर्सद लिएर बसे ।

महाराज रामले त्यही फुर्सद कै समयमा सबैलाई बोलाउनु भयो । वहाँले ऋषि, महर्षि सबैलाई बोलाएपछि ती केटाहरूलाई रामायण पाठ गर्न भन्नुभयो । उनीहरू रामायण पाठमा लागे । उनीहरूको स्वर सुनेर सबै मख्ख परे । त्यस बखतसम्म वीणाको धुनमा यसरी लय मिलाएर गाइएको कतै सुनिएको थिएन ।

सबैले ती केटाहरूको प्रशंसा गरे । देख्दा ती दुवैजना महाराज राम जस्तै थिए । त्यहाँ भेला भएका सबैले अड्कल त काटे तर कसैले केही भन्न सकेन । केही समयपछि महाराज रामले थिनीहरूले चाहे जति असर्फी दिनु भनि लक्ष्मणलाई अराउनु भयो ।

लक्ष्मण महाराज रामको वचन पूरा गर्न ती केटाहरूलाई भेट्न गए । उनले तिमीहरू कति असर्फी लिन्छौ भनी सोद्धा उनीहरूले भने : "महाराज ! हामी त ऋषिका चेला हौं ।" हामीलाई असर्फीको के काम ? हामीलाई त फलफूल भए पुग्छ । यस्तो असर्फी चाहिन्न भनी असर्फी लिन मानेनन् । उनीहरूको कुरा सुन्दा ऋषि, महर्षि सबै खुसी भए । सबैले फेरि ती दुई केटाहरूको प्रशंसा गरे ।

त्यो दिनको कार्यक्रम समाप्त भयो । उनीहरू महर्षि वाल्मीकि बस्नुभएको निवास तर्फ लागे । सबैतिर ती दुई बालकहरूको चर्चा चल्न थाल्यो । गाउँ, शहर लेक बेसी सबैतिर ती दुई केटाहरू रामकै छोराहरू भएको बारे अड्कल हुन थाल्यो । अयोध्या दरबारले त त्यस बारे थाहा पाइसकेको थियो । कुरो बुझ्दै जाँदा महाराज रामलाई पनि त्यस बारे थाहा भएको थियो । वहाँ मनमनै एकदमै खुसी हुनुभएको थियो ।

अश्वमेध यज्ञबाट घोडा छाड्ने काम

एक महिनासम्म यज्ञ चलिनैरह्यो । अब यज्ञ समाप्त गर्नुपर्ने समय आयो । यज्ञ समाप्त हुनुभन्दा पहिले त्यस यज्ञबाट घोडा छाड्नुपर्दथ्यो । त्यो घोडा घुमेर आएपछि मात्र यज्ञ समाप्त भएको मानिन्थ्यो । मुख्य यज्ञ समाप्त भएकाले ऋषि-महर्षिहरू बिस्तारै बिदा हुन लाग्नुभयो । काम भएका र यज्ञको लागि आवश्यक मात्र त्यहाँ बसे । अरू सबै आ-आफ्नो आश्रम तर्फ लागे ।

महर्षि वाल्मीकि पनि आफ्नो आश्रम तर्फ लाग्नुभयो । वहाँका शिष्यहरू पनि वहाँसँगै आश्रम तर्फ लागे । महाराजले वहाँलाई बडो प्रेमपूर्वक बिदा गर्नुभयो । काम सकिएकाहरू सबै आ-आफ्नो बाटो लागे । जनता घोडा छाड्ने दिनको रमिता हेर्न उत्सुक थियो ।

घोडा छाड्ने दिन पनि आयो । त्यस्को लागि पूरा बन्दोबस्त मिलाइयो । त्यो घोडा समात्न सक्नेलाई कोशल राज्य दिनुपर्दथ्यो । त्यसैले घोडाको सुरक्षाको लागि एउटा ठूलै बन्दोबस्त गर्नुपर्दथ्यो । त्यसैले घोडाको रक्षाको लागि मानिस खटिए । त्यसको प्रमुख बने राजा शत्रुघ्न ।

घोडा अगाडि बढ्दै गयो, त्यसको पछाडि थियो एउटा ठूलो फौज । कस्को आँट त्यो घोडा समाउने ? गाउँलेहरूको लागि एउटा रमिता भयो । रमिता हेर्दा हेर्दै कति त घर जानै बिर्सिए । ऋषिहरू भगवान् रामको जय भनी त्यो फौजको स्वागत गर्नलागे । घोडा अगाडि बढ्दै गयो । एक दिन त्यो घोडा वाल्मीकि आश्रममा पुग्यो । त्यहाँ त्यो घोडा समाते लव र कुशले । उनीहरूले त्यो फौजलाई त्यहीं रोके ।

राजा शत्रुघ्नले घोडा छाडिदिन संझाए । तर ती केटाहरूले त्यो कुरा मानेनन् । वाण हानाहान् हुनलाग्यो । पहिले त शत्रुघ्नका फौजले वास्तै गरेन । उनीहरूलाई ती बच्चाहरूसँग के लड्ने भन्ने लाग्यो । सबै हेरिरहे । राजा

शत्रुघ्न उनीहरूको वाण रोक्ने काममा लाग्नुभयो ।

तर कुरा उल्टा भयो । ऋषिका चेलाहरूले सबैको होश-हवास उडाए । शत्रुघ्न घाइते भए । त्यो फौज केही पर हट्यो । उनीहरूले शत्रुघ्नलाई उठाएर लगे । केही समयपछि त्यस बखतका सम्राट महाराज रामलाई खबर गरियो । यज्ञ मण्डपबाट लक्ष्मण आए, उनले पनि ती केटाहरूलाई घोडा छाड्न संझाए । ती केटाहरूले उल्टै धम्की दिए । सक्छौ भने लड्न आऊ । होइन भने हामीलाई फकाउन पर्दैन भनी लक्ष्मणलाई मुखभरिको जवाफ दिए ।

आखिर लक्ष्मण पनि फौज लिएर अगाडि बढे । उनीसँग पनि वाण हानाहान चल्यो । आखिर लक्ष्मण पनि ढले । उनको पनि केही लागेन । लक्ष्मण पनि घाइते भए । उनी आफ्नै फौज लिएर पछाडि हटे । फेरि पनि खबर गयो । यज्ञमा भएकाहरू पनि छक्क परे । ती दुई केटाहरू विद्वान् मात्र होइनन् शक्तिशाली पनि रहेछन् भन्ने कुरा स्पष्ट भयो ।

अब महात्मा भरतको पालो आयो । उनी पनि आफ्नो फौज लिएर अगाडि बढे । उनी पनि वाल्मीकि आश्रममा पुगे । रामायण पाठ गर्ने दुवै केटाहरू त्यहीं थिए । ती दुवै ऋषिको भेषमा थिए । भरतले पनि त्यो घोडा छाड, नत्र दुःख पाउलाउ भनी संझाए । भरतलाई पनि टेरेनन् । उनीहरू लडाईकै लागि तयार भए । आखिर भरत पनि वाण चलाउन बाध्य भए । केही समय वाण चल्यो, वाण आकाशमै काटिन्थ्यो । हेर्नेहरूको लागि एक प्रकारको रमितै भयो ।

एकातर्फ आश्रमका विद्यार्थीहरू थिए । अर्को तर्फ महाराजको त्यत्रो फौज ! हेर्दा भुसुना र हात्ती लडेझैं लाग्दथ्यो । मुसा र बिरालोको खेल चल्दथ्यो । तर बिरालाको केही लागेन । महात्मा भरत पनि अलमलिए । उनको पनि केही लागेन । उनले पनि घोडा छुटाउन सकेनन् । उनी पनि घाइते भए । फेरि खबर गरियो । खबर पुग्यो नैमिषारण्यमा । आखिर महाराज राम आफैं त्यसतर्फ लाग्नुभयो । महाराजले सबै कामकाज आफ्ना मन्त्रीहरू र ब्रह्मर्षि वशिष्टलाई जिम्मा लगाउनुभयो । वहाँ पनि आश्रम तर्फ लाग्नुभयो ।

महाराज राम वाल्मीकि आश्रममा आइपुग्नु भएको खबर पहिले ब्रह्मर्षि वाल्मीकिलाई दिइयो । ब्रह्मर्षिले सीताजीलाई यसबारे बताउनुभयो । ब्रह्मर्षि बाहिर आउनुभयो । वहाँले लव-कुशलाई हतियार नचलाउन संझाउनु भयो । केटाहरू अलि अलमलिए । हाम्रो नियम अनुसार त लड्नै पर्ने होइन र ? भनी

ब्रह्मर्षिलाई संझाए । ब्रह्मर्षिले यही कुरा महाराज रामलाई बताउँदा महाराजले अलि हाँसेर के वरदान माग्दछौ भनी सोध्नुभयो । उनीहरूले कोशल राज्य मागे । महाराजले तथास्तु भनी वरदान दिनुभयो ।

केही समयपछि ब्रह्मर्षिले सीताजीलाई बोलाउनुभयो । सीताजी तपश्यामै हुनुहुन्थ्यो । वहाँ बाहिर आउनुभयो । लव-कुशलाई भेट्नु भयो । वहाँले छोराहरूलाई आफ्नो बाबुलाई आदर गर्न, सम्मान गर्न संझाउनुभयो । महर्षिले आफ्ना छोराहरूलाई साथै लैजान महाराज रामलाई संझाउनुभयो । महाराजले महर्षिका कुरा सहर्ष स्वीकार्नुभयो ।

यता महाराज रामले सीताजीलाई यज्ञमा आएर आफ्नो पवित्रता दर्शाउन भन्नुभयो । ब्रह्मर्षिले अर्को दिन सीताजी यज्ञमा आइ पुग्ने कुरा बताउनु भयो । महाराज राम एकदमै खुसी हुनुहुन्थ्यो । वहाँ छोराहरूलाई आफ्नै रथमा राखी नैमिषारण्य तर्फ लाग्नुभयो, त्यस बखत भगवान् राम एकदमै खुसी हुनुहुन्थ्यो । आफ्ना छोराहरू राज्य संहाल्न सक्ने भएकोमा वहाँ खुसी हुनुभएको थियो ।

सीताजीको पाताल प्रवेश

भोलिपल्टको कुरा हो । ब्रह्मर्षिले सीताजीलाई साथमै लिएर केही तपस्वीहरूसँगै नैमिषारण्य तर्फ लाग्नुभयो । दुई दिनपछि नैमिषारण्य पुग्नुभयो । ब्रह्मर्षि यज्ञ मण्डप अगाडि उभिनुभयो । वहाँले भगवान्को प्रार्थना गर्नुभयो । वहाँले सीताजी एकदमै पवित्र भएको बारे बताउनु भयो । वहाँले भन्नुभयो : "महाराज ! तपाईंले लोक निन्दा सहनसक्नु भएन । त्यसैले सीताजीलाई मेरो आश्रममा पठाइदिनुभयो । वहाँलाई त्याग्नुभयो । आज फेरि वहाँ आफ्नो पवित्रता दर्शाउन यहाँ आउनु भएको छ । वहाँले आफ्नो पवित्रता दर्शाउने कुरामा शङ्का छैन । मैले विश्वास गरेको छु । मेरो विश्वास खेर जान्नँ ।"

ब्रह्मर्षि केही समय शान्त हुनुभयो । वहाँ ध्यानमा बस्नुभयो । ध्यानबाट उठ्नुभयो । फेरि भन्नुभयो : "महाराज ! मैले लामो समयसम्म तपश्या गरेको छु । मेरो तपश्याकै शक्तिले वहाँ पवित्र भएको कुरा मैले बुझेको हुँ । मेरो विश्वास ठीक नभए भगवान्ले मलाई मेरो विश्वासको फल दिनु हुने छैन । मैले आफ्नो दिव्य-दृष्टिबाट सीताजी पवित्र भएको कुरा स्पष्ट बुझेको छु । यस्ती पवित्र महारानीलाई लोकले भनेको आधारमा तपाईंले छाड्नुभयो । त्यो राम्रो कुरा थिएनँ ।"

ब्रह्मर्षि वाल्मीकिले लामो व्याख्या गर्नुभयो । वहाँको कुरा सबैले ध्यान दिएर सुने । त्यसै बखत महाराज रामले भन्नुभयो : "ब्रह्मर्षि ! तपाईंले बताउनु भएको कुरा ठीकै हो । सीताको पवित्रताको बारेमा मलाई पनि शङ्का छैन । सीताले त लङ्कामै अग्निमा प्रवेश गरेर आफ्नो पवित्रता दर्शाएकी हुन् । ब्रह्मर्षि ! हजूरलाई सबै कुरा थाहा छ । मैले बताइरहनु पर्दैन । लोक निन्दाकै कारण यसो गर्नु परेको हो । मलाई क्षमा गर्नुहोस् । म आज यस यज्ञ स्थलबाट सबै देव देवतासँग क्षमा माग्दछु ।"

अश्वमेध काण्ड

महाराज रामको कुरा सुन्न त्यहाँ ठूलो भीड लागेको थियो । त्यहाँ मानिस मात्र थिएनन् । देवता, यक्ष, गन्धर्व सबै भेला भएका थिए । यस्तैमा महाराज रामले भन्नुभयो : "सभासद्‌हरू मलाई त ब्रह्मर्षिले बताउनु भएपछि सबै कुरा स्पष्ट भएको छ । अव सीताजीले आफ्नो पवित्रता देखाऊन् । मेरो मन खुसी हुनेछ ।"

सीताजी यज्ञमा आउने कुराको चर्चा पहिले नै चलेको थियो । त्यसैले त्यस बखत यज्ञ मण्डप वरपर ठूलो भीड लागेको थियो । सबैलाई अब के होला भन्ने लागेको थियो । सीताजी पहिले नै आफ्नो प्रतिमा राखेको ठाउँमा आएर बस्नुभएको थियो । त्यस बखत वहाँका अनुहार आगोको ज्योति जस्तै तेजिलो थियो ।

यता मानिसको भीड लाग्यो । मानिसको भीड थामिसक्नु भएन । यसै बेला सीताजीलाई आफ्नो पवित्रता प्रदर्शन गर्न भनियो । वहाँ आफ्नो आशनबाट उठ्नु भयो । वहाँले हात जोड्नुभयो र भगवती देवीको प्रार्थना गर्नुभयो । वहाँले भन्नुभयो : "भगवती ! मेरो पवित्रतामा कसैलाई शङ्का भएन तर पनि म लखेटिएँ । आफ्नो श्रीमान्‌सँग छुट्टिएर बस्नुपऱ्यो । अनन्त दुःख सहनुपऱ्यो । सयौं कष्ट भोग्नुपऱ्यो । मेरो पूर्वजन्मको पाप सकिएको भए हे पृथ्वीमाता अब मलाई अर्कै संसारमा बास दिनुहोस् ।"

सीताजीको प्रार्थना सुनेर सबै तर्सिए । वहाँले पृथ्वीमा बस्न नचाहेको झ-झल्को सबैलाई लाग्यो । वहाँको प्रार्थना सकिनासाथ एउटा अद्‌भूत कुरा भयो । पृथ्वी चिरिंदै जान लाग्यो । जताजतैबाट एउटा अनौठा आवाज आयो । हेर्दा हेर्दै अद्‌भूत दृश्य देखिन लाग्यो । सयौं तर्सिए, कयौं व्यक्ति त्यस्तो अद्‌भूत ज्योति हेर्न नसकेर परपर हट्न लागे । एउटा सिंहासन देखियो । त्यो सिंहासन आगाको ज्योति जस्तै चम्किलो थियो ।

त्यस्तो सिंहासनमा बस्नसक्ने आँट थोरैमा मात्र हुन्थ्यो । त्यस्तो आँट गर्न सक्ने व्यक्तिमा ठूलो शक्ति हुनुपर्दथ्यो । तर सीताजी अगाडि बढ्नुभयो । वहाँको अनुहार यज्ञको ज्योतिभन्दा पनि उज्यालो भयो । वहाँ त्यसै सिंहासनमा बस्नुभयो । सारा संसार शान्त भयो । के हुन लागेको हो कसैलाई केही पत्तो भएन । खालि केही महर्षिहरूले शान्ति पाठ गरे । सबैको शुभ होओस् भनी प्रार्थना गरे, सबैको मङ्गल होओस् भनी कामना गरे । हेर्दाहेर्दै त्यो सिंहासन तल तल झर्नलाग्यो । त्यस्तो अवस्थालाई रोक्ने कसले ? महर्षिहरू ध्यानमा बसे । सबै शुभहोस्,

मङ्गल होस् भनी जप्न लागे । अरू त अरू, भगवान् राम स्वयम् पनि अत्तालिनु भयो । महात्मा भरत तर्सिए । लक्ष्मण हडबडाए । अरू सबै रूनकराउन लागे । विधिको बिधान कसैले बुझेन ।

भगवान् राम आफै बेहोश हुनुभयो । हेर्दा हेर्दै सीताजी अलप हुनुभयो । सबैको लागि यो घटना सपना जस्तै भयो । सबैले दिव्य शक्तिको प्रार्थना गरे । महर्षि वाल्मीकि भगवान् रामलाई संझाउन लाग्नुभयो । कोही यज्ञ समाप्त गर्ने तर्फ लागे । ब्रह्मर्षि वशिष्टले पूर्णाहुतिको पाठ पढ्नुभयो । सबैजना एकाग्र भएर आ-आफ्नो काममा लागे ।

भएको घटना बारे सोचेर चिन्ता गरेर समय खेर हाल्नु मूर्खता हो भन्ने संझेर महर्षिहरू काममा लाग्नुभयो । ब्रह्मर्षिहरूले यस विषयमा संझाउनु भयो । सबै आफ्नो-आफ्नो काम सम्पन्न गर्नेतर्फ लागे । साधारण व्यक्तिहरू भने सीताजी फेरि फर्केर आउनुहोला भन्ने आशाले आ-आफ्नो काममा लागे ।

यज्ञ समाप्ती

ब्रह्मर्षि वाल्मीकिले संझाउनु भएपछि भगवान् राम अलि होशमा आउनुभयो । त्यसपछि ब्रह्मर्षि वशिष्टले यज्ञको काम बाँकी भएकोले अरू कुरामा मन नदिन भन्नुभयो । वहाँले योगवलको महिमा बारे बताउनु भयो ।

यता यज्ञको पूर्णाहुति अर्थात् अन्तिम काम चल्दै गयो । उता वशिष्ठजीले भगवान् रामलाई योग अभ्यास बारे संझाउन छाड्नुभएन । महाराज रामको मन शान्त रहोस् भनी वहाँले त्यो उपाय अपनाउनु भएको थियो । ब्रह्मर्षि वशिष्ठको कुरा सुनेपछि महात्मा भरत आफ्नो काममा लाग्नुभयो । भक्तवत्सल लक्ष्मण पनि यज्ञ कै काममा लागे । राजा शत्रुघ्न आफ्नै काममा खट्नुभयो । ब्रह्मर्षिले सबैलाई शान्त भएर यज्ञ कर्ममा खटिन भन्नुभएपछि सबैको मनमा आशा पलायो । यज्ञको कार्यबाट केही राम्रो फल आउँछ भन्नेमा विश्वास बढ्यो ।

दिन ढल्कदै गयो । यज्ञको कार्य पनि समाप्त भयो । अब बिदा हुने समय आयो । ब्रह्मर्षि वशिष्ठ, ऋषि वामदेव, विद्वान् जावालि, महर्षि कश्यप आदि सबैले महाराज राम र राजपरिवारका सबैलाई आशिर्वाद चढाए । अन्तिम अभिशेक प्रदान गरे ।

त्यस बखत सबभन्दा होशमा थिए महात्मा भरत । उनले नै बिदाइको प्रबन्ध गरे । दान दक्षिण जे दिनुपर्ने सबै कुरा दिएर त्यस यज्ञमा आएका ऋषि-महर्षिहरूलाई विदा गरे । ब्रह्मर्षि वशिष्ट, विद्वान् जावालि, महर्षि कश्यप ब्रह्मर्षि वाल्मीकि सबै जना आ-आफ्नो आश्रम तर्फ लाग्नुभयो ।

यज्ञ स्थल बिस्तारै सुनसान हुँदै गयो । त्यहाँ जम्मा भएका सबैजना बिदा हुँदै गए । महाराजको यज्ञ त सफल भयो तर महारानी सीताको पाताल प्रवेशले सबैलाई नरमाइलो बनायो । यज्ञ समाप्त हुँदा जुन उत्साह उमङ्ग रहनुपर्ने हो,

त्यस्तो उत्साह उमङ्ग हुन पाएन । सबै गह्रुङ्गो मन लिएर आ-आफ्नो बाटो लागे । आ-आफ्नो ठाउँमा पुगेर यो अनौठो समाचार सुनाए ।

यता नैमिषारण्यमा महाराज सुग्रीव, महाराज विभीषण आदि थिए । ती सबैले महाराज रामलाई धैर्य धारण गर्न संझाए । भगवान् रामले सबैलाई त्यहाँबाट अयोध्या तर्फ लाग्न संझाउनु भयो । वहाँ एक्लै केही समय शान्ति कामना गर्दै त्यहीं बस्नुभयो । वहाँको साथमा बसे लक्ष्मण र हनुमान । अरू सबै बिदा भएर गए । लव-कुशलाई पनि अयोध्या पठाइयो । उनीहरूलाई संझाउने बुझाउने काममा लागे, महात्मा भरत । त्यस बखत पनि सबै प्रकारको राजकाजको काम महात्मा भरतले नै संहाले ।

सीताजीको विरहमा भगवान् राम

सबै जना बिदा भएपछि भगवान् राम शोकमा डुब्नु भयो । वहाँ शोक र चिन्ताले छटपटिनु भयो । वहाँले आफ्नो मनको पीडा थाम्न सक्नुभएन । सबैलाई दिक्क लाग्यो । आखाबाट आँसु झऱ्यो, झरि नै रहयो । आँसु रोकिएन । वहाँ रोएको देखेर त्यहाँ भएका सबै रोए । त्यस बखत नैमिषारण्य पूरै आँसुले भिजे जस्तो लाग्दथ्यो ।

केही समयपछि वहाँको मनमा क्रोधको भावना उत्पन्न भयो । वहाँ रिसाउनु भयो । वहाँलाई यो पृथ्वीसँगै रिस उठ्यो । सीतालाई फिर्ता गर्न पृथ्वी मातालाई भन्नुभयो । लङ्काबाट फिर्ता ल्याइएकी सीतालाई पृथ्वीबाट अर्थात् पातालबाट फिर्ता ल्याउन सक्ने कुरा वहाँले बताउनु भयो । भगवान् राम आफ्नै सुरमा बरबराउन लाग्नुभयो । वहाँको अवस्था देखेर भगवान् रामलाई संझाउन भनी ब्रह्माजी आफैं आउनुभयो । ब्रह्माजीले भन्नुभयो : "भगवान् । मैले तपाईंलाई संझाउनु पर्दैन । तपाईं स्वयम्लाई आफ्नो बारेमा थाहा हुनुपर्छ । तपाईं आफ्नो वैष्णव भाव संझनुहोस् । त्यति भए पुग्छ । म यति मात्र बताउन आएको हुँ । तपाईं ध्यानमा लाग्नुहोस् । यो बेला भनेको ध्यान गर्ने बेला हो । आफूलाई बिर्सने बेला हो । तपाईं त दुष्टहरूको विनाश र सज्जनहरूको रक्षाको लागि यो पृथ्वीमा आउनुभएको हो । अब तपाईंको काम समाप्त भएको छ । तपाईं ढुक्क हुनुहोस् । सीताजी र तपाईंको सम्बन्ध जति हुनुपर्ने थियो, त्यति भयो । अब त्यसमा शोक गर्नुपर्ने कामै छैन । मृत्यु यो संसारबाट बिदा हुने एउटा बाटो हो । पृथ्वीमा जति जन्मन्छन् ती सबै मर्छन् । त्यसैले यो लोक मर्त्यलोक हो । शोकमा डुब्नु बेकार छ । तपाईं शान्त हुनुहोस् ।"

ब्रह्माजीको कुरा सुनेपछि भगवान् राम अलि शान्त हुनुभयो । वहाँलाई संसारको बारे बोध भयो । यस्तैमा ब्रह्माजीले फेरि भन्नुभयो : "भगवान् !

तपाईंले सीताजीलाई अब स्वर्गमै भेट्नु हुनेछ । सीताजी जन्मैदेखि शुद्ध हुनुहुन्थ्यो । वहाँको पवित्रतामा शङ्कै थिएन । लोकापवाद अर्कै कुरा हो । तपाईंको माया पाएर अनि आफ्नै योगवलको कारणले वहाँ यस बखत नाग लोकमा पुग्नुभएको छ । वहाँ बिस्तारै स्वर्गलोकमा पुग्नुहुनेछ । वैकुण्ठमा वहाँसँग तपाईंको भेट हुनेछ । त्यसैले चिन्ता नगर्नुहोस् । व्यर्थको चिन्ताले दुःख मात्र बढाउँछ । म तपाईंलाई एउटा महत्त्वपूर्ण कुरा भन्दछु । ध्यान दिएर सुन्नुहोस् ।

ब्रह्माजीको कुरा सुनेपछि भगवान् राम शान्त हुनुभयो । वहाँको मन बदलियो । वहाँले ब्रह्माजीको कुरा बुझ्नुभयो । वहाँ शान्त हुनुभयो । अनुहारमा चमक देखियो । योगवलको शक्तिले वहाँको सारा चिन्ता अलप गरायो । यस्तैमा भगवान् ब्रह्माले फेरि भन्नुभयो : "भगवान् ! तपाईंले आफ्नै छोराहरूको मुखबाट आफ्नै कथा सुन्नु भयो । त्यो कथा होइन । तपाईंको जीवनी हो, यथार्थ हो । अरूको लागि कथा भए पनि तपाईंको लागि त त्यो यथार्थ हो । यो आदिकाव्य हो । यो पृथ्वी रहेसम्म यस्को महिमा रहिरहने छ । यो काव्य ब्रह्मर्षि वाल्मीकिले लेख्नु भएको हो ।"

भगवान् ब्रह्मा फेरि शान्त हुनुभयो । केही संभिए झैं गर्नुभयो । वहाँ ध्यानमा बस्नुभयो । केही समयपछि आँखा खोल्नुभयो र भन्नुभयो : "भगवान् ! तपाईंले रामायणको केही भाग त सुन्नु भयो । तपाईंले आफ्नो बितेको जीवन बारे बुझ्नु भयो तर अब बाँकी अंश पनि सुन्नुहोस् । त्यसले तपाईंको बाँकी जीवन बारे बताउने छ । ऋषिहरूलाई साथमा राखेर बाँकी अंश तपाईंले मात्र सुन्नुहोला ।" भगवान् रामलाई संझाइसकेपछि ब्रह्माजी स्वर्ग तर्फ लाग्नुभयो । केही ऋषिहरू ब्रह्मलोक भगवान् ब्रह्मासँगै आएका थिए । उनीहरू पनि ब्रह्मासँगै फर्कन चाहन्थे तर रामायण पाठ हुने कुरा चाल पाएर उनीहरूले केही समय नैमिषारण्यमै बस्ने इच्छा प्रकट गरे । ब्रह्माजीको अनुमति पाएर ती सबै त्यहीं बसे ।

फेरि रामायण पाठ

ब्रह्माजीले रामायणको बाँकी अंश पनि सुन्नुहोस् । बाँकी भाग तपाईंले मात्र सुन्नुहोस् । तपाईं दुःखबाट मुक्त हुनुहुनेछ भनी भगवान् रामलाई बताउनु भयो । रामायण पाठ हुने कुरा सुनेर ब्रह्माजीसँगै ब्रह्मलोकबाट आउनु भएका महर्षिहरू पनि त्यहीं रोकिनु भयो ।

भोलिपल्टको कुरा हो । भगवान् रामले विहानको नित्य कर्म सक्नुभयो । केही समय ध्यानमा बस्नुभयो । ध्यानबाट उठेपछि वहाँ ब्रह्मर्षि वाल्मीकिको आश्रम तर्फ लाग्नुभयो । भगवान् राम वाल्मीकि आश्रम पुग्दा ब्रह्मर्षि भर्खरै नित्य कर्म सकेर बाहिर निस्कनु भएको थियो । वहाँ सरयु नदी तर्फ हेर्दै हुनुहुन्थ्यो । महाराज रामलाई आफ्नो आश्रममा देखेर ज्यादै खुसी हुनुभयो । वहाँले महाराजलाई स्वागत गर्दै भन्नुभयो :"भगवान् । यो संसार हजूरकै लीला हो । यहाँ जे भएको छ हजूरकै विधि विधान अनुसार भएको छ । त्यसैले यसमा दुःख मान्नुपर्ने अवस्था म देख्दिनँ ।"

ब्रह्मर्षि केही समय शान्त हुनुभयो । वहाँले केही सोच्नुभयो र फेरि भन्नुभयो : "भगवान् ! यो भवसागर हो । यहाँ दुःख छ । जन्मदै हामीले दुःख लिएर आएका छौं । दुःखमै हामी सबैको अन्त हुन्छ । भगवान् ! हजूरलाई मैले बुझाउनुपर्ने कुरै छैन । सबै कुरा थाहै छ । हजूरले नबुझ्नु भएको कुरै के छ र ?" यति भनी ब्रह्मर्षि शान्त हुनुभयो । वहाँ ध्यान-योगको अवस्थामा देखिनुभयो । केही समयपछि आँखा खोल्नुभयो । महाराज रामलाई त्यहाँ आउनाको कारण सोध्नुभयो ।

महाराज राम काम विशेषले त्यहाँ पुग्नुभएको थियो । वहाँले ब्रह्मर्षिलाई अनुरोध गर्दै भन्नुभयो : "ब्रह्मर्षि ! मलाई भगवान् ब्रह्माजीले रामायणको उत्तर काण्ड अर्थात् बाँकी भएको सबै भाग सुन्नुहोस् भनी हुकुम भएको छ ।

यो कथा वाचन हुने कुरा सुनेर ब्रह्मलोकबाट वहाँसँगै आउनु भएका ऋषिहरू पनि नैमिषारण्यमै रोकिनु भएको छ । हजूरले यसको लागि बन्दोबस्त गरिदिनु भए म ज्यादै खुसी हुने थिएँ ।"

महाराज रामको कुरा सुनेर ब्रह्मर्षि दङ्ग पर्नु भयो । वहाँ त यस्तो मौका आओस् भन्ने सोचमा हुनुहुन्थ्यो । भोलिपल्ट सबेरै आफू आफ्ना शिष्यहरूलाई लिएर नैमिषारण्य आइपुग्ने कुरा वहाँले बताउनु भयो । महाराज राम ब्रह्मर्षिसँग बिदा भएर फेरि नैमिषारण्य तर्फ लाग्नुभयो । नैमिषारण्यमा वहाँ पनि ध्यानमा बस्नुभयो ।

महर्षि वाल्मीकि भोलिपल्ट ब्रहममुहुर्तमा आफ्ना शिष्यहरूलाई लिएर आउनुभयो । नैमिषारण्यमा फेरि रामायण पाठ शुरू भयो । भगवान् राम ऋषि-महर्षिहरूसँगै यो पाठ सुन्न लाग्नुभयो । यस बखत परिवारका अरू सदस्य त्यहाँ थिएनन् । रामायणको बाँकी अंश सुनेपछि वहाँको मन शान्त भयो । सबै दुःख बिर्सेर योगवलको सहाराले वहाँ आफ्नो नित्य कर्म तर्फ लाग्नुभयो । अब यज्ञबाट सबै बिदा भए । केही ऋषिहरूले नैमिषारण्य छाड्न चाहेनन् । उनीहरूले आफ्नो तपश्याको स्थल त्यसैलाई बनाए । महाराज राम त्यहाँ बाँकी भएका सबैलाई लिएर अयोध्या तर्फ लाग्नुभयो ।

रामका आमाहरूको मृत्यु

महाराज राम फेरि राजकाजमा लाग्नुभयो । मन बुझाउन पनि केही त गर्नैपर्‍यो । राजकाजको काममा लागेपछि सँधै तपश्यामा लाग्ने कुरा पनि भएन, राजकाजबाट फूर्सद हुनासाथ वहाँ ध्यानमा लाग्नुहुन्थ्यो ।

यो संसारमा आफ्नो समय सकिएको सूचना त वहाँले ब्रह्माजीबाट नै पाउनु भएको हो तर यहाँबाट बिदा हुने शुभ दिन अझै आएको थिएन । वहाँले आफूभन्दा पहिला धेरैलाई यो संसारबाट बिदा गर्न बाँकी नै थियो । त्यसैले पनि वहाँलाई यो संसारबाट बिदा हुने दिन नआएको हो ।

समयको क्रम त्यस्तै थियो । रहँदा बस्दा महाराज रामका आमाहरू यो संसारबाट बिदा हुन लाग्नुभयो । यसरी एकपछि अर्को गर्दै आमाहरू सबैको स्वर्गारोहण भयो । सबभन्दा पहिला कौशल्या बित्नुभयो । त्यसपछि सुमित्राको पालो आयो । अन्तमा कैंकेयी पनि त्यही बाटो लाग्नुभयो । यो संसारको गति जे हो त्यही भयो । यसरी एकपछि अर्को गर्दै आमाहरू बितेपछि अयोध्या दरबार सुनसान जस्तै भयो । अब मन बिसाउने ठाउँ भने पनि जे भने पनि महाराज रामको अगाडि आफूभन्दा साना मात्र रहे ।

यता भगवान् राम प्रत्येक वर्ष एउटा यज्ञ गर्नलाग्नु भयो । अश्वमेध यज्ञबाटै सीताजी बिदा हुनुभएकोले वहाँको संझनामा यस्तो यज्ञ गर्नलाग्नु भएको हो । त्यस बखत भगावन् राम आफ्नो पालो कुर्दै हुनुहुन्थ्यो । बेला बखत भगवान् ब्रह्माको कुरा संझेर वहाँ ध्यानमा लाग्नुहुन्थ्यो । आफ्नो मन शान्त बनाएर बस्नुहुन्थ्यो । यसरी नै समय बित्दै गयो ।

अश्वमेध यज्ञ समाप्त भएपछि कोशल देशको नाम सबैतिर फैलिएको थियो । राजा महाराजाहरू महाराज रामलाई भेट्न आउँथे । कहिले ऋषि-महर्षिहरू आइपुग्दथे । महाराज राम यस्तै भेटघाटमै अलमलिनु हुन्थ्यो । सत्

सङ्गमा नै व्यस्त हुनुहुन्थ्यो । धर्म, कर्म, सदाचार यी तीन कुरा बारे विशेष छलफल चल्दथ्यो । यस्तै कुरामा व्यस्त हुनुहुन्थ्यो, महाराज राम । यसरी नै समय बित्दै गयो ।

एक दिनको कुरा हो । कैकेय देशका राजा युधाजित्का गुरू गार्ग्य त्यहाँ आइपुगे । भगवान् रामले वहाँको सम्मान गर्नुभयो । ब्रह्मर्षि गार्ग्य महर्षि अङ्गिराका छोरा थिए । त्यस बखत वहाँ सत्सङ्गको लागि आउनु भएको थिएन । वहाँ राजा युधाजित्को सन्देश लिएर आउनु भएको थियो । वहाँले साथमा राजाले पठाउनु भएको कोशेली पनि लिएर आउनु भएको थियो ।

महाराज युधाजितले सयओटा घोडा पठाउनु भएको थियो । केही घोडाले कम्बल बोकेका थिए भने केहीले कपडा बोकेका थिए । ब्रह्मर्षिको साथमा गहना पनि पठाउनु भएको थियो । यो सबै देख्दा महाराज राम पनि दङ्ग पर्नुभयो ।

महाराज रामले महर्षिलाई घरभित्र ल्याउनु भयो । वहाँलाई उच्च आशनमा राखेर स्वागत गर्नुभयो । केही समय त खोधखोज कुराकानिमै बित्यो । वहाँले महर्षिलाई सोध्नुभयो : "महर्षि ! मामाहरू सबै कुशल-मङ्गलै त हुनुहुन्छ ? त्यतातिरको खबर के छ ? विशेष कामै भएर पाल्नु भयो कि, भेटघाटको लागि मात्र ?"

महाराज रामले गर्नु भएको स्वागत सत्कार देखे महर्षि दङ्ग पर्नुभएको थियो । वहाँको प्रश्न सुनेर महर्षिले भन्नुभयो : "महाराज । मामाले एउटा विशेष खबर पठाउनु भएको छ । त्यो खबर सायद हजूरले पनि मन-पराउनु हुनेछ भन्ने विश्वास गरेको छु । भगवान् ! सिन्धु नदीको दुवै किनारमा गन्धर्वहरूको ठूलो देश छ । त्यो मुलुक हात-पार्नु राम्रो होला भनी राजा युधाजितले भन्नुभएको छ ।"

महर्षि केही समय शान्त हुनुभयो । केही समय सोचेर वहाँले भन्नुभयो : "महाराज ! त्यो मुलुक धनधान्यले भरिपूर्ण छ । त्यहाँ थरिथरिको बगैंचा छ । अर्को तर्फ सिन्धु नदीको पवित्र जल सलल बगेको देखिन्छ । खेतीको लागि एकदमै उर्वर जमिन छ । पशुपालनको लागि घँसिलो जङ्गल छ । त्यहाँ कहिल्यै सुक्खा लाग्दैन ।"

महर्षि गार्ग्यले त्यस मुलुकको बारेमा बयान गर्नुभयो । वहाँको कुरा सुनेर

महाराज राम एकदमै दङ्ग पर्नुभयो । त्यसै अवसरमा महर्षिले फेरि भन्नुभयो :"महाराज ! त्यहाँ आक्रमण गर्दा होश पुऱ्याउनुपर्ने कुरापनि छ । गन्धर्वहरू बलिया छन् । उनीहरू शक्तिशाली छन् । तिनीहरूसँग हतियार छ, हतियार चलाउन सिपालु पनि छन् । सबै बाठा छन्, बलिया छन् । आफ्नो शत्रु नास गर्न एकजुट भएर लाग्दछन् । त्यसैले तिनीहरूलाई आक्रमण गर्दा धेरै कुराको होश पुऱ्याउनु पर्दछ । त्यो गन्धर्वराजलाई जितेर तपाईंले शासन गरिदिनु भए हामी सबै खुसी हुने थियौं ।

ब्रह्मर्षि गार्ग्य र मामा अश्वपति तथा हजूर-बुवा युधाजितको कुरा महाराज रामलाई पनि राम्रै लाग्यो । वहाँले महात्मा भरतको छोराहरूको बारेमा सोच्नुभयो । महात्मा भरतका दुई छोराहरू थिए । ती दुवै शूरा र शक्तिशाली थिए । त्यो राज्यको बन्दोबस्त गरेर ती दुवैलाई त्यहीं राखिदिनु पऱ्यो भन्ने सोच वहाँको मनमा आयो । वहाँले ब्रह्मर्षि गार्ग्य तर्फ फर्केर भन्नुभयो : "ब्रह्मर्षि ! यस बारेमा म भरतलाई भन्छु । उनका छोराहरू बुद्धिमान् र शक्तिशाली छन् । उनीहरू मेरो आदेश लिएर जानेछन् । त्यो गन्धर्वराजलाई लगारेर उनीहरूले राज्य गर्ने कुरा म तपाईंलाई बताउन चाहन्छु ।"

महात्मा भरत गन्धर्व देश तर्फ

ब्रह्मर्षिलाई विश्वास दिलाएपछि महाराज रामले महात्मा भरतलाई बोलाउनुभयो । वहाँले ब्रह्मर्षि गार्ग्य त्यहाँ आउनाको कारण स्पष्ट पार्नुभयो । वहाँले भरतलाई फौज लिएर जान भन्नुभयो । महाराजको कुरा सुनेर महात्मा भरतले अलि अप्ठेरो मान्नुभयो । वहाँलाई राज्यको चाहना थिएन । त्यसैले वहाँले अप्ठेरो मान्नु स्वाभाविकै थियो । भरतले अप्ठेरो मानेको कुरा महाराज रामले पनि बुझ्नुभयो । वहाँले भरतलाई संझाउँदै भन्नुभयो : "भरत ! तिम्रो वास्तविकता मैले बुझेको छु । यो राज्य तिम्रो लागि होइन । यो राज्य त पुष्कल र तक्षकको लागि हो । तिमीले त छोराहरूको लागि मात्र प्रयास गर्ने हो । राज्य स्थापना भएपछि तिमी फर्केर आऊ ।"

भगवान् रामले ती दुवै कुमारहरूलाई अभिशेक गरिदिनुभयो । शुभ मुहुर्तमा आफ्ना छोराहरूलाई अगाडि लगाएर महात्मा भरत ऋषि गार्ग्यलाई साथमै लिएर बाटो लाग्नुभयो । वहाँको साथमा एउटा ठूलो फौज थियो । यो समूह इन्द्रको सेना जस्तो देखिन्थ्यो । यसलाई हराउने शक्ति त्यस बखत कुनै राज्यसँग पनि थिएनँ । सयौं मानिस त्यसै पछिलागे । ती सबै रमिता हेर्न भनी हिँडेका थिए ।

यता गार्ग्यसँगै महात्मा भरत सेना लिएर आउँदै छन् भन्ने कुराको खबर राजा युधाजितले पाए । युधाजित एकदमै खुसी भए । कैकेयराज पनि आफ्नो सेना लिएर अगाडि बढे । बाटामा महात्मा भरतसँग भेट भयो । लामो समयसम्म सन्चो बिसन्चो आदि बारे कुराकानि भइरह्यो । त्यसै बखत सबैको लागि खानपिनको व्यवस्था भयो । खानपिन सकेर सबै गन्धर्व देश तर्फ लागे ।

यता भरत सेनालिएर आउँदै छन् भन्ने खबर गन्धर्वहरूको कानमा पनि पर्‍यो । उनीहरू पनि आफ्नो राज्य त्यसै छाड्नेवाला थिएनन् । उनीहरूले पनि

आफ्नो सेना तयार पारे । हात हतियार तयार पारे ।

महात्मा भरत र कैकेयराज गन्धर्व देशको नजिकै पुगे । गन्धर्वहरूको देश कैकेय देशको सीमामा पर्दथ्यो । उनीहरू किल्ला बनाएर आफ्नै देशमा बसे । भोलिपल्टदेखि कैकेय देशमा आक्रमण गर्ने तयारी भयो । यता गन्धर्वहरू पनि कम्तिका थिएनन् । उनीहरू पनि शूरा थिए, शक्तिशाली थिए । त्यसै छाड्नेवाला थिएनन् ।

लडाईं शुरू भयो । सात दिनसम्म लगातार लडाई चल्यो । कसैले कसैलाई डगाउन सकेन । दुवैको शक्ति उस्तै उस्तै देखियो । सात दिन बित्यो । अब कुनै उपाय निकाल्न पर्‍यो भनी भरत सोच्न लागे । त्यस बखत भगवान् रामले दिएको कालास्त्रको याद आयो । उनी त्यहीं कालास्त्र प्रयोग गर्ने सुरमा गए । सातौं दिनको दिन कालास्त्रको प्रयोग भयो । त्यो अस्त्र फ्याँक्नासाथ सारा गन्धर्व बेहोश भए । होशमा आएपछि सबै भागाभाग गरे ।

गन्धर्वहरूको राज्य महात्मा भरतको अधिनमा पर्‍यो । केही समयपछि एकातर्फ तक्षशिल भन्ने शहर खडा भयो । राजकुमार तक्षक त्यहाँका राजा भए । त्यसरी नै अर्को तर्फ एउटा गान्धर शहर खडा भयो । पुस्कललाई त्यहाँको राजा बनाइयो । दवै शहर धनधान्यलि परिपूर्ण थिए । दुवै शहरका बासिन्दा सुखी थिए । भरतका छोराहरूले राज्य गर्न थालेपछि झनै खुसी भए ।

महात्मा भरत आफ्ना छोराहरूको रेखदेख गरेर त्यहीं बसे । उनी प्रशन्न थिए । भगवान् रामले अराएको काम पूरा गर्न सकेकोमा दङ्ग थिए । बेला बेलामा अयोध्यामा खबर गरे । पाँच वर्षपछि महात्मालाई अयोध्याको याद आयो । भगवान् रामले के भन्नुभयो होला भन्ने कुरा पनि उनको मनमा आयो । यस्तै कुरा मनमा सोच्दा सोच्दै उनी अयोध्या आइपुगे । उनले सबै कुरा भगवान् रामलाई बताए । भरतको कुरा सुनेर भगवान् खुसी हुनुभयो ।

भरतको कुरा सुनेर सबै दङ्दास परेका थिए । यस्तैमा भगवान् रामले भन्नुभयो : "लक्ष्मण ! अब अङ्गद र चन्द्रकेतु दुवैको लागि केही बन्दोबस्त गर्नु पर्‍यो । तिमीले के सोचेका छौ भनी सोध्नुभयो । ती दुवैको अभिशेक गरिदिन चाहन्छु । उनीहरूलाई धर्मपूर्वक राज्य गर्नुपर्दछ भन्ने बुझाऊ । ऋषि-महर्षिको सम्मान गरेर जनताको पीर मर्का बुझेर काम गर्नुपर्छ भन्ने कुरा बुझाऊ ।"

यस्तैमा महात्मा भरतले भने : "भगवान् कारूपथ भन्ने राज्य एकदमै

रमाइलो छ । त्यो देश सबै कुराले सम्पन्न छ । त्यो देश आफ्नो अधिनमा लिएर अंगद र चन्द्रकेतुलाई दिंदा ज्यादै राम्रो हुन्छ । यसो गर्दा ती दुवैले राज्य पाउँछन् ।"

महात्मा भरतको सल्लाह अनुसार भगवान् रामले लक्ष्मणलाई त्यो देश आफ्नो अधिनमा लिन भन्नुभयो । केही दिनपछि सबै कुराको तयारी गरेर लक्ष्मण आफ्ना दुवै छोराहरूलाई साथमा लिएर एउटा ठूलो फौज लिई त्यस तर्फ लागे । त्यो राज्य लिन खासै समस्या परेन । त्यहाँका राजा लक्ष्मणलाई भेट्न आए । लक्ष्मणको इच्छा बुझेर उनले आफ्नो राज्य छाडे । उनले आफ्नो राज्य भगवान् रामलाई सुम्पिदिए ।

यता भगवान् रामले अङ्गदको लागि एउटा शहर खडा गर्नुभयो । वहाँले त्यसको नाम अङ्गदपुर राख्नुभयो । त्यसको अर्को तर्फ चन्द्रकेतु नामको शहर खडा गर्नुभयो । ती दुवै शहर ज्यादै रमाइलो ठाउँमा थिए । त्यहाँबाट पर परसम्म पनि देख्न सकिन्थ्यो । शहरको पुछारमा नदी थियो । ती शहरहरू खडा गरिदिएपछि वहाँले ती दुवै राजकुमारहरूको अभिशेक गरिदिनु भयो । त्यस बखत दुवै शहरमा ठूलो उत्सव भयो । मेला लाग्यो, शहरहरू ध्वजा पताका आदिले सजाइए ।

लक्ष्मण एक वर्षसम्म अंगदपुरमा बसे । ती दुवै शहरमा कुनै पनि समस्या नभएको कुरा बुझेपछि उनी त्यहाँबाट फर्केर अयोध्या आए । त्यस बखत महात्मा भरत पनि चन्द्रकेतु शहरमा पुगेका थिए । एक वर्षपछि उनी पनि अयोध्या आए । ती सबै भगवान्को सेवामा लागे । दुवै भगवान्का भक्त थिए, वहाँको आदेश अनुसार मात्र चल्दथे । भरत र लक्ष्मण फर्केर आएपछि भगवान् रामलाई पनि आनन्द भयो । वहाँलाई राज्यको समस्या बारे चिन्ता भएन । राजकुमारहरूलाई अराउने सघाउने सबै काम उनीहरूले नै गर्दथे ।

यता शत्रुघ्न मधुपुरीको राजा भएका थिए । अयोध्यामा भने बिस्तार बिस्तार लव र कुशलाई राज्य दिने बन्दोबस्त हुनलाग्यो । राज्यको कामकाजमा उनीहरूलाई नै खटाउन थालियो । चारैतिर आफ्नै राज्य भएकोले त्यस बखत अयोध्या एकदमै सुरक्षित थियो । वरपरका राज्यहरूमा केही समस्या परे त्यो समस्या हटाउन अयोध्या नै अगाडि बढ्दथ्यो । त्यसैले समस्या पर्ने भन्ने कुरा त्यहाँ केही थिएन ।

ऋषिको रूपमा यमराज

भगवान् रामले लामो समंयसम्म राज्य गर्नु भयो । वहाँको राज्यमा कुनै समस्या थिएन । वहाँले आफ्नो भतिजाहरूलाई भिन्दा भिन्दै राज्यको बन्दोबस्त गर्नुभयो । अब सबै काम पूरा हुनै लागेको थियो । बाँकी काम थियो : लव र कुशको राज्यभिषेक । कोशल राज्यको बाँडफाँड कसरी गर्ने ? यसै विषयमा छलफल चल्दै थियो । यसरी अब राजकाजबाट बिदा लिएर यो संसारबाट नै बिदा लिने सुरमा हुनुहुन्थ्यो भगवान् राम ।

यस्तैमा एकदिन एउटा तपस्वीको रूप लिएर यमराज अयोध्या आइपुगे । उनले आफू महर्षि अतिबलको नाति भएको कुरा बिताए । भगवान् रामसँग काम परेकोले आफू त्यहाँ आएको कुरा बताए । यो खबर लक्ष्मणले महाराज रामकहाँ पुऱ्याए । भगवान् रामले कुरा बुझ्नुभयो । वहाँले त्यस तपस्वीलाई तुरून्त भित्र लिएर आउन भन्नुभयो । लक्ष्मणले भगवान्को आज्ञा पालन गरी महर्षिलाई भगवान् रामकहाँ पुऱ्याए ।

ती ऋषि सूर्य जस्तै तेजिला थिए । उनी शक्तिशाली होलान् जस्ता देखिन्थे । महाराज रामको नजिक पुग्नासाथ उनले महाराजको प्रशंसा गरे । महाराजको जय होस् तपाईंको सुख समृद्धि बढिरहोस् भनी आशीर्वाद दिए । यता भगवान् रामले पनि ऋषिलाई आफूले सकेको सत्कार गर्नुभयो । वहाँले सन्चो बिसन्चो विशेष क़ाम केही भए नभएको बारे सोध्नुभयो ।

ऋषि अलि बेग्लै खालका थिए । उनी विशेष काम लिएर पृथ्वीमा आएका थिए । भगवान् रामको कुरा सुन्नासाथ उनले भने : "महाराज ! तपाईं हामी सबैको भलाइ चाहनुहुन्छ भने कुरा तपाईंको र मेरो बीचमा मात्र हुनुपर्छ । कसैले हामी बीचको कुराकानि सुन्यो भने त्यसलाई मार्ने प्रतिज्ञा गर्नुहोस् । अनि मात्र म आफ्नो गोप्य कुरा बताउँछु ।" यस्तो अड्को थापी ती तपस्वी शान्त भए ।

यता महाराज राम अलि झस्कनु भयो । यो विशेष खालको कुरा किन आयो ? वहाँ अलि तर्सनु भयो । अब पृथ्वीमा बस्ने समय पुगेको हो कि ? वहाँलाई कसो-कसो शङ्का लाग्यो । वहाँले ढोकेलाई अलि परै बस्न संझाउनु भयो । वहाँले लक्ष्मणलाई सबै कुरा बताएर भित्र कोही नआओस् भनी स्पष्ट पार्नुभयो । वहाँले भन्नुभयो : "लक्ष्मण ! ऋषि र मेरो बीचमा भएको कुराकानि कसैले थाहा पायो भने ज्यादै नराम्रो हुन्छ । हामी दुईको बीचमा भएको कुराकानि कसैले हेर्न खोज्यो अथवा थाहा पाउन खोज्यो भने त्यसको ज्यानै जान्छ । त्यसैले यसमा एकदमै होश पुऱ्याऊ ।" यति भनी महाराज ऋषि भए तर्फ लाग्नुभयो र कुराकानि शुरू गर्नुभयो ।

यसरी भगवान् रामले लक्ष्मणलाई सबै कुरा अर्थ्याएपछि वहाँले ऋषिलाई सबै कुरा स्पष्ट पार्न भन्नुभयो । महाराजको हुकुम पाएपछि तपस्वीले भने : "हे महाराज ! मलाई ब्रह्माजीले यहाँ पठाउनु भएको हो । हे शक्तिशाली भगवान् ! म पूर्व जन्ममा तपाईंको छोरा थिएँ । मेरो नाम काल हो । म यमराज हुँ । म वहाँकै खटन अनुसार यहाँ आएको हुँ । भगवान् ! ब्रह्माजीले भन्नुभएको छ कि लोक रक्षाको लागि तपाईंले जति समय पृथ्वीमा बस्नुपर्ने हो, त्यो अब पूरा भएको छ । अब यो पृथ्वीमा बस्ने आवश्यकता छैन । तोकिएको समय पूरा भएकोले त्यही कुरा संझाउन म यहाँ आएको हुँ । केही समय पृथ्वीमै बस्ने इच्छा भए बस्नोस् । देवलोकको शासन गर्ने इच्छा भए त्यो पनि पूरा गर्नुहोस् । तपाईंको शासनमा बस्न पाउनु सुखद कुरा हो ।

भगवान् रामले ब्रह्माको सन्देश सुन्नुभयो । यमराजले सबै कुरा बताए । भगवान् राम खुसी हुनुभयो । वहाँले भन्नुभयो : "यमराज ! ब्रह्माजीले पठाउनु भएको समाचार सुन्न पाउनु खुसीको कुरा हो । तपाईं स्वयम् यहाँ आउनु भयो, तपाईंले मेरो वासस्थान पवित्र पारिदिनु भयो । म ज्यादै खुसी छु । यो तीन लोकको रक्षाको लागि मेरो उत्पति भएको हो । महाकाल ! तपाईंको कल्याण होस् । म त सधैं देवताकै अधिनमा छु । वहाँहरूको इच्छा अनुसार चल्नु मेरो कर्तव्य हो । म त्यही कर्तव्य पूरा गर्दैछु । ब्रह्माले बताउनु भएको कुरा उचित समयमा पूरा हुन्छ । यसमा शङ्का छैन । आवश्यक समयभन्दा बढ्ता म यहाँ बस्न चाहन्नँ, यही नै मेरो इच्छा हो । तपाईं जानुहोस् र ब्रह्माजीलाई यही सन्देश सुनाउनुहोस् ।" यसरी भगवान् रामले यमराजलाई विदा गर्नुभयो ।

महर्षि दुर्वासाको आगमन

भगवान् राम र यमराजको बीचमा कुराकानि हुँदै थियो । त्यसै बखत महर्षि दुर्वासा त्यहीं आइपुग्नुभयो । वहाँ तुरून्त महाराज रामलाई भेट्न चाहनुहुन्थ्यो । लक्ष्मणलाई भेट्नासाथ तुरून्त भगवान् राम कहाँ खबर लगिदिन वहाँले संझाउनु भयो । ढोकामा बसेका लक्ष्मणले महर्षिको स्वागत गरे । उनले भगवान् राम महर्षि अतिबलका नातिसँग कुराकानि गर्न लाग्नुभएकोले केही समय पर्खन अनुरोध गरे । उनले दुर्वासाको हुनसम्म स्वागत गरे, हुनेसम्म सम्मान गरे । वहाँलाई केही समय पर्खन अनुरोध गरे तर लक्ष्मणको केही लागेन ।

महर्षि दुर्वासा अलि हठी स्वभावको हुनुहुन्थ्यो । वहाँ कसैको कुरा नसुन्नेमा प्रसिद्ध हुनुहुन्थ्यो । वहाँले लक्ष्मणलाई धम्की दिन लाग्नुभयो, तुरून्त भेट्न नपाए भगवान् रामलाई नै श्राप दिने कुरा गर्नुभयो । अयोध्याकै नाश होला कि भन्ने डर भयो लक्ष्मणलाई । त्यसैलें तुरून्त भित्र गएर खबर दिने निर्णय गरे । आफू एउटाको नाश भएर धेरैको रक्षा हुन्छ भने केही नबिग्रने भएकोले लक्ष्मणले आफ्नो जीवनको वास्ता गरेनन् ।

लक्ष्मण आफ्नो जीवनको वास्ता नगरी भित्र गए । उनले भगवान् रामलाई महर्षि दुर्वासा त्यहाँ आइपुग्नु भएको खबर दिए । यता यमराजसँगको कुराकानि सकिनै लागेको थियो । खालि अन्तिम शब्द बाँकी थियो । त्यसै बखत तुरून्त भेट्न नदिए महर्षिले श्राप दिने धम्की दिएको कुरा सुनाई लक्ष्मण सरासर बाहिर आए । लक्ष्मणको कुरा सुन्नासाथ भगवान् राम बाहिर आउनुभयो । वहाँले अत्रिपुत्र दुर्वासालाई भेट्नुभयो । भगवान् रामले महर्षिलाई स्वागत गर्दै के सेवा गरौं त भन्दा महर्षिले भन्नुभयो : "हे भगवान् ! मैले लामो समयसम्म केही नखाई बाँच्ने ब्रत लिएको थिएँ । त्यो पूरा भयो । अहिले यहाँ जे छ, मलाई खान दिनुहोस् ।"

महर्षिको कुरा सुन्दा भगवान् राम खुसी हुनुभयो । वहाँले महर्षिलाई खुवाउने बन्दोबस्त गर्न लक्ष्मणलाई भन्नुभयो । आफ्नो भण्डारबाट मीठा-मीठा खानेकुरा ल्याई महर्षिलाई भोजन गराउनु भयो । त्यसै बखत यमराज त्यहाँबाट बिदा भए । यता आफ्नो पेट भरिएपछि महर्षि पनि आश्रम तर्फ लाग्नुभयो । महर्षि आश्रम तर्फ लागेपछि मात्र महाराज रामलाई आफ्नो प्रतिज्ञा बारे याद भयो । वहाँलाई ज्यादै नमज्जा लाग्यो । केही समयसम्म त केही बोल्न सक्नुभएन । वहाँलाई के गरौं, कसो करौं भने झैं भयो । त्यसैले वहाँ ध्यानमा बस्नुभयो । योगवलको सहयोग लिएर आफ्नो दु:ख पीडा बिर्सने तर्फ लाग्नुभयो ।

ध्यानमा बस्दा पनि भगवान् रामको पीडा शान्त भएन । वहाँ ध्यानमा बस्नुभएको थियो तर अनुहार शान्त थिएन । अनुहारमा दु:ख पीडा भएको कुरा स्पष्ट देखिन्थ्यो । मन योगमा लागेन । योगवलले पनि पीडा शान्त भएन ।

भगवान् रामको यस्तो अवस्था देख्दा पराक्रमी लक्ष्मणलाई ठूलो पीर पऱ्यो । वहाँ रामको अगाडि आउनुभयो र भन्नुभयो : "भगवान् ! मैले प्रतिज्ञा भङ्ग गरेको कुरा मलाई थाहा छ तर तपाईं आफ्नो प्रतिज्ञा भङ्ग नगर्नुहोस् । मेरो नियति यति नै हो भन्ने पनि मलाई थाहा छ । कालको गति नै यस्तै हुन्छ । काल कहाँबाट आउँछ, कहिले आउँछ, कस्लाई के थाहा ? त्यसैले हे भगवान् ! तपाईं आफ्नो कर्तव्य पूरा गर्नुहोस् । मलाई माया गर्नुहुन्छ भने तपाईंले आफ्नो प्रतिज्ञा पूरा गर्नैपर्छ ।"

निस्वार्थ भाव भएका लक्ष्मणका कुरा सुनेर भगवान् राम झनै झस्कनुभयो । वहाँलाई के गरौं कसो गरौं झैं भयो । के गर्ने, केही सोच्नसक्नु भएन । महाराज रामले आफ्ना गुरू पुरोहितलाई बोलाउनुभयो । सबैजना आएपछि आ-आफ्नो आशनमा बस्न भन्नुभयो ।

भगवान् रामले आफ्नो समस्या बताउनु भयो । सबै चुपचाप बसे । कसैले केही बताउन सकेन । महर्षि वशिष्ठ पनि केही समय ध्यानमग्न हुनुभयो । वहाँले भन्नुभयो : "महाराज । यस्मा शोक गर्नुपर्ने कुरा केही छैन । यस्तो विनासको कुरा पहिले नै स्पष्ट भइसकेको छ । यो कुरा मैले पहिले नै योगवलबाट देखेको हुँ ।"

महर्षि वशिष्ठ केही समय शान्त हुनुभयो । वहाँले केही संझिए जस्तो गर्नुभयो । त्यसबेलामा कोही बोलेन । कसैले केही भन्न सकेन । के भन्ने ? के

कुरा गर्ने ? त्यसैले सबै चुपचाप रहे । फेरि ब्रह्मर्षिले भन्नुभयो : "महाराज़ ! काल वडो बलवान् छ । यसले कसैलाई पनि छाड्दैन । अब प्रतिज्ञा भङ्ग नगर्नुहोस् । महर्षिले यसो भन्दा सबैको आङ् जिरिङ्ग भयो । अब महाराज रामले आफ्नै भाइको हत्या गर्नुहोला त भन्ने कुरा सबैको मनमा लाग्यो । यस्तैमा ब्रह्मर्षि बशिष्ठले फेरि भन्नुभयो : "महाराज ! तपाईंले आफ्नो भाइ मार्नुपर्दैन । त्यसो गर्नु पनि हुँदैन । यहाँ हत्या भनेको त्याग हो । त्याग हत्या भन्दा पनि कठोर कुरा हो । त्यसैले अब लक्ष्मणलाई त्याग्ने समय आयो । पीर नमान्नुहोस् । संसार यस्तै छ । यो संसारमा आएपछि यहाँबाट जान्नैपर्छ । त्यसैले चिन्ता गर्नु राम्रो होइन ।

ब्रह्मर्षि वशिष्ठको कुरा सुनेपछि सबै शान्त भए । सबैलाई केही गुमाए पनि केही पाए जस्तो भयो । लक्ष्मणको त्याग ! त्यो पनि महाराज रामले ! यो संझदा सबैलाई दिक्क लाग्यो । यस्तै अवसरमा महाराज रामले लक्ष्मण तर्फ फर्किएर भन्नुभयो : "लक्ष्मण ! यो संसार यस्तै छ । मलाई तिमी मेरो प्राण हौं भन्ने लागदथ्यो । तर के गर्नु ? समय अनौठो रहेछ । भाग्यको खेल पनि विचित्रको रहेछ । संसारको रक्षाको लागि सबैको भलाइको लागि मैले तिमीलाई त्याग्नैपऱ्यो, म तिमीलाई त्याग गर्दछु ।" महाराजको मुखबाट यो शब्द सुन्नासाथ सबैको आँखा रसायो । कसैले केही भन्न सकेन । ब्रह्मर्षि भजन गाउन लाग्नुभयो । सबै ऋषि महर्षिहरू शान्ति पाठ गर्न लाग्नुभयो । लक्ष्मणको आँखामा आँसु टल्पलायो । उनी आफ्नो ठाउँबाट उठे । उनी सरासर सरयु नदीको किनार तर्फ लागे ।

अयोध्याभरि महाराज रामले लक्ष्मणलाई त्याग्नुभएको कुरा सबैतिर फिँजियो । राजकुमार लक्ष्मण सरयु नदीको किनार तर्फ लागेको कुरा पनि सबैले सुने । मानिस राजकुमारलाई हेर्न भनी सरयु नदीको किनार तर्फ लागे । लक्ष्मण नदी किनारमा योग साधनामा लागेका थिए । हेर्दा हेर्दै योगवलकै आधारमा उनले प्राण त्याग गरे । लक्ष्मणको यो शक्ति देखेर सबै छक्क परे । सबैले लक्ष्मणको प्रशंसा गरें । त्यहाँ पुष्पवृष्टि हुन लाग्यो । इन्द्रले लक्ष्मणलाई स्वर्ग तर्फ लिएर गए । लक्ष्मणको सेवा भक्ति आदि कुराको लागि संसारले उनको प्रशंसा गऱ्यो । लक्ष्मणले लामो समयसम्म कत्ति पनि नबिराई महाराज रामको सेवा गरेका थिए । उनले महाराज रामको आज्ञा कहिल्यै उल्लङ्घन गरेनन् ।

लव र कुशको राज्याभिषेक

यता महाराज राम दुःखमा डुब्नुभयो । आफ्नो भक्त, आफ्नो प्यारो भाइ लक्ष्मणलाई नै त्यागनुपऱ्यो । अब के बाँकी रह्यो त ? लक्ष्मण सभा भवनबाट बाहिरिए पछि महाराज राम दुःख र पीडाले छटपटिनु भयो । वहाँको मन शान्त हुन सकेन । वहाँले भन्नुभयो: "सभासद्हरू ! मलाई एक्दमै गहिरो पीर परेको छ । म पीडाले छटपटिएको छु । तपाईंहरू राज्याभिषेकको लागि चाहिने सामाग्री ठीक पार्नुहोस् । आजै भरतलाई अभिशेक गरिदिएर म वानप्रस्थ तर्फ लाग्दछु । तुरून्त तयार होओस्, आवश्यक सामाग्री ।

भगवान् राम बारम्बार यसरी एउटै कुरा दोहोऱ्याउन लाग्नुभयो । वहाँलाई आफूले के बोलें भन्ने कुराको पनि होश भएन । बेहोश जस्तै हुनुभयो, भगवान् राम । महाराज रामलाई सम्झाउने होश पनि कसैलाई भएन । सबै रूनलागे । भगवान् रामको कुरा सुनेर भरत पनि बेहोश भए । केही समयपछि महात्मा भरत होशमा आए । त्यस बखतसम्ममा सभामा भएका अरू पनि होशमा आए । ब्रह्मर्षि वशिष्ठ पनि ध्यानबाट व्यूझँनु भयो । वहाँले भन्नुभयो : "राजन ! अब शोक गरेर केही फाइदा छैन । लक्ष्मण आफ्नो बाटो लाग्नुभयो । ढिलो अथवा चाँडो हामी सबै त्यही बाटो लाग्दछौं, पालो पर्खने हो । पालो आएपछि नजाउँ भने पनि जानैपर्छ । त्यसैले तपाईं चिन्ता नगर्नुहोस् । महात्मा भरत धेरै बेरदेखि एउटा सोचमा पर्नुभएको थियो । त्यस बखत केही कुरा भन्नैपऱ्यो वहाँलाई । वहाँ आफ्नो आशनबाट उठ्नुभयो । वहाँले भन्नुभयो : "भगवान् ! मलाई यो राज्यको महत्त्व कति पनि छैन । तपाईं नभएको राज्यमा बस्न पनि चाहन्नँ । मलाइ राज्य चाहिन्नँ । अब कुश र लवलाई राज्य दिने बेला आएको छ । हामीले समय बुझ्नुपर्छ । अहिलेको समयले त्यही भन्छ । अब राजा शत्रुघ्नलाई पनि खबर गरौं । त्यस बखत सम्म लव र कुशको राज्यभिषेकको तयारी पनि पूरा हुन्छ । अनि सबै महाप्रस्थान तर्फ लागौं । हामी सबै महाप्रस्थान तर्फ लाग्ने बेला भएको छ । त्यसैले

चिन्ता नगर्नुहोस्, गुरू वशिष्टले पनि सबै कुरा बताइसक्नु भएको छ । यो समय चिन्ता गर्ने समय होइन । विचार गरेर काम गर्ने समय हो । आखिर संसारबाट जानुपर्छ । यो कुरा हामी सबैलाई थाहा छ । किन चिन्ता गर्ने ?"

महात्मा भरतको कुरा सुनेपछि भगवान् राम अलि होशमा आउनुभयो । वहाँ शान्त बन्नुभयो । वहाँको अनुहारमा शान्ति देखियो । महात्मा भरतको महान् विचार बुझेर वहाँ खुसी हुनुभयो । महात्मालाई आशीर्वाद दिँदै वहाँले भन्नुभयो : "भरत ! तिमी महान् छौ । तिम्रो कुरा सुनेर मेरो पनि होश खुल्यो । अब तिमी जे भन्छौ म त्यही गर्दछु ।" भगवान् रामको कुरा सुनेपछि भरतले भने : "राजन ! अब हामीले आफ्नो देशका बासिन्दालाई भेट्नुपर्छ । उनीहरूको विचार बुझ्नुपर्छ । सुख दुःख साट्नु पर्छ । हामीले आफ्नो कुरा बताउनुपर्छ । लव र कुशले धर्मपूर्वक राज्य गर्ने कुरामा ढुक्क पार्नुपर्छ । भरतको कुरा सुनेपछि ब्रह्मर्षि वशिष्टले पनि त्यही कुरा बताउनु भयो । वहाँले पनि महात्मा भरतको प्रशंसा गर्नुभयो। ब्रह्मर्षिले राज्यभिषेकको तयारीको लागि मानिस खटाउन भन्नुभयो, त्यस बेलासम्म राजा शत्रुघ्न पनि आइपुग्नेछन् । राज्यभिषेक पछि महाप्रस्थानको समय आउँछ ।"

ब्रह्मर्षिको कुरा सुनेपछि महाराज रामचन्द्रले राज्यभिषेकको तयारीको लागि बुद्धिमान् मन्त्री सुमन्त्रलाई भन्नुभयो । त्यस बखत उत्तर कोशल नामको नयाँ राज्यको स्थापना भयो, त्यहाँ सीमा निर्धारण गर्ने काम सम्पन्न भयो । यता बाँकी रहेको राज्य भने कोशलकै नामले चिनिने भयो । अब लव कोशल देशका राजा हुने भए भने कुश उत्तर कोशलको राजा हुने कुरा पक्का भयो । शुभ मुहूर्तमा राज्यभिषेक सम्पन्न हुने कुरा पक्का भयो ।

सबै आ-आफ्नो काममा लागे । ऋषि महर्षिहरू आउन लागे । शहर सजाइयो । जनतामा हर्ष उल्लास बढ्दै गयो । समय अनुसार सबै कुरा परिवर्तन हुन्छ भन्ने कुरा सबैले बुझेका थिए ।

यता राज्यभिषेकको शुभ दिन पनि आयो । दुवैको राज्यभिषेक सम्पन्न भयो । भजन कीर्तन चल्यो । नाच-गान सम्पन्न भयो । सबै प्रकारको समारोह समाप्त भएपछि दुवैलाई उनीहरूको आ-आफ्नो शहरमा पठाइयो । उनीहरू दुवैको लागि छुट्टाछुट्टै शहर खडा गरिएको थियो ।

यता अयोध्या शहर सुनसान जस्तै भएको थियो । दुलही अन्माएपछिको घर जस्तै देखियो अयोध्या शहर । बिस्तारै ऋषि-महर्षि सबै बिदा भए । खालि ब्रह्मर्षि वशिष्ठ मात्र

बाँकी रहनु भयो । सबै बिदा भएर त्यहाबाट गइसकेपछि मात्र शत्रुघ्न, सुग्रीव, विभीषण आदि राजाहरू त्यहाँ आइपुगे ।

राजा शत्रुघ्न पनि आफ्नो बन्दोबस्त पूरा गरेर आएका थिए । समाचार लैजाने व्यक्तिले सबै कुरा बताएको थियो । लक्ष्मणलाई त्याग्नु परेको, त्यसैको विरह र वियोगले जल्नु भएको आदि कुरा पनि उसले बताएको थियो । भगवान् रामले विन्ध्याचल पर्वत नेर कुशको लागि कुशवती शहर बसाएको, लवको लागि श्रावस्ती नाम भएको शहर बसाएको कुरा पनि उसले विस्तारमा सुनायो । त्यसैले राजा शत्रुघ्नलाई पनि अब महाप्रस्थानको समय आएको हो कि भन्ने कुरा मनमा लाग्यो । उनले पनि आफ्ना छोराहरूको राज्यभिषेक सम्पन्न गरिदिए । सुवाहुलाई मथुराका राजा बनाइयो भने शत्रुघातीलाई वैदिश देशको राजा । आफ्ना छोराहरूप्रतिको कर्तव्य पूरा गरेर आफू दाजुहरूसँगै महाप्रस्थान तर्फ लाग्ने निर्णय गरेर आएका थिए राजा शत्रुघ्न ।

अयोध्या दरबारमा आइपुग्दा त्यो दरबार एउटा आश्रम जस्तै देखियो । त्यहाँ भगवान्का भक्तहरू थिए । केही ऋषि महर्षि पनि थिए । उनले आफ्नो दाजुप्रति आदर प्रकट गरे । उनले भने : "भगवान् ! मैले सबै कुरा चाल पाएको छु । म हजूरसँगै जान चाहन्छु । मैले आफूले गर्नुपर्ने कर्तव्य पूरा गरेको छु । दुवै छोराहरूको राज्याभिषेक पूरा भएको छ । दुवैले आ-आफ्नो राज्य संहाल्छन् । यसमा शङ्का छैन । म हजूरसँगै जान चाहन्छु । मलाई रोक्ने प्रयास नगर्नुहोला । शत्रुघ्नको यस प्रकारको दृढ निश्चय बुझेपछि भगवान् रामले पनि तिम्रो इच्छा पूरा हुनेछ भनी वचन दिनुभयो ।

शत्रुघ्न पछि सुग्रीव आइपुगेका थिए । उनी पनि भगवान् रामसँगै जाने इच्छाले आएका थिए । त्यस बखत उनले भगवान् रामको दर्शन गर्ने मौकै पाएका थिएनन् । त्यहाँ भगवान्को दर्शन गर्नेको ताँति नै थियो । सबै आफूहरूलाई पनि सँगै लैजान अनुरोध गर्दै थिए । ऋषिहरू महाप्रस्थानको कुरा सुनेर त्यहाँ आएका थिए । यक्ष, गन्धर्व किन्नर यी सबैले भगवान्को महाप्रस्थानको कुरा सुने । ती सबै भगवान् रामसँगै महाप्रस्थानमा जान भनी त्यहाँ भेला भए ।

यता टुलुटुलु त्यहाँको वातावरण हेरेर बसेका सुग्रीव आफ्नो पालो कहिले आउला भनी कुर्दै थिए । सुग्रीवको पालो आयो । उनले पनि अरूले जस्तै भगवान्सँग हात जोरेर भने : "भगवान् । मैले अङ्गदलाई राज्यभिषेक गरेर आएको छु । मलाई पनि तपाईंसँगै जाने इच्छा छ । म हजूरको साथ छाड्न सक्दिनँ । मलाई साथमा नलैजाने कुरा नगरिदिन अनुरोध गर्दछु ।

भगवान् रामले सबैको कुरा सुन्नु मात्र भयो । कसैलाई केही भन्नुभएन । भगवान्को यस्तो चाल देखेर सबै छक्क परे । सायद भगवान्ले आफ्नो साथमा कसैलाई पनि नलैजाने हो कि भन्ने पनि मनमा पर्‍यो । सबै डराइरहेका थिए । त्यसै बखत वहाँले सबैलाई साथै लिएर जाने कुरा बताउनुभयो । भगवान्सँगै जान पाएकोमा सबै दङ्ग भए ।

वहाँ अब महाराज विभीषण तर्फ फर्कनुभयो । वहाँले महाराज विभीषणलाई भन्नुभयो : महाराज विभीषण ! तपाईं लङ्कामा राज्य गरेर बस्नुहोस् । मेरो कथा संझेर बाँच्नुहोस् । तपाईंको लामो आयु होओस् । तपाईं मसँग साथै जाने प्रयास नगर्नुहोस् । आफ्नो संझेर मैले तपाईंलाई यो आशीर्वाद दिएको हुँ । यो पृथ्वीमा तपाईं जस्ता धर्मात्माको आवश्यकता भइनैरहन्छ । लङ्काको लागि तपाईंको आवश्यकता छ । तपाईं कति पनि चिन्ता नगरी आफ्नो देशको शासन गर्नुहोस् । शासन गर्दा धर्म रहिरहोस्, सत्य बच्न सकोस् । दुष्ट बदमासले मौका नपाऊन्, सज्जनले दुःख नपाऊन् ।

भगवान् रामले सबै कुरा बताउनु भएपछि महाराज विभीषणले केही भन्न सक्नुभएन । वहाँ गहिरो सोचमा पर्नुभयो । वहाँको गला रोकियो, आँखाबाट आँसु झर्‍यो । भगवान् भक्त विभीषणलाई यो संसार देखेर विरक्त लाग्यो । वैराग्यको भावमा उनी त्यसै झोक्राए । विभीषणको यस्तो अवस्था देखेर भगवान् रामले इश्वाकु कुलका मूल देवता जगन्नाथको आराधना गर्न भन्नुभयो । विभीषण केही समयपछि त्यसैमा ध्यानमग्न हुनुभयो ।

त्यसपछि भगवान् रामले हनुमानलाई बोलाउनु भयो । वहाँले हनुमानको अवस्था राम्रोसँग बुझ्नु भएको थियो । हनुमानले चिरञ्जीवी बन्ने आशीर्वाद पाएका थिए । त्यसैले उनलाई संझाउँदै भगवान्ले भन्नुभयो : "हनुमान ! तिमीले त पहिले नै लामो समय बाँच्ने इच्छा गरेका हौ । त्यसैले आफ्नो कबोल काट्न नखोज । संसारमा मेरो कथा रहिरहनेछ । यही कथा संझेर बस । सुखी होऊ, खुसी होऊ । तिम्रो कल्याण होस् ।" यसरी भगवान्को आशीर्वाद पाएर हनुमान दङ्ग परे । उनी एक्दमै खुसी भए । म आज्ञापालन गरेर बाच्नेछु भनी आफ्नो खुसीयाली प्रकट गरे ।

यसै गरी भगवान् रामले मैन्द, द्विविद, जाम्ववान्, ब्रहमपुत्र आदिलाई कलियुग नलागेसम्म बाच्नेछौ भनी भन्नुभयो । ती सबैलाई यसरी आशीर्वाद दिएपछि बाँकी बाँदर र भालुहरूलाई इच्छा अनुसार गर्न भन्नुभयो । भगवान्कै साथमा जान चाहनेलाई वहाँले रोक्नुभएन ।

भगवान् रामको सरयु यात्रा

अब महाप्रस्थानको लागि तयारी हुनलाग्यो । महर्षि वशिष्ठ वहाँको साथमा हुनुहुन्थ्यो । भगवान् रामले यात्राको लागि सबै प्रबन्ध गर्न भन्नुभयो । सबै जना आ-आफ्नो काममा जुटे । त्यहाँ मानिसहरूको मेला लाग्यो । सबै तीर्थयात्रामा हिँड्न तयार थिए । सबैलाई जीवनको अन्तिम बाटो यही हो भन्ने लागेको थियो । सबैले यो जीवन बारे बुझेका थिए । यो संसारको लीला जानेका थिए ।

त्यस बखत ब्रह्मर्षि वशिष्ठ वेद मन्त्र पढ्दै हुनुहुन्थ्यो । धेरै ऋषिहरू स्वस्ति वाचन गर्नलागे । त्यहाँ भेला भएका ब्राह्मणहरू वेदमन्त्र पढ्दै थिए । भगवान् राम पनि वेद जप्न लाग्नुभयो । ब्रह्मर्षि वशिष्ठ अगाडि लाग्नुभयो । सबैजना भगवान्को नाम जप्दै मन्त्र पाठ गर्दै अगाडि बढे । ब्रह्मर्षि वशिष्ठको पछाडि हुनुहुन्थ्यो भगवान् राम । भगवान् रामको पछाडि हुनुहुन्थ्यो महात्मा भरत । त्यसपछि राजा शत्रुघ्न, सुग्रीव आदि थिए । त्यसपछि थिए ऋषि-महर्षिहरू । मानिसहरूको भेल उर्लिएको थियो । गनेर साध्यै थिएन ।

त्यो लावालस्कर देवताको समूह जस्तै थियो । त्यहाँ रिस राग केही थिएन । सबैको मन शान्त थियो । सबै भगवान् भक्तिमा लागेका थिए । जीवनको अन्तिम यात्रा थियो सबै जसोको लागि । यो पृथ्वीमा हामी सबै अस्थायी हौं भन्ने कुरा सबैले बुझेका थिए । हामी सबै केही समयका पाहुना हौं । भोग सकिएपछि कतै लाग्नुपर्छ । सबैले यी सबै कुरा बुझेका थिए । त्यसैले ती सबै भगवान्को पछि लागेका थिए ।

सारा अयोध्या सुनसान भयो । सबैजना शहर बाहिरको जङ्गलमा पुगे । त्यो जङ्गल काटेपछि सरयु आइपुग्यो । सबैजना सरयु नदीको किनारमा पुगे । सबैले एकै स्वरले जय सरयु भनी सरयु नदीलाई संझिए । अब सबै नदीमा नुहाउन नदी प्रवेश गरे ।

सरयु नदीको किनारमा एउटा मेला लागे जस्तो भयो । सबै खुसी थिए । कसैको पनि मलिलो अनुहार थिएन । रामचन्द्रको अन्तिम यात्रा हेर्न बाटामा जम्मा भएकाहरू पनि त्यहाँ आएका थिए । भगवान् रामले एउटा भेल उर्लिरहेको ठाउँ रोज्नुभयो । वहाँ नदी भित्र पस्नु भयो । सबैजना टुलुटुलु हेर्न लागे । सबैजना भगवान्को नाम जप्दै थिए । यस्तैमा एउटा अनौठो दृश्य देखियो । सबैजना आकाश तर्फ हेर्नलागे ।

यता त्यसै बखत ब्रह्माजी सरयु नदी माथि आकाशमा देखापर्नुभयो । वहाँको सांथमा थिए, सयौं ऋषि-महर्षिहरू । हावा चल्न लाग्यो । हावामा सुवास थियो । मीठो सुगन्धको अनुभव भयो, सबैलाई । फूलको वर्षा हुनलाग्यो । गन्धर्वहरू गाउन लागे । ऋषि-महर्षिहरू वेदका मन्त्र पढ्न लागे । अप्सराहरू नाच्नलागे ।

यस्तैमा आकाशबाट भगवान् रामलाई बोलाएको आवाज सुनियो । वहाँलाई आकाशमा बसेर बोलाउने व्यक्ति ब्रह्मा हुनुहुन्थ्यो । वहाँ सरयुको किनारबाट ब्रह्माजी भएको ठाउँमा पुग्नुभयो । त्यसैबेला भगवान् रामलाई ब्रह्माजीले भन्नुभयो : "भगवान् ! तपाईं संसारकै कल्याणमा लाग्नु भएको छ । पृथ्वीमा भएका दुर्जनहरूको नाश गर्नुभयो । त्यहाँ बढ्न लागेको बेथिति हटाउनुभयो । त्यस्तो नराम्रो अवस्थामा सुधार गरिदिनुभयो । तपाईंको गुणगान गाएर कहिल्यै सकिन्नँ । तपाईंको माया अपरम्पार छ । तपाईं आफ्नो लोकमा लाग्नुभएकोमा हामी खुसी छौं, अहिले हामी सुखी भएका छौं, तपाईं महातेजस्वी हुनुहुन्छ । तपाईं महाशक्ति हुनुहुन्छ । तपाईंलाई हार्दिक स्वागत छ ।"

भगवान् ब्रह्माजीको कुरा सुनेपछि भगवान् रामले आफ्ना भाइहरूसँगै वैष्णव रूप धारण गर्नुभयो । वहाँलाई इन्द्र मरूत् अग्नि आदि सबै देवताहरूले स्वागत गरे । सबैले पूजा गर्नलागे । सबैको इच्छा पूरा भएकोमा सबै खुसी थिए । सबैले भगवान् रामलाई धन्यवाद दिए । त्यस बखत स्वर्गमा शक्ति बढ्यो । पृथ्वीमा दुष्टहरूको नास भएकोले ज्यादै आनन्द थियो ।

अब भगवान् राम ब्रह्मा भएतर्फ फर्कनुभयो । वहाँले भन्नुभयो : "ब्रह्माजी ! यी सबै भक्तहरू मेरो पछि लागेर आएका छन् । सबैले पृथ्वीको सुख बिर्सिएका छन् । यिनीहरूलाई एउटा अति उत्तम स्थानको व्यवस्था गर्नु आवश्यक छ । म यसै बारेमा सोचिरहेको छु ।

भगवान् रामको कुरा सुनेपछि ब्रह्माजीले भन्नुभयो : "भगवान् ! यसमा तपाईंले चिन्ता लिनुपर्दैन । तपाईंका भक्तहरूको लागि एउटा राम्रो प्रबन्ध भइसकेको छ । मैले एउटा लोक खडा गरेको छु । त्यो लोकको नाम हो, संतानक । अब ती सबै संतानक लोकमा जानेछन् । सबैले सुख पाउनेछन्, सबैजना आनन्दसँग बस्नेछन् ।

यो संतानक लोक अर्को अनौठो लोक हुनेछ । पृथ्वीमा बसेर धर्म कमाउनेहरू सबै यहीं बस्नेछन् । यहाँ लोभ लालच केही हुनेछैन । सबै जना एकदमै सहयोगी हुनेछन् । कोही दुःखी हुने छैन । आफूले सहयोग गर्न पाउँदा सुखी हुनेछन् । सबैमा सहयोग गरौं, अरूको सेवा गरौं भन्ने भावना उनीहरूको मनमा हुनेछ । यो संतानक लोकमा ब्रहम लोकमा भएका सबै कुरा प्राप्त हुनेछन् । यस लोकमा रहने प्राणीहरू पनि ब्रहमाकै साथमा रहनेछन् । तपाईंको साथमा आएका सबै प्राणीहरू जुन-जुन देवताबाट उत्पन्न भएका हुन्, तिनै तिनैमा गएर मिल्नेछन् ।

त्यहाँ तल पृथ्वीमा सरयु नदी किनारमा जम्मा भएका सबै प्राणीहरूले भगवान् राम र ब्रह्माजीको बीचमा भएको कुराकानि सुने । सबै दङ्ग परे । यता बाँदर र भालुहरू गोप्रतार घाटमा स्नान गर्न भनी त्यस तर्फ लागे भने अरू सबै मानिसहरू भगवान् रामले स्नान गर्नुभएको ठाउँ तर्फ लागे । यसरी स्नान गर्नासाथ ती सबै आ-आफ्नो शरीर छाडेर आ-आफ्नो पूर्खाहरूमा मिल्न गए । जो जो खुसी भएर नदीमा प्रवेश गरे ती सबैको शरीर चम्किलो भयो । ती सबै स्वर्ग जान पाए । ती सबै स्वर्गको एउटा भाग, सबभन्दा रमाइलो ठाउँ, संतानक लोकमा पुगेर सुखपूर्वक बाँचे ।

केही जीवनोपयोगी प्रकाशनहरू



कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।
मा कर्मफलहेतुर्भूर्मा ते संगोऽस्त्व कर्मणि ॥

(अध्याय: २ श्लोक: ४७)

कर्ममा तिम्रो हक छ, फलमा छैन, कर्मको फलको आशा नराख, कर्म नगर्ने इच्छा पनि नराख । कर्मको फल सिद्धि-असिद्धि जस्तोसुकै होस्, आसक्ति छोडेर परमेश्वरमा मन राखेर (योगी बनी) कर्म गर ।

गीताको पुस्तक नपाइने नेपाली घर विरलै होलान् तर गीताको ज्ञान भने धेरैजसो सुनिएको भरमै प्राप्त हुन्छ । मूल गीता संस्कृतमा लेखिएको हुँदा त्यस ज्ञानको भण्डार सामान्य नेपालीलाई खुला छैन । यही खाँचोलाई पूरा गर्न सानो, छरितो, सरल र सबैले बुझ्ने भाषामा यो 'गीता-बोध' तयार भएको छ ।






ॐ

"शरीर भगवान्‌को मन्दिर हो;
मन मन्दिरमा पस्ने द्वारा हो;
वुद्धि भगवान् वस्ने सिंहासन हो;
परंआनन्द स्वयं भगवान् हो ।"

आफ्नो शरीरलाई स्वस्थ, मनलाई शुद्ध र शान्त तथा वुद्धिलाई विवेकशील वनाउँदछ त्यस व्यक्तिले सधैं भगवानको दर्शन आफैं भित्र पाइरहन्छ, अर्थात् सधैं परमानन्द हुन्छ ।

भागवत महापुराण, महाभारत, रामायण, विष्णुपुराण, शिवपुराण, वुद्धग्रन्थ आदि अनेकन् महान् ग्रन्थहरूका कथाहरूले दिन खोजेका शास्वत धर्मका, ज्ञानका कामकुरालाई वुझेर जीवन व्यवहारमा उतारेर लौकिक र परलौकिक जीवनलाई नित्य आनन्दमय तुल्याउनु पर्दछ ।

यसै परिप्रेक्ष्यमा छोटा-छोटा सरल र रोचक कथा, घटनाहरू राखेर कर्तव्यवोघ र आत्मवोध तर्फ ध्यान जाओस् भन्ने उद्देश्यले यी पुस्तक तयार पारियका छन्। दुई खण्डमा पाइने यी पुस्तकहरू केटाकेटी, युवा, युवति तथा वृद्धवृद्धाहरू सबैलाई चाख लाग्नेछन्, घत लाग्नेछन् र ज्ञान दिनेछन् ।




"हामी भित्र असीम शक्ति छ । यसलाई चिन्नु छ, जगाउनु छ र जीवनलाई सार्थक र सफल पार्नु छ । यसको लागि मानिसले आ-आफ्नो स्थानमा रहेर आफूले गर्नुपर्ने काम लगनीशील भएर इमान्दारीपूर्वक गर्दै गए पुग्दछ ।"

-यसै पुस्तकवाट

आध्यात्मिक र नैतिक शिक्षामा आधारित यस्तै ज्ञानरश्मीका कुराहरूलाई रोचक शैलीमा छोटा कथाहरूद्वारा यस पुस्तकमा प्रस्तुत गरिएका छन् । यी कथाका कुराहरू पढेर मनन गरी व्यवहारमा उतार्न सके सफल र सार्थक जीवनयापन गर्न सक्ने एक सच्चा नागरिक वन्न ठूलो सहयोग पुग्नेछ ।




धेरै वर्ष पहिले महा-मूर्ख राजकुमारहरूलाई पण्डित विष्णु शर्माले दिएका ज्ञान-गुणका कुराहरू पञ्चतन्त्र र हितोपदेशमा सङ्ग्रहीत छन् । यसमा धर्मनीति, राजनीति, ज्ञाननीति, व्यवहारनीति, सदाचार र सच्चरित्रता आदि विषयका कुराहरू पाइन्छन् । ती कुराहरू मानव जीवनको निमित्त अत्यन्त उपयोगी र शिक्षाप्रद छन् । यस्ता कथाहरूले आजका वालवालिकालाई नैतिक र सच्चरित्रवान् वनाउनमा महत्वपूर्ण भूमिका खेल्दछन् । यिनै कुराहरूलाई ध्यानमा राखी यो पुस्तक तयार पारिएकोछ । सरल र मिठो भाषामा लेखिएको यो पुस्तकले सवैखाले पाठकहरूको मन जित्नेछ ।




पण्डित विष्णु शर्मा केवल विद्वान मात्र थिएनन्, उनी एक दक्ष शिक्षक पनि थिए । उनलाई कस्ता शिष्यलाई कस्तो र कसरी शिक्षा दिनुपर्छ भन्ने कुराको ज्ञान थियो । त्यसैले उनले मूर्ख राजपुत्रहरूलाई छ महिनामै सम्पूर्ण शास्त्रमा पारङ्गत वनाउने उद्देश्यले एउटा कथाकृतिको रचना गरे । 'पञ्चतन्त्र' नामले चिनिने यो कृतिभित्र विविधि विषयको ज्ञान र सन्देश पाइने र पढ्दा आनन्दको अनुभूति हुने छ ।

यस पुस्तकमा ज्ञानको अथाह भण्डार छ, यसले हामीलाई दुःखकष्ट वारे छुट्कारा दिलाउने उपायका साथै जीवनलाई सार्थक, सफल र सुखमय वनाउन प्रेरित गर्दछ ।



जातक कथा मूलतः सिद्धार्थ गौतम वुद्धको उदय हुनुभन्दा केही पहिलेदेखिका कथाहरू मानिन्छन् । यतिखेरका कथाहरूमा पशुपन्छीलाई मुख्य पात्र वनाई तिनीहरूका माध्यमबाट नैतिक शन्देश दिइएको पाइन्छ । यी कथाहरू दशकौं पुराना भएपनि आजका दिनमा पनि उत्तिकै सान्दर्भिक छन् ।

वुद्ध दर्शन र वुद्धोपदेशमा आधारित ज्ञानगुनले भरिएका रोचक कथाहरू समावेश गरिएको यो पुस्तक वालवालिका, युवायुवती एवं वृद्धवृद्धा सबैका लागि अत्यन्त उपयोगी र रूचिपूर्ण हुनेछन् ।




विश्व धर्ममा आधारभूत समानताको खोज गरिएको यो एक महत्त्पूर्ण सङ्ग्रह हो । यो सङ्ग्रहले विश्वमा प्रचलित मुख्य धर्महरूमा अन्तर्निहित मूलभूत ज्ञानमा एकरुपता देखाउँछ । यसो हेर्दा विभिन्न धर्ममा केही अन्तर देखिन्छन् तर मार्ग अनेक भएतापनि लक्ष्य त एउटै हो । त्यो लक्ष्य हो परब्रम्ह - जो हामी सबैको उत्पत्ति, स्थिति र लयको कारक हो ।

यस सङ्ग्रहले जीवनका प्रति समान मार्गहरू देखाउँदै युवा वर्गमा एक अति विशाल मतैक्य स्थापित गर्नमा सहयोग गर्नेछन् । यो एउटा यस्तो ज्ञान ज्योतिको सङ्ग्रह हो जसले सम्पूर्ण मानव जाति सहोदर हो भनी दर्शाउँछ । यो विनम्र सङ्कलन प्रचलित धार्मिक साहित्यका सर्वाधिक मूल्यवान रत्नहरूको झलक भाग होइन वरु तिनमा निहीत आधारभूत एकता सम्बन्धी ज्ञानको ढोका खोल्ने साँचो पनि हो । यस सङ्ग्रहले पाठकहरूलाई प्रेरणा दिनेछ, तिनीहरूलाई मार्गदर्शन प्रदान गर्नेछ ।

थप जानकारीको लागि हामीलाई सम्झनुहोस्
एडुकेशनल पब्लिशिंग हाउस
जमल, काठमाण्डौ ।
टे.: ४२४१२५५


सङ्ग्रहले
सो हेर्दा
यो लक्ष्य

मतैक्य
सम्पूर्ण
हित्यका
सम्बन्धी
हरूलाई



संसारकै एउटा अनौठो आदि काव्य हो, रामायण । काव्य हो, त्यसमा कल्पना हुन्छ । अनौठा नाटकीय मोडहरु भेटिन्छन् । त्यो कुरा स्वाभाविकै हो । त्यस बखतको संसार ! ईश्वरको अद्‌भूत शक्तिमा विश्वास गर्नु अनौठो कुरा होइन ।

वर्तमानको आँखाले हेर्दा पत्याउनै नसकिने धेरै कुरा छन् । भनिएकै छ 'पुराणमित्येव नसाधु सर्बम्' अर्थात् पुराणमा सबै राम्रा कुरा मात्र छैनन् । समय बुझेर सत्य चिन्नुपर्छ, केलाउनु पर्छ, प्रयोग गर्नुपर्छ ।



मानव जातिका शत्रु हुन- काम, क्रोध, लोभ, मोह । यी सबै प्राकृतिक शत्रुहरु हुन् । यसलाई जित्नसक्नेहरु सभ्य हुन्छन् भने नसक्नेहरु असभ्य । आफूमा भएका यी सबै दुर्गुणहरुलाई जितेर सभ्य बन्नको लागि संझाएको छ, रामायणले । कुनै कुराको लोभ मोहमा नपरी आफ्नो कर्तव्यमा लाग यसमा छ तिम्रो कल्याण । यी नै कुरा सिकाएको छ, रामायणले । त्यसैले जीवनमा पटक-पटक पढ्नै पर्ने पुस्तक हो, रामायण ।



EPH

एडुकेशनल पब्लिशिंग हाउस

पो.ब.नं. ५१७८, जमल, काठमाडौं, नेपाल

I SBN 999467049- 2

9789994670499